राजस्व वस्तुस्थिति अध्ययन

तथा

राजस्व परिचालन रणनीति

गण्डकी प्रदेश सरकार

गण्डकी प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल

२०८३

प्रकाशकः

गण्डकी प्रदेश सरकार

गण्डकी प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल

फोनः ०६१-४५११८८

इमेलः info@ppc.gandaki.gov.np, pppcgandaki@gmail.com

वेबसाइटः ppc.gandaki.gov.np

© प्रतिलिपि अधिकारः

गण्डकी प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल

गण्डकी प्रदेश नीति तथा योजना आयोग

माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे	-	अध्यक्ष
माननीय डा. कृष्णचन्द्र देवकोटा	-	उपाध्यक्ष
श्री कृष्णप्रसाद लम्साल, निमित्त प्रमुख सचिव, प्रदेश सरकार	-	सदस्य (पदेन)
माननीय डा. योगेन्द्र राज रिजाल	-	सदस्य
डा. टोकराज पाण्डे, सचिव, आर्थिक मामिला मन्त्रालय	-	सदस्य (पदेन)
श्री छविलाल रिजाल, सचिव, गण्डकी प्रदेश नीति तथा योजना आयोग	-	सदस्य-सचिव

गण्डकी प्रदेश सरकार

फोन नं.: ०६१-५६४८४१

गण्डकी प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल

प.सं.:

च.नं.:

भूमिका

नेपालको संविधानले परिकल्पना गरेको सङ्घीय लोकतान्त्रिक शासन प्रणालीको मूल मर्म नागरिकलाई नजिकको सरकारमार्फत गुणस्तरीय सेवा प्रवाह, समावेशी विकास, सुशासन तथा समुन्नतिको सुनिश्चितता गर्नु हो। सङ्घीय शासन प्रणालीमा सुशासन, सेवा प्रवाह तथा विकास व्यवस्थापनमा प्रदेश सरकारको अहम् भूमिका रहेको न्छ। सङ्घीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश सरकार आर्थिक रूपमा सक्षम, संस्थागत रूपमा सुदृढ तथा वित्तीय रूपमा आत्मनिर्भर हुन आवश्यक छ। प्रदेश सरकारको विकास दायित्व, सेवा प्रवाहको विस्तार, पूर्वाधार निर्माण, सामाजिक न्याय तथा आर्थिक रूपान्तरणका आकांक्षाहरू पूरा गर्न पर्याप्त, दिगो, पूर्वानुमानयोग्य र स्वावलम्बी राजस्व प्रणाली अपरिहार्य शर्तका रूपमा रहेको छ।

गण्डकी प्रदेश प्राकृतिक सम्पदा, जलस्रोत, जैविक विविधता, पर्यटन, कृषि, उद्योग तथा सेवा क्षेत्रका दृष्टिले मुलुककै सम्भावनायुक्त प्रदेशमध्ये एक हो। विश्वप्रसिद्ध हिमाल, तालतलैया, धार्मिक तथा सांस्कृतिक सम्पदा, साहसिक पर्यटन, प्राकृतिक स्रोत र उद्यमशील जनशक्तिको उपस्थितिले यस प्रदेशलाई विशिष्ट आर्थिक सम्भावनायुक्त क्षेत्रका रूपमा स्थापित गरेको छ। तथापि, यी सम्भावनालाई वित्तीय स्रोत परिचालनसँग प्रभावकारी रूपमा जोड्न नसक्दा प्रदेशको आन्तरिक राजस्व क्षमता अपेक्षित रूपमा उपयोग हुन सकेको छैन। वर्तमान अवस्थामा प्रदेशको वित्तीय संरचना अझै पनि सङ्घीय वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटमा उच्च रूपमा निर्भर रहनुका साथै आन्तरिक स्रोत परिचालनको हिस्सा न्यून रहेको छ।

यस प्रदेश सरकारले प्रदेशको आर्थिक सम्भावना, राजस्व अधिकार, राजस्वका स्रोत एवम्कराधार, राजस्व परिचालन क्षमता, अन्तरसरकारी वित्तीय सम्बन्ध तथा लगानी वातावरणको समग्र विश्लेषण गरी दीर्घकालीन सोच सहित **"गण्डकी प्रदेश राजस्व वस्तुस्थिति अध्ययन तथा राजस्व परिचालन रणनीति"** तर्जुमा गरेको छ। यस रणनीति केवल राजस्व वृद्धि गर्ने दस्तावेज मात्र नभई प्रदेशको वित्तीय आत्मनिर्भरता, आर्थिक सुशासन, संस्थागत सुदृढीकरण तथा दिगो विकासको आधारशिला निर्माण गर्ने महत्त्वपूर्ण नीतिगत मार्गदर्शक दस्तावेजका रूपमा रहेको छ।

यस रणनीतिले प्रदेशको विद्यमान राजस्व प्रणाली, सम्भावना, अवसर, चुनौती तथा सीमाको गहन विश्लेषण गर्दै कर तथा गैरकर राजस्वको दायरा विस्तार, राजस्व प्रशासनको आधुनिकीकरण, राजस्व चुहावट नियन्त्रण, कर अनुपालन अभिवृद्धि, प्राकृतिक स्रोतको दिगो उपयोग, पर्यटन क्षेत्रको व्यवस्थित परिचालन तथा सार्वजनिक सम्पत्तिको व्यावसायिक उपयोगमार्फत राजस्व अभिवृद्धिको स्पष्ट रणनीतिक दिशा प्रस्तुत गरेको छ। यसका अतिरिक्त सवारी साधन कर, घरजग्गा रजिस्ट्रेशन शुल्क, पर्यटन शुल्क, नदीजन्य पदार्थ, वन पैदावार तथा अन्य प्राकृतिक स्रोतमा आधारित राजस्वको सम्भावनालाई वैज्ञानिक ढङ्गले पहिचान गरी कार्यान्वयनयोग्य रणनीति तथा कार्ययोजना प्रस्ताव गरिएको छ।

गण्डकी प्रदेश सरकार

फोन नं.: ०६१-५६४८४१

गण्डकी प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल

प.सं.:

च.नं.:

यस रणनीतिले राजस्व परिचालनलाई केवल राजस्व सङ्कलनको विषयका रूपमा नभई आर्थिक विकास, उत्पादन वृद्धि, रोजगारी सिर्जना, निजी क्षेत्र प्रवर्द्धन तथा लगानी विस्तारसँग जोडेको छ। यसैगरी, प्रदेशको समुन्नति केवल राजस्वका दर वृद्धिबाट मात्र नभइ आर्थिक गतिविधिको विस्तार, लगानीमैत्री वातावरण निर्माण, उद्यमशीलताको विकास तथा उत्पादनशील क्षेत्रको प्रवर्द्धनमार्फत राजस्व आधार फराकिलो बनाउने मान्यतालाई रणनीतिले आत्मसात गरेको छ। यसले प्रदेशको आर्थिक रूपान्तरण र वित्तीय सुदृढीकरणबीचको अन्तरसम्बन्धलाई स्पष्ट रूपमा स्थापित गरेको छ।

सङ्घ, प्रदेश तथा स्थानीय तहबीचको वित्तीय समन्वय, साझा अधिकार क्षेत्रका राजस्व स्रोतको व्यवस्थापन, दोहोरो कराधान न्यूनीकरण, एकीकृत सूचना प्रणालीको विकास तथा प्रमाणमा आधारित निर्णय प्रणालीको अभ्यासलाई यस रणनीतिले विशेष महत्त्व दिनुका साथै सङ्घीय शासन प्रणालीमा वित्तीय सङ्घीयताको सफल अभ्यासका लागि अन्तरसरकारी सहकार्य, सहअस्तित्व र समन्वयको भावना अझ सुदृढ हुन आवश्यक रहेको यथार्थलाई समेत सम्बोधन गरेको छ।

यस रणनीति निर्माणका क्रममा प्रदेश नीति तथा योजना आयोगको नेतृत्व तथा आर्थिक मामिला मन्त्रालयको मार्गनिर्देशनमा प्रदेश सरकारका राजस्व प्रशासन गर्ने विषयगत मन्त्रालय, निकाय तथा कार्यालय, स्थानीय तह, निजी क्षेत्र, उद्योग वाणिज्य सङ्घ, विषयविज्ञ, विकास साझेदार संस्था तथा अन्य सरोकारवालाको सक्रिय सहभागिता र सुझाब प्राप्त भएको छ। यसका लागि सम्पूर्ण सरोकारवालाहरूलाई विशेष धन्यवाद ज्ञापन गर्दछु।

अन्त्यमा, यस रणनीतिको प्रभावकारी कार्यान्वयनबाट गण्डकी प्रदेशको आन्तरिक राजस्व आधार सुदृढ भई वित्तीय आत्मनिर्भरता अभिवृद्धि हुने, सङ्घीय अनुदानप्रतिको निर्भरता क्रमशः घट्दै जाने, विकास तथा सेवा प्रवाहका लागि आवश्यक स्रोत सुनिश्चित हुने तथा **"आत्मनिर्भर र समुन्नत प्रदेश: सुखी प्रदेशवासी"** को दीर्घकालीन सोचले निर्देशित गरेको दिशामा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्दछु। आगामी दशकमा गण्डकी प्रदेशलाई आर्थिक रूपमा सबल, प्रतिस्पर्धी र दिगो विकासको नमुना प्रदेशका रूपमा स्थापित गर्न यो रणनीति प्रभावकारी मार्गदर्शक बन्ने अपेक्षा लिएको छु।

माननीय सुरेन्द्रराज पाण्डे
मुख्यमन्त्री, गण्डकी प्रदेश सरकार तथा
अध्यक्ष, प्रदेश नीति तथा योजना आयोग

मन्तव्य

सङ्घीय शासन प्रणालीको सफलताको एक प्रमुख मापन वित्तीय स्वायत्तता र स्रोत परिचालन क्षमता हो। संविधानले परिकल्पना गरेको सङ्घीय लोकतान्त्रिक शासन प्रणालीको सफल कार्यान्वयनका लागि प्रदेश सरकारहरूको वित्तीय सबलीकरण अपरिहार्य पूर्वशर्तका रूपमा रहेको छ। संविधानले प्रदेश सरकारलाई विकास व्यवस्थापन, सेवा प्रवाह, पूर्वाधार विकास, प्राकृतिक स्रोत व्यवस्थापन तथा सामाजिक-आर्थिक रूपान्तरणको महत्त्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ । यी जिम्मेवारीहरूको प्रभावकारी कार्यान्वयनका साथै प्रदेशको विकास आवश्यकता, जनअपेक्षा तथा संवैधानिक जिम्मेवारीहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्न सक्षम, दिगो, पूर्वानुमानयोग्य र आत्मनिर्भर राजस्व प्रणालीको विकास आजको प्रमुख आवश्यकता बनेको छ। यस सन्दर्भमा गण्डकी प्रदेशको आर्थिक सम्भावना, राजस्व क्षमता तथा वित्तीय चुनौतीहरूको वस्तुगत विश्लेषण गर्दै तयार **"गण्डकी प्रदेश राजस्व वस्तुस्थिति अध्ययन तथा राजस्व परिचालन रणनीति"** प्रदेशको वित्तीय सुदृढीकरण, राजस्वका स्रोतहरूको वैज्ञानिक परिचालन तथा आर्थिक सुशासन अभिवृद्धि गर्ने दिशामा एक महत्त्वपूर्ण नीतिगत उपलब्धि हो ।

गण्डकी प्रदेश प्राकृतिक स्रोत, पर्यटन, कृषि, जलस्रोत तथा सेवा क्षेत्रको दृष्टिले उच्च सम्भावना बोकेको प्रदेश भए तापनि ती सम्भावनाको अनुपातमा आन्तरिक राजस्व परिचालन हुन सकेको छैन। प्रदेशको स्थापना पश्चात् राजस्व परिचालनको क्षेत्रमा उल्लेखनीय प्रयासहरू भए तापनि प्रदेशको खर्च आवश्यकता, विकासका आकाङ्क्षा तथा सेवा प्रवाहका दायित्वहरूको तुलनामा आन्तरिक राजस्वको योगदान अपेक्षित स्तरमा पुग्न सकेको छैन। प्रदेशको राजस्व संरचना अझै पनि एकातिर सङ्घीय वित्तीय हस्तान्तरणमा निर्भर रहेको छ भनेअर्कोतर्फ खर्चको आवश्यकता र राजस्वबीचको खाडल (Fiscal Gap) बढ्दै जानुका साथै उपलब्ध संवैधानिक राजस्व अधिकारको पूर्ण उपयोग हुन सकेको छैन। साझा अधिकार क्षेत्रका विषयहरूमा नीतिगत अस्पष्टता, संस्थागत क्षमतामा सीमितता, कराधारको अपूर्ण अभिलेखीकरण, डिजिटल प्रणालीको न्यून प्रयोग तथा अन्तरसरकारी समन्वयसम्बन्धी चुनौतीहरूले राजस्व परिचालनमा प्रभाव पारेका छन् ।

प्रदेशमा विद्यमान कर तथा गैरकर राजस्वका स्रोतहरूको पूर्ण उपयोग हुन नसक्नु; कृषि आयमा कर, पर्यटन शुल्क, नदी तथा खानीजन्य पदार्थ र वन पैदावर लगायत प्राकृतिक स्रोतको परिचालन, उद्योग व्यवसाय र सूचना प्रविधिमा आधारित सेवा जस्ता सम्भावित राजस्व क्षेत्रहरू अझै पनि परिचालनको दायराभित्र आउन नसक्नु, राजस्व प्रशासनमा प्रविधिको सीमित प्रयोग, करदाता शिक्षाको अभाव तथा विभिन्न तहका सरकारबीच समन्वयका चुनौतीहरू विद्यमान रहेका छन्। यस्ता चुनौतीहरूलाई अवसरका रूपमा रूपान्तरण गर्दै राजस्व परिचालनको दायरा विस्तार, कर प्रणालीको

आधुनिकीकरण तथा संस्थागत क्षमता अभिवृद्धि गर्न यो रणनीतिले स्पष्ट मार्गदर्शन प्रदान गरेको छ ।

यस रणनीतिले प्रदेशको राजस्व अधिकार, कर तथा गैरकर स्रोतहरूको अवस्था, सम्भावना र सीमाहरूको विस्तृत अध्ययन तथा विश्लेषण गरेको छ। रणनीतिमा प्रदेशको विद्यमान राजस्व संरचना, सम्भाव्यता, नीति तथा कानुनी व्यवस्था, प्रशासनिक क्षमता, अन्तरसरकारी वित्तीय सम्बन्ध, निजी क्षेत्रको भूमिका, आर्थिक गतिविधिको प्रवृत्ति तथा भावी वित्तीय आवश्यकताहरूको समग्र विश्लेषण गरिएको छ। यसैगरी राजनीतिक अर्थशास्त्रीय विश्लेषण, राजस्व प्रक्षेपण, लगानी क्षेत्रको पहिचान, प्रशासनिक सुधार, कानुनी तथा नीतिगत सुधार, डिजिटल राजस्व प्रणालीको विकास तथा संस्थागत क्षमता अभिवृद्धिका विषयहरूलाई समेटिएको छ। रणनीति निर्माणका क्रममा संवैधानिक व्यवस्था, अन्तरसरकारी वित्त व्यवस्थापन प्रणाली, प्रदेश तथा स्थानीय तहका अभ्यास तथा अनुभव, अन्तर्राष्ट्रिय असल अभ्यास तथा प्रदेशको वस्तुगत अवस्थाको समीक्षा गरिएको छ। साथै, राजस्वको आधार विस्तार, कर प्रशासन सुधार, डिजिटल प्रविधिको उपयोग, करदाता मैत्री सेवा प्रवाह, राजस्व चुहावट नियन्त्रण, गैरकर राजस्वको प्रभावकारी व्यवस्थापन, सार्वजनिक सम्पत्तिको व्यावसायिक उपयोग तथा लगानीमैत्री वातावरण निर्माणमार्फत प्रदेशको आन्तरिक स्रोत परिचालनलाई सुदृढ बनाउने रणनीतिक दिशा तय गरिएको छ।

यस रणनीति तर्जुमाको क्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासहरूको अध्ययनका साथै सम्बन्धित विषयगत मन्त्रालय, कार्यालय, स्थानीय तह, निजी क्षेत्र, नागरिक समाज, विषयविज्ञ तथा विकास साझेदारसँग विभिन्न तहमा परामर्श, अन्तरक्रिया तथा अन्तर्वार्ता गरि प्राप्त जानाकारी तथा सुझावहरूको गहन अध्ययन तथा विश्लेषण गरिएको छ। यस प्रक्रियाले रणनीतिलाई यथार्थपरक, कार्यान्वयनयोग्य बनाएको छ, जसले प्रदेशको राजस्व् परिचालन सम्बन्धी वस्तुगत आवश्यकतालाई सम्वोधन गर्ने विश्वास लिइएको छ। विशेष रूपमा यो रणनीतिले राजस्व परिचालनलाई आर्थिक विकाससँग जोड्दै पर्यटन, प्राकृतिक स्रोत, सेवा क्षेत्र, कृषि तथा लगानी विस्तारका माध्यमबाट कराधार वृद्धि गर्ने दिशामा स्पष्ट रणनीतिक मार्गचित्र प्रस्तुत गरेको छ।

यस रणनीतिअन्तर्गत डिजिटल कर प्रशासन, एकीकृत राजस्व सूचना प्रणाली, भौगोलिक सूचना प्रणाली तथा अवस्थिति प्रणालीमा आधारित अनुगमन, प्रमाणमा आधारित दर निर्धारण, कर अनुपालना अभिवृद्धि र करदातामैत्री सेवा प्रवाहलाई प्राथमिकता जस्ता सुधारात्मक कार्यहरूले प्रदेशको राजस्व प्रणालीलाई आधुनिक, पारदर्शी, तथ्याङ्कमा आधारित र परिणाममुखी बनाउन महत्वपूर्ण आधार प्रदान गर्ने अपेक्षा गरिएको छ।

गण्डकी प्रदेश नीति तथा योजना आयोगले प्रदेशको दीर्घकालीन विकास सोच, आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा वित्तीय व्यवस्थापन सुधारका क्षेत्रमा निरन्तर नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ। प्रस्तुत रणनीति पनि प्रदेशको विकास योजना र वित्तीय स्रोत व्यवस्थापनबीच सुदृढ सम्बन्ध स्थापित गर्ने प्रयासको महत्त्वपूर्ण कडी हो। प्रदेशको विकास आकांक्षा र उपलब्ध स्रोतबीचको अन्तर घटाई दिगो वित्तीय आधार निर्माण गर्नु नै यस रणनीतिको मूल उद्देश्य हो।

गण्डकी प्रदेश सरकार

गण्डकी प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल

फोन नं.: ०६१-५६४८४१

प.सं.:

च.नं.:

यस रणनीति निर्माण कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने माननीय मुख्यमन्त्रीज्यू, प्रदेश सरकारका मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, प्रमुख सचिवज्यू, गण्डकी प्रदेश नीति तथा योजना आयोगका माननीय सदस्यज्यू, सचिवज्यू तथा कर्मचारी, मन्त्रालय तथा निकायका कर्मचारी, स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारी, निजी क्षेत्रका प्रतिनिधि, विषय विज्ञ, विकास साझेदार संस्था तथा प्राविधिक सहयोग प्रदान गर्ने सम्पूर्ण व्यक्तित्वप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। साथै, रणनीति तयारीका क्रममा अमूल्य सुझाब, परामर्श तथा सहयोग प्रदान गर्नुहुने सबै सरोकारवालाहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु। विशेष रूपमा प्राविधिक तथा संस्थागत सहयोग प्रदान गर्ने द एशिया फाउण्डेशन तथा अध्ययन टोलीप्रति धन्यवाद ज्ञापन गर्दछु।

अन्त्यमा, यस रणनीतिको प्रभावकारी कार्यान्वयनबाट गण्डकी प्रदेशको आन्तरिक राजस्व क्षमता अभिवृद्धि भई वित्तीय आत्मनिर्भरता, सुशासन, लगानी प्रवर्द्धन, दिगो रोजगारी, आय तथा आर्थिक वृद्धि तथा समुन्नत प्रदेश निर्माणको साझा सङ्ककल्प तथा लक्ष्य हासिल गर्न महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्दछु। साथै, यो रणनीति प्रदेशको आर्थिक भविष्यलाई सबल, सक्षम र दिगो बनाउने दिशामा एक महत्त्वपूर्ण कोशेढुङ्गा सावित हुनेछ भन्ने अपेक्षा गरेको छु।

डा. कृष्णचन्द्र देवकोटा
उपाध्यक्ष, गण्डकी प्रदेश नीति तथा योजना आयोग
पोखरा, नेपाल

E-mail: pppcgandaki@gmail.com | Website: ppc.gandaki.gov.np

विषय सूची

कार्यकारी सारंश

अध्याय एकः सन्दर्भ तथा परिचय १

१.१ पृष्ठभूमि १

१.२ रणनीतिको आवश्यकता तथा औचित्य १

१.३ उद्देश्य २

१.४ कार्यक्षेत्र २

१.५ अध्ययन, विश्लेषण तथा रणनीति तर्जुमा प्रक्रिया ३

१.६ अपेक्षित नतिजा ५

१.७ अध्ययनको परिसीमा ६

अध्याय दुई: प्रदेश राजस्व परिचालन नीति, कानुन तथा दस्तावेज समीक्षात्मक विश्लेषण ८

२.१ परिचय ८

२.२ संवैधानिक राजस्व अधिकार र वित्तीय सङ्घीयता ८

२.३ प्रदेश राजस्व परिचालनसँग सान्दर्भिक सङ्घीय नीति तथा कानुन १४

२.४ राजस्वसँग सम्बन्धित प्रदेश नीति तथा प्रमुख कानुन २०

२.५ प्रदेशको दोस्रो पञ्चवर्षीय योजना २८

२.६ वार्षिक नीति, कार्यक्रम तथा बजेट २९

अध्याय तीनः प्रदेश राजस्व परिचालन परिदृष्य तथा वस्तुस्थिति विश्लेषण ३१

३.१ परिचय ३१

३.२ गण्डकी प्रदेशको संक्षिप्त चिनारी तथा समष्टिगत आर्थिक अवस्था ३१

३.३ वित्तीय संरचना र राजस्व निर्भरता ३५

३.४ प्रादेशिक अर्थतन्त्र तथा राजस्व क्षमता ३७

३.५ राजनीतिक अर्थशास्त्रको परिदृश्य ३८

३.६ सामाजिक-आर्थिक संरचना र कर अनुपालना ३९

३.७ प्रदेश–स्थानीय साझा राजस्व अधिकार तथा बाँडफाँटबाट प्राप्त राजस्वको अवस्था ३९

३.८ राजस्व प्रशासनको संस्थागत संरचना, सङ्कलन प्रणाली तथा बिलिङ अभ्यास ४१

अध्याय चारः प्रदेशको राजस्व सम्भावना तथा राजस्व परिचालन क्षमता विश्लेषण ४७

४.१ परिचय ४७

४.२ राजस्व सम्भावना गणनाको स्रोत, विधि, मान्यता र सीमा ४७

४.३ प्रमुख राजस्व सोतको सम्भावना विश्लेषण ५०

अध्याय पाँचः राजस्व परिचालन रणनीति तथा रणनीतिक कार्ययोजना ८७
५.१ राजस्व परिचालनको परिदृश्य **८७**
५.२ राजस्व परिचालनका सम्भावना तथा रणनीतिक रूपान्तरणका आयाम ८७
५.३ प्रदेश राजस्व परिचालनका सवाल तथा चुनौती ९२
५.४ आन्तरिक राजस्व परिचालनका क्षेत्रगत सम्भावना तथा अवसर ९७
५.५ दीर्घकालीन सोच (Vision) १००
५.६ लक्ष्य, उद्देश्य तथा प्रतिफल १०१
५.७ मार्गदर्शक सिद्धान्त १०२
५.८ रणनीति तथा कार्यनीति १०३
५.९ रणनीनिक कार्ययोजना ११०
५.१० रणनीतिक कार्ययोजना कार्यान्वयन व्यवस्था ११८
५.११ रणनीतिको अनुगमन तथा मूल्याङ्कन १२०
अध्याय छः राजस्व अनुमान तथा प्रक्षेपण १२४
६.१ राजस्वको शीर्षकगत प्रवृत्ति १२४
६.२ राजस्व प्रक्षेपणको आधार, विधि तथा मान्यता १२६
६.३ राजस्व प्रक्षेपण १२७
६.४ राजस्व परिचालनको अवस्था र प्रक्षेपणको निष्कर्ष १३२
अनुसूची १: नीति निर्माताका लागि प्रदेश राजस्व परिचालन रणनीतिसम्बन्धी नीतिगत संक्षेप-पत्र १३५
अनुसूची २: प्रदेश राजस्व परिचालन वस्तुस्थिति विश्लेषणसम्बन्धी तथ्याङ्क र विवरण सङ्कलन फाराम ... १४७
अनुसूची ३: स्थानीय तहबाट बाँडफाँट भई प्राप्त राजस्वसम्बन्धी विवरण १५६
अनुसूची ४: अन्तर्वार्ता, समूहगत छलफल र रायपरामर्शबाट प्राप्त विवरण तथा अध्ययन नोट १६०
अनुसुची ५: अन्तर्वार्ता तथा परामर्शमा सहभागि पदाधिकारी, कर्मचारी तथा विषयविज्ञ १९४

तालिका सूची

तालिका नं. १: सङ्घ , प्रदेश तथा स्थानीय तहको राजस्व अधिकारसम्बन्धी संवैधानिक व्यवस्था ९
तालिका नं. २: सङ्घीय कानुनहरूको प्रदेश राजस्वमा पर्ने प्रभाव १९
तालिका नं. ३: गण्डकी प्रदेश आर्थिक ऐन/विधेयक तर्जुमा तथा वार्षिक दर निर्धारण प्रक्रिया २३
तालिका नं. ४: राजस्वसँग सम्बन्धित विद्यमान प्रमुख विषयगत प्रदेश कानुन २५
तालिका नं. ५: विगत ३ आर्थिक वर्षका प्रदेश आर्थिक परिसूचकहरू ३२
तालिका नं. ६: प्रदेशका कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान ३४
तालिका नं. ७: विगत ५ वर्षको राजस्व सङ्कलन र वृद्धिको अवस्था ३५
तालिका नं. ८: आ.व.अनुसार प्रदेशको राजस्वको अनुमान तथा परिचालनको अवस्था.................................. ३६
तालिका नं. ९: प्रदेशगत कुल गार्हस्थ्य उत्पादन, बजेट र राजस्वको तुलना (आर्थिक वर्ष २०८०/८१) ३८
तालिका नं. १०: स्थानीय तहबाट सङ्कलन भई प्रदेश सञ्चित कोषमा जम्मा भएको बाँडफाँटयोग्य राजस्वको सारांश ४०
तालिका नं. ११: प्रमुख राजस्व स्रोत, सङ्कलन निकाय र प्रणालिगत तथा प्रशासनिक अवस्था ४२
तालिका नं. १२: कृषि आयमा कर सङ्कलनको सम्भावना ५१
तालिका नं. १३: मनोरञ्जन करको परिचालनको सम्भावना... ५८
तालिका नं. १४: विज्ञापन करको परिचालनको सम्भावना ६१
तालिका नं. १५: नदीजन्य पदार्थको उत्खनन तथा सङ्कलनमार्फत राजस्व परिचालनको सम्भावना ६७
तालिका नं. १६: पर्यटन शुल्कको सम्भावना... ७१
तालिका नं. १७: उद्योग तथा व्यवसाय दर्ता, अनुमति र नवीकरणमार्फत राजस्व परिचालनको सम्भावना ७६
तालिका नं. १८: वन व्यवस्थापन सेवा शुल्क, पैदावार विक्री तथा वनबाट प्राप्त अन्य आयको सम्भावना............ ८१
तालिका नं. १९: रणनीतिक कार्ययोजना १११
तालिका नं. २०: कार्यान्वयन जोखिम तथा जोखिम न्यूनीकरणका उपाय ११९
तालिका नं. २१: अनुगमन तथा परिणाम सूचक १२२
तालिका नं. २२: विगत ५ आर्थिक वर्षको राजस्व प्राप्ति तथा वार्षिक औसत वृद्धिदर...................................... १२४
तालिका नं. २३: सामान्य अवस्थामा प्रदेश राजस्व प्रक्षेपण... १२८
तालिका नं. २४: प्रक्षेपणमा प्रयोग गरिएका प्रमुख विधि तथा मान्यता.. १३०
तालिका नं. २५: रणनीति कार्यान्वयन तथा सुधारको अवस्थामा राजस्व प्रक्षेपण १३१

संक्षेपीकरण

आ.व.	:	आर्थिक वर्ष
के.जी.	:	किलोग्राम
क्र.सं.	:	क्रम सङ्ख्या
क्यु. फिट	:	क्युविक फिट
गैसस	:	गैरसरकारी संस्था
मे.टन	:	मेट्रिक टन
नं.	:	नम्बर
रु.	:	रूपैयाँ
व.कि.मि.	:	वर्ग किलोमिटर
वि.सं.	:	विक्रम संवत्
हे.	:	हेक्टर
ACAP	:	Annapurna Conservation Area Project
BES	:	Brief Environmental Studies
EDLVRS	:	Electronic Driving License and Vehicle Registration System
EIA	:	Environmental Impact Assessment
GDP	:	Gross Domestic Product
GIS	:	Geogrphical Information System
GPS	:	Global Positioning System
IEE	:	Initial Environmental Examination
IT	:	Information Technology
LRMIS	:	Land Records Management Information System
MICE	:	Meeting, Incentive, Conference and Event
MTEF	:	Medium-Term Expenditure Framework
QR Code	:	Quick Response Code
REDD	:	Reducing Emissions from Deforestation and forest Degradation
RIMS	:	Revenue Management Information System
SEA	:	Strategic Environmental Assessment
SMS	:	Short Message Service
TIMS	:	Tourism and Industry Management System
TMS	:	Trade Management System
VRS	:	Vehicle Registration System

कार्यकारी सारांश

अध्याय एक: सन्दर्भ

गण्डकी प्रदेशको आर्थिक, सामाजिक, भौगोलिक तथा प्राकृतिक विविधताले प्रदेशको समग्र विकास सम्भावनालाई विशेष महत्त्व प्रदान गरेको छ। प्रदेशको दिगो विकास, वित्तीय आत्मनिर्भरता तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता सुनिश्चित गर्न आन्तरिक राजस्व सुदृढीकरण अपरिहार्य सर्तका रूपमा देखिएको छ। सङ्घीय शासन व्यवस्थाको कार्यान्वयनसँगै प्रदेश सरकारलाई संविधानद्वारा विभिन्न कर तथा गैरकर राजस्व अधिकार प्रदान गरिए पनि अपेक्षित स्तरमा राजस्व परिचालन हुन नसक्नु, सङ्घीय अनुदानमा उच्च निर्भरता रहनु तथा राजस्वको स्रोतगत सम्भावना पर्याप्त रूपमा उपयोग हुन नसक्नु वर्तमान वित्तीय व्यवस्थापनको प्रमुख चुनौतीका रूपमा रहेको छ। यस परिप्रेक्ष्यमा गण्डकी प्रदेशको राजस्व परिचालन रणनीति प्रदेशको वित्तीय सुदृढीकरण, राजस्व आधार विस्तार तथा दीर्घकालीन आर्थिक स्थायित्व सुनिश्चित गर्ने उद्देश्यले तयार गरिएको एक मार्गदर्शक नीतिगत दस्तावेज हो।

यस रणनीतिले प्रदेशको विद्यमान राजस्व संरचना, राजस्व परिचालनको अवस्था, कानुनी तथा संस्थागत व्यवस्थाको समीक्षा, सम्भावित राजस्व स्रोतहरूको पहिचान तथा राजस्व सुधारका रणनीतिक उपायहरूको विस्तृत विश्लेषण प्रस्तुत गरेको छ। प्रदेशको आर्थिक संरचनामा पर्यटन, कृषि, वन, जलस्रोत, सेवा क्षेत्र, यातायात तथा निर्माण क्षेत्रको महत्त्वपूर्ण योगदान रहेको भए तापनि ती क्षेत्रबाट प्राप्त हुने कर तथा गैरकर राजस्वको स्तर सम्भावनाको तुलनामा न्यून रहेको तथ्य रणनीतिले उजागर गरेको छ। *यस प्रतिवेदनले प्रदेश सरकारले आगामी वर्षहरूमा वित्तीय आत्मनिर्भरता प्राप्त गर्न राजस्व प्रशासनको आधुनिकीकरण, कर आधार विस्तार, डिजिटल प्रणालीको प्रयोग, अन्तरसरकारी समन्वय तथा करदातामैत्री वातावरण निर्माणलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औंल्याइएको छ।*

यस रणनीतिक दस्तावेजको मूल उद्देश्य प्रदेशको राजस्व परिचालन प्रणालीलाई प्रभावकारी, पारदर्शी, उत्तरदायी तथा परिणाममुखी बनाउनुका साथै प्रदेश सरकारको विकास खर्च धान्न सक्ने आन्तरिक स्रोतको आधार निर्माण गर्नु हो। *यसले मध्यमकालीन तथा दीर्घकालीन अवधिमा राजस्व वृद्धि, कर प्रशासन सुधार, संस्थागत क्षमता अभिवृद्धि तथा सम्भावित राजस्व स्रोतको वैज्ञानिक परिचालनमार्फत प्रदेशको वित्तीय स्वायत्तता सुदृढ गर्ने मार्गचित्र प्रस्तुत गरेको छ।* यसैगरी, प्रदेशको समष्टिगत आर्थिक विकास, सार्वजनिक लगानी विस्तार तथा सेवा प्रवाहको गुणस्तर सुधारमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

अध्याय दुई: प्रदेश राजस्व परिचालन नीति, कानुन तथा दस्तावेजको समीक्षात्मक विश्लेषण

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहबीच राजस्व अधिकारको स्पष्ट बाँडफाँट गरेको छ। संविधानको अनुसूची–६ र अनुसूची–७ अनुसार प्रदेश सरकारलाई सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आय कर, पर्यटन शुल्क, वन पैदावार तथा प्राकृतिक स्रोत शुल्क लगायत विभिन्न कर तथा गैरकर राजस्व परिचालन गर्ने अधिकार प्रदान गरेको छ। संवैधानिक व्यवस्थाको आधारमा गण्डकी प्रदेश सरकारले विभिन्न कानुन, नियमावली तथा कार्यविधि निर्माण गरी राजस्व परिचालन प्रणालीको कार्यान्वयन गर्दै आएको छ। प्रदेश आर्थिक ऐन, प्रदेश वित्त व्यवस्थापन ऐन, प्रदेश कर तथा गैरकर ऐन, वन ऐन, पर्यटन ऐन, औद्योगिक तथा व्यवसाय ऐन लगायतका व्यवस्थाले प्रदेशको राजस्व परिचालनको कानुनी आधार निर्माण गरेका छन्।

यथेष्ट कानुनी आधार उपलब्ध रहेतापनि सोको प्रभावकारी कार्यान्वयनमा विभिन्न नीतिगत, संरचनागत, प्रशासनिक सीमितता देखिएका छन्। कर निर्धारणको आधार अस्पष्ट हुनु, करको दर र दायरामा समयानुकूल सुधार नहुनु, करदाताको एकीकृत अभिलेख प्रणालीको अभाव रहनु, स्थानीय तहसँग समन्वय कमजोर हुनु तथा अनुगमन प्रणाली प्रभावकारी नहुनुजस्ता समस्याले राजस्व

परिचालनमा प्रतिकूल प्रभाव पारेको छ। विशेषगरी विज्ञापन कर, कृषि आयमा कर तथा प्राकृतिक स्रोत परिचालन शुल्क लगायतका राजस्वमा कानुनी अस्पष्टता र बहु-निकाय अधिकार क्षेत्रका कारण कार्यान्वयन जटिल बनेको अवस्था देखिन्छ।

संस्थागत संरचनाको दृष्टिकोणले प्रदेश आर्थिक मामिला मन्त्रालय, प्रदेश लेखा नियन्त्रणको कार्यालय, यातायात व्यवस्था कार्यालय, पर्यटन कार्यालय, उद्योग तथा वाणिज्य कार्यालय, वन तथा तथा वातावरण मन्त्रालय, जिल्ला तहका सम्बन्धित कार्यालयहरू राजस्व परिचालनमा संलग्न रहेका छन्। तथापि संस्थागत समन्वयको अभाव, प्राविधिक जनशक्तिको कमी, सूचना प्रविधि प्रणालीको सीमित प्रयोग तथा राजस्व प्रशासनमा दक्षताको कमीका कारण अपेक्षित परिणाम हासिल हुन सकेको छैन। प्रदेश सरकारको राजस्व प्रशासन अझै पनि धैरै हदसम्म म्यानुअल प्रक्रियामा आधारित रहेको देखिन्छ। यसले पारदर्शिता, दक्षता तथा कर अनुपालनामा समस्या सिर्जना गरेको छ।

रणनीतिले कानुनी तथा संस्थागत सुधारलाई राजस्व सुधारको आधारभूत पूर्वशर्तका रूपमा पहिचान गरेको छ। यसका लागि प्रदेश राजस्व नीति पुनरावलोकन, कर कानुन अद्यावधिक, एकीकृत डिजिटल राजस्व प्रणाली विकास, अन्तरसरकारी समन्वय संयन्त्र सुदृढीकरण, कर प्रशासनमा मानव संसाधन विकास तथा तथ्याङ्कमा आधारित राजस्व व्यवस्थापन प्रणाली लागू गर्नुपर्ने आवश्यकता औंल्याइएको छ। यसबाट प्रदेशको राजस्व प्रशासनलाई आधुनिक, पारदर्शी तथा परिणाममुखी बनाउने आधार तयार हुने अपेक्षा गरिएको छ।

अध्याय तीनः प्रदेश राजस्व परिचालन परिदृष्य तथा वस्तुस्थिति विश्लेषण

गण्डकी प्रदेशको राजस्व संरचनामा सङ्घीय अनुदानको हिस्सा अत्यधिक रहेको छ भने आन्तरिक राजस्वको योगदान अपेक्षाकृत न्यून रहेको अवस्था देखिन्छ। प्रदेश सरकारको कुल आय संरचनामा सङ्घीय वित्तीय हस्तान्तरण प्रमुख स्रोतका रूपमा रहेको हुँदा प्रदेशको वित्तीय आत्मनिर्भरता सीमित रहेको छ। यद्यपि पछिल्ला वर्षहरूमा आन्तरिक राजस्व परिचालनमा केही वृद्धि भएको देखिए पनि त्यो वृद्धि प्रदेशको समग्र विकास आवश्यकता तथा खर्च संरचनाको तुलनामा न्यून रहेको छ।

कर राजस्वतर्फ सवारी साधन कर प्रदेशको सबैभन्दा ठूलो स्रोतका रूपमा रहेको छ। सवारी दर्ता, नवीकरण तथा सवारी सङ्ख्या वृद्धिसँगै यस शीर्षकमा राजस्व वृद्धि भएको देखिन्छ। तथापि करछली, अभिलेख अद्यावधीकरणको समस्या तथा अन्तरप्रदेशीय सवारी व्यवस्थापनको कमजोरीका कारण सम्भावित राजस्व पूर्ण रूपमा परिचालन हुन सकेको छैन। मनोरञ्जन कर तथा विज्ञापन करमा समेत करको दायरा सीमित रहनु, डिजिटल माध्यमको विस्तारलाई कानुनी दायरामा समेट्न नसक्नु तथा अनुगमन कमजोर रहनु प्रमुख समस्याका रूपमा देखिएका छन्। कृषि आयमा करको अवस्था हेर्दा व्यावसायिक कृषि गतिविधि विस्तार भए पनि कर नीति तथा कानुन बाझिदा राजस्व प्राप्तिमा चुनौती देखिएको छ।

गैरकर राजस्वतर्फ नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) बाट प्राप्त हुने आयमा उल्लेखनीय सम्भावना भए पनि अवैध उत्खनन, कमजोर अनुगमन तथा वातावरणीय मापदण्ड पालनामा कमजोरीका कारण राजस्व चुहावट उच्च रहेको अवस्था छ। पर्यटन शुल्क तथा पदयात्रा शुल्क गण्डकी प्रदेशका लागि अत्यन्त सम्भावनायुक्त क्षेत्र भए पनि पर्यटन पूर्वाधार, सेवा व्यवस्थापन तथा एकीकृत टिकटिङ प्रणालीको अभावले अपेक्षित राजस्व वृद्धि हुन सकेको छैन। अन्नपूर्ण संरक्षण क्षेत्र, मुक्तिनाथ, पोखरा लगायतका प्रमुख पर्यटन गन्तव्यहरूले ठूलो राजस्व सम्भावना बोकेका छन्।

वन तथा जलस्रोत रोयल्टी, सरकारी सम्पत्ति बहाल आय, प्रशासनिक सेवा शुल्क तथा दण्ड जरिवानाजस्ता शीर्षकहरूमा पनि सम्भावनाको तुलनामा न्यून परिचालन भएको देखिन्छ। सरकारी सम्पत्तिको अभिलेखीकरण व्यवस्थित नहुनु, सेवा शुल्क निर्धारण वैज्ञानिक नहुनु तथा डिजिटल भुक्तानी प्रणालीको सीमित प्रयोगले राजस्व सङ्कलन प्रभावकारी हुन सकेको छैन। *रणनीतिले*

प्रदेशको राजस्व आधारलाई विविधीकरण गर्दै आर्थिक गतिविधिको विस्तारसँग राजस्व प्रणालीलाई आबद्ध गर्नुपर्ने आवश्यकता औंल्याएको छ।

अध्याय चारः प्रदेशको राजस्व सम्भाव्यता तथा राजस्व परिचालन क्षमता विश्लेषण

रणनीतिले गण्डकी प्रदेशका प्रमुख कर तथा गैरकर राजस्व स्रोतहरूको सम्भाव्यता विश्लेषण गरी परिचालन क्षमताको विस्तृत अध्ययन प्रस्तुत गरेको छ। सवारी साधन करतर्फ प्रदेशमा बढ्दो शहरीकरण, यातायात पहुँच विस्तार तथा निजी सवारी साधनको सङ्ख्या वृद्धिका कारण आगामी वर्षहरूमा उल्लेखनीय राजस्व वृद्धि सम्भावना रहेको निष्कर्ष निकालिएको छ। यातायात अभिलेख डिजिटलीकरण, करदाताको एकीकृत डेटाबेस तथा अन्तरप्रदेशीय समन्वय प्रभावकारी बनाउने हो भने यस शीर्षकबाट हालको तुलनामा उल्लेखनीय अतिरिक्त राजस्व सङ्कलन गर्न सकिने देखिएको छ।

मनोरञ्जन कर तथा विज्ञापन करमा डिजिटल माध्यम, होटल–रेस्टुरेन्ट, केबलकार, सिनेमा, खेलकुद, सांस्कृतिक कार्यक्रम तथा अनलाइन प्रचार–प्रसार क्षेत्रको तिव्र विस्तारलाई आधार मानेर उच्च सम्भाव्यता देखाइएको छ। प्रदेशका प्रमुख शहरी केन्द्रहरूमा बाह्य विज्ञापन, डिजिटल स्क्रिन, व्यावसायिक होर्डिङ बोर्ड तथा व्यावसायिक मनोरञ्जन गतिविधिहरूको व्यवस्थित दर्ता तथा कर प्रणाली लागू गर्ने हो भने राजस्वमा उल्लेखनीय वृद्धि सम्भव रहेको विश्लेषण गरिएको छ।

कृषि आय करतर्फ व्यावसायिक कृषि, पशुपालन, फलफूल उत्पादन, जडीबुटी खेती तथा कृषि प्रशोधन उद्योगको विस्तारलाई आधार मानेर दीर्घकालीन सम्भाव्यता देखाइएको छ। विशेषगरी गण्डकी प्रदेशका पर्वतीय तथा हिमाली जिल्लाहरूमा उच्च मूल्यका कृषि उत्पादन, अर्गानिक कृषि तथा निर्यातमुखी उत्पादन प्रणालीको विकाससँगै कृषि आय करको आधार विस्तार गर्न सकिने उल्लेख गरिएको छ।

नदीजन्य पदार्थबाट प्राप्त हुने राजस्वमा प्रदेशको भौगोलिक अवस्थाका कारण अत्यन्त उच्च सम्भावना रहेको विश्लेषण गरिएको छ। निर्माण क्षेत्रको तिव्र विस्तार, सडक तथा पूर्वाधार विकासका कारण ढुङ्गा, गिट्टी, बालुवाको माग निरन्तर बढिरहेको छ। वैज्ञानिक उत्खनन, विद्युतीय ट्र्याकिङ प्रणाली, ई–बोलपत्र प्रणाली तथा उत्पादन–ढुवानी अनुगमन प्रणाली लागू गर्ने हो भने राजस्व चुहावट नियन्त्रण गरी उल्लेखनीय आय वृद्धि गर्न सकिने निष्कर्ष रणनीतिले प्रस्तुत गरेको छ।

पर्यटन शुल्क तथा पदयात्रा शुल्कतर्फ गण्डकी प्रदेश नेपालको प्रमुख पर्यटन केन्द्रका रूपमा रहेको हुँदा उच्च राजस्व सम्भाव्यता रहेको देखाइएको छ। अन्नपूर्ण आधार शिविर, घान्द्रुक, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल लगायतका संरचनात्मक विकाससँगै आन्तरिक तथा बाह्य पर्यटक सङ्ख्या वृद्धि हुने अनुमान गरिएको छ। *पर्यटक प्रवेश प्रणाली, अनलाइन टिकटिङ तथा सेवा शुल्क प्रणाली व्यवस्थित गर्ने हो भने प्रदेशले पर्यटन क्षेत्रबाट स्थायी तथा दिगो राजस्व वृद्धि हासिल गर्न सक्ने विश्लेषण गरिएको छ।*

अध्याय पाँचः प्रदेश राजस्व परिचालन रणनीति तथा रणनीतिक कार्ययोजना

रणनीतिले प्रदेशको राजस्व प्रणालीलाई दिगो, पारदर्शी तथा प्रविधिमैत्री बनाउने दीर्घकालीन लक्ष्य निर्धारण गरेको छ। यस अन्तर्गत कर आधार विस्तार, कर प्रशासन सुधार, डिजिटल प्रणालीको विकास, राजस्व चुहावट नियन्त्रण तथा करदातामैत्री सेवा प्रणाली निर्माणलाई प्रमुख रणनीतिक क्षेत्रका रूपमा समेटिएको छ। *प्रदेश सरकारले राजस्व प्रशासनमा सूचना प्रविधिको अधिकतम प्रयोग गरी एकीकृत राजस्व व्यवस्थापन सूचना प्रणाली विकास गर्ने, अनलाइन कर भुक्तानी प्रणाली विस्तार गर्ने तथा तथ्याङ्कमा आधारित निर्णय प्रणाली लागू गर्ने रणनीति अवलम्बन गर्ने प्रस्ताव गरिएको छ।*

कर नीति सुधारअन्तर्गत कर दर पुनरावलोकन, कर छुट तथा सहुलियतको वैज्ञानिक मूल्याङ्कन, सम्भावित नयाँ कर आधारको पहिचान तथा कर कानुन अद्यावधिक गर्ने कार्यक्रम समावेश गरिएको छ। यसैगरी गैरकर राजस्वतर्फ प्राकृतिक स्रोतको वैज्ञानिक

उपयोग, पर्यटन सेवा व्यवस्थापन, सरकारी सम्पत्तिको प्रभावकारी उपयोग तथा सार्वजनिक सेवा शुल्कको पुनःसंरचना गर्ने रणनीति प्रस्ताव गरिएको छ।

संस्थागत सुधारतर्फ प्रदेश राजस्व प्रशासनलाई दक्ष, व्यावसायिक तथा परिणाममुखी बनाउने उद्देश्यले मानव संसाधन विकास, क्षमता अभिवृद्धि तालिम, प्राविधिक जनशक्ति व्यवस्थापन तथा कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणाली लागू गर्ने योजना समावेश गरिएको छ। प्रदेश र स्थानीय तहबीच समन्वित राजस्व प्रशासन विकास गरी दोहोरो कराधान, कर विवाद तथा प्रशासनिक जटिलता न्यूनीकरण गर्ने लक्ष्य राखिएको छ।

रणनीतिक कार्ययोजनाले अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन अवधिमा कार्यान्वयन गरिने कार्यक्रमहरू, जिम्मेवार निकाय, स्रोत आवश्यकता तथा अपेक्षित उपलब्धि स्पष्ट रूपमा निर्धारण गरेको छ। यसले रणनीतिक दस्तावेजलाई व्यावहारिक तथा कार्यान्वयनयोग्य बनाउने अपेक्षा गरिएको छ।

अध्याय छः राजस्व अनुमान तथा प्रक्षेपण

रणनीतिले गण्डकी प्रदेशको आर्थिक वृद्धि, क्षेत्रगत आर्थिक गतिविधि, पर्यटन विस्तार, यातायात वृद्धि तथा प्राकृतिक स्रोत उपयोगको प्रवृत्तिलाई आधार मानी आगामी वर्षहरूको राजस्व प्रक्षेपण तयार गरेको छ। प्रक्षेपण अनुसार सुधार कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएमा प्रदेशको आन्तरिक राजस्वमा क्रमिक तथा स्थिर वृद्धि हुने अपेक्षा गरिएको छ। *विशेषगरी सवारी साधन कर, पर्यटन शुल्क, नदीजन्य पदार्थ आय तथा वन रोयल्टीजस्ता शीर्षकहरूमा उल्लेखनीय वृद्धि सम्भावना देखाइएको छ।*

राजस्व प्रक्षेपणले आगामी पाँचदेखि दस वर्षभित्र प्रदेशको आन्तरिक आय संरचनामा उल्लेखनीय सुधारगरी सङ्घीय अनुदानमा निर्भरता क्रमशः घटाउने लक्ष्य प्रस्तुत गरेको छ। कर प्रशासनको डिजिटलीकरण, कर अनुपालनामा सुधार, कर दायरा विस्तार तथा चुहावट नियन्त्रण प्रभावकारी भएमा प्रदेशले विकास खर्चको ठूलो हिस्सा आफ्नै आन्तरिक स्रोतबाट व्यवस्थापन गर्न सक्ने निष्कर्ष प्रस्तुत गरिएको छ।

रणनीतिले विभिन्न आर्थिक जोखिम, प्राकृतिक विपद्, पर्यटन क्षेत्रमा आउने उतारचढाव तथा आर्थिक मन्दीका सम्भावित प्रभावलाई समेत विचार गरी यथार्थपरक प्रक्षेपण तयार गरेको छ। यसले राजस्व व्यवस्थापनलाई लचिलो, पूर्वानुमानयोग्य तथा दिगो बनाउने आधार तयार गर्ने अपेक्षा गरिएको छ। समग्रमा, गण्डकी प्रदेशको राजस्व परिचालन रणनीति प्रदेशको वित्तीय स्वायत्तता, आर्थिक दिगोपन तथा समावेशी विकासको दीर्घकालीन आधार निर्माण गर्ने महत्त्वपूर्ण नीति दस्तावेजका रूपमा ल्याइएको छ।

अध्याय एक: सन्दर्भ तथा परिचय

१.१ पृष्ठभूमि

नेपालको संविधानले सङ्घीय शासन प्रणालीलाई संस्थागत गर्दै सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकार्य, सहअस्तित्व र समन्वयका आधारमा राज्यशक्तिको प्रयोग गर्ने व्यवस्था गरेको छ। संविधानको धारा ५६(२) ले प्रदेश सरकारलाई योजना तर्जुमा, बजेट कार्यान्वयन, सेवा प्रवाह तथा विकास व्यवस्थापनसँग सम्बन्धित कार्यहरू गर्ने अधिकार प्रदान गरेको छ। प्रदेश सरकारले आफ्नो संवैधानिक दायित्व प्रभावकारी रूपमा निर्वाह गर्न आर्थिक रूपमा सक्षम, स्वायत्त र दिगो वित्तीय आधार आवश्यक हुन्छ। यसका लागि प्रदेशले आफ्ना स्रोत परिचालन गर्ने, राजस्व नीति तथा प्रशासन सुदृढ गर्ने, अन्तरतह समन्वय र सहकार्य प्रभावकारी बनाउने तथा वित्तीय व्यवस्थापन प्रणालीलाई परिणाममुखी बनाउनु आवश्यक छ।

गण्डकी प्रदेश सरकारले सङ्घीय शासन प्रणाली कार्यान्वयनसँगै प्रदेशस्तरीय योजना, कार्यक्रम तथा सेवा प्रवाहलाई अगाडि बढाउँदै आएको छ। तथापि, प्रदेश सरकारको बजेट संरचनामा आन्तरिक राजस्वको हिस्सा अझै सीमित रहेको देखिन्छ। प्रदेशको कुल बजेटमा राजस्वको हिस्सा करिब ४५ प्रतिशत रहेको छ, जसमा प्रदेशको आफ्नै स्रोतबाट सङ्कलित राजस्व तथा सङ्घ र स्थानीय तहबाट प्राप्त राजस्व बाँडफाँट समावेश छन्। प्रदेश सरकारद्वारा सङ्कलित आन्तरिक राजस्वमा कर तथा गैरकर राजस्व, विशेषगरी सवारी साधन कर, बाँडफाँटबाट प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन शुल्क, ढुङ्गा, गिट्टी, बालुवा तथा नदीजन्य निर्माण सामग्री बिक्री, वन व्यवस्थापन शुल्क, वन पैदावार बिक्री तथा वन क्षेत्रबाट प्राप्त अन्य आय प्रमुख स्रोतका रूपमा रहेका छन्। तथापि, प्रदेशको आर्थिक सम्भावना र आर्थिक गतिविधिको तुलनामा राजस्व परिचालनको स्तर सीमित रहेको छ।

प्रदेशको आर्थिक आधार, उत्पादन संरचना, प्राकृतिक स्रोत, सेवा क्षेत्र तथा लगानी वातावरणलाई समग्र रूपमा विश्लेषण गर्दै राजस्वको दायरा विस्तार, आधार सुदृढीकरण तथा प्रशासनिक सुधारका लागि स्पष्ट रणनीति आवश्यक छ। सोही आवश्यकतालाई मध्यनजर गर्दै यस राजस्व वस्तुस्थिति अध्ययन तथा परिचालन रणनीति गण्डकी प्रदेश नीति तथा योजना आयोगको समग्र नेतृत्व, आर्थिक मामिला मन्त्रालयसँगको निकट समन्वय तथा द एशिया फाउण्डेशनको प्राविधिक सहयोगमा नीति, कानुन तथा अन्य सान्दर्भिक दस्तावेजको समीक्षा, सरोकारवालासँगको परामर्श, सहभागितामूलक प्रक्रिया र प्रमाणमा आधारित विश्लेषणका आधारमा तयार गरिएको छ।

१.२ रणनीतिको आवश्यकता तथा औचित्य

नेपालको सङ्घीय शासन व्यवस्थामा प्रदेश सरकारलाई आर्थिक विकास, पूर्वाधार निर्माण, सेवा प्रवाह, प्राकृतिक स्रोत व्यवस्थापन तथा सार्वजनिक प्रशासनसँग सम्बन्धित महत्त्वपूर्ण जिम्मेवारी प्रदान गरिएको छ। जिम्मेवारीको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश सरकारसँग पर्याप्त, दिगो र पूर्वानुमानयोग्य राजस्व आधार हुनु आवश्यक छ। संविधान तथा प्रचलित कानुनले प्रदेशलाई विभिन्न कर तथा गैरकर राजस्व परिचालन गर्ने अधिकार प्रदान गरे पनि उपलब्ध अधिकार, आर्थिक सम्भावना र वास्तविक राजस्व परिचालनबीच अझै उल्लेख्य अन्तर रहेको देखिन्छ।

गण्डकी प्रदेश पर्यटन, कृषि, जलस्रोत, वन, प्राकृतिक स्रोत, सेवा क्षेत्र तथा शहरी–आर्थिक गतिविधिका दृष्टिले उच्च सम्भावना बोकेको प्रदेश हो। पोखरा केन्द्रित पर्यटन तथा सेवा अर्थतन्त्र, बढ्दो यातायात तथा निर्माण क्षेत्र, व्यावसायिक कृषि, वन पैदावार तथा नदीजन्य स्रोतहरू प्रदेशको राजस्व आधार विस्तार गर्न सकिने महत्त्वपूर्ण क्षेत्रहरू हुन्। तथापि, यी सम्भावनाहरूलाई व्यवस्थित रूपमा राजस्व प्रणालीसँग जोड्न नसक्दा प्रदेशको आन्तरिक राजस्व अपेक्षित रूपमा वृद्धि हुन सकेको छैन।

हाल प्रदेशको राजस्व संरचना ठूलो मात्रामा सङ्घीय वित्तीय हस्तान्तरण तथा बाँडफाँटबाट प्राप्त राजस्वमा निर्भर रहेको छ। आफ्नै स्रोतबाट सङ्कलित राजस्वको हिस्सा सीमित हुनु, कराधारको पूर्ण पहिचानमा कमी, कर तथा गैरकर स्रोतहरूको व्यवस्थित अभिलेखमा कमी, पूर्ण रूपमा प्रविधिमैत्री राजस्व प्रशासन नहुनु, दर निर्धारण तथा प्रक्षेपणमा प्रमाणमा आधारित अभ्यास कमजोर हुनु तथा सङ्घ–प्रदेश–स्थानीय तहबीच साझा राजस्व अधिकारको प्रयोगमा स्पष्टता र समन्वयको कमी रहनु प्रमुख चुनौतीका रूपमा देखिएका छन्।

गण्डकी प्रदेशको आर्थिक सम्भावनालाई राजस्व परिचालनसँग जोड्ने, विद्यमान कर तथा गैरकर स्रोतहरूको दायरा विस्तार गर्ने, नयाँ तथा कम उपयोग भएका स्रोतहरूको पहिचान गर्ने, राजस्व प्रशासनलाई प्रविधिमैत्री र उत्तरदायी बनाउने तथा राजस्व वृद्धिलाई प्रदेशको विकास र लगानी प्राथमिकतासँग आबद्ध गर्ने स्पष्ट रणनीतिक मार्गचित्र आवश्यक छ। यसै औचित्यका आधारमा प्रदेशको राजस्व वस्तुस्थिति विश्लेषण सहित प्रमाणमा आधारित, सहभागितामूलक र कार्यान्वयनयोग्य राजस्व परिचालन रणनीति तर्जुमा गरिएको छ।

१.३ उद्देश्य

समुन्नत, सक्षम र वित्तीय रूपमा आत्मनिर्भर प्रदेश निर्माणका लागि गण्डकी प्रदेशको राजस्व परिचालनको विद्यमान अवस्था, सम्भावना र सवालको विश्लेषण गर्दै नयाँ क्षेत्रको पहिचान, दायरा विस्तार र प्रभावकारी राजस्व प्रशासनका रणनीति सहित व्यावहारिक, प्रमाणमा आधारित तथा कार्यान्वयनयोग्य प्रदेश राजस्व परिचालन रणनीति तयार गर्नुको प्रमुख उद्देश्य रहेको छ। यसका विशिष्ट उद्देश्य देहायबमोजिम रहेका छन्:

(१) प्रदेशको आन्तरिक राजस्व परिचालनसँग सम्बन्धित आर्थिक, राजनीतिक, संस्थागत तथा प्रशासनिक पक्षको विश्लेषण गर्नु;

(२) कर तथा गैरकर राजस्वको आधार, दायरा र प्रशासन सुधारका आधारमा आगामी तीन वर्षको राजस्व प्रक्षेपण तयार गर्नु;

(३) प्रदेश तथा स्थानीय तहमा राजस्व अभिवृद्धि गर्न सकिने प्रमुख कार्यक्रम तथा सुधारका क्षेत्रहरू पहिचान गर्नु;

(४) प्रदेशको आर्थिक विकास र राजस्व आधार विस्तारमा योगदान पुऱ्याउने प्राथमिक लगानी क्षेत्रहरू पहिचान गर्नु;

(५) प्रदेशका लागि आगामी तीन आर्थिक वर्षलाई लक्षित राजस्व परिचालन रणनीति तयार गर्नु।

१.४ कार्यक्षेत्र (Scope of Work)

उपरोक्त उद्देश्य हासिल गर्न देहायअनुसारका कार्यहरू सम्पन्न भएका छन्:

(१) प्रदेशको राजस्व अधिकार, नीति, रणनीति तथा अभ्यासहरूको समीक्षा गर्दै सम्भावित तथा कम उपयोग भएका राजस्व स्रोतहरूको पहिचान;

(२) प्रदेशमा कर तथा गैरकर राजस्वको वर्तमान अवस्था, प्रवृत्ति तथा सम्भावनाको विश्लेषण;

(३) सातवटै प्रदेशको प्रदेशको कुल गार्हस्थ्य उत्पादन र राजस्व परिचालनको तुलनात्मक अध्ययन;

(४) प्राकृतिक स्रोत व्यवस्थापन लगायतका विषयमा सङ्घ, प्रदेश र स्थानीय तहबीच देखिएका राजस्व बाँडफाँटसम्बन्धी विवाद तथा चुनौतीहरूको विश्लेषण;

(५) निजी क्षेत्र, सहकारी, गैरसरकारी विकास साझेदारबाट हुने लगानी र वित्तीय स्रोत परिचालनका सम्भावना पहिचान;

(६) प्रदेश सरकार र प्रमुख सरोकारवालाको सहभागितामा मसौदा प्रस्तुति तथा सुझाब सङ्कलन कार्यशाला आयोजना।

१.५ अध्ययन, विश्लेषण तथा रणनीति तर्जुमा प्रक्रिया

राजस्व परिचालन रणनीति तर्जुमा प्रक्रिया परामर्शमूलक, सहभागितामूलक तथा प्रमाणमा आधारित विधिबाट सम्पन्न गरिएको थियो। यस प्रक्रियामा नीति, कानुन तथा सान्दर्भिक दस्तावेजहरूको समीक्षा, प्रारम्भिक बैठक तथा परामर्श, स्थलगत अध्ययन, कार्यालयगत तथ्याङ्क सङ्कलन, प्रमुख जानिफकार अन्तर्वार्ता, लक्षित समूह छलफल, करदाता तथा सेवाग्राहीसँग छलफल, तथ्याङ्क विश्लेषण, मस्यौदा तयारी र सरोकारवालाबाट प्राप्त सुझाब समेटी चरणबद्ध रूपमा प्रतिवेदन तयार गरिएको थियो।

१.५.१ प्रारम्भिक बैठक तथा अध्ययनको रूपरेखा तयारी

अध्ययनको प्रारम्भिक चरणमा वि.सं. २०८२ साल फागुन २८ गते काठमाडौंमा गण्डकी प्रदेश नीति तथा योजना आयोगका माननीय उपाध्यक्ष, द एशिया फाउण्डेशन/एसएनजीपीका प्रतिनिधि तथा अध्ययन टोलीका सदस्यहरूको सहभागितामा प्रारम्भिक बैठक सम्पन्न गरिएको थियो। उक्त बैठकमा अध्ययनको उद्देश्य, कार्यक्षेत्र, अध्ययन विधि, सम्भावित स्थलगत क्षेत्र, सरोकारवाला संलग्नता, तथ्याङ्क सङ्कलन प्रक्रिया तथा रणनीति दस्तावेजको प्रारम्भिक रूपरेखाबारे छलफल गरिएको थियो। यस छलफलबाट प्राप्त मार्गदर्शनका आधारमा अध्ययन टोलीले विस्तृत अध्ययन विधि, परामर्श कार्ययोजना, सूचना सङ्कलन उपकरण तथा स्थलगत अध्ययन योजना तयार गरेको थियो।

१.५.२ नीति, कानुन तथा सन्दर्भ दस्तावेज समीक्षा

अध्ययनको क्रममा प्रदेशको राजस्व अधिकार, कर तथा गैरकर राजस्व परिचालन, राजस्व बाँडफाँट, प्राकृतिक स्रोत व्यवस्थापन, सेवा शुल्क, दस्तुर तथा राजस्व प्रशासनसँग सम्बन्धित नीति, कानुन, योजना तथा प्रतिवेदनहरूको समीक्षा गरिएको थियो। यस अन्तर्गत नेपालको संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, स्थानीय सरकार सञ्चालन ऐन, प्रदेश कर तथा गैरकर राजस्व ऐन, प्रदेश आर्थिक ऐनहरू, पर्यटन, वन, उद्योग, यातायात, विज्ञापन, मालपोत, खानी तथा नदीजन्य पदार्थसम्बन्धी कानुनी व्यवस्था, प्रदेशको दोस्रो पञ्चवर्षीय योजना, वार्षिक नीति तथा कार्यक्रम, बजेट वक्तव्य, आर्थिक सर्वेक्षण, प्रदेश लेखा नियन्त्रक कार्यालयका अभिलेख, अन्य प्रदेशका केही नीति,कानुन तथा अन्य सान्दर्भिक दस्तावेजहरू अध्ययन गरिएका थिए।

१.५.३ परामर्श बैठक तथा सरोकारवाला छलफल

२०८२ साल चैत २४ गते गण्डकी प्रदेश सभाको अर्थ तथा विकास समितिका माननीय सभापतिको प्रमुख आतिथ्यता तथा गण्डकी प्रदेश नीति तथा योजना आयोगका माननीय उपाध्यक्षको अध्यक्षतामा राजस्व परिचालन रणनीति तर्जुमासम्बन्धी प्रारम्भिक छलफल तथा परामर्श कार्यक्रम सम्पन्न गरिएको थियो। उक्त कार्यक्रममा अर्थ तथा विकास समितिका पदाधिकारी, नीति तथा योजना आयोगका पदाधिकारी तथा कर्मचारी, आर्थिक मामिला मन्त्रालयका सचिव तथा प्रतिनिधिसहित प्रदेश लेखा नियन्त्रक कार्यालय, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र उद्योग तथा पर्यटन मन्त्रालय र द एशिया फाउण्डेशनका प्रतिनिधि लगायत अध्ययन टोलीका सदस्यहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा रणनीतिको आवश्यकता, अध्ययनको अवधारणा, कार्यविधि, अध्ययन रूपरेखा तथा प्रारम्भिक रणनीतिक खाकाबारे प्रस्तुति गरिएको थियो। कार्यक्रममा खुला छलफलमार्फत माननीय प्रदेश सभा सदस्यहरूबाट प्रदेशको राजस्व अधिकार, सम्भावित नयाँ स्रोत, राजस्व प्रशासन, प्राकृतिक स्रोत परिचालन, स्थानीय तहसँगको समन्वय तथा राजस्व नीति सुधारसम्बन्धी महत्त्वपूर्ण सुझाब प्राप्त भएका थिए। त्यसैगरी, आर्थिक मामिला मन्त्रालयका सचिवसहित सहभागी कर्मचारीहरूबाट विद्यमान कार्यप्रणाली, प्रशासनिक चुनौती, कानुनी तथा प्रक्रियागत अवरोधका साथै प्रदेशको राजस्व सम्भावनाका क्षेत्र र आगामी सुधारका सम्भावित क्षेत्रबारे व्यावहारिक जानकारी प्राप्त भएको थियो।

१.५.४ स्थलगत अध्ययन तथा कार्यालयगत तथ्याङ्क सङ्कलन

अध्ययन टोलीले प्रदेशको कर तथा गैरकर राजस्वसँग प्रत्यक्ष सम्बन्धित मन्त्रालय, निकाय तथा कार्यालयहरूमा स्थलगत अध्ययन, छलफल र तथ्याङ्क सङ्कलन गरेको थियो। यस क्रममा आर्थिक मामिला मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, उद्योग तथा पर्यटन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका साथै गण्डकी प्रदेश नीति तथा योजना आयोग, प्रदेश लेखा नियन्त्रक कार्यालय, यातायात व्यवस्था कार्यालय, भूमि प्रशासन/मालपोत कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, पर्यटन कार्यालय, वन क्षेत्रसँग सम्बन्धित कार्यालय तथा अन्य सम्बद्ध निकायसँग छलफल गरी राजस्व सङ्कलनको अवस्था, अभिलेख प्रणाली, दर तथा दायरा, प्रशासनिक प्रक्रिया, सेवा प्रवाह, चुनौती र सुधार सम्भावनाबारे सूचना सङ्कलन गरिएको थियो।

प्रदेश तथा स्थानीय तहबीच साझा राजस्व अधिकार तथा बाँडफाँटसँग सम्बन्धित विषय अध्ययनका लागि पोखरा महानगरपालिका, बागलुङ नगरपालिका, भानु नगरपालिका र कावासोती नगरपालिकालगायतका स्थानीय तहसँग पनि छलफल तथा तथ्याङ्क सङ्कलन गरिएको थियो। स्थानीय तहबाट विशेष गरी घरजग्गा रजिष्ट्रेशन शुल्क बाँडफाँट, नदीजन्य पदार्थ, विज्ञापन कर, मनोरञ्जन कर, व्यवसाय दर्ता, सेवा शुल्क, प्राकृतिक स्रोत परिचालन तथा प्रदेश–स्थानीय तह समन्वयका सवालहरूबारे जानकारी सङ्कलन गरिएको थियो।

१.५.५ प्रमुख जानिफकार अन्तर्वार्ता र लक्षित समूह छलफल

राजस्व परिचालनको वस्तुस्थिति, सम्भावना, समस्या तथा सुधारका उपायहरूको गहिरो बुझाइका लागि प्रदेश सरकारका पदाधिकारी, मन्त्रालय तथा कार्यालयका सचिव/प्रमुख, राजस्व प्रशासनसँग सम्बन्धित कर्मचारी, स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारी, निजी क्षेत्रका प्रतिनिधि, विषयविज्ञ तथा करदातासँग प्रमुख जानिफकार अन्तर्वार्ता र लक्षित समूह छलफल गरिएको थियो।

लक्षित समूह छलफल विशेष गरी यातायात व्यवस्था, भूमि प्रशासन, घरेलु तथा साना उद्योग, पर्यटन, वन, प्रदेश लेखा प्रणाली तथा स्थानीय तहसँग सम्बन्धित राजस्व स्रोतहरूमा केन्द्रित गरिएको थियो। यी छलफलबाट सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, उद्योग तथा व्यवसाय दर्ता/नवीकरण, पर्यटन शुल्क, वन पैदावार तथा वन व्यवस्थापन शुल्क, नदीजन्य पदार्थ, सेवा शुल्क तथा दस्तुर, दण्ड जरिवाना र बाँडफाँट राजस्वका कार्यान्वयनगत सवालहरू पहिचान तथा विश्लेषण गरिएको थियो।

१.५.६ करदाता, सेवाग्राही तथा निजी क्षेत्रसँग छलफल

राजस्व प्रशासनको व्यावहारिक अवस्था बुझ्न करदाता, सेवाग्राही तथा निजी क्षेत्रका प्रतिनिधिसँग पनि छलफल गरिएको थियो। यातायात, भूमि प्रशासन, उद्योग तथा स्थानीय तहबाट सेवा लिने सेवाग्राहीसँग सेवा प्रवाह, शुल्क भुक्तानी प्रक्रिया, कागजात, समय, डिजिटल प्रणाली, पारदर्शिता र कर अनुपालनासम्बन्धी अनुभव तथा जानकारी सङ्कलन गरिएको थियो। भानु र कावासोती नगरपालिकाका उद्योग वाणिज्य सङ्घका अध्यक्ष तथा स्थानीय व्यवसायीहरूसँग गरिएको छलफलबाट व्यवसाय दर्ता, नवीकरण, कर प्रणालीप्रतिको धारणा, निजी क्षेत्रको लगानी वातावरण तथा स्थानीय आर्थिक गतिविधिसँग राजस्व परिचालन जोड्ने सम्भावनाबारे व्यावहारिक सुझाब प्राप्त भएका थिए।

नोटः उल्लेखित परामर्श बैठक तथा विभिन्न निकाय र सरोकारवालासँग गरिएका छलफलको विस्तृत विववरण तथा छलफल गरिएका व्यक्तिहरूको सूची यसै रणनीति दस्तावेजको अनुसूची ६ मा संलग्न गरिएको छ।

१.५.७ तथ्याङ्क विश्लेषण तथा राजस्व सम्भाव्यता मूल्याङ्कन

कार्यालयगत अभिलेख लगायतका सन्दर्भ सामग्री अध्ययन, स्थालगत अध्ययन, अन्तर्वार्ता, लक्षित समूह छलफल र सरोकारवालाबाट प्राप्त सुझाबलाई एकीकृत गरी तथ्याङ्कीय तथा गुणात्मक विश्लेषण गरिएको थियो। यस क्रममा राजस्वको विगत प्रवृत्ति, हालको सङ्कलन अवस्था, कानुनी आधार, दर तथा दायरा, प्रशासनिक क्षमता, कर तथा गैरकर स्रोतको सम्भावना, प्रदेश–स्थानीय तह बाँडफाँट, करदाताको अनुपालना अवस्था तथा सुधारपछि हुन सक्ने सम्भावित राजस्व वृद्धिको विश्लेषण गरिएको थियो। उपलब्ध तथ्याङ्कका आधारमा राजस्व प्रक्षेपणका आधार, सामान्य अवस्थाको प्रक्षेपण तथा सुधार कार्यान्वयन भएपछिको सम्भावित प्रक्षेपण तयार गरिएको छ।

१.५.८ मस्यौदा तयारी, छलफल तथा प्रतिवेदन परिमार्जन

दस्तावेज समीक्षा, स्थलगत अध्ययन, तथ्याङ्क विश्लेषण तथा सरोकारवालासँगको परामर्शबाट प्राप्त सूचना र सुझाबका आधारमा प्रारम्भिक मस्यौदा प्रतिवेदन तयार गरिएको थियो। मस्यौदा तयारीको क्रममा आर्थिक मामिला मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, यातायात व्यवस्था कार्यालय तथा राजस्वसँग प्रत्यक्ष सम्बन्धित अन्य निकायहरूसँग थप प्राविधिक छलफल गरिएको थियो। प्राप्त तथ्याङ्क, सुझाब र चासोलाई समेटी प्रतिवेदनमा प्रदेशको राजस्व वस्तुस्थिति, सम्भावना, प्रमुख सवाल तथा चुनौती, रणनीतिक दिशा, कार्ययोजना, सुझाब तथा राजस्व प्रक्षेपण समावेश गरिएको छ।

१.६ अपेक्षित नतिजा

प्रदेशको राजस्व परिचालनसम्बन्धी रणनीतिबाट देहायमा उल्लिखित नतिजा प्राप्त हुने अपेक्षा गरिएको छ:

(१) **राजस्व आधार विस्तार र सङ्कलन वृद्धि:** कर तथा गैरकर राजस्वका विद्यमान र सम्भावित स्रोतहरूको पहिचान, दायरा विस्तार र प्रभावकारी परिचालनमार्फत प्रदेशको आन्तरिक राजस्व वृद्धि हुनेछ।

(२) **राजस्व प्रवृत्ति र प्रक्षेपणमा स्पष्टता:** विगतका राजस्व प्रवृत्ति, हालको सङ्कलन अवस्था र सम्भावित स्रोतहरूको विश्लेषणका आधारमा आगामी तीन आर्थिक वर्षका लागि यथार्थपरक राजस्व प्रक्षेपण तयार हुनेछ।

(३) **राजस्व नीति, कानुन र प्रशासनिक सुधार:** राजस्व नीति, कानुनी व्यवस्था, दर निर्धारण, करदाताको दायरा, अभिलेख प्रणाली, सङ्कलन प्रक्रिया र अनुगमन संयन्त्र सुधारका प्राथमिक क्षेत्रहरू स्पष्ट हुनेछ।

(४) **नयाँ तथा न्यून परिचालन भएका राजस्व स्रोतहरूको पहिचान:** कृषि आय, पर्यटन शुल्क, प्राकृतिक स्रोत, वन पैदावार, सेवा शुल्क, व्यवसाय/उद्योग दर्ता, विज्ञापन तथा मनोरञ्जनजस्ता स्रोतहरूको सम्भावना, चुनौती र परिचालन उपाय पहिचान हुनेछ।

(५) **प्रदेश–स्थानीय तह समन्वय सुदृढीकरण:** साझा राजस्व अधिकार, बाँडफाँट राजस्व, कर प्रशासन र प्राकृतिक स्रोत परिचालनमा प्रदेश र स्थानीय तहबीच समन्वय, सहकार्य र स्पष्ट कार्यविभाजनका क्षेत्र पहिचान हुनेछ।

(६) **लगानी प्राथमिकता र राजस्व परिचालन सम्बन्ध पहिचान:** प्रदेशको आर्थिक विकास, निजी क्षेत्रको लगानी, पूर्वाधार विकास, पर्यटन, कृषि, उद्योग तथा सेवा क्षेत्र विस्तारलाई राजस्व आधार विस्तारसँग जोड्ने प्राथमिक लगानी क्षेत्रहरू पहिचान हुनेछ।

(७) **कार्यान्वयनयोग्य राजस्व रणनीति र कार्ययोजना तयार:** राजस्व परिचालन सुधारका लागि जिम्मेवार निकाय, कार्यक्षेत्र, समयसीमा र अपेक्षित उपलब्धिसहित व्यावहारिक तथा कार्यान्वयनयोग्य रणनीतिक कार्ययोजना तयार हुनेछ।

१.७ अध्ययनको परिसीमा

यस अध्ययनमा प्रस्तुत तथ्याङ्क, विश्लेषण, निष्कर्ष, सुझाब तथा राजस्व प्रक्षेपण उपलब्ध द्वितीय स्रोत, कार्यालयगत अभिलेख, स्थलगत अध्ययन, परामर्श, अन्तर्वार्ता तथा लक्षित समूह छलफलबाट प्राप्त सूचनामा आधारित छन्। अध्ययनको दायरा र उपलब्ध तथ्याङ्कको प्रकृतिका कारण देहायका परिसीमा रहेका छन्:

(१) **तथ्याङ्कको उपलब्धता, एकरूपता र स्रोतगत सीमा:** राजस्वसम्बन्धी सबै शीर्षकमा समान अवधि, समान ढाँचा र समान स्तरको तथ्याङ्क उपलब्ध नभएकाले विश्लेषण राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय कृषि गणना २०७८, औद्योगिक गणना २०७४, नेपाल जीवनस्तर सर्वेक्षण, आर्थिक सर्वेक्षण, राष्ट्रिय लेखा, प्रदेश सरकारका प्रतिवेदन, कार्यालयगत अभिलेख तथा सम्बन्धित निकायबाट प्राप्त विवरणमा आधारित गरिएको छ। यी स्रोतहरूको तथ्याङ्कीय आधार वर्ष र अद्यावधिक अवस्था फरक-फरक भएकाले सबै सूचकलाई एउटै आधार वर्षमा पूर्ण रूपमा मिलाउन सकिएको छैन।

(२) **प्रतिनिधिमूलक प्रकृतिको प्राथमिक सूचना:** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला मन्त्रालय, विषयगत मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, निकाय , राजस्व सङ्कलन गर्ने कार्यालय, छनोट गरिएका स्थानीय तह, निजी क्षेत्र, सेवाग्राही, करदाता तथा विषयविज्ञसँग गरिएको छलफलबाट प्राप्त सूचना प्रतिनिधिमूलक रूपमा प्रयोग गरिएको छ।

(३) **राजस्व सम्भावना अनुमानमा तथ्याङ्कीय सीमा:** शीर्षकगत राजस्व सम्भावना अनुमान गर्दा उपलब्ध तथ्याङ्क, विगतको प्रवृत्ति, वृद्धि दर, प्रशासनिक अभिलेख, परामर्शबाट प्राप्त सूचना र उपयुक्त गणितीय/तथ्याङ्कीय विधि प्रयोग गरिएको छ। तथापि, सबै राजस्व शीर्षकमा कराधारको पूर्ण अद्यावधिक डेटाबेस उपलब्ध नभएकाले सम्भावना अनुमानलाई यथार्थपरक नजिकको अनुमानका रूपमा लिनुपर्ने हुन्छ।

(४) **राजस्व प्रक्षेपणमा नीतिगत तथा प्रशासनिक जोखिम:** आगामी वर्षहरूको राजस्व प्रक्षेपण करका दर, दायरा, प्रशासनिक सुधार, कर अनुपालना, डिजिटल प्रणाली, प्रदेश–स्थानीय तह समन्वय, प्राकृतिक स्रोत व्यवस्थापन र आर्थिक गतिविधिको निरन्तरताजस्ता पूर्वधारणामा आधारित छ। यी क्षेत्रमा अपेक्षित सुधार कार्यान्वयन नभएमा प्रक्षेपित राजस्व प्राप्तिमा फरक पर्न सक्छ।

(५) **बाह्य आर्थिक तथा प्राकृतिक जोखिम:** पर्यटन, निर्माण, यातायात, कृषि, वन तथा प्राकृतिक स्रोतमा आधारित राजस्व आर्थिक मन्दी, विपद्, जलवायु जोखिम, बजार उतारचढाव, नीति परिवर्तन वा सङ्घीय कानुन/मापदण्डमा आउने परिवर्तनबाट प्रभावित हुन सक्ने भएकाले यस अध्ययनका निष्कर्ष र प्रक्षेपणलाई समयानुकूल अद्यावधिक गर्दै लैजानु पर्नेछ।

(६) **साझा अधिकारका विषयमा कानुनी अस्पष्टता:** पर्यटन शुल्क, विज्ञापन कर, मनोरञ्जन कर, प्राकृतिक स्रोत तथा बाँडफाँट राजस्वजस्ता साझा अधिकारका क्षेत्रमा सङ्घ, प्रदेश र स्थानीय तहबीच कार्यविभाजन, सङ्कलन प्रक्रिया र बाँडफाँटसम्बन्धी अस्पष्टता कायम रहेकाले केही सुझाबहरू कानुनी तथा संस्थागत सुधारको पूर्वशर्तमा आधारित छन्।

(७) **सङ्घीय नीतिगत स्पष्टता र राजस्वको राजनीतिक अर्थशास्त्र:** यस अध्ययन अवधि सम्ममा सङ्घीय तहमा नयाँ सरकारको नीति प्राथमिकता, आगामी बजेट तथा साझा राजस्व अधिकारसम्बन्धी सम्भावित कानुनी/नीतिगत सुधारहरू पूर्ण रूपमा स्पष्ट भइसकेका छैनन्। ढुङ्गा, गिट्टी, बालुवा तथा अन्य नदीजन्य पदार्थ, पर्यटन शुल्क, व्यवसाय तथा उद्योग दर्ता/नवीकरण, विज्ञापन कर, मनोरञ्जन कर र प्राकृतिक स्रोत परिचालनजस्ता साझा अधिकारका क्षेत्रमा सङ्घीय नीति वा कानुनमा हुने परिवर्तनले प्रदेशको राजस्व अधिकार, दर, दायरा, सङ्कलन प्रक्रिया र बाँडफाँट व्यवस्थामा प्रभाव पार्न सक्छ।

साथै कर तथा शुल्कका दर पुनरावलोकन, दायरा विस्तार र अनुपालना कडाइ गर्ने विषय राजनीतिक स्वीकार्यता, करदाताको बहन क्षमता र सेवा प्रवाह प्रतिको विश्वाससँग जोडिने भएकाले यस रणनीतिका सुझाबहरूलाई आगामी सङ्घीय नीति, बजेट तथा प्रदेशको राजनीतिक – प्रशासनिक प्राथमिकतासँग मिलाउँदै क्रमशः कार्यान्वयन र अद्यावधिक गर्नुपर्ने हुन्छ।

(८) **रणनीति अद्यावधिकको आवश्यकता:** यो रणनीति उपलब्ध तथ्याङ्क, विद्यमान कानुनी व्यवस्था, परामर्शबाट प्राप्त सूचना र हालको आर्थिक–प्रशासनिक अवस्थाको आधारमा तयार गरिएको हो। त्यसैले कार्यान्वयनको प्रगति, नयाँ तथ्याङ्क, नीति परिवर्तन र राजस्व सङ्कलनको वास्तविक उपलब्धिका आधारमा यसको आवधिक समीक्षा तथा अद्यावधिकरण आवश्यक हुनेछ।

अध्याय दुई: प्रदेश राजस्व परिचालन नीति, कानुन तथा दस्तावेज समीक्षात्मक विश्लेषण

२.१ परिचय

संविधानले व्यवस्था अनुरूप वित्तीय सङ्घीयताको प्रभावकारी कार्यान्वयनसँग प्रदेशको राजस्व परिचालन प्रत्यक्ष रूपमा जोडिएको छ। यसले प्रदेशको विकासको स्तर, लगानी प्रवर्द्धन तथा त्यसबाट सिर्जना हुने आर्थिक गतिविधि, विकास र सार्वजनिक सेवा प्रवाहको गुणस्तर र दिगोपनाका साथै समग्र विकास र सेवा प्रवाह प्रति नागरिकले गर्ने विश्वाससँग समेत सिधा सम्बन्ध राख्दछ। संविधानले प्रदेश सरकारलाई प्रदान गरेका राजस्व अधिकार, सङ्घ तथा प्रदेश कानुनको व्यवस्था, अन्तरसरकारी वित्तीय सम्बन्ध, स्थानीय तहसँगको कार्यविभाजन तथा राजस्व प्रशासनसँग सम्बन्धित संस्थागत संरचनाले प्रदेशको राजस्व परिचालनको समग्र ढाँचा निर्धारण गर्दछ। गण्डकी प्रदेश सरकारको सन्दर्भमा राजस्व परिचालन केवल आय सङ्कलनको विषय मात्र नभई प्रदेशको वित्तीय स्वायत्तता विस्तार, विकासका प्राथमिकता कार्यान्वयन, लगानीमैत्री वातावरण निर्माण तथा दीर्घकालीन आर्थिक रूपान्तरणलाई आधार प्रदान गर्ने रणनीतिक साधनका रूपमा रहेको छ। प्रदेशका प्रमुख राजस्व स्रोतहरूमा सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, कृषि आयमा कर, पर्यटन तथा सेवा शुल्क, उद्योग तथा व्यवसाय दर्ता तथा नियमनसम्बन्धी दस्तुर, वन व्यवस्थापन शुल्क तथा पैदावर बिक्रीबाट प्राप्त आय, विज्ञापन कर, मनोरञ्जन कर तथा ढुङ्गा, गिट्टी, बालुवा लगायत नदी तथा खानीजन्य पदार्थ लगायत प्राकृतिक स्रोत परिचालन प्रमुख रहेका छन्। यी स्रोतहरू मध्ये कतिपय प्रदेशको एकल अधिकार क्षेत्र भित्रका र अन्य प्रदेश तथा स्थानीय तहबीच साझा अधिकार, सङ्कलन जिम्मेवारी तथा राजस्व बाँडफाँट व्यवस्थासँग सम्बन्धित छन्।

यस अध्यायमा गण्डकी प्रदेशको राजस्व परिचालनलाई प्रभाव पार्ने संवैधानिक व्यवस्था, सङ्घीय तथा प्रादेशिक कानुन, स्थानीय तहसँग सम्बन्धित व्यवस्था, संस्थागत संरचना तथा कार्यान्वयनका प्रमुख सवालहरूको विश्लेषण गरिएको छ। साथै कानुनी व्यवस्था र व्यावहारिक कार्यान्वयनबीच देखिएका अन्तर, दोहोरोपन, अस्पष्टता तथा सुधारका आवश्यक क्षेत्रहरूको पनि समीक्षा गरिएको छ। यसले राजस्व सम्भाव्यता विश्लेषण तथा रणनीतिक कार्ययोजना तयार गर्न कानुनी र संस्थागत आधार प्रदान गर्दछ।

२.२ संवैधानिक राजस्व अधिकार र वित्तीय सङ्घीयता

नेपालको संविधानले सङ्घीय शासन प्रणालीअन्तर्गत सङ्घ, प्रदेश र स्थानीय तहबीच राज्यशक्ति, आर्थिक अधिकार र राजस्व अधिकारको बाँडफाँट गरेको छ। संविधानका धारा ५७, ५९ र ६० तथा अनुसूची ५,६,७, ८ र ९ ले तीनै तहका सरकारलाई कर लगाउने, शुल्क तथा दस्तुर सङ्कलन गर्ने र राजस्व स्रोतको बाँडफाँट गर्ने अधिकारको व्यवस्था निर्धारण गरेका छन्। जसअनुरूप संविधानले तीनै तहका सरकारलाई आफ्नो अधिकार क्षेत्रभित्र कानुनबमोजिम कर लगाउने, राजस्व सङ्कलन गर्ने, बजेट तर्जुमा गर्ने, खर्च व्यवस्थापन गर्ने तथा वित्तीय स्रोत परिचालन गर्ने अधिकार प्रदान गरेको छ। यस व्यवस्थाले प्रदेश सरकारलाई वित्तीय अधिकारसहितको संवैधानिक सरकारको रूपमा स्थापित गरेको छ। संविधानले व्यवस्था गरे अनुरूप तीनै तहका सरकारको राजस्व अधिकारलाई देहायको तालिकामा प्रस्तुत गरिएको छः

तालिका नं. 1: सङ्घ , प्रदेश तथा स्थानीय तहको राजस्व अधिकारसम्बन्धी संवैधानिक व्यवस्था

क. एकल अधिकार क्षेत्र: संविधानको धारा ५७ को उपधारा (१), (२) र (४) अनुसार सम्बन्धित तहको कानुन बमोजिम		
सङ्घ (अनुसूची ५ को क्र.सं. ९)	**प्रदेश** (अनुसूची ६ को क्र.सं. ४)	**स्थानीय** (अनुसूची ८ को क्र.सं. ४)
▪ भन्सार ▪ अन्तःशुल्क ▪ मुल्य अभिवृद्धि कर ▪ संस्थागत आयकर ▪ व्यक्तिगत आयकर ▪ पारिश्रमिक कर ▪ राहदानी शुल्क ▪ भिसा शुल्क ▪ पर्यटन दस्तुर ▪ सेवा शुल्क दस्तुर ▪ दण्ड जरिवाना	▪ घरजग्गा रजिष्ट्रेशन शुल्क ▪ सवारी साधन कर ▪ मनोरञ्जन कर ▪ विज्ञापन कर ▪ पर्यटन ▪ कृषि आयमा कर ▪ सेवा शुल्क दस्तुर ▪ दण्ड जरिवाना	▪ स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर) ▪ सेवा शुल्क दस्तुर ▪ दण्ड जरिवाना ▪ पर्यटन शुल्क ▪ विज्ञापन कर ▪ व्यवसाय कर ▪ भूमिकर (मालपोत) ▪ मनोरञ्जन कर ▪ मालपोत सङ्कलन
ख. सङ्घ र प्रदेश तहको साझा अधिकार: संविधानको धारा ५७ को उपधारा (३) र (६) अनुसार सङ्घ र प्रदेश कानुन बमोजिम हुने र सङ्घीय कानुनसँग बाझिन नहुने (अनुसूची ७ को क्र.सं. १६ र १९)		
▪ क्यासिनो, चिट्टा ▪ चलचित्र, सिनेमा हल		
ग. सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार: संविधानको धारा ५७ को उपधारा (५), (६) र (७) बमोजिमको अनुसूची ९ अनुसार सङ्घ, प्रदेश र स्थानीय कानुन बमोजिम हुने र सङ्घीय कानुनसँग प्रदेश कानुन र प्रदेश कानुनसँग स्थानीय कानुन बाझिन नहुने (अनुसूची ९ को क्र.सं. ६, १४ र १५)		
▪ सेवा शुल्क ▪ दस्तुर ▪ दण्ड जरिवाना ▪ प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी ▪ सवारी साधन अनुमति		

उपरोक्त तालिकामा राजस्व परिचालनसँग सम्बन्धित तीनवटै तहको संवैधानिक अधिकारसम्बन्धी व्यवस्थालाई प्रस्तुत गरिएता पनि राजस्व अधिकारको वास्तविक परिचालन राजस्वसम्बन्धी सङ्घीय, प्रादेशिक एवम् स्थानीय कानुनका अलावा विषय क्षेत्रगत कानुन तथा अन्तरसरकारी समन्वय संयन्त्रबाट निर्देशित हुन्छ। त्यसैले यस अध्यायमा संवैधानिक अधिकारको व्याख्या मात्र नभई कानुनी स्पष्टता, त्यसको कार्यान्वयन अवस्था, अधिकारको दोहोरोपना र संस्थागत क्षमताको पनि समीक्षा गरिएको छ।

२.१.१ प्रदेशको राजस्व अधिकार

संविधानको धारा ५७ को उपधारा (२) अनुसार प्रदेशको अधिकार अनुसूची-६ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान तथा प्रदेश कानुनबमोजिम हुने व्यवस्था छ। यससम्बन्धी व्यवस्थाले घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर तथा दण्ड जरिवानालाई प्रदेशको

अधिकार सूचीमा समावेश गरेको छ। यसले प्रदेश सरकारलाई आफ्नै स्रोत राजस्व परिचालनका लागि स्पष्ट संवैधानिक आधार प्रदान गरेको छ।

क. कृषि आयमा कर

कृषि आयमा कर प्रदेशको संवैधानिक एकल अधिकारभित्र पर्ने प्रमुख कर राजस्व स्रोत हो। तापनि यसको व्यावहारिक कार्यान्वयन अत्यन्त कमजोर छ। कृषि क्षेत्रको ठूलो हिस्सा निर्वाहमुखी तथा अनौपचारिक प्रकृतिको हुनु, व्यावसायिक कृषक तथा साना किसानबीच स्पष्ट भिन्नता नहुनु, आयको विश्वसनीय अभिलेख उपलब्ध नहुनु, सङ्घीय आयकर व्यवस्थासँगको अस्पष्टता र कर लगाउने विषयको सामाजिक–राजनीतिक संवेदनशीलताका कारण यो स्रोत परिचालन हुन सकेको छैन। कृषि आयमा करसम्बन्धी स्पष्ट परिभाषा, कराधार, न्यूनतम सीमा, करदाता पहिचान, अभिलेख प्रणाली, आय मूल्याङ्कन र सङ्कलन निकायको व्यवस्था नगरेसम्म यो संवैधानिक अधिकार व्यावहारिक राजस्व स्रोतमा रूपान्तरण हुन कठिन देखिन्छ।

ख. सवारी साधन कर

गण्डकी प्रदेशको सन्दर्भमा सवारी साधन कर प्रदेशको एक प्रमुख र नियमित राजस्वको स्रोत हो। सवारी दर्ता, नवीकरण, चालक अनुमतिपत्र, रुट अनुमति तथा यातायातसम्बन्धी सेवा दस्तुरहरू प्रदेशको राजस्व प्रशासनसँग प्रत्यक्ष रूपमा जोडिएका छन्। यद्यपि सवारी साधन करसम्बन्धमा संविधानमा प्रदेश र स्थानीय तह दुवैको अधिकार सूचीमा रहेको छ। कानुनतः राजस्व प्रशासनका लागि टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा बाहेकका सवारी साधन कर प्रदेशबाट लगाउने र सङ्कलन गर्ने व्यवस्था गरिएको छ। यसबाट प्राप्त रकम प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने भएकाले यो स्रोत प्रदेशका लागि महत्त्वपूर्ण भए पनि स्थानीय तहसँगको वित्तीय सम्बन्धसँग पनि जोडिएको छ। गण्डकी प्रदेशमा यस स्रोतको परिचालन तुलनात्मक रूपमा व्यवस्थित भए पनि यसको प्रभावकारिता अद्यावधिक अभिलेख, नवीकरण अनुपालना, अनलाइन दर्ता तथा नवीकरण, डिजिटल भुक्तानी, अनुगमन तथा सङ्घ-प्रदेश तथ्याङ्क साझेदारीको सुदृढतामा निर्भर रहेको देखिन्छ।

ग. घर जग्गा रजिष्ट्रेशन शुल्क

संवैधानिक व्यवस्थाअनुसार घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश तथा स्थानीय दुबै तहको अधिकार क्षेत्र भित्र रहेको छ। दुबै तहले यो कर लगाउन नसक्ने अवस्थामा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले एकल कर प्रशासन बमोजिम घर जग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने व्यवस्था गरेको छ । यसरी उठेको रकम गाउँपालिका वा नगरपालिकाले ६० प्रतिशत आफ्नो सञ्चित कोषमा जम्मा गरी बाँकी ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । प्रशासनिक कार्यान्वयनमा दर निर्धारण प्रदेशबाट हुने र सङ्कलन तथा बाँडफाँट स्थानीय तह तथा भूमि प्रशासनसँग जोडिएको छ। यसले घरजग्गा रजिष्ट्रेशन शुल्कलाई प्रदेश राजस्वको प्रमुख तर बहु–निकाय प्रशासनमा निर्भर स्रोत बनाएको छ। न्यूनतम मूल्याङ्कन र वास्तविक बजार मूल्यबीचको अन्तर, भूमि प्रशासन कार्यालय (साविक मालपोत कार्यालय) को सङ्घीय प्रशासनिक संरचना, डिजिटल अभिलेख प्रणाली, परम्परागत तथा म्यानुअल प्रणालीमा आधारित भूमि प्रशासन, जग्गाको मूल्याङ्कनमा प्रदेश तथा स्थानीय तहको सीमित भूमिका र कमजोर तथ्याङ्क आधार यस राजस्व अधिकार क्षेत्रको प्रमुख कार्यान्वयन सवालका रूपमा देखिन्छन्।

घ. विज्ञापन कर

विज्ञापन कर पनि प्रदेश तथा स्थानीय तह दुबैको एकल राजस्व अधिकार क्षेत्र भित्र रहेको छ । कानुन बनाई यो कर लागु गर्न सक्ने अवस्थामा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले नै करको दर लगाउने र उठाउने व्यवस्था गरेको छ ।

यसरी उठेको रकम स्थानीय तहले ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । व्यवहारमा होर्डिङ बोर्ड, ब्यानर, डिजिटल डिस्प्ले, सार्वजनिक स्थानमा राखिने विज्ञापन तथा स्थानीय बजारसँग सम्बन्धित वाह्य विज्ञापन मध्याममा विज्ञापन करको सङ्कलन स्थानीय तहसँग नजिक देखिएता पनि प्रदेशको राजस्व हिस्सा, नीतिगत समन्वय, दर निर्धारणमा एकरूपता, विज्ञापन व्यवसायको अभिलेख र अनुगमन प्रणालीसँग प्रदेशको चासो प्रत्यक्ष अप्रत्यक्ष रूपमा जोडिएकोछ। यसर्थ विज्ञापन करलाई प्रदेश-स्थानीय समन्वयमा आधारित राजस्व स्रोतका आधारमा समन्वयात्मक रूपमा परिचालन गर्न आवश्यक देखिन्छ।

ङ. मनोरञ्जन कर

संविधानमा मनोरञ्जन कर प्रदेश र स्थानीय तह दुवैको एकल अधिकार सूचीमा उल्लेख छ। एकल कर प्रशासन बमोजिम प्रदेश सरकारले कर लगाउने र स्थानीय तहले सङ्कलन गर्ने र सङ्कलित रकमको ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था अन्तर सरकारी वित्त व्यवस्थापन ऐनमा रहेको छ । चलचित्र घर, मेला, महोत्सव, सांस्कृतिक कार्यक्रम, मनोरञ्जनात्मक सेवा, साहसिक तथा पर्यटकीय मनोरञ्जन गतिविधि, इभेण्ट तथा डिजिटल टिकटिङ प्रणाली विस्तार हुँदै गएको सन्दर्भमा यो स्रोतको सम्भावना बढ्दै गएको छ। तर व्यवहारमा मनोरञ्जन करको कराधार पहिचान, कार्यक्रम दर्ता, टिकट वा प्रवेश शुल्कको अभिलेख, स्थानीय तहबाट सङ्कलन हुने विवरण र प्रदेशसँग हुने बाँडफाँट प्रणाली कमजोर देखिन्छ।

च. पर्यटन

संविधानको अनुसूची ६ मा "पर्यटन" का रूपमा प्रदेशको अधिकार सूचीमा राखिएको छ। यसैगरी अनुसूची ५ मा "पर्यटन दस्तुर", अनुसूची ८ मा "पर्यटन शुल्क" र अनुसूची ९ मा "पर्यटन शुल्क" सङ्घ, प्रदेश, स्थानीय तहको एकल क्षेत्राधिकारका अलावा तीनवटै तहको साझा अधिकारमा समेत उल्लेख गरिएको छ। यसले पर्यटन शुल्क तथा दस्तुरसम्बन्धी राजस्वको परिभाषा र पर्यटनको क्षेत्राधिकार तहगत रूपमा स्पष्ट बाँडफाँट हुन नसकेको अवस्था देखाउँछ। गण्डकी प्रदेशको आर्थिक संरचना पर्यटन, सेवा क्षेत्र, प्राकृतिक सम्पदा, साहसिक गतिविधि, धार्मिक तथा सांस्कृतिक गन्तव्य र पदयात्रा मार्गसँग गहिरो रूपमा जोडिएको छ। यद्यपि संविधानका विभिन्न अनुसूचीमा पर्यटन शुल्क र दस्तुरसम्बन्धी अधिकार सङ्घ, प्रदेश र स्थानीय तहसँग विभिन्न रूपमा जोडिएकाले यसको प्रभावकारी कार्यान्वयनमा स्पष्ट कार्यविभाजन आवश्यकता देखिन्छ। पर्यटन व्यवसाय दर्ता, इजाजत, नवीकरण, सेवा शुल्क, पर्यटकीय क्षेत्र प्रवेश शुल्क, संरक्षण क्षेत्रसँग सम्बन्धित शुल्क र स्थानीय तहका पर्यटन शुल्कबीच समन्वय नहुँदा राजस्व प्रशासनका अलावा पर्यटकीय क्षेत्रको विकास र लगानीमा समेत दोहोरोपना वा अस्पष्टता देखिएका छन्। त्यसैले गण्डकी प्रदेशका लागि पर्यटन राजस्वलाई केवल कर वा शुल्कको रूपमा नभई सेवा गुणस्तर, पूर्वाधार, सुरक्षा, सरसफाइ र गन्तव्य व्यवस्थापनसँग जोडेर परिचालन गर्नुपर्ने देखिन्छ।

छ. सेवा शुल्क, दस्तुर तथा दण्ड जरिवाना

संविधानको अनुसूची-६ ले सेवा शुल्क, दस्तुर तथा दण्ड जरिवानालाई प्रदेशको राजस्व अधिकारभित्र समावेश गरेको छ। यी स्रोतहरू प्रदेशले प्रदान गर्ने सेवा, अनुमति, इजाजत, नवीकरण, नियमन तथा कानुन कार्यान्वयनसँग प्रत्यक्ष रूपमा जोडिएका गैरकर राजस्वका महत्त्वपूर्ण माध्यम हुन्। गण्डकी प्रदेशको सन्दर्भमा यातायात सेवा, उद्योग तथा व्यवसाय दर्ता/नवीकरण, पर्यटन व्यवसाय इजाजत, वन पैदावार व्यवस्थापन, प्रशासनिक नियमनसम्बन्धी सेवाबाट सङ्कलन हुने शुल्क र दस्तुर प्रदेशको गैरकर राजस्व विस्तारका आधार हुन्। यस प्रकार सेवा शुल्क र दस्तुरलाई केवल राजस्व सङ्कलनको माध्यमका रूपमा नभई सेवा प्रवाहको लागत, सेवा गुणस्तर, नियमनको आवश्यकता र सेवाग्राहीको आर्थिक क्षमतासँग जोडेर निर्धारण गर्नुपर्ने हुन्छ। हाल कतिपय सेवा शुल्क तथा दस्तुरहरू विगतको प्रवृत्ति वा वार्षिक आर्थिक ऐनमा दोहोरिने अभ्यासका आधारमा निर्धारण हुने प्रवृत्ति

देखिन्छ। त्यसैले सेवा शुल्क निर्धारणमा लागत-लाभ विश्लेषण, सेवा मापदण्ड, अनलाइन सेवा तथा डिजिटल भुक्तानी, नियमित अभिलेख, पारदर्शी लेखाङ्कन, समय आबद्ध नवीकरण प्रणाली लागू गर्न र सेवाग्राहीमैत्री प्रक्रिया सुदृढ गर्न आवश्यक देखिन्छ।

यसरी समीक्षात्मक विश्लेषण गर्दा संविधानको प्रदेश अधिकार सूचीले गण्डकी प्रदेशलाई राजस्व परिचालनका लागि स्पष्ट आधार दिएको छ। तर ती सबै स्रोत यथोचित रूपमा परिचालित हुन सकेका छैनन्। सवारी साधन कर र घरजग्गा रजिष्ट्रेशन शुल्क तुलनात्मक रूपमा सक्रिय स्रोत हुन् भने विज्ञापन कर, मनोरञ्जन कर, कृषि आयमा कर, पर्यटन शुल्क तथा सेवा दस्तुरमा अझै कराधार पहिचान, कानुनी स्पष्टता, अनलाइन सेवा तथा डिजिटल भुक्तानी प्रणाली, अभिलेख प्रणाली, अन्तरतह समन्वय र कार्यान्वयन क्षमतामा सुधार आवश्यक छ। विशेषगरी घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, विज्ञापन कर र मनोरञ्जन कर संविधानमा प्रदेश र स्थानीय तह दुवैको अधिकार सूचीमा रहेकाले यी स्रोतहरूको परिचालनमा दोहोरोपना हटाउने, एकल कर प्रशासनलाई प्रभावकारी बनाउने र परिचालन प्रणालीमा सुधार गर्ने र बाँडफाँट प्रणालीलाई पारदर्शी बनाउने विषय गण्डकी प्रदेशको राजस्व रणनीतिका लागि महत्त्वपूर्ण देखिन्छ।

२.१.२ प्रदेशको साझा राजस्व अधिकार

संविधानले प्रदेशलाई एकल अधिकारका अतिरिक्त केही विषयमा सङ्घ तथा स्थानीय तहसँग साझा अधिकार पनि प्रदान गरेको छ। संविधानको धारा ५७ को उपधारा (३) अनुसार सङ्घ र प्रदेशको साझा अधिकार अनुसूची-७ मा उल्लिखित विषयमा सङ्घीय कानुनसँग नबाझिने गरी सङ्घ र प्रदेश कानुनबमोजिम प्रयोग हुने व्यवस्था छ। त्यसैगरी धारा ५७ को उपधारा (५), (६) र (७) अनुसार सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची-९ मा उल्लिखित विषयमा सङ्घ, प्रदेश र स्थानीय कानुनबमोजिम प्रयोग हुने व्यवस्था छ। यसले प्रदेश राजस्व परिचालनलाई केवल प्रदेशको एकल अधिकारमा सीमित नराखी सङ्घीय नीति, प्रदेश कानुन, स्थानीय तह कानुन कार्यान्वयन र अन्तरसरकारी समन्वयसँग प्रत्यक्ष रूपमा जोडेको छ।

क. सङ्घ र प्रदेशको साझा अधिकार

संविधानको अनुसूची-७ मा सङ्घ र प्रदेशको साझा राजस्व अधिकारभित्र क्यासिनो, चिट्ठा, चलचित्र तथा सिनेमा हलसम्बन्धी विषय समावेश छन्। यी विषयहरू राजस्वका दृष्टिले मनोरञ्जन, इजाजत, नवीकरण, नियमन, सेवा शुल्क तथा दण्ड जरिवानासँग जोडिन सक्ने प्रकृतिका छन्। गण्डकी प्रदेशको सन्दर्भमा पोखरा केन्द्रित शहरी सेवा अर्थतन्त्र, पर्यटन, सांस्कृतिक कार्यक्रम, फिल्म प्रदर्शन, मनोरञ्जनात्मक सेवा तथा निजी क्षेत्रको लगानी विस्तार हुँदै गएको सन्दर्भमा यी स्रोतहरूबाट राजस्व परिचालनको सम्भावना देखिन्छ। यद्यपि यस्ता विषयमा सङ्घीय कानुन, प्रदेश कानुन र स्थानीय तह कानुन बमोजिमको अनुमति/नियमन प्रणालीबीच स्पष्ट कार्यविभाजन आवश्यक हुन्छ।

चलचित्र, सिनेमा हल तथा मनोरञ्जनात्मक सेवासम्बन्धी गतिविधिहरूमा सङ्घीय कानुनले इजाजत, मापदण्ड र नियमनको आधार प्रदान गरेको छ । जसअनुसार प्रदेशले आफ्नो आर्थिक ऐन तथा क्षेत्रगत कानुनमार्फत सेवा शुल्क, दस्तुर वा करका दर निर्धारण गर्न सक्ने व्यवस्था रहेको छ। यस्ता राजस्वको अभिलेख र अनुगमन स्थानीय तहसँग बढी जोडिने भएकाले प्रदेशको राजस्व परिचालन यस क्षेत्रमा सङ्घ-प्रदेश-स्थानीय तह समन्वयमा निर्भर रहन्छ।

क्यासिनो र चिठ्ठाजस्ता विषयहरू संवैधानिक रूपमा सङ्घ र प्रदेशको साझा अधिकारमा रहे पनि व्यावहारिक रूपमा यी स्रोतहरू उच्च नियमन, इजाजत, अनुमति, सुरक्षा, पारदर्शिता र सङ्घीय कानुनी नियन्त्रणसँग जोडिएका छन्। गण्डकी प्रदेशको पर्यटन तथा आतिथ्य क्षेत्र विस्तारसँगै यस्ता नियमनयोग्य मनोरञ्जनात्मक गतिविधिबाट सम्भावित राजस्व परिचालनको विषय दीर्घकालीन रूपमा महत्त्वपूर्ण हुन सक्छ। तर हालका लागि यस क्षेत्रमा प्रदेशको भूमिका सङ्घीय कानुनी स्पष्टता, प्रदेशस्तरीय नीति र नियमन संयन्त्र तथा स्थानीय तहसँगको समन्वयमा आधारित हुनुपर्ने देखिन्छ।

ख. सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार

संविधानको अनुसूची-९ मा सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी तथा सवारी साधन अनुमति जस्ता विषयहरू सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारका रूपमा समावेश छन्। सेवा प्रवाह, नियमन, अनुमति, प्राकृतिक स्रोत उपयोग, पूर्वाधार उपयोग र अन्तरसरकारी बाँडफाँट पक्ष जोडिएका यी स्रोतहरू प्रदेश राजस्व परिचालनमा अत्यन्त महत्त्वपूर्ण क्षेत्र हुन्।

सेवा शुल्क, दस्तुर तथा दण्ड जरिवाना तीनै तहका सरकारले आफ्नो अधिकार क्षेत्रभित्र सेवा प्रदान गर्दा, अनुमति वा इजाजत जारी गर्दा, नियमन गर्दा वा कानुन उल्लङ्घनको अवस्थामा सङ्कलन गर्न सक्ने गैरकर राजस्वका स्रोत हुन्। तर एउटै सेवा, एउटै अनुमति वा एउटै आर्थिक गतिविधिमा एकभन्दा बढी तहले समान प्रकृतिको शुल्क लगाउँदा सेवाग्राहीमा दोहोरो भार पर्न सक्ने भएकाले सेवा क्षेत्र, नियमनको तह, शुल्क निर्धारणको आधार र सङ्कलन निकाय स्पष्ट हुन आवश्यक हुन्छ। गण्डकी प्रदेशको सन्दर्भमा पर्यटन, उद्योग, यातायात, वन, प्राकृतिक स्रोत तथा प्रशासनिक सेवामा यस प्रकारका शुल्क र दस्तुरको दायरा महत्त्वपूर्ण देखिन्छ।

प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी प्रदेशको साझा अधिकारसँग जोडिएको महत्त्वपूर्ण स्रोत हो। पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी, रेडियो फ्रिक्वेन्सी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सङ्घ, सम्बन्धित प्रदेश र सम्बन्धित स्थानीय तहबीच बाँडफाँट हुने कानुनी व्यवस्था रहेको छ। गण्डकी प्रदेशमा जलविद्युत, पर्वतीय पर्यटन, वन, नदीजन्य सामग्री, ढुङ्गा, गिट्टी, बालुवा तथा खनिजजन्य स्रोतबाट प्राप्त आय प्रदेशको वित्तीय आधार विस्तारका लागि महत्त्वपूर्ण हुन सक्छ।

साझा अधिकारको विषयका रूपमा सवारी साधन अनुमति हो। सवारी साधन कर प्रदेशको प्रमुख स्रोत भए पनि सवारी दर्ता तथा अनुमति, रुट अनुमति, यातायात सेवा अनुमति, चालक अनुमतिपत्र, स्थानीय सडक तथा पूर्वाधार उपयोग शुल्कजस्ता विषयमा सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वयात्मक भूमिका आवश्यक छ। विशेषगरी यातायातसम्बन्धी राष्ट्रिय अभिलेख, प्रदेशको कर प्रशासन र स्थानीय तहको पूर्वाधार उपयोगसम्बन्धी शुल्कबीच स्पष्ट अन्तरसम्बन्ध कायम नहुँदा दोहोरो शुल्क, अभिलेख अस्पष्टता र राजस्व चुहावटको जोखिम रहन सक्छ।

ग. साझा अधिकारको कार्यान्वयन अवस्था

गण्डकी प्रदेशको सन्दर्भमा साझा राजस्व अधिकारका स्रोतहरू उच्च सम्भावनायुक्त भए पनि यसको परिचालन पूर्ण रूपमा व्यवस्थित हुन सकेको छैन। पर्यटन, प्राकृतिक स्रोत, मनोरञ्जन, विज्ञापन कर, सेवा शुल्क, सवारी अनुमति, वन तथा नदीजन्य निर्माण सामग्रीजस्ता क्षेत्रमा प्रदेशको संवैधानिक अधिकार भए पनि व्यावहारिक कार्यान्वयनमा सङ्घीय कानुन, स्थानीय तहको सङ्कलन अभ्यास, विषयक्षेत्रगत कार्यालयको अभिलेख र अन्तरसरकारी बाँडफाँट प्रणालीमा निर्भर रहन्छ। साझा अधिकारका क्षेत्रमा देखिने प्रमुख चुनौती भनेको अधिकारको सूचीकरण र कार्यान्वयन जिम्मेवारीबीचको अन्तर हो। संविधानले साझा अधिकार दिएको भए पनि कुन तहले नीति बनाउने, कुन तहले दर निर्धारण गर्ने, कुन तहले सङ्कलन गर्ने, कुन तहले अनुगमन गर्ने र राजस्व कसरी बाँडफाँट गर्ने भन्ने विषय विषय क्षेत्रगत कानुन र अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐनबाट मात्र स्पष्ट हुन्छ।

प्रदेशले आफ्नो एकल अधिकार प्रयोग गर्ने मात्र नभई साझा अधिकारका स्रोतहरूमा सङ्घीय सरकारसँग कानुनी स्पष्टता, स्थानीय तहसँग सङ्कलन तथा बाँडफाँट समन्वय र विषय क्षेत्रगत कार्यालयहरूसँग तथ्याङ्क साझेदारी सुदृढ गर्नुपर्ने हुन्छ। साझा

अधिकारको प्रभावकारी परिचालनले प्रदेशको राजस्व आधार विस्तार गर्नुका साथै प्राकृतिक स्रोत व्यवस्थापन, सेवाको गुणस्तर, निजी क्षेत्रको लगानी वातावरण र अन्तरसरकारी वित्तीय सम्बन्धलाई समेत सुदृढ बनाउन सक्ने देखिन्छ।

२.३ प्रदेश राजस्व परिचालनसँग सान्दर्भिक सङ्घीय नीति तथा कानुन

प्रदेशलाई एकल तथा साझा क्षेत्राधिकार सहित राजस्व परिचालनको संवैधानिक अधिकार प्राप्त भएता पनि व्यावहारिक कार्यान्वयन सङ्घीय कानुन, राष्ट्रिय नीति, विषयगत मापदण्ड, अन्तरसरकारी वित्तीय व्यवस्था र सङ्घ-प्रदेश-स्थानीय तहबीचको समन्वयबाट प्रत्यक्ष रूपमा प्रभावित हुन्छ। विशेषगरी साझा अधिकार, एकल कर प्रशासन, राजस्व बाँडफाँट, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, स्थानीय तहबाट सङ्कलन हुने तर प्रदेशसँग बाँडफाँट हुने राजस्व तथा सङ्घीय निकायको अभिलेख र सेवा प्रणालीमा निर्भर राजस्व स्रोतहरूका सन्दर्भमा सङ्घीय कानुनी व्यवस्था निर्णायक हुन्छ।

गण्डकी प्रदेशको राजस्व संरचनामा सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, प्राकृतिक स्रोतबाट प्राप्त आय, पर्यटनसम्बन्धी शुल्क, उद्योग तथा व्यवसाय दर्ता नवीकरण तथा नियमन दस्तुर, वन पैदावार बिक्री, वन व्यवस्थापन तथा यातायात सेवा शुल्क जस्ता स्रोतहरूको महत्त्वपूर्ण स्थान छ। यीमध्ये कतिपय स्रोत प्रदेशको एकल अधिकारभित्र पर्ने भए पनि तिनको सङ्कलन, बाँडफाँट, अभिलेख व्यवस्थापन, दर निर्धारण, अनुगमन र सेवा प्रवाह सङ्घीय कानुन वा स्थानीय तहको कार्यान्वयनसँग जोडिएको छ। त्यसैले प्रदेश राजस्व परिचालनको विश्लेषण गर्दा सङ्घीय कानुनी व्यवस्थाले सिर्जना गरेका अवसर, सीमा, अस्पष्टता र समन्वय र सुधारका क्षेत्र लाई स्पष्ट पार्न आवश्यक छ।

यस खण्डमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४; स्थानीय सरकार सञ्चालन ऐन, २०७४; राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४; तथा राजस्व स्रोतमा प्रत्यक्ष प्रभाव पार्ने विषयगत सङ्घीय कानुनहरूको समीक्षा गरिएको छ।

२.३.१ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

क. व्यवस्था

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ वित्तीय सङ्घीयता कार्यान्वयनको प्रमुख सङ्घीय कानुन हो। यस ऐनले सङ्घ, प्रदेश र स्थानीय तहबीच राजस्व अधिकार, एकल कर प्रशासन, राजस्व बाँडफाँट, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, अनुदान, ऋण तथा वित्तीय व्यवस्थापनसम्बन्धी आधार निर्धारण गरेको छ। प्रदेश राजस्व परिचालनका दृष्टिले महत्त्वपूर्ण यो ऐनले संविधानमा प्रदेश र स्थानीय तह दुवैको अधिकार सूचीमा रहेका केही राजस्व स्रोतहरूको एकल कर प्रशासन तथा राजस्व बाँडफाँटको व्यवस्था निर्धारण गरी दोहोरो कराधानको सम्भावना न्यूनीकरण गरेको छ।

यस ऐनअनुसार टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्साबाहेकका सवारी साधनमा सवारी साधन कर प्रदेशले लगाउने र सङ्कलन गर्ने व्यवस्था छ। यसरी सङ्कलित रकममध्ये ६० प्रतिशत प्रदेश सञ्चित कोषमा रहने र ४० प्रतिशत स्थानीय तहमा बाँडफाँट हुने व्यवस्था छ। घरजग्गा रजिष्ट्रेशन शुल्क र मनोरञ्जन करको दर प्रदेशले निर्धारण गर्ने तथा स्थानीय तहले सङ्कलन गर्ने व्यवस्था छ, जसमा सङ्कलित रकमको ६० प्रतिशत स्थानीय तहमा र ४० प्रतिशत प्रदेशमा जाने व्यवस्था रहेको छ। विज्ञापन कर स्थानीय तहले लगाउने तथा सङ्कलन गर्ने र त्यसबाट प्राप्त रकमको ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा हुने व्यवस्था रहेको छ। यसैगरी ऐनले मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्कलाई सङ्घ, प्रदेश र स्थानीय तहबीच बाँडफाँट गर्ने व्यवस्था गरेको छ। प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी पनि सङ्घ, सम्बन्धित प्रदेश र सम्बन्धित स्थानीय तहबीच बाँडफाँट हुने व्यवस्था छ। गण्डकी प्रदेशका लागि जलविद्युत, पर्वतारोहण, पर्यटन, वन, खानी तथा खनिज, नदीजन्य स्रोत तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी दीर्घकालीन रूपमा महत्त्वपूर्ण राजस्व आधार हुन सक्छ।

ख. कार्यान्वयन अवस्था, सवाल तथा चुनौती

गण्डकी प्रदेशको सन्दर्भमा यस ऐनले राजस्व बाँडफाँट र एकल कर प्रशासनको स्पष्ट कानुनी आधार प्रदान गरेको छ। तथापि, यसको प्रभावकारी कार्यान्वयन स्थानीय तह, सङ्घीय निकाय र प्रदेशबीचको अभिलेख, प्रतिवेदन, रकम हस्तान्तरण र समन्वय प्रणालीमा निर्भर रहन्छ। विशेषगरी स्थानीय तहबाट सङ्कलन हुने घरजग्गा रजिष्ट्रेशन शुल्क, विज्ञापन कर, मनोरञ्जन कर तथा प्राकृतिक स्रोतसँग सम्बन्धित आयको विवरण र प्रदेश हिस्साको रकम समयमै प्राप्त हुने व्यवस्था सुदृढ हुन आवश्यक छ।

एकल कर प्रशासन प्रणालीले दोहोरो कराधान घटाउने उद्देश्य राखे पनि सङ्कलन गर्ने तह र राजस्व हिस्सा प्राप्त गर्ने तह फरक हुँदा प्रोत्साहन, जवाफदेहिता, अभिलेख मिलान र पारदर्शी प्रतिवेदन प्रणाली महत्त्वपूर्ण हुन्छ। गण्डकी प्रदेशमा साझा राजस्व स्रोतहरूको यथार्थ अवस्था जानकारीका लागि नियमित तथ्याङ्क आदान-प्रदान, राजस्वको हिसाब मिलान, डिजिटल प्रतिवेदन र समयबद्ध बाँडफाँट प्रणालीलाई थप सुदृढ गर्नुपर्ने देखिन्छ।

२.३.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

क. व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ स्थानीय तहको कार्यक्षेत्र, सेवा प्रवाह, कर तथा गैरकर राजस्व अधिकार, बजेट, वित्तीय व्यवस्थापन र प्रशासनिक संरचनासम्बन्धी प्रमुख सङ्घीय कानुन हो। प्रदेश राजस्व परिचालनका दृष्टिले यो ऐन प्रदेशसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिने धेरै राजस्वका स्रोतहरूको व्यावहारिक कार्यान्वयन स्थानीय तहको अधिकार, सङ्कलन प्रणाली र अभिलेख व्यवस्थापनसँग सम्बन्धित छ। यस ऐनले स्थानीय तहलाई सम्पत्ति कर, भूमिकर/मालपोत, घरबहाल कर, व्यवसाय कर, जडीबुटी, कवाडी तथा जीवजन्तु कर, साना सवारी कर, विज्ञापन कर, मनोरञ्जन कर, सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतसँग सम्बन्धित राजस्व सङ्कलन गर्ने आधार प्रदान गरेको छ। साथै ऐनले स्थानीय तहले आफ्नो क्षेत्रभित्र उपलब्ध गराउने सेवा, स्थानीय पूर्वाधार, बजार, पार्किङ, सिफारिस, नक्सापास, पर्यटन तथा मनोरञ्जन सेवा, सडक तथा अन्य स्थानीय सुविधावापत शुल्क लगाउन सक्ने व्यवस्था समेत गरेको छ।

गण्डकी प्रदेशको सन्दर्भमा यो ऐन विशेष रूपमा सान्दर्भिक छ किनकि घरजग्गा रजिष्ट्रेशन शुल्क, विज्ञापन कर, मनोरञ्जन कर, ढुङ्गा, गिट्टी, बालुवा तथा नदीजन्य पदार्थ, स्थानीय पर्यटन सेवा, व्यवसाय दर्ता तथा व्यवसाय करजस्ता स्रोतहरू प्रदेशको राजस्व हितसँग पनि जोडिएका छन्। यीमध्ये कतिपय स्रोतमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐनले एकल कर प्रशासन र बाँडफाँटको व्यवस्था गरेको छ भने कतिपय स्रोतमा स्थानीय तहको सङ्कलन अभ्यास, दर निर्धारण, अनुगमन र अभिलेख प्रणालीले प्रदेशको राजस्व अनुमान, बाँडफाँट र नीति निर्माणलाई प्रभाव पार्छ।

ख. कार्यान्वयन अवस्था, सवाल तथा चुनौती

स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहको राजस्व अधिकारलाई विस्तृत रूपमा व्याख्या गरे पनि प्रदेश र स्थानीय तहबीच सम्बन्धित स्रोतहरूको व्यावहारिक कार्यान्वयनमा केही सवालहरू देखिन्छन्। जुन देहायअनुसार रहेका छन्:-

पहिलो, स्थानीय सरकारहरू रूबीच कर तथा शुल्कका दर, सङ्कलन प्रक्रिया, अभिलेख प्रणाली र अनुगमन अभ्यासमा एकरूपता छैन। यसले प्रदेशस्तरमा साझा राजस्व स्रोतहरूको यथार्थ अवस्था, सम्भावना र बाँडफाँटको यथार्थ पहिचान र विश्लेषण गर्न कठिनाई हुने गरेको छ।

दोस्रो, व्यवसाय दर्ता, नवीकरणा नियमन तथा व्यवसाय कर, पर्यटन शुल्क, विज्ञापन कर, मनोरञ्जन कर र प्राकृतिक स्रोत उपयोग शुल्कजस्ता क्षेत्रमा प्रदेश र स्थानीय तहको भूमिका स्पष्ट नहुँदा करदाता तथा व्यवसायीमा दोहोरो दर्ता, दोहोरो शुल्क वा प्रक्रियागत झन्झटको अनुभूति भएको छ। यसले कर अनुपालना, निजी क्षेत्रको विश्वास र राजस्व प्रशासनको दक्षतामा असर परेको छ।

तेस्रो, ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर-बहत्तर तथा अन्य नदीजन्य/निर्माणमुखी सामग्रीको सङ्कलन र बिक्रीमा स्थानीय तहको प्रत्यक्ष भूमिका भए पनि यससम्बन्धी राजस्व हिस्सा, वातावरणीय मापदण्ड, उत्खनन परिमाण, अनुगमन र प्रदेशमा विवरण उपलब्ध गराउने प्रणाली पर्याप्त रूपमा सुदृढ हुनुपर्ने देखिन्छ। यस क्षेत्रमा सङ्कलन क्षेत्रको नक्शाङ्कन तथा पहिचान, वातावरणीय अध्ययन, ठेक्का व्यवस्थापन, परिमाणको अभिलेख, राजस्व चुहावट नियन्त्रण र प्रदेश-स्थानीय बाँडफाँट महत्त्वपूर्ण सवालका रूपमा रहेका छन्।

चौथो, धेरै स्थानीय तहमा राजस्व प्रशासनका लागि अद्यावधिक करदाता विवरण, डिजिटल अभिलेख, दक्ष जनशक्ति, नियमित अनुगमन र तथ्याङ्कमा आधारित दर निर्धारण प्रणाली कमजोर देखिन्छ। गण्डकी प्रदेशका शहरी क्षेत्रका स्थानीय तहले तुलनात्मक रूपमा बढी आन्तरिक राजस्व सङ्कलन गर्न सक्ने अवस्था भए पनि ग्रामीण क्षेत्रका स्थानीय तहमा कराधार सीमित, प्रशासनिक क्षमता कमी र डिजिटल प्रणालीको प्रयोग न्यून रहको छ।

यसर्थ, स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई दिएको राजस्व अधिकार गण्डकी प्रदेशको राजस्व परिचालनसँग पनि प्रत्यक्ष रूपमा जोडिएको छ। प्रदेशले साझा वा बाँडफाँट हुने राजस्व स्रोतहरूको यथार्थ अवस्था बुझ्न, दोहोरोपन घटाउन र प्रदेश-स्थानीय वित्तीय सम्बन्ध सुदृढ गर्न स्थानीय तहसँग तथ्याङ्क साझेदारी, दर र प्रक्रियामा न्यूनतम एकरूपता, नियमित प्रतिवेदन तथा संयुक्त अनुगमन प्रणालीलाई महत्त्व दिनुपर्ने देखिन्छ।

२.३.३ आय कर ऐन, २०५८

क. व्यवस्था

नेपालको संविधानले कृषि आयमा करसम्बन्धी अधिकारलाई प्रदेश सरकारको एकमात्र एकल अधिकार क्षेत्रमा सूचीकृत गरेको र जुन प्रदेशको एक महत्त्वपूर्ण सम्भावित राजस्व स्रोतका रूपमा रहेको छ । यद्यपि यसको कार्यान्वयनमा नीतिगत स्पष्टता र व्यावहारिक संरचनाको आवश्यकता देखिन्छ। गण्डकी प्रदेशको कर तथा गैरकर राजस्व ऐन, वार्षिक आर्थिक ऐन तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐनले कराधार निर्धारण, दर निर्धारण, सङ्कलन प्रक्रिया तथा राजस्व बाँडफाँटसम्बन्धी आधारभूत व्यवस्था गरेको छ। आयकर ऐन, २०५८ ले कृषि आयलाई सङ्घीय आयकरको दायराबाट बाहिर राखेको छ। ऐनको परिच्छेद-४, दफा ११ व्यावसायिक छुट र सुविधाहरू अन्तर्गत कुनै फर्म, कम्पनी, साझेदारी तथा सङ्गठित संस्थाको रूपमा दर्ता गरी कृषि व्यवसायबाट गरेको आयमा र भूमिसम्बन्धी ऐन २०२१ को दफा १२ को खण्ड (घ) र (ङ) मा उल्लेख भए बमोजिमको जग्गामा कृषि व्यवसायबाट प्राप्त भएको बाहेक अन्य कृषि आम्दानीमा कर नलाग्ने व्यवस्था रहेको छ। साथै कुनै फर्म कम्पनी, साझेदारी तथा सङ्गठित संस्थाको रूपमा दर्ता भई कृषि व्यवसाय तरकारी डिहाइड्रेड गर्ने व्यवसाय वा कोल्डस्टोर व्यवसाय सञ्चालन गरी प्राप्त गरेको आयमा लाग्ने करमा पचास प्रतिशत कर छुट हुने व्यवस्था छ। त्यसैगरी सहकारी ऐन २०७४ बमोजिम दर्ता भई सञ्चालन भएको कृषि वा वन पैदावरमा आधारित रेशम खेती तथा रेशम उत्पादन; फलफूल खेती तथा उत्पादन र प्रशोधन; पशुपालन; डेरी उद्योग; कुखुरापालन; मत्स्यपालन; चिया, कफी तथा जडिबुटी खेती तथा प्रशोधन; तरकारीका बीउविजन उत्पादन; मौरीपालन तथा मह उत्पादन; रबर खेती; कबुलियती वन; एग्रोफोरेष्ट्री आदि व्यावसायिक वनसम्बन्धी व्यवसायहरू जस्ता कृषि र वनजन्य उद्योगहरू, तरकारी भण्डारका लागि स्थापित शीत भण्डार, कृषिसम्बन्धी बीउविजन; पशुआहारा तथा दाना; किटनाशक औषधी, मल तथा कृषि औजार कारोवार गर्ने सहकारी संस्था तथा गाउँपालिकाको क्षेत्रमा सञ्चालित सहकारी संस्था वा सङ्घको आय वा संस्थाले वितरण गरेको लाभांशमा समेत कर नलाग्ने व्यवस्था छ।

सङ्घीय राजस्व परामर्श समितिका सिफारिशहरूमा कृषि आयमा कर लगाउने सम्बन्धमा न्यूनतम सीमा, व्यावसायिक कृषि र निर्वाहमुखी कृषिबीचको भिन्नता तथा कर प्रशासन सरल बनाउने दिशामा सुझाब दिएका छन्। यसैगरी विभिन्न अध्ययनहरू (जस्तै IIDS तथा नेपाल नगरपालिका सङ्घको स्थितिपत्र) ले कृषि आयमा कर परिचालन गर्दा प्रदेश र स्थानीय तहबीच साझा जिम्मेवारी, समन्वय र तथ्याङ्क व्यवस्थापनको आवश्यकता औंल्याएका छन्। कोशी तथा बागमती प्रदेशले व्यावसायिक कृषि, ठूला कृषि उद्यम तथा कृषि–आधारित उद्योगहरूलाई करको दायरामा ल्याउने प्रयास गरेको भएपनि आयकर ऐनसँग बाझिएको अवस्था छ। यसरी कृषि आयमा कर लगाउँदा कराधार (उत्पादन, आम्दानी, बजार मूल्य), कर (प्रतिशत वा निश्चित दर), सेवा शुल्क (दर्ता, प्रमाणीकरण), दस्तुर तथा जरिवाना (कर नतिरेको अवस्थामा) लगायतका समग्र उपकरणहरू प्रयोग गर्न सकिने स्पष्ट कानुनी आधार विद्यमान रहेको छ। तर यसको प्रभावकारी कार्यान्वयनका लागि थप स्पष्टता आवश्यक छ।

ख. अवस्था (परिचालनको अवस्था, सवाल तथा चुनौती)

हाल नेपालमा कृषि आयमा करको व्यावहारिक कार्यान्वयन अत्यन्त न्यून स्तरमा रहेको छ। गण्डकी प्रदेशमा समेत कृषि आयमा कर सङ्कलन नगण्य अवस्थामा रहेको छ। जसको प्रमुख कारण नीतिगत तथा कानुनी अस्पष्टता, सानो आकारको कृषि चलन, निर्वाहमुखी उत्पादन लगायत कृषि क्षेत्रको संरचनात्मक विशेषता, आयको विश्वासनीय अभिलेख तथा व्यवस्थापनको कमी, करदाताको पहिचानमा कठिनाइ तथा प्रशासनिक क्षमताको सीमितता हो।

कृषि आयको यथार्थ मापन गर्न कठिन हुने, नगद तथा गैर नगद आम्दानीको मिश्रित स्वरूप रहने तथा उत्पादन, लागत र आम्दानीको अभिलेख व्यवस्थित नहुने अवस्थाले कराधार निर्धारण जटिल बनाएको छ। यसका अतिरिक्त, किसानहरूमा

करसम्बन्धी सचेतनाको कमी, कर तिर्ने संस्कृति र अभ्यासमा तथा कृषि क्षेत्रमा कर लगाउँदा सामाजिक–राजनीतिक संवेदनशीलता रहने भएकाले पनि यसको कार्यान्वयन चुनौतीपूर्ण रहेको छ।

सङ्घीय आयकर ऐन तथा कृषि आयमा करसम्बन्धी प्रदेश अधिकारको करबीच रहेका कानुनी द्विविधा तथा सोको निकासमा देखिएको सङ्घ तथा प्रदेश सरकारको मौनता; कानुनी अड्चन समाधानमा सम्वादहिनताको अवस्था र कृषि आयमा करको कराधार स्पष्ट हुने कानुनी व्यवस्था तथा संवैधानिक अधिकार, नीति र व्यवहारबीच ठूलो अन्तर रहेको देखिन्छ। यसले गर्दा सम्भावित राजस्व स्रोत प्रयोगमा आउन नसकेको अवस्था छ।

२.३.४ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

क. व्यवस्था

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ ले संविधानबमोजिम गठन भएको आयोगको काम, कर्तव्य र अधिकारलाई कार्यान्वयनयोग्य बनाउने कानुनी आधार प्रदान गरेको छ। प्रदेश राजस्व परिचालनका दृष्टिले विशेष रूपमा सान्दर्भिक यो ऐनले आयोगलबाट हुने सङ्घ, प्रदेश र स्थानीय तहबीच राजस्व बाँडफाँट, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट, वित्तीय समानीकरण अनुदान, आन्तरिक ऋण सीमा तथा अन्तरसरकारी वित्तीय सन्तुलनसम्बन्धी आधार र ढाँचा सिफारिस गर्ने भूमिका निर्वाह गर्दछ।

यस ऐनअनुसार आयोगले मूल्य अभिवृद्धि कर तथा आन्तरिक अन्तःशुल्कबाट प्राप्त राजस्व प्रदेश र स्थानीय तहबीच बाँडफाँट गर्ने आधार तथा ढाँचा निर्धारणमा सिफारिस गर्दछ। त्यसैगरी प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी सङ्घ, सम्बन्धित प्रदेश र सम्बन्धित स्थानीय तहबीच बाँडफाँट गर्ने आधार तथा हिस्सा निर्धारणमा पनि आयोगको भूमिका रहन्छ। पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी गण्डकी प्रदेशको दीर्घकालीन राजस्व आधारसँग प्रत्यक्ष रूपमा जोडिने भएकाले आयोगको सिफारिस प्रदेशको स्रोत उपलब्धता र वित्तीय योजना निर्माणका लागि महत्त्वपूर्ण हुन्छ।

गण्डकी प्रदेशको सन्दर्भमा जलविद्युत, पर्वतीय पर्यटन, वन, खानी तथा खनिज, नदीजन्य स्रोत, संरक्षण क्षेत्र र अन्य प्राकृतिक सम्पदाबाट प्राप्त हुने रोयल्टी तथा बाँडफाँट आय महत्त्वपूर्ण सम्भावनायुक्त क्षेत्र हुन्। साथै आयोगले सवारी साधन कर बाँडफाँटका आधार र ढाँचा सिफारिस गर्ने भएकाले प्रदेशबाट सङ्कलित सवारी साधन करको स्थानीय तहमा बाँडफाँट र प्रदेशको स्रोत व्यवस्थापनमा पनि यस ऐनको प्रत्यक्ष प्रभाव रहन्छ।

ख. कार्यान्वयन अवस्था, सवाल तथा चुनौती

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐनले राजस्व तथा प्राकृतिक स्रोतबाट प्राप्त आयको बाँडफाँटका लागि संस्थागत आधार प्रदान गरेको भए पनि प्राकृतिक स्रोतसम्बन्धी तथ्याङ्क, रोयल्टी सङ्कलन विवरण तथा स्रोतको अद्यावधिक अभिलेख पर्याप्त र व्यवस्थित नहुँदा प्रदेशले प्राप्त गर्ने हिस्साको यथार्थ विश्लेषण र राजस्व प्रक्षेपणमा चुनौती देखिन्छ।

गण्डकी प्रदेशमा जलविद्युत, वन, पर्वतीय पर्यटन तथा अन्य प्राकृतिक स्रोतबाट राजस्व सम्भावना उच्च भए पनि स्रोत संरक्षण, वातावरणीय सन्तुलन, स्थानीय समुदायको हित तथा विकास प्राथमिकताबीच समन्वय कायम गर्नु चुनौतीपूर्ण छ। साथै सङ्घीय राजस्व सङ्कलनको उतारचढाव, रोयल्टी आयको अनिश्चितता र प्रदेश-स्थानीय तहबीच सूचना तथा अभिलेख साझेदारीको कमजोरीले स्रोत अनुमान र वित्तीय योजना निर्माणमा प्रभाव पार्न सक्छ।

यसर्थ, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐनले गण्डकी प्रदेशलाई राजस्व बाँडफाँट, प्राकृतिक स्रोत रोयल्टी र वित्तीय सन्तुलनका लागि महत्त्वपूर्ण सङ्घीय संस्थागत आधार प्रदान गरेको छ। यसको प्रभावकारी उपयोगका लागि प्रदेशले प्राकृतिक स्रोतको अद्यावधिक अभिलेख, रोयल्टीसम्बन्धी तथ्याङ्क विश्लेषण, स्थानीय तहसँग सूचना साझेदारी, र आयोगको सिफारिसलाई बजेट तथा राजस्व प्रक्षेपण प्रणालीसँग जोड्ने अभ्यास सुदृढ गर्नुपर्ने देखिन्छ।

२.३.५ प्रदेशको राजस्व क्षेत्राधिकारसँग सम्बन्धित प्रमुख विषयगत सङ्घीय कानुन

क. व्यवस्था

प्रदेश राजस्व परिचालनमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, स्थानीय सरकार सञ्चालन ऐन तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐनका अतिरिक्त विभिन्न विषयगत सङ्घीय नीति तथा कानुनको पनि प्रत्यक्ष प्रभाव रहन्छ। विषय क्षेत्रगत नीति तथा कानुनले राजस्वको आधार, सेवा प्रवाह, दर्ता, इजाजत, नवीकरण, शुल्क, दस्तुर, रोयल्टी, अनुगमन, दण्ड जरिवाना तथा अभिलेख व्यवस्थापनको ढाँचा निर्धारण गर्दछन्। गण्डकी प्रदेशका प्रमुख राजस्व स्रोतहरू यातायात, भूमि प्रशासन, पर्यटन, उद्योग तथा व्यवसाय प्रशासन र नियमन, वन, खानी तथा नदीजन्य स्रोत, विज्ञापन, मनोरञ्जन, कृषि आय तथा प्राकृतिक स्रोतसँग सम्बन्धित भएकाले ती क्षेत्रमा रहेका सङ्घीय कानुनहरूको प्रदेश राजस्वमा पर्ने प्रभावलाई देहायबमोजिम विश्लेषण गरिएको छः-

तालिका नं. 2: प्रदेश राजस्वमा प्रभाव पार्ने विद्यमान प्रमुख विषयगत सङ्घीय कानुन

राजस्व क्षेत्र	प्रमुख विषयगत सङ्घीय कानुन, नियम तथा मापदण्ड	प्रदेशको राजस्वमा प्रभाव पार्ने मुख्य विषय
सवारी साधन कर तथा यातायात सेवा	सवारी तथा यातायात व्यवस्था ऐन, २०४९; सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४	सवारी दर्ता, नवीकरण, नामसारी, चालक अनुमतिपत्र, रुट अनुमति, यातायात सेवा पञ्जीकरण, सेवा दस्तुर, जरिवाना तथा सवारी अभिलेख व्यवस्थापन
घरजग्गा रजिष्ट्रेशन शुल्क तथा भूमि प्रशासन	मालपोत ऐन, २०३४; मालपोत नियमावली, २०३६	घरजग्गा रजिष्ट्रेशन, नामसारी, दाखिल खारेज, भूमि अभिलेख, न्यूनतम मूल्याङ्कन, सेवा प्रशासन तथा प्रदेश–स्थानीय बाँडफाँट
कृषि आयमा कर	आयकर ऐन, २०५८; मालपोत ऐन, २०३४; स्थानीय सरकार सञ्चालन ऐन, २०७४	कृषि आयमा छुट, कृषि व्यवसाय, कृषि प्रयोजनका जग्गा, निर्वाहमुखी र व्यावसायिक कृषिबीचको भिन्नता तथा कृषि आयकरको कराधार
पर्यटन शुल्क, पर्वतारोहण तथा पर्यटकीय सेवा	पर्यटन ऐन, २०३५; पर्वतारोहणसम्बन्धी नियमावली २०५९; राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९; राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९	पर्यटन व्यवसाय दर्ता, इजाजत, नवीकरण, पर्वतारोहण रोयल्टी, पर्यटकीय सेवा शुल्क, संरक्षित क्षेत्र र शुल्क तथा पर्यटनसम्बन्धी तहगत कार्यविभाजन
वन पैदावार, सामुदायिक वन तथा वन क्षेत्रबाट प्राप्त आय	वन ऐन, २०७६; वन नियमावली, २०७९; वातावरण संरक्षण ऐन, २०७६; वातावरण संरक्षण नियमावली, २०७७; राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९	वन पैदावार, काठ, दाउरा, जडीबुटी, गैरकाष्ठ वन उत्पादन, सामुदायिक वन आय, वन व्यवस्थापन शुल्क, अनुमति, ढुवानी तथा वन क्षेत्रबाट प्राप्त आय
ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर-बहत्तर तथा खानीजन्य स्रोत	खानी तथा खनिज पदार्थ ऐन, २०४२; खानी तथा खनिज पदार्थ नियमावली, २०५६; ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७; वातावरण संरक्षण ऐन, २०७६	उत्खनन अनुमति, सङ्कलन, बिक्री, रोयल्टी, वातावरणीय अध्ययन, घाटगद्दी, नापजाँच, ठेक्का व्यवस्थापन, नदीजन्य/खनिज स्रोत व्यवस्थापन तथा प्रदेश-स्थानीय बाँडफाँट

राजस्व क्षेत्र	प्रमुख विषयगत सङ्घीय कानुन, नियम तथा मापदण्ड	प्रदेशको राजस्वमा प्रभाव पार्ने मुख्य विषय
उद्योग, व्यवसाय दर्ता तथा नवीकरण	औद्योगिक व्यवसाय ऐन, २०७६ तथा नियमावली २०७८; प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४; साझेदारी ऐन, २०२०; कम्पनी ऐन, २०६३; विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५	उद्योग तथा व्यवसाय दर्ता, अनुमति, इजाजत, नवीकरण, नामसारी, ठाउँसारी, खारेजी, सेवा दस्तुर तथा सङ्घ–प्रदेश–स्थानीय तहबीच दर्ता/कराधिकारको सम्बन्ध
विज्ञापन कर तथा विज्ञापन नियमन	विज्ञापन (नियमन गर्ने) ऐन, २०७६; विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७; स्थानीय सरकार सञ्चालन ऐन, २०७४	विज्ञापन अनुमति, होर्डिङ बोर्ड, ब्यानर, डिजिटल डिस्प्ले, सार्वजनिक स्थलका विज्ञापन, विज्ञापन कर, अभिलेख व्यवस्थापन तथा स्थानीय तहबाट सङ्कलित राजस्वको प्रदेश हिस्सा
मनोरञ्जन कर, चलचित्र, क्यासिनो र चिठ्ठा	चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६; चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७; चिठ्ठा ऐन, २०२५; क्यासिनो नियमावली, २०८२ र क्यासिनोसम्बन्धी सङ्घीय व्यवस्था; अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४	चलचित्र घर, सिनेमा हल, मनोरञ्जन कार्यक्रम, मेला–महोत्सव, क्यासिनो, चिठ्ठा, टिकटमा आधारित गतिविधि, अनुमति, नियमन तथा मनोरञ्जन कर
जलविद्युत, पानी तथा अन्य प्राकृतिक स्रोत रोयल्टी	विद्युत ऐन, २०४९; विद्युत नियमन आयोग ऐन, २०७४; जलस्रोत ऐन, २०४९; पानी कर ऐन, २०२३; अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४	जलविद्युत, जलस्रोत उपयोग, पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, स्रोत उपयोगको अभिलेख, सङ्घीय विभाज्य कोष तथा प्रदेशमा प्राप्त हुने बाँडफाँट आय
राजस्व वर्गीकरण, लेखाङ्कन तथा वित्तीय प्रतिवेदन	एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४; आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६; लेखापरीक्षण ऐन, २०७५	राजस्व शीर्षक वर्गीकरण, लेखाङ्कन, प्रतिवेदन, वित्तीय अभिलेख, आन्तरिक नियन्त्रण, लेखापरीक्षण तथा राजस्व तथ्याङ्कको तुलनात्मक विश्लेषण
तहगत समन्वय तथा अन्तरसम्बन्ध	सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७	साझा अधिकार, राजस्व बाँडफाँट, सूचना आदान - प्रदान, समन्वय, संयुक्त कार्यान्वयन, अन्तरसरकारी सम्बन्ध तथा विवाद न्यूनीकरण

ख. कार्यान्वयन अवस्था, सवाल तथा चुनौती

उपर्युक्त तालिकाबाट गण्डकी प्रदेशको राजस्व परिचालन प्रदेश कानुनमा मात्र निर्भर नरहेको स्पष्ट हुन्छ। यातायात, भूमि प्रशासन, पर्यटन, वन, खानी तथा नदीजन्य स्रोत, उद्योग, विज्ञापन, मनोरञ्जन, जलस्रोत र वित्तीय प्रतिवेदनसँग सम्बन्धित सङ्घीय कानुनहरूले प्रदेशको कराधार, राजस्व सङ्कलन प्रक्रिया, सेवा प्रवाह, तथ्याङ्कमा पहुँच, राजस्व बाँडफाँट र प्रक्षेपण प्रणालीमा प्रत्यक्ष प्रभाव पार्दछन्। त्यसैले प्रदेशको राजस्व प्रणाली सुदृढ गर्न सङ्घीय कानुनसँगको सामञ्जस्यता, प्रदेश-स्थानीय तहबीचको समन्वय, विषयगत कार्यालयहरूसँगको नियमित तथ्याङ्क साझेदारी, अनलाइन सेवा तथा डिजिटल अभिलेख प्रणालीलाई एकीकृत रूपमा अघि बढाउनु आवश्यक देखिन्छ।

२.४ राजस्वसँग सम्बन्धित प्रदेश नीति तथा प्रमुख कानुन

संविधान तथा सङ्घीय कानुनले प्रदान गरेको अधिकारलाई व्यवहारमा कार्यान्वयन गर्न गण्डकी प्रदेशले कर तथा गैरकर राजस्व, वार्षिक आर्थिक ऐन, वित्तीय प्रशासन, पर्यटन, उद्योग, यातायात, वन, खानी तथा खनिज, कृषि व्यवसाय, वातावरण व्यवस्थापन,

आमसञ्चार, प्रदेश-स्थानीय समन्वय तथा बजेट कार्यान्वयनसँग सम्बन्धित विभिन्न कानुन, नियमावली, कार्यविधि र निर्देशिका जारी गरेको छ। यी कानुनी तथा नीतिगत व्यवस्थाले प्रदेशको राजस्व अधिकारलाई कराधार र दर निर्धारण, सेवा शुल्क, दस्तुर, इजाजत, नवीकरण, अनुमति, नियमन, जरिवाना, अभिलेख व्यवस्थापन, राजस्व दाखिला, लेखाङ्कन र प्रतिवेदन प्रणालीसँग जोड्ने आधार प्रदान गरेका छन्। यस उपखण्डमा गण्डकी प्रदेशका राजस्वसम्बन्धी प्रमुख कानुनी तथा नीतिगत व्यवस्थाहरूको समीक्षा गरी तिनको कार्यान्वयन अवस्था, सवाल तथा चुनौतीहरूको विश्लेषण गरिएको छ।

२.४.१ प्रदेश कर तथा गैर कर राजस्वको मूल कानुनी आधार

क. व्यवस्था

गण्डकी प्रदेशमा कर तथा गैरकर राजस्व परिचालनको मूल कानुनी आधार ***"प्रदेशको कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५"*** रहेको छ। यस ऐनले संविधानले प्रदेशलाई प्रदान गरेका राजस्व अधिकारका आधारमा प्रदेश सरकारले कर, शुल्क, दस्तुर, दण्ड जरिवाना तथा अन्य गैरकर राजस्व लगाउने, उठाउने र व्यवस्थापन गर्ने कानुनी आधार प्रदान गरेको छ।

यस ऐनले प्रदेशको आर्थिक स्रोत वृद्धि गरी विकास निर्माण, प्रशासन सञ्चालन तथा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्य लिएको छ। यसका लागि ऐनले कर लगाउने, असुल गर्ने, राजस्व व्यवस्थापन गर्ने तथा कर प्रशासनलाई व्यवस्थित बनाउने आधार तयार गरेको छ। जसअनुसार ऐनले घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर र कृषि आयमा कर लगायतका कर उठाउन सक्ने व्यवस्था रहेको छ। त्यसैगरी सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क, इजाजतपत्र शुल्क, दण्ड जरिवाना आदि गैरकर राजस्व पनि प्रदेश सरकारले सङ्कलन गर्न पाउने व्यवस्था गरेको छ। ऐनले तोकिएको समयमा कर बुझाउन तथा राजस्वसम्बन्धी नियम पालना गर्न अनिवार्य गर्दै झुट्टा विवरण वा राजस्व चुहावट गरेमा कानुनी कारबाही हुने व्यवस्था समेत गरेको छ।

ऐनले कर प्रशासनलाई व्यवस्थित गर्दै कर प्रणालीलाई पारदर्शी र उत्तरदायी बनाउने प्रयास गरेको छ। राजस्व सङ्कलनका लागि व्यवस्थित प्रणाली र करदाता प्रोत्साहनका लागि कर छुट, सहुलियत वा विशेष सुविधाको समेत व्यवस्था गरेको छ। यस ऐन प्रदेश सरकारको राजस्व सङ्कलनलाई व्यवस्थित बनाउने तथा प्रदेशको विकासका लागि आवश्यक वित्तीय स्रोत परिचालन गर्ने महत्त्वपूर्ण कानुनी आधारका रूपमा रहेको छ।

ख. कार्यान्वयन अवस्था, सवाल तथा चुनौती

प्रदेशको कर तथा गैर कर राजस्व नै आन्तरिक राजस्वको प्रमुख आधार हो । कर सङ्कलनमा एकल कर प्रशासन प्रणालीको अनुशरण गरिएको छ । सवारी साधन करलाई प्रदेशले उठाई ६० प्रतिशत प्रदेश र ४० प्रतिशत स्थानीय तहको हुने गरी बाँडफाँट गरिएको छ। घरजग्गा रजिस्ट्रेशन शुल्क तथा मनोरञ्जन करको दर प्रदेशले निर्धारण गर्ने र स्थानीय तहले उठाई ४० प्रतिशत प्रदेशलाई र ६० प्रतिशत स्थानीय तहमा हुने गरी बाँडफाँट गर्ने व्यवस्था रहेको छ। त्यसैगरी, विज्ञापन कर स्थानीय तहले उठाउने र प्राप्त करको ४० प्रतिशत प्रदेशलाई र ६० प्रतिशत स्थानीय तहमा बाँडफाँट गर्ने व्यवस्था छ।

कृषि आयमा लाग्ने कर प्रदेशको एकल अधिकारभित्र पर्ने भए पनि सङ्घीय कानुनद्धारा हालसम्म काराधारको स्पष्ट व्याख्या नहुँदा सङ्घीय आय कर ऐन र आर्थिक ऐनसँग बाझिएकोले परिचालन हुन सकिरहेको छैन। पर्यटन शुल्क सङ्कलनको अभ्यास रहेपनि व्यवस्थित र दायरा विस्तार हुन सकेको छैन । नदीजन्य पदार्थ विक्री शुल्कमा सम्बन्धित स्थानीय तहले उठाउने र स्थानीय तथा प्रदेशबीच क्रमश: ६० प्रतिशत र ४० प्रतिशत बाँडफाँट हुनेगरी वितरण गर्नुपर्ने व्यवस्था सङ्घीय मापदण्ड मार्फत भएपनि

सबै स्थानीय तहबाट सो व्यवस्थाको पालना हुन सकेको छैन। समग्रमा कर तथा गैरकर सङ्कलनको क्षेत्रमा स्वभाविक तहमा दायरा विस्तार हुन सकेको छैन भने राजस्वको चुहावटको अवस्था कायमै रहेको छ।

गण्डकी प्रदेशको आन्तरिक राजस्व परिचालनमा यस ऐनले मूल कानुनी आधार प्रदान गरेतापनि सबै राजस्व स्रोतहरू प्रभावकारी रूपमा परिचालित हुन सकेका छैनन्। कराधारमा दोहोरोपना, कर प्रशासनको कमजोर संरचना तथा आधुनिक प्रविधिको सीमित प्रयोगका कारण राजस्व सङ्कलन प्रभावकारी हुन सकेको छैन। राजस्वका क्षेत्रमा तहगत सरकारबीच अधिकारको स्पष्टताको कमी, विरोधाभाषपूर्ण कानुनी व्यवस्था, करदाता सचेतनाको कमी, स्वेच्छिक कर संस्कृतिमा कमी, कर छली, राजस्व चुहावट तथा राजस्व परिचालन अनियमितता र वित्तिय जोखिम रहेको देखिन्छ। राजस्व अनुमान र वास्तविक सङ्कलनबीच ठूलो अन्तर हुनुका साथै गैरकर राजस्वका स्रोतहरू व्यवस्थित रूपमा एकीकृत नहुँदा वास्तविक आम्दानीको यकिन गर्न कठिन हुने समस्या पनि रहेको छ।

समग्रमा, यस ऐनले गण्डकी प्रदेशलाई कर तथा गैरकर राजस्व परिचालनका लागि पर्याप्त कानुनी आधार प्रदान गरेको भए पनि कार्यान्वयनमा कराधार पहिचान, करदाता तथा सेवाग्राही अभिलेख, डिजिटल सङ्कलन प्रणाली, प्रदेश–स्थानीय तथ्याङ्क साझेदारी, राजस्व चुहावट नियन्त्रण, नियमित अनुगमन र राजस्व अनुमानको विश्वसनीयता सुदृढ गर्नुपर्ने आवश्यकता देखिन्छ। यस ऐनको प्रभावकारी कार्यान्वयनले प्रदेशको आन्तरिक राजस्व वृद्धि, वित्तीय स्वायत्तता र सार्वजनिक सेवा प्रवाहको दिगोपनामा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्छ।

२.४.२ प्रदेश आर्थिक ऐन र वार्षिक दर निर्धारण अभ्यास

क. व्यवस्था

प्रदेश आर्थिक ऐन प्रदेशको वार्षिक राजस्व नीति कार्यान्वयन गर्ने मुख्य कानुनी आधार हो। **"गण्डकी प्रदेश आर्थिक ऐन, २०८२"** ले घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, यातायात दस्तुर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, पर्यटन शुल्क, प्राकृतिक स्रोत शुल्क, वन पैदावार बिक्री शुल्क, वातावरण व्यवस्थापन दस्तुर तथा अन्य सेवा शुल्कहरूको दर र प्रशासनिक व्यवस्था निर्धारण गरेको छ।

ऐनले राजस्व सङ्कलन गर्ने निकाय पनि स्पष्ट गरेको छ। घरजग्गा रजिष्ट्रेशन शुल्क स्थानीय तह वा मालपोत कार्यालयबाट, सवारी साधन कर प्रदेश यातायात कार्यालयबाट, कृषि आयमा कर तथा कृषि पैदावार बिक्रीबाट प्राप्त आय कृषि विकास कार्यालय र भेटेरीनरी अस्पताल तथा पशु सेवा कार्यालय र कृषि विकास स्रोत केन्द्रबाट, उद्योग तथा व्यवसाय रजिष्ट्रेशन, नवीकरण, नियमन दस्तुर तथा पर्यटन शुल्क एकीकृत सेवा कार्यालय वन पैदावर विक्री तथा वन व्यवस्थापन शुल्क डिभिजन वन कार्यालय तथा प्राकृतिक स्रोत शुल्क स्थानीय तहबाट सङ्कलन हुने व्यवस्था छ। प्राकृतिक स्रोत शुल्कबाट प्राप्त रकममध्ये ६० प्रतिशत स्थानीय तह र ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा हुने व्यवस्था गरिएको छ। ऐनले प्रदेश सरकारलाई आवश्यकता अनुसार कर, शुल्क तथा दस्तुरको दर संशोधन वा आंशिक छुट दिन सक्ने अधिकार पनि दिएको छ, जसको जानकारी प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने व्यवस्था छ।

वार्षिक करका दर निर्धारण र आर्थिक विधेयक तयारी अभ्यास: गण्डकी प्रदेशमा आर्थिक ऐनको तयारी वार्षिक बजेट तर्जुमा प्रक्रियासँग प्रत्यक्ष रूपमा जोडिएको हुन्छ। आर्थिक ऐनमार्फत लागू हुने कर, शुल्क, दस्तुर तथा अन्य राजस्वका दरहरू आगामी आर्थिक वर्षको बजेट, राजस्व लक्ष्य, आर्थिक नीति तथा प्रदेशको स्रोत आवश्यकतासँग सम्बन्धित हुने भएकाले यसको

तयारी प्रक्रिया बजेट निर्माणको प्रारम्भिक चरणदेखि नै सुरु हुन्छ। यससम्बन्धी व्यवस्था ***"बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०८०"*** मा उल्लेख गरिएको छ। जसको सार देहायअनुसार रहेको छः-

तालिका नं. 3: गण्डकी प्रदेश आर्थिक ऐन/विधेयक तर्जुमा तथा वार्षिक दर निर्धारण प्रक्रिया

क्र.स.	प्रक्रिया	प्रमुख जिम्मेवार निकाय/संरचना	मुख्य कार्य (निर्देशिकामा भएको व्यवस्था तथा व्यावहारिक अभ्यास)
१	बजेट तर्जुमा मार्गदर्शन तथा सीमा निर्धारण तथा प्रदान	आर्थिक मामिला मन्त्रालय	आगामी आर्थिक वर्षको बजेट तर्जुमासम्बन्धी मार्गदर्शन, बजेट सीमा, समयतालिका तथा आवश्यक ढाँचा सम्बन्धित मन्त्रालय/निकायलाई उपलब्ध गराउने।
२	विषयगत मन्त्रालयबाट बजेट तथा कार्यक्रम तयारी	विषयगत मन्त्रालय तथा निकायहरू	विषयगत मन्त्रालय तथा निकायहरूले प्रदेश सरकारको नीति, आवधिक योजना, बजेट सीमा, मन्त्रालयगत प्राथमिकता तथा मातहतका निकायको आवश्यकताका आधारमा बजेट तथा कार्यक्रम प्रस्ताव तयार गर्ने।
३	कार्यालयगत प्रस्ताव तथा राजस्व अनुमान	मातहतका कार्यालय/ राजस्व सङ्कलन गर्ने निकायहरू	राजस्व परिचालन गर्ने कार्यालयहरूले बजेट प्रस्ताव गर्दा आफ्नो कार्यालयबाट आगामी वर्ष उठ्न सक्ने राजस्वको अनुमानसमेत पेश गर्नुपर्‍ र यस्तो अनुमान विगतको सङ्कलन प्रवृत्ति, चालु वर्षको अवस्था र सम्भावित कराधारका आधारमा तयार गर्ने।
४	प्रस्तावको समीक्षा र मन्त्रालयमा पेश	लेखा उत्तरदायी अधिकृत/विषयगत मन्त्रालय	मातहतका कार्यालयबाट प्राप्त बजेट तथा राजस्व अनुमानको अध्ययन, विश्लेषण र परीक्षण गरी स्वीकृत प्रस्ताव आर्थिक मामिला मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगमा पठाउने।
५	राजस्व कार्यसम्पादन तथा दर पुनरावलोकन	आर्थिक मामिला मन्त्रालय	चालु तथा विगत वर्षको लक्ष्य र वास्तविक सङ्कलन, कर तथा गैरकर राजस्वको अवस्था, छुट/सहुलियत, राजस्व सङ्कलन सम्भावना र प्रदेशको स्रोत आवश्यकताको विश्लेषण गर्ने।
६	राजस्व परामर्श र विषयगत सुझाब सङ्कलन	राजस्व परामर्श समिति, विषयगत उपसमिति तथा सम्बन्धित निकायहरू	राजस्व परामर्श समिति तथा विषयगत उपसमितिहरू र विज्ञहरूबाट कर, शुल्क, दस्तुर, छुट/सहुलियत, नयाँ राजस्व स्रोत तथा दर समायोजनसम्बन्धी सुझाब सङ्कलन गर्ने ।
७	वित्तीय प्रभाव र कार्यान्वयन योग्यता विश्लेषण	आर्थिक मामिला मन्त्रालय	प्रस्तावित दर वृद्धि/कमी, नयाँ शुल्क, छुट वा सहुलियतले राजस्व सङ्कलन, करदाताको भार, प्रशासनिक लागत र कार्यान्वयन क्षमतामा पार्ने प्रभावको विश्लेषण गर्ने।
८	आर्थिक विधेयकको मस्यौदा तयारी	आर्थिक मामिला मन्त्रालय	कर, शुल्क, दस्तुर, जरिवाना, छुट, सहुलियत, राजस्व सङ्कलन प्रक्रिया तथा आवश्यक कानुनी संशोधनसम्बन्धी व्यवस्था समेटी आर्थिक विधेयकको मस्यौदा तयार गर्ने।
९	कानुनी परीक्षण र समन्वय	आर्थिक मामिला मन्त्रालय; मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वा कानुन तथा फैसला कार्यान्वयन शाखा	आर्थिक विधेयकमा समावेश प्रस्तावित व्यवस्थाहरू प्रदेश तथा सङ्घीय कानुनसँग बाझिने/नबाझिने विषयमा कानुनी परीक्षण र आवश्यक समन्वय गर्ने।
१०	गोपनीयता कायम	आर्थिक मामिला मन्त्रालय	राजस्वका दर परिवर्तन, खारेजी तथा नयाँ दर प्रस्ताव -सम्बन्धी आर्थिक विधेयकको मस्यौदा बजेट प्रस्तुत नभएसम्म

क्र.स.	प्रक्रिया	प्रमुख जिम्मेवार निकाय/संरचना	मुख्य कार्य (निर्देशिकामा भएको व्यवस्था तथा व्यावहारिक अभ्यास)
			गोप्य राखी र सीमित जिम्मेवार पदाधिकारी/कर्मचारीबाट मात्र प्रक्रिया अगाडि बढाउने।
११	बजेट तथा आर्थिक विधेयकलाई अन्तिम रूप प्रदान	आर्थिक मामिला मन्त्रालय	बजेट सीमा, नीति तथा कार्यक्रम, विनियोजन विधेयकका सिद्धान्त/प्राथमिकता, राजस्व अनुमान र आर्थिक विधेयकलाई आधार मानी बजेट तथा सम्बन्धित विधेयकलाई अन्तिम रूप प्रदान गर्ने।
१२	प्रदेश सभामा बजेट पेश	आर्थिक मामिला मन्त्री	आगामी आर्थिक वर्षको बजेट अर्थात् राजस्व र व्ययको अनुमान प्रदेश सभामा पेश गर्ने।
१३	बजेटसाथ आर्थिक विधेयक पेश	आर्थिक मामिला मन्त्रालय/आर्थिक मामिला मन्त्री	बजेटसँगै आर्थिक विधेयक, विनियोजन विधेयक, मध्यमकालीन खर्च संरचना, वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रदेश सभामा पेश गर्ने।
१४	प्रदेश सभाको छलफल र स्वीकृति	प्रदेश सभा	आर्थिक विधेयकमाथि छलफल, आवश्यक संशोधन र स्वीकृतिको विधायिकी प्रक्रिया सम्पन्न गर्ने।
१५	प्रमाणीकरण र कार्यान्वयन	प्रदेश प्रमुख/प्रदेश सरकार	प्रदेश प्रमुखबाट प्रमाणीकरण भएपछि आर्थिक ऐन लागू हुने र नयाँ आर्थिक वर्षका लागि कर, शुल्क, दस्तुर, छुट तथा राजस्व प्रशासनसम्बन्धी व्यवस्था कार्यान्वयनमा आउँने

यसरी गण्डकी प्रदेशमा वार्षिक करका दर निर्धारण प्रक्रिया केवल दर तोक्ने प्रशासनिक कार्य नभई राजस्व विश्लेषण, आर्थिक मूल्याङ्कन, मन्त्रालयगत परामर्श, कानुनी परीक्षण, मन्त्रिपरिषद्का निर्णय तथा प्रदेश सभाको स्वीकृतिसम्म फैलिएको बहु-चरणीय नीति निर्माण प्रक्रिया हो। यस प्रक्रियाले प्रदेशको राजस्व नीति, बजेट आवश्यकता र आर्थिक प्राथमिकताबीच समन्वय कायम गर्ने आधार प्रदान गर्दछ।

ख. कार्यान्वयन अवस्था, सवाल तथा चुनौती

प्रदेश आर्थिक ऐनले प्रदेशको वार्षिक राजस्व परिचालनका लागि स्पष्ट कानुनी आधार प्रदान गरेको छ। आर्थिक वर्ष २०८२/८३ का लागि जारी गण्डकी प्रदेश आर्थिक ऐन, २०८२ ले विभिन्न कर तथा गैरकर राजस्वका दायरा र दरहरूलाई समेटेको छ। साथै, ऐनले यी राजस्व शीर्षकहरूको सङ्कलन गर्ने निकाय, कोषमा दाखिला गर्ने व्यवस्था, बाँडफाँट प्रक्रिया, दर घटाउने/बढाउने वा छुट दिने अधिकार र राजस्व प्रशासनसम्बन्धी व्यवस्था स्पष्ट गरेको छ। यस दृष्टिले आर्थिक ऐन प्रदेशको वार्षिक राजस्व नीति कार्यान्वयन गर्ने मुख्य कानुनी साधनका रूपमा रहेको छ। यद्यपि यसको कार्यान्वयनका दृष्टिले देखिएका महत्त्वपूर्ण सवालहरू देहायअनुसार रहेका छन्:

पहिलो, आर्थिक ऐनमा धेरै राजस्वका शीर्षकहरू समावेश भए पनि तिनको सङ्कलन विभिन्न निकायमा छरिएका छन्। जसमध्ये घरजग्गा रजिष्ट्रेशन शुल्क स्थानीय तह वा भूमि प्रशासन कार्यालयसँग, सवारी साधन कर प्रदेश यातायात व्यवस्था कार्यालयसँग, कृषि आयमा कर तथा कृषि उपज बिक्री र सेवा शुल्क कृषि विकास कार्यालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा कार्यालयसँग, पर्यटन शुल्क पर्यटन तथा उद्योग व्यापार प्रशासन एकीकृत सेवा कार्यालयसँग, प्राकृतिक स्रोत शुल्क स्थानीय तहसँग, वातावरण व्यवस्थापन दस्तुर र अन्य सेवा शुल्क विषयगत कार्यालयहरूसँग जोडिएका छन्। यस्तो बहु-निकाय सङ्कलन प्रणालीमा नियमित अभिलेख, रकम दाखिला, प्रदेश-स्थानीय बाँडफाँट, डिजिटल प्रतिवेदन र राजस्व हिसाब मिलान प्रक्रिया कमजोर भएमा प्रदेशको यथार्थ राजस्व अवस्था तथा प्रक्षेपणमा असर पर्न सक्छ।

दोस्रो, आर्थिक ऐनमा दर निर्धारण तथा छुट/सहुलियतका व्यवस्था भए पनि सबै कर तथा गैरकर राजस्वका दरहरू नियमित रूपमा कराधार, सेवा लागत, बजार मूल्य, आर्थिक गतिविधि, करदाताको आर्थिक क्षमता र राजस्व सम्भावनाको तथ्याङ्कीय विश्लेषणका आधारमा पुनरावलोकन भएको स्पष्ट प्रमाण देखिँदैन। बजेट तर्जुमा तथा कार्यान्वयनसम्बन्धी निर्देशिका, २०८० ले कार्यालयगत राजस्व अनुमान, मन्त्रालयगत प्रस्ताव, बजेट प्रणालीमार्फत विवरण पेश गर्ने र आर्थिक विधेयकलाई बजेट प्रक्रियासँग जोड्ने आधार दिएको भए पनि दर निर्धारणलाई अझ बढी तथ्यमा आधारित बनाउन बजेट कार्यान्वयन पछिको समीक्षा, राजस्वको प्रभाव विश्लेषण, राजस्वसम्बन्धी विषयगत तथ्याङ्कको अभिलेख तथा विश्लेषण प्रक्रियालाई संस्थागत गर्नुपर्ने देखिन्छ।

तेस्रो, आर्थिक ऐनले कृषि आयमा कर, पर्यटन शुल्क, प्राकृतिक स्रोत शुल्क, वातावरण व्यवस्थापन दस्तुर, वन पैदावार बिक्री शुल्क र अन्य सेवा शुल्कजस्ता सम्भावनायुक्त स्रोतहरूलाई कानुनी आधार दिएको छ। तथापि, यी स्रोतहरूको प्रभावकारी परिचालनमा कराधार पहिचान, करदाता वा सेवाग्राहीको अभिलेख, कार्यालयगत क्षमता, स्थानीय तहसँगको समन्वय, अनुगमन प्रणाली र डिजिटल सङ्कलन व्यवस्थामा निर्भर रहेको छ। विशेषगरी कृषि आयमा कर व्यावहारिक रूपमा अझै स्पष्ट कराधार र सङ्कलन संरचनामा स्पष्ट हुन सकेको छैन भने सङ्घीय ऐनले अवरोध गरेको अवस्था छ। पर्यटन शुल्क, प्राकृतिक स्रोत शुल्क र वातावरण व्यवस्थापन दस्तुरजस्ता स्रोतहरूमा सम्भावना भए पनि सङ्कलन प्रणालीलाई थप व्यवस्थित गर्नुपर्ने अवस्था देखिन्छ।

यसैले, प्रदेश आर्थिक ऐन गण्डकी प्रदेशको वार्षिक राजस्व परिचालनको प्रमुख कानूनी आधार भए पनि यसको प्रभावकारिता बढाउन तथ्याङ्कमा आधारित दर निर्धारण, एकीकृत राजस्व सूचना प्रणाली, अनलाइन सेवा तथा डिजिटल भुक्तानी स्थानीय तहसँग प्रभावकारी समन्वय तथा नियमित राजस्व समीक्षा प्रणाली सुदृढ गर्न आवश्यक देखिन्छ।

२.४.३ राजस्वसँग सम्बन्धित प्रमुख विषयगत प्रदेश कानुन

क. व्यवस्था

गण्डकी प्रदेशको राजस्व परिचालन कर तथा गैरकर राजस्वसम्बन्धी मूल ऐन र वार्षिक आर्थिक ऐनमा मात्र सीमित छैन। विभिन्न विषयगत क्षेत्रहरू (जस्तैः पर्यटन, उद्योग, व्यवसाय दर्ता, यातायात, वन, वातावरण, खानी तथा खनिज, जलस्रोत, कृषि व्यवसाय, सहकारी तथा प्रदेश-स्थानीय समन्वय) सँग सम्बन्धित प्रदेश कानुनहरूले दर्ता, इजाजत, नवीकरण, सेवा शुल्क, दस्तुर, जरिवाना, अनुमति, नियमन, राजस्व लेखाङ्कन तथा अभिलेख व्यवस्थापनमार्फत राजस्व परिचालनमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्दछन्। राजस्वसँग सम्बन्धित विद्यमान प्रमुख विषयगत प्रदेश कानुनहरू देहायबमोजिम प्रस्तुत गरिएको छ।

तालिका नं. 4: राजस्वसँग सम्बन्धित विद्यमान प्रमुख विषयगत प्रदेश कानुन

राजस्वको विषय क्षेत्र	प्रमुख विषयगत कानुन	राजस्वसँग सम्बन्धित मुख्य प्रावधान
पर्यटन	गण्डकी प्रदेश पर्यटन ऐन, २०७९ तथा नियमावली, २०७९; होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६	पर्यटन व्यवसाय दर्ता, इजाजतपत्र, नवीकरण, वर्गीकरण, पर्यटन सेवा शुल्क, पथप्रदर्शक/गाइड दर्ता, ट्राभल/ट्रेकिङ/ होटल/होमस्टे/साहसिक पर्यटनसम्बन्धी अनुमति, होमस्टे दर्ता तथा नवीकरण शुल्क, स्थानीय तहबाट दर्ता/नवीकरण र राजस्व बाँडफाँट, अभिलेख व्यवस्थापन, अनुगमन, दण्ड जरिवाना

राजस्वको विषय क्षेत्र	प्रमुख विषयगत कानुन	राजस्वसँग सम्बन्धित मुख्य प्रावधान
उद्योग तथा औद्योगिक व्यवसाय	प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५; गण्डकी प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८०	उद्योग दर्ता, अनुमति, नवीकरण, नामसारी, ठाउँसारी, क्षमता वृद्धि, उद्देश्य परिवर्तन, पूँजी वृद्धि, खारेजी, प्रमाणपत्र प्रतिलिपि, सेवा दस्तुर, उद्योग अभिलेख, उद्योग अनुगमन, दण्ड जरिवाना, स्थानीय तहको सिफारिस/समन्वय आवश्यक हुने उद्योग स्थापना वा सञ्चालन-सम्बन्धी प्रक्रिया
प्राइभेट फर्म तथा साझेदारी फर्म	गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८ र नियमावली, २०७९; गण्डकी प्रदेश साझेदारी फर्म ऐन, २०८१	फर्म दर्ता, नवीकरण, विवरण संशोधन, नाम परिवर्तन ठेगाना परिवर्तन नामसारी शाखा थप खारेजी प्रमाणपत्र प्रतिलिपि सेवा दस्तुर विलम्ब शुल्क दण्ड जरिवाना व्यवसाय अभिलेख स्थानीय तहको व्यवसाय दर्ता/व्यवसाय करसँग तथ्याङ्क समन्वय
यातायात तथा सवारी सेवा	प्रदेश सवारी तथा यातायातसम्बन्धी व्यवस्था गर्न बनेको ऐन; गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८०; गण्डकी प्रदेश राइड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली, २०८२	सवारी दर्ता, नवीकरण, नामसारी रुट अनुमति यातायात सेवा अनुमति, चालक अनुमतिपत्रसम्बन्धी सेवा, सवारी जाँचपास प्रदूषण जाँच दस्तुर जरिवाना राइड सेयरिङ सेवा दर्ता/नियमन डिजिटल यातायात सेवा अभिलेख, स्थानीय सडक/पूर्वाधार उपयोग शुल्कसँग दोहोरोपन न्यूनीकरण
वन तथा वन पैदावार	गण्डकी प्रदेश वन ऐन, २०८०; नियमावली, २०८१; वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनसम्बन्धी निर्देशिका	काठ, दाउरा,लगायत काठ वन पैदावर बिक्री जडीबुटी लगायत गैरकाष्ठ वन उत्पादन, अनुमति, सङ्कलन, कटान, ओसारपसार ढुवानी निकासी वन व्यवस्थापन शुल्क दण्ड जरिवाना जफत सामुदायिक वन/कबुलियती वन व्यवस्थापन शुल्क; स्थानीय उपभोक्ता समूह र स्थानीय तहसँग अभिलेख तथा अनुगमन समन्वय
वातावरण व्यवस्थापन	गण्डकी प्रदेश वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली २०७७; वातावरणीय अध्ययन र वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा प्रयोग गर्दा अपनाउनुपर्ने कार्यविधि,२०८०	वातावरणीय अध्ययन; प्रारम्भिक वातावरणीय परीक्षण; वातावरणीय प्रभाव मूल्याङ्कन; स्वीकृति दस्तुर; वातावरण व्यवस्थापन दस्तुर; प्रदूषण नियन्त्रण; उद्योग/आयोजना अनुपालन; अनुगमन; मापदण्ड उल्लङ्घनमा जरिवाना; स्थानीय तहसँग वातावरणीय अनुगमन र सिफारिससम्बन्धी समन्वय
खानी, खनिज तथा नदीजन्य स्रोत	गण्डकी प्रदेश खानी तथा खनिज पदार्थ अन्वेषण र व्यवस्थापन ऐन, २०८२	खानी तथा खनिज पदार्थ अन्वेषण; अनुमति; व्यवस्थापन; दस्तुर; रोयल्टी/शुल्कसम्बन्धी आधार; दण्ड जरिवाना; निर्माणजन्य खनिज पदार्थ; ढुङ्गा, गिट्टी, बालुवा, माटो, स्लेटसम्बन्धी व्यवस्थापन; स्थानीय तहले व्यवस्थापन गर्न नसक्ने अवस्थामा स्थानीय तहको अनुरोधमा प्रदेश–स्थानीय सहकार्य; एकभन्दा बढी स्थानीय तहमा फैलिएको स्रोतमा सहकार्य; अभिलेख र बाँडफाँट समन्वय
विद्युत तथा जलस्रोत	गण्डकी प्रदेश विद्युत विकास ऐन, २०८२; गण्डकी प्रदेश सिंचाइ ऐन, २०७८; गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ ऐन, २०७९	विद्युत आयोजना अनुमति; सर्वेक्षण अनुमति; उत्पादन/प्रसारण/वितरणसम्बन्धी इजाजत; नवीकरण; सेवा दस्तुर; आयोजना अभिलेख; जलस्रोत उपयोग; सिंचाइ सेवा; खानेपानी सेवा; प्राकृतिक स्रोत रोयल्टीसँग सम्बन्धित सूचना आधार; आयोजना प्रभावित स्थानीय तहसँग समन्वय

राजस्वको विषय क्षेत्र	प्रमुख विषयगत कानुन	राजस्वसँग सम्बन्धित मुख्य प्रावधान
कृषि व्यवसाय तथा कृषि सेवा	प्रदेश कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७; गण्डकी प्रदेश बीउ बिजन ऐन, २०८०; कृषि तथा भूमि व्यवस्था मन्त्रालयबाट जारी दर/शुल्कसम्बन्धी सूचना तथा निर्देशिका	कृषि व्यवसाय दर्ता/प्रवर्द्धन; बीउ बिजन दर्ता; अनुमति; नवीकरण; गुणस्तर परीक्षण; प्रमाणिकरण; सेवा शुल्क; कृषि सेवा दस्तुर; कृषि व्यवसाय अभिलेख; कृषि आयकर कराधार पहिचानमा सहयोग; स्थानीय तहबाट कृषि व्यवसाय/उत्पादन सूचना समन्वय
सहकारी तथा बजार नियमन	सहकारी ऐन, २०७५; नियमावली, २०७६; बजार अनुगमन नियमावली, २०७६	सहकारी दर्ता; नवीकरण; नियमन; विवरण पेश; लेखापरीक्षण; अभिलेख व्यवस्थापन; बजार अनुगमन; उपभोक्ता हित संरक्षण; अनियमितता नियन्त्रण; दण्ड जरिवाना; आर्थिक गतिविधि तथा कारोबार अभिलेख
विज्ञापन तथा आमसञ्चार	गण्डकी प्रदेश आमसञ्चार ऐन, २०८०; नियमावली, २०८२; लोककल्याणकारी विज्ञापन वितरणसम्बन्धी कार्यविधिहरू	आमसञ्चार संस्था दर्ता/अभिलेख; नवीकरण; विज्ञापन वितरण; सञ्चार क्षेत्र नियमन; सेवा दस्तुर; विज्ञापन क्षेत्रको अभिलेख; विज्ञापन कर स्थानीय तहबाट सङ्कलन भई प्रदेशसँग बाँडफाँट हुने स्रोत भएकाले विज्ञापन तथ्याङ्क समन्वय
प्रदेश–स्थानीय समन्वय	गण्डकी प्रदेश तथा स्थानीय तह (समन्वय तथा विवाद समाधान) ऐन, २०७८	साझा अधिकार समन्वय; नीति समन्वय; सूचना आदानप्रदान; विवाद समाधान; संयुक्त कार्यान्वयन; घरजग्गा रजिष्ट्रेशन शुल्क; विज्ञापन कर; मनोरञ्जन कर; प्राकृतिक स्रोत शुल्क; प्रदेश हिस्साको अभिलेख; बाँडफाँट विवाद न्यूनीकरण
बजेट, योजना तथा कार्यक्रम कार्यान्वयन	बजेट तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी एकीकृत कार्यविधि, २०८१; बजेट तर्जुमा तथा कार्यान्वयनसम्बन्धी निर्देशिका	बजेट तर्जुमा; राजस्व अनुमान; कार्यालयगत राजस्व प्रक्षेपण; PLMBIS प्रविष्टि; कार्यक्रम कार्यान्वयन; स्रोत व्यवस्थापन; आयोजना प्राथमिकता; वित्तीय अनुशासन; राजस्व–व्यय सम्बन्ध; स्थानीय तहसँग सहकार्य हुने कार्यक्रमको वित्तीय विवरण
वित्तीय प्रशासन, लेखाङ्कन तथा उत्तरदायित्व	प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८; नियमावली, २०७९	प्रदेश सञ्चित कोष; राजस्व दाखिला; राजस्व लेखाङ्कन; वित्तीय प्रतिवेदन; आन्तरिक नियन्त्रण; जिम्मेवारी र जवाफदेहिता; लेखा उत्तरदायी अधिकृतको भूमिका; राजस्व तथा खर्चको अभिलेख; बेरुजु न्यूनीकरण; वित्तीय अनुशासन; राजस्व तथ्याङ्कको विश्वसनीयता

ख. कार्यान्वयन अवस्था, सवाल तथा चुनौती

गण्डकी प्रदेशमा पर्यटन, उद्योग, यातायात, वन, खानी तथा खनिज, कृषि, वातावरण, आमसञ्चार र राजस्व प्रशासनसँग सम्बन्धित विभिन्न कानुनले दर्ता, इजाजत, नवीकरण, शुल्क, दस्तुर, जरिवाना तथा नियमनमार्फत कर तथा गैरकर राजस्व परिचालनका लागि पर्याप्त कानुनी आधार प्रदान गरेका छन्। राजस्वसँग सम्बन्धित विषयक्षेत्रगत रूपमा कानुनी व्यवस्था भए पनि यसको प्रभावकारी कार्यान्वयन, कार्यालयको संस्थागत क्षमता, एकीकृत अभिलेख व्यवस्थापन, स्पष्ट दर संरचना तथा नियमित अनुगमनको अपर्याप्तता देखिन्छ। साथै, विभिन्न कार्यालयहरूमा अद्यावधिक र एकीकृत दर सूचीको कमी, कानुनी आधारको अस्पष्टता तथा राजस्व सूचना प्रणालीसँग अभिलेख पूर्ण रूपमा नजोडिँदा सेवाग्राहीमा अन्योल, राजस्व अनुमानमा कठिनाइ र सम्भावित चुहावटको जोखिम बढ्ने अवस्था रहेको छ।

जारी भएका कानुन तथा कार्यविधिको नियमित समीक्षा, नीति परीक्षण र कार्यान्वयन मूल्याङ्कन गर्ने संस्थागत अभ्यास पर्याप्त रूपमा विकसित भएको देखिँदैन। कुन कानुन वा शुल्कले कति राजस्व सिर्जना गरिरहेको छ, कुन दर व्यावहारिक छ वा संशोधन आवश्यक छ भन्ने विषयमा नियमित विश्लेषण आवश्यक छ। विशेषगरी प्रदेश-स्थानीय तहसँग सम्बन्धित राजस्व स्रोतहरूमा

प्राविधिक सहयोग, अन्तर तह राजस्व प्रणालीको अन्तरसमबन्ध, अभिलेख मिलान, प्रतिवेदन, बाँडफाँट र अनुगमन प्रणालीलाई थप व्यवस्थित बनाउनुपर्ने देखिन्छ। त्यसैले राजस्व प्रशासनलाई पारदर्शी, प्रभावकारी र सेवाग्राहीमैत्री बनाउन एकीकृत दर सूची, डिजिटल अभिलेख, नियमित दर पुनरावलोकन, तथ्याङ्क साझेदारी तथा कानुनहरूको कार्यान्वयन समीक्षा प्रणालीलाई संस्थागत गर्न आवश्यक छ।

२.५ प्रदेशको दोस्रो पञ्चवर्षीय योजना

क. व्यवस्था

गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाले राजस्वको परिचालनसम्बन्धी नीतिगत तथा कानुनी आधार सुदृढ गर्ने, राजस्व प्रशासनलाई सुदृढ तथा व्यवस्थित तुल्याउने, राजस्व प्रणालीलाई खोज र अनुसन्धानमा आधारित बनाई राजस्व वृद्धि गर्ने रूपान्तरणकारी रणनीति लिएको छ। रणनीतिलाई मुर्त रूप दिनका लागि राजस्वसम्बन्धी संस्थागत सुदृढीकरण, राजस्वका क्षेत्र विस्तार, पर्यटन सेवा शुल्क परिचालनसँगै पार्क, साहसिक तथा अन्य पर्यटकीय सेवा तथा सुविधामा आधारित राजस्व विस्तार र सङ्घ तथा स्थानीय सरकारसँग समन्वय तथा सहकार्यमा पर्यटन सेवा शुल्कको सङ्कलन एवम् परिचालन जस्ता कार्यक्रम तर्जुमा गरेको छ।

तथापि, योजनाले परिकल्पना गरेको राजस्व वृद्धि अपेक्षित रूपमा हासिल हुन सकेको देखिँदैन। प्रथम पञ्चवर्षीय योजनाले योजना अवधिमा आन्तरिक राजस्व रू. ८५० करोड पुऱ्याउने लक्ष्य लिएको भए पनि आ.व. २०७९/८० मा कुल आन्तरिक राजस्व सङ्कलन करिब रू. ५०९ करोड पुगेको छ। यस योजनाले योजनाले सोही आधार रेखाबाट रू. ७२६ करोड पुऱ्याउने लक्ष्य लिएकोमा आ.व. २०८१/८२ मा रू. ५१७ करोड पुगेको छ जुन आ.व. २०८०/८१ को लक्ष्य बराबर रहेको छ। यसले योजनागत लक्ष्य र वास्तविक राजस्व परिचालनबीच उल्लेखनीय अन्तर रहेको सङ्केत गर्दछ।

ख. कार्यान्वयन अवस्था, सवाल तथा चुनौती

राजस्व सुधारको क्षेत्रमा दोस्रो पञ्चवर्षीय योजना र यसले लिएको लक्ष्य हासिल गर्ने दिशामा देखापरेका सवाल तथा चुनौतीहरू देहायबमोजिम रहेका छन्:

(१) राजस्वको अधिकार र क्षेत्र सम्बन्धमा तहगत सरकारबीच साझा बुझाइको कमी हुनु,

(२) राजस्व सुधारको क्षेत्रमा कानुनी उल्झन कायमै रहनु र सोको समाधानमा अन्तरसरकार सहकार्य/समन्वयको कमी हुनु,

(३) योजनाको कार्यान्वयनमा आवश्यक तदारूकताको कमी हुनु

(४) राजस्व परिचालनमा संस्थागत क्षमता तथा राजस्वको विद्यमान स्रोतको कुशल व्यवस्थापनमा कमी रहुन,

(५) राजस्वका नवीन तथा सम्भाव्य स्रोतको खोजी तथा राजस्वको दायरा विस्तारमा कमी हुनु,

(६) राजस्व परिचालन सम्बन्धमा जानकारी तथा सचेतनामा कमी रहनु,

(७) राजस्व चुहावट कायम रहनु ।

दोस्रो पञ्चवर्षीय योजनाले राजस्व परिचालनको स्पष्ट नीतिगत दिशा दिएको भए पनि त्यसलाई परिणाममा रूपान्तरण गर्न कानुनी व्यवस्था, वार्षिक आर्थिक ऐन, विषयगत कार्यालय, स्थानीय तह, राजस्व परामर्श प्रक्रिया, डिजिटल अभिलेख प्रणाली र नियमित नीति समीक्षाबीच बलियो सम्बन्ध स्थापित गर्नुपर्ने देखिन्छ।

२.६ वार्षिक नीति, कार्यक्रम तथा बजेट

क. व्यवस्था

गण्डकी प्रदेशका पछिल्ला वार्षिक नीति तथा कार्यक्रम र बजेटले आन्तरिक राजस्व सुधारलाई प्रदेशको वित्तीय स्वायत्तता, स्रोत व्यवस्थापन र सेवा प्रवाहको दिगोपनासँग जोडेर प्राथमिकता दिएको देखिन्छ। आ.व. २०८०/८१ को नीति तथा कार्यक्रमले राजस्व तथा कर प्रशासनलाई व्यवस्थित बनाउन प्रदेश सरकार मातहत राजस्व सङ्कलन गर्ने निकाय परिभाषित गर्ने कुरालाई आत्मसात गरेको छ। यसैगरी, स्थानीय तहले लिन सक्ने कर सम्बन्धमा एकरूपता कायम गर्न प्रदेश नीति र कानुन तर्जुमा र प्रदेश विभाज्य कोषमा दाखिला गर्नुपर्ने राजस्व समयमा नै दाखिला गर्न प्रोत्साहन गर्ने कुरालाई समावेश गरेको छ। आन्तरिक राजस्व विस्तारका लागि जग्गाको न्यूनतम मूल्यमा भइरहेको कारोबारलाई यथार्थ मूल्यमा कारोबार हुनेगरी स्वचालित र वैज्ञानिक मूल्याङ्कन प्रणालीको अवलम्बन गर्ने कुरालाई पनि समेटेको छ। प्रदेश सरकारलाई नियमित आम्दानी हुने गरी खनिज उत्खनन र जलविद्युत् लगानीको सम्भाव्यता अध्ययन र पूर्वतयारीको कार्य प्रारम्भ गरी आय वृद्धि हुने गरी वन क्षेत्रको वर्गीकरण, विकास, संरक्षण र उपयोग गर्ने कार्यलाई जोड दिएको छ।

आ.व. २०८०/८१ को बजेट तथा कार्यक्रममा राजस्व क्षेत्रको गुणात्मक सुधारका लागि राजस्व सुधार योजनाको कार्यान्वयन अवस्थासम्बन्धी अध्ययन, स्थानीय तहको राजस्व सुधार कार्ययोजना निर्माणमा सहयोग, प्रदेश सरकारको आन्तरिक राजस्व सम्बन्धमा विषयगत मन्त्रालय/निकाय तथा सरोकारवालासँग छलफल, राजस्वका सम्भाव्य श्रोतको पहिचान तथा क्षेत्र विस्तार सम्बन्धमा अध्ययन र राजस्व परिचालन तथा बजेट कार्यान्वयनलगायत असल सिकाइको आदान प्रदान कार्यक्रमलाई समावेश गरेको छ। उपरोक्त कार्यक्रमहरूमा यस आ.व. मा कुल रू. १ करोड ३१ लाख ५० हजार बजेट विनियोजन भएको छ।

आ.व. २०८१/८२ को नीति तथा कार्यक्रममा राजस्वको दायरा वृद्धि र कर सङ्कलनलाई अनुमानयोग्य बनाउन राजस्व प्रशासनको नीतिगत र संरचनागत सुधार गर्न व्यवस्था गरेको छ। नीति तथा कार्यक्रममा राजस्व सङ्कलन गर्ने अन्तर तह र प्रदेशका निकायबीच सामञ्जस्यता कायम गरी आन्तरिक आयको अभिवृद्धि गर्ने सवाललाई समेटिएको छ। यसैगरी, घरजग्गाको न्यूनतम मूल्याङ्कन र बजार मूल्यमा हुने कारोबारको अन्तर कम गर्दै जग्गा कारोबारको आधारमा रजिष्ट्रेशन शुल्क कायम गरी राजस्व सङ्कलनको दायरा अभिवृद्धि विषय समावेश गरिएको छ।

आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रममा स्थानीय तहका राजस्व परामर्श समितिका पदाधिकारी र कर्मचारीहरूलाई राजस्व व्यवस्थापनसम्बन्धी तालिम, बजेट पूर्व र पश्चात राजस्व परिचालनसम्बन्धी अन्तरक्रिया, राजस्व व्यवस्थापनका लागि साङ्गठनिक संरचनाको अध्ययन, राजस्व परिचालन तथा बजेट कार्यान्वयन लगायत असल सिकाई अनुभव आदान प्रदान, आर्थिक ऐनको कार्यान्वयन एवम् राजस्व सङ्कलन कार्यको अवस्थासम्बन्धी स्थानीय तहसँग/राजस्व सङ्कलन गर्ने कार्यालयसँग/विषय विज्ञ/सरोकारवालाहरूसँग अन्तरक्रिया एवम् अभिमुखीकरण कार्यक्रम समावेश भएका छन्। उपरोक्त कार्यक्रमहरूमा विनियोजित कुल बजेट रू. ७९ लाख ५० हजार रहेको छ।

आ.व. २०८२/८३ को नीति तथा कार्यक्रमले तहगत समन्वयमा करको दायरा विस्तार, कर सचेतना, कर प्रशासनमा सुधार एवम् कर सहभागिता अभिवृद्धि गरी प्रदेश तथा स्थानीय सरकारको आन्तरिक आय वृद्धि गर्ने कुरालाई जोड दिएको छ। राजस्व क्षेत्रको समग्र सुधारका लागि राजस्व परामर्श समितिको अध्ययन प्रतिवेदनको सुझाब तदारुकता साथ परिपालन गर्ने विषय समेटिएको छ। प्रदेश कानुन बमोजिम आर्थिक मामिला मन्त्रालय अन्तर्गत एक राजस्व व्यवस्थापन कार्यालय स्थापना गरी कर सङ्कलन, कर परिपालन, अभिलेखाङ्कन प्रणालीको विकास र राजस्व चुहावट नियन्त्रण गर्ने नीति लिएको छ।

आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रममा राजस्व सुधारका लागि व्यावहारिक तथा संरचनागत सुधारका सवालहरूलाई समावेश गरिएको छ । जसअन्तरगत अन्तरसरकार तहगत समन्वय र करको दायरा विस्तार अध्ययन, आर्थिक ऐनको कार्यान्वयन एवम् राजस्व सङ्कलन कार्यको अवस्थासम्बन्धी सरोकारवालाहरूसँग अन्तरक्रिया तथा अभिमुखीकरण गोष्ठी, प्रदेश सरकारको आन्तरिक राजस्व सम्वन्धमा विषयगत मन्त्रालय/निकाय तथा सरोकारवालासँग छलफल, प्रादेशिक राजस्व सम्भाव्यता अध्ययन तथा सुधार योजना निर्माण र राजस्व व्यवस्थापनका लागि साङ्गठनिक संरचनाको अध्ययन जस्ता कार्यक्रमहरू समावेश गरिएको छ। उपरोक्त कार्यक्रमहरूमा विनियोजित कुल बजेट रू. ७६ लाख ९९ हजार रहेको छ।

ख. कार्यान्वयन अवस्था, सवाल तथा चुनौती

वार्षिक नीति तथा कार्यक्रम र बजेटमा राजस्व सुधारसम्बन्धी विषयहरू निरन्तर रूपमा समावेश हुँदै आएका छन्। यसले प्रदेश सरकारले आन्तरिक राजस्व विस्तार, राजस्व प्रशासन सुधार, कराधार पहिचान, स्थानीय तहसँग समन्वय, आर्थिक ऐनको कार्यान्वयन समीक्षा र राजस्व चुहावट नियन्त्रणलाई प्राथमिकतामा राखेको देखाउँछ। तथापि, नीति तथा बजेट अनुरूपका प्राथमिकताहरूलाई कार्यान्वयनयोग्य नतिजामा रूपान्तरण गर्ने पक्ष अझै सुदृढ हुनपर्ने देखिन्छ। वार्षिक नीति तथा प्रमुख कार्यक्रम कार्यान्वयनमा देहायअनुसार सवाल तथा चुनौती रहेका छन्:

१) दोस्रो पञ्चवर्षीय योजनाको नीति तथा कार्यक्रमसँग र नीति तथा कार्यक्रमको वार्षिक बजेटसँगको तालमेलमा कमी हुनु;
२) राजस्व सुधारको क्षेत्रमा राजस्व परामर्श समितिबाट आएका सुझाबहरूको कार्यान्वयनमा कानुनी तथा व्यावहारिक कठिनाइहरू कायम रहनु;
३) प्रदेशको आन्तरिक राजस्वको कृषि, खनिज, वन तथा पर्यटन जस्ता क्षेत्रमा कानुनी स्पष्टताको कमी र तहगत सरकारबीच साझा बुझाइ कमी हुनु;
४) आन्तरिक राजस्व सुधारमा भएका पहल एवम् कार्यक्रमको प्रभावकारीतामा कमी हुनु।

आन्तरिक राजस्व सुधारमा दोस्रो पञ्चवर्षीय योजनासँग नीति तथा कार्यक्रम र वार्षिक बजेटसँग आवद्ध गर्न कार्यान्वयन योजना तयार गरी वार्षिक रूपमा लक्ष्य तथा कार्यक्रम प्रस्ताव गरिएको छ। आन्तरिक राजस्व सुधारका लागि कानुनी तथा संस्थागत सुधारका लागि वार्षिक बजेटमा कार्यक्रमहरू समावेश हुने गरेका छन्। गण्डकी प्रदेशको राजस्व सम्भावना तथा व्यवस्थापन अध्ययन, २०७९ ले सम्भावनाका क्षेत्रहरू पहिचान गरी सुधारका लागि सुझाब दिएको छ। प्रदेश स्थापना पछिको अवधिमा आन्तरिक राजस्वको आधार २ गुणा भन्दा बढिले बढेको छ। आर्थिक वर्ष २०८१।८२ सम्म आइपुग्दा वार्षिक बजेटमा आन्तरिक राजस्वको हिस्सा करिव १ चौथाइ मात्र रहेको छ।

अध्याय तीनः प्रदेश राजस्व परिचालन परिदृष्य तथा वस्तुस्थिति विश्लेषण

३.१ परिचय

गण्डकी प्रदेशको वित्तीय स्वायत्तता, विकासात्मक प्राथमिकताको स्वतन्त्र कार्यान्वयन र संविधानद्वारा प्रत्याभूत प्रदेश सरकारका जिम्मेवारीको प्रभावकारी निर्वाहका लागि दिगो, पूर्वानुमानयोग्य तथा सुदृढ आन्तरिक राजस्व प्रणाली अपरिहार्य पूर्वशर्त हो। सङ्घीय शासन प्रणाली कार्यान्वयनको आठ वर्षको अवधिमा गण्डकी प्रदेश सरकारले संस्थागत संरचना निर्माण, प्रशासनिक क्षमता विकास तथा राजस्व परिचालनको आधार निर्माणमा उल्लेखनीय प्रयास गरेको भए तापनि प्रदेशको आन्तरिक राजस्व सङ्कलन अवस्थामा उल्लेख्य सुधार हुन सकेको छैन।

प्रदेश सरकारको वित्तीय संरचना हेर्दा सङ्घीय वित्तीय हस्तान्तरण, समानीकरण अनुदान, सशर्त अनुदान तथा राजस्व बाँडफाँटबाट प्राप्त स्रोतमा उच्च निर्भरता रहेको छ। आफ्नै स्रोतबाट परिचालन हुने राजस्वको हिस्सा सीमित हुनु प्रदेशको वित्तीय स्वायत्तता सुदृढीकरणमा चुनौतीका रूपमा देखिएको छ। यद्यपि गण्डकी प्रदेश प्राकृतिक स्रोत, पर्यटन, कृषि, सेवा क्षेत्र तथा औद्योगिक विकासका दृष्टिले अत्यन्त सम्भावनायुक्त प्रदेश हो। यसका बाबजुद उपलब्ध आर्थिक सम्भावनालाई राजस्व प्रणालीसँग प्रभावकारी रूपमा जोड्न आवश्यक छ।

गण्डकी प्रदेशमा पर्याप्त आर्थिक सम्भावना, संवैधानिक अधिकार तथा प्राकृतिक स्रोत उपलब्ध भए तापनि संरचनागत, नीतिगत, प्रशासनिक तथा राजनीतिक कारणहरूले पूर्ण राजस्व क्षमता उपयोग हुन सकेको छैन। यसको सुधारका लागि दीर्घकालीन रणनीतिक हस्तक्षेप आवश्यक छ। यस अध्यायमा गण्डकी प्रदेशको विद्यमान राजस्व संरचना, आर्थिक आधार, राजनीतिक अर्थव्यवस्थाको विशिष्ट परिवेश, सामाजिक–आर्थिक अवस्था, साझा राजस्व अधिकार परिचालनको अवस्था, संस्थागत क्षमता तथा राजस्व परिचालनका सम्भावना र अवरोधहरूको विषयगत विश्लेषण गरिएको छ।

३.२ गण्डकी प्रदेशको संक्षिप्त चिनारी तथा समष्टिगत आर्थिक अवस्था

गण्डकी प्रदेश भौगोलिक विविधता, प्राकृतिक स्रोत-सम्पदा, पर्यटन सम्भावना, कृषि उत्पादन क्षमता तथा सेवा क्षेत्रको विस्तारका दृष्टिले विशिष्ट पहिचानयुक्त प्रदेश हो। यस प्रदेशको कुल क्षेत्रफल करिब २१ हजार ७३३ वर्ग किलोमिटर रहेको छ, जुन नेपालको कुल क्षेत्रफलको करिब १४.६ प्रतिशत हिस्सा हो। राष्ट्रिय जनगणना २०७८ अनुसार प्रदेशको कुल जनसङ्ख्या करिब २४ लाख ६६ हजार ४२७ रहेको छ, जुन नेपालको कुल जनसङ्ख्याको ८.४६ प्रतिशत हो। यस प्रदेशको जनघनत्व प्रति वर्ग किलोमिटर ११५ जना रहेको छ भने वार्षिक जनसङ्ख्या वृद्धिदर ०.२५ प्रतिशत रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार प्रदेशको कुल जनसङ्ख्या २४,६६,४२७ रहेको छ यसले प्रदेशमा बाह्य बसाइँसराइको दर बढ्दो क्रममा रहेको स्पष्ट दर्शाउँछ। नेपाल मानव विकास प्रतिवेदन, २०२० अनुसार यस प्रदेशको मानव विकास सूचकाङ्क ०.६२४ रहेको छ जुन राष्ट्रिय औषत ०.५८७ भन्दा माथि रहेको छ। यस प्रदेशको साक्षरता दर, विद्युत पहुँच, खानेपानी तथा सरसफाइ सुविधामा पहुँच तथा सामाजिक पूर्वाधार विकासका सूचकहरू सापेक्ष रूपमा सुदृढ देखिन्छन्। तथापि, ग्रामीण-शहरी असमानता, युवा जनशक्तिको वैदेशिक पलायन तथा उत्पादनशील उमेर समूहको बाह्य निर्भरता प्रादेशीक अर्थतन्त्र निर्माणका दीर्घकालीन चुनौतीका रूपमा रहेका छन्। आ.व. २०८१/८२ मा गण्डकी प्रदेशको गरिबी दर १० प्रतिशत रहेको छ, जवकी राष्ट्रिय औषत गरिबीको दर २० प्रतिशत रहेको छ। तथापि पहाडी तथा हिमाली जिल्लाहरूमा आय असमानता र पहुँचमा विभेद कायम रहनुले समावेशी आर्थिक वृद्धि तथा राजस्व परिचालन क्षमतामा प्रत्यक्ष प्रभाव पारिरहको छ।

यस प्रदेशमा ११ जिल्ला, १८ प्रतिनिधि सभा निर्वाचन क्षेत्र, ३६ वटा प्रदेश सभा निर्वाचन क्षेत्र, ५८ वटा गाउँपालिका, २६ वटा नगरपालिका र १ वटा महानगरपालिका सहित ८५ वटा स्थानीय तह र सोअन्तर्गत ७५९ वडाहरू रहेका छन्। भौगोलिक रूपले गण्डकी प्रदेश छिमेकी मुलुक चीन तथा भारतसँग जोडिएको छ भने यस प्रदेशले हिमाल पारीका जिल्ला मनाङ र मुस्ताङ एवम् तराइ तथा भित्री मधेसको क्षेत्रलाई समेटेको छ। पोखरा महानगरपालिका यस प्रदेशमा रहेको एकमात्र महानगरपालिका हो जहाँ प्रदेशको केन्द्र रहेको छ।

तालिका नं. 5: विगत ३ आर्थिक वर्षका प्रदेश आर्थिक परिसूचकहरू

प्रदेशको नाम	आर्थिक वर्ष	आर्थिक परिसूचक					
		कुल गार्हस्थ्य उत्पादन (रू. अर्बमा)	राष्ट्रिय उत्पादनमा अंश (%)	आर्थिक वृद्धिदर (%)	प्रदेश कुल गार्हस्थ्य उत्पादन (GDP) मा		
					कृषि क्षेत्रको योगदान (%)	उद्योग क्षेत्रको योगदान (%)	सेवा क्षेत्रमा योगदान (%)
गण्डकी	२०७९/८०	४२८.६२	८.९६	३.८०	२६.४	१६.९	५६.७
	२०८०/८१	४५५.५०	९.००	४.०९	२७.२	१६.२	५६.६
	२०८१/८२	४८२.८५	८.९८	५.५१	२७.१	१७.१	५५.८
कोशी	२०७९/८०	७५३.८७	१५.७६	२.१६	३३.३	१६.३	५०.४
	२०८०/८१	८००.९९	१५.८४	३.३१	३४.	१५.५	५०.५
	२०८१/८२	८५५.०९	१५.८९	३.३४	३४.४	१५.७	४९.९
मधेश	२०७९/८०	६५२.२२	१३.६३	१.००	३५.१	११.४	५३.५
	२०८०/८१	६६७.००	१३.०७	३.७४	३६.	१०.८	५३.२
	२०८१/८२	७०८.१८	१३.१६	४.५०	३६.९	१०.५	५२.६
बागमती	२०७९/८०	१७२८.११	३६.१२	१.९१	१२.	११.	७७.
	२०८०/८१	१८३०.५५	३५.८७	३.७०	१२.३	१०.६	७७.१
	२०८१/८२	१९६४.५२	३६.५२	५.१८	१२.४	१०.५	७७.१
लुम्बिनी	२०७९/८०	६७९.६३	१४.२१	१.९४	३०.	१४.३	५५.७
	२०८०/८१	७२२.१४	१५.१३	३.९४	३०.९	१३.६	५५.५
	२०८१/८२	७६५.३७	१४.२३	४.७०	३१.५	१३.४	५५.१
कर्णाली	२०७९/८०	२०२.८८	४.२४	२.१४	२९.८	९.९	६०.३
	२०८०/८१	२१६.७२	४.२५	३.२८	३०.३	९.४	६०.३
	२०८१/८२	२२५.१४	४.१९	४.७४	३१.६	९.६	५८.८
सूदुर पश्चिम	२०७९/८०	३३९.०७	७.०९	१.४७	३२.९	१३.३	५३.९
	२०८०/८१	३६०.५१	७.०६	३.२८	३३.९	१२.५	५३.६
	२०८१/८२	३७८.४४	७.०३	३.३२	३५.	१२.३	५२.७
नेपाल	२०७९/८०	४७५७.३९	१००.००	१.९८	२४.५	१३.	६२.५
	२०८०/८१	५०५३.४१	१००.००	३.६७	२४.९	१३.२	६१.९
	२०८१/८२	५३७९.५९	१००.००	४.६१	२५.	१३.२	६१.८

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदन २०८२, ८३ र नेपाल सरकार आर्थिक सर्भेक्षण प्रतिवेदन २०८१/८२

गण्डकी प्रदेशको समष्टिगत आर्थिक संरचनालाई हेर्दा सेवा क्षेत्र प्रदेश अर्थतन्त्रको प्रमुख आधारका रूपमा रहेको छ। जसअन्तर्गत पर्यटन, होटल तथा रेष्टुरेण्ट व्यवसाय, यातायात सेवा, बैङ्किङ, शिक्षा तथा स्वास्थ्य सेवाले प्रदेश कुल गार्हस्थ्य उत्पादनमा उल्लेखनीय योगदान पुऱ्याइरहेका छन्। प्रादेशिक आर्थिक तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशको कुल

गार्हस्थ्य उत्पादन करिब रू. ४२९ अर्ब रहेको थियो भने त्यसपछिका वर्षहरूमा यसको आकार विस्तार भई चालु आर्थिक वर्षमा करिब रू. ४८३ अर्ब हाराहारी पुगेको अनुमान गरिएको छ। चालु आर्थिक वर्षमा प्रदेशको आर्थिक वृद्धिदर राष्ट्रिय औसतभन्दा अधिक करिब ५.५ प्रतिशत अनुमान गरिएको छ, जसले यस प्रदेशलाई देशकै तिव्र आर्थिक वृद्धि हासिल गर्ने प्रदेशका रूपमा स्थापित गरेको छ। प्रदेशको प्रतिव्यक्ति आय पनि राष्ट्रिय औसतभन्दा उच्च रहेको छ, जुन पर्यटन, सेवा क्षेत्र तथा वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणको प्रभावसँग प्रत्यक्ष सम्बन्धित छ। कृषि क्षेत्रले अझै महत्त्वपूर्ण योगदान दिइरहेको भए तापनि यसको संरचनागत रूपान्तरण, व्यावसायीकरण तथा विविधीकरण अपेक्षित गतिमा हुन सकेको छैन। उद्योग क्षेत्रको योगदान सीमित भए पनि जलविद्युत, निर्माण तथा साना-मझौला उद्योगत तथा लघु उद्यमको विस्तारले राजस्व आधार विस्तार गर्ने सम्भावना देखाएको छ।

वित्तीय दृष्टिकोणबाट गण्डकी प्रदेशको कुल बजेट संरचना सङ्घीय वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँट तथा आन्तरिक स्रोत राजस्वमा आधारित रहेको छ। चालु आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश सरकारले रू. ३१.९७ अर्बको बजेट प्रस्तुत गरेकोमा जुन अघिल्लो आर्थिक वर्षको तुलनामा केही सङ्कुचित आकारको भए पनि स्रोत व्यवस्थापन तथा व्यय प्राथमिकताको पुनर्संरचनातर्फ उन्मुख देखिन्छ। प्रस्तुत बजेटमध्ये करिब रू. ५.४५ अर्ब आन्तरिक राजस्व परिचालनबाट प्राप्त गर्ने लक्ष्य राखिएको छ भने सङ्घीय राजस्व बाँडफाँटबाट करिब रू. ९.७९ अर्ब, वित्तीय समानीकरण अनुदानबाट रू. ७.७३ अर्ब तथा अन्य अनुदान शीर्षकबाट थप स्रोत परिचालन गर्ने व्यवस्था गरिएको छ। प्रदेशको आन्तरिक स्रोत राजस्व संरचनामा सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, प्राकृतिक स्रोत बिक्री तथा प्रशासनिक सेवा शुल्कको योगदान उल्लेखनीय रहेको छ भने विज्ञापन कर, मनोरञ्जन कर, पर्यटन सेवा शुल्क तथा डिजिटल अर्थतन्त्रसँग सम्बन्धित नयाँ कराधारहरू अझै पूर्ण रूपमा परिचालित हुन सकेका छैनन्। यसले उपलब्ध आर्थिक सम्भावना र वास्तविक राजस्व परिचालनबीच अन्तर रहेको देखाउँछ।

रोजगारी, आय तथा उत्पादन संरचनाको दृष्टिले गण्डकी प्रदेश सम्भावनायुक्त तर सङ्क्रमणकालीन अर्थतन्त्रको चरणमा रहेको छ। पर्यटन, कृषि, निर्माण, यातायात तथा सेवा क्षेत्र रोजगारीका प्रमुख क्षेत्र भए तापनि स्वरोजगार तथा अनौपचारिक श्रम बजारको हिस्सा अझै ठूलो रहेको छ। युवा जनशक्तिको वैदेशिक रोजगारीमा उच्च निर्भरता तथा त्यसबाट प्राप्त विप्रेषणले उपभोग तथा निजी लगानीलाई टेवा दिएको भए पनि उत्पादनमूलक आन्तरिक लगानी विस्तारमा अपेक्षित प्रभाव पार्न सकेको छैन। प्रदेशमा उच्च विद्युत पहुँच, सडक सञ्जाल विस्तार, डिजिटल सेवा पहुँच तथा शैक्षिक अवस्थाले आर्थिक रूपान्तरणका लागि सकारात्मक आधार तयार गरेको छ। तथापि उत्पादनशील क्षेत्रको सीमित विस्तार, करयोग्य आर्थिक गतिविधिको पूर्ण अभिलेखीकरण नहुनु, औद्योगिक क्लस्टर विकासको अभाव तथा स्रोत व्यवस्थापनमा देखिने संरचनागत कमजोरीले प्रदेशको वास्तविक राजस्व क्षमता उपयोगमा अवरोध सिर्जना गरिरहेको छ। यस परिप्रेक्ष्यमा गण्डकी प्रदेशको समष्टिगत आर्थिक सूचकहरूले एकातर्फ उच्च सम्भावनाको सङ्केत गर्दछन् भने अर्कोतर्फ राजस्व परिचालनको दिगो आधार निर्माणका लागि नीतिगत, संस्थागत तथा प्रशासनिक सुधार अपरिहार्य रहेको स्पष्ट पारेका छन्।

राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित विगत ३ वर्षको तथ्याङ्कअनुसार गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, वन तथा माछाको योगदान सबैभन्दा उच्च रहेको छ भने प्रशासनिक र सहयोगी सेवाका क्रियाकलाप तथा पानीको आपूर्ति, ढल निकास, फोहर व्यवस्थापन क्षेत्रका उत्पादन सबभन्दा कम रहेको छ। यसैगरी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सार्वजनिक प्रशासन तथा सुरक्षा र अनिवार्य सामाजिक सुरक्षासम्बन्धी क्रियाकलापहरूको योगदान दोस्रो र तेश्रो श्रेणीक्रममा रहेको तथ्याङ्बाट देखिन्छ। निर्माण र थोक तथा खुद्रा व्यापार, मोटरगाडी र मोटरसाइकलको मर्मतको योगदान चौथो पाँचौ श्रेणीक्रममा रहेको छ।

चित्र: प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान



यसैगरी खानी तथा उत्खनन र पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलापको योगदान प्रदेशमा निकै कम (०.६ प्रतिशतको हाराहारी) मा रहेको छ। यसबाट गण्डकी प्रदेशको अर्थतन्त्र कृषिबाट औद्योगिक र सेवा क्षेत्रका प्रवेश गर्न नसकेको देखिन्छ।

तालिका नं. 6: प्रदेशका कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान

क.सं.	औद्योगिक वर्गीकरणअनुसार प्रदेशको कुल गार्हस्थ्य उत्पादनका क्षेत्र	आ.व.अनुसार विगत ५ वर्षको प्रदेश गाहस्थ्य उत्पादन संरचनागत अवस्था					
		२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	श्रेणीक्रम
१.	कृषि, वन तथा माछापालन	२८.०४	२६.४०	२५.६८	२६.५३	२७.१०	१
२.	खानी तथा उत्खनन्	०.८१	०.८०	०.७३	०.६९	०.६७	१४
३.	औद्योगिक उत्पादन	३.६६	३.६५	३.२८	३.१५	३.२०	११
४.	विद्युत, ग्याँस, बाफ तथा वातानुकूलित सेवा	३.७२	४.५७	४.५७	४.६६	५.१०	९
५.	पानीको आपूर्ति, ढल निकास, फोहर व्यवस्थापन	०.५२	०.४६	०.४२	०.४०	०.३९	१७
६.	निर्माण	९.१५	९.१४	८.६०	७.९८	७.७७	४
७.	थोक तथा खुद्रा व्यापार, मोटरगाडी र मोटरसाइकलको मर्मत	८.९७	८.९८	७.९५	७.६४	७.९८	५
८.	यातायात तथा भण्डारण	४.२६	४.८३	५.३१	५.३७	५.७३	८
९.	आवास तथा भोजन सेवासम्बन्धी क्रियाकलापहरू	३.१३	३.१५	३.७९	४.६७	४.८१	१०
१०.	सूचना तथा सञ्चार	२.७४	२.५२	२.३६	२.३४	२.३५	१२
११.	वित्तीय तथा बिमासम्बन्धी क्रियाकलापहरू	६.५५	६.४०	६.४०	५.८५	६.०३	६
१२.	घरजग्गा कारोवारका व्यावसायिक क्रियाकलापहरू	५.३६	४.९६	५.०३	५.०४	५.०३	७

क.सं.	औद्योगिक वर्गीकरणअनुसार प्रदेशको कुल गार्हस्थ्य उत्पादनका क्षेत्र	आ.व.अनुसार विगत ५ वर्षको प्रदेश गाहस्थ्र्य उत्पादन संरचनागत अवस्था					
		२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	श्रेणीक्रम
१३.	पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू	०.६९	०.६६	०.६५	०.६७	०.६६	१५
१४.	प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू	०.३५	०.३२	०.३१	०.३१	०.३२	१८
१५.	सार्वजनिक प्रशासन तथा सुरक्षा; अनिवार्य सामाजिक सुरक्षासम्बन्धी क्रियाकलापहरू	१०.५६	११.८६	१३.०८	१२.५७	११.५१	२
१६.	शिक्षा	८.६४	८.५१	८.८३	९.११	८.२९	३
१७.	मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलापहरू	२.२७	२.२४	२.४३	२.३८	२.४०	१३
१८.	खण्ड R, S, T, U	०.५८	०.५५	०.५९	०.६२	०.६५	१६
	जम्मा	**१००**	**१००**	**१००**	**१००**	**१००**	

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालयको विवरण, २०८२/८३

३.३ वित्तीय संरचना र राजस्व निर्भरता

गण्डकी प्रदेशको वित्तीय संरचनाको विश्लेषण गर्दा प्रदेशको आय संरचनामा सङ्घीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणको हिस्सा अत्याधिक रहेको छ। सङ्घीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान तथा सङ्घीय राजस्व बाँडफाँटबाट प्राप्त रकम प्रदेशको बजेट निर्माणको मुख्य आधारका रूपमा रहेको छ। यस अवस्था सङ्घीय शासन प्रणालीको प्रारम्भिक चरणमा स्वाभाविक देखिए तापनि दीर्घकालीन रूपमा वित्तीय आत्मनिर्भरता सुदृढीकरणका दृष्टिले चुनौतीपूर्ण छ।

प्रदेश सरकारको आफ्नै स्रोत राजस्व मुख्यतः सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क, प्रशासनिक दस्तुर, प्राकृतिक स्रोत बिक्री तथा सीमित गैरकर राजस्वमा केन्द्रित रहेको छ। उपलब्ध तथ्यगत प्रवृत्तिले आफ्नै स्रोत राजस्वमा क्रमिक वृद्धि देखाए पनि कुल बजेटमा यसको अनुपात अझै अपेक्षित स्तरमा पुग्न सकेको छैन। वित्तीय संरचनामा देखिएको यस निर्भरताले प्रदेशको नीतिगत स्वायत्तता सीमित गरेको छ। सङ्घीय हस्तान्तरणमा हुने अनिश्चितता, बजेट निकासा प्रक्रियामा देखिने ढिलाइ तथा नीतिगत परिवर्तनले प्रादेशिक विकास कार्यक्रम कार्यान्वयन प्रभावित हुने अवस्था सिर्जना हुने गरेको छ।

प्रदेशको राजस्व अवस्था तथा संरचना विश्लेषण गर्दा कुल आन्तरिक राजस्व वृद्धिदर सकारात्मक (३.९१ प्रतिशत) रहेको छ। जसअन्तर्गत कर राजस्वको वृद्धिदर ३.२५ प्रतिशत रहेको छ भने गैरकर राजस्वको वृद्धिदर ८.२४ प्रतिशत रहेको छ । विगत ५ वर्षको वार्षिक औषत आन्तरिक राजस्व ९ अर्ब ३२ करोड ३३ लाख रहेको छ। चालु आ.व.को राजस्व अनुमान वार्षिक औषत आ.व. भन्दा ६६.९१ प्रतिशतले बढी रहेको र गत आ.व.को यथार्थ अनुमान भन्दा २६.६३ प्रतिशतले बढी रहेको छ।

तालिका नं. 7: विगत ५ वर्षको राजस्व सङ्कलन र वृद्धिको अवस्था

राजस्व शीर्षक	आ.व अनुसार अनुमान र परिचालनको अवस्था (रकम रू. लाखमा)						वृद्धिदर (प्रतिशत)	आ.व. २०८२/८३ को अनुमान
	२०७७/७८ को यथार्थ	२०७८/७९ को यथार्थ	२०७९/८० को यथार्थ	२०८०/८१ को यथार्थ	२०८१/८२ को यथार्थ	विगत ५ वर्षको औषत		
कर राजस्व	८४१९८	१०२८३१	१०८३०	९०१८८	१०५४७२	७८७०४	३.२५	१२४३०६
गैर कर राजस्व	१२५६१	१४१८८	१२१८९	१६२९६	१७४१४	१४५३०	८.२४	३१३०७
जम्मा	९६७५९	११७०१९	२३०१९	१०६४८४	१२२८८७	९३२३३	३.९१	१५५६१३

सङ्घीय सरकारबाट बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर, अन्तशुल्क र रोयल्टीबाहेक प्रदेश राजस्वका प्रमुख १० शीर्षकमा क्रमशः १) सवारी साधन कर, २) घरजग्गा रजिष्ट्रेशन शुल्क, ३) चालक अनुमति पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर, ४)

अन्य प्रशानिक सेवा शुल्क, ५) दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त हुने आय, ६) यातायात क्षेत्रको अन्य आम्दानी, ७) व्यवसाय रजिष्ट्रेशन दस्तुर, ८) प्रशासनिक दण्ड, जरिवाना र जफत, ९) परीक्षा शुल्क र १०) वन क्षेत्रको अन्य आय रहेका छन्। प्रदेशको एकमात्र एकल अधिकार क्षेत्रको रूपमा रहेको कृषि आयमा कर परिचालनको अवस्था सबैभन्दा न्यून रहेको छ। राजस्व बाँडफाँट र रोयल्टी बाँडफाँट समेत कर राजस्व परिचालन कुल ८६.७ प्रतिशत र गैर कर राजस्व परिचालन १३.३ प्रतिशत रहेको छ।

तालिका नं. 8: आ.व.अनुसार प्रदेशको राजस्वको अनुमान तथा परिचालनको अवस्था

प्रदेश कर तथा गैर शीर्षक	अनुमान/ परिचालन	आ.व अनुसार अनुमान र परिचालनको अवस्था (रकम रू. लाखमा)						परिचालन श्रेणीक्रम
		२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	औषत	
कृषि आयमा कर	अनुमान	१५	०	०.०५	५	३.४२	४.६९८	१४
	ययार्थ	०	०	०	०	१.८	०.३६	
	परिचालन (%)	०.००	०.००	०.००	०.००	५२.६३	७.६६	
बाँडफाँटबाट प्राप्त हुने घरजग्गा रजिष्टेशन दस्तुर	अनुमान	४०००	६०००	१००००	११०००	१०१६४	८२३३	२
	ययार्थ	६९५९	१०३६६	७०४५	७५९८	७७२७	७९३९	
	परिचालन (%)	१७३.९८	१७२.७७	७०.४५	६९.०७	७६	९६	
बाँडफाँड प्राप्त हुने सवारी साधन कर	अनुमान	१०५४५	९०९०	१०८१०	१२०००	१३३१४	११९५२	१
	ययार्थ	८२७२	१४८२२	१०८१३	११६८०	११८७७	११४९३	
	परिचालन (%)	०.७८	१.६३	१.००	०.९७	८९.२१	१०३.०६	
बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर	अनुमान	७५	३०	५०	५०	७०	५५	१२
	ययार्थ	०	०	१४.१८	५४.२२	५८	२५	
	परिचालन (%)	०.००	०.००	२८.३६	१०८.४४	८२.२९	४५.८२	
बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर	अनुमान	३०	४०	१००	३०	२२.७८	४५	१३
	ययार्थ	०.१५	४७९	३	१४.२३	२१.९४	९	
	परिचालन (%)	०.५०	११.९८	२.७०	४७.४३	९६.३१	१९.६७	
सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय	अनुमान	०	५०	१०	१००	१६८	६६	११
	ययार्थ	१४.४६	२.९२	८१.०८	१४२.२	१.२३	४८	
	परिचालन (%)	०	५.८४	८१०.८०	१४२.२०	०.७३	७३.७५	
बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त हुने आय	अनुमान	०	६०००	१५००	२१४५७	२७२३	६३३६	५
	ययार्थ	२२३८	१४३१	१५८३	१३१६	१५९५	१६३३	
	परिचालन (%)	०.००	२३.८५	१०५.५३	६.१४	५८.५८	२५.७७	
पर्यटन शुल्क	अनुमान	५५	२	२	२	१	१२	१३
	ययार्थ	०	०	०	०.०९	६३	१३	
	परिचालन (%)	०.००	०.००	०.००	४.५०	८३५१.३२	१०२.९१	
पदयात्रा शुल्क	अनुमान	१०	१८	१५	१०	२	११	१४
	ययार्थ	६	४	४	४	७	५	
	परिचालन (%)	५५.१०	२२.३९	२८.७३	४२.३०	३४१.००	४५.२७	
कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम	अनुमान	३	४	२०	१०	१०	९	१३
	ययार्थ	५	७	१०	१७	२२	१२	
	परिचालन (%)	१६६.३३	१६३.७५	५०.८५	१७४.००	२२४.८०	१३१.०४	
	अनुमान	१०.१	६०	१०	२६	२५	२६	११

प्रदेश कर तथा गैर शीर्षक	अनुमान/ परिचालन	आ.व अनुसार अनुमान र परिचालनको अवस्था (रकम रू. लाखमा)						परिचालन श्रेणीक्रम
		२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	औषत	
सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम	यथार्थ	१५	१३	२७	१८	१९	१९	
	परिचालन (%)	१.५३	०.२१	२.७४	०.७०	७५.८८	७०.७५	
अन्य विक्रीबाट प्राप्त रकम	अनुमान	०	२५	१५	४०	१०	१८	१४
	यथार्थ	१२	११	३	३	१	६	
	परिचालन (%)	०.००	४४.६८	२१.०७	६.३५	११.५०	३३.८६	
शिक्षा क्षेत्रको आम्दानी	अनुमान	११.५	२४.४	१२	१३	१५	१५	१३
	यथार्थ	८	१२	१४	१५	१४	१३	
	परिचालन (%)	६६.७०	४८.९८	११९.८३	११५.२३	९२.३३	८२.७८	
परीक्षा शुल्क	अनुमान	०	१२०	८००	३५०	१७००	५९४	९
	यथार्थ	२७	४३३	८९	११५४	६१६	४६४	
	परिचालन (%)	०	३६०.४८	११.१७	३२९.५७	३६.२३	७८.०४	
यातायात क्षेत्रको आम्दानी	अनुमान	१५५१	९०	१२००	१०००	१५००	१०६८	६
	यथार्थ	४६८	६०३	६१०	६५१	६६६	६००	
	परिचालन (%)	३०.२१	६६९.८२	५०.८१	६५.१४	४४.३९	५६.१४	
अन्य प्रशासनिक सेवा शुल्क	अनुमान	५५००	८५००	६५००	५०००	४५००	६०००	४
	यथार्थ	३४०३	३६८२	३४७८	३६०८	४०००	३६३४	
	परिचालन (%)	६१.८७	४३.३१	५३.५१	७२.१६	८८.८९	६०.५७	
व्यवसाय रजिष्ट्रेशन दस्तुर	अनुमान	२०२०	२५००	११०२	८००	१९००	१६६४	७
	यथार्थ	८१६	५५१	५३९	३५२	५८७	५६९	
	परिचालन (%)	४०.३७	२२.०३	४८.८८	४३.९५	३०.८९	३४.१७	
चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue Book)सम्बन्धी दस्तुर	अनुमान	४०४१	३५१०	६५००	६५००	८०००	५७१०	३
	यथार्थ	२४६६	३७८५	४९२२	४४६७	५०२५	४१३३	
	परिचालन (%)	६१.०४	१०७.८४	७५.७३	६८.७२	६२.८१	७२.३८	
वन क्षेत्रको अन्य आय	अनुमान	५७५१	५००	२५०	२५००	२४२२	११३४	११
	यथार्थ	६	०	२	२८१	२५४	१०९	
	परिचालन (%)	०.१०	०.०२	०.८६	११.२४	१०.४९	९.५७	
प्रशासनिक दण्ड, जरिवाना र जफत	अनुमान	०	२०००	२०००	३००	९८००	२८२०	८
	यथार्थ	५२०	३१४	४६१	५५७	५७६	४८५	
	परिचालन (%)	०.००	१५.६८	२३.०३	१८५.५६	५.८८	१७.२१	
अन्य राजस्व	अनुमान	७२०२	०.४९	०	२००	३३०	१५४७	गणना नगरिएको
	यथार्थ	३६	१०६	२६७	२५८	३७६	२०९	
	परिचालन (%)	०.५०	०.००	०.००	१.२९१५५	११४.०८	१३.५०	

३.४ प्रादेशिक अर्थतन्त्र तथा राजस्व क्षमता

गण्डकी प्रदेशको प्रादेशिक अर्थतन्त्रका प्रमुख स्तम्भका रूपमा पर्यटन, कृषि, जलस्रोत, उद्योग तथा व्यवसाय, सेवा क्षेत्र तथा प्राकृतिक स्रोत रहेका छन्। प्रदेश केन्द्र तथा राजधानी पोखरा केन्द्रित पर्यटन तथा सेवा अर्थतन्त्रले प्रादेशिक आर्थिक गतिविधिमा

उल्लेखनीय योगदान पुऱ्याएको छ। यातायात तथा सञ्चार सुबिधाको विस्तारसँगै अन्नपूर्ण क्षेत्र, मुस्ताङ, मनाङ, गोरखा तथा बागलुङका पर्यटकीय गन्तव्यहरूले अन्तर्राष्ट्रिय तथा आन्तरिक पर्यटन विस्तारमा महत्त्वपूर्ण भूमिका खेलेका छन्। यसका अतिरिक्त प्रदेशका पहाडी तथा हिमाली जिल्लाहरू उच्च मूल्य कृषि, फलफूल, जडीबुटी तथा पशुपालनको हिसाबले उच्च सम्भावनायुक्त रहेको छ। जलश्रोत, नदीजन्य पदार्थ तथा वन पैदावर प्रदेशका सम्भावनायुक्त प्राकृतिक स्रोत हुन्।

प्रदेशको आर्थिक गतिविधिको वास्तविक परिमाण र राजस्व प्रणालीमा समेटिएको आर्थिक आधारबीच स्पष्ट अन्तर देखिन्छ। ठूलो परिमाणमा आर्थिक कारोबार अनौपचारिक क्षेत्रमा सञ्चालन हुनु, आर्थिक गतिविधिको पर्याप्त अभिलेखीकरणमा कमी तथा कर प्रशासनको सीमित पहुँचका कारण सम्भावित राजस्वको ठूलो हिस्सा परिचालन हुन सकेको छैन। प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (GDP) को तुलनामा आन्तरिक राजस्वको अनुपात न्यून हुनु यसैको सङ्केत हो। आर्थिक गतिविधिको वैज्ञानिक अभिलेखीकरण, कराधार विस्तार तथा प्रशासनिक आधुनिकीकरण गरी प्रदेशले आफ्नो राजस्व क्षमतामा उल्लेखनीय वृद्धि हुनसक्ने देखिन्छ।

कुल गार्हस्थ्य उत्पादनमा आन्तरिक आयको अनुपात सातवटै प्रदेश मध्ये गण्डकी प्रदेशको सबैभन्दा उच्च (०.८० प्रतिशत) छ भने सबैभन्दा न्यून (०.०९ प्रतिशत) बागमती प्रदेशको छ। गण्डकी प्रदेशमा आन्तरिक आय वृद्धि तथा सार्वजनिक-निजी, सार्वजनिक-समुदाय-सहकारी र तहगत सरकार सहलगानी बढाएर उत्पादन, उद्योग तथ व्यवसाय क्षेत्रको विकासबाट कुल गार्हस्थ्य उत्पादन वृद्धि हुने सम्भावना रहेको देखिन्छ। यसले करदाताको आर्थिक क्षमता वृद्धि तथा आन्तरिक राजस्व वृद्धिका लागि महत्त्वपूर्ण आधार तयार गर्दछ। यस प्रकारको सम्भावना सात प्रदेश मध्ये दोस्रोमा लुम्बिनी र तेस्रोमा मधेश प्रदेश रहेका छन्। कुल गार्हस्थ्य उत्पादन, प्रदेश सरकारको लगानी र आन्तरिक आयको प्रदेशगत तुलनात्मक विवरण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छः

तालिका नं. 9: प्रदेशगत कुल गार्हस्थ्य उत्पादन, बजेट र राजस्वको तुलना (आर्थिक वर्ष २०८०/८१)

(रकम रू. लाखमा)

प्रदेश	आ.व. २०८१/८२ को कुल गार्हस्थ्य उत्पादन	आ.व. २०८१/८२ बजेट अनुमान	आ.व. २०८१/८२ राजस्व अनुमान				कुल गार्हस्थ्य उत्पादन र आन्तरिक राजस्वको अनुपात
			आन्तरिक आय	राजस्व बाँडफाँट	वित्तीय हस्तान्तरण	जम्मा	
कोशी	८५५०८६६	३५,२७,९३	५२२७०	१०८०००	१३४०८०	२९४३५०	०.६१
मधेश	७०८१८२८	४३,८९,२१	४४९५०	१०७८५०	९१३५०	२४४१५०	०.६३
बागमती	१९६४५१७४८	६४,५४,०४	१७५०००	१०९९००	११४६६०	३९९५६०	०.०९
गण्डकी	४८२८५१८	३२,९७,८५	३८६५०	८५७७०	९९७३०	२२४१५०	०.८०
लुम्बिनी	७६५३७३५	३८,९७,००	५८६५०	१०७२३०	११००००	२७५८८०	०.७७
कर्णाली	२२५१३९४	३१,४१,४१	६६१०	८३७६०	१२३३३०	२१३७००	०.२९
सुदूरपश्चिम	३७८४३९२६	३१,६२,९८	३९२५०	६९३१०	७८०२०	१८६५८	०.१०

स्रोतः महालेखा नियन्त्रकको कार्यालय, एकीकृत वित्तीय विवरण (सङ्घ, प्रदेश र स्थानीय तह), २०८१/८२

नोटः यस तालिकामा उल्लेखित अनुमान बाहेक कुल बजेट नगद मौजाद र अन्य आय समावेश नरहेको हुँदा कुल बजेट अनुमानसँग कुल राजस्वको अनुमानको अङ्क फरक रहन गएको छ।

३.५ राजनीतिक अर्थशास्त्रको परिदृश्य

राजस्व परिचालनको प्रश्न केवल प्रशासनिक वा प्राविधिक विषय मात्र नभई गहिरो राजनीतिक-अर्थशास्त्रीय संरचनासँग जोडिएको विषय हो। गण्डकी प्रदेशमा राजस्व सुधारका सन्दर्भमा सङ्घीय-प्रादेशीय शक्तिन्ध, स्थानीय तहसँगको अधिकार सन्तुलन,

राजनीतिक प्राथमिकता तथा संस्थागत व्यवहार महत्त्वपूर्ण निर्धारक तत्त्वका रूपमा रहेका छन्। सङ्घीय शासन प्रणाली अन्तर्गत प्रदेश सरकारलाई संवैधानिक रूपमा राजस्व अधिकार प्राप्त भए तापनि व्यवहारमा धेरै साझा अधिकार क्षेत्रहरूमा सङ्घीय कानुन, नीतिगत अस्पष्टता तथा कार्यान्वयन संरचनाको अपूर्णताका कारण प्रदेशको भूमिका सीमित देखिएको छ।

राजनीतिक नेतृत्व तहमा कर सुधारलाई प्रायः संवेदनशील तथा अलोकप्रिय निर्णयका रूपमा हेर्ने प्रवृत्ति रहेको छ। यसका कारण दीर्घकालीन राजस्व सुधारका साहसिक नीतिगत हस्तक्षेपहरू अपेक्षित गतिमा अघि बढ्न सकेका छैनन्। त्यसैगरी स्थानीय तह र प्रदेशबीच साझा राजस्व स्रोतको प्रयोग, सङ्कलन तथा वितरणसम्बन्धी अधिकार प्रयोगमा अस्पष्टता तथा प्रतिस्पर्धात्मक व्यवहार देखिने गरेको छ। यस्तो अवस्थाले राजस्व परिचालनको समग्र प्रभावकारितामा नकारात्मक असर पुऱ्याएको छ।

३.६ सामाजिक-आर्थिक संरचना र कर अनुपालना

राजस्व परिचालनमा सामाजिक-आर्थिक संरचनाको महत्त्वपूर्ण प्रभाव रहेको हुन्छ। यस प्रदेशमा शहरी तथा ग्रामीण क्षेत्रबीच पूर्वाधार तथा सेवा सुविधाको विकास, आर्थिक गतिविधि, सेवा पहुँच, संस्थागत क्षमता तथा आयस्तरमा उल्लेखनीय अन्तर पाइन्छ। पोखरा महानगरपालिका लगायत शुक्लागण्डकी, व्यास, वेशीशहर, गोरखाबजार, गैडाकोट, कावासोती, वालिङ तथा पुतली बजार, बागलुङ, कुश्मा, बेनी जस्ता शहरी क्षेत्रमा करयोग्य आर्थिक गतिविधिको घनत्व उच्च रहेको छ भने दुर्गम पहाडी तथा हिमाली क्षेत्रमा आर्थिक गतिविधि सीमित र खण्डित प्रकृतिको छ। यसले प्रदेशव्यापी समान कर प्रशासन प्रणाली लागू गर्न चुनौती सिर्जना गरेको छ। कर अनुपालन संस्कृति अझै संस्थागत हुन सकेको छैन। करसम्बन्धी नागरिक चेतना, सार्वजनिक सेवासँग करको अन्तरसम्बन्धबारे विश्वास तथा कर प्रशासनप्रति सकारात्मक धारणा निर्माणमा थप प्रयास आवश्यक देखिन्छ।

३.७ प्रदेश–स्थानीय साझा राजस्व अधिकार तथा बाँडफाँटबाट प्राप्त राजस्वको अवस्था

नेपालको संविधानले केही राजस्व स्रोतहरू प्रदेश र स्थानीय तह दुवैको साझा अधिकार क्षेत्रमा राखेको छ। यस्तो दोहोरो अधिकार क्षेत्रमा करदातामाथि दोहोरो कर भार नपरोस्, कर प्रशासन व्यवस्थित होस् र सङ्कलित राजस्वको न्यायोचित बाँडफाँट होस् भन्ने उद्देश्यले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले एकल कर प्रशासन तथा राजस्व बाँडफाँटको व्यवस्था गरेको छ। यस व्यवस्थाअनुसार केही स्रोत प्रदेशले सङ्कलन गरी स्थानीय तहसँग बाँडफाँट गर्ने, केही स्रोत स्थानीय तहले सङ्कलन गरी प्रदेशसँग बाँडफाँट गर्ने व्यवस्था रहेको छ।

प्रदेश–स्थानीय साझा राजस्व स्रोतहरूमा सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर, विज्ञापन कर तथा प्राकृतिक स्रोतसँग सम्बन्धित राजस्व पर्दछन्। यीमध्ये यस उपखण्डमा स्थानीय तहबाट सङ्कलन भई प्रदेश सञ्चित कोषमा बाँडफाँट हुने प्रमुख स्रोतहरू विज्ञापन कर, मनोरञ्जन कर र ढुङ्गा, गिट्टी, बालुवा तथा दहत्तर–बहत्तर बिक्रीबाट प्राप्त आयको अवस्था विश्लेषण गरिएको छ।

३.७.१ स्थानीय तहबाट प्राप्त बाँडफाँटयोग्य राजस्वको अवस्था तथा शीर्षकगत विश्लेषण

गण्डकी प्रदेशमा कुल ८५ वटा स्थानीय तह रहेका छन्। तर स्थानीय तहबाट सङ्कलन भई प्रदेश सञ्चित कोषमा जम्मा हुने बाँडफाँटयोग्य राजस्वको सम्भावना, वास्तविक सङ्कलन, प्रदेश हिस्साको दाखिला र नियमितताको एकीकृत तथा अद्यावधिक अभिलेख व्यवस्थित देखिँदैन। कुन स्थानीय तहमा कुन स्रोतको सम्भावना छ, कुन स्थानीय तहले सङ्कलन गरिरहेको छ, सङ्कलित रकममध्ये प्रदेशको राजस्व हिस्सा दाखिला भएको छ वा छैन भन्ने विवरण नियमित रूपमा विश्लेषण हुने प्रणालीको अभाव रहेको छ।

प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणका आधारमा आ.व. २०७९/८० देखि २०८१/८२ सम्म स्थानीय तहबाट प्रदेश सञ्चित कोषमा जम्मा भएको बाँडफाँटयोग्य राजस्वको सारांश देहायबमोजिम रहेको छ।

तालिका नं. 10: स्थानीय तहबाट सङ्कलन भई प्रदेश सञ्चित कोषमा जम्मा भएको बाँडफाँटयोग्य राजस्वको सारांश

(रकम रु. हजारमा)

राजस्व शीर्षक	८५ स्थानीय तह मध्ये रकम जम्मा गर्ने स्थानीय तह		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	तीन वर्षको जम्मा	वार्षिक औसत
	सङ्ख्या	प्रतिशत					
विज्ञापन कर	१४	१६.५	२७०	३,३६०	२,१९३	५,८२३	१,९४१
मनोरञ्जन कर	६	७.१	१,४१८	५,४२२	५,७६०	१२,६००	४,२००
ढुङ्गा, गिट्टी, बालुवा तथा दहत्तर–बहत्तर बिक्री आय	६३	७४.१	१,५४,१३३	१,२९,७०७	१,५६,६५३	४,४०,४९३	१,४६,८३१

स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश, पोखरा

***नोट:** रकम जम्मा गर्ने स्थानीय तह सङ्ख्या भन्नाले आ.व. २०७९/८० देखि २०८१/८२ सम्म कम्तीमा एक पटक सम्बन्धित शीर्षकमा प्रदेश सञ्चित कोषमा रकम जम्मा गरेका स्थानीय तहको सङ्ख्या जनाउँछ। यस सम्बन्धि विस्तृत स्थानीय तहगत विवरण **अनुसूची ३** मा प्रस्तुत गरिएको छ।*

उपर्युक्त सारांशले स्थानीय तहबाट सङ्कलन भई प्रदेश सञ्चित कोषमा जम्मा हुने बाँडफाँटयोग्य राजस्वको अवस्था कमजोर, असमान र अनियमित रहेको देखाउँछ। ढुङ्गा, गिट्टी, बालुवा तथा दहत्तर–बहत्तर बिक्री आय तुलनात्मक रूपमा प्रमुख स्रोतका रूपमा देखिए पनि ८५ मध्ये ६३ स्थानीय तहले मात्र तीन वर्षको अवधिमा कम्तीमा एक पटक रकम जम्मा गरेको देखिन्छ। विज्ञापन करमा १४ स्थानीय तह र मनोरञ्जन करमा केवल ६ स्थानीय तहबाट मात्र रकम जम्मा भएको अवस्थाले यी स्रोतहरूको कराधार पहिचान, सङ्कलन, प्रतिवेदन र बाँडफाँट प्रणाली अत्यन्त कमजोर रहेको सङ्केत गर्दछ। यसले साझा राजस्व अधिकारको कानुनी व्यवस्था भए पनि व्यावहारिक परिचालन, स्थानीय तहको प्राथमिकता, प्रदेश–स्थानीय समन्वय, नियमित प्रतिवेदन र हिसाब मिलान प्रणाली सुदृढ गर्नुपर्ने आवश्यकता देखाउँछ।

विज्ञापन कर: विज्ञापन कर स्थानीय तहबाट सङ्कलन भई प्रदेशसँग बाँडफाँट हुनुपर्ने साझा राजस्व स्रोत हो। तर तीन वर्षको अवधिमा ८५ स्थानीय तहमध्ये १४ स्थानीय तहले मात्र कम्तीमा एक पटक प्रदेश सञ्चित कोषमा विज्ञापन कर दाखिला गरेको देखिन्छ। यसले धेरै स्थानीय तहमा विज्ञापन सामग्रीको सङ्ख्या, प्रकार, स्थान, आकार र करयोग्य दायराको व्यवस्थित अभिलेख तयार नभएको सङ्केत गर्दछ। होर्डिङ बोर्ड, व्यवसायिक साइनबोर्ड, सूचना पाटी, डिजिटल बोर्ड, सार्वजनिक सवारी विज्ञापन र अस्थायी प्रचार सामग्रीको स्पष्ट वर्गीकरण, दर निर्धारण र सङ्कलन प्रक्रिया एकरूप नहुँदा विज्ञापन करको सम्भावना परिचालन कमजोर रहेको छ।

मनोरञ्जन कर: मनोरञ्जन करको सङ्कलन अवस्था अझ कमजोर देखिन्छ। तीन वर्षमा केवल ६ स्थानीय तहबाट मात्र कम्तीमा एक पटक रकम प्रदेश सञ्चित कोषमा दाखिला भएको छ। सिनेमा हल, मेला–महोत्सव, सांस्कृतिक कार्यक्रम, टिकटमा आधारित कार्यक्रम, खेलकुद वा मनोरञ्जनात्मक गतिविधि सञ्चालन भए पनि कार्यक्रम अनुमति, टिकट बिक्री, प्रवेश शुल्क र मनोरञ्जन करबीच प्रशासनिक सम्बन्ध स्पष्ट छैन। यसले मनोरञ्जन करलाई नियमित राजस्व स्रोतभन्दा कार्यक्रम–आधारित र अस्थायी रूपमा मात्र हेर्ने प्रवृत्ति रहेको देखाउँछ।

ढुङ्गा, गिट्टी, बालुवा तथा दहत्तर–बहत्तर बिक्री आय: स्थानीय तहबाट प्रदेशमा बाँडफाँट हुने स्रोतहरूमध्ये ढुङ्गा, गिट्टी, बालुवा तथा दहत्तर–बहत्तर बिक्री आय सबैभन्दा ठूलो स्रोतका रूपमा देखिन्छ। तर यसको सङ्कलन स्थानीय तहअनुसार असमान र अनियमित छ। केही स्थानीय तहमा सम्भावना उच्च भए पनि वातावरणीय अध्ययन, उत्खननयोग्य परिमाण, ठेक्का प्रक्रिया, बजार माग, सामग्रीको गुणस्तर, ढुवानी लागत, कानुनी अस्पष्टता, मुद्दा–मामिला, वन/चुरे क्षेत्रसँगको समन्वय र ठेक्का व्यवस्थापनका कारण राजस्व परिचालन प्रभावित भएको देखिन्छ। यो स्रोतबाट राजस्व वृद्धि सम्भव भए पनि दिगो उपयोग, वातावरणीय मापदण्ड, पारदर्शी ठेक्का, परिमाण मापन तथा चलान, अनुगमन र बाँडफाँटको नियमित हिसाब मिलान आवश्यक देखिन्छ।

समग्रमा, स्थानीय तहबाट सङ्कलन भई प्रदेश सञ्चित कोषमा बाँडफाँट हुने साझा राजस्व स्रोतहरूको परिचालन अवस्था अपेक्षित रूपमा सुदृढ देखिँदैन। विज्ञापन कर र मनोरञ्जन करमा अत्यन्त सीमित स्थानीय तहबाट मात्र रकम दाखिला हुनु तथा ढुङ्गा, गिट्टी, बालुवा तथा दहत्तर–बहत्तर बिक्री आयमा समेत सबै स्थानीय तहबाट नियमित र स्रोतगत रूपमा रकम प्राप्त नहुनुले साझा राजस्व अधिकारको व्यावहारिक कार्यान्वयन कमजोर रहेको सङ्केत गर्दछ। यसका प्रमुख कारणमा कराधारको स्थानीय तहगत अभिलेख नहुनु, दर तथा सङ्कलन प्रक्रियामा एकरूपता कमजोर हुनु, स्थानीय तहबाट प्रदेश हिस्साको नियमित दाखिला र प्रतिवेदन प्रणाली संस्थागत नहुनु तथा प्रदेश–स्थानीय तहबीच हिसाब मिलान र अनुगमन संयन्त्र कमजोर रहनु देखिन्छ। त्यसैले साझा राजस्व स्रोतहरूको प्रभावकारी परिचालनका लागि विज्ञापन संरचना, मनोरञ्जन गतिविधि र प्राकृतिक स्रोतको स्थानीय तहगत नक्साङ्कन, नमुना कार्यविधि तथा दर मार्गदर्शन, एकीकृत प्रतिवेदन ढाँचा, डिजिटल दाखिला तथा हिसाब मिलान प्रणाली र प्रदेश हिस्साको समयमै दाखिला सुनिश्चित गर्ने समन्वय संयन्त्र विकास गर्नुपर्ने देखिन्छ।

३.८ राजस्व प्रशासनको संस्थागत संरचना, सङ्कलन प्रणाली तथा बिलिङ अभ्यास

गण्डकी प्रदेशको राजस्व प्रशासन सङ्घीय सरकारको आन्तरिक राजस्व विभागजस्तो एकल कर प्रशासन निकाय वा स्थानीय तहको राजस्व शाखा/उपशाखाजस्तो केन्द्रित संरचनामा आधारित छैन। प्रदेशमा राजस्व सङ्कलन विभिन्न मन्त्रालय, निर्देशनालय, कार्यालय, सङ्घीय निकाय र स्थानीय तहसँग जोडिएको बहु–निकायगत प्रणालीबाट सञ्चालन हुँदै आएको छ।

आर्थिक मामिला मन्त्रालयले आर्थिक ऐन, राजस्व नीति, दर निर्धारण, बजेट स्रोत अनुमान तथा समन्वयमा भूमिका खेल्छ भने वास्तविक राजस्व सङ्कलन तथा प्रशासन सम्बन्धित विषयगत मन्त्रालय र मातहतका कार्यालयहरूबाट हुने गर्दछ। प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सञ्चित कोष सञ्चालन, राजस्व लेखाङ्कन, बैङ्क दाखिला विवरण, आन्तरिक लेखापरीक्षण, वित्तीय प्रतिवेदन तथा एकीकृत वार्षिक प्रतिवेदन तयार गर्ने काममा भूमिका निर्वाह गर्दछ। तथापि, राजस्व सङ्कलन, करदाता पहिचान, बिलिङ, बक्यौता व्यवस्थापन, बाँडफाँट राजस्व समन्वय र अनुपालना अनुगमनलाई एकीकृत रूपमा हेर्ने छुट्टै प्रादेशिक राजस्व प्रशासन निकाय वा समर्पित प्राविधिक संरचना हालसम्म विकास भएको देखिँदैन।

प्रदेश अन्तर्गतका अधिकांश मन्त्रालय तथा कार्यालयहरू राजस्व सङ्कलनसँग प्रत्यक्ष वा परोक्ष रूपमा जोडिएका छन्। वन तथा वातावरण मन्त्रालय अन्तर्गत वन निर्देशनालय, डिभिजन वन कार्यालयहरू, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू; उद्योग तथा पर्यटन मन्त्रालय अन्तर्गत एकीकृत सेवा कार्यालयहरू; भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत यातायात व्यवस्था कार्यालय र पूर्वाधार विकास कार्यालयहरू; कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय अन्तर्गत कृषि प्रयोगशाला, कृषि विकास कार्यालय, कृषि तथा पशु विकास कार्यालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय, सहकारी रजिष्ट्रार कार्यालय; स्वास्थ्य, शिक्षा, सामाजिक विकास, ऊर्जा तथा खानेपानीसँग सम्बन्धित सेवा कार्यालयहरू प्रमुख राजस्व सङ्कलन गर्ने निकायहरू हुन् जसले विभिन्न कर तथा सेवा शुल्क, दस्तुर, दण्ड–जरिवाना लगायत अन्य गैरकर राजस्व सङ्कलन

गर्ने गरेका छन्। यसका अतिरिक्त घरजग्गा रजिष्ट्रेशन शुल्क सङ्घीय भूमि प्रशासन/मालपोत कार्यालयसँग, र विज्ञापन कर, मनोरञ्जन कर, ढुङ्गा-गिट्टी-बालुवा तथा दहत्तर-बहत्तर बिक्री आय स्थानीय तहसँग प्रत्यक्ष रूपमा जोडिएका छन्। यसरी प्रदेशको राजस्व संरचना बहु-नियकागत र बहु-प्रणालीगत प्रकृतिको छ।

प्रदेशको राजस्व प्रशासन एवम् सङ्कलन गर्ने निकाय/कार्यालयहरू धेरै भए पनि सबै स्रोतलाई समेट्ने एकीकृत राजस्व सङ्कलन मार्गदर्शन, वार्षिक दर सूची, बिलिङ प्रक्रिया, करदाता/सेवाग्राही अभिलेख र प्रतिवेदन प्रणाली पर्याप्त रूपमा संस्थागत भएको देखिँदैन। कर तथा गैरकर राजस्वका दरहरू प्रदेश आर्थिक ऐन, विषयगत प्रदेश कानुन, सङ्घीय कानुन, कार्यविधि, सेवा शुल्क व्यवस्था तथा स्थानीय तहका कानुनी व्यवस्थामा छरिएर रहेका छन्। यसले कार्यालय तहमा कुन आधार, सेवा वा गतिविधिमा कुन दर लागू गर्ने, कुन शीर्षकमा राजस्व दाखिला गर्ने, कुन विवरण प्रदेशमा प्रतिवेदन गर्ने र कुन रकम बाँडफाँट गर्ने भन्ने विषयमा एकरूपता कायम गर्न कठिन बनाएको छ।

३.८.१ प्रमुख राजस्व सङ्कलन निकाय तथा स्रोतगत कार्यविभाजन

प्रदेश राजस्व प्रशासनमा संलग्न प्रमुख निकाय, राजस्व स्रोत र राजस्व सम्बन्धि प्रणालिगत तथा प्रशासनिक अवस्थालाई देहायबमोजिम संक्षेपमा प्रस्तुत गरिएको छः

तालिका नं. 11: प्रमुख राजस्व स्रोत, सङ्कलन निकाय र प्रणालिगत तथा प्रशासनिक अवस्था

क्र. सं.	राजस्व स्रोत/क्षेत्र	सङ्कलन गर्ने प्रमुख निकाय	बिलिङ, भुक्तानी तथा अभिलेख प्रणाली	प्रमुख प्रशासनिक सवाल
१	सवारी साधन कर तथा यातायात दस्तुर	भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गतका यातायात व्यवस्था कार्यालय तथा सेवा कार्यालयहरू	सवारी दर्ता प्रणाली/यातायात व्यवस्थापन प्रणाली (VRS/TMS) अनुसार कार्यालयगत बिलिङ, राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) अनुसार भौचर तयारी तथा बैङ्क दाखिला, आंशिक डिजिटल भुक्तानी	सवारी अभिलेख अद्यावधिक, बक्यौता पहिचान, नवीकरण अनुपालना र प्रणाली अन्तरआबद्धता कमजोर
२	चालक अनुमतिपत्र, ब्लुबुक, रुट इजाजत, जाँचपास		विद्युतीय सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रणाली (EDLVRS)को प्रयोग, सेवा मागका आधारमा बिलिङ, रसिद/बैङ्क दाखिला तथा प्रणालीगत अभिलेख	सेवा चाप उच्च, डिजिटल सेवा सीमित, दैनिक राजस्व मिलान र तथ्याङ्क विश्लेषणमा कठिनाइ
३	घरजग्गा रजिष्ट्रेशन शुल्क	भूमि प्रशासन कार्यालय	लिखतमा आधारित शुल्क गणना, भूमि राजस्व सूचना व्यवस्थापन प्रणाली (LRMIS), बैङ्क दाखिला तथा राजस्व बाँडफाँट	प्रदेशको कारोबार तहको तथ्याङ्कमा पहुँच सीमित, मूल्याङ्कन र वास्तविक कारोबारबीच अन्तर
४	उद्योग तथा व्यवसाय दर्ता, नवीकरण र अनुमति दस्तुर	उद्योग तथा पर्यटन मन्त्रालय अन्तर्गतका महाशाखा/शाखा, निर्देशनालय, एकीकृत सेवा कार्यालयहरू	पर्यटन तथा उद्योग व्यवस्थापन प्रणाली (TIMS) को आंशिक प्रयोग, दर्ता/नवीकरण अभिलेख, कार्यालयगत बिलिङ तथा बैङ्क दाखिला	TIMS पूर्ण रूपमा प्रयोगमा नहुनु, प्रदेश, स्थानीय तह र कर कार्यालयबीच व्यवसाय अभिलेख एकीकृत नहुनु, दर्ता, नवीकरण, अनुमति, शुल्क सङ्कलन र प्रतिवेदनलाई एकीकृत रूपमा समेट्ने प्रणाली पूर्ण रूपमा संस्थागत नहुनु
५	पर्यटन शुल्क तथा पर्यटन व्यवसाय दर्ता/नवीकरण		अनुमति, दर्ता, नवीकरण र सेवा शुल्कमा आधारित सङ्कलन	पर्यटन सेवा प्रदायकको पूर्ण अभिलेख, डिजिटल अनुमति/टिकट प्रणाली र

क्र. सं.	राजस्व स्रोत/क्षेत्र	सङ्कलन गर्ने प्रमुख निकाय	बिलिङ, भुक्तानी तथा अभिलेख प्रणाली	प्रमुख प्रशासनिक सवाल
				गन्तव्यस्तरीय प्रतिवेदन प्रणाली कमजोर
६	वन पैदावार, वन व्यवस्थापन सेवा शुल्क तथा वन क्षेत्रको अन्य आय	वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, डिभिजन वन कार्यालयहरू	अनुमति, बिक्री, सेवा शुल्क, दण्ड–जरिवाना र बैङ्क दाखिला	वन पैदावार, सामुदायिक वन, जडीबुटी तथा अन्य आयको एकीकृत राजस्व अभिलेख कमजोर; राजस्व सम्भावनाको पहिचान पर्याप्त नहुनु
७	कृषि आयमा कर तथा कृषि/पशु सेवा सम्बन्धी शुल्क	कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, कृषि विकास कार्यालय, पशु सेवा कार्यालयहरू	सेवामा आधारित शुल्क, अभिलेख व्यवस्थापन तथा स्वघोषणा प्रणाली	व्यावसायिक कृषि करदाता पहिचान, आय अभिलेख र कराधार निर्धारण स्पष्ट नहुनु; स्वघोषणा प्रणाली कमजोर
८	विज्ञापन कर र मनोरञ्जन कर	स्थानीय तह	स्थानीय अनुमति, कर सङ्कलन, दाखिला र बाँडफाँट	कराधार अभिलेख, दर एकरूपता, प्रदेश हिस्साको नियमित प्रतिवेदन र हिसाब मिलान कमजोर
९	ढुङ्गा, गिट्टी, बालुवा तथा दहत्तर–बहत्तर बिक्री आय	स्थानीय तह तथा सम्बन्धित निकाय	ठेक्का, बिक्री अनुमति, राजस्व दाखिला र बाँडफाँट	उत्खनन, ढुवानी, परिमाण, चालान, अनुगमन र प्रदेश–स्थानीय हिसाब मिलान कमजोर; पूर्ण सम्भावनाको अध्ययन नहुनु
१०	प्रशासनिक सेवा शुल्क, दस्तुर तथा दण्ड–जरिवाना	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवम् विषयगत मन्त्रालय, निर्देशनालय तथा कार्यालयहरू	सेवा प्रवाहसँग जोडिएका शुल्कको बिलिङ, बैङ्क दाखिला तथा कार्यालयगत अभिलेख	सेवाको प्रकृति अनुसार दर निर्धारण, सङ्कलन, अभिलेख तथा प्रतिवेदन प्रणाली कमजोर; सेवा लागतअनुसार दर पुनरावलोकन हुन नसक्नु

३.८.२ राजस्व सूचना प्रणाली, अभिलेख तथा प्रतिवेदन

गण्डकी प्रदेशमा राजस्व सङ्कलनका लागि स्रोतअनुसार फरक–फरक सूचना प्रणाली, कार्यालयगत अभिलेख र बैङ्क दाखिला प्रणाली प्रयोग हुँदै आएका छन्। यातायात क्षेत्रमा सवारी दर्ता प्रणाली/यातायात व्यवस्थापन प्रणाली (VRS/TMS), विद्युतीय सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रणाली (EDLVRS) तथा राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) प्रयोग हुँदै आएको छ। भूमि प्रशासनतर्फ भूमि राजस्व सूचना व्यवस्थापन प्रणाली (LRMIS) प्रयोगमा रहेको छ भने उद्योग तथा पर्यटनतर्फ पर्यटन तथा उद्योग व्यवस्थापन प्रणाली (TIMS) को प्रयोग भइरहेको देखिन्छ। अन्य विषयगत कार्यालयहरूमा सेवा प्रवाहसँग सम्बन्धित शुल्क, दस्तुर र दण्ड-जरिवानाको अभिलेख कार्यालयगत प्रणाली, रसिद, बैङ्क भौचर र लेखा प्रतिवेदनमार्फत राख्ने अभ्यास रहेको छ।

यद्यपि यी प्रणालीहरू प्रयोगमा रहे पनि सबै प्रणालीबीच पूर्ण अन्तरआबद्धता कायम भएको देखिँदैन। यातायात क्षेत्रमा सवारी साधन कर, नवीकरण दस्तुर, रुट इजाजत, जाँचपास, जरिवाना तथा अन्य दस्तुरको गणना कतिपय अवस्थामा अझै म्यानुअल रूपमा गर्नुपर्ने अवस्था रहेको छ। सवारी दर्ता प्रणालीबाट उपलब्ध विवरण सीमित हुने, सवारी धनी, भन्सार, कर विवरण तथा बक्यौता विवरण पूर्ण रूपमा उपलब्ध नहुने र राजस्व व्यवस्थापन सूचना प्रणालीसँग बिलिङ्ग तथा बैङ्क दाखिला विवरण स्वतः अन्तरआबद्धता नभएकाले राजस्व मिलान, बक्यौता पहिचान र तथ्याङ्क विश्लेषणमा कठिनाइ कठिनाई भईरहेको छ।

उद्योग तथा पर्यटनसम्बन्धी सेवामा पर्यटन तथा उद्योग व्यवस्थापन प्रणाली (TIMS) प्रयोगमा रहे पनि दर्ता, नवीकरण, अनुमति, सेवा शुल्क, राजस्व सङ्कलन, कार्यालयगत अभिलेख र प्रतिवेदनलाई पूर्ण रूपमा एकीकृत गर्ने गरी प्रणाली संस्थागत भई पुर्ण

रूपमा कार्यान्वयनमा रहेको छैन। यसैगरी वन, कृषि, स्वास्थ्य, शिक्षा, ऊर्जा तथा अन्य सेवा कार्यालयहरूमा सङ्कलित शुल्क र दस्तुरको स्रोतगत विवरण प्रदेशस्तरमा एकीकृत रूपमा विश्लेषण हुने प्रणाली कमजोर छ। यसका कारण कुन कार्यालयले कुन सेवा वा शीर्षकमा कति राजस्व सङ्कलन गरेको छ, दर प्रयोग कस्तो छ, बक्यौता छ/छैन र सेवा लागतअनुसार शुल्क मिलेको छ/छैन भन्ने विषयमा नियमित विश्लेषण हुन सकेको छ।

स्थानीय तहबाट सङ्कलन भई प्रदेशमा बाँडफाँट हुनुपर्ने विज्ञापन कर, मनोरञ्जन कर, ढुङ्गा, गिट्टी, बालुवा तथा दहत्तर–बहत्तर बिक्री आयसम्बन्धी विवरण पनि नियमित, स्रोतगत र मिलानयोग्य रूपमा प्रदेशमा प्राप्त हुने प्रणाली अझै सुदृढ हुन आवश्यक छ। यसले प्रदेशको राजस्व प्रक्षेपण, बाँडफाँट रकमको यथार्थता, हिसाब मिलान र नीति निर्णय प्रक्रियालाई प्रभावित गर्दछ ।

३.८.३ करदाता/सेवाग्राही पहिचान, बिलिङ, भुक्तानी तथा सङ्कलन

प्रदेश राजस्व प्रशासनमा करदाता तथा सेवाग्राही पहिचान प्रणाली स्रोतगत रूपमा खण्डित छ। सवारीधनी, उद्योग तथा व्यवसाय, पर्यटन सेवा प्रदायक, कृषि उद्यम, वन पैदावार प्रयोगकर्ता, विज्ञापन संरचना, मनोरञ्जन गतिविधि, प्राकृतिक स्रोत उपयोगकर्ता तथा सेवा शुल्क तिर्ने सेवाग्राहीको एकीकृत अभिलेख प्रदेशस्तरमा उपलब्ध छैन। यसले कुन स्रोतमा कति सम्भावित करदाता वा सेवाग्राही छन्, कति दायराभित्र छन्, कति दायराबाहिर छन्, कति नियमित छन् र कति बक्यौता अवस्थामा छन् भन्ने स्पष्ट विश्लेषण गर्न सकिने अवस्था छैन।

राजस्व सङ्कलन अभ्यास सेवामा आधारित र घटनामुखी रहेको छ। करदाता वा सेवाग्राही कार्यालयमा सेवा लिन आएपछि मात्र कर, शुल्क, दस्तुर वा जरिवाना गणना हुने अवस्था छ। सवारी साधन नवीकरण, चालक अनुमतिपत्र, रुट इजाजत, उद्योग/व्यवसाय दर्ता तथा नवीकरण, पर्यटन व्यवसाय दर्ता, वन पैदावार अनुमति, कृषि तथा पशु सेवा शुल्क, प्रशासनिक सेवा शुल्क र अन्य कार्यालयगत दस्तुरमा यस्तो अभ्यास बढी देखिन्छ। यसले सेवा लिन आउने सेवाग्राहीबाट सङ्कलन हुने राजस्वलाई समेटे पनि सेवा लिन नआउने, नवीकरण नगर्ने, ढिलो गर्ने वा बक्यौता राख्ने करदाता/सेवाग्राहीको नियमित पहिचान र असुली व्यवस्था समेट्न सकेको छैन।

प्रदेशस्तरमा मागमा आधारित बिलिङ प्रणाली अझै विकास भइसकेको देखिँदैन। करदाता वा सेवाग्राहीलाई वार्षिक रूपमा आफूले तिर्नुपर्ने कर/शुल्क, नवीकरण अवधि, बक्यौता रकम, जरिवाना र भुक्तानी समयसीमाबारे अग्रिम सूचना दिने प्रणाली छैन। यसका कारण करदाता कार्यालयमा नआएसम्म आफ्नो दायित्वबारे जानकारी नपाउने, स्वेच्छिक अनुपालना कमजोर हुने र राजस्व सङ्कलन प्रतिक्रियामुखी रहेको छ।

भुक्तानी प्रणालीमा समेत विभिन्न सवालहरू रहेका छन्। विशेषगरी यातायात व्यवस्था कार्यालयहरूमा क्यूआर भुक्तानी, अनलाइन भुक्तानी वा नगदरहित भुक्तानी प्रणाली प्रभावकारी रूपमा लागू नहुँदा सेवाग्राहीमा असन्तुष्टि देखिएको छ। धेरै सेवाग्राहीले नगद रकम बोकेर नआउने, कतिपय अवस्थामा ठूलो रकमसमेत कागजी प्रक्रिया वा नगद/बैङ्क प्रक्रियाबाट तिर्नुपर्ने, भुक्तानीपछि कार्यालयगत मिलानमा समय लाग्ने र सेवाग्राहीको लागत तथा प्रतीक्षा समय बढ्ने समस्या देखिन्छ। यस्तो अवस्थाले सेवाग्राहीमैत्री सेवा प्रवाह, पारदर्शिता, राजस्व मिलान र स्वेच्छिक अनुपालनामा प्रतिकूल प्रभाव पारिरहेको छ।

तसर्थ प्रदेश राजस्व प्रशासनलाई सक्रिय, पूर्वसूचनामा आधारित र सेवाग्राहीमैत्री बनाउन करदाता/सेवाग्राही डाटाबेस, वार्षिक मागमा आधारित विलिङ्ग/सूचना, मोबाइल सन्देश, अनलाइन सूचना, क्यूआर भुक्तानी, अनलाइन भुक्तानी, डिजिटल रसिद र बैङ्क दाखिला विवरणसँग स्वतः मिलान हुने प्रणालीलाई प्राथमिकता दिन आवश्यक छ।

३.८.४ राजस्व बाँडफाँट, हिसाब मिलान तथा आन्तरिक नियन्त्रण

गण्डकी प्रदेशको महत्वपूर्ण एवम् ठूला राजस्व स्रोतको हिस्सा सङ्घीय निकाय र स्थानीय तहबाट सङ्कलन तथा बाँडफाँट भई प्राप्त हुने प्रकृतिको छ। घरजग्गा रजिष्ट्रेशन शुल्क भूमि प्रशासन कार्यालयमार्फत सङ्कलन हुन्छ भने विज्ञापन कर, मनोरञ्जन कर, ढुङ्गा, गिट्टी, बालुवा तथा दहत्तर–बहत्तर बिक्री आय स्थानीय तहमार्फत सङ्कलन हुन्छन्। यी राजस्व स्रोतहरूबाट बाँडफाँट भई प्राप्त हुने प्रदेशको हिस्सा सुनिश्चित गर्न नियमित प्रतिवेदन, दाखिला, बाँडफाँट र हिसाब मिलान प्रणाली अत्यन्त महत्वपूर्ण हुन्छ।

हाल प्रदेश-स्थानीय तहबीच बाँडफाँटयोग्य राजस्वको नियमित स्रोतगत विवरण, समयबद्ध दाखिला र हिसाब मिलानका लागि पूर्ण रूपमा संस्थागत तथा एकीकृत प्रणाली विकास लागु भएको छैन। स्थानीय तहले सङ्कलन गरेको विज्ञापन कर, मनोरञ्जन कर र ढुङ्गा, गिट्टी, बालुवा तथा दहत्तर–बहत्तर बिक्री आयको प्रदेशको राजस्व हिस्साबारे राजस्व प्रशासन, सङ्कलित तथा दाखिला रकम र बाँडफाँट रकमबीच मिलान गर्ने प्रणाली अझै सुदृढ गर्नुपर्ने देखिन्छ। घरजग्गा रजिष्ट्रेशन शुल्कमा पनि प्रदेशलाई कारोबार तहको तथ्याङ्क, लिखत सङ्ख्या, थैली अङ्क, मूल्याङ्कन आधार र सङ्कलित राजस्वको नियमित विवरण उपलब्ध हुन आवश्यक छ।

आन्तरिक नियन्त्रणको दृष्टिले प्रदेश लेखा नियन्त्रक कार्यालयले लेखाङ्कन, बैङ्क दाखिला, आन्तरिक लेखापरीक्षण र वित्तीय प्रतिवेदनमा भूमिका निर्वाह गरे पनि राजस्व प्रशासनका सबै पक्षमा जोखिममा आधारित परीक्षण प्रणालीलाई थप प्रभावकारी बनाउनु पर्ने देखिन्छ। कार्यालयहरूले सम्बन्धित आर्थिक वर्षको आर्थिक ऐन, दर सूची र कानुनी व्यवस्थाबमोजिम राजस्व सङ्कलन गरे/नगरेको, सबै करयोग्य सेवा तथा गतिविधि बिलिङमा समेटिए/नसमेटिएको, बक्यौता रकम पहिचान र असुली ताकेता भएको/नभएको, स्थानीय तहबाट सङ्कलित राजस्वमा प्रदेश हिस्सा प्राप्त भएको/नभएको र राजस्व चुहावटका समभाव्य क्षेत्र र जोखिका विषयमा आन्तरिक नियन्त्रण प्रणालि सुदृढ बनाउनुपर्ने देखिन्छ।

३.८.५ राजस्व प्रशासनका प्रमुख संरचनागत सवाल

गण्डकी प्रदेशको राजस्व प्रशासनमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला मन्त्रालय, विषयगत मन्त्रालय, निर्देशनालय तथा कार्यालयहरूको व्यापक उपस्थिति रहे पनि राजस्व प्रशासनलाई एकीकृत रूपमा नेतृत्व गर्ने छुट्टै प्रादेशिक राजस्व सम्बन्धि प्रशासनिक निकाय विकास भएको छैन। आर्थिक मामिला मन्त्रालयले राजस्व नीति, आर्थिक ऐन र बजेट स्रोत अनुमानमा भूमिका निर्वाह गरे पनि दैनिक राजस्व प्रशासन, बिलिङ, सङ्कलन, बक्यौता व्यवस्थापन तथा असुली, करदाता अभिलेख र अनुपालना अनुगमन गर्ने कार्य सम्बन्धित विषयगत मन्त्रालय तथा कार्यालयहरूमा निर्भर रहेको छ। यसले गण्डकी प्रदेशको राजस्व प्रशासनलाई एकीकृत, विश्लेषणमुखी र परिणाममुखी बनाउन चुनौती सिर्जना गरेको छ। राजस्व प्रशासनमा देखिएका प्रमुख संरचनागत सवालहरू देहायबमोजिम रहेका छन्:

(१) **प्रदेशमा राजस्व प्रशासनका लागि राजस्व संग सम्बन्धित विषय क्षेत्रको प्राविधिक जनशक्ति तथा विशिष्ट राजस्व सेवा संरचना विकास हुन नसक्नु:** प्रायजसो निकाय तथा कार्यालयमा प्रशासनिक वा सेवा प्रवाहसँग सम्बन्धित कर्मचारीहरूबाटै राजस्व सङ्कलन, रसिद जारि, भौचर तयारी, बैङ्क दाखिला, अभिलेख व्यवस्थापन र प्रतिवेदनसम्बन्धी कार्य सम्पादन हुँदै आउनु। साथै, राजस्व प्रशासनमा संलग्न कर्मचारी तथा राजनीतिक नेतृत्वका लागि राजस्व परिचालन लक्षित क्षमता विकास कार्यक्रम पर्याप्त रूपमा सञ्चालन हुन नसक्नु आदि सवालहरू रहेका छन्।

(२) **कर तथा गैरकर राजस्वका दर, छुट/सहुलियत, दण्ड/जरिवाना तथा सङ्कलन प्रक्रिया विभिन्न सङ्घीय तथा प्रादेशिक कानुन, आर्थिक ऐन, कार्यविधि र कार्यालयगत अभ्यासमा छरिएर रहनु:** सबै कार्यालयले प्रयोग गर्न सक्ने

एकीकृत वार्षिक राजस्व मार्गदर्शन, दर पुस्तिका, राजस्व शीर्षक कोड, बिलिङ प्रक्रिया, दाखिला विधि र प्रतिवेदन ढाँचा पर्याप्त रूपमा संस्थागत हुन नसक्नु; यस्तो मार्गदर्शनको अभावमा कार्यालय तहमा कर तथा गैरकर राजस्वको दर प्रयोग, शीर्षक छनोट, भौचर तयारी, प्रतिवेदन र हिसाब मिलानमा एकरूपता कायम हुन नसक्नु आदि प्रमुख रूपमा रहेका छन्।

(३) **राजस्व प्रशासन मागमा आधारित र तथ्याङ्कमा आधारित प्रणालीमा पूर्ण रूपमा रूपान्तरण हुन नसक्नुः** करदाता/सेवाग्राहीको अभिलेख, बक्यौता विवरण, वार्षिक बिलिङ, अग्रिम सूचना, डिजिटल भुक्तानी र स्वचालित हिसाब मिलान प्रणाली कमजोर रहनु। राजस्व सङ्कलन सेवा लिन आउने सेवाग्राहीमा सीमित हुनु। विशेषगरी यातायात कार्यालयहरूमा क्यूआर तथा अनलाइन भुक्तानीको अभावले सेवाग्राहीमा असन्तुष्टि बढ्नु, म्यानुअल राजस्व गणनाका कारण सेवाग्राहीमा शंका सिर्जना हुनु र सेवा प्रवाह तथा सुशासनमा प्रश्न उठ्नु जस्ता सवाल प्रमुख रहेका छन्।

(४) **साझा राजस्व स्रोतमा प्रदेश–स्थानीय तह समन्वय र हिसाब मिलान प्रणाली पर्याप्त रूपमा सुदृढ एवं संस्थागत हुन नसक्नु**ः स्थानीय तहबाट सङ्कलित बाँडफाँटयोग्य राजस्वमा नियमित प्रतिवेदन, दाखिला, स्रोतगत विवरण र प्रदेश हिस्साको समयमै मिलान गर्ने प्रणाली कमजोर रहनु;यसका कारण प्रदेशको राजस्व व्यवस्थापन पूर्ण रूपमा पारदर्शी, तथ्याङ्कमा आधारित र पूर्वानुमानयोग्य हुन नसक्नु सवालहरू सम्बोधन आवश्यक छ।

अध्याय चारः प्रदेशको राजस्व सम्भावना तथा राजस्व परिचालन क्षमता विश्लेषण

४.१ परिचय

गण्डकी प्रदेशको दिगो वित्तीय स्वायत्तता, विकास खर्चको सुनिश्चितता र सार्वजनिक सेवा प्रवाहको प्रभावकारिताका लागि आन्तरिक राजस्व परिचालन क्षमता अभिवृद्धि महत्त्वपूर्ण छ। संविधान तथा प्रचलित कानुनले प्रदेश सरकारलाई कर तथा गैरकर राजस्व परिचालनका सीमित तर महत्त्वपूर्ण अधिकार प्रदान गरेको छ। तथापि, उपलब्ध अधिकारको प्रभावकारी कार्यान्वयन, कराधारको पहिचान, राजस्व प्रशासनक्षमता, करदाता/सेवाग्राहीको अभिलेख, अनुपालना अवस्था, प्रदेश-स्थानीय तहबीचको बाँडफाँट प्रणालीबीच पर्याप्त तालमेल हुन नसक्दा प्रदेशको वास्तविक राजस्व सम्भावना पूर्ण रूपमा परिचालित हुन सकेको छैन।

गण्डकी प्रदेश पर्यटन, यातायात, घर जग्गाको कारोबार, सेवा क्षेत्र, वन तथा प्राकृतिक स्रोत, जलस्रोत, नदीजन्य पदार्थ, कृषि व्यवसाय, शहरीकरण र औद्योगिक गतिविधिका दृष्टिले राजस्व आधार विस्तार गर्न सकिने सम्भावना भएको प्रदेश हो। विशेषगरी पोखरा केन्द्रित शहरी तथा सेवामूलक अर्थतन्त्र, अन्नपूर्ण-मुस्ताङ (मनाङ, गोरखा, तनहुँ, नवलपुर लगायतका पर्यटन क्षेत्र, नदीजन्य तथा वन स्रोत, घरजग्गा कारोबार, सवारी तथा यातायात सेवा, उद्योग/फर्म दर्ता तथा नवीकरण लगायत स्थानीय तहसँग बाँडफाँट हुने विज्ञापन, मनोरञ्जन तथा प्राकृतिक स्रोत शुल्कजस्ता स्रोत प्रदेश राजस्व परिचालनका महत्त्वपूर्ण आधार हुन्।

यस अध्यायमा गण्डकी प्रदेशका प्रमुख राजस्व स्रोतहरूको कानुनी आधार, विद्यमान सङ्कलन अवस्था, कराधार तथा सम्भावना, सम्भावना र परिचालनबीचको अन्तर, प्रमुख समस्या र सुधारका प्राथमिक उपायका आधारमा विश्लेषण गरिएको छ। यसले आगामी रणनीति, कार्ययोजना र राजस्व प्रक्षेपणका लागि स्रोतगत आधार तयार गर्ने उद्देश्य राखेको छ।

४.२ राजस्व सम्भावना गणनाको स्रोत, विधि, मान्यता र सीमा

४.२.१ राजस्व सम्भावना गणनामा तथ्याङ्कको प्रयोग र स्रोत

यस अध्यायमा प्रस्तुत राजस्व सम्भावनाको अनुमान प्रत्यक्ष राजस्व अभिलेख; प्रशासनिक तथ्याङ्क एवम् कानुनी व्यवस्था; नीतिगत दस्तावेज; राष्ट्रिय, प्रादेशिक लेखा तथा अन्य स्रोत र स्थानीय तहका तथ्याङ्कीय स्रोत; स्थलगत अवलोकन तथा प्रमुख सरोकारवालासँग गरिएको छलफलबाट प्राप्त सूचनाको आधारमा तयार गरिएको छ।

प्रदेश सरकार तथा मातहतका निकायमा राजस्वसम्बन्धी अद्यावधिक अभिलेख, नियमित राजस्व दाखिला तथा बक्यौताको विवरण, करदाता/सेवाग्राहीको विवरण, सेवा प्रवाह हुने क्षेत्र, सेवाग्राही सङ्ख्या तथा सेवाको प्रकृतिसम्बन्धी न्यूनतम तथ्याङ्क सबै स्रोतमा पूर्ण र समान रूपमा उपलब्ध नभएको अवस्था छ। यसले राजस्व सम्भावना गणनामा उपलब्ध प्रत्यक्ष तथ्याङ्कलाई प्राथमिक आधार बनाएतापनि प्रत्यक्ष तथ्याङ्क अपूर्ण वा उपलब्ध नभएका स्रोतहरूमा जनगणना, आर्थिक गणना, कृषि गणना, आर्थिक सर्वेक्षण, प्रदेशगत राष्ट्रिय लेखा, स्थानीय तहका अभिलेख, कार्यालयगत विवरण तथा स्थलगत परामर्शबाट प्राप्त सूचनाले समेट्न सक्ने प्रतिनिधिमूलक सूचक (Proxy Indicator) प्रयोग गरिएको छ। यसरी प्रत्यक्ष तथा अप्रत्यक्ष तथ्याङ्कको संयुक्त प्रयोगले उपलब्ध सूचनाका आधारमा राजस्व सम्भावनालाई यथासम्भव यथार्थपरक र प्रमाणमा आधारित बनाइ अनुमान गर्न सहयोग पुऱ्याएको छ। राजस्व सम्भावना गणनामा प्रयोग गरिएका प्रमुख तथ्याङ्क तथा सन्दर्भ स्रोतहरू देहायबमोजिम रहेका छन्:

(१) आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेशबाट प्राप्त राजस्व विवरण;

(२) प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त राजस्व दाखिला तथा शीर्षकगत अभिलेख;

(३) यातायात व्यवस्था कार्यालयका दर्ता, नवीकरण, सेवा शुल्क तथा राजस्व अभिलेख;

(४) भूमि प्रशासन/मालपोत कार्यालयका घरजग्गा रजिष्ट्रेशन तथा मूल्याङ्कनसम्बन्धी अभिलेख;

(५) एकीकृत सेवा कार्यालयका पर्यटन व्यवसाय, होमस्टे, गाइड, उद्योग तथा फर्म दर्ता/नवीकरण र नियमनसम्बन्धी अभिलेख;

(६) डिभिजन वन कार्यालय तथा वनसम्बन्धी निकायका वन व्यवस्थापन शुल्क, वन पैदावार बिक्री, काष्ठ तथा जडीबुटी लगायत गैहृकाष्ठ वन पैदावर कारोबार, वन क्षेत्रको नदीजन्य निर्माण सामाग्रीसम्बन्धी उत्खनन, सङ्कलन तथा बिक्री वितरणसम्बन्धी अनुमति, ढुवानी तथा वितरणसम्बन्धी अभिलेख;

(७) कृषि तथा भूमि व्यवस्था मन्त्रालय/कृषि विकास कार्यालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा कार्यालय कृषि विकास स्रोत केन्द्रबाट प्राप्त कृषि उपज, व्यवसाय तथा कृषि सेवासम्बन्धी अभिलेख;

(८) स्थानीय तह सङ्कलन हुने बाट प्राप्त विज्ञापन कर, मनोरञ्जन कर, प्राकृतिक स्रोत शुल्क, नदीजन्य पदार्थ तथा बाँडफाँट राजस्वसम्बन्धी विवरण;

(९) राष्ट्रिय स्तरका गणनाहरू (जनगणना, २०७८; राष्ट्रिय आर्थिक गणना, २०७५; राष्ट्रिय कृषि गणना, २०७८; नेपाल जीवनस्तर सर्वेक्षण, २०७९/८०, श्रम सर्भेक्षण);

(१०) नेपाल सरकारको आर्थिक सर्वेक्षण प्रतिवेदन;

(११) गण्डकी प्रदेशको आर्थिक सर्वेक्षण प्रतिवेदन;

(१२) प्रदेशगत राष्ट्रिय लेखा तथा क्षेत्रगत कुल मूल्य अभिवृद्धिसम्बन्धी तथ्याङ्क;

(१३) नेपाल पर्यटन तथ्याङ्क तथा पर्यटनसम्बन्धी उपलब्ध राष्ट्रिय/प्रदेशगत विवरण;

(१४) महालेखा परीक्षकको प्रतिवेदन;

(१५) वित्तीय हस्तान्तरणसम्बन्धी विवरण;

(१६) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सिफारिस तथा प्रतिवेदन;

(१७) प्रदेश तथा स्थानीय तहका प्रोफाइल, स्थिति प्रतिवेदन, आवधिक योजना तथा पूर्व अध्ययन प्रतिवेदन;

(१८) सङ्घ, प्रदेश र स्थानीय राजस्व परामर्श समिति तथा विषयगत उपसमिति प्रतिवेदनहरू;

(१९) स्थलगत अवलोकन, परामर्श बैठक, प्रमुख जानिफकार अन्तर्वार्ता, लक्षित समूह छलफल तथा सेवाग्राही/करदाता छलफलबाट प्राप्त सूचना;

(२०) स्थानीय तहका राजस्व सुधार कार्ययोजना (पोखरा, व्यास, भिरकोट, बन्दीपुर, अन्नपुर्ण, राईनासकोट, गैडाकोट)

उपलब्ध तथ्याङ्कको प्रकृतिअनुसार राजस्व सम्भावना गणनामा प्रयोग गरिएका स्रोतहरूलाई मुख्यतः तीन तहमा वर्गीकरण गरिएको छ। पहिलो, प्रत्यक्ष प्रशासनिक तथ्याङ्क, जसमा वास्तविक राजस्व सङ्कलन, राजस्व दाखिला, शीर्षकगत अभिलेख, दर्ता, नवीकरण, सेवा कारोबार, अनुमतिपत्र, दस्तुर, शुल्क, जरिवाना तथा बाँडफाँटसम्बन्धी विवरण पर्दछन्। दोस्रो, अप्रत्यक्ष वा प्रतिनिधिमूलक (Proxy) तथ्याङ्कका रूपमा जनगणना, आर्थिक गणना, कृषि गणना, नेपाल जीवनस्तर सर्वेक्षण, आर्थिक सर्वेक्षण, प्रदेशगत राष्ट्रिय लेखा, व्यवसाय सङ्ख्या, घरपरिवार, शहरीकरण, पर्यटन गतिविधि, कृषि तथा सेवा क्षेत्रका सूचक र स्थानीय तहका प्रोफाइल/पूर्व अध्ययनबाट प्राप्त सूचनाहरू पर्दछन्। तेस्रो, गुणात्मक सूचना, जसमा स्थलगत अवलोकन, परामर्श

बैठक, प्रमुख जानकार अन्तवार्ता, लक्षित समूह छलफल, सेवाग्राही/करदाता छलफल, कार्यालय अनुभव र सरोकारवालाको धारणा समावेश छन्।

यसरी प्रत्यक्ष प्रशासनिक अभिलेखलाई प्राथमिक आधार बनाउँदै, तथ्याङ्क अपूर्ण भएका स्रोतहरूमा अप्रत्यक्ष वा प्रतिनिधिमूलक तथ्याङ्क र गुणात्मक सूचनाको प्रयोग गरिएको छ। यी स्रोतहरूको संयोजनबाट राजस्व सम्भावनाको अनुमानलाई प्रमाणमा आधारित, तुलनात्मक रूपमा यथार्थपरक र कार्यान्वयनयोग्य बनाउने प्रयास गरिएको छ। तथापि, यस अध्यायमा प्रस्तुत सम्भाव्यता अनुमानलाई निश्चित राजस्व लक्ष्यका रूपमा नभई उपलब्ध तथ्याङ्क, कराधार अवस्थाको पहिचान, प्रशासनिक क्षमता र सुधार सम्भावनाका आधारमा गरिएको सूचकको अनुमानका रूपमा लिनु उपयुक्त हुन्छ।

४.२.२ राजस्व सम्भावना गणना विधि

राजस्व सम्भावना गणना गर्दा हरेक राजस्व स्रोतको कानुनी आधार, कराधार, लागू दर, विद्यमान सङ्कलन अवस्था, सङ्कलन अन्तर, अनुपालनाको अवस्था र प्रशासनिक सुधारबाट प्राप्त हुन सक्ने थप सम्भावनालाई आधार मानिएको छ। सबै राजस्व स्रोतको प्रकृति समान नभएकाले गणनामा एउटै विधि मात्र प्रयोग गरिएको छैन। करमा आधारित स्रोत, सेवा शुल्क तथा दस्तुर, बाँडफाँट हुने राजस्व, प्राकृतिक स्रोत उपयोग शुल्क र नियमनात्मक शुल्क लगायत गैरकर राजस्व स्रोतका लागि स्रोतको प्रकृतिअनुसार उपयुक्त विधि प्रयोग गरिएको छ। सामान्य रूपमा राजस्व सम्भावना गणनाका लागि देहायको आधारभूत सूत्र प्रयोग गरिएको छ:

राजस्व सम्भावना= कराधार वा सेवा कारोबार सङ्ख्या × लागू दर/औसत दर × सङ्कलन वा अनुपालना दर

प्रत्यक्ष कराधार, लागू दर र सङ्कलन अभिलेख उपलब्ध रहेको अवस्थामा सम्बन्धित स्रोतको वास्तविक तथ्याङ्कलाई आधार बनाइएको छ। प्रत्यक्ष कराधार पूर्ण रूपमा उपलब्ध नभएका स्रोतहरूमा उपयुक्त प्रतिनिधिमूलक सूचक (Proxy Indicator) प्रयोग गरिएको छ। प्राकृतिक स्रोतसम्बन्धी राजस्वमा प्रतिनिधिमूलक रूपमा वातावरणीय अध्ययन प्रतिवेदन (SEA/EIA/IEE/BES बाट सिफारिश परिमाण, स्थानीय तहका ठेक्का अभिलेख, उत्खननयोग्य स्रोत, सङ्कलन व्यवस्था, प्रदेशको हिस्सा र चुहावट नियन्त्रणको सम्भावनालाई आधार मानिएको छ। यस विधिबाट हालको सङ्कलन र सम्भावित सङ्कलनबीचको अन्तर पहिचान गर्नुका साथै प्रत्येक स्रोतमा आवश्यक प्रशासनिक, कानुनी, नीतिगत तथा प्रविधिगत सुधारका क्षेत्रहरू समेत स्पष्ट पार्ने प्रयास गरिएको छ।

४.२.३ राजस्व सम्भावना गणनाका मान्यता र सीमा

यस अध्यायमा प्रस्तुत राजस्व सम्भावना उपलब्ध तथ्याङ्क, प्रशासनिक अभिलेख, कानुनी व्यवस्था, क्षेत्रगत प्रतिनिधिमूलक सूचक (Proxy Indicator), उपसमिति प्रतिवेदन तथा स्थलगत परामर्शबाट प्राप्त सूचनाका आधारमा गरिएको सूचकात्मक अनुमान हो। यसलाई तत्काल सङ्कलन गर्न सकिने निश्चित राजस्व लक्ष्यका रूपमा नभई, विद्यमान स्रोतहरूको प्रभावकारी परिचालन, दायरा विस्तार, अनुपालनामा सुधार, चुहावट नियन्त्रण र प्रशासनिक सुधारपछि मध्यम अवधिमा प्राप्त हुन सक्ने सम्भावनाका रूपमा लिनु उपयुक्त हुन्छ। साथै, यो अनुमान अन्तिम वा निर्विकल्प नभइ भविष्यमा फरक विधि, सूचक), फरक आधार वर्ष वा थप अद्यावधिक तथ्याङ्क प्रयोग गरी पुनः गणना गर्दा सम्भावित रकममा फरक पर्न सक्नेछ।

यस गणनामा प्रदेशको राजस्व वृद्धि नयाँ राजस्वका आधार सिर्जना गरेर मात्र नभई विद्यमान नीति, कानुन तथा मापदण्ड को प्रभावकारी कार्यान्वयनबाट पनि सम्भव हुने मान्यता राखिएको छ। सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, यातायात सेवा दस्तुर, उद्योग तथा फर्म नवीकरण, पर्यटन सेवा शुल्क, प्राकृतिक स्रोत शुल्क, विज्ञापन कर, मनोरञ्जन कर, वन पैदावार तथा

प्रशासनिक सेवा शुल्कजस्ता स्रोतहरूमा कराधार पहिचान, अभिलेख सुधार, करको दर उपादेयता, डिजिटल भुक्तानी, अनुगमन तथा प्रदेश-स्थानीय तहबीचको बाँडफाँट मिलान सुदृढ भएमा थप राजस्व परिचालन हुन सक्ने देखिन्छ। तर सबै स्रोतमा पूर्ण तथ्याङ्क उपलब्ध नभएको, बाँडफाँट स्रोतमा स्थानीय तहको राजस्व उपलब्धीसम्बन्धी प्रतिवेदन नियमित नभएको र प्राकृतिक स्रोत, पर्यटन, वातावरण तथा कृषि आयजस्ता क्षेत्रमा कानुनी, सामाजिक, वातावरणीय तथा राजनीतिक स्वीकार्यताका पक्षसमेत प्रभावकारी हुने भएकाले सम्भावना अनुमानलाई सावधानीपूर्वक व्याख्या गर्नुपर्नेछ।

यस अध्यायमा प्रस्तुत राजस्व सम्भावनालाई अन्तिम सङ्कलन लक्ष्य नभई उपलब्ध तथ्याङ्क र राजस्व सुधार सम्भावनामा आधारित सूचक रूपमा बुझ्नुपर्नेछ। अन्तिम राजस्व लक्ष्य तथा वार्षिक प्रक्षेपण निर्धारण गर्दा आर्थिक मामिला मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, विषयगत राजस्व सङ्कलन गर्ने मन्त्रालय, निकाय तथा कार्यालय र स्थानीय तहबाट प्राप्त वास्तविक तथ्याङ्कसँग मिलान गरी परिमार्जन गर्नुपर्नेछ।

४.३ प्रमुख राजस्व सोतको सम्भावना विश्लेषण

४.३.१ कृषि आयमा कर

(क) व्यवस्था

नेपालको संविधानले प्रदेशलाई कृषि आयमा कर लगाउने एकल अधिकार प्रदान गरेको छ। जुन प्रदेश सरकारको एक सम्भावनायुक्त कर स्रोतका रूपमा रहेको छ। यस संवैधानिक अधिकारलाई कार्यान्वयन गर्न गण्डकी प्रदेश सरकारले प्रदेश कर तथा गैरकर राजस्व ऐन,२०७५ र प्रदेश आर्थिक ऐन तथा अन्य ऐनमार्फत कृषि आय करसम्बन्धी कानुनी व्यवस्था गर्दै आएको छ। उपरोक्त कानुनी व्यवस्था अनुसार प्रदेश सरकारले आफ्नो क्षेत्रभित्रको कृषि आयमा प्रचलित कानुन बमोजिम कर लगाउन सक्नेछ। कृषि आयमा कर कृषि उपजको प्रारम्भिक रूप (कृषि उपजको उत्पादन देखि प्रशोधन र विक्री वितरणका लागि तयार भएको कृषि उपज) मा विक्री गरेको बखत लगाइनेछ। यस प्रयोजनको लागि कृषि उपज भन्नाले खाद्यान्न बाली, फलफूल, तयारी, आलु, अण्डा, मासुजन्य पदार्थ, माछा, दूध, दलहन, तेलहन जस्ता खाद्य वस्तु बुझाउँछ। वार्षिक १० लाख रूपैयासम्मको आयमा कर नलाग्ने र १० लाख देखि २० सम्मको आयमा एक प्रतिशत र २० लाख भन्दा माथिको आयमा २ प्रतिशतका दरले कर लाग्ने वार्षिक १० लाख रूपैया भन्दा बढीको प्रारम्भिक कृषि उपजबाट गरेको कृषि आयमा कर प्रयोजनका लागि कृषकले स्वयं घोषणा गरी कृषि आय प्रस्तुत गर्ने सक्ने कानुनी व्यवस्था रहेको छ। कृषि आयमा कर कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय अन्तर्गतको कृषि विकास कार्यालय तथा भेटेरीनरी अस्पताल तथा पशु सेवा कार्यालयबाट सङ्कलन गरी प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ।

कृषि आयमा करको मूल अवधारणा अनुसार व्यावसायिक रूपमा कृषि, पशुपालन, फलफूल खेती, तरकारी उत्पादन, चिया, कफी, जडीबुटी, मौरीपालन, मत्स्यपालन, कृषि प्रशोधन तथा कृषिमा आधारित व्यवसायबाट प्राप्त हुने आम्दानीमा निश्चित सीमा तथा दर अनुसार कर लगाउने व्यवस्था गरिएको छ। प्रदेशले दश लाख रूपैयासम्मको कृषि आयमा कर नलाग्ने व्यवस्था गरी सामान्य जीविकोपार्जनमुखी कृषिलाई करमुक्त राख्दै व्यावसायिक तथा नाफामूलक कृषि उद्यमलाई करको दायरामा ल्याउने नीति अवलम्बन गरेको छ।

(ख) अवस्था

गण्डकी प्रदेशका नवलपुर, कास्की, तनहुँ, स्याङ्जा, लमजुङ, बागलुङ, पर्वत, म्याग्दी, गोरखा, मुस्ताङ तथा जिल्लामा व्यावसायिक कृषि विस्तार भइरहेको छ। विशेषगरी तरकारी, डेरी, पोल्ट्री, बाख्रापालन, मौरीपालन, स्याउ खेती, सुन्तला खेती, अलैंची, कफी तथा ट्राउट माछापालन व्यावसायिक रूपमा सञ्चालनमा आएका छन्। पोखरा तथा आसपासका क्षेत्रहरूमा कृषि

उत्पादनको व्यावसायीकरण तिव्र रूपमा बढेको छ। यस्ता कृषि व्यवसाय मुख्यतः प्राकृतिक व्यक्ति कर प्रशासनको दायरामा समेटिएका छैनन्। धेरै कृषक तथा कृषि उद्यमले आय विवरण पेश नगर्ने, कारोबार अभिलेख नराख्ने तथा बैंकिङ प्रणालीभन्दा बाहिर नगद कारोबार गर्ने प्रवृत्ति रहेको छ। कृषि व्यवसाय गर्ने कम्पनी, फर्म तथा सहकारीमार्फत हुने ठूलो आर्थिक कारोबारको समेत पूर्ण कर अभिलेखीकरण हुन सकेको छैन।

प्रदेशको अर्थतन्त्रमा कृषिको योगदान उल्लेखनीय भए पनि कृषि क्षेत्रबाट प्रत्यक्ष कर सङ्कलन न्यून छ किनकी प्रदेशमा कृषि आयमा कर परिचालनको अवस्था अत्यन्त सीमित रहेको छ। वास्तविक सम्भावनाको तुलनामा हालको परिचालन नगण्यजस्तै छ। यसले प्रदेशमा कृषि क्षेत्रको आर्थिक विस्तार भए पनि त्यसको कर प्रशासनिक संरचना विकास हुन नसकेको देखाउँछ। प्रदेश सरकारले कैर तथा गैरकर राजस्व ऐन बमोजिम कृषि आयलाई आर्थिक ऐनमा थप व्याख्या गरी करको दर निर्धारण तथा अद्यावधिक गर्दै आएको छ। यस शीर्षकबाट गत विगत ५ आर्थिक वर्ष मध्ये गत आ.व. २०८०/८१ मा १ लाख ८० हजार सङ्कलन भएको र यस आ.व.मा रू. २ लाख अनुमान गरिएको चैत्रत्र मसान्तसम्म कर सङ्कलन नभएको अवस्था छ। यसको प्रमुख कारण कृषि व्यवसायको ठूलो हिस्सा अनौपचारिक तथा नगद आधारित रहनु, व्यवस्थित अभिलेखीकरण नहुनु तथा कृषि आय कर प्रशासनको संस्थागत संरचना कमजोर हुनु हो।

(ग) सम्भावना

प्रदेशमा एकातिर कृषिको व्यावसायीकरण र विविधीकरण बढ्दै गएको अवस्था छ भने अर्कोतिर कृषि जमीन बाँझो राख्ने अवस्था बढ्दै गएको छ। कृषिमा लगानी वृद्धि गरी कृषकलाई व्यावसायिक उत्पादनमा संलग्न गराउने सम्भावना रहेको छ। प्रदेशमा कृषि क्षेत्रको तिव्र व्यावसायीकरण भइरहेको सन्दर्भमा मध्यम तथा ठूला कृषि उद्यमबाट उल्लेख्य राजस्व सङ्कलन गर्न सकिने सम्भावना देखिन्छ। चालु आ.व.को कृषि आयको स्ल्यावको दरमा सामान्य परिवर्तन गरी व्यावसायिक कृषक र उद्यमबाट कृषि आयमा कर सङ्कलन गर्दा कुल सम्भावना देहायअनुसार हुने अनुमान गरिएको छः

तालिका नं. 12२: कृषि आयमा कर सङ्कलनको सम्भावना

कृषि व्यवसाय तथा उद्यमको विवरण	वार्षिक औषत आय (रू.)	कर ल्यावमा पर्ने अनुमानित कृषक, उद्यम र फार्म सङ्ख्या	करको दर (रू.)	रकम (रू. लाखमा)
व्यावसायिक तरकारी खेती कृषक तथा फर्म	१२००००००	३०००	१२०००	३६०.००
पशुपालन तथा डेरी व्यवसाय फार्म	१५००००००	२४००	१५०००	३६०.००
फलफूल तथा उच्च मूल्य कृषि व्यवसाय	२००००००	१८००	२००००	३६०.००
पोल्ट्री तथा मत्स्यपालन व्यवसाय	२५००००००	१२००	२५०००	३००.००
कृषि प्रशोधन तथा कृषि आधारित उद्योग	३००००००	६००	३००००	१८०.००
कुल सम्भावना	**२०४००००**	९०००	२०४००	१५६०.००

हालको वास्तविक सङ्कलन अत्यन्त न्यून रहेको परिदृश्यमा प्रदेशले कृषि आयमा करको सम्भावित क्षमताको ०.१ प्रतिशतभन्दा कम मात्र उपयोग गरिरहेको अवस्था छ। प्रभावकारी सुधारमार्फत मध्यम अवधिमा कृषि आयमा करलाई प्रदेशको १३०० गुणासम्म वृद्धि हुने सक्ने सम्भाना देखिन्छ। यसबाट प्रदेशको एकल अधिकार क्षेत्रको रूपमा रहेको यस करलाई एक महत्त्वपूर्ण राजस्व स्रोतका रूपमा विकास गर्न सक्ने सम्भावना रहेको छ।

(घ) सवाल तथा चुनौती

कृषि आय कर परिचालनमा रहेका नीतिगत, कानुनी तथा संरचनागत चुनौतीलाई देहायअनुसार प्रस्तुत गरिएको छः-

(१) **अनौपचारिक कृषि प्रणालीः** मूलतः कृषि उत्पादन तथा व्यवसाय अनौपचारिक रूपमा सञ्चालन हुने हुँदा कृषि आयमा करको दर, दायरा तथा मूल्याङ्कन प्रणाली र तथ्याङ्क आधार तयार हुन नसक्नु;

(२) **संवैधानिक व्यवस्था र आयकर ऐन बाझिनुः** एकल अधिकार क्षेत्रको रूपमा प्रदेशमा निहित संवैधानिक अधिकार र आय कर ऐनको व्यवस्था वाझिनु तथा बाधक हुनुका साथै प्रदेशमा कृषि आयमा कर परिचालनसम्बन्धी संवैधानिक व्यवस्था कार्यान्वयन गर्ने करको परिभाषा, कराधार सम्बन्धमा सङ्घीय सरकार उदायशीन रहनु;

(३) **अनौपचारिक कारोबारको उच्च अनुपातः** कृषि व्यवसायबाट हुने आय नगद तथा वस्तु विनिमय आधारित कारोबारका हुने कारण वास्तविक आय निर्धारण कठिन हुनु;

(४) **साना र व्यावसायिक कृषिबीच स्पष्ट विभाजनको मापदण्डः** के कस्ता कृषक तथा कृषि उद्यमलाई करको दायरामा ल्याउने विषय र कर परिचालनमा सङ्घीय आयकर ऐन बाधक हुनु;

(५) **राजनीतिक तथा सामाजिक संवेदनशीलताः** कृषिमा आयमा कर लगाउने विषय आर्थिक तथा राजनीतिक रूपमा संवेदनशील रहनु;

(६) **कृषि तथ्याङ्क तथा अभिलेखको कमीः** उत्पादन, आय, बजार कारोबार, खुद आयसम्बन्धी तथ्याङ्क प्रणालीको विकास तथा अभ्यास हुन नसक्नु;

(७) **अन्तर सरकार तथा संरचनागत समन्वयः** कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, स्थानीय तह तथा राजस्व प्रशासनबीच प्रभावकारी सूचना आदानप्रदान, समन्वय तथा सम्वादको कमी हुनु;

(८) **कमजोर कर प्रशासन क्षमताः** विशेषज्ञ जनशक्ति तथा कृषि आय मूल्याङ्कन प्रणाली पर्याप्त विकसित हुन नसक्नु।

(ङ) सुझाब

कृषि आयमा करको प्रभावकारी परिचालनका लागि सुधार गर्नुपर्ने विषयहरू देहायअनुसार रहेका छन्:

(१) व्यावसायिक कृषि आय, करदाता र कराधारको स्पष्ट परिभाषा गरी सङ्घीय आयकर ऐनसँग रहेको अस्पष्टता समाधानका लागि नेपाल सरकारसँग नीतिगत समन्वय तथा सम्बाद गर्ने;

(२) संस्थागत आय करमा आबद्ध नभएका कृषि व्यवसाय गर्ने व्यावसायिक कृषक तथा फर्म, कम्पनी, संस्थाको अभिलेख तयार गरी कृषि आयको स्वघोषणा मार्फत न्यूनतम दरमा कृषि आयमा कर परिचालन गर्न आर्थिक ऐनमा व्यवस्था गर्ने;

(३) साना तथा निर्वाहमुखी कृषकलाई संरक्षण गर्दै (करमुक्त वा न्यूनदरमा कर) व्यावसायिक कृषक तथा कृषि फर्म, कृषि कम्पनी, सहकारी, डेरी, पोल्ट्री, मत्स्यपालन, उच्च मूल्य कृषि तथा कृषि प्रशोधन उद्यमलाई करको दायरामा ल्याउने;

(४) कृषि विकास कार्यालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा कार्यालय, कृषि विकास स्रोत केन्द्र, स्थानीय तह, सहकारी, उद्योग/फर्म दर्ता निकाय, अनुदान, बीमा र सहुलियत ऋणको विवरण एकीकृत गरी व्यावसायिक कृषक तथा संस्थागत करदाताको अभिलेख तयार गर्ने;

(५) करयोग्य कृषि आयको स्वघोषणा प्रणाली लागू गरी सरल, कम लागत र अनुमानित कर प्रणालीबाट कार्यान्वयन शुरूवात गर्ने

(६) कृषि अनुदान, बीमा, सहुलियत ऋण, माटो परीक्षण, पशु स्वास्थ्य सेवा, बिउबिजन, कृषि उपकरण तथा बजार सुविधालाई दर्ता, नवीकरण र कर अनुपालनासँग क्रमशः आबद्ध गर्ने

(७) कृषि सेवा, प्रयोगशाला सेवा, पशु स्वास्थ्य सेवा, बीउबिजन परीक्षण, कृत्रिम गर्भाधान तथा प्रमाणीकरणसम्बन्धी शुल्क र दस्तुरलाई व्यवस्थित गरी कृषि क्षेत्रबाट गैरकर राजस्व परिचालन समेत विस्तार गर्ने

(८) कृषि आयकर सङ्कलनका लागि क्रमशः GIS मा आधारित कृषि व्यवसाय अभिलेख , अनलाइन आय कर घोषणा, डिजिटल अभिलेख तथा भुक्तानी प्रणाली लागू गर्ने।

४.३.२ सवारी साधन कर तथा यातायात क्षेत्रको आम्दानी

(क) व्यवस्था

नेपालको संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, प्रदेश कर तथा गैरकर राजस्वसम्बन्धी ऐन, प्रदेश आर्थिक ऐन तथा सवारी तथा यातायात व्यवस्थापनसम्बन्धी प्रदेश कानुनले सवारी साधन कर तथा यातायात क्षेत्रबाट प्राप्त हुने कर, शुल्क, दस्तुर र जरिवाना सङ्कलन गर्ने कानुनी आधार प्रदान गरेका छन्। सवारी साधन कर संविधानतः प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेको भए पनि टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्साबाहेकका सवारी साधन कर प्रदेशबाट लगाउने र सङ्कलन गर्ने तथा प्राप्त रकम प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने व्यवस्था रहेको छ।

प्रदेश सरकारले वार्षिक आर्थिक ऐनमार्फत सवारी साधनको वर्गीकरण, करको दर, नवीकरण दस्तुर, नामसारी, दर्ता खारेजी, रुट इजाजत, प्राविधिक जाँचपास, सवारी चालक अनुमतिपत्रसम्बन्धी सेवा, प्रदूषण परीक्षण, जरिवाना, छुट तथा सहुलियतसम्बन्धी व्यवस्था निर्धारण गर्दै आएको छ। यसका अतिरिक्त राइड सेयरिङ, सेल्फ ड्राइभ सेवा, ड्राइभिङ प्रशिक्षण केन्द्र, वर्कसप, चार्जिङ स्टेशन, प्रदूषण परीक्षण केन्द्र तथा सवारी परीक्षण सेवाजस्ता नयाँ तथा विस्तारोन्मुख यातायात सेवाहरूलाई पनि दर्ता, अनुमति, नवीकरण र सेवा शुल्कको दायरामा ल्याउन सकिने आधार प्रदेश कानुन तथा आर्थिक ऐनमार्फत क्रमशः विकास हुँदै गएको छ।

यस दृष्टिले सवारी साधन कर तथा यातायात क्षेत्रको आम्दानी गण्डकी प्रदेशको सबैभन्दा स्थिर, नियमित र पूर्वानुमानयोग्य राजस्व स्रोत हो। यसको आधार दर्ता भएका सवारी साधनको सङ्ख्या, नयाँ दर्ता, नवीकरण दर, सवारी वर्ग, सेवा कारोबार, अनुमतिपत्र, रुट इजाजत, जाँचपास, जरिवाना र यातायातसम्बन्धी सेवा प्रवाहसँग प्रत्यक्ष रूपमा जोडिएको छ।

(ख) अवस्था

गण्डकी प्रदेशमा सवारी साधनको सङ्ख्या, यातायात सेवा प्रयोग, सडक सञ्जाल विस्तार, शहरीकरण तथा आर्थिक गतिविधिको वृद्धिसँगै सवारी साधन कर तथा यातायात क्षेत्रबाट प्राप्त हुने आम्दानीको आधार क्रमशः विस्तार हुँदै गएको छ। विशेषगरी मोटरसाइकल, स्कुटर, निजी तथा सार्वजनिक सवारी साधन, मालवाहक सवारी तथा सेवा प्रयोजनका सवारी साधनको दर्ता र सञ्चालनमा वृद्धि भएको छ।

प्रदेश मातहतका यातायात व्यवस्था कार्यालयबाट सवारी दर्ता, नवीकरण, सवारी साधन कर, रुट इजाजत, जाँचपास, चालक अनुमतिपत्रसम्बन्धी सेवा तथा विविध यातायात दस्तुर सङ्कलन हुँदै आएको छ। सवारी साधन कर प्रदेशको प्रमुख आन्तरिक राजस्व स्रोतका रूपमा स्थापित रहेको छ भने यातायातसम्बन्धी सेवा दस्तुर तथा शुल्कबाट समेत उल्लेखनीय आम्दानी प्राप्त भइरहेको छ। यातायात क्षेत्रको विस्तार, विद्युतीय सवारी साधनको प्रयोगमा वृद्धि, नयाँ प्रविधिमा आधारित यातायात सेवाको विकास तथा सेवा प्रवाहको दायरा विस्तारसँगै यस क्षेत्रबाट प्राप्त हुने राजस्वको सम्भावना अझै बढ्दो क्रममा रहेको देखिन्छ।

(ख) अवस्था

गण्डकी प्रदेशमा सवारी साधन दर्ताको सङ्ख्या विगत केही वर्षमा उल्लेखनीय रूपमा बढेको छ। विशेषगरी पोखरा उपत्यका, तनहुँ, गोरखा, नवलपुर, बागलुङ र स्याङ्जा जिल्लामा मोटरसाइकल, निजी कार, जिप तथा सार्वजनिक यातायात साधनको दर्ता

दर उच्च छ। ग्रामीण क्षेत्रमा सडक पूर्वाधारको निर्माणसँगै निजी तथा सार्वजनिक यातायातको आवागमनमा वृद्धिले सङ्ख्यात्मक वृद्धिलाई बढवा दिएको छ।

(ग) सम्भावना

गण्डकी प्रदेशमा सवारी साधन कर तथा यातायात क्षेत्रबाट प्राप्त हुने आम्दानीको सम्भावना दर्ता भएका सवारी साधनको सङ्ख्या, नवीकरण अनुपालना, सवारी साधनको वर्गीकरण, क्षमता, उपयोग, कर दर तथा यातायात सेवासँग सम्बन्धित विभिन्न शुल्क र दस्तुरमा आधारित रहेको छ। उपलब्ध अभिलेख तथा अनुमानका आधारमा प्रदेशमा करिब ६.५ लाख सवारी साधन दर्ता रहेको अनुमान गर्न सकिन्छ। यसमध्ये मोटरसाइकल, स्कुटर तथा मोपेड करिब ५ लाख २० हजार, कार/जिप/भ्यान करिब ९० हजार, बस/ट्रक करिब २५ हजार तथा अन्य सवारी साधन करिब १५ हजार रहेको अनुमान गरिएको छ।

उल्लेखित सवारी साधनको सङ्ख्यालाई आधार मानी औसत वार्षिक सवारी साधन कर तथा यातायात क्षेत्रबाट प्राप्त हुने अन्य राजस्वसमेत समेटेर मोटरसाइकल, स्कुटर तथा मोपेडबाट औसत रू. ३ हजार, कार/जिप/भ्यानबाट औसत रू. २० हजार, बस/ट्रकबाट औसत रू. ३० हजार तथा अन्य सवारी साधनबाट औसत रू. १५ हजार राजस्व प्राप्त हुने अनुमान गर्दा कुल सम्भावित वार्षिक राजस्व करिब रू. २६८ करोड हुन सक्ने अनुमान गरिएको छ। यस अनुमानमा सवारी साधन करका अतिरिक्त सवारी दर्ता, नवीकरण, नामसारी, रुट इजाजत, जाँचपास, प्रदूषण परीक्षण, दण्ड जरिवाना तथा अन्य यातायात सेवाबाट प्राप्त हुने आम्दानी समेत समावेश गरिएको छ।

यातायात क्षेत्रको विस्तार, डिजिटल सेवा प्रवाह, राइड सेयरिङ, सेल्फ ड्राइभ सेवा, वर्कसप, चार्जिङ स्टेशन तथा सवारी परीक्षण सेवाको प्रभावकारी व्यवस्थापनमार्फत थप गैरकर राजस्व परिचालन गर्न सकिने सम्भावना रहेको छ। हाल राजस्व क्षेत्रबाट करिब रू. १२२ करोडको हाराहारीमा राजस्व सङ्कलन भई रहेको सन्दर्भमा सवारी साधनको अद्यावधिक अभिलेख, नवीकरण अनुपालनामा वृद्धि, बक्यौता असुली, अनलाइन सेवा, डिजिटल भुक्तानी प्रणालीको विस्तार, दर संरचना पुनरावलोकन तथा यातायात सेवाको दायरा विस्तारमार्फत मध्यम अवधिमा उल्लेखनीय राजस्व वृद्धि हासिल गर्न सकिने देखिन्छ।

(घ) सवाल तथा चुनौती

(१) **अभिलेख व्यवस्थापन तथा सूचना प्रणाली**: सञ्चालनमा रहेका सवारी साधन, सवारीधनी, दर्ता, नवीकरण, कर चुक्ता, बक्यौता, जरिवाना, दर्ता खारेजी, प्रदूषण परीक्षण, सवारीको क्षमता, आयु तथा उपयोगसम्बन्धी अभिलेख पूर्ण, एकीकृत र अद्यावधिक नहुनु; VRS प्रणाली प्रदेश सरकारमा पूर्ण रूपमा हस्तान्तरण नहुँदा तथा सवारी साधन, सवारी धनी, भन्सार र कर विवरणमा प्रदेशको पूर्ण पहुँच नहुँदा राजस्व प्रशासन र अभिलेख व्यवस्थापनमा कठिनाइ हुनु; अन्य प्रदेशमा दर्ता भएका तर गण्डकी प्रदेशमा नियमित सञ्चालन हुने सवारी साधनसम्बन्धी सूचना आदानप्रदान तथा अन्तरप्रदेशीय समन्वय प्रणाली कमजोर रहनु।

(२) **राजस्व प्रशासन, अनुपालना तथा असुली**: कतिपय सवारी साधन नवीकरण नगरी सञ्चालनमा हुनुका साथै बक्यौता रहेका सवारी साधनको पहिचान, ताकेता तथा असुली प्रणाली प्रभावकारी हुन नसक्नु; कर अनुपालना सुनिश्चित गर्न आवश्यक अनुगमन, तथ्याङ्क विश्लेषण तथा व्यवस्थापन संयन्त्र सुदृढ नहुँदा सम्भावित राजस्व सङ्कलन प्रभावित हुनु।

(३) **दर संरचना, शुल्क तथा जरिवाना व्यवस्था**: सवारी साधन कर, नवीकरण दस्तुर, रुट इजाजत, प्राविधिक जाँचपास, जरिवाना तथा अन्य शुल्कका दरहरू विभिन्न कानुन, नियम, आर्थिक ऐन र कार्यविधिमा छरिएका कारण कार्यालय तहमा व्याख्या, गणना तथा असुलीमा अन्योल रहनु; बिलम्ब जरिवानाको बहुदर प्रणाली सेवाग्राहीमैत्री नदेखिनुका साथै अन्य प्रदेशमा उपलब्ध छुट, सहुलियत तथा सरल दर संरचनाका कारण गण्डकी प्रदेशमा आउनुपर्ने केही सवारी साधन कर तथा

यातायातसम्बन्धी राजस्व अन्य प्रदेशतर्फ सर्ने जोखिम रहनु र सवारी चालक अनुमतिपत्रको नवीकरण अवधि १० वर्ष कायम भए पनि शुल्क तथा प्रणालीगत व्यवस्था सोही अनुरूप अद्यावधिक नहुनु।

(४) **डिजिटल सेवा तथा राजस्व प्रणाली:** कर, शुल्क, दस्तुर तथा जरिवाना गणना अझै म्यानुअल प्रणालीमा निर्भर हुँदा गणना त्रुटि, सेवाग्राहीसँग विवाद तथा दैनिक राजस्व विवरण र बैङ्क दाखिलाबीच मिलान नहुने जोखिम हुनु; अनलाइन सेवा, विद्युतीय तथा क्यूआर भुक्तानी (e-Payment/QR Payment, डिजिटल बिलिङ, SMS सूचना, मोबाइल एप तथा वास्तविक समयमा आधारित राजस्व निगरानी प्रणाली पूर्ण रूपमा सञ्चालनमा आउन नसक्दा सेवा प्रवाह र राजस्व व्यवस्थापन अपेक्षित रूपमा आधुनिकीकरण नुहुनु।

(५) **कानुनी तथा संस्थागत व्यवस्था:** सीमावर्ती यातायात कार्यालयहरूबाट अन्य प्रदेशसमेत समेट्ने रुट इजाजत प्रदान गर्ने विषयमा कानुनी तथा प्रणालीगत स्पष्टता नहुँदा सम्भावित राजस्व नजिकका अन्य प्रदेशका कार्यालयतर्फ जाने अवस्था हुनु;साथै, यातायात क्षेत्रसँग सम्बन्धित केही नयाँ सेवा तथा गतिविधिहरूको नियमन, दर्ता, अनुमति र शुल्क व्यवस्थामा पर्याप्त स्पष्टता तथा एकरूपता कायम हुन नसक्नु।

(६) **उदीयमान यातायात सेवा तथा नयाँ क्षेत्रको व्यवस्थापन:** ई–रिक्सा, हेभी इक्विपमेन्ट (विशेष गरि Right-Handed Equipment) राइड सेयरिङ, सेल्फ ड्राइभ सेवा, वर्कसप, ड्राइभिङ सेन्टर, चार्जिङ स्टेशन, प्रदूषण परीक्षण केन्द्र. स्वचालित सवारी साधन तौल पुल तथा स्क्यानिङ सेवा केन्द्र, तथा सवारी परीक्षण सेवाजस्ता उदीयमान क्षेत्रहरूको दर्ता, अनुमति, नवीकरण, नियमन तथा शुल्क निर्धारणसम्बन्धी व्यवस्था पर्याप्त, स्पष्ट र व्यवस्थित नहुनु।

(७) **संस्थागत क्षमता तथा सेवा प्रवाह:** यातायात कार्यालयहरूमा सेवाग्राहीको चापको तुलनामा सङ्गठन संरचना, जनशक्ति, प्राविधिक क्षमता तथा सेवा पूर्वाधार पर्याप्त नहुँदा सेवा प्रवाहको गुणस्तर र राजस्व सङ्कलन दुवै प्रभावित हुनु। सूचना प्रविधिमा आधारित सेवा विस्तार, कर्मचारी क्षमता विकास तथा कार्यालय पूर्वाधार सुदृढीकरणमा न्यून प्रयास रहनु।

(ङ) सुझाव

सवारी साधन कर, यतायात क्षेत्रको आय तथा यातायात राजस्व प्रशासनलाई प्रभावकारी बनाउन देहायबमोजिम सुधारका उपाय अवलम्बन गर्न आवश्यक देखिन्छः

(१) सवारी साधन, सवारीधनी, कर भुक्तानी, नवीकरण, बक्यौता, जरिवाना, नामसारी, दर्ता खारेजी तथा रुट इजाजतसम्बन्धी अभिलेख अद्यावधिक गरी एकीकृत डिजिटल सवारी सूचना प्रणाली विकास गर्ने;

(२) VRS/TMS प्रणालीलाई स्तरोन्नति गरी राजस्व गणना, बिलिङ, बैङ्क दाखिला, RIMS, विद्युतीय भुक्तानी (e-Payment/QR Payment) तथा दैनिक राजस्व मिलान प्रणालीसँग पूर्ण रूपमा आबद्ध गर्ने;

(३) नवीकरण नगरेका, बक्यौता रहेका, सञ्चालनमा नरहेका वा अभिलेखमा मात्र कायम रहेका सवारी साधनहरूको पहिचान गरी समयबद्ध नवीकरण तथा बक्यौता असुली अभियान सञ्चालन गर्ने;

(४) बिलम्ब जरिवाना, नवीकरण दस्तुर, रुट इजाजत, प्राविधिक जाँचपास तथा अन्य जरिवानाको दर संरचनालाई सरल, एकरूप, स्पष्ट र सेवाग्राहीमैत्री बनाउने;

(५) सवारी चालक अनुमतिपत्रको नवीकरण अवधि १० वर्ष कायम भएको सन्दर्भमा नवीकरण शुल्क दरलाई सवारी साधन अनुमति कार्डको वर्गीकरण अनुसार सोही सेवा अवधिसँग मिल्ने गरी पुनरावलोकन गर्ने

(६) सवारी साधन कर तथा दस्तुरको दर सवारीको किसिम, क्षमता, उपयोग, आयु, व्यावसायिक प्रकृति, वातावरणीय प्रभाव र विद्युतीय सवारी साधन क्षमता र मूल्यको आधारमा समयानुकूल पुनरावलोकन गर्ने;

(७) ई–रिक्सा, हेभी इक्विपमेन्ट, राइड सेयरिङ, सेल्फ ड्राइभ सेवा, ड्राइभिङ सेन्टर, वर्कसप, चार्जिङ स्टेशन, प्रदूषण परीक्षण केन्द्र तथा सवारी परीक्षण सेवाहरूलाई स्पष्ट दर्ता, अनुमति, नवीकरण र सेवा शुल्कको दायरामा ल्याउने;

(८) सीमावर्ती कार्यालयबाट अन्य प्रदेशसमेत समेट्ने रुट इजाजतसम्बन्धी कानुनी तथा प्रणालीगत स्पष्टता कायम गरी अन्य प्रदेशतर्फ सर्ने सम्भावित राजस्वलाई गण्डकी प्रदेशमा परिचालन गर्ने व्यवस्था मिलाउने;

(९) अन्य प्रदेशसँग कर, जरिवाना, छुट/सहुलियत र सेवा शुल्कको तुलनात्मक समीक्षा गरी प्रतिस्पर्धी, व्यावहारिक र राजस्वमैत्री दर संरचना तयार गर्ने;

(१०) सवारी कर, नवीकरण, जरिवाना, छुट/सहुलियत, भुक्तानी समयसीमा र सेवासम्बन्धी सूचना मेसेज (SMS), मोबाइल एप, वेबसाइट, सूचना पाटी र सामाजिक सञ्जालमार्फत नियमित रूपमा प्रवाह गर्ने;

(११) यातायात कार्यालयहरूको सङ्गठन संरचना, जनशक्ति, प्राविधिक क्षमता, सेवा काउन्टर र अनलाइन सेवा प्रणालीलाई सेवाग्राही चाप र राजस्व सम्भावनाका आधारमा विस्तार तथा सुदृढ गर्ने;

(१२) सबै प्रकारका सवारी कर, शुल्क, दस्तुर र जरिवाना कुन कानुन, नियम, आर्थिक ऐन वा कार्यविधिका आधारमा सङ्कलन हुने हो भन्ने स्पष्ट हुने गरी एकीकृत कानुनी तथा करका दर ढाँचा तयार गरी सबै यातायात कार्यालयमा लागू गर्ने।

४.३.३ मनोरञ्जन कर

(क) व्यवस्था

मनोरञ्जन कर संविधानतः प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्रभित्र पर्ने राजस्व स्रोत हो। अन्तरसरकारी वित्त व्यवस्थापन ऐनअनुसार यसको कराधार, दर निर्धारण र नीतिगत व्यवस्था प्रदेशबाट हुने तथा एकल कर प्रशासनको सिद्धान्तबमोजिम राजस्व सङ्कलन स्थानीय तहबाट गरी प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने व्यवस्था रहेको छ। गण्डकी प्रदेशले प्रदेश कर तथा गैरकर राजस्वसम्बन्धी ऐन र वार्षिक आर्थिक ऐनमार्फत चलचित्र प्रदर्शन, साङ्गितिक तथा सांस्कृतिक कार्यक्रम, खेलकुद प्रतियोगिता, मेला–महोत्सव, मनोरञ्जन पार्क, फनपार्क, भिडियो गेम जोन, कन्सर्ट, मल्टिप्लेक्स तथा शुल्क लिएर सञ्चालन हुने अन्य मनोरञ्जनात्मक गतिविधिलाई करको दायरामा राखेको छ।

मनोरञ्जन कर सामान्यतः प्रवेश शुल्क, टिकट विक्री वा सेवा उपयोगबापत असुल गरिएको रकममा तोकिएको दरका आधारमा सङ्कलन गरिन्छ। तर पछिल्लो समय होटल-रिसोर्ट आधारित मनोरञ्जन सेवा, साहसिक मनोरञ्जन, डिजिटल टिकटिङ, अनलाइन कार्यक्रम, क्लब, क्यासिनो तथा पर्यटनसँग जोडिएका मनोरञ्जन गतिविधि विस्तार भइरहेकाले कानुनी दायरा, अभिलेख प्रणाली र कर प्रशासनलाई समयानुकूल अद्यावधिक गर्नुपर्ने आवश्यकता देखिन्छ।

(ख) अवस्था

गण्डकी प्रदेशमा मनोरञ्जन गतिविधिको मुख्य केन्द्र पर्यटकिय नगरि पोखरा र यसको आसपासको क्षेत्र हो। पोखरामा चलचित्र हल, मल्टिप्लेक्स, साङ्गितिक कार्यक्रम, होटल-रिसोर्टमा हुने सांस्कृतिक प्रस्तुति, क्लब, क्यासिनो, साहसिक मनोरञ्जन, फेस्टिभल तथा मेला-महोत्सव नियमित रूपमा सञ्चालन हुने गरेका छन्। यसबाहेक बागलुङ, गोरखा, तनहुँ, नवलपुर, स्याङ्जा, लमजुङ, मनाङ र मुस्ताङ लगायतका जिल्लामा स्थानीय मेला, जात्रा, सांस्कृतिक कार्यक्रम तथा पर्यटकीय मनोरञ्जन गतिविधि पनि सञ्चालनमा रहेका छन्।

यद्यपि, मनोरञ्जन करको वास्तविक परिचालन सम्भावनाको तुलनामा हालको सङ्कलन अत्यन्त न्यून छ। प्रदेशको राजस्व अभिलेखअनुसार यस शीर्षकबाट वार्षिक औसत करिब रू. २५ लाख २० हजार मात्र सङ्कलन भएको देखिन्छ। टिकट विक्रीको

पारदर्शी अभिलेख नहुनु, नगद कारोबारको उच्च प्रयोग, अस्थायी कार्यक्रमहरूको दर्ता र प्रतिवेदन प्रणाली कमजोर हुनु, डिजिटल टिकटिङ तथा अनुगमन प्रणाली लागू नहुनु र स्थानीय तहबाट प्रदेश हिस्साको नियमित जानकारी प्रवाह कमजोर हुनु यसको मुख्य कारण देखिन्छ।

कोभिड-१९ पछिको अवधिमा आन्तरिक पर्यटन, होटल-रिसोर्ट व्यवसाय, साङ्गितिक कार्यक्रम, मेला-महोत्सव तथा साहसिक मनोरञ्जन गतिविधि पुनः विस्तार हुँदै गएको छ। यसले मनोरञ्जन करको दायरा विस्तार गर्ने सम्भावना बढाएको भए पनि कराधार पहिचान, कार्यक्रम अनुमति, टिकट अभिलेख, डिजिटल भुक्तानी र प्रदेश-स्थानीय तहबीचको समन्वय सुदृढ नभएसम्म अपेक्षित राजस्व सङ्कलन हुन कठिन देखिन्छ।

(ग) सम्भावना

गण्डकी प्रदेशमा मनोरञ्जन करको सम्भाव्यता विभिन्न उपक्षेत्रका वार्षिक कारोबारको आधारमा विश्लेषण गर्न सकिन्छ।

(१) चलचित्र हल तथा मल्टिप्लेक्स

प्रदेशभर १५ वटा औपचारिक चलचित्र हल सञ्चालनमा रहेको अनुमान गर्दा प्रत्येक हलमा दैनिक औसत २५० दर्शक र औसत टिकट दर रू. ४०० मान्दा वार्षिक कारोबार रू. ४५ करोड (१५ × २५० × ४०० × ३००) र मनोरञ्जन करको दर ५ प्रतिशत कायम गर्दा राजस्व रू. २ करोड २५ लाख परिचालन हुन सक्ने देखिन्छ।

(२) साङ्गितिक कार्यक्रम तथा महोत्सव

प्रदेशमा वार्षिक करिब २०० ठूला/मध्यम प्रकृतिका कार्यक्रम सञ्चालन हुने र प्रति कार्यक्रम औसत टिकट विक्री रू. १० लाख मान्दा कुल कारोबार रू. २० करोड (२०० × १०,००,०००) मा ५ प्रतिशत करको दर कायम राजस्व रू. १ करोड परिचालन हुन सक्ने सम्भावना रहेको छ।

(३) होटल-रिसोर्ट आधारित मनोरञ्जन सेवा

पोखरा, मुस्ताङ, मनाङ, लमजुङ, गोरखा, बन्दीपुर र नवलपुर लगायतका क्षेत्रमा करिब ३०० प्रतिष्ठानले नियमित सांस्कृतिक वा मनोरञ्जन कार्यक्रम सञ्चालन गर्ने र वार्षिक औसत कारोबार रू. ५ लाख मान्दा कुल कारोबार रू १५ करोड (३०० × ५,००,०००) हुने सो रकममा ५ प्रतिशत करको दर अनुमान गर्दा र राजस्व रू. ७५ लाख परिचालन हुन सक्ने अनुमान गरिएको छ।

(४) साहसिक तथा डिजिटल मनोरञ्जन गतिविधि

जिपलाइन, बञ्जी, गेमिङ जोन, भर्चुयल रियालिटी (VR) मनोरञ्जन केन्द्र, डिजिटल कार्यक्रम आदिबाट वार्षिक रू. २५ करोड कारोबार हुने अनुमान र ५ प्रतिशत करको दरअनुसार राजस्व रू. रू. १ करोड २५ लाख परिचालन हुन सक्ने सम्भावना रहेको छ।

(५) कुल सम्भावित राजस्व

उपरोक्त आधारमा कुल सम्भावित मनोरञ्जन कर राजस्व अन्तर्गत (क) चलचित्र क्षेत्र रू. २.२५ करोड, (ख) महोत्सव/कार्यक्रम रू. १ करोड, (ग) होटल–रिसोर्ट मनोरञ्जन रू. ७५ लाख र (घ) साहसिक/डिजिटल मनोरञ्जन रू. १ करोड २५ लाख समेत जम्मा रू. ५ करोड २५ लाख वार्षिक हुन सक्ने अनुमान गरिएको छ। सोमध्ये प्रदेश सरकारले बाँडफाँटबाट रू. २ करोड १० लाख प्राप्त गर्ने सक्ने अनुमान रहेको छ।

माथि उल्लिखित मनोरञ्जन करको क्षत्रा अनुसार वार्षिक मनोरञ्जन कर सङ्कलनको सम्भावना देहाय अनुसार रहेको छः

तालिका नं. 13: मनोरञ्जन करको परिचालनको सम्भावना

क्र.सं.	मनोरञ्जनका संरचना तथा साधन	सङ्ख्या	परिमाण (जना पटक)	करको औसत दर (रू.)	वार्षिक राजस्व सम्भावना
१	चलचित्र हल तथा मल्टिप्लेक्स	१५	७५०००	२०	२२५
२	साङ्गितिक कार्यक्रम तथा महोत्सव	२००	५००	१००	१००
३	होटल–रिसोर्ट आधारित मनोरञ्जन सेवा	३००	२५०	१००	७५
४	साहसिक तथा डिजिटल मनोरञ्जन गतिविधि	२५	१०००	५००	१२५
	जम्मा	**५४०**		**७२०**	**५२५**
	बाँडफाँटबाट प्रदेशमा प्राप्त हुने रकम				**२१०**

हालको औषत वार्षिक सङ्कलन करिब रू. २५ लाख २० हजार हाराहारीमा रहेको देखिन्छ जुन कुल सम्भावनाको १२ प्रतिशत रहेको छ। यसबाट प्रदेशले कम्तीमा ८ गुणा भन्दा बढी राजस्व परिचालन क्षमता उपयोग गर्न बाँकी रहेको देखिन्छ। यसले मनोरञ्जन कर गण्डकी प्रदेशका लागि मध्यम अवधिमा महत्त्वपूर्ण राजस्व स्रोत बन्न सक्ने स्पष्ट सङ्केत गर्दछ।

(घ) सवाल तथा चुनौती

मनोरञ्जन कर परिचालनमा थुप्रै संरचनात्मक तथा प्रशासनिक चुनौतीहरू छन् जुन देहायअनुसार रहेका छन्।

(१) धेरैजसो मनोरञ्जन गतिविधि अस्थायी वा अनौपचारिक ढंगले सञ्चालन हुने भएकाले वास्तविक कारोबार तथ्याङ्क प्राप्त गर्न कठिन हुनु,

(२) डिजिटल ट्र्याकिङ प्रणाली सञ्चालन हुन नसक्दा, टिकट विक्री र प्रवेश व्यवस्थापनमा डिजिटल प्रणाली अनिवार्य नहुँदा वास्तविक कारोबार लुकाउने सम्भावना उच्च हुनु;

(३) स्थानीय तह-प्रदेश समन्वयको कमीको कारण कतिपय अवस्थामा मनोरञ्जन करको अधिकार र शुल्क संरचनामा अस्पष्टता, दोहोरोपना वा प्रशासनिक विवाद उत्पन्न हुनु;

(४) कानुनी स्पष्टताको कारणा अनलाइन लाइभ कार्यक्रम, डिजिटल इभेन्ट, अनलाइन भिडियो स्ट्रिमिङ सेवा (Over the Top - OTT) प्लेटफर्म जस्ता नयाँ आधुनिक सेवा मनोरञ्जन माध्यमको कर दायरा बाहिर रहनु;

(५) प्रदेशस्तरमा पर्याप्त जनशक्ति, प्रविधि र निरीक्षण संयन्त्र कमी हुँदा अनुगमन, सहजीकरण तथा समन्वयको कमजोर हुनु;

(६) व्यवसायीहरूमा कर दायित्त्वबारे पर्याप्त चेतना तथा विश्वासको कमी हुँदा करदातामा कर अनुपालना कमजोर हुनु।

(ङ) सुझाव

मनोरञ्जन करको प्रभावकारी परिचालनका लागि सुधार गर्नुपर्ने विषयहरू देहायअनुसार रहेका छन्:

(१) चलचित्र हल, मल्टिप्लेक्स, कन्सर्ट, मेला–महोत्सव, फनपार्क, क्लब, साहसिक मनोरञ्जन तथा टिकटमा आधारित कार्यक्रमलाई अनिवार्य दर्ता/अनुमति प्रणालीमा ल्याउने;

(२) टिकटमा आधारित मनोरञ्जन गतिविधिमा QR/online ticketing वा प्रमाणित टिकट अभिलेख प्रणाली लागू गरी वास्तविक कारोबार अभिलेखीकरण गर्ने;

(३) स्थानीय तहसँग समन्वय गरी कार्यक्रम अनुमति, टिकट विक्री, कर दाखिला र प्रदेश हिस्साको बाँडफाँटसम्बन्धी एकीकृत प्रतिवेदन प्रणाली विकास गर्ने;

(४) डिजिटल मनोरञ्जन, अनलाइन कार्यक्रम, होटल-रिसोर्ट आधारित सांस्कृतिक कार्यक्रम, साहसिक मनोरञ्जन तथा पर्यटनसँग जोडिएका मनोरञ्जन सेवाको कराधार स्पष्ट गरी आर्थिक ऐनमा समेट्ने;

(५) अस्थायी कार्यक्रम, मेला–महोत्सव तथा विशेष अवस्थामा हुने गतिविधिका लागि सरल दर, अग्रिम कर/धरौटी लिने र कार्यक्रम सम्पन्न भएपछि राजस्व मिलान गर्ने व्यवस्था लागू गर्ने;

(६) मनोरञ्जन व्यवसायी तथा कार्यक्रम आयोजकका लागि सरल अनलाइन रजिष्ट्रेशन, डिजिटल भुक्तानी, अनलाइ प्रतिवेदन, र करदातामैत्री सेवा प्रणाली लागू गर्ने;

(७) प्रदेश र स्थानीय तहबाट संयुक्त अनुगमन, करदाता अभिमुखीकरण र नियमित तथ्याङ्क अद्यावधिक गर्ने प्रणाली संस्थागत गर्ने;

४.३.४ विज्ञापन कर

(क) व्यवस्था

विज्ञापन कर संविधानतः प्रदेश र स्थानीय तहको राजस्व अधिकार क्षेत्रभित्र पर्ने स्रोत हो। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार विज्ञापन करको नीतिगत व्यवस्था प्रदेशबाट हुने र करको दर, प्रशासन तथा सङ्कलन स्थानीय तहबाट हुने गरी प्रदेश तथा स्थानीय तहबीच बाँडफाँट हुने व्यवस्था रहेको छ। गण्डकी प्रदेशले प्रदेश कर तथा गैरकर राजस्वसम्बन्धी ऐन तथा वार्षिक आर्थिक ऐनमार्फत विज्ञापन करको दायरा, दर, सङ्कलन व्यवस्था र बाँडफाँटसम्बन्धी प्रावधानलाई कार्यान्वयन गर्दै आएको छ।

विज्ञापन करको दायरा सार्वजनिक स्थान, सडक किनारा, भवनको बाह्य भाग, निजी संरचना, बजार क्षेत्र, पर्यटनस्थल, व्यावसायिक प्रतिष्ठान, सार्वजनिक सवारी साधन, होर्डिङ बोर्ड, ग्लो साइन बोर्ड, ब्यानर, पोस्टर, डिजिटल डिस्प्ले, एलईडी बोर्ड तथा अन्य दृश्य प्रचार सामग्रीमा आधारित हुन्छ। यस्तो विज्ञापन प्रदर्शन गर्नुअघि सम्बन्धित स्थानीय तहबाट स्वीकृति लिने, तोकिएको कर/शुल्क बुझाउने, मापदण्डअनुसार संरचना राख्ने र सङ्कलित रकम कानुनबमोजिम बाँडफाँट गर्ने व्यवस्था आवश्यक छ।

यससँगै विज्ञापन (नियमन गर्ने) ऐन, २०७६, केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२ द्वारा संशोधन सहित विज्ञापन सामग्रीको नियमन, अनुमति, मापदण्ड, निषेधित विज्ञापन, सार्वजनिक स्थानमा गरिने विज्ञापन र नियामक निकायको भूमिकासँग सम्बन्धित सङ्घीय कानुनी आधार हो। यस ऐनले विज्ञापन सामग्रीको विषयवस्तु, माध्यम र नियमन पक्षलाई व्यवस्थित गर्ने भएकाले विज्ञापन कर प्रशासनका लागि पनि महत्त्वपूर्ण सन्दर्भ प्रदान गर्दछ। यद्यपि करको दर, सङ्कलन र प्रदेश-स्थानीय तहबीच बाँडफाँटको विषय भने संवैधानिक अधिकार, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, प्रदेशकानुन तथा स्थानीय तहको आर्थिक ऐन र कार्यान्वयनसँग प्रत्यक्ष रूपमा जोडिएको छ।

(ख) अवस्था

गण्डकी प्रदेशमा विज्ञापन कर परिचालनको वर्तमान अवस्था अपेक्षाकृत कमजोर र असमान रहेको देखिन्छ। स्थानीय सरकारबाट सङ्कलन भई बाँडफाँट प्राप्त विगत ५ वर्षको औषत राजस्व ८ लाख ७६ हजार मात्र रहेको छ। प्रदेशका ८५ स्थानीय तह मध्ये

१४ वटा स्थानीय तहबाट मात्र विगत ३ वर्षमा कुनै एक वर्षमा विज्ञापन करबाट राजस्व प्राप्त भएको छ। सो मध्ये पोखरा महानगरपालिका र बन्दिपुर गाउँपालिका गरी २ वटा स्थानीय तहबाट मात्र नियमित रूपमा विज्ञापन कर प्राप्त भएको उपलब्ध राजस्वविवरणले देखाउँछ।

प्रदेशको प्रमुख आर्थिक तथा पर्यटकीय केन्द्र पोखरामा विज्ञापन गतिविधि तिव्र रूपमा विस्तार भइरहेको छ। यहाँ सडक किनाराका होर्डिङ बोर्ड, व्यावसायिक भवनका डिजिटल डिस्प्ले, होटल-रिसोर्ट प्रचार सामग्री, पर्यटन प्याकेज प्रचार, बैङ्क तथा वित्तीय संस्थाका बोर्ड, शैक्षिक संस्था, स्वास्थ्य सेवा, व्यापारिक प्रदर्शनी, सांस्कृतिक कार्यक्रम तथा विभिन्न ब्राण्डका प्रचारात्मक संरचना उल्लेखनीय सङ्ख्यामा सञ्चालनमा छन्। त्यसैगरी बागलुङ, दमौली, बेनी, वालिङ, गोरखा, कुश्मा, बेसीसहर, नवलपुर लगायतका शहरी केन्द्रमा पनि विज्ञापन संरचना क्रमशः विस्तार भइरहेका छन्। पर्यटन प्रवर्द्धन, निजी लगानी वृद्धि, सेवा क्षेत्रको विस्तार तथा बजार प्रतिस्पर्धाले विज्ञापन बजारलाई विस्तार गरेको छ।

वास्तविक सम्भावनाको तुलनामा विज्ञापन करबाट राजस्व सङ्कलन अत्यन्त न्यून रहेको देखिन्छ। यसको प्रमुख कारणहरूमा (क) विज्ञापन संरचना तथा साधनको पूर्ण अभिलेखीकरणको कमी, (ख) अनुमति बिना राखिएका बोर्डहरूको उच्च सङ्ख्या, (ग) स्थानीय तह र प्रदेशबीच समन्वय, सहकार्य तथा सहजीकरणको कमी, (घ) कर प्रशासनको कमजोर अनुगमन, (ङ) डिजिटल विज्ञापनको नियमनमा कमी, (च) अस्थायी तथा मौसमी विज्ञापन संरचनाको अभिलेखमा कमी आदि रहेका छन्।

विशेषगरी पर्यटन मौसममा पोखरा, मुस्ताङ, बन्दीपुर, मनाङ तथा अन्य पर्यटकीय क्षेत्रमा अस्थायी विज्ञापन सामग्री ठूलो मात्रामा प्रयोग हुने भए पनि तीमध्ये धेरै करको दायरामा नआएको अवस्था देखिन्छ। हालको सङ्कलन संरचना प्रायः स्थायी होर्डिङ बोर्ड तथा दर्ता भएका विज्ञापन एजेन्सीमा मात्र सीमित छ। जबकि वास्तविक विज्ञापन कारोबारको ठूलो हिस्सा अनौपचारिक, अस्थायी वा डिजिटल माध्यममा सञ्चालित छ। यसले राजस्व चुहावटको उच्च अवस्था देखाउँछ।

(ग) सम्भावना

गण्डकी प्रदेशमा विज्ञापन कर अत्यन्त उच्च सम्भावना भएको तर न्यून उपयोग गरिएको राजस्व स्रोत हो। विशेषगरी पोखरा, अन्नपूर्णा तथा मनास्लु क्षेत्र, नवलपुर र प्रमुख राजमार्ग केन्द्रित पर्यटन, व्यापार, सेवा क्षेत्र तथा निजी लगानी विस्तारसँगै विज्ञापन बजार तिव्र रूपमा बढिरहेको छ। कराधार र परिचालनसम्बन्धी कानुनी स्पष्टता, डिजिटल प्रशासन, अन्तर स्थानीय तह समन्वय तथा प्रभावकारी अनुगमन सुनिश्चित गर्न सकिएमा विज्ञापन करलाई प्रदेश तथा स्थानीय राजस्वको स्थायी तथा दिगो आन्तरिक राजस्व स्रोतका रूपमा विकास गर्न सक्ने सम्भावना रहेको छ। प्रदेशको शहरीकरण, पर्यटन विस्तार, निजी क्षेत्रको वृद्धि तथा डिजिटल व्यवसाय विस्तारका कारण विज्ञापन बजार तिव्र गतिमा विस्तार भइरहेको छ। फराकिलो हुँदै गएको आर्थिक गतिविधिसँग तालमेल गरी विज्ञापन करको परिचालन गर्दा परिचालन हुन सक्ने कुल सम्भावना देहायअनुसार रहेको छः-

(क) स्थायी होर्डिङ बोर्ड तथा ग्लो साइन बोर्ड

प्रदेशभर करिब अनुमानित २५ सय स्थायी विज्ञापन संरचना सञ्चालनमा रहेको र प्रति संरचना वार्षिक औसत कर रू. ५ हजार करको दर निर्धारण गर्दा औषत राजस्व रू. २५ करोड (२,५०० × ५०००) राजस्व परिचालन हुने सक्ने र सोमध्ये बाँडफाँट भई प्रदेशमा १ करोड प्राप्त हुन सक्ने सम्भावना देखिन्छ।

(ख) डिजिटल एलईडी तथा इलेक्ट्रोनिक विज्ञापन

प्रदेशभर कुल २ सय ५० डिजिटल डिस्प्ले सञ्चालनमा रहेको अनुमानको आधारमा प्रत्येकबाट वार्षिक औसत रू. १० हजार विज्ञापन करको दरले हिसाब गर्दा राजस्व रू. २५ लाख (२५०×१०,०००) परिचालन हुन सक्ने र स्थानीय तहबाट बाँडफाँट भई प्रदेशमा रू. १० लाख राजस्व प्राप्त हुन सक्ने सम्भावना देखिन्छ।

(ग) पर्यटन तथा मौसमी अस्थायी विज्ञापन

पर्यटन महोत्सव, होटल प्याकेज प्रचार, मेला पर्व तथा महोत्सव विशेष अभियान लगायतबाट वार्षिक ३,००० अस्थायी विज्ञापन संरचना सञ्चालन हुने र प्रति संरचना औसत रू. १,००० विज्ञापन करको दरमा सङ्कलन गर्दा कुल राजस्व रू. ३०,००,००० (३,००० × १,०००) परिचालन हुने र स्थानीय तहबाट बाँडफाँट प्रदेशमा रू. १२ लाख राजस्व सङ्कलन हुन सक्ने सम्भावना रहको छ।

(घ) सार्वजनिक यातायात तथा मोबाइल विज्ञापन

बस, माइक्रोबस, ट्याक्सी, पर्यटन बस तथा निजी सवारीमार्फत गरिने करिब २५०० सवारी साधन यस प्रकारको विज्ञापन हुने प्रति सवारी साधन वार्षिक रू. १ हजार विज्ञापन कर सङ्कलन गर्दा कुल रू. २५ लाख (२,५०० × १,०००) राजस्व सङ्कलन हुने र सोमध्ये स्थानीय तहबाट बाँडफाँट भई प्रदेशमा रू. ४ लाख ८० हजार राजस्व परिचालन हुन सक्ने सम्भावना रहेको छ।

(ङ) व्यावसायिक प्रतिष्ठान आधारित विज्ञापन

होटल, रेष्टुरेष्ट, बैङ्क, शैक्षिक संस्था, अस्पताल लगायत करिब १५ सय व्यापारिक प्रतिष्ठानले विज्ञापन बोर्ड तथा अन्य प्रचार संरचनाको प्रयोग गर्ने प्रत्येकबाट वार्षिक रू. १ हजारका दरले विज्ञापन कर सङ्कलन गर्दा रू. १५ लाख (१,५०० × १,०००) राजस्व सङ्कलन हुने र सोमध्ये स्थानीय तहबाट बाँडफाँट भई प्रदेशमा वार्षि रू. ६ लाख राजस्व सङ्कलनको सम्भावना रहेको छ।

माथि उल्लिखित विज्ञापन संरचनाबाट देहायअनुसार कुल राजस्व परिचालन हुन सक्ने र सोमध्ये स्थानीय सरकारबाट भई प्रदेश सरकारले देहाय बमोजिम विज्ञापन करको परिचालनको सम्भावना देखिन्छ:

तालिका नं. 14: विज्ञापन करको परिचालनको सम्भावना

क्र.सं.	विज्ञापन संरचना तथा साधनका प्रकार	विज्ञापन संरचनाको सङ्ख्या	वार्षिक करको दर (रू.)	वार्षिक कुल राजस्व (रू. लाखमा)
१	स्थायी होर्डिङ बोर्ड तथा ग्लो साइन बोर्ड	२५००	५०००	१२५
२	डिजिटल एलईडी तथा इलेक्ट्रोनिक विज्ञापन	२५०	१००००	२५
३	पर्यटन तथा मौसमी अस्थायी विज्ञापन	३०००	१०००	३०
४	सार्वजनिक यातायात तथा मोबाइल विज्ञापन	२५००	१०००	२५
५	व्यावसायिक प्रतिष्ठान आधारित विज्ञापन	१५००	१०००	१५
	जम्मा	**९७५०**	**१८०००**	**२२०**
	बाँडफाँटबाट प्रदेशमा प्राप्त हुने रकम			**८८**

वर्तमान सङ्कलन वार्षिक औषतमा रू. ८ लाख ७६ हजार रहेको जुन सम्भावित क्षमताको ९ प्रतिशत मात्र रहेको छ। यसर्थ राजस्व सुधार रणनीति मार्फत १० गुणासम्म राजस्व वृद्धिको सम्भावना रहेको छ।

(घ) सवाल तथा चुनौती

विज्ञापन कर परिचालनमा कानुनी आधार उपलब्ध भए पनि व्यवहारमा कराधार पहिचान, अभिलेख व्यवस्थापन, दर निर्धारण, अनुमति प्रणाली र प्रदेश–स्थानीय तह समन्वय कमजोर रहेको देखिन्छ। प्रमुख सवाल तथा चुनौतीहरू देहायबमोजिम रहेका छन्:

(१) प्रदेशभर रहेका विज्ञापन बोर्ड, होर्डिङ बोर्ड, डिजिटल डिस्प्ले, सूचना पाटी, व्यावसायिक साइनबोर्ड, सार्वजनिक सवारी साधनमा राखिने विज्ञापन तथा अस्थायी प्रचार सामग्रीको पूर्ण अभिलेख उपलब्ध नहुनु;

(२) विज्ञापन सामग्रीको सङ्ख्या, प्रकार, स्थान, आकार, दृश्यता, अवधि र सम्भावित कर असुलीसम्बन्धी व्यवस्थित सम्भाव्यता अध्ययन नहुनु;

(३) केही स्थानीय तहहरूमा विज्ञापन करसम्बन्धी ठेक्का निर्धारण भएको अवस्थामा सूचना पाटी, परिचय बोर्ड, सार्वजनिक सूचना, व्यावसायिक विज्ञापन, होर्डिङ बोर्ड, डिजिटल बोर्ड र अस्थायी प्रचार सामग्रीबीच स्पष्ट वर्गीकरण र परिभाषा नहुँदा करदाता, सङ्कलनकर्ता र स्थानीय तहबीच असमझदारी देखिनु;

(४) कर लाग्ने र कर नलाग्ने विज्ञापन सामग्री, छुट पाउने/नपाउने बोर्ड, दर निर्धारण आधार र सङ्कलन प्रक्रियामा स्थानीय तहहरूबीच एकरूपता नहुनु;

(५) स्वीकृति बिना राखिएका बोर्ड, ब्यानर, भित्तेलेख, अस्थायी प्रचार सामग्री र डिजिटल डिस्प्लेको सङ्ख्या उल्लेख्य रहनु तथा तिनलाई कर दायरामा ल्याउने अनुगमन प्रणाली कमजोर हुनु

(६) डिजिटल विज्ञापन, एलईडी बोर्ड, मोबाइल डिस्प्ले, अनलाइन स्क्रिन डिस्प्ले (Online Screen Display,) कार्यक्रममा आधारित प्रवर्द्धन (Event-based Promotion) र पर्यटकीय मौसम (Tourism-Season) मा आधारित अस्थायी विज्ञापनलाई करको दायरामा ल्याउने कानुनी तथा प्रशासनिक स्पष्टता पर्याप्त नहुनु;

(७) प्रदेशले स्थानीय तहका लागि नमुना कार्यविधि, दर निर्धारणका आधार, वर्गीकरण मापदण्ड र प्रतिवेदनको ढाँचा उपलब्ध गराउन नसक्दा विज्ञापन कर परिचालन स्थानीय तह चाहे अनुसार मात्र हुनु;

(८) स्थानीय तहबाट सङ्कलित विज्ञापन करको प्रदेश हिस्साको नियमित दाखिला, विवरण अद्यावधिक र समायोजन प्रणाली कमजोर हुनु।

(९) करदाता तथा विज्ञापन व्यवसायीमा कर दायित्त्वबारे पर्याप्त जानकारी नहुनु र विज्ञापन करलाई व्यवसाय लागतको अतिरिक्त बोझका रूपमा लिने प्रवृत्ति कायम रहनु।

(ङ) सुझाब

विज्ञापन करको प्रभावकारी परिचालनका लागि सुधार गर्नुपर्ने विषय देहायअनुसार रहेका छन्:

(१) विज्ञापन करको दायरा, कर लाग्ने/नलाग्ने सामग्री, छुट पाउने/नपाउने बोर्ड तथा विज्ञापन सामाग्री, दर निर्धारणका आधार तथा राजस्व सङ्कलनसम्बन्धी व्यवस्था स्पष्ट हुने गरी प्रदेशस्तरीय नमुना कानुन, कार्यविधि वा मार्गदर्शन तयार गर्ने;

(२) स्थानीय तहसँगको सहकार्यमा प्रमुख शहरी, औद्योगिक तथा पर्यटकीय क्षेत्रमा रहेका विज्ञापन संरचना तथा विज्ञापन गतिविधिको अभिलेख व्यवस्थापन र तथ्याङ्क प्रणाली विकास गर्ने;

(३) विज्ञापन करसम्बन्धी सूचना, तथ्याङ्क, राजस्व सङ्कलन तथा प्रतिवेदन व्यवस्थापनका लागि प्रदेश र स्थानीय तहबीच समन्वयमा डिजिटल सूचना प्रणाली विकास गर्ने;

(४) प्रदेश–स्थानीय तहबीच विज्ञापन कर सङ्कलन, दाखिला, बाँडफाँट तथा तथ्याङ्क समायोजन (Reconciliation) का लागि एकीकृत प्रतिवेदन प्रणाली र नियमित समीक्षा संयन्त्र विकास गरी लागू गर्ने।

४.३.५ घरजग्गा रजिष्ट्रेशन शुल्क

(क) व्यवस्था

घरजग्गा रजिष्ट्रेशन शुल्क प्रदेशको महत्त्वपूर्ण गैरकर राजस्व स्रोत हो। नेपालको संविधानले घरजग्गा रजिष्ट्रेशन शुल्कलाई प्रदेश र स्थानीय तहको अधिकारसँग जोडेको छ भने अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले यसको सङ्कलन, प्रशासन र बाँडफाँटसम्बन्धी व्यवस्था गरेको छ। प्रदेश कर तथा गैरकर राजस्वसम्बन्धी ऐन र वार्षिक आर्थिक ऐनमार्फत गण्डकी प्रदेश सरकारले घरजग्गा खरिद-विक्री, नामसारी, अंशबण्डा, दृष्टिबन्धक, राजीनामा, दानपत्र, सट्टापट्टा तथा अन्य लिखत पारितमा लाग्ने शुल्क, दस्तुर, छुट, सहुलियत र जरिवानासम्बन्धी दर निर्धारण गर्दै आएको छ।

हाल घरजग्गा रजिष्ट्रेशनसम्बन्धी सेवा सङ्घीय सरकार मातहतका भूमि प्रशासन/मालपोत कार्यालयबाट सम्पादन हुँदै आएको छ। भूमि प्रशासन कार्यालयले लिखत पारित गर्दा प्रचलित कानुन तथा प्रदेश आर्थिक ऐनमा तोकिएको दरअनुसार रजिष्ट्रेशन शुल्क, सेवा शुल्क तथा अन्य दस्तुर सङ्कलन गरी कानुनबमोजिम प्रदेश र स्थानीय तहबीच बाँडफाँट गर्ने व्यवस्था गरेको छ। यसरी सङ्कलित घरजग्गा रजिष्ट्रेशन शुल्क प्रदेश र स्थानीय तहबीच ४०:६० को अनुपातमा बाँडफाँट हुने व्यवस्था छ।

यस स्रोतको राजस्व क्षमता घरजग्गा कारोबारको सङ्ख्या, लिखतमा कायम हुने थैली अङ्क, न्यूनतम मूल्याङ्कन, वास्तविक बजार मूल्य, शहरीकरण, सडक तथा पूर्वाधार पहुँच, भूउपयोग वर्गीकरण र भूमि प्रशासनको अभिलेख प्रणालीसँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ। गण्डकी प्रदेशका लागि यो स्रोत उच्च सम्भावनायुक्त भएतापनि यसको प्रत्यक्ष प्रशासन सङ्घीय भूमि प्रशासन/मालपोत कार्यालयबाट हुने भएकाले प्रदेशको भूमिका मुख्यतः दर निर्धारण, नीति निर्माण, मूल्याङ्कन प्रणाली सुधार, तथ्याङ्क पहुँच, प्रदेश-स्थानीय समन्वय र बाँडफाँट रकमको नियमित मिलानमा केन्द्रित रहन्छ।

(ख) अवस्था

कास्की, तनहुँ, गोरखा, नवलपुर, स्याङ्जा, बागलुङ तथा पर्वत जिल्लामा शहरीकरण, औद्योगिक, व्यावसायिक तथा पर्यटन पूर्वाधार विस्तार र आवासको मागका कारण घरजग्गा कारोबार उल्लेखनीय छ। वास्तविक कारोबार मूल्य लुकाउने प्रवृत्ति, न्यूनतम मूल्याङ्कन प्रणाली तथा अभिलेख व्यवस्थापनको कमजोरीले राजस्व क्षति भइरहेको छ। गैर कर राजस्व तथा स्थानीय तहसँगको साझा अधिकार क्षेत्रमा पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्कको विगत ५ वर्षको औषत परिचालन रू. ७० करोड ३९ लाख रहेको, गत वर्षको असुली रू. ७७ करोड २७ लाख रहेको छ भने चालु आ.व.मा १ अर्व २५ करोड अनुमान छ।

(ग) सम्भावना

वार्षिक अनुमानित ४१ हजार लिखत पारित र औषत वास्तविक कारोवार मूल्य रू. ४८ लाख ७१ हजार र शुल्कको औषत दर ३.५ प्रतिशत कायम गर्दा वार्षिक रू. ७ अर्ब २४ करोड (४१०४७×४८७१०००×३.५ प्रतिशत) कुल राजस्वको परिचालनको सम्भावना देखिन्छ र सोमध्ये प्रदेश सञ्चित कोषमा कुल राजस्वको ४० प्रतिशतले जम्मा रू. ३०९ करोड परिचालन हुने सम्भावना रहेको छ। हालको सङ्कलन वार्षिक रू. ७९ करोड रहेको जुन कुल सम्भावनाको २६ प्रतिशत मात्रा हो। मध्यमकालीन रूपमा सुधारका कार्य गरेमा हालको परिचालन भन्दा ४ गुणा थप राजस्व सङ्कलन हुन सक्ने सम्भावना रहेको छ।

(घ) सवाल तथा चुनौती

घरजग्गा रजिष्ट्रेशन शुल्क गण्डकी प्रदेशको महत्त्वपूर्ण राजस्व स्रोत भए पनि यसको प्रशासन, मूल्याङ्कन, अभिलेख र सेवा प्रवाहमा देखिएका व्यावहारिक समस्याका कारण पूर्ण सम्भावना परिचालन हुन सकेको छैन। प्रमुख सवाल तथा चुनौतीहरू देहायबमोजिम रहेका छन्:

(१) घरजग्गा रजिष्ट्रेशनको प्रशासन सङ्घीय भूमि प्रशासन/मालपोत/कार्यालयमार्फत सञ्चालन हुने भएकाले प्रदेशको प्रत्यक्ष प्रशासनिक नियन्त्रण, कारोबार तहका तथ्याङ्कमा पहुँच र नियमित अनुगमन सीमित रहनु;

(२) लिखतमा कायम हुने थैली अङ्क र वास्तविक बजार मूल्यबीच ठूलो अन्तर रहने प्रवृत्ति कायम रहँदा कारोबार मूल्य न्यून देखिने र राजस्व चुहावटको जोखिम रहनु

(३) बैङ्क धितो प्रयोजनका लागि पेश हुने मूल्याङ्कन अङ्क र रजिष्ट्रेशनका लागि कायम हुने थैली अङ्कबीच फरक देखिँदा बढी मूल्याङ्कन रकममा लाग्ने दण्ड/जरिवानासम्बन्धी व्यवस्था अन्य प्रदेशहरूमा नरहेको तर गण्डकी प्रदेशमा रहेको र यसबाट सेवाग्राहीले ठूलो रकम जरिवाना तिर्नुपर्ने अवस्था रहेको भन्दै व्यापक गुनासो आउने गरेको तथा जरिवाना तिरेपछि पनि पुरानै थैली अङ्क कायम रहने व्यवस्था हुनु;

(४) अंशबण्डा, पारिवारिक हस्तान्तरण तथा धितोसम्बन्धी कारोबारमा लाग्ने रजिष्ट्रेशन शुल्क तथा जरिवानाको दर व्यावहारिकता र कर न्यायका दृष्टिले पुनरावलोकन आवश्यक देखिनु;

(५) कतिपय ग्रामीण क्षेत्रको जग्गा मूल्याङ्कन वास्तविक बजार अवस्था, पहुँच, उपयोग र कारोबार क्षमताभन्दा बढी हुँदा कारोबार बोझिलो हुने र औपचारिक रजिष्ट्रेशन निरुत्साहित हुने जोखिम रहनु;

(६) सडकले चर्चेको जग्गाको लगतकट्टा समयमै नहुँदा कागजी अभिलेखमा क्षेत्रफल बढी देखिने र सेवाग्राहीलाई अनावश्यक कर/शुल्क दायित्त्व सिर्जना हुनु;

(७) स्थानीय तहबाट आउने घरबाटो सिफारिसमा सडकको प्रकार, चौडाइ, वास्तविक पहुँच, लगतकट्टा अवस्था र भूउपयोग विवरण स्पष्ट तथा प्रमाणित नहुँदा मूल्याङ्कन र शुल्क निर्धारणमा समस्या देखिनु;

(८) भूसेवा प्रणालीमार्फत सेवा लिँदा सेवाग्राहीले प्रति लिखत थप सेवा शुल्क तिर्नुपर्ने अवस्था रहेकाले सेवा लागत बढ्नु र प्रणालीप्रतिको स्वीकार्यता कमजोर हुन सक्नु;

(९) रजिष्ट्रेशन, मुद्दा, रोक्का-फुकुवा, नामसारी तथा अन्य सेवामा सेवाग्राही चापको तुलनामा भूमि प्रशासन कार्यालय/स्थानीय तहमा शाखा, जनशक्ति र प्राविधिक क्षमता अपर्याप्त हुँदा सेवा प्रवाहमा ढिलाइ र बिचौलिया प्रभावको जोखिम रहनु।

(१०) अनलाइन रजिष्ट्रेशन, मुहाररहित सेवा (Faceless Service), विद्युतीय भुक्तानी (Digital Payment), भौगोलिक सूचना प्रणालीमा आधारित मूल्याङ्कन (GIS-based Valuation) र वास्तविक समयमा आधारित सूचना प्रणाली पूर्ण रूपमा लागू नहुँदा भूमि कारोबार अझै पूर्ण रूपमा पारदर्शी, डिजिटल र कारोबारमा आधारित हुन नसक्नु।

(ङ) सुझाव

घरजग्गा रजिष्ट्रेशन शुल्कको प्रभावकारी परिचालन तथा सेवा सुधारका लागि देहायअनुसारको सुधार गर्न आवश्यक देखिन्छ:

(१) लिखतमा कायम हुने थैली अङ्क र वास्तविक कारोबार मूल्यबीचको अन्तर घटाउन बजार मूल्य, बैङ्क धितो मूल्याङ्कन, स्थानीय कारोबार प्रवृत्ति र न्यूनतम मूल्याङ्कनलाई मिलान गर्ने प्रणाली विकास गर्ने;

(२) बैङ्क धितो प्रयोजनको मूल्याङ्कन र रजिष्ट्रेशन थैली अङ्कबीच फरक हुँदा लाग्ने दण्ड/जरिवानाको व्यवस्था सेवाग्राहीमैत्री, कानुनसम्मत र व्यावहारिक हुने गरी पुनरावलोकन गर्ने;

(३) ग्रामीण क्षेत्र, सडक पहुँच नभएका क्षेत्र, कृषि भूमि र कम कारोबार हुने क्षेत्रको मूल्याङ्कन वास्तविक बजार अवस्था र भूउपयोगका आधारमा पुनरावलोकन गर्नका लागि सङ्घीय सरकारको निकायसँग समन्वय गर्ने;

(४) अंशबण्डा, पारिवारिक हस्तान्तरण, धितो तथा समान प्रकृतिका कारोबारमा लाग्ने शुल्क र जरिवानाको दरलाई कर न्याय र व्यावहारिकताको आधारमा समायोजन गर्ने;

(५) स्थानीय तहबाट आउने घरबाटो सिफारिसमा सडकको प्रकार, चौडाइ, वास्तविक पहुँच, लगतकट्टा अवस्था, भूउपयोग वर्गीकरण र पूर्वाधार पहुँच अनिवार्य खुल्ने गरी मापदण्ड बनाई लागू गर्ने;

(६) सडकले चर्चेको जग्गाको लगतकट्टा, घरबाटो कायम, भूउपयोग विवरण र रजिष्ट्रेशन प्रक्रियालाई प्रदेश, मालपोत कार्यालय र स्थानीय तहको समन्वयमा एकीकृत रूपमा अगाडि बढाउने;

(७) रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र प्रणालीबाट तय हुने रकमबीच देखिने अन्तरको लेखाङ्कन, दाखिला र बाँडफाँटसम्बन्धी व्यवस्था स्पष्ट गरी प्रदेश सञ्चित कोषमा प्राप्त हुनुपर्ने रकम सुनिश्चित गर्ने;

(८) भू-सेवा, रोक्का-फुकुवा, लिखत तयारी, रजिष्ट्रेशन तथा भुक्तानी प्रक्रियालाई क्रमशः भौतिक उपस्थिति विना (Faceless), कागजी मुद्रा विहिन (Cashless) र डिजिटल बनाउने।

(९) भूमि प्रशासन/मालपोत कार्यालयबाट हुने कारोबार तहको तथ्याङ्क, मूल्याङ्कन दर, लिखत सङ्ख्या, थैली अङ्क र सङ्कलित राजस्वको विवरण प्रदेश सरकारसँग नियमित रूपमा साझेदारी गर्ने व्यवस्था मिलाउने।

(१०) घरजग्गा रजिष्ट्रेशन सेवा स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने दीर्घकालीन व्यवस्थालाई ध्यानमा राखी स्थानीय तहको क्षमता विकास, प्रणाली तयारी र अभिलेख मिलानको कार्यमा समन्वय र सहकार्य गर्ने।

४.३.६ नदीजन्य पदार्थ तथा निर्माणमुखी सामग्री व्यवस्थापन तथा बिक्रीबाट प्राप्त आय

(क) व्यवस्था

ढुङ्गा, गिट्टी, बालुवा, माटो, ग्राभेल, रोडा, स्लेट, चुनढुङ्गा, खरिढुङ्गा, अभ्रख, दहत्तर-बहत्तर लगायतका नदीजन्य तथा निर्माणमुखी सामग्री प्रदेश र स्थानीय तहको साझा राजस्व तथा व्यवस्थापनसँग सम्बन्धित महत्त्वपूर्ण स्रोत हुन्। प्रदेश कर तथा गैरकर राजस्वसम्बन्धी ऐन, वार्षिक आर्थिक ऐन, वातावरण संरक्षणऐन तथा नियम, स्थानीय सरकार सञ्चालन ऐन, सङ्घ तथा प्रदेश सरकारले जारी गरेका कार्यविधि तथा मापदण्डले उल्लिखित सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन, घाटगद्दी, बिक्री-वितरण, जरिवाना र राजस्व बाँडफाँटको व्यवस्था गरेका छन्।

प्रचलित कानुनी व्यवस्थाअनुसार नदीजन्य तथा निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, प्रशोधन तथा विक्री-वितरण गर्नुअघि सम्बन्धित स्थानीय तहले वातावरणीय अध्ययन प्रतिवेदन, कार्ययोजना तथा सङ्कलन परिमाण स्वीकृत गरी स्रोत व्यवस्थापन गर्नुपर्ने हुन्छ। स्थानीय तहले प्रदेश कानुन तथा आर्थिक ऐनले तोकेको न्यूनतम दरमा नघट्ने गरी विक्री दर निर्धारण गर्न सक्ने व्यवस्था रहेको छ। यसरी उत्खनन, प्रसोधन तथा बिक्री वितरण गरी प्राप्त आय तथा प्रचलित कानुन उल्लङ्घन भएमा असुल हुने जरिवाना स्थानीय विभाज्य कोषमा जम्मा गरी कानुनबमोजिम स्थानीय तह र प्रदेश सरकारबीच बाँडफाँट गर्नुपर्ने व्यवस्था रहेको छ। हालको व्यवस्थाअनुसार यस प्रकारको आयमध्ये ६० प्रतिशत सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने हुन्छ।

यस स्रोतको व्यवस्थापनमा स्थानीय तहको कार्यान्वयन भूमिका प्रमुख भए पनि प्रदेश सरकारको भूमिका नीति, दर निर्धारण, कार्यविधि, वातावरणीय मापदण्ड, अनुगमन, अन्तरनिकाय समन्वय र कानुनी स्पष्टता कायम गर्ने रहेको छ। विशेषगरी सार्वजनिक

खोला/नदी, निजी जग्गा, वन क्षेत्र, चुरे क्षेत्र, विपद् व्यवस्थापन प्रयोजनका लागि उत्खनन गरिने सामग्री, दहत्तर-बहत्तर, घाटगद्दी, ठेक्का व्यवस्थापन, जरिवाना तथा बाँडफाँट प्रणालीमा एकरूपता र स्पष्टता आवश्यक देखिन्छ।

नदीजन्य तथा निर्माणमुखी सामग्री उच्च राजस्व सम्भावना भएको स्रोत भए पनि यसको परिचालन वातावरणीय दिगोपना, विपद् जोखिम न्यूनीकरण, स्थानीय समुदायको हित, बजार माग, निर्माण सामग्रीको गुणस्तर र कानुनसम्मत उत्खननसँग सन्तुलन आवश्यक पर्दछ। तसर्थ यस स्रोतलाई केवल आयआर्जनको माध्यमका रूपमा नभई "स्रोत संरक्षण, सुरक्षित उत्खनन, पारदर्शी विक्री-वितरण र नियमित राजस्व बाँडफाँट" को सिद्धान्तमा आधारित गरी परिचालन गर्नुपर्ने देखिन्छ।

(ख) अवस्था

प्रदेश सरकारले प्रदेश कर तथा गैरकर राजस्व ऐन, २०७५ तथा आर्थिक ऐनमा आफ्नो क्षेत्रभित्रको माटो, ढुङ्गा, गिट्टी, वालुवा, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर वहत्तर उत्खनन, सङ्कलन, प्रशोधन तथा विक्री वितरण र जरिवाना सङ्कलनको व्यवस्थापन प्रदेश सरकारले निर्धारण गरेको कार्यविधि बमोजिम स्थानीय तहबाट गर्ने व्यवस्था गरेको छ। यस बमोजिम प्रदेश सरकारले विभिन्न ५ वटा विषय क्षेत्रमा वर्गीकरण गरी उत्खनन, सङ्कलन, प्रशोधन तथा विक्री वितरणसम्बन्धी कार्यविधि, विक्रीको दर तथा जरिवनाको दर निर्धारण र अद्यावधिक गर्दै आएको छ। प्रचतित कानुनमा नदी तथा खानीजन्य पदार्थ र दहत्तर तथा वहत्तर (नदीले बगाइ ल्याएका काठ, दाउरा, जराजुरी) को उत्खनन, सङ्कलन प्रशोधन र विक्री वितरण र यससम्बन्धी कानुन उलङ्घन भएको अवस्थामा जरिवानाको समेत व्यवस्था रहेको छ।

देशको समग्र अवस्था जस्तै यस प्रदेशमा पनि नदीजन्य तथा निर्माणमुखी सामाग्रीको उत्खनन, सङ्कलन, प्रशोधन र विक्री विवरणलाई व्यवस्थित, कानुनीसम्मत बनाउन र राजस्वको दायरामा ल्याउन सकिने अवस्था रहेको छ। यसबाट उल्लेख्य मात्रामा राजस्व वृद्धि गर्न सक्ने अवस्था छ। यस सम्बन्धमा छाता कानुन जारी हुन ढिलाइ हुँदा एवम् विद्यमान कानुनी व्यवस्था बाँझिदा यसबाट राजस्वमा ठूलो नकारात्मक असर परिरहेको छ। यसबाट विगत ५ आर्थिक वर्षमा औषतमा रू. १६ करोड, ३२ लाख ८० हजार मात्र राजस्व सङ्कलन भैरहेको छ भने गत आ.व.मा रू. १५ करोड ९५ लाख १३ हजार सङ्कलन भएको अवस्था छ। विगत ५ वर्षको राजस्व सङ्कलनको अवस्था विश्लेषण गर्दा प्रदेश तथा स्थानीय तहको राजस्वको अत्यन्त सम्भाव्य रहेको यस क्षेत्रको राजस्वको वृद्धिदर नकारात्मक (-७.३३ प्रतिशत) रहेको अवस्था छ। प्रदेशका कुल ८५ स्थानीय तह मध्ये विगत ३ वर्षमा कम्तीमा १ पटक नदीजन्य पदार्थको विक्रीबाट प्राप्त आयक रकम बाँडफाँट गर्ने गाउँपालिका तथा नगरपालिका ६५ मात्र रहेका छन्| सोमध्ये पनि वार्षिक निममित रूपमा २१ वटा स्थानीय तहले मात्र यस शीर्षकबाट प्राप्त आय बाँडफाँट गरेको देखिन्छ।

(ग) सम्भावना

गण्डकी प्रदेशमा हिमाल, पहाड र तराईसँग जोडिएको मिश्रित भूबनौट, तिव्र बहाव भएका नदी प्रणाली, निर्माणमुखी ढुङ्गा, गिट्टी, बालुवा, माटो तथा दहत्तर-बहत्तर सामग्रीको उपलब्धता र बढ्दो निर्माण सामाग्रीकोमागका कारण नदीजन्य तथा निर्माणमुखी सामग्रीबाट राजस्व परिचालनको उच्च सम्भावना रहेको छ। विशेषगरी कालीगण्डकी, सेती, , मादी, मर्स्याङ्दी, बूढीगण्डकी, दरौँदी, त्रिशूली, नारायणी तथा तिनका सहायक खोला-नालाहरूमा निर्माण सामग्रीको उच्च् सम्भावना रहेको छ।

प्रदेशभित्र बढ्दा शहरीकरण, सडक तथा पुल निर्माण, जलविद्युत आयोजना, भवन निर्माण, पर्यटन पूर्वाधार, औद्योगिक तथा बजार केन्द्र विस्तारसँगै निर्माण सामग्रीको माग निरन्तर बढ्दो अवस्थामा छ। यसले स्थानीय तहबाट गरिने वातावरणीय अध्ययनमा आधारित उत्खनन, घाटगद्दी, विक्री-वितरण, ठेक्का व्यवस्थापन र प्रदेश-स्थानीय तहबीचको राजस्व बाँडफाँटलाई महत्त्वपूर्ण राजस्व आधाररूपमा रहेको छ।

यसको उत्खनन, सङ्कलन, प्रशोधन तथा विक्री वितरणलाई कानुन सम्मत, व्यवस्थित र उपलब्ध सहज बनाई प्रदेश तथा स्थानीय तह समेत देशकै राजस्व परिचालन थप सुदृढ बनाउन सक्ने सम्भावना रहेको छ। नदीजन्य तथा निर्माणमुखी सामाग्रीको प्रचुर उपलब्धता र उच्च माग रहेको यस प्रदेशमा थप राजस्व परिचालनको सम्भावना अधिक रहेको छ। प्रदेशको लगभग ८५ वटै स्थानीय तहबाट न्यूनतम देखि अधिकतम परिमाणमा माटो, ढुङ्गा, चुनढुङ्गा, खरिढुङ्गा, गिट्टि, ग्राभेल, रोडा, बालुवा, अभ्रख, स्लेट, दहत्तर तथा बहत्तरको उत्खखन, सङ्कलन, प्रशोधन तथा विक्री वितरणको सम्भावना रहेको छ। हाल भैरहेको कारोबारलाई कानुन सम्मत र व्यवस्थित गरी परिचालन गर्दा कुल सम्भावना देहायअनुसार रहेको छः

तालिका नं. १५५: नदीजन्य पदार्थको उत्खनन तथा सङ्कलनमार्फत राजस्व परिचालनको सम्भावना

विवरण	एकाइ	सङ्कलन परिमाण	सम्भाव्य उत्खनन तथा सङ्कलन स्थल	दर	कुल सम्भावना (रू. लाखमा)	कैफियत
ठेक्कापट्टाबाट विक्री एकाइ परिमाण	क्यूफिट	१२३१८४	२०००	३.५	८६१९७	विक्री दर
चोरी निकासीको एकाइ परिमाण	क्यूफिट	९२३५३८	५००	१०.५	४८४८६	दण्ड जरिवाना दर
कुल सम्भाव्यता					**१३४६८३**	
स्थानीय तहको अंश	**प्रतिशत**				**८०८१०**	
प्रदेशको अंश	**प्रतिशत**				**५३८७३**	

नदी तथा खानीजन्य पदार्थ र दहत्तर बहत्तरको हालको वास्तविक सङ्कलन अत्यन्त न्यून रहेको र यसबाट सम्भावित क्षमताको ३.० प्रतिशत मात्र उपयोग गरिरहेको अवस्था छ। प्रभावकारी सुधारमार्फत मध्यम अवधिमा नदी तथा खानीजन्य निर्माण सामाग्रीको विक्री आय ३३ गुणासम्म वृद्धि हुने सक्ने देखिन्छ। प्रदेश तथा स्थानीय तहको साझा अधिकार क्षेत्रको रूपमा रहेको यस स्रोतलाई एक महत्त्वपूर्ण गैर राजस्व स्रोतका रूपमा विकास गर्न सकिक सम्भावना रहेको छ। यसका साथै भविष्यमा हरित पूर्वाधार, दिगो उत्खनन प्रणाली तथा वातावरणीय क्षतिपूर्ति शुल्क लागू गरी राजस्व संरचनालाई अझ वैज्ञानिक र प्रभावकारी बनाउन सकिने सम्भावना पनि उच्च रहेको छ।

त्यसैगरी नदीजन्य पदार्थ प्रशोधन उद्योग, क्रसर उद्योग तथा निर्माण सामग्री उद्योगसँग डिजिटल राजस्व प्रणाली एकीकृत गरी वास्तविक उत्पादन तथा विक्रीको अभिलेख व्यवस्थापन गर्न सकिन्छ। प्रदेशस्तरमा एकीकृत डाटाबेस निर्माण गरी स्थानीय तहसँग सूचना आदान-प्रदान प्रणाली विकास गर्न सकेमा राजस्व क्षमता अझ प्रभावकारी रूपमा उपयोग गर्न सकिनेछ।

(घ) सवाल तथा चुनौती

नदीजन्य पदार्थ तथा निर्माणमुखी सामग्रीबाट राजस्व परिचालनको सम्भावना उच्च भए पनि कानुनी स्पष्टता, वातावरणीय अध्ययन, ठेक्का व्यवस्थापन, बजार विश्लेषण, अनुगमन तथा प्रदेश-स्थानीय तह समन्वयमा देखिएका कमीकमजोरीका कारण अपेक्षित राजस्व सङ्कलन हुन सकेको छैन। यसका प्रमुख सवाल तथा चुनौतीहरू देहायबमोजिम रहेका छन्:

(१) ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर-बहत्तर तथा निर्माणमुखी सामग्रीको उत्खनन, सङ्कलन, विक्री, प्रशोधन, निकासी र राजस्व बाँडफाँटसम्बन्धी संविधानमा कुनै व्यवस्था नहुनु एवम् सङ्घीय, प्रदेश तथा स्थानीय कानुनी व्यवस्थामा स्पष्टता र एकरूपता नहुनु;

(२) सार्वजनिक खोला/नदी, निजी जग्गा, वन क्षेत्र, चुरे क्षेत्र तथा विपद् व्यवस्थापन प्रयोजनका लागि उत्खनन गरिने सामग्रीको अनुमति, स्वामित्व, विक्री, राजस्व दर र बाँडफाँटसम्बन्धी स्पष्ट कानुनी व्यवस्था नहुँदा कार्यान्वयनमा अन्योलता र विवाद रहनु

(३) नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, प्रशोधन तथा बिक्री वितरणसम्बन्धी वातावरणीय अध्ययन प्रतिवेदनलाई केवल औपचारिक प्रक्रिया जस्तो बनाइने र यसलाई नदी सतह, थुप्रिएको सामग्री, पुल/बस्ती जोखिम, सुरक्षित उत्खनन परिमाण र बजारयोग्य परिमाणसँग पर्याप्त रूपमा नजोडिनु;

(४) वातावरणीय अध्ययन प्रतिवेदन बमोजिमको स्वीकृत परिमाण, वास्तविक उपलब्ध सामग्री, ठेक्का परिमाण र वास्तविक उत्खननबीच फरक भई ठेक्का विवाद, क्षतिपूर्ति दाबी र राजस्व नोक्सानीको जोखिम बढ्नु

(५) महामारी, बाढी, विपद्, उत्खनन अवरोध, अदालतको आदेश, समय विस्तार र क्षतिपूर्तिसम्बन्धी स्पष्ट प्रावधान ठेक्का सम्झौतामा पर्याप्त रूपमा समावेश नहुँदा स्थानीय तहलाई दीर्घकालीन राजस्व जोखिम सिर्जना हुनु;

(६) नदीजन्य सामग्रीको गुणस्तर, पहुँच, ढुवानी लागत, बजार माग र छिमेकी स्थानीय तहका दरको वस्तुगत विश्लेषण नगरी ठेक्का रकम निर्धारण गर्दा बोलपत्र प्रतिस्पर्धा कमजोर हुनु र ठेक्का नलाग्ने वा न्यून रकममा लाग्ने अवस्था देखिनु;

(७) फरक गुणस्तर, फरक भौगोलिक क्षेत्र र फरक पहुँचको अवस्थाका निर्माण सामग्रीमा एकै प्रकृतिको दर वा मूल्य आधार प्रयोग हुँदा बजारको वास्तविकता र राजस्व सम्भावनाबीच असन्तुलन देखिनु;

(८) अनधिकृत उत्खनन, कम परिमाण देखाउने, अवैध ढुवानी, नक्कली वा कमजोर चलान प्रणाली र क्रसर/प्रशोधन उद्योगसँग उत्खनन तथा विक्री अभिलेख मिलान नहुँदा राजस्व चुहावटको जोखिम रहनु;

(९) प्रदेश र स्थानीय तहबीच सङ्कलित रकम, बाँडफाँट, दाखिला मिति, बक्यौता र राजस्व मिलान नियमित नहुँदा प्रदेश हिस्साको यथार्थ अवस्था स्पष्ट नहुनु;

(१०) नदीजन्य पदार्थ परिचालनमा स्थानीय तहलाई कानुनी, प्राविधिक, वातावरणीय, सुरक्षा तथा बजार विश्लेषणसम्बन्धी पर्याप्त सहजीकरण नहुँदा कार्यान्वयन क्षमता कमजोर रहनु;

(११) नदीजन्य सामग्रीको व्यवस्थापनलाई राजस्व सङ्कलन, निर्माण सामग्री आपूर्ति, विपद् जोखिम न्यूनीकरण र वातावरणीय संरक्षणबीच सन्तुलित रूपमा सञ्चालन गर्ने स्पष्ट प्रदेशस्तरीय कार्यढाँचा नहुनु;

(१२) वैज्ञानिक स्रोत नक्साङ्कन, डिजिटल अनुमति प्रणाली, वातावरणीय मापदण्डमा आधारित शुल्क निर्धारण तथा उत्खननको वास्तविक समयमा आधारित अनुगमन (Real-Time Monitoring) प्रणाली विकास हुन नसक्नु;

(१३) नदीजन्य पदार्थ प्रशोधन उद्योग, क्रसर उद्योग तथा निर्माण सामग्री उद्योगसँग राजस्व प्रणालीलाई एकीकृत गरी वास्तविक उत्खनन, सङ्कलन तथा विक्रीको अभिलेख व्यवस्थापन हुन नसक्नु।

(ङ) सुझाव

नदी तथा खानीजन्य पदार्थ लगायत निर्माण सामाग्रीको दिगो तथा भरपर्दो आपूर्ति, स्रोत संरक्षण र राजस्व परिचालनको लागि "स्रोत संरक्षणसहित राजस्व सङ्कलन" को सिद्धान्तलाई केन्द्रमा राखी परिचालन गर्न आवश्यक छ। साथै दीर्घकालीन रूपमा नदीजन्य पदार्थ विक्री आयलाई गण्डकी प्रदेशको स्थायी तथा दिगो आन्तरिक राजस्व स्रोतका रूपमा विकास गर्न **"वैज्ञानिक उत्खनन-दिगो संरक्षण-डिजिटल राजस्व व्यवस्थापन"** को तीन चरणको रणनीति अपनाउन आवश्यक छ। यस अन्तर्गत पहिलो चरणमा प्रदेशभर नदीजन्य पदार्थको वैज्ञानिक सर्वेक्षण तथा स्रोत नक्शाङ्कन गरी वास्तविक क्षमता निर्धारण गर्नुपर्छ। दोस्रो चरणमा डिजिटल अनुमति, अनुगमन तथा राजस्व प्रणाली लागू गरी चुहावट नियन्त्रण गर्नुपर्दछ। तेस्रो चरणमा वातावरणीय पुनर्स्थापना तथा सामुदायिक लाभ साझेदारी प्रणाली लागू गरी दिगोपना सुनिश्चित गर्नुपर्छ। यसका साथै प्रदेश सरकारले नदीजन्य पदार्थ व्यवस्थापनसम्बन्धी नीतिगत तथा कानुनी तथा प्रक्रियागत व्यवस्था र दिगो व्यवस्थापन योजना तयार गरी स्थानीय तहसँग समन्वय गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ।

प्रदेश तथा स्थानीय तहको गैरकर राजस्व परिचालनको अत्यन्त सम्भावनायुक्त क्षेत्रको राजस्व परिचालनलाई प्रभावकारी बनाउन देहायबमोजिम सुधार कार्यहरू गर्न आवश्यक छ:-

(१) निर्माणमुखी सामाग्री व्यवस्थापन तथा नियमनसम्बन्धी छाता ऐन शिघ्र तर्जुमाका लागि नेपाल सरकारसँग समन्वय, अन्तर प्रदेश तथा स्थानीय तहसँग सम्वाद गर्ने;

(२) विद्यमान नीति, ऐन, नियम र मापदण्डमा बाझिएका तथा नमिलेका प्रावधान हटाई कानुनी प्रावधानमा एकरूपता ल्याउन नेपाल सरकारसँग समन्वय गर्ने;

(३) वैज्ञानिक अध्ययन, नक्शाङ्कन, सम्भाव्यता र वातावरणीय अध्ययन, सेडिमेन्टेशन बाँध लगायतका सङ्कलन पूर्वाधार निर्माण कार्य प्रदेश सरकारले गर्ने/गराउने; स्रोतको नक्शाङ्कन, सम्भाव्यता तथा वातावरणीय अध्ययनको सिफारिश क्षेत्र र परिमाणमा उत्खनन, घाटगद्दी र नापजाँचको व्यवस्थाप स्थानीय तहले गर्ने र घाटगद्दी गरिएको स्रोत तथा सामाग्रीको प्रशोधन तथा विक्री वितरणका लागि लिलाम बढाबढमा आधारित ठेक्कापट्टाको व्यवस्था गरी स्रोत परिचालन गर्ने;

(४) गुगल अर्थ, नक्शा, रिमोट सेन्सिङ र भौगोलिक सूचना प्रणाली (GIS) लगायत नक्शाङ्कन तथा सर्भेक्षणको विधि मार्फत खानी तथा खनिजजन्य पदार्थ र नदिजन्य निर्माण सामाग्रीको स्थानगत रूपमा सङ्कलन क्षेत्र नक्शाङ्कन, वातावरणीय अध्ययन तथा उत्खननयोग्य परिमाण र बजारको सम्भाव्यता अध्ययन गरी उत्खनन तथा विक्री वितरणको कार्यविधि तर्जुमा गरी व्यवस्थित उत्खनन, विक्री तथा वास्तविकसमयमा आधारित अनुगमन प्रणाली मार्फत कानुनी तथा कार्यविधि अनुपालना सुनिश्चित गर्ने;

(५) सम्भाव्यता अध्ययन गरी भूसंरक्षण, जलउत्पन्न विपद नियन्त्रण, पानी सङ्कलन पोखरी, सिचाइ तथा जलविद्युत आयोजनासँग एकीकृत गरी सिल्टेशन ड्याम निर्माण तथा नदि नियन्त्रण गरी नदीजन्य पदार्थ उत्खनन र सङ्कलनका आयोजना प्रदेश सरकारले लगानी तथा सञ्चालन गर्ने;

(६) वन, संरक्षित क्षेत्र तथा एक भन्दा बढी स्थानीय तहमा पर्ने वा फैलिएको नदीजन्य निर्माण सामाग्री समेत खानी तथा खनिज पदार्थको उत्खनन, सङ्कलन तथा विक्रीको व्यवस्था गर्न कानुन निर्माण गर्न नेपाल सरकारसँग समन्वय गर्ने;

(७) ढुङ्गा, गिट्टी, बालुवा तथा दहत्तर-बहत्तरको उत्खनन, सङ्कलन र घाटगद्धि र नापजाँचको व्यवस्था स्थानीय सरकारको आफैले गर्ने र विक्रीको लागि मात्र ठेक्का लगाउने व्यवस्था गरी उत्खनन तथा विक्रीलाई व्यवस्थित र नियम सङ्गत बनाउने;

(८) दिगो परिचालनका स्रोतको वैज्ञानिक नक्शाङ्कनका साथै ढुङ्गा, गिट्टी, बालुवा नदीजन्य पदार्थ तथा दहत्तर-बहत्तरको उत्खनन, सङ्कलन तथा विक्री प्रक्रियालाई पूर्ण रूपमा डिजिटल प्रणालीमा आवद्ध गर्दै वातावरणीय मापदण्डमा आधारित शुल्क निर्धारण, जिपिएसबाट निगरानी (GPS Tracking), डिजिटल तौल प्रणाली तथा वास्तविक समय अनुगमन (Real-Time Monitoring) प्रणाली लागू गर्ने;

(९) ठेक्का प्रणालीलाई पारदर्शी बनाउन अनलाइन बिडिङ, सार्वजनिक सूचना प्रणाली तथा सामाजिक लेखापरीक्षण लागू गर्ने;

(१०) अनुगमन प्रणालीलाई डिजिटल प्रणालीमा आधारित तथा प्रभावकारी बनाई अनधिकृत उत्खननमा कडाइका साथ कारबाही तथा जरिवाना गर्ने प्रणाली सुदृढ बनाउने;

(११) वातावरणीय संरक्षण तथा पुनर्स्थापनाका लागि वातावरणीय कोष स्थापना गरी नदी तथा खानीजन्य राजस्वको निश्चित अंश कोषमा विनियोजन गराउने व्यवस्था गर्ने;

४.३.७ पर्यटन शुल्क

(क) व्यवस्था

नेपालको संविधानले पर्यटन क्षेत्रलाई आर्थिक विकास, रोजगारी सिर्जना तथा आन्तरिक राजस्व परिचालनको महत्त्वपूर्ण आधारका रूपमा स्वीकार गरेको छ। संविधानले प्रदेश सरकारलाई पर्यटन विकास, पर्यटन पूर्वाधार निर्माण, पर्यटकीय क्षेत्र व्यवस्थापन तथा प्रदेशस्तरीय शुल्क व्यवस्थापनसम्बन्धी अधिकार प्रदान गरेको छ। यससम्बन्धी संवैधानिक व्यवस्थाअनुसार गण्डकी प्रदेशले पर्यटन क्षेत्रलाई प्रदेशको आर्थिक समुन्नतिको प्रमुख आधार क्षेत्रका रूपमा प्राथमिकतामा राखेको छ। प्रदेश सरकारको आर्थिक ऐन, पर्यटन ऐन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४; वातावरण संरक्षण ऐन, होटल तथा पर्यटन व्यवसायसम्बन्धी सङ्घीय कानुन तथा विभिन्न पर्यटन कार्यविधिहरू पर्यटन शुल्क परिचालनका प्रमुख कानुनी आधारहरू हुन्।

प्रदेश सरकारले पर्यटन गतिविधिसँग सम्बन्धित सेवा, प्रवेश, अनुमति, संरक्षण, व्यवस्थापन तथा पर्यटकीय सुविधामा शुल्क निर्धारण तथा सङ्कलन गर्न सक्ने कानुनी व्यवस्था रहेको छ। पर्यटन शुल्क अन्तर्गत पर्यटकीय स्थल प्रवेश शुल्क, पर्यटन सेवा शुल्क, पर्यटक व्यवस्थापन शुल्क, पर्यटकीय क्षेत्र संरक्षण शुल्क, साहसिक पर्यटन अनुमति शुल्क, होटल तथा पर्यटन व्यवसाय दर्ता शुल्क, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम शुल्क, पर्यटक पार्किङ शुल्क, पर्यावरणीय संरक्षण शुल्क तथा धार्मिक पर्यटन व्यवस्थापन शुल्क जस्ता विविध शीर्षकहरू समावेश हुन सक्छन्।

प्रदेश पर्यटन ऐन, २०७९ बमोजिम प्रदेश सरकारले निर्माण गरेको, गराइएको वा हस्तान्तरण भई आएको पर्यटकीय, सांस्कृतिक तथा पुरातात्त्विक सम्पदास्थल, सङ्ग्रहालय, प्राणी उद्यान, पर्यटकीय व्यवसाय, सेवा तथा पूर्वाधार निर्माणको लागत, सञ्चालन, मर्मतसम्भार खर्च आधार मानी तोकिएको दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गर्ने व्यवस्था छ। पर्यटन शुल्क प्रचलित कानुन बमोजिम तोकिएको निकाय वा कार्यालयले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्दछ। प्रदेश सरकारले आफ्नो क्षेत्रभित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाउन सकिने छैन।

(ख) अवस्था

प्रदेश सरकारले प्रदेश कर तथा गैरकर राजस्व ऐन, २०७५; प्रदेश पर्यटन ऐन, २०७९ र हरेक आर्थिक वर्षको आर्थिक ऐनले प्रदेशभित्र (१) पदमार्ग शुल्क; (२) प्राचिन स्मारक तथा पुरातात्विक सम्पदा, सङ्ग्रहालय, प्रणाली उद्यान प्रवेश शुल्क; (३) वन क्षेत्र, तालतलैया, गुफा, पार्क, पिकनिकस्थल, भ्यूटावर संरक्षण क्षेत्र प्रवेश शुल्क; (४) पर्यटकीय हवाइ चाटर्ड उडान, प्याराग्लाइडिङ, अट्रालाइट एयर ट्राभल, बञ्जिजम्प, केवलकार, जिपफ्लायर, रक क्लाइम्बिङ, क्यानोनिङ, ऱ्याफ्टिङ, मोटर स्टिमर, हट एयर बेलुन शुल्क; र (५) पर्यटन सेवा शुल्क लगाइने र असुल गर्ने व्यवस्था गरेको छ। उपरोक्त बमोजिमको पर्यटन शुल्क उद्योग तथा पर्यटन मन्त्रालय अन्तर्गतका एकीकृत सेवा कार्यालयले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था गरेको छ। सङ्घीय पर्यटन विधेयक स्वीकृत भई नसकेकोले प्रदेश पर्यटन ऐन तथा नियमावली बमोजिम तारे तथा पर्यटकीय होटेल तथा रेष्टुरेण्ट, रिसोर्ट, पव, लाउञ्ज तथा बार, पर्यटन आवास र होटेलभित्र छुटै व्यवसायको रूपमा सञ्चालन हुने डान्सबार, कफी पसल, साउना, जिम सेन्टर, स्विमिङ पुल लगायतका पर्यटनमूलक व्यवसाय दर्ता तथा नवीकरण, जलयात्रा वा ट्राभल वा ट्रेकिङ वा पर्यटन यातायात वा साहसिक वा मनोरञ्जनात्मक पर्यटन एजेन्सी दर्ता तथा नवीकरण, विभिन्न प्रकारका पथपर्दशकको इजाजत र नवीकरण शुल्कका साथै कानुन अनुसार प्रदेश सरकारका दर्ता हुने र इजाजत लिनु पर्ने पर्यटन व्यवसायको दर्ता, अनुमति तथा नवीकरण शुल्को दर निर्धारण हुन नसेको अवस्था छ।

प्रदेश पर्यटन ऐन तथा नियमावली २०७९ मात्र जारी भएको तर सङ्घीय संरचना पछि संसदमा विचाराधिन सङ्घीय पर्यटन ऐन तथा नियमावली जारी नभएको र नेपाल सरकारका मातहतका कार्यालयबाट हस्तान्तरण हुनुपर्ने जिम्मेवारी तथा कागजात उपलब्ध हुन ढिलाइका कारण पर्यटन शुल्कबाट अपेक्षित रूपमा राजस्व परिचालन हुन नसकेको अवस्था छ। प्रदेश कानुन बमोजिम पर्यटन शुल्कबाट आ.व. २०७९/८० सम्म कुनैपनि शुल्क सङ्कलन नभएको र आ.व. २०८०/८१ मा पोखरा महानगरपालिकाबाट

राजस्व बाँडफाँटबाट मात्र रू. ९ हजार प्राप्त भएको र गत आ.व. २०८१/८२ मा पर्यटन शुल्कबाट रू. ६३ लाख ४७ हजार शुल्क सङ्कलन भएको अवस्था छ। यद्यपि पर्यटन शुल्क अन्तर्गत पदयात्रा शुल्क विगतका वर्षहरूबाट सङ्कलन हुँदै आएकोमा विगत पाँच वर्षको औषत सङ्कलन रू. ४ लाख ९८ हजार रहेको छ भने पदयात्रा शुल्क समेत पर्यटन शुल्कको विगत ५ वर्षको औषत सङ्कलन रू. १७ लाख ६९ हजार रहेको छ। चालु आ.व. २०८२/८३ को अनुमानित सङ्कलन रू. २९ लाख ७५ हजार रहेको छ।

(ग) सम्भावना

गण्डकी प्रदेशमा पर्यटन शुल्क परिचालनको सम्भावना अत्यन्त उच्च रहेको छ। प्रदेश नेपालकै सबैभन्दा लोकप्रिय पर्यटन गन्तव्य मध्ये एक भएकाले आन्तरिक तथा बाह्य पर्यटन गतिविधिबाट दीर्घकालीन रूपमा ठूलो राजस्व परिचालन गर्न सकिने सम्भावना रहेको छ। प्रदेशमा पोखरा, अन्नपूर्ण, मनास्लु, नवलपुर, मनाङ र मुस्ताङ लगायतका प्रमुख पर्यटकीय गन्तव्यका साथै १४१ वटा ऐतिहासिक तथा पुरातात्विक सम्पदा र ६०२ अन्य महत्त्वपूर्ण पर्यटकीय सम्पदाले प्रदेशयुक्त रहेको छ। प्रदेशभरका प्रमुख पर्यटकीय स्थलहरूमा व्यवस्थित प्रवेश शुल्क प्रणाली लागू गरी उल्लेखनीय राजस्व वृद्धिको सम्भावनादेखिन्छ। कोभिड महामारी तथा आर्थिक मन्दी, मध्यपूर्व तथा रसिया-युक्रेन द्वन्द्व, विश्वको राजनीतिक उथल पुथलका हालका वर्षमा समेत २ लाख ५० हजारको हाराहारीमा वाह्य पर्यटकले प्रदेश भ्रमण गर्ने गरेको र सोसङ्ख्या पछिल्ला वर्षहरूमा वढ्ने क्रममा रहेको छ। यसैगरी पोखरा तथा समग्र कास्की जिल्ला, मुस्ताङ, बागलुङ, म्याग्दी, लमजुङ, गोरखा, नवलपुर जिल्लामा आन्तरिक पर्यटनको आगमन हालका वर्षहरूमा तिव्र दरमा वढ्दै गइरहेको अवस्था छ। यस प्रकार वार्षिक करिब ३ लाख तेस्रो मुलुकबाट भ्रमण गर्ने पर्यटक, करिब १ लाख भारतीय तथा दक्षिण पूर्वी एशियाली मूलकका पर्यटक र करिब ८ लाख आन्तरिक पर्यटन प्रदेशका विभिन्न गन्तव्यस्थलमा भ्रमण गर्ने अनुमान तथा प्रक्षेपण गर्दा र प्रति पर्यटक रू. ५ सयका दरले पर्यटक शुल्क सङ्कलन गर्दा मात्र वार्षिक रू. ६० करोड पर्यटन शुल्क सङ्कलनको सम्भावना रहेको छ। सो मध्ये प्रदेश-स्थानीय तह ४०-६० को अनुपातमा बाँडफाँट गर्दा प्रदेशमा वार्षिक रू. २४ करोड पर्यटन शुल्क परिचालनको सम्भावना देखिन्छ।

त्यसैगरी प्याराग्लाइडिङ, बन्जी जम्प, अल्ट्रालाइट, र्‍याफ्टिङ, ट्रेकिङ, माउन्टेन बाइकिङ तथा केबलकार सेवा, साहसिक पर्यटन गतिविधिहरूमा दर्ता तथा अनुमति शुल्क व्यवस्थित गरी थप राजस्व परिचालन गर्न सकिन्छ। यो प्रदेश धार्मिक पर्यटनको समेत उच्च सम्भावना रहेको क्षेत्र हो । साथै मुक्तिनाथ, गोरखा दरबार, मनकामना, बागलुङ कालिका तथा पञ्चकोट, गलेश्वर, महाशिला, मौलाकालिका, त्रिवेणीधाम, बिन्धवासिनी मन्दिर तथा अन्य धार्मिक स्थलहरूमा लाखौँ भक्तजन तथा पर्यटक आगमन हुने भएकाले धार्मिक पर्यटन व्यवस्थापन शुल्क परिचालन गर्न सकिने सम्भावना रहेको छ। यस प्रदेशमा सम्मेलन पर्यटन (Meeting, Incentive, Conference and Event - MICE Tourism), स्वास्थ्य पर्यटन, कृषि पर्यटन तथा ग्रामीण पर्यटन विस्तार हुँदै गएको सन्दर्भमा नयाँ पर्यटन शुल्क संरचना विकास गर्न सक्ने सम्भावना रहको छ। विशेषगरी होमस्टे दर्ता तथा नवीकरण शुल्क, पर्यटक सेवा शुल्क तथा पर्यावरणीय संरक्षण शुल्क नयाँ राजस्व स्रोतका रूपमा विकास गर्न सकिन्छ।

डिजिटल पर्यटन व्यवस्थापन प्रणाली लागू गरी अनलाइन टिकटिङ, क्यूआर (QR) मा आधारित प्रवेश प्रणाली, पर्यटक तथ्याङ्क व्यवस्थापन तथा मोबाइल भुक्तानी प्रणाली विकास तथा अभ्यास मार्फत राजस्व चुहावट न्यून गरी राजस्व क्षमता उल्लेखनीय रूपमा वृद्धि गर्न सकिन्छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनसँगै अन्तर्राष्ट्रिय पर्यटक आगमन बढ्ने सम्भावना रहेकाले आगामी दशकमा पर्यटन शुल्क प्रदेशको सबैभन्दा तिव्र रूपमा वृद्धि हुने गैरकर राजस्व स्रोत बन्न सक्ने देखिन्छ। यस प्रदेशमा पर्यटन शुल्कको कुल सम्भावना देहायअनुसार प्रस्तुत गरिएको छः

तालिका नं. 16६: पर्यटन शुल्कको सम्भावना

विवरण	अनुमानित सङ्ख्या	शुल्कको दर (रू.)	रकम (रू. लाखमा)
डिजिटल ट्रेकिङ अनुमति तथा पदयात्रा व्यवस्थापन शुल्क	१२०००००	५००	६०००.००
जलयात्रा साहासिक पर्यटन दर्ता, इजाजत तथा नवीकरण दस्तुर	४८	३००००	१४.४०
तारे तथा अन्य होटेल, पर्यटन आवास घर अनुमति/दर्ता तथा नवीकरण	८००	१५०००	१२०.००
होटेलभित्र सञ्चालित पर्यटन व्यवसाय अनुमति/दर्ता तथा नवीकरण	३००	१००००	३०.००
पर्यटन सेवा प्रदायक एजेन्सी अनुमति/दर्ता तथा नवीकरण	६००	१५०००	९०.००
पथ पर्दशक दर्ता तथा नवीकरण	२००	१५००	३.००
पर्यटन व्यवसाय दर्ता तथा नवीकरण	१५००	१५०००	२२५.००
पर्यटकीय स्थल तथा पूर्वाधार प्रवेश शुल्क	११०	५००००	५५.००
कुल सम्भावना			**६५३७.४**

पर्यटन शुल्कको हालको वास्तविक सङ्कलन अत्यन्त न्यून रहेको र यसबाट सम्भावित क्षमताको ०.२६ प्रतिशत मात्र परिचालन भैरहको अवस्था छ। प्रभावकारी सुधारमार्फत मध्यम अवधिमा पर्यटन शुल्कबाट ३९२ गुणासम्म राजस्व वृद्धि हुने सक्ने सम्भावना देखिन्छ ।

(घ) सवाल तथा चुनौती

गण्डकी प्रदेशमा विशेषगरी पोखरा, मुस्ताङ तथा मनाङ, अन्नपूर्ण क्षेत्र, मनास्लु क्षेत्र, मुक्तिनाथ, गोरखा दरबार, बन्दीपुर, पञ्चकोट, फेवा तथा बेगनास ताल, कास्की, लमजुङ, गोरखा, नवलपुर क्षेत्र लगायतका पर्यटकीय गन्तव्यहरू पर्यटन शुल्क परिचालनका दृष्टिले अत्यन्त सम्भावनायुक्त क्षेत्रका रूपमा रहेका छन्। प्रदेश सरकारले पर्यटकीय क्षेत्रको संरक्षण, व्यवस्थापन तथा पूर्वाधार विकासका लागि शुल्क परिचालन गर्न सक्ने व्यवस्था भए पनि व्यवहारमा शुल्क संरचना, सङ्कलन प्रणाली, राजस्व बाँडफाँट तथा अभिलेखीकरण प्रणाली अझै पूर्णरूपमा व्यवस्थित हुन सकेको छैन। कतिपय अवस्थामा सङ्घ, प्रदेश र स्थानीय तहबीच अधिकार क्षेत्रको अस्पष्टता तथा दोहोरो शुल्क प्रणालीका कारण पर्यटक तथा व्यवसायी दुवैमा अन्योल सिर्जना हुने गरेको छ।

पर्यटन नीति तथा ऐन "पर्यटनबाट प्राप्त लाभको पुनःलगानी" को अवधारणालाई जोड दिएका छन्। यसको अर्थ पर्यटन शुल्कबाट प्राप्त राजस्व पर्यटन पूर्वाधार, पर्यावरण संरक्षण, सांस्कृतिक सम्पदा संरक्षण तथा स्थानीय समुदायको जीवनस्तर सुधारमा पुनःलगानी गरिनुपर्छ भन्ने हो, जुन व्यवहारमा लागू वा पुनःलगानी प्रणाली पर्याप्त संस्थागत हुन सकेको छैन। पर्यटन शुल्क परिचालनमा विभिन्न नीतिगत, संरचनागत तथा प्रशासनिक सवाल तथा चुनौतीहरू रहेका छन् । पर्यटन शुल्कको करारोपण, दायरा विस्तार, दर समायोजन र व्यवस्थापन तथा कर सहभागिता सम्बन्धमा देखिएका प्रमुख सवाल तथा चुनातीहरू देहायअनुसार रहेका छन्:-

(१) पर्यटन शुल्क व्यवस्थापनमा एकीकृत पर्यटन नीतिबमोजिम तहगत सरकारबीच कानुनी असामाञ्जस्यता, बहु-निकाय संलग्नता, असङ्गठित शुल्क सङ्कलन तथा धेरै सेवा गतिविधि अनौपचारिक रूपमा सञ्चालन हुँदा सम्भावित राजस्वको पूर्ण उपयोग हुन नसक्नु;

(२) पर्यटन सम्पदाको स्पष्ट वर्गीकरण, व्याख्या र तहगत सरकारको अधिकार तथा जिम्मेवारीको बाँडफाँटसम्बन्धी स्पष्ट नीतिगत तथा कानुनी व्यवस्था नहुनु;

(३) पर्यटकीय पूर्वाधार, सेवा तथा सुविधा (आवश्यक स्थानमा पाहुना घर/आवास, शौचालय, खानेपानी, सूचना केन्द्र, पार्किङ, फोहोर व्यवस्थापन, सुरक्षा तथा आपतकालीन सेवा)मा कमी हुनु, उपलब्ध पर्यटकीय पूर्वाधार, सेवा तथा शुल्कको प्याकेजिङ हुन नसक्नु तथा सञ्चालन व्यवस्थापन मापदण्ड विकास नहुनु;

(४) धेरै होमस्टे, गाइड सेवा, ट्राभल गतिविधि तथा साहसिक पर्यटन सेवा पूर्ण रूपमा दर्ता प्रणालीमा नआउनु र अव्यवस्थित तथा अनौपचारिक रूपमा सञ्चालन हुनु;

(५) सङ्घ, प्रदेश, स्थानीय तह तथा विभिन्न व्यवस्थापन समितिबीच शुल्क निर्धारण तथा सङ्कलनमा एकरूपता नहुनु, दोहोरोपना तथा अन्योल सिर्जना हुनु;

(६) प्रदेश पर्यटन तथा आर्थिक ऐन, कर तथा गैर कर राजस्व ऐनमा व्यवस्था भएका आधार, दायरा र दरअनुसार शुल्क परिचालन हुन नसक्नु;

(७) पर्यटन शुल्कको परिचालन क्षेत्र, आधार, दायरा तथा सम्भावनाको अध्ययन तथा विश्लेषण नहुनु;

(८) प्रदेश अधिकारको क्षेत्रमा रहेका जस्तैः ६ हजार मिटरसम्मको हिमाल आरोहण हाल सङ्घीय तहमा सञ्चालन रहेको सेवा तथा सुविधा प्रदेशमा हस्तान्तरण भइ नसक्नु;

(९) पार्क व्यवस्थापन र सञ्चालनबाट शुल्क परिचालन नहुनु;

(१०) प्रदेश पर्यटन ऐन अनुसार पर्यटन शुल्कको दर आर्थिक ऐनको अनुसूचीमा सूचीकृत नहुनु;

(११) पर्यटन शुल्कको दर पुनरावलोकन, स्वचालित टिकट, अनलाइन अनुमति तथा डिजिटल भुक्तानी प्रणालीको प्रयोग लगायत शुल्क सङ्कलन प्रणाली अझै संस्थागत संस्थागत हुन नसक्नु।

(ङ) सुझाब

प्रदेशमा सम्मेलन पर्यटन (MICE tourism), धार्मिक पर्यटन; योग, साधना तथा आरोग्य पर्यटन, जैविक कृषि पर्यटन तथा ग्रामीण पर्यटन विस्तार हुँदै गएको सन्दर्भमा नयाँ पर्यटन शुल्कको संरचना विकास गर्न सकिन्छ। विशेषगरी होमस्टे दर्ता तथा नवीकरण शुल्क, पर्यटक सेवा प्रमाणीकरण शुल्क तथा पर्यावरणीय संरक्षण शुल्क नयाँ राजस्व स्रोतका रूपमा विकास गर्न सकिन्छ। यसैगरी, डिजिटल पर्यटन व्यवस्थापन प्रणाली लागू गरी अनलाइन टिकटिङ, क्यूआर (QR)मा आधारित प्रवेश प्रणाली, पर्यटक तथ्याङ्क व्यवस्थापन तथा मोबाइल भुक्तानी प्रणाली विकास गर्न सकिएमा राजस्व चुहावट न्यून गरी वास्तविक परिचालन क्षमता उल्लेखनीय रूपमा वृद्धि गर्न सकिन्छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनसँगै अन्तर्राष्ट्रिय पर्यटक आगमन बढ्ने सम्भावना रहेकाले आगामी दशकमा पर्यटन शुल्क प्रदेशको सबैभन्दा तिव्र रूपमा वृद्धि हुने गैरकर राजस्व स्रोत बन्न सक्ने देखिन्छ।

दीर्घकालीन रूपमा पर्यटन शुल्कलाई प्रदेशको प्रमुख दिगो गैरकर राजस्व स्रोतका रूपमा विकास गर्न “पर्यटन सम्पदा संरक्षण-डिजिटल व्यवस्थापन-गुणस्तरीय सेवा” मा आधारित चरणबद्ध रणनीति अबलम्बन गर्न आवश्यक छ। यस अन्तर्गत पहिलो चरणमा प्रदेशभरका पर्यटकीय गन्तव्यस्थलहरूको वर्गीकरण गरी शुल्क संरचना पुनरावलोकन गर्ने; दोस्रो चरणमा डिजिटल टिकटिङ, पर्यटक तथ्याङ्क व्यवस्थापन तथा एकीकृत राजस्व प्रणाली लागू गर्ने र तेस्रो चरणमा पर्यटन शुल्कबाट प्राप्त राजस्वलाई पर्यटन पूर्वाधार, वातावरणीय संरक्षण तथा स्थानीय समुदायको आर्थिक सशक्तीकरणमा पुनःलगानी गर्ने रणनीति अबलम्बन गर्नुपर्दछ। त्यसैगरी, प्रदेश सरकारले “एकीकृत पर्यटन राजस्व व्यवस्थापन प्रणाली” स्थापना गरी स्थानीय तह, पर्यटन प्रवर्द्धन तथा सम्पदा संरक्षण समिति तथा निजी क्षेत्रबीच साझेदारी प्रणाली विकास गर्नु आवश्यक छ।

पर्यटन शुल्कलाई प्रभावकारी, पारदर्शी तथा दिगो राजस्व स्रोतका रूपमा विकास गर्न बहुआयामिक सुधार रणनीति आवश्यक छ। यसका लागि पर्यटन नीति, ऐन तथा नियममा व्यवस्था भएबमोजिम प्रदेश सरकारको अधिकार क्षेत्र अन्तर्गतका पर्यटन शुल्कका विभिन्न आधार, दायरा, दर तथा व्यवस्थापन र कर सहभागिता सुधारको लागि प्रस्तावित रणनीति तथा कार्यहरू देहायअनुसार रहेका छन्:-

(१) प्रदेशस्तरीय एकीकृत पर्यटन शुल्क नीति निर्माण र सोअनुकुल प्रदेश पर्यटन ऐन तथा नियम परिमार्जन तथा शुल्क परिचालन, राजस्व बाँडफाँट, सङ्कलन प्रक्रिया तथा अभिलेखीकरण प्रणाली समावेश गरी कार्यविधि निर्माण गर्ने;

(२) पर्यटन ऐन अनुसार पर्यटन शुल्क सम्भावना भएका क्षेत्र, पूर्वाधार, सेवा तथा सुविधाको नक्शाङ्कन, अध्ययन तथा विश्लेषण गर्ने;

(३) प्रदेश सरकारको लगानी तथा साझेदारीमा निर्माण सम्पन्न भएका पर्यटकीय पूर्वाधार सञ्चालनको मोडालिटी तथा कार्यविधि तयार गरी पूर्वाधार व्यवस्थापन तथा शुल्क परिचालनको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण गर्ने र प्रदेश तथा स्थानीय तहबीच क्रमशः ३०-७० प्रतिशतको मोडालिटीमा राजस्व परिचालनको व्यवस्था गर्ने;

(४) ढोरपाटन, दुधपोखरी, इलमपोखरी, राइनासकोट, लिगलिगकोट, पञ्चकोट लगायतका पर्यटकीय स्थलमा फूलबारी पर्यटनको विकास गरी पर्यटन शुल्क परिचालन गर्ने;

(५) विश्वसम्पदा सूचीमा सूचीकरणका लागि पेश भएका र राष्ट्रिय रूपमा संवेदनशील धार्मिक, ऐतिहासिक, प्राकृतिक, मानव निर्मित पर्यटकीय सम्पदा व्यवस्थापनसम्बन्धी अधिकार सङ्घमा, राष्ट्रिय तथ क्षेत्रीय महत्त्वका सम्पदा प्रदेश तहमा तथा स्थानीय महत्त्वका सम्पदा व्यवस्थापनसम्बन्धी अधिकार स्थानीय तहमा रहने जिम्मेवारी बाँडफाँट गरी प्रभावकारी रूपमा शुल्क परिचालन गर्ने;

(६) डिजिटल टिकटिङ, अनलाइन भुक्तानी प्रणाली, क्यूआर (QR) कोडमा आधारित टिकट, प्रवेश शुल्क, मोबाइल एप, अनलाइन अनुमति तथा स्वचालित प्रवेश प्रणाली विकास गरी शुल्क परिचालन प्रभावकारी बनाउने;

(७) होमस्टे, टुरिष्ट गाइड, जलयात्रा तथा साहसिक पर्यटन सेवा, ट्राभल तथा ट्रेकिङ व्यवसाय दर्ता तथा नियमन प्रणाली सुदृढ अनौपचारिक पर्यटन व्यवसायलाई औपचारिक दायरामा ल्याउने;

(८) स्थानीय समुदाय, धार्मिक क्षेत्र व्यवस्थापन समिति, स्थानीय सरकार तथा प्रदेश सरकारबीच समन्वय तथा साझेदारीमा पर्यटन पूर्वाधार, सुविधा तथा सेवाको व्यवस्था गरी एकल कर प्रशासन प्रणाली अनुसार शुल्क परिचालन गरी बाँडफाँट गर्ने;

(९) पर्यटक सङ्ख्या, बसाइ अवधि, खर्च प्रवृत्ति तथा सेवा उपयोगको तथ्याङ्क सहित पर्यटन तथ्याङ्क व्यवस्थापन प्रणाली विकास गरी सोको आधारमा पूर्वाधार विकास, सेवा सुविधा विकास र शुल्क परिचालन गर्ने।

(१०) पर्यटन क्षेत्रलाई व्यवस्थित गर्न एकीकृत पर्यटन पोर्टल, वडजिटल अनुमति प्रणाली र साहसिक पर्यटन तथा पर्यटक सङ्ख्यामा आधारित गतिशिल प्रणाली विकास गर्ने;

(११) पर्यटन सेवा तथा सुविधामा आधारित शुल्कलाई (१) डिजिटल ट्रेकिङ अनुमति दस्तुर (घ) जलयात्रा तथा साहसिक पर्यटन इजाजत दस्तुर तथा शुल्क (३) गन्तव्यस्थल संरक्षण तथा वातावरण शुल्क (४) पदयात्रा व्यवस्थापन शुल्क, (५) पर्यटन सुरक्षा तथा उद्धार शुल्क (६) पर्यटन पूर्वाधार उपयोग शुल्क, (७) पर्यटन व्यवसाय दर्ता, नवीकरण तथा प्रशासन दस्तुर आदि क्षेत्रमा विविधीकरण गरी परिचालन गर्ने।

४.३.८ उद्योग र व्यवसाय दर्ता, अनुमति, नवीकरण

(क) व्यवस्था

नेपालको संविधान तथा प्रचलित कानुनले प्रदेश सरकारलाई उद्योग तथा व्यवसाय दर्ता, अनुमति, नवीकरण तथा नियमनसम्बन्धी दस्तुर सङ्कलन गर्न सक्ने अधिकार प्रदान गरेको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रदेश कर तथा गैरकर राजस्व ऐन, २०७५ तथा प्रदेश आर्थिक ऐनले प्रदेश सरकारलाई उद्योग तथा व्यवसाय दर्ता, अनुमति, नवीकरण तथा नियमनसम्बन्धी दस्तुर तथा शुल्क निर्धारण र सङ्कलन गर्ने कानुनी आधार प्रदान गरेका छन्। यस प्रदेशमा उद्योग तथा व्यवसाय दर्ता, अनुमति तथा नवीकरण दस्तुरसम्बन्धी प्रशासन तथा परिचालन मुख्यतः प्रदेश उद्योग तथा पर्यटन मन्त्रालय, एकीकृत सेवा कार्यालय लगायतका निकायबाट हुँदै आएको छ। सो बमोजिम प्रदेशभित्र उद्योग स्थापना, सञ्चालन अनुमति, उद्योग वर्गीकरण, व्यवसाय नवीकरण, फर्म दर्ता, उद्योग नाम दर्ता, क्षमता विस्तार, स्वामित्व परिवर्तन तथा उद्योग बन्द प्रक्रियासँग सम्बन्धित विभिन्न प्रशासनिक सेवाहरूबाट दस्तुर सङ्कलन भैरहेको छ।

उद्योग तथा व्यवसायको प्रकृति, लगानीको आकार, उत्पादन क्षमता, सेवा क्षेत्रको प्रकृति तथा उद्योग वर्गीकरणका आधारमा प्रदेश आर्थिक ऐनले प्रत्येक आर्थिक वर्षमा उद्योग तथा व्यवसाय दर्ता, अनुमति, नवीकरण तथा नियमनसम्बन्धी दस्तुरको निर्धारण गरेको छ। जसमा पर्यटन उद्योग, होटल, रिसोर्ट, ट्राभल एजेन्सी, साहसिक पर्यटन सेवा, स्वास्थ्य संस्था, निजी शैक्षिक संस्था, खानी तथा निर्माण सामग्री उद्योग, कृषि तथा पशुपन्छीजन्य प्रशोधन उद्योग, सूचना प्रविधि सेवा तथा वातावरणीय प्रभाव पार्ने उद्योग तथा व्यवसाय दर्ता, अनुमति तथा नवीकरण दस्तुर महत्त्वपूर्ण राजस्व स्रोतका रूपमा रहेका छन्। त्यसैगरी वातावरण संरक्षण ऐन, औद्योगिक व्यवसाय ऐन, पर्यटन ऐन, सहकारी ऐन, कम्पनी ऐन तथा स्थानीय सरकार सञ्चालन ऐनसँग समेत यो राजस्व शीर्षक अन्तरसम्बन्धित रहेको छ। कतिपय उद्योग तथा व्यवसाय सङ्घ, प्रदेश र स्थानीय तहबीच साझा नियमनको दायरामा पर्ने भएकाले राजस्व अधिकारको दोहोरोपना तथा समन्वयको चुनौती देखिने गरेको छ। प्रदेश सरकारलई आफ्नो अधिकार क्षेत्रभित्रका उद्योग तथा व्यवसायको प्रभावकारी अभिलेखीकरण, दर्ता, अनुमति, नवीकरण तथा नियमनको प्रक्रियालाई व्यवस्थित गर्दै यसलाई स्थायी गैरकर राजस्वको महत्त्वपूर्ण आधारका रूपमा विकास गर्न सक्ने पर्याप्त कानुनी आधार उपलब्ध रहेको छ।

(ख) अवस्था

प्रदेशमा उद्योग तथा व्यवसाय दर्ता, अनुमति तथा नवीकरण दस्तुरबाट राजस्व परिचालन क्रमशः वृद्धि भइरहेको देखिए पनि यसको वास्तविक सम्भावनाको तुलनामा परिचालन स्तर अझै न्यून रहेको अवस्था छ। प्रदेशभित्र पर्यटन, होटल, कृषि प्रशोधन, निर्माण सामग्री, जलविद्युत्, शिक्षा, स्वास्थ्य तथा सेवा क्षेत्रमा उद्योग तथा व्यवसाय विस्तार भइरहेकाले दस्तुर सङ्कलनको आधार विस्तार हुँदै गएको छ। विशेषगरी पोखरा तथा उदियामान अन्य शहरी तथा पर्यटकीय क्षेत्रमा होटल, रेष्टुरेन्ट, रिसोर्ट, ट्राभल कम्पनी, साहसिक पर्यटन व्यवसाय तथा सेवा उद्योगको तिव्र वृद्धि देखिन्छ।

उद्योग तथा व्यवसायको अभिलेखीकरण प्रणाली पूर्ण रूपमा डिजिटल तथा अनलाइन प्रणालीमा एकीकृत नभएकाले वास्तविक दर्ता सङ्ख्या तथा सञ्चालनमा रहेका उद्योग तथा व्यवसायबीच तथ्याङ्कमा ठूलो अन्तर तथा खाडल देखिन्छ। यसले धेरै उद्योग तथा व्यवसायहरू अनौपचारिक रूपमा सञ्चालनमा रहेका देखाउँछ। जसबाट उल्लेख्य मात्रामा राजस्व चुहावट भैरहैको अवस्था छ। स्थानीय तहमा मात्र दर्ता भएर सञ्चालन भइरहेका प्रदेश अधिकार क्षेत्रमा कतिपय उद्योग व्यवसाय प्रदेशस्तरीय अनुमति वा नवीकरण प्रक्रियामा नआउने समस्या विद्यमान रहेको छ। कतिपय उद्योगले एक पटक दर्ता गरेपछि नवीकरण नगरी सञ्चालन जारी राख्ने, व्यवसाय बन्द भए पनि अभिलेख अद्यावधिक नगर्ने तथा अनौपचारिक व्यवसाय सञ्चालन गर्ने प्रवृत्ति पनि उच्च रहेको छ।

पछिल्ला वर्षहरूमा उद्योग तथा व्यवसायको सङ्ख्या वृद्धि, पर्यटन तथा सेवा क्षेत्रको विस्तार, लगानीमैत्री वातावरण निर्माण तथा प्रशासनिक सुधारका प्रयास स्वरूप यस शीर्षकबाट प्राप्त हुने राजस्वमा क्रमिक सुधार हुँदै आएको छ। उद्योग तथा व्यवसायको व्यवस्थित अभिलेखीकरण, डिजिटल दर्ता तथा नवीकरण प्रणाली, अनलाइन अनुमति प्रणाली तथा एकीकृत व्यवसाय सूचना प्रणाली विकास गरी यस राजस्व शीर्षकको परिचालन क्षमता उल्लेखनीय रूपमा वृद्धि हुन सक्ने देखिन्छ।

प्रदेश सरकारले प्रदेश कर तथा गैरकर राजस्व ऐन, आर्थिक ऐन तथा औद्योगिक व्यवसाय ऐनमा व्यवसाय रजिष्ट्रेशन दस्तुर शीर्षकमा उद्योग तथा व्यवसाय दर्ता, अनुमति, नवीकरण तथा नियमनसम्बन्धी दस्तुरसम्बन्धी व्यवस्था छुट्टै र स्पष्ट रूपमा नराखी प्रशासनिक सेवा शुल्क तथा दस्तुरको आधारमा राजस्व सङ्कलन गरिरहेको छ। यसबाट औषतमा वार्षिक रू. ५ करोड ६८ लाख ७३ हजार सङ्कलन गरेको, गत आ.व. २०८१/८२ मा ५ करोड ८६ हजार ९९ हजार सङ्कलन भएको र चालु आ.व.मा ९ करोड ५० लाख सङ्कलन गर्ने लक्ष्य लिएकोमा चैत्र मसान्तसम्म रू. ४ करोड ९४ लाख मात्र सङ्कलन भएको अवस्था छ।

(ग) सम्भावना

प्रदेशको अर्थतन्त्रमा पर्यटन, सेवा, कृषि, निर्माण तथा साना-मझौला उद्योग क्षेत्रको योगदान बढ्दै गएकाले आगामी वर्षहरूमा यस शीर्षकको राजस्व दायरा अझ विस्तार हुने देखिन्छ। विशेषगरी पोखरा, बागलुङ, गोरखा, तनहुँ, नवलपुर, स्याङ्जा, पर्वत तथा मुस्ताङ जिल्लाहरूमा होटल, ट्राभल, कृषि प्रशोधन, निर्माण सामग्री, स्वास्थ्य सेवा तथा शैक्षिक संस्थाको तिव्र विस्तार भइरहेको छ। प्रदेशभित्र वार्षिक रूपमा औसत १२ हजार उद्योग तथा व्यवसाय दर्ता, अनुमति तथा नवीकरण हुने अनुमान गर्दा प्रति एकाइ औसत रू. ५ हजार दस्तुरको दर कायम गर्दा वार्षिक सम्भावित राजस्व करिब रू. ६० करोडसम्म पुग्न सक्ने सम्भावना रहेको छ।

यसैगरी पर्यटन तथा साहसिक खेलकुदसँग सम्बन्धित अनुमति दस्तुर, वातावरण अध्ययन प्रतिवेदन स्वीकृत दस्तुर, उद्योग क्षमता विस्तार अनुमति तथा व्यावसायिक प्रमाणीकरण शुल्कलाई व्यवस्थित गरी थप राजस्व परिचालनको सम्भावना देखिन्छ। साथै होटल, रिसोर्ट, ट्राभल तथा साहसिक कम्पनीहरूको वर्गीकरण र अनुमति प्रणालीलाई व्यवस्थित गर्दा उच्च मूल्यका व्यवसायबाट बढी दस्तुर सङ्कलन गर्न सकिन्छ। प्रदेश सरकारले उद्योग तथा व्यवसायको डिजिटल प्रोफाइलिङ, भौगोलिक सूचना प्रणाली (GIS) मा आधारित व्यवसाय नक्साङ्कन तथा अनलाइन अनुमति प्रणाली लागू गरी दर्ता बाहिर रहेका व्यवसायलाई औपचारिक दायरामा ल्याउन सकिन्छ। हाल अनौपचारिक रूपमा सञ्चालन भइरहेका हजारौं व्यवसायलाई दर्ता प्रणालीमा समेट्न सकिएमा राजस्व आधार तथा दायरा समेत उल्लेखनीय रूपमा वृद्धि हुन सक्ने सम्भावना रहेको छ।

तत्कालीन केन्द्रीय तथ्याङ्क विभाग (हाल राष्ट्रिय तथ्याङ्क कार्यालय) बाट प्रकाशित गण्डकी प्रदेशको आर्थिक गणना प्रतिवेदन २०१८ अनुसार प्रदेशमा कुल १ लाख,६ सय ८४ वटा उद्योग, व्यापार तथा व्यवसाय रहेका छन्। यसैगरी गण्डकी प्रदेश नीति तथा योजना आयोगबाट तयार तथा प्रकाशित दोस्रो आवधिक योजना अनुसार ७८ हजार ८३ उद्योग र ७१ हजार ४ सय ३५ सञ्चालनमा रहेको देखाएको छ। यसबाट प्रदेशमा उद्योग, व्यापार तथा व्यवसायको प्रचुर सम्भावना रहेको र प्रचलित कानुन अनुसार उद्योग, व्यापार तथा व्यवसाय रजिष्ट्रेशन; अनुमति, नवीकरण र नियमनसम्बन्धी दस्तुर र जरिवानाबाट उच्च राजस्व परिचालनको सम्भावना रहेको छ। प्रदेशको सम्भावना, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र, सडक यातायात पूर्वाधार क्षेत्रमा भएको विकास र विस्तारसँगै प्रदेशमा उद्योग, व्यापार तथा व्यवसाय सिर्जना, विकास र विस्तार हुन जाने प्रक्षेपणका आधारमा यस क्षेत्रको राजस्वको कुल सम्भावना देहायअनुसार प्रस्तुत गरिएको छः

तालिका नं. 17७: उद्योग तथा व्यवसाय दर्ता, अनुमति र नवीकरणमार्फत राजस्व परिचालनको सम्भावना

उद्योग, व्यापार र व्यवसायको प्रकार	अनुमानित सङ्ख्या	दस्तुर तथा दण्ड जरिवाना दर (ने.रू.)	सम्भावना रकम (रू. लाखमा)
सबै प्रकारका उद्योग	७८०८४	५०००	३९०४
सबै प्रकारका व्यापार तथा व्यवसाय	७१४३५	१००००	७१४४
शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा, भाषा शिक्षण इन्स्टिस्युट	३६०	५०००	१८
ऐन नियम तथा मापदण्ड उलङ्घन दण्ड जरिवाना	२९९७६	५०००	१४९९
कुल सम्भावना रकम			२८०१६

उद्योग व्यवसाय रजिष्ट्रेशन दस्तुरको वास्तविक सङ्कलन अत्यन्त न्यून रहेको र यसबाट सम्भावित क्षमताको २.३ प्रतिशत मात्र परिचालन भैरहको अवस्था छ। प्रभावकारी सुधारमार्फत मध्यम अवधिमा उद्योग व्यवसाय रजिष्ट्रेशन दस्तुरको ४९ गुणासम्म वृद्धि हुने सक्ने देखिन्छ। प्रदेश सरकारले स्थानीय तहसँग एकीकृत व्यवसाय सूचना प्रणाली विकास गरी "एकद्वार दर्ता, अनुमति, नवीकरण तथा नियमन प्रणाली" लागू गरी राजस्व चुहावट न्यूनीकरण, प्रशासनिक दक्षता वृद्धि तथा सेवाग्राहीमैत्री प्रणाली विकास हुने र राजस्व परिचालनमा गुणात्मक सुधार ल्याउन सकिन्छ। साथै उद्योग तथा व्यवसाय दर्ता, अनुमति तथा नवीकरण प्रणालीलाई पारदर्शी, सरल, पूर्वानुमानयोग्य तथा सेवाग्राहीमैत्री बनाउँदै प्रदेशको आर्थिक विकास रणनीतिसँग समन्वय गरी कार्यान्वयन गर्न सकेमा यस शीर्षकबाट दीर्घकालीन रूपमा उच्च तथा स्थिर राजस्व परिचालन उच्च सम्भावना देखिन्छ।

(घ) सवाल तथा चुनौती

उद्योग तथा व्यवसाय दर्ता, अनुमति, नवीकरण तथ नियमन दस्तुर परिचालनमा विभिन्न नीतिगत, संरचनात्मक, कानुनी, प्रशासनिक तथा प्रविधिक सवाल तथा चुनौतीहरू देहायअनुसार रहेका छन्:-

(१) सङ्घ, प्रदेश र स्थानीय तहबीचको अधिकारको अस्पष्टता कायम रही कतिपय व्यवसाय स्थानीय तहमा दर्ता हुने, कतिपय प्रदेशस्तरमा अनुमति लिने तथा कतिपय सङ्घीय निकायसँग समेत दर्ता तथा अनुमति लिनु पर्ने अवस्था हुँदा प्रक्रियागत दोहोरोपना र उद्यमी तथा व्यवसायीमा अन्योल सिर्जना हुनु;

(२) उद्योग तथा व्यवसायको विश्वसनीय अभिलेख प्रणाली अभावका कारण सञ्चालनमा रहेका धेरै व्यवसाय नियमित नवीकरण प्रक्रियामा नआउने, बन्द भएका उद्योगको अभिलेख अद्यावधिक नहुने तथा अनौपचारिक व्यवसायको सङ्ख्या उच्च रहने अवस्थाले वास्तविक राजस्व क्षमता मापन कठिन हुनु;

(३) डिजिटल प्रणालीको अपर्याप्तता तथा संस्थागत क्षमता कमजोरीका कारण सेवा प्रवाह प्रभावकारी हुन नसक्नु;

(४) कार्यालयमा दक्ष जनशक्ति, प्रविधि तथा डेटा व्यवस्थापन प्रणालीउपलब्ध नहुनु र यसबाट सेवाग्राहीको समय तथा लागत बढाउने अवस्था कायम रहनु;

(५) दस्तुरको दर निर्धारण वैज्ञानिक तथा लागतमा आधारित हुन नसकी कतिपय अवस्थामा दस्तुरको दर अत्यन्त न्यून रहँदा राजस्व सम्भावना उपयोग हुन नसक्नु कतिपय क्षेत्रमा अत्याधिक दस्तुरका कारण व्यवसाय दर्ता, अनुमति तथा नवीकरण निरुत्साहित हुने अवस्था रहनु;

(६) अनुगमन तथा कार्यान्वयन कमजोरीका कारण बिना अनुमति सञ्चालन हुने व्यवसायको सङ्ख्या उल्लेखनीय रही विशेषगरी पर्यटन व्यवसाय, होटल, निर्माण सामग्री तथा सेवा क्षेत्रमा नियमन कमजोर हुँदा राजस्व चुहावट भैरहनु;

(७) उद्यम तथा व्यवसायीमा कर तथा दस्तुरप्रतिको नकारात्मक धारणा रहनु, प्रशासनिक झन्झट तथा बहुनिकायगत अनुमति प्रक्रियाले औपचारिक दर्ता प्रणालीप्रति आकर्षण घट्नु;

(८) वाणिज्य विभागबाट फर्म रजिस्ट्रेशन डकुमेण्ट प्रदेशमा हस्तान्तरणमा ढिलाइ हुनु;

(९) उद्योग व्यवसायको सम्पत्ति मूल्याङ्कनको प्रक्रिया तय नहुनु र तथ्याङ्क रूजु गर्ने प्रणाली नहुनु;

(१०) स्थानीय सरकार सञ्चालन ऐनमा भएका लघु, घरेलु तथा साना उद्योग, व्यापार र व्यवसाय रजिष्ट्रेशन, इजाजत, नवीकरणसम्बन्धी स्थानीय तहको अधिकार प्रदेश औद्योगिक व्यवसाय ऐनमा नसमेटिनु र स-साना व्यवसायको लागि समेत जिम्लामा जानु पर्ने अवस्था देखिनु;

(११) प्रदेश औद्योगिक व्यवसाय ऐन, कर तथा गैर कर राजस्व ऐन तथा आर्थिक ऐनमा उद्योग तथा व्यवसाय दर्ता, अनुमति, नवीकरण तथानियमनसम्बन्धी दस्तुरको दर र प्रक्रिया स्पष्टसँग निर्धारण नहुनु;

(१२) स्थानीय तह अधिकार क्षेत्रमा रहेको व्यवसाय कर र उद्योग तथा व्यवसायको दर्ता, अनुमति, नवीकरण तथा नियमन दस्तुरबीच कानुनी व्यवस्था र आधार स्पष्ट नहुँदा उद्यमी तथा व्यवसायीले दोहोरो करको भारको रूपमा लिनु र करदाता दोहोरमा मारमा पिसिनु र यस सम्बन्धमा प्रदेश सरकार र स्थानीय तहबीच समन्वय, सम्बाद र सहजीकरण हुन नसक्नु।

(ङ) सुझाब

उद्योग तथा व्यवसाय दर्ता, अनुमति, नवीकरण तथा नियमन दस्तुरको प्रभावकारी परिचालनका लागि सुधार गर्नुपर्ने विषयहरू देहायअनुसार रहेका छन्:

(१) प्रदेश, स्थानीय तह, एकीकृत सेवा कार्यालय, र कर कार्यालयबीच उद्योग तथा व्यवसायको एकीकृत डिजिटल अभिलेख प्रणाली विकास गर्ने;

(२) अन्य प्रदेशहरूमा जस्तै निश्चित पूँजी लगानी (Capital Investment) को सीमाभित्र रहेका लघु उद्यम तथा निजी र साझेदारी फर्महरूको दर्ता, नवीकरण, नियमन र खारेजीको अधिकार स्थानीय तहलाई प्रदान गर्ने व्यवस्था अध्ययन गरी यस प्रदेशमा समेत लागू गर्ने;

(३) नयाँ व्यवसायका लागि "पहिले स्थानीय तहबाट दर्ता सिफारिस र सम्बन्धित निकायबाट अनुमति प्राप्त गरे पश्चात कुनै एक, तहमा मात्र दर्ता भएर सञ्चालन हुने अभ्यासलाई व्यवस्थित गर्ने;

(४) उद्योग, व्यापार र व्यवसाय दर्ता, अनुमति, नवीकरण, ठाउँसारी, नामसारी, क्षमता विस्तार र खारेजी लगायतका नियमनसम्बन्धी शुल्क, दस्तुर र प्रक्रिया प्रदेश आर्थिक ऐनमा स्पष्ट र छुट्टै व्यवस्था गर्ने;

(५) दर्ता र खारेजी दस्तुर न्यून राखी नवीकरण, सेवा उपयोग, अनुमति, वर्गीकरण र नियमन दस्तुरलाई राजस्व परिचालनको मुख्य आधार बनाउने।

(६) व्यवसायको आकार, लगानी, कारोबार, जोखिम, वातावरणीय प्रभाव र सेवा प्रकृतिका आधारमा दस्तुरको दर वर्गीकरण गरी लघु, घरेलु तथा साना उद्योग तथा व्यवसायलाई सहुलियत र उच्च कारोबार/उच्च जोखिम क्षेत्रलाई यथोचित दस्तुर निर्धारण गर्ने;

(७) नवीकरण नगरेका, अभिलेखमा निष्क्रिय देखिएका तथा अनुमति बिना सञ्चालनमा रहेका उद्योग तथा व्यवसायको पहिचान गरी समयबद्ध नवीकरण तथा अभिलेख अद्यावधिक अभियान सञ्चालन गर्ने;

(८) उद्योग तथा व्यवसाय दर्ता, अनुमति, नवीकरण र दस्तुर भुक्तानीलाई अनलाइन प्रणाली, डिजिटल भुक्तानी र RIMS सँग आबद्ध गर्ने;

(९) पर्यटन व्यवसाय, होटल/रेष्टुरेषष्ट, कृषि प्रशोधन, निर्माण सामग्री, शैक्षिक परामर्श, भाषा/पूर्वतयारी कक्षा, स्वास्थ्य सेवा, वातावरणीय प्रभाव पार्ने व्यवसाय तथा सेवा क्षेत्रलाई स्पष्ट अनुमति, नवीकरण र नियमन दस्तुरको दायरामा ल्याउने;

(१०) निजी क्षेत्र, उद्योग वाणिज्य सङ्घ, स्थानीय तह र प्रदेश कार्यालयबीच नियमित समन्वय गरी करदाता शिक्षा, स्वेच्छिक दर्ता/नवीकरण र सेवाग्राहीमैत्री व्यवसाय प्रशासनलाई संस्थागत गर्ने।

४.३.९ वन व्यवस्थापन सेवा शुल्क, पैदावार विक्री तथा वनबाट प्राप्त अन्य आय

(क) व्यवस्था

नेपालको संविधानले प्रदेश सरकारलाई वन व्यवस्थापन, वन पैदावारको उपयोग, वातावरण संरक्षण तथा प्राकृतिक स्रोतको व्यवस्थापनसँग सम्बन्धित अधिकार प्रदान गरको छ । सोही आधारमा प्रदेश सरकारले वन व्यवस्थापन सेवा शुल्क, वन पैदावार विक्री तथा वनबाट प्राप्त अन्य आय सङ्कलन गर्ने अधिकार प्राप्त गरेको छ। प्रदेश राष्ट्रिय वन ऐन, कर तथा गैरकर ऐन आर्थिक ऐन, वातावरण संरक्षण ऐन तथा प्रदेश वन नियमावलीले वन पैदावारको सङ्कलन, विक्री, निकासी, सेवा शुल्क तथा रोयल्टी व्यवस्थापनका लागि कानुनी आधार प्रदान गरेका छन्। प्रदेशमा वन व्यवस्थापनसम्बन्धी राजस्व परिचालनको कार्य मुख्यतः प्रदेश वन तथा वातावरण मन्त्रालय, डिभिजन वन कार्यालय, संरक्षित वन क्षेत्र तथा सामुदायिक वन उपभोक्ता समिति मार्फत सञ्चालन हुँदै आएको छ।

काठ, दाउरा, जडीबुटी, गैरकाष्ठ वन पैदावार, घाँस, बाँस, निगालो, रेजिन, खोटो, वनजन्य जडीबुटी तथा अन्य जैविक स्रोतहरू वन पैदावारको सङ्कलन, विक्री, ढुवानी, निर्यात तथा उपयोगमा विभिन्न प्रकारका शुल्क तथा दस्तुर सङ्कलन गर्ने व्यवस्था राष्ट्रिय वन ऐन तथा नियमावलीमा गरिएको छ। त्यसैगरी ऐन तथा निमयावलीमा वन क्षेत्र उपयोग अनुमति, वन क्षेत्र भोगाधिकार, वृक्षारोपण अनुमति, वातावरणीय प्रभाव मूल्याङ्कन सेवा, वन क्षेत्र प्रवेश अनुमति तथा वन व्यवस्थापन सेवाबाट समेत राजस्व प्राप्त हुने व्यवस्था रहेको छ।

गण्डकी प्रदेश जैविक विविधता, वन क्षेत्रफल तथा प्राकृतिक स्रोतको दृष्टिले अत्यन्त समृद्ध प्रदेश भएकाले वनसम्बन्धी राजस्वको कानुनी आधार पनि तुलनात्मक रूपमा बलियो रहेको छ। प्रदेशका हिमाली, पहाडी तथा मध्यपहाडी क्षेत्रमा पाइने वनजन्य स्रोतहरू आर्थिक दृष्टिले उच्च मूल्यका छन्। विशेषगरी जडीबुटी, गैरकाष्ठ वन पैदावार तथा पर्यावरणीय सेवाबाट प्राप्त हुन सक्ने आयको सम्भावना उल्लेखनीय छ। सामुदायिक वन, कबुलियती वन, धार्मिक वन तथा निजी वन व्यवस्थापन प्रणालीमार्फत वन स्रोतको उपयोग भइरहेकाले वनसम्बन्धी राजस्व परिचालनमा बहु–संस्थागत संरचना संलग्न छन्।

(ख) अवस्था

गण्डकी प्रदेशमा वन व्यवस्थापन सेवा शुल्क, पैदावर विक्री तथा वनबाट प्राप्त अन्य आय प्रदेशको महत्त्वपूर्ण गैरकर राजस्व स्रोतका रूपमा रहेको छ। प्रदेशको ठूलो भूभाग वन क्षेत्रले ओगटेकाले वनजन्य स्रोतहरूको उपयोग तथा व्यवस्थापनबाट नियमित राजस्व सङ्कलन भइरहेको छ। विशेषगरी काठ विक्री, वन पैदावार निकासी, जडीबुटी सङ्कलन अनुमति, वन क्षेत्र उपयोग शुल्क तथा वनसम्बन्धी सेवाबाट राजस्व परिचालन हुँदै आएको छ। प्रदेशका विभिन्न जिल्लामा सामुदायिक वन उपभोक्ता समूहको सक्रियता उच्च रहेको छ। सामुदायिक वनमार्फत काठ तथा दाउरा वितरण, वन संरक्षण तथा वनजन्य उत्पादन विक्री भइरहे पनि त्यसबाट प्रदेश सरकारमा आउने प्रत्यक्ष राजस्व सीमित रहेको अवस्था छ। अधिकांश वन पैदावार स्थानीय स्तरमै उपयोग हुने तथा औपचारिक बजार प्रणाली कमजोर भएकाले वास्तविक आर्थिक मूल्याङ्कन हुन सकेको छैन।

जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको सङ्कलन र विक्रीमा अनौपचारिक कारोबारको हिस्सा उच्च रहेको छ। कतिपय जडीबुटी स्थानीय सङ्लक मार्फत प्रत्यक्ष बाह्य बजारमा जाने हुँदा प्रदेश सरकारले प्राप्त गर्नुपर्ने सेवा शुल्क तथा राजस्व पूर्ण रूपमा सङ्कलन हुन सकेको छैन। त्यसैगरी, वन पैदावारको वास्तविक उत्पादन, सङ्कलन तथा ढुवानीसम्बन्धी विश्वसनीय तथ्याङ्क कमीले

राजस्व क्षमता विश्लेषणमा कठिनाइ उत्पन्न गरेको छ। वन पैदावार विक्री प्रक्रिया अझै धेरै हदसम्म परम्परागत तथा म्यानुअल प्रणालीमा आधारित छ। डिजिटल अभिलेखीकरण, वन स्रोतको भौगोलिक सूचना प्रणाली (GIS) मा आधारित नक्साङ्कन तथा अनलाइन ट्र्याकिङ प्रणाली पर्याप्त रूपमा विकास हुन नसक्दा वन पैदावारको चुहावट तथा अवैध चोरी निकासी नियन्त्रण चुनौतीपूर्ण बनेको छ।

प्रदेशमा वन क्षेत्रबाट प्राप्त हुने आय मुख्यतः काठ तथा दाउरा विक्री, जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावार विक्री वितरण शुल्क, वन क्षेत्र उपयोग दस्तुर तथा वातावरणीय सेवा शुल्कमा केन्द्रित रहेको छ। तर जैविक विविधता संरक्षण, कार्बन व्यापार, इकोसिस्टम सेवा, पर्यावरणीय पर्यटन तथा जलाधार संरक्षणबाट प्राप्त हुन सक्ने सम्भावित आय अझै पर्याप्त रूपमा उपयोग हुन सकेको छैन। पछिल्ला वर्षहरूमा वन व्यवस्थापन प्रणालीमा सुधार, सामुदायिक वन समूहको सशक्तीकरण, जडीबुटी व्यवसाय विस्तार तथा वनजन्य उद्योग प्रवर्द्धनका कारण वनसम्बन्धी राजस्व परिचालनमा क्रमिक सुधार देखिएको छ। वन स्रोतको वैज्ञानिक व्यवस्थापन, मूल्य श्रृङ्खला विकास तथा डिजिटल अनुगमन प्रणाली लागू गरी यस शीर्षकबाट उल्लेखनीय राजस्व वृद्धि गर्न सक्ने सम्भावना रहेको छ।

प्रदेश सरकारले विषयगत प्रदेश राष्ट्रिय वन तथा निमयावली, प्रदेश कर तथा गैरकर राजस्व ऐन र आर्थिक ऐन आधारमा वन व्यवस्थापन सेवा शुल्क, वन पैदावर विक्री तथा वनबाट हुने आय सङ्कलन गरिरहेको छ। यस शीर्षकबाट विगत ५ वर्षमा औषतमा वार्षिक रू. १ करोड ८ लाख ५७ हजार सङ्कलन गरेको छ। गत आ.व. २०८१/८२ मा रू. २ करोड ५४ लाख १२ हजार सङ्कलन भएको र चालु आ.व.मा रू. २ करोड ५० लाख सङ्कलन गर्ने लक्ष्य लिएकोमा चैत्र मसान्तसम्म रू१ करोड ३० लाख सङ्कलन भएको अवस्था छ।

(ग) सम्भावना

गण्डकी प्रदेशमा वन व्यवस्थापन सेवा शुल्क, वन पैदावार विक्री तथा वनबाट प्राप्त अन्य आयको सम्भावना अत्यन्त उच्च रहेको छ। प्रदेशको कुल भूभागको ठूलो हिस्सा वन क्षेत्रले ढाकेकाले काष्ठ तथा गैरकाष्ठ वन पैदावार दुवै दृष्टिले प्रदेश अत्यन्त समृद्ध मानिन्छ। चक्ला वन, साझेदारी वन, सामुदायिक वन व्यवस्थापन लगायतका वन व्यवस्थापन प्रणालीबाट प्राप्त हुने काठ दाउराको व्यावसायिक उत्पादन तथा विक्रीको सम्भावना नवलपुर, तनहुँ, गोरखा, लमजुङ तथा स्याङ्जा उच्च रहेको छ। विशेषगरी मुस्ताङ, म्याग्दी, बागलुङ, गोरखा, मनाङ, लमजुङ तथा कास्की जिल्लामा पाइने जडीबुटी, यार्सागुम्बा, चिराइतो, सतुवा, पाखनबेद, लोक्ता, अलैंची तथा अन्य गैरकाष्ठ वन पैदावारको व्यावसायिक सम्भावना उच्च रहेको छ। यदि यस्ता वन पैदावारको वैज्ञानिक सङ्कलन, प्रशोधन तथा बजार व्यवस्थापन गर्न सकिएमा प्रदेश सरकारले उल्लेखनीय सेवा शुल्क तथा विक्री आय प्राप्त गर्न सक्छ।

गण्डकी प्रदेश वन तथा वातावरण मन्त्रालय-२०७९ को प्रतिवेदनअनुसार प्रदेशभित्र विभिन्न वन व्यवस्थापन प्रणालीबाट २०८३/८४ आर्थिक वर्षका लागि हालको दर, ५ प्रतिशत तथा १० प्रतिशतको वृद्धिदरले उत्पादन हुने काठ तथा दाउराको वार्षिक उत्पादन औषतमा क्रमशः १० लाख ९५ हजार ९ सय ५० घनफिट काठ र १ हजार ३३ सय २ चट्टा दाउरा उत्पादन हुने अनुमान रहेको छ। यस प्रकार उत्पादन हुने प्रति घनफिट काठ तथा दाउराको औषतमा रू. ५ सय विक्री दर कायम गर्दा यसबाट रू. ७२ करोड ५९ लाख १० हजार १ सय ६७ (१४५१८२०X५००+१४५१X५००) राजस्व परिचालन हुने सम्भावना छ। यसमा प्रदेश राष्ट्रिय वन क्षेत्रको ढलापढा तथा सुखड खडा रूख कटान तथा व्यवस्थापनबाट थप राजस्व परिचालन हुन सक्ने देखिन्छ।

प्रदेशको वन क्षेत्र तथा निजी जग्गाबाट उत्पादन हुने जडिबुटी तथा गैर काष्ठ वन पैदावर व्रिक्रीबाट पनि राजस्व परिचालनको थप सम्भावना रहको छ। यसैगरी वन क्षेत्रको ढुङ्गा, गिट्टि, बालुवा, माटोजस्ता नदीजन्य पदार्थ र चुनढुङ्गा, खरिढुङ्गा लागयत

खानीजन्य पदार्थको समेत विक्री वितरण गरी राजस्व वृद्धि गर्न सकिनेछ । प्रदेशमा वन पैदावर विक्री तथा सेवा शुल्कको कुल सम्भावना देहायअनुसार प्रस्तुत गरिएको छ:

तालिका नं. 18: वन व्यवस्थापन सेवा शुल्क, पैदावार विक्री तथा वनबाट प्राप्त अन्य आयको सम्भावना

विवरण	एकाइ	परिमाण	दर (ने.रू)	रकम (रू. लाखमा)
वन व्यवस्थापनबाट उत्पादन हुने काठ	घ.फि.	१४५१८२०	५००.००	७२५९.१
वन व्यवस्थापनबाट उत्पादन हुने दाउरा	चट्टा	१४५१	५००.००	७.२६
सामुदायिक तथा साझेदारी वन व्यवस्थापन सेवा शुल्क	समूह	५४९२	५०००.००	२७४.६
जडिबुटी तथा गैर काष्ठ वन पैदावर सङ्कलन दस्तुर	के.जि.	५६१७०	२.००	२१२४.७९
वन क्षेत्रको नदीजन्य पदार्थ	घ.फि.	४३०९८४	३.००	२१२४.७९
कुल सम्भावना				**११७९०.५४**

विगत ५ आर्थिक वर्षको वन व्यवस्थापन सेवा शुल्क, वन पैदावर विक्री तथा वनबाट हुने अन्य आयको वास्तविक सङ्कलन औषतमा रू. १ करोड ८ लाख ५७ हजार मात्र रहेको जुन सम्भावित क्षमताको ०.९२ प्रतिशत हुनुले यस क्षेत्रबाट अत्यन्तै न्यून राजस्व परिचालन भैरहेको अवस्था देखिन्छ। प्रभावकारी सुधारमार्फत मध्यम अवधिमा वन व्यवस्थापन सेवा शुल्क, वन पैदावर विक्री तथा वनबाट हुने अन्य आय शीर्षकबाट १०९ गुणासम्म वृद्धि हुने सक्ने देखिन्छ।

यसका अलवा वन क्षेत्र उपयोग शुल्क, विद्युत् आयोजना, सडक निर्माण, पूर्वाधार विकास तथा अन्य प्रयोजनका लागि वन क्षेत्र प्रयोग गर्दा प्राप्त हुने दस्तुर तथा क्षतिपूर्ति रकम पनि महत्त्वपूर्ण सम्भावित राजस्व स्रोत हो। प्रदेशमा जलविद्युत् तथा पर्यटन पूर्वाधार विस्तार भइरहेकाले वन क्षेत्र उपयोगबाट प्राप्त हुने राजस्व आगामी वर्षहरूमा वृद्धि हुने सम्भावना देखिन्छ।

त्यसैगरी कार्बन व्यापार, REDD+, जैविक विविधता संरक्षण कोष, जलाधार सेवा शुल्क तथा पर्यावरणीय सेवाबाट प्राप्त हुन सक्ने आय दीर्घकालीन दृष्टिले अत्यन्त महत्त्वपूर्ण सम्भावना भएको क्षेत्र हो। विश्वव्यापी रूपमा हरित अर्थतन्त्र तथा कार्बन वित्तको महत्त्व बढ्दै गएकाले गण्डकी प्रदेशले वन संरक्षणमार्फत अन्तर्राष्ट्रिय वित्तीय अवसरसमेत उपयोग गर्न सक्ने सम्भावना रहेको छ। प्रदेश सरकारले काष्ठ तथा गैर काष्ठ पैदावर, उत्पादन तथा प्रशोधन उद्योग, जडीबुटी प्रशोधन उद्योग तथा वनमा आधारित अन्य उद्यम विकासलाई प्रोत्साहन गर्न सकेमा वन स्रोतको मूल्य अभिवृद्धि भई राजस्व आधार अझ सुदृढ बन्नेछ।

(घ) सवाल तथा चुनौती

वन व्यवस्थापन सेवा शुल्क तथा वन पैदावार विक्रीसम्बन्धी राजस्व परिचालनमा नीतिगत, कानुनी, संरचनात्मक तथा प्रशासनिक सवाल तथा चुनौती विद्यमान छन्। यससम्बन्धी प्रमुख सवाल तथा चुनौती देहायअनुसार रहेका छन्

(१) वन स्रोतको वैज्ञानिक अध्ययन, नक्शाकन, अभिलेखीकरण तथा उत्पादनसम्बन्धी तथ्याङ्क उपलब्ध हुन नसक्नु;

(२) धेरैजसो वन पैदावार सङ्कलन तथा कारोबार अनौपचारिक रूपमा हुँदा वास्तविक राजस्व सम्भावना पहिचान गर्न नसकनु

(३) वन क्षेत्र, अतिक्रमण, अवैध कटानी तथा चोरी निकासी घट्न नसक्नु;

(४) सीमित जनशक्ति, कमजोर अनुगमन प्रणाली तथा दुर्गम भौगोलिक अवस्थाका कारण वन स्रोतको प्रभावकारी व्यवस्थान तथा निगरानी हुन नसक्नु;

(५) सङ्घ, प्रदेश तथा स्थानीय तहबीच अधिकार तथा राजस्व बाँडफाँटमा अस्पष्टता कायम रहनु;

(६) कतिपय वन क्षेत्र तथा वनजन्य स्रोतको व्यवस्थापनमा बहुनिकायको संलग्नता रहदा प्रशासनिक दोहोरोपन तथा समन्वयको कमी हुनु;

(७) जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको मूल्य श्रृङ्खला कमजोर रहनु र अधिकांश कच्चा पदार्थ न्यून मूल्यमा बाहिरिने र स्थानीय स्तरमा प्रशोधन तथा मूल्य अभिवृद्धि उद्योग स्थापनाको व्यवसाय अनुकुल वातावरण नहुनु;

(८) GIS प्रणाली, डिजिटल ट्र्याकिङ, इलेक्ट्रोनिक अनुमति प्रणाली तथा वन पैदावार अभिलेखीकरण प्रणाली लगायत वन व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग न्यून हुनु;

(९) वन संरक्षण र राजस्व परिचालनबीच सन्तुलन कायम गर्नु;

(१०) अत्यधिक दोहनले जैविक विविधता तथा वातावरणीय सन्तुलनमा नकारात्मक असर पर्नु;

(ङ) सुझाब

वन व्यवस्थापन सेवा शुल्क तथा वन पैदावार विक्रीबाट प्राप्त राजस्व वृद्धि गर्न वैज्ञानिक, दिगो तथा प्रविधिमैत्री वन व्यवस्थापन प्रणाली आवश्यक छ। वन व्यवस्थापन शुल्क, वन पैदावर विक्री तथा वनबाट हुने अन्य आयको करारोपण, दर निर्धारण, सङ्कलन तथा व्यवस्थापनमा सुधारका लागि देहायका रणनीति तथा कार्य प्रस्ताव गरिएका छन्:-

(१) प्रदेशको दिगो तथा उच्च सम्भावनायुक्त राजस्व स्रोतका रूपमा विकास गर्न “दिगो वन व्यवस्थापन, मूल्य अभिवृद्धि, डिजिटल अनुगमन तथा हरित अर्थतन्त्र” मा आधारित रणनीति अवलम्बन गर्ने;

(२) स्रोतको वास्तविक स्थिति, उत्पादन क्षमता तथा उपयोगको प्रभावकारी अनुगमनमा सहयोग पुर्‍याउन प्रदेश सरकारले वन स्रोतको डिजिटल अभिलेखीकरण तथा भौगोलिक सूचना प्रणालीमा आधारित वन सूचना प्रणाली विकास गर्ने;

(३) प्रदेश सरकारले आगामी पाँच वर्षभित्र वन स्रोतको पूर्ण डिजिटल प्रोफाइलिङ, वन पैदावारको इलेक्ट्रोनिक ट्र्याकिङ तथा वन राजस्वको एकीकृत सूचना प्रणाली विकास गर्ने;

(४) इलेक्ट्रोनिक अनुमति प्रणाली, क्यूआर (QR) कोडमा आधारित ढुवानी ट्र्याकिङ तथा अनलाइन राजस्व भुक्तानी प्रणाली लागू गरी वन पैदावार सङ्कलन, विक्री तथा ढुवानी प्रक्रियालाई पूर्ण रूपमा डिजिटल प्रणालीमा आधारित बनाउने सोमार्फत राजस्व चुहावट न्यूनीकरण तथ नियन्त्रण गर्ने;

(५) स्थानीय स्तरमा प्रशोधन उद्योग स्थापना, सङ्कलन तथा व्यवस्थापन प्रशिक्षण, बजार पहुँच तथा निर्यात प्रवर्द्धन कार्यक्रममार्फत जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको मूल्य अभिवृद्धि उद्योग प्रवर्द्धन गरी राजस्व आधार विस्तार गर्ने;

(६) सामुदायिक वनलाई केवल संरक्षणमुखी नभई आर्थिक उत्पादनमुखी बनाउँदै वनजन्य उद्यम विस्तार गर्न सामुदायिक वन उपभोक्ता समूहसँग सहकार्य गरी राजस्व साझेदारी तथा दिगो वन व्यवस्थापन प्रणाली विकास गर्ने;

(७) वन क्षेत्र उपयोग शुल्क तथा वातावरणीय सेवा शुल्कलाई वैज्ञानिक आधारमा पुनरावलोकन गर्ने;

(८) जलविद्युत्, पर्यटन तथा पूर्वाधार आयोजनाबाट वन क्षेत्रमा पर्ने प्रभावअनुसार यथोचित क्षतिपूर्ति तथा सेवा शुल्क निर्धारण गर्ने;

(९) सार्वजनिक-निजी साझेदारी मोडेलमा काठको विविध उपज उत्पादन र नरम काठ प्रशोधन र लिलामको व्यवस्था गर्ने;

(१०) वन क्षेत्रमा बाँसको उत्पादन र प्रयोगलाई प्रोत्साहन गरी विक्री वितरण गर्ने;

(११) बाझिएका ऐनको प्रावधान संशोधनको लागि नेपाल सरकारसँग समन्वय तथा सहकार्य गर्ने;

(१२) वन व्यवस्थापनम योजनामा पर्यापर्यटन सेवा सुविधा सञ्चालन गरेर प्रवेश शुल्क सङ्कलनको व्यवस्था गर्ने;

(१३) कार्बन व्यापार तथा हरित वित्तीय अवसर उपयोग गर्न प्रदेश सरकारले विशेष नीतिगत, संरचना तथा प्रक्रियागत संयन्त्र विकास गर्ने;

(१४) वनमा आधारित उद्योग, जडीबुटी प्रशोधन, जैविक विविधता संरक्षण तथा इकोसिस्टम सेवामा निजी क्षेत्र तथा समुदायको साझेदारी बढाउँदै वन अर्थतन्त्रलाई उत्पादनमुखी बनाउन;

(१५) वन संरक्षण, जैविक विविधता, स्थानीय समुदायको हित तथा राजस्व परिचालनबीच सन्तुलन कायम गर्दै वैज्ञानिक वन व्यवस्थापन लागू गर्ने;

(१६) प्रदेशले वन क्षेत्रलाई दीर्घकालीन आर्थिक समृद्धि तथा हरित विकासको प्रमुख आधारका रूपमा विकास गर्ने।

४.३.१० प्रशासनिक सेवा शुल्क तथा दस्तुर

(क) व्यवस्था

प्रदेश सरकारलाई संविधान तथा प्रचलित कानुनबमोजिम आफ्ना अधिकार क्षेत्रभित्रका प्रशासनिक सेवा, नियमन, अनुमति, प्रमाणीकरण, सिफारिस, दर्ता, नवीकरण तथा सेवा प्रवाहबापत सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा अन्य गैरकर राजस्व सङ्कलन गर्ने अधिकार रहेको छ। प्रदेश कर तथा गैरकर राजस्वसम्बन्धी ऐन, वार्षिक आर्थिक ऐन तथा सम्बन्धित विषयगत ऐन, नियमावली र कार्यविधिले यस्तो शुल्क तथा दस्तुर निर्धारण र सङ्कलनको कानुनी आधार प्रदान गरेका छन्।

गण्डकी प्रदेशमा प्रशासनिक सेवा शुल्क तथा दस्तुर मुख्यतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विषयगत मन्त्रालय, निकाय तथा मातहतका कार्यालयहरूबाट प्रदान हुने सेवासँग सम्बन्धित छ। उद्योग तथा व्यवसाय दर्ता, नवीकरण, अनुमति तथा इजाजतपत्र, प्रमाणीकरण, सिफारिस, प्रतिलिपि, वातावरणीय अध्ययन स्वीकृति, तालिम/परीक्षा शुल्क, सेवा उपयोग शुल्क, दण्ड जरिवाना तथा जफतबाट प्राप्त रकम यस शीर्षकका प्रमुख स्रोत हुन्।

प्रदेश आर्थिक ऐनले प्रत्येक आर्थिक वर्षमा विभिन्न प्रशासनिक सेवा, दस्तुर, शुल्क, दण्ड जरिवाना तथा सेवा उपयोग दर निर्धारण गरी राजस्व सङ्कलनको आधार प्रदान गर्दै आएको छ। यद्यपि, प्रशासनिक सेवा शुल्कलाई अझ प्रभावकारी बनाउन सेवाको लागत, सेवाको प्रकृति, नियमन आवश्यकता, डिजिटल सेवा प्रवाह र सेवाग्राहीमैत्री प्रणालीसँग जोडेर दर निर्धारण तथा सङ्कलन प्रणालीलाई थप व्यवस्थित गर्नुपर्ने आवश्यकता देखिन्छ।

(ख) अवस्था

गण्डकी प्रदेशमा प्रशासनिक सेवा शुल्क तथा दस्तुरबाट प्राप्त राजस्व प्रदेशको नियमित गैरकर राजस्व एक प्रमुख स्रोतका रूपमा रहेको छ। पोखरा लगायत शहरी तथा आर्थिक गतिविधि केन्द्रित क्षेत्रमा उद्योग, पर्यटन तथा सेवा क्षेत्र विस्तार भइरहेकाले प्रशासनिक सेवा उपयोगको दायरा पनि विस्तार भएको छ। उद्योग तथा व्यवसाय दर्ता, होटल तथा पर्यटन अनुमति, निर्माण तथा वातावरणीय स्वीकृति जस्ता सेवाबाट उल्लेखनीय राजस्व प्राप्त भइरहेको छ।

प्रशासनिक सेवा शुल्क तथा दस्तुर परिचालनमा अझै विभिन्न संरचनात्मक कमजोरीहरू विद्यमान छन्। प्रदेश सरकारका विभिन्न कार्यालयबीच सेवा प्रणाली एकीकृत नभएकाले सेवाग्राहीले एउटै कार्यका लागि विभिन्न कार्यालयमा जानुपर्ने अवस्था देखिन्छ। धेरै सेवा अझै म्यानुअल प्रक्रियामा आधारित रहेकाले सेवा प्रवाह ढिलो, खर्चिलो तथा झन्झटपूर्ण बन्ने गरेको छ। डिजिटल सेवा प्रणाली आंशिक रूपमा लागू भए पनि पूर्ण विद्युतीय प्रशासन प्रणाली विकास हुन सकेको छैन। कतिपय कार्यालयमा अनलाइन आवेदन प्रणाली भए पनि भुक्तानी, प्रमाणीकरण तथा अभिलेखीकरण प्रक्रिया अझै परम्परागत रहेको छ। यसले राजस्व चुहावट, दोहोरो अभिलेख तथा पारदर्शितासम्बन्धी समस्या सिर्जना गरेको छ। त्यसैगरी कतिपय प्रशासनिक शुल्क तथा दस्तुर दर लामो

समयदेखि पुनरावलोकन नभएकाले सेवा लागतको तुलनामा न्यून दर कायम रहेको अवस्था छ। धेरै सेवाको वास्तविक लागत तथा बजार मूल्याङ्कन नगरी परम्परागत दर कायम गरिदा सम्भावित राजस्व उपयोग हुन सकेको छैन।

यद्यपि पछिल्ला वर्षहरूमा प्रशासनिक सुधार, डिजिटल सेवा विस्तार तथा प्रदेश सरकारको संस्थागत क्षमता वृद्धिसँगै प्रशासनिक सेवा शुल्क तथा दस्तुर परिचालनमा क्रमिक सुधार भइरहेको देखिन्छ। यदि एकीकृत डिजिटल प्रशासन प्रणाली तथा सेवामैत्री राजस्व प्रणाली लागू गर्न सकिएमा यस शीर्षकबाट स्थिर तथा दीर्घकालीन राजस्व वृद्धि सम्भव देखिन्छ।

प्रदेश सरकारले विषयगत ऐन, प्रदेश कर तथा गैरकर राजस्व ऐन र आर्थिक ऐन तथा प्रचलित कानुनका आधारमा प्रशासनिक सेवा शुल्क, दस्तुर, सम्पत्ति परिचालन तथा विक्री, दण्ड जरिवानाबाट राजस्व सङ्कलन गरिरहेको छ। यस अन्तगतका विभिन्न शीर्षकबाट औषतमा वार्षिक रू. ५७ करोड ३४ लाख ९ हजार सङ्कलन गरेको छ। गत आ.व. २०८१/८२ मा रू.६९ करोड ४१ हजार ४४ हजार सङ्कलन भएको र चालु आ.व.मा रू.१ अर्व, १३ करोड ६५ लाख ५० हजार सङ्कलन गर्ने लक्ष्य लिएको छ।

(ग) सम्भावना

गण्डकी प्रदेशमा प्रशासनिक सेवा शुल्क तथा दस्तुरको सम्भावना उल्लेखनीय रहेको छ। प्रदेश सरकारको सेवा प्रवाहको दायरा विस्तार हुँदै जाँदा प्रशासनिक सेवाको माग तथा उपयोग पनि निरन्तर वृद्धि भइरहेको छ। उद्योग, पर्यटन, निर्माण, वातावरण, यातायात, शिक्षा, स्वास्थ्य तथा सार्वजनिक सेवा क्षेत्रको विस्तारसँगै प्रशासनिक शुल्क, दस्तुर तथा दण्डजरिवाना सङ्कलनको आधार अझ व्यापक बन्दै गएको छ।

प्रदेश सरकारअन्तर्गतका सबै प्रशासनिक सेवाहरूलाई एकीकृत डिजिटल प्लेटफर्ममा ल्याई पूर्ण अनलाइन प्रणाली लागू गरी सेवा उपयोग तथा राजस्व सङ्कलन दुवैमा उल्लेखनीय वृद्धि हुन सक्ने प्रबल सम्भावना रहेको छ। प्रदेशभर वार्षिक १२ लाख प्रशासनिक तथा अन्य नियमन लगायत सेवा प्रवाह हुने अनुमान गर्दा र प्रति सेवा करोबारमा औसत रू. १ हजार शुल्क तथा दस्तुर दर निर्धारण गदा यस शीर्षकबाट मात्र वार्षिक रू. १ अरब २० करोडभन्दा बढी राजस्व सङ्कलन सम्भावना देखिन्छ। विशेषगरी पर्यटन अनुमति, वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति, व्यावसायिक प्रमाणपत्र, यातायात सेवा, उद्योग नवीकरण, व्यवसाय इजाजत तथा डिजिटल सेवा शुल्कको दायरा विस्तार गर्न सकेमा थप राजस्व परिचालनको प्रचुर सम्भावना छ।

"एकद्वार सेवा प्रणाली" लागू गरी प्रशासनिक सेवालाई समयबद्ध तथा सहज बनाई सेवाग्राहीको सहभागिता वृद्धि हुने र अनौपचारिक प्रक्रियामा कमी आउने देखिन्छ। यसले राजस्व चुहावट न्यूनीकरण गर्न सहयोग पुर्‍याउँछ। प्रदेश सरकारले सेवा लागत अध्ययनका आधारमा वैज्ञानिक शुल्क निर्धारण प्रणाली लागू गरी राजस्व परिचालन अझ प्रभावकारी आवश्यक छ। सेवा लागत, मुद्रास्फीति, प्रविधि उपयोग तथा प्रशासनिक खर्चका आधारमा शुल्क पुनरावलोकन आवश्यक देखिन्छ। डिजिटल प्रमाणीकरण, ई–गभर्नेन्स, अनलाइन प्रमाणपत्र तथा इलेक्ट्रोनिक अनुमति प्रणाली विकास गरी प्रशासनिक सेवाको दायरा विस्तार गर्न सकेमा आगामी वर्षहरूमा यस शीर्षकबाट प्राप्त हुने राजस्व उल्लेखनीय रूपमा वृद्धि हुन सक्ने सम्भावना रहेको छ।

विगत ५ आर्थिक वर्षको प्रशासनिक सेवा शुल्क, दस्तुर तथा दण्डजरिवानाको वास्तविक सङ्कलन औषतमा रू. ५७ करोड ३४ लाख ९ हजार रहेको जुन सम्भावित क्षमताको ४७.८ प्रतिशत रहेको छ। प्रभावकारी सुधारमार्फत मध्यम अवधिमा यस अन्तर्गतका विभिन्न शीर्षकबाट २ गुणासम्म राजस्व वृद्धि हुने सक्ने देखिन्छ।

(घ) सवाल तथा चुनौती

प्रशासनिक सेवा शुल्क तथा दस्तुर परिचालनमा विभिन्न नीतिगत, संरचना, प्रविधिगत, प्रशासिनक सवाल तथा चुनौतीहरू विद्यमान रहेका छन्। प्रमुख सावाल तथा चुनौती देहायअनुसार रहेका छन्:

(१) विभिन्न मन्त्रालय, निकायस तथा कार्यालयमा छुट्टाछुट्टै प्रणालीमार्फत सेवा प्रवाह गर्ने भएकाले एकीकृत अभिलेख तथा समन्वय कमी र प्रशासनिक सेवा प्रणाली विखण्डित रहनु;

(२) सेवा शुल्क निर्धारण वैज्ञानिक तथा लागत मूल्यमा आधारित हुन नसक्नु र धेरै शुल्क दर पुराना तथा न्यून रहेकाले सेवा लागतसमेत धान्न कठिन हुने अवस्था रहनु र कतिपय सेवामा अत्यधिक शुल्कका कारण सेवाग्राही निरुत्साहित अवस्था रहनु;

(३) विशेषगरी ग्रामीण तथा दुर्गम क्षेत्रमा इन्टरनेट पहुँच, प्रविधि तथा दक्ष मानव स्रोत सीमित हुदा डिजिटल पूर्वाधार, प्राविधिक जनशक्तिको न्यूनता, निरन्तर क्षमता अभिवृद्धिको कमीका कारण पूर्ण ई-गभर्नेन्स प्रणाली कार्यान्वयन हुन नसक्नु;

(४) सेवा प्रवाह प्रक्रियामा जटिलता तथा बहुनिकाय अनुमतिपत्र प्रणालीका कारण एउटै सेवाका लागि विभिन्न मन्त्रालय, निकाय तथा कार्यालाय कार्यालय धाउनुपर्ने अवस्थाले सेवाग्राहीको समय,लागत र असन्तुष्टि दर बढ्नु;

(५) अनुगमन, नियमन तथा पारदर्शिता कमजोर हुँदा राजस्व चुहावट तथा अनौपचारिक शुल्क सङ्कलनको जोखिम रहनु;

(६) म्यानुअल प्रक्रिया, नगद कारोबार तथा कमजोर अभिलेखीकरण प्रणालीका कारण वित्तीय अनुशासनमा कमी हुनु;

(७) सङ्घ, प्रदेश तथा स्थानीय तहबीच अधिकार तथा सेवा दायरा स्पष्ट नहुँदा कतिपय अवस्थामा दोहोरो दस्तुर तथा प्रशासनिक अन्योलता सिर्जना हुनु;

(८) प्रशासनिक सेवा शुल्क, दस्तुर तथा दण्डजरिवाना लागतको दर प्रशासनिक लागत भन्दा न्यून हुनु;

(९) प्रशासनिक सेवा शुल्क, दस्तुर तथा दण्डजरिवाना र जफतसम्बन्धी व्यवस्था प्रचलित कानुन अनुसार हुने भनी आर्थिक ऐनमा राखिनु र प्रचलित कानुनमा समावेश नहुनु;

(१०) प्रचलित विषयगत ऐनमा प्रशासनिक सेवा शुल्क, दस्तुर तथा दण्ड जरिवानासम्बन्धी व्यवस्था स्पष्ट नहुनु र दण्डजरिवाना र जफतबाट हुने राजस्व असुली पारदर्शी नहुनु आदि।

(ङ) सुझाब

प्रशासनिक सेवा शुल्क तथा दस्तुरलाई प्रभावकारी, पारदर्शी तथा सेवामैत्री बनाउन बहुआयामिक सुधार रणनीति आवश्यक छ। यससम्बन्धी सुधारका लागि देहायका रणनीति तथा कार्य प्रस्ताव गरिएको छः-

(१) सेवा आवेदन, स्वीकृति, भुक्तानी तथा प्रमाणपत्र वितरण प्रक्रियालाई पूर्ण रूपमा अनलाइन प्रणालीमा आधारित बनाउन प्रदेश सरकारले पूर्ण डिजिटल प्रशासन प्रणाली विकास गर्ने;

(२) सेवाग्राहीलाई एउटै प्लेटफर्मबाट विभिन्न सेवा प्राप्त गर्ने सुविधा उपलब्ध गराउन "एकद्वार सेवा केन्द्र" तथा एकीकृत प्रशासनिक पोर्टल स्थापना तथा सञ्चालन गर्ने;

(३) साना सेवाग्राहीलाई सहज हुने तर उच्च मूल्यका व्यावसायिक सेवाबाट यथोचित शुल्क सङ्कलन हुने व्यवस्था गरी सेवा लागत अध्ययनका आधारमा वैज्ञानिक तथा न्यायोचित शुल्क निर्धारण प्रणाली लागू गर्ने र सोको व्यवस्था आर्थिक ऐनमा समावेश गर्ने;

(४) पारदर्शिता तथा वित्तीय अनुशासन कायम गर्न तथा राजस्व चुहावट नियन्त्रणका लागि नगदरहित भुक्तानी प्रणाली, डिजिटल रसीद तथा स्वचालित लेखा प्रणाली लागू गर्ने;

(५) अनावश्यक कागजी प्रक्रिया तथा बहुनिकाय दर्ता तथा अनुमतिपत्र प्रणालीलाई पुनरावलोकन गरी सेवामैत्री प्रणाली विकास गर्न प्रशासनिक प्रक्रियाको सरलीकरण तथा समयबद्ध सेवा वितरण प्रणाली लागू गर्ने;

(६) कर्मचारी प्रशिक्षण, सूचना प्रविधि पूर्वाधार तथा साइबर सुरक्षा प्रणाली सुदृढीकरण गर्न प्राविधिक क्षमता अभिवृद्धि तथा डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गर्ने।

अध्याय पाँचः राजस्व परिचालन रणनीति तथा रणनीतिक कार्ययोजना

यस अध्यायमा प्रस्तुत रणनीति तथा कार्ययोजना अघिल्ला अध्यायहरूमा गरिएको नीति–कानुन, संस्थागत व्यवस्था, राजस्व परिचालनको विद्यमान अवस्था, स्रोतगत सम्भावना, परिचालन अन्तर, प्रशासनिक क्षमता, प्रदेश–स्थानीय तह समन्वय र सुधारका प्राथमिक क्षेत्रहरूको विश्लेषणका आधारमा तयार गरिएको छ। यसले उपलब्ध राजस्व अधिकार र सम्भावनालाई व्यावहारिक कार्ययोजनासँग जोड्दै प्रदेशको आन्तरिक स्रोत परिचालनलाई थप व्यवस्थित, प्रमाणमा आधारित, दिगो र परिणाममुखी बनाउन मार्गदर्शन प्रदान गर्दछ।

५.१ राजस्व परिचालनको परिदृश्य

सङ्घीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश सरकारको वित्तीय आत्मनिर्भरता अपरिहार्य शर्तका रूपमा रहेको छ। संविधानले प्रदेश सरकारलाई स्वायत्त शासन सञ्चालन, विकास प्राथमिकता निर्धारण, सार्वजनिक सेवा प्रवाह, पूर्वाधार तथा क्षेत्रीय विकास व्यवस्थापनको जिम्मेवारी प्रदान गरेको छ। उपर्युक्त जिम्मेवारीलाई प्रभावकारी रूपमा बहनगरी जनअपेक्षा बमोजिम कार्य गर्न प्रदेश सरकारसँग पर्याप्त, पूर्वानुमानयोग्य र दिगो राजस्व स्रोत हुनु आवश्यक छ। त्यसैले यस प्रदेशको सन्दर्भमा राजस्व परिचालन रणनीति केवल आय सङ्कलन वृद्धि गर्ने प्रशासनिक दस्तावेज नभई प्रदेशको दीर्घकालीन वित्तीय सुदृढीकरण, सुशासन, आर्थिक रूपान्तरण तथा संस्थागत सबलीकरणसँग जोडीएको रणनीतिक मार्गचित्र हो।

प्रदेशको वर्तमान वित्तीय अवस्थाको विश्लेषणले बजेट संरचनामा सङ्घीय हस्तान्तरणको उच्च हिस्सा, आन्तरिक राजस्वको सीमित योगदान, कराधारको अपूर्ण उपयोग, साझा राजस्व व्यवस्थापनमा अस्पष्टता, प्रशासनिक क्षमताको कमी तथा प्रविधिमैत्री राजस्व प्रणालीको अपर्याप्तता जस्ता संरचनागत चुनौतीहरू रहेको देखाएको छ। तथापि, यस प्रदेशमा पर्यटन, सेवा क्षेत्र, यातायात, जलस्रोत, वन तथा अन्य प्राकृतिक स्रोत, कृषि उत्पादन, उद्योग व्यवसाय तथा शहरीकरण विस्तारका उल्लेखनीय सम्भावना रहेको छ। । उपलब्ध सम्भावनालाई कानुनी स्पष्टता, कराधार अभिलेख, डिजिटल प्रणाली, प्रदेश–स्थानीय तह सहकार्य, करदाता अनुपालना र सेवा सुधार गरी मध्यम अवधिमा प्रदेशको आन्तरिक राजस्व क्षमता उल्लेखनीय रूपमा सुदृढ गर्न सकिने देखिन्छ।

यस अध्यायमा गण्डकी प्रदेशको वित्तीय आत्मनिर्भरता अभिवृद्धि गर्ने उद्देश्यले दीर्घकालीन, प्रणालीगत तथा बहुआयामिक रणनीतिक मार्गचित्र प्रस्तुत गरिएको छ। रणनीति निर्माण गर्दा विद्यमान राजस्व संरचनाको विश्लेषण, प्रदेशको राजनीतिक-अर्थशास्त्रीय यथार्थ, सामाजिक-आर्थिक आधार, अन्तरसरकारी वित्तीय सम्बन्ध, संस्थागत क्षमता तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय असल अभ्यासहरूलाई आधार बनाइएको छ। प्रस्तुत रणनीतिले केवल राजस्व वृद्धिलाई मात्र लक्ष्य नबनाई कर प्रशासनको आधुनिकीकरण, पारदर्शिता, कर न्याय, सेवा-उन्मुख प्रशासन, अन्तरसरकारी समन्वय, र लगानी-राजस्व सम्बन्धलाई समेत सुदृढ गर्ने दिशामा स्पष्ट दिशानिर्देश गर्नेछ ।

५.२ राजस्व परिचालनका सम्भावना तथा रणनीतिक रूपान्तरणका आयाम

गण्डकी प्रदेशको राजस्व परिचालन सम्भावनालाई केवल विद्यमान कर तथा गैरकर शीर्षकहरूको सीमित दायरामा मात्र बुझ्नु पर्याप्त हुँदैन। प्रदेशको आर्थिक संरचना, बदलिँदो सङ्घीय अर्थ-राजनीतिक परिदृश्य, सेवामा आधारित अर्थतन्त्रको विस्तार, सङ्घीय वित्तीय सन्तुलन तथा खाडल, प्रविधिमा आधारित नवप्रवर्तन, पर्यटनको पुनर्संरचना, डिजिटल प्रविधिको तिव्र प्रवेश, उद्योग–व्यापारको क्षेत्रीय पुनर्सन्तुलन, जलवायु तथा हरित अर्थतन्त्रसँग सम्बन्धित अवसर तथा सार्वजनिक वित्तीय व्यवस्थापनमा देखा परिरहेका नवप्रवर्तनलाई समग्र रूपमा हेर्न आवश्यक हुन्छ। यी सबै पक्षले प्रदेशको आन्तरिक राजस्व आधार विस्तार गर्न सकिने नयाँ सम्भावना देखाएका छन्।

गण्डकी प्रदेश भौगोलिक विविधता, पर्यटकीय सम्भावना, प्राकृतिक स्रोत, सेवा क्षेत्र तथा क्षेत्रीय आर्थिक गतिशीलताको दृष्टिले विशिष्ट प्रदेश हो। राष्ट्रिय आर्थिक संरचनामा एकातिर प्रदेशको योगदान क्रमशः बढिरहेको तथा अर्कोतर्फ प्रदेशको आर्थिक संरचनामा सेवा क्षेत्रको योगदान क्रमशः बढ्दो क्रममा रहेकोछ। राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रादेशिक आर्थिक अनुमानअनुसार यस प्रदेशको कुल प्रादेशिक उत्पादनमा सेवा क्षेत्रको योगदान ५५ प्रतिशतभन्दा माथि पुगेको देखिन्छ। यसले प्रदेशको अर्थतन्त्र क्रमशः कृषि तथा परम्परागत उत्पादनमुखी संरचनाबाट सेवा, पर्यटन, नवप्रवर्तन, डिजिटल, शहरीकरण र बजारमुखी गतिविधितर्फ रूपान्तरण हुँदै गएको सङ्केत गर्दछ। यस्तो संरचनात्मक परिवर्तनले गण्डकी प्रदेशलाई सेवा तथा अनुभव अर्थतन्त्रमा आधारित, प्रविधिमैत्री र विविधीकृत राजस्व प्रणाली विकास गर्ने अवसर प्रदान गरेको छ।

सङ्घीय वित्तीय हस्तान्तरणमा दीर्घकालीन रूपमा सम्भावित दबाब, अन्तरप्रदेश लगानी प्रतिस्पर्धा, नागरिकका आकाङ्क्षा, निजी क्षेत्रको बदलिँदो लगानी प्राथमिकता र प्रदेशको बढ्दो विकास दायित्वले आन्तरिक स्रोत परिचालनलाई थप महत्वपूर्ण बनाएको छ। यस परिप्रेक्ष्यमा गण्डकी प्रदेशका लागि राजस्व परिचालन केवल आय सङ्कलनको विषय नभई वित्तीय स्वायत्तता, सेवा सुधार, लगानी प्रवर्द्धन र समुन्नत प्रदेश निर्माणसँग जोडिएको रणनीतिक प्रश्न हो। यस पृष्ठभूमिमा गण्डकी प्रदेशको राजस्व परिचालनका प्रमुख सम्भावना तथा रणनीतिक रूपान्तरणका आयामहरू देहायबमोजिम देखिएका छन्: **५.२.१ बदलिँदो अर्थ-राजनीतिक परिवेश र वित्तीय स्वायत्तताको अवसर**

नेपालको सङ्घीय शासन प्रणाली संस्थागत परिपक्वताको दोस्रो चरणमा प्रवेश गरिरहेको वर्तमान अवस्थामा प्रदेश सरकारहरूको कार्यसम्पादन मूल्याङ्कन उनीहरूको आफ्नै स्रोत परिचालन क्षमतासँग जोडिन थालेको छ। नेपालमा सङ्घीयता कार्यान्वयनको प्रारम्भिक चरणमा प्रदेश सरकारहरू मुख्यतः सङ्घीय वित्तीय हस्तान्तरणमा निर्भर रहे । तथापि पछिल्ला वर्षहरूमा सङ्घीय तहको बजेटमा देखिएको दबाब, राजस्व वृद्धिदरमा सुस्तता, सार्वजनिक ऋणको वृद्धिदर, सङ्घीय अनुदान पुनर्संरचना र तहगत सरकारको जिम्मेवारी तथा राजस्व बाँडफाँटको आधार पुनरावलोकनको बहसले प्रदेश सरकारलाई वित्तीय आत्मनिर्भरता अभिवृद्धितर्फ केन्द्रित हुन बाध्य बनाएको छ।

गण्डकी प्रदेश सरकारका लागि यो अवस्था चुनौती मात्र नभई महत्त्वपूर्ण अवसर पनि हो। तुलनात्मक रूपमा हेर्दा अन्य प्रदेशहरूमा भन्दा गण्डकी प्रदेशभित्र सेवामा आधारित अर्थतन्त्र, तुलनात्मक प्रशासनिक पहुँच, पर्यटनजन्य आर्थिक गतिविधि तथा करयोग्य व्यावसायिक विस्तारको सम्भावना अधिक छ। प्रदेश सरकारले समयमै आधुनिक राजस्व प्रशासन, कराधार विस्तार तथा विकास, साझा राजस्व व्यवस्थापन तथा नवप्रवर्तनशील शुल्क प्रणाली विकास गर्न सक्यो भने सङ्घीय वित्तीय निर्भरताबाट क्रमशः मुक्त हुँदै वित्तीय स्वायत्तता हासिल गर्न सक्षम हुने देखिन्छ।

विशेषगरी अन्तरप्रदेश कर प्रशासनमा स्वस्थ्य प्रतिस्पर्धा, लगानी आकर्षण, व्यवसाय दर्ता सरलीकरण तथा पर्यटन सेवा शुल्क व्यवस्थापनमा गण्डकी प्रदेशले राजस्व परिचालनमा नीतिगत फड्को मार्न सक्ने पर्याप्त अवसर छ। बागमती, लुम्बिनी र कोशी प्रदेशसँग तुलनात्मक अध्ययन गर्दा गण्डकी प्रदेशमा प्रशासनिक पहुँच, भौगोलिक सघनता तथा आर्थिक गतिविधिको व्यवस्थापन अपेक्षाकृत सहज देखिन्छ। यसले राजस्व प्रशासनलाई अधिक प्रभावकारी बनाउन सहयोग पुग्नुका साथै सङ्घीयता सुदृढीकरणमा प्रदेशको वित्तीय आत्मनिर्भरता राजनीतिक वैधता र संस्थागत स्थायित्वको प्रमुख आधार बन्ने देखिन्छ। यस सन्दर्भमा गण्डकी प्रदेशले राजस्व केन्द्रित प्रादेशिक स्वायत्तताको नमूना (Revenue-led Provincial Autonomy Model) विकास गर्न सक्ने सम्भावना प्रबल रहेको छ।

५.२.२ नवप्रवर्तन तथा डिजिटल अर्थतन्त्रमा आधारित नयाँ राजस्वको सम्भावना

विश्वव्यापी रूपमा सार्वजनिक वित्त व्यवस्थापनमा डिजिटल रूपान्तरण तिव्र रूपमा अघि बढिरहेको छ। नेपालमा पनि डिजिटल भुक्तानी कारोबार उल्लेखनीय रूपमा बढिरहेको छ। नेपाल राष्ट्र बैङ्कका पछिल्ला तथ्याङ्कअनुसार डिजिटल भुक्तानी तथा कारोबारको मात्रा पछिल्ला वर्षहरूमा तिव्र रूपमा वृद्धि भइरहेको छ। गण्डकी प्रदेशमा मोबाइल बैंकिङ, क्यूआर भुक्तानी, वालेट कारोबार (Wallet Transaction) तथा अनलाइन/विद्युतीय व्यापार (e-Commerce) विस्तारले डिजिटल अर्थतन्त्रलाई तिव्र गतिमा अघि बढाइरहेको छ। प्रदेशले डिजिटल भुक्तानी कारोबारलाई राजस्व प्रशासनसँग जोड्न सकेमा राजस्व परिचालनमा यसबाट बृहत उपलब्धि हुन सक्छ।

प्रदेशले सूचना प्रविधिमा आधारित स्मार्ट राजस्व प्रणालीको अवधारणा अपनाउन सक्छ, जसअन्तर्गत (१) QR मा आधारित कर तथा शुल्क भुक्तानी, (२) मोबाइल एपमा आधारित करदाता सेवा, (३) भौगोलिक सूचना प्रणाली (GIS) मा आधारित करयोग्य सम्पत्ति नक्साङ्कन, (४) अनलाइन इजाजत तथा सेवा शुल्क, प्रशासनिक दण्डजरिवाना दस्तुर सङ्कलन, (५) तथ्याङ्क तथा कृत्रिम बौद्धिकतामा आधारित राजस्व प्रक्षेपण, (६) डिजिटल अनुपालना अनुगमन तथा प्रतिवेदन प्रणाली, (७) समयबद्ध राजस्व ड्यासवोर्ड जस्ता प्रणाली विकास गर्न सकिन्छ।

विशेषगरी पोखरा, बागलुङ, दमौली, बेनी, पुतलीबजार, वालिङ, गैडाकोट, कावासोती र गोरखा जस्ता शहरी केन्द्रहरूमा डिजिटल सेवा उपयोगको विस्तारले यस्तो प्रणाली कार्यान्वयन सहज बनाउँछ। डिजिटल प्रणाली लागू हुँदा प्रशासनिक लागत घट्ने, चुहावट नियन्त्रण हुने, करदाता सुविधा बढ्ने तथा स्वेच्छिक अनुपालनमा उल्लेखनीय सुधार आउने अन्तर्राष्ट्रिय अनुभवले देखाएको छ। अन्तर्राष्ट्रिय अभ्यासअनुसार डिजिटलाइजेसनले १०-२० प्रतिशतसम्म सङ्कलन दक्षता वृद्धि गर्न सक्ने देखिएको छ।

५.२.३ उद्योग, व्यापार तथा व्यवसाय विस्तारबाट सिर्जित राजस्व परिचालनको अवसर

गण्डकी प्रदेशको औद्योगिक आधार परम्परागत रूपमा कमजोर मानिए पनि पछिल्ला वर्षहरूमा कृषि प्रशोधन, वन पैदावर, नदीजन्य पदार्थ र जलविद्युतमा आधारित उद्योग, निर्माण सामग्री उद्योग, खाद्य प्रशोधन, आतिथ्य सेवा, सूचना प्रविधि सेवा तथा साना-मझौला उद्यम तथा व्यवसायको विस्तारले नयाँ आर्थिक आधार सिर्जना गरिरहेको छ। प्रदेश उद्योग तथा पर्यटन मन्त्रालयको तथ्याङ्कअनुसार उद्योग तथा व्यवसाय दर्ताको सङ्ख्या हरेक वर्ष वृद्धि भइरहेको छ। विशेषगरी होटल तथा आतिथ्य उद्योग, कफी तथा कृषि प्रशोधन उद्योग, हर्बल तथा औषधिजन्य उद्योग, जैविक उत्पादन, निर्माण सामग्री उद्योग, साहसिक पर्यटन सेवा र डिजिटल मार्केटिङ तथा सूचना प्रविधि सेवा क्षेत्रमा नयाँ व्यवसाय दर्ता तिव्र गतिमा बढिरहेको देखिन्छ।

प्रदेश सरकारले व्यवसाय दर्ता प्रक्रिया तथा प्रशासनलाई एकद्वार, डिजिटल र समयबद्ध बनाइ व्यवसाय रजिष्ट्रेशन दस्तुर, नवीकरण दस्तुर तथा प्रशासनिक शुल्कबाट प्राप्त हुने आय उल्लेखनीय रूपमा वृद्धि गर्ने आधारहरू रहेका छन्। गण्डकी प्रदेशमा व्यवसाय सञ्चालन अनुकुलता (Ease of Doing Business in Gandaki) कार्यक्रम सञ्चालन गरी व्यवसायमैत्री प्रशासन विकास भएमा कराधार विस्तार स्वाभाविक रूपमा हुने देखिन्छ। यसका अतिरिक्त नवप्रवर्तन र उद्यमशीलतालाई प्रवर्द्धन गर्न गण्डकी प्रदेश सरकारले ल्याएको स्टार्ट-अप तथा नवप्रवर्तन ढाँचा (Startup and Innovation Framework) थप सुदृढ गरी नवउद्यमलाई औपचारिक दर्ता प्रणालीमा ल्याउने हो भने डिजिटल अर्थतन्त्रसँग सम्बन्धित नयाँ कराधार विकास हुन सक्छ। यसले मुख्य रूपमा युवा उद्यमशीलताको विकास, व्यवसाय दर्ता सहजीकरण र वित्तीय/प्राविधिक सहयोग प्रदान गरेर नयाँ व्यवसायहरूलाई बलियो बनाउँछ। गण्डकी प्रदेश सरकारले विशेष गरी देहायमा उल्लिखित क्षेत्रहरूमा काम गर्ने स्टार्ट-अप व्यवसायलाई प्राथमिकता दिइने रणनीति अख्तियार गरेको छः

(क) कृषि तथा पशुपालन (आधुनिक कृषि र प्रशोधन)

(ख) पर्यटन तथा आतिथ्य (पर्यटन प्रवर्द्धन, होमस्टे र साहसिक खेलकुद)

(ग) सूचना प्रविधि (IT) (सफ्टवेयर, एप विकास, र डिजिटल सेवा)

(घ) हरित ऊर्जा र वातावरण (नवीकरणीय ऊर्जा र फोहोर व्यवस्थापन)

(ङ) परम्परागत ज्ञान र सीप (स्थानीय हस्तकला र उत्पादनको आधुनिकीकरण)

५.२.४ सेवामा आधारित अर्थतन्त्रको विस्तार गण्डकी प्रदेशको दीर्घकालीन राजस्व परिचालनको मेरुदण्ड

गण्डकी प्रदेशको आर्थिक संरचनामा सेवा क्षेत्र प्रमुख चालक शक्तिका रूपमा विकसित हुँदै गएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रादेशिक आर्थिक विश्लेषणअनुसार गण्डकी प्रदेशमा सेवा क्षेत्रको योगदान करिब ५२-५५ प्रतिशतको हाराहारीमा रहेको अनुमान छ। यसअन्तर्गत पर्यटन, होटल तथा रेष्टुरेन्ट, यातायात, शिक्षा, स्वास्थ्य, बैंकिङ, बीमा, सूचना सेवा, डिजिटल कारोबार तथा व्यावसायिक सेवाहरूको उल्लेखनीय योगदान रहेको छ।

विशेषगरी पोखरा महानगर केन्द्रित शहरी अर्थतन्त्रले प्रदेशलाई राष्ट्रिय सेवा-अर्थतन्त्रको महत्त्वपूर्ण केन्द्र बनाउँदै लगेको छ। जहाँ होटल बेड क्षमता, साहसिक पर्यटन गतिविधि, अन्तर्राष्ट्रिय सम्मेलन तथा कार्यक्रम (MICE), निजी स्वास्थ्य सेवा, उच्च शिक्षा सेवा तथा डिजिटल सेवा उद्योग विस्तार हुँदै गएको अवस्था छ। सेवा क्षेत्र विस्तारसँगै प्रशासनिक सेवा शुल्क, पर्यटन शुल्क, व्यवसाय दर्ता दस्तुर, मनोरञ्जन कर, विज्ञापन कर, सवारी तथा यातायात आम्दानी, डिजिटल कारोबारसम्बन्धी अनुमति शुल्क राजस्व शीर्षकमा उल्लेखनीय राजस्व वृद्धि सम्भव देखिन्छ। यसका लागि सेवा क्षेत्रको औपचारिक अभिलेखीकरण, डिजिटल नियमन तथा कर प्रशासनसँग एकीकरण गर्नु आवश्यक छ।

५.२.५ पर्यटन अर्थतन्त्रको पुनर्संरचना र बहुआयमिक राजस्व अवसर

गण्डकी प्रदेश नेपालको पर्यटन अर्थतन्त्रको केन्द्रबिन्दु हो। पोखरा, अन्नपूर्ण तथा मनास्लु सर्किट, मुक्तिनाथ, मनकामना, गोर्खा दरवार, चुम भ्याली, बन्दीपुर, घलेगाउँ, भुजुङ, राइनास, लिगलिगकोट, श्रीनाथकोट, बारपाक, बाग्लुङ कालिका गलेश्वर, म्याग्दी तातोपानी, ढोरपाटन तथा धौलागिरी लगायतका गण्डकी प्रदेशले पहिचान गरेका ११० भन्दा बढी प्रदेशका प्रमुख पर्यटकीय गन्तव्यहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटनको स्थायी आधार प्रदान गरेका छन्।

नेपाल पर्यटन बोर्डबाट प्रकाशित विवरणअनुसार नेपालमा भ्रमण गर्ने कुल विदेशी पर्यटकमध्ये उल्लेखनीय हिस्सा गण्डकी प्रदेश केन्द्रित गन्तव्यहरूमा पुग्ने गरेका छन्। पर्यटनको वर्तमान संरचना मुख्यतः अप्रत्यक्ष आर्थिक लाभमा आधारित छ। तर यसलाई प्रत्यक्ष प्रदेशको राजस्व प्रणालीसँग जोड्ने पर्याप्त सम्भावना अझै उपयोग हुन सकेको छैन। यदि प्रति पर्यटक न्यूनतम सेवामा आधारित शुल्क संरचना व्यवस्थित गरियो भने वार्षिक करोडौं रुपैयाँ थप आन्तरिक राजस्व परिचालन सम्भव छ। पर्यटन शुल्क विविधीकरणका सम्भावित अवसरहरू देहायअनुसार रहेका छन्:

(१) **डिजिटल ट्रेकिङ अनुमति दस्तुरः** अन्नपूर्ण तथा मनास्लु संरक्षण क्षेत्र वाहिरको क्षेत्रमाACAP मोडेललाई प्रदेशस्तरमा विस्तार गरी डिजिटल ट्रेकिङ कार्ड प्रणाली लागू गर्न सकिन्छ।

(२) **जलयात्रा तथा साहसिक पर्यटन इजाजत दस्तुर तथा शुल्कः** प्रदेशिभित्र सञ्चालनमा रहेका तथा सञ्चालन हुने प्याराग्लाइडिङ (Paragliding), जिपलाइन (Zipline), बञ्जिजम्पिङ, (Bungee), क्याकिङ, र्‍याफ्टिङ (Rafting) जस्ता गतिविधिमा इजाजत तथा सेवा शुल्क प्रदान गरी राजस्व परिचालन गर्न सकिन्छ।

(३) **गन्तव्यस्थल संरक्षण तथा वातावरण शुल्कः** पर्यावरण संरक्षण तथा फोहोर व्यवस्थापनका लागि उपभोक्तामा आधारित सेवा शुल्क (User-based Service Fee) परिचालन गर्न सक्ने सम्भावना रहेको छ।

(४) **पदयात्रा व्यवस्थापन शुल्कः** पदमार्ग निर्माण, मर्मतसम्भार, खानेपानी तथा सार्वजनिक शौचालय, सरसफाइ, चौतारी तथा बिसौनी, रेष्टिङ स्थल, रेलिङ, झरना लगायत मनोरञ्जनात्मक सेवा व्यवस्थापन वापत पदयात्रा अनुमति दस्तुरसँगै शुल्क सङ्कलन गर्न सकिन्छ।

(५) **पर्यटन सुरक्षा तथा उद्धार शुल्कः** पर्वतारोहण, पदयात्रा तथा भ्रमणका क्रममा पर्यटकलाई प्रदान गरिने सुरक्षा सेवा तथा स्वास्थ्य जाँच तथा उपचार तथा आकस्मिक उद्दार सेवा वापत भ्रमण अनुमति दस्तुरसँग एकीकृत गरी सेवा शुल्क सङ्कलनको सम्भावना रहेको छ।

(६) **पर्यटन पूर्वाधार उपयोग शुल्कः** पर्यटन पदमार्ग, सार्वजनिक पाहुना घर, सार्वजनिक सङ्ग्रहलय, क्यूआर प्रणालीमा आधारित डिजिटल तथा भौतिक पर्यटन सूचना केन्द्र, सार्वजनिक बैठक तथा सम्मेलन हल, प्रदर्शनी स्थल, भ्यूटावर, व्यापारिक भवन, सांस्कृतिककेन्द्र लगायतका पूर्वाधार निर्माण तथा सञ्चालन गरी उक्त पूर्वाधारको उपभोगको आधारमा वार्षिक पर्यटक सङ्ख्याको न्यूनतम २५-३० प्रतिशतमा प्रति व्यक्ति औसत रू. ५०० सेवा शुल्क लगाउँदा पनि वार्षिक करोडौं रुपैयाँ अतिरिक्त राजस्व परिचालन सम्भव देखिन्छ।

(७) **पर्यटन व्यवसाय दर्ता, नवीकरण तथा प्रशासन दस्तुरः** प्रदेश अधिकार क्षेत्रमा पर्ने ट्राभल एण्ड टुर्स, पर्यटन गाइड, होटेल तथा रेष्टुरेण्ट, साहसिक खेल तथा पर्यटन सुविधाको इजाजत, दर्ता, नवीकरण, खारेजी लगायत प्रशासन सेवा वापत दस्तुर परिचालनको परिचालनको सम्भावना अधिक रहेको छ।

यस सन्दर्भमा विशेषगरी उपभोगकर्ताले तिर्ने सिद्धान्त (User Pays Principle) मा आधारित शुल्क प्रणालीले कर प्रतिरोध न्यून गर्ने कुरा सान्दर्भिक हुन्छ।

५.२.६ हरित अर्थतन्त्र र जलवायु वित्तसँग जोडिएको राजस्व अवसर

गण्डकी प्रदेश जलस्रोत, वन, जैविक विविधता तथा पारिस्थितिक सेवाको दृष्टिले अत्यन्त समृद्ध प्रदेश हो। यसले हरित राजस्व संरचना विकासको सम्भावना प्रदान गरेको छ। प्रदेशले वातावरणीय सेवा भुक्तानी, कार्बन सञ्चिति शुल्क, पर्यापर्यटन क्षेत्र प्रवेश शुल्क, हरित पूर्वाधार निर्माण तथा सञ्चालन गरी पूर्वाधार उपयोग शुल्क लगायतका नवप्रवर्तनका क्षेत्रबाट राजस्व परिचालन गर्न सक्छ। विश्वव्यापी रूपमा हरित अर्थतन्त्रसँग सम्बन्धित वित्तीय साधनहरू तिव्र रूपमा विस्तार भइरहेका छन्। प्रदेशले कार्बन व्यापार नियमावली अनुसार नीतिगत, संरचनागत र प्रक्रियागत आधार तयार गरी तथा सोअनुसार कार्बन व्यापार मार्फत दिगो गैरकर आयको महत्त्वपूर्ण स्रोत बनाउन सक्ने सम्भावना रहेको छ ।

५.२.७ यातायात आधुनिकीकरण र भविष्यको राजस्व संरचना

गण्डकी प्रदेशमा सवारी साधन दर्ता तथा यातायात सेवा तिव्र गतिमा विस्तार भइरहेको छ। ग्रामीण सडक सञ्जाल विस्तार, शहरीकरण तथा निजी क्षेत्रको गतिशीलतामा वृद्धि यसको आधार हुन्। आगामी दशकमा विद्युतीय सवारी, राइट शेयरिङ प्लेटफर्म, स्मार्ट यातायात सेवा, उत्तर दक्षिण करिडर जस्तै नेपाल व्यापार नीतिले प्राथमिकता दिएको लजिस्टिक करिडोर विस्तार (Logistics Corridor Expansion) ले मालसामानहरू (Goods) को उत्पादन, भण्डारण र उपभोक्तासम्मको ढुवानी प्रक्रियालाई छिटो, सस्तो र प्रभावकारी बनाउन सडक, प्रविधि र पूर्वाधारको विकासले नयाँ कराधार सिर्जना गर्दछ। यस विशेषगरी डिजिटल प्लेटफर्ममा आधारित यातायात सेवा (Ride Sharing, Logistics Apps) लाई कर प्रणालीमा समेट्न सकेमा नयाँ स्थायी राजस्व स्रोत हुने देखिन्छ।

५.२.८ कृषि व्यवसाय रूपान्तरण र कृषि आय करको सम्भावना

गण्डकी प्रदेशमा व्यावसायिक कृषि विस्तार हुँदै गएको छ। विशेषगरी मुस्ताङ तथा मनाङको स्याउ; स्याङ्जाको कफी; तनहुँको डेरी; गोरखा, पर्वत र बागलुङको सुन्तला तथा फलफूलका अतिरिक्त मौरीपालन, औषधीजन्य जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावर क्षेत्रमा व्यावसायीकरण बढिरहेको छ। हाल कृषि आयमा कर कार्यान्वयन कानुनी विवादले चुनौतीपूर्ण भए पनि व्यावसायिक कृषि फार्म तथा कृषकलाई अभिलेखीकरण गरी उच्च-आय भएका कृषि उद्यम तथा कृषकलाई चरणबद्ध रूपमा कृषि आयमा कर परिचालन गर्न सकिन्छ। यसले राजस्व वृद्धिका साथै कृषि व्यवसायको औपचारीकरण, तथ्याङ्क अभिलेखीकरण, मूल्य श्रृङ्खला विकास तथा दीर्घकालीन कराधार निर्माणमा समेत सहयोग पुऱ्याउँछ।

५.२.९ ज्ञान अर्थतन्त्र, शिक्षा र डिजिटल सेवा क्षेत्र

गण्डकी प्रदेश विशेषगरी पोखरा उच्च शिक्षा केन्द्रका रूपमा विकसित हुँदै गएको छ। सूचना प्रविधि आउटसोर्ईसिङ, डिजिटल शिक्षा, रिमोट-वर्किक हव, नवप्रवर्तनमा आधारित व्यवसाय विस्तार तिव्र बन्दै गएको छ। प्रदेश सरकारले सूचना प्रविधि पार्क, डिजिटल व्यवसाय अनुमति दर्ता तथा प्रशासन, स्टार्टअप ढाँचा तथा व्यवसाय विकास सेवा जस्ता नीति निर्माण तथा कार्यान्वयन गरेर भविष्यमा डिजिटल सेवा क्षेत्रबाट महत्त्वपूर्ण राजस्व प्राप्त हन सक्दछ।

५.२.१० प्रदेश राजस्वमा रणनीतिक रूपान्तरण

गण्डकी प्रदेशको राजस्व सम्भावना परम्परागत कर शीर्षकमा मात्र सीमित नभइ बदलिँदो अर्थ-राजनीतिक सन्दर्भ, सेवा अर्थतन्त्रको तिव्र विस्तार; पर्यटन पुनर्संरचना; डिजिटल नवप्रवर्तन; उद्योग, व्यापार तथा व्यसायमा वृद्धि; हरित अर्थतन्त्र तथा ज्ञानमआधारित सेवाको संयोजनबाट बहुआयामिक राजस्व संरचना निर्माण (Next Generation Provincial Revenue Model) गर्ने ऐतिहासिक अवसर रहेको छ। यसका लागि प्रदेशले देहायअनुसार तीन तहमा एकसाथ कार्य गर्नु आवश्यक छ:

(क) विद्यमान कराधार तथा राजस्व स्रोतको दक्ष तथा प्रभावकारी परिचालन;

(ख) नयाँ कराधार, स्रोत तथा नव प्रवर्तनशील शुल्क प्रणाली विकास र लगानी विस्तार;

(ग) प्रविधिमा आधारित, पारदर्शी र नागरिकमैत्री राजस्व प्रशासन प्रणाली निर्माण।

उपरोक्त रणनीतिक अवसरहरूलाई योजनाबद्ध, चरणबद्ध र संस्थागत रूपमा कार्यान्वयन गरी गण्डकी प्रदेश आगामी ५-१० वर्षभित्र सङ्घीय वित्तीय हस्तान्तरणमा अत्यधिक निर्भर प्रदेशबाट आन्तरिक स्रोत परिचालनमा सुदृढ, नवप्रवर्तनशील तथा दिगो राजस्व प्रणालीयुक्त वित्तीय रूपमा आत्मनिर्भर नेपालको अग्रणी प्रदेशमा रूपान्तरण हुन सक्ने प्रबल सम्भावना देखिन्छ।

५.३ प्रदेश राजस्व परिचालनका सवाल तथा चुनौती

गण्डकी प्रदेशको राजस्व परिचालन संरचना सङ्घीय शासन व्यवस्थाको प्रारम्भिक चरणदेखि नै संस्थागत विकास, अधिकार स्पष्टता, प्रशासनिक क्षमता तथा आर्थिक आधारको सीमितताबाट प्रभावित हुँदै आएको छ। प्रदेश सरकारको आन्तरिक राजस्व परिचालनको वर्तमान अवस्था हेर्दा परिचालन क्षमता अपेक्षाकृत कमजोर रहेको देखिन्छ। प्रदेशको आर्थिक गतिविधि पर्यटन, सेवा, कृषि, जलस्रोत तथा प्राकृतिक स्रोतमा आधारित भए पनि ती क्षेत्रहरूबाट प्राप्त हुन सक्ने राजस्वको पूर्ण रूपमा परिचालन हुन सकेको छैन। यसले राजस्वको क्षेत्रमा संरचनागत, नीतिगत तथा व्यवस्थापकीय चुनौतीहरू विद्यमान रहेको स्पष्ट गर्दछ। गण्डकी प्रदेशका राजस्वसम्बन्धी सवाल तथा चुनौतीहरूलाई देहायअनुसार पाँच प्रमुख आयाममा वर्गीकरण गरी विश्लेषण गरिएको छः

५.३.१ प्रदेश राजस्वको अर्थ–राजनीति

गण्डकी प्रदेशको राजस्व परिचालन प्रशासनिक वा प्राविधिक विषय मात्र नभई प्रदेशको राजनीतिक एवम् वित्तीय स्वायत्तता, अन्तरसरकारी सम्बन्ध, करदाता स्वीकार्यता, राजनीतिक प्रतिबद्धता र सेवा प्रवाहसँग प्रत्यक्ष जोडिएको विषय हो। अघिल्ला अध्यायहरूमा गरिएको विश्लेषणका आधारमा प्रदेशमा राजस्व सम्भावना उल्लेखनीय रहेको भए पनि त्यसको प्रभावकारी परिचालनका लागि कानुनी स्पष्टता, तहगत समन्वय, राजनीतिक सहमति, करदातामैत्री प्रशासन र संस्थागत सक्रियता आवश्यक रहेको छ। प्रदेश राजस्वको अर्थ–राजनीतिसम्बन्धी प्रमुख सवाल तथा चुनौतीहरू देहायबमोजिम रहेका छन्:

(क) प्रदेशको खर्च दायित्व, विकास आवश्यकता र सेवा प्रवाहको दायरा विस्तार हुँदै गए पनि आन्तरिक राजस्व परिचालनको आधार अपेक्षित रूपमा सुदृढ हुन नसक्नु;

(ख) प्रदेशको बजेट संरचना सङ्घीय वित्तीय हस्तान्तरण र बाँडफाँटबाट प्राप्त राजस्वमा उच्च रूपमा निर्भर रहनु;

(ग) संविधान तथा कानुनले प्रदेशलाई राजस्व अधिकार प्रदान गरे पनि साझा अधिकार क्षेत्रका स्रोतहरूको कार्यान्वयनमा प्रदेश, स्थानीय तह र सङ्घीय निकायबीच साझा बुझाइ, कार्यविभाजन र समन्वय पर्याप्त सुदृढ हुन नसक्नु;

(घ) प्रदेशभित्र आर्थिक गतिविधि पोखरा, व्यास, गोरखा था गैडाकोट, बागलुङ, कुश्मा, वालिङ लागयतका शहरी क्षेत्र, पर्यटकीय र बजार केन्द्रहरूमा बढी केन्द्रित रहँदा पहाडी तथा हिमाली जिल्लाहरूमा कराधार तुलनात्मक रूपमा सीमित भइ प्रदेशभित्रै राजस्व क्षमता, स्रोत बाँडफाँट र लगानी प्राथमिकतामा क्षेत्रीय सन्तुलन कायम गर्नुपर्ने चुनौती सिर्जना गर्नु;।

(ङ) कर तथा शुल्कको दर पुनरावलोकन, नयाँ दायरा विस्तार, छुट/सहुलियत पुनर्मूल्याङ्कन र अनुपालनालाई कडाइ गर्ने विषय राजनीतिक रूपमा संवेदनशील हुनु;

(च) कृषि आयमा कर, पर्यटन शुल्क, विज्ञापन कर, मनोरञ्जन कर, नदीजन्य पदार्थ, वन पैदावार तथा उद्योग–व्यवसायसम्बन्धी राजस्व स्रोतहरूको कार्यान्वयनमा कानुनी अधिकार, स्थानीय हित, निजी क्षेत्रको अपेक्षा र राजनीतिक स्वीकार्यताबीच सन्तुलन कायम गर्न कठिन हुनु;

(छ) निजी क्षेत्र, सेवा प्रदायक र नागरिकले करलाई सेवा सुधार, पूर्वाधार विकास, नियमन तथा आर्थिक गतिविधि विस्तारसँग जोडिएको योगदानका रूपमा बुझ्ने वातावरण पर्याप्त रूपमा विकास हुन नसक्नु;

(ज) सरकार, मन्त्रालय, निकायको प्रशासनिक संरचना वा नेतृत्व परिवर्तन हुँदा वा भईरहदा राजस्व सुधारका प्राथमिकता, नीति तथा कार्यान्वयन अभियानमा राजनीतिक निरन्तरता र प्रशासनिक स्थायित्व कायम रहन नसक्नु;

(झ) प्रदेशको वित्तीय स्वायत्तता सुदृढ गर्न आन्तरिक राजस्व वृद्धि आवश्यक भए पनि करदाता वहन क्षमता, आर्थिक प्रतिस्पर्धात्मकता र लगानीमैत्री वातावरणबीच सन्तुलन कायम सन्तुलन कायम गर्न कठिन हुनु।

५.३.२ कराधार तथा दायरा

गण्डकी प्रदेशमा पर्यटन, कृषि व्यवसाय, यातायात, सेवा क्षेत्र, प्राकृतिक स्रोत, वन पैदावार, उद्योग–व्यवसाय तथा शहरीकरण विस्तारका कारण राजस्व आधार विस्तारको उल्लेखनीय सम्भावना रहेको छ। तथापि, करयोग्य गतिविधिको पूर्ण पहिचान, अभिलेखीकरण र दायरा वृद्धि हुन नसक्दा विद्यमान तथा सम्भावित कराधारको पूर्ण उपयोग हुन सकेको छैन। कराधार तथा दायरासम्बन्धी प्रमुख सवाल तथा चुनौतीहरू देहायबमोजिम रहेका छन्:

(क) व्यावसायिक कृषि फर्म, कृषि कम्पनी, कृषि सहकारी, डेरी, पोल्ट्री, मत्स्यपालन, उच्च मूल्य कृषि तथा कृषि प्रशोधन उद्यमको स्पष्ट करदाता अभिलेख तयार हुन नसक्नु;

(ख) संविधानले प्रदेशलाई कृषि आयमा कर लगाउने अधिकार दिएको भए पनि सङ्घीय आयकर ऐन, मालपोत ऐन तथा वार्षिक सङ्घीय आर्थिक ऐनसँगको नीतिगत तथा कानुनी द्विविधाका कारण करयोग्य कृषि आय र यसको परिभाषा, करदाता, कराधार, सीमा र कार्यान्वयन मोडेल स्पष्ट हुन नसक्नु;

(ग) पर्यटन व्यवसाय, होमस्टे, गाइड, साहसिक पर्यटन, पदयात्रा, गन्तव्य सेवा, होटल-रिसोर्ट आधारित सेवा तथा पर्यटन पूर्वाधार उपयोग शुल्कलाई पूर्ण रूपमा राजस्व दायरामा ल्याउन नसक्नु;

(घ) विज्ञापन करमा होर्डिङ बोर्ड, डिजिटल डिस्प्ले, व्यवसायिक साइनबोर्ड, सार्वजनिक सवारी विज्ञापन, अस्थायी तथा कार्यक्रम-आधारित विज्ञापनको व्यवस्थित लगत तयार हुन नसक्नु;

(ङ) मनोरञ्जन करमा कार्यक्रम अनुमति, टिकट बिक्री, प्रवेश शुल्क तथा अन्य करयोग्य गतिविधिको पूर्ण अभिलेखीकरण हुन नसक्नु;

(च) घरजग्गा रजिष्ट्रेशन शुल्कमा वास्तविक कारोबार मूल्यको पूर्ण अभिलेखीकरण हुन नसक्दा सम्भावित राजस्व आधारको सही पहिचान हुन नसक्नु;

(छ) नदीजन्य, खानीजन्य तथा निर्माणमुखी सामग्रीमा उपलब्ध स्रोत, उत्खनन गतिविधि, प्रशोधन, ढुवानी, बिक्री–वितरण र कारोबारको यथार्थ विवरण अभिलेखीकरण हुन नसक्नु;

(ज) उद्योग तथा व्यवसाय दर्ता, अनुमति र नवीकरणसम्बन्धी अभिलेख विभिन्न निकायमा छरिएर रहँदा सम्भावित करदाताको एकीकृत पहिचान हुन नसक्नु;

(झ) राइड सेयरिङ, ढुवानी सेवा, डिजिटल विज्ञापन, अनलाइन मनोरञ्जन, ई–कमर्स, आउटसोर्सिङ, प्लेटफर्ममाआधारित सेवा तथा अन्य डिजिटल आर्थिक गतिविधिलाई प्रदेश राजस्व दायरामा स्पष्ट रूपमा समेट्न नसक्नु;

(ञ) कराधार विस्तारका लागि राजस्वको क्षेत्रगत करदाता नक्साङ्कन, व्यवसाय तथा सेवा गतिविधिको अभिलेखीकरण, करदाता पहिचान, शिर्षकगत करदाता अभिलेख तथा GIS नक्साङ्कन प्रणाली पर्याप्त रूपमा विकास हुन नसक्नु।

५.३.३ कर तथा गैरकर राजस्वका दर

कर तथा गैरकर राजस्वका दर निर्धारण प्रदेश राजस्व नीतिको संवेदनशील पक्ष हो। दर निर्धारण गर्दा राजस्व सम्भावना, करदाता वहन क्षमता, सेवा लागत, बजार मूल्य, क्षेत्रगत भिन्नता, लगानी वातावरण, प्रशासनिक सरलता र अन्तरप्रदेशीय प्रतिस्पर्धाबीच सन्तुलन कायम गर्नुपर्ने हुन्छ। गण्डकी प्रदेशमा केही कर, शुल्क, दस्तुर र जरिवानाका दर समयानुकूल, तथ्यमा आधारित र क्षेत्रगत भिन्नतालाई समेट्ने गरी नियमित रूपमा पुनरावलोकन हुन नसकेको अवस्था देखिन्छ। करका दरसम्बन्धी प्रमुख सवाल तथा चुनौतीहरू देहायबमोजिम रहेका छन्:

(क) कर, शुल्क, दस्तुर र जरिवानाका दरहरू सेवा लागत, बजार मूल्य, करदाता वहन क्षमता, राजस्व सम्भावना र प्रशासनिक लागतका आधारमा नियमित पुनरावलोकन हुन नसक्नु;

(ख) सवारी साधन कर, नवीकरण दस्तुर, बिलम्ब जरिवाना, रुट इजाजत, प्राविधिक जाँचपास तथा यातायात सेवा शुल्कका दरहरू अन्य प्रदेशको तुलनामा फरक हुँदा सवारी धनी तथा व्यवसायीले कम लागत भएका प्रदेशतर्फ आकर्षित हुने र प्रदेशको राजस्व प्रतिस्पर्धात्मक दबाबमा पर्नु;

(ग) सवारी साधनसम्बन्धी बिलम्ब जरिवाना तथा शुल्क संरचना कतिपय अवस्थामा सेवाग्राहीमैत्री र सरल नहुनु, जसले समयमै नवीकरण तथा कर अनुपालनालाई प्रोत्साहन गर्न नसक्ने जोखिम रहनु;

(घ) घरजग्गा रजिष्ट्रेशन शुल्कमा न्यूनतम मूल्याङ्कन, वास्तविक बजार मूल्य, बैंक धितो मूल्याङ्कन र लिखतमा कायम हुने थैली अङ्कबीच फरक रहँदा शुल्क निर्धारण र जरिवाना व्यवस्थामा व्यावहारिक समस्या देखिनु;

(ङ) ग्रामीण, कृषि प्रयोजनका, कम कारोबार हुने तथा सडक पहुँच कमजोर भएका क्षेत्रमा कायम मूल्याङ्कन र वास्तविक बजार अवस्थाबीच पर्याप्त मेल नहुँदा औपचारिक कारोबार निरुत्साहित हुने जोखिम रहनु;

(च) अंशबण्डा, पारिवारिक हस्तान्तरण, धितो कारोबार, नामसारी तथा अन्य घरजग्गा कारोबारमा लाग्ने शुल्क तथा जरिवानाको दर कर न्याय, व्यावहारिकता र सेवाग्राही वहन क्षमताका आधारमा पुनरावलोकन हुन नसक्नु;

(छ) नदीजन्य, खानीजन्य तथा निर्माणमुखी सामग्रीमा स्रोतको प्रकृति, गुणस्तर, पहुँच, ढुवानी लागत, बजार माग, वातावरणीय जोखिम र स्थानीय प्रतिस्पर्धा फरक भए पनि दर निर्धारणमा पर्याप्त भिन्नता कायम हुन नसक्नु;

(ज) नदीजन्य पदार्थको सङ्कलन, व्यवस्थापन शुल्क, बिक्री मूल्य, ठेक्का मूल्य र प्रदेश–स्थानीय बाँडफाँटसँग सम्बन्धित दर तथा कानुनी आधार पर्याप्त स्पष्ट नहुँदा दर कार्यान्वयनमा व्यावहारिक कठिनाइ रहनु;

(झ) विज्ञापन करमा सूचना पाटी, व्यवसायिक बोर्ड, होर्डिङ बोर्ड, डिजिटल बोर्ड, सार्वजनिक सूचना, अस्थायी प्रचार सामग्री तथा विभिन्न कार्यसँग सम्बन्धित (Event Based) विज्ञापनका लागि दर निर्धारणको आधार स्पष्ट र एकरूप हुन नसक्नु;

(ञ) प्रशासनिक सेवा शुल्क, दर्ता तथा नवीकरण दस्तुर, अनुमति शुल्क र नियमन शुल्कका दरहरू सेवा लागत, नियामकीय उद्देश्य, सेवा प्रकृति र डिजिटल सेवा प्रवाहसँग पर्याप्त रूपमा आबद्ध हुन नसक्नु;

(ट) कृषि आयकर, पर्यटन शुल्क, मनोरञ्जन कर तथा नयाँ सेवा–आधारित राजस्व स्रोतहरूमा करयोग्य आधार, दर संरचना र कार्यान्वयन मोडेल स्पष्ट नहुँदा दर निर्धारणमा अनिश्चितता रहनु;

(ठ) कर छुट, शुल्क सहुलियत, जरिवाना मिनाहा तथा विशेष प्रोत्साहनसम्बन्धी व्यवस्थाहरूले अपेक्षित राजस्व वृद्धि, लगानी प्रवर्द्धन वा कर अनुपालनमा कस्तो प्रभाव पारेका छन् भन्ने विषयमा नियमित समीक्षा र मूल्याङ्कन हुन नसक्नु।

५.३.४ राजस्व व्यवस्थापन

गण्डकी प्रदेशमा विभिन्न मन्त्रालय, निकाय तथा मातहत कार्यालयबाट राजस्व सङ्कलन हुँदै आएको भए पनि समग्र राजस्व व्यवस्थापन, तथ्याङ्क विश्लेषण, डिजिटल अभिलेख, प्रतिवेदन, अनुगमन र निकायगत समन्वय अझै पर्याप्त रूपमा सुदृढ हुन सकेको छैन। राजस्व सङ्कलनका स्रोतहरू बहुनिकायमा छरिएका, केही स्रोत सङ्घीय निकाय वा स्थानीय तहको कार्यान्वयनमा निर्भर रहेका र सूचना प्रणाली पूर्ण रूपमा अन्तरआबद्ध नभएका कारण राजस्व व्यवस्थापनमा विभिन्न चुनौती देखिएका छन्। राजस्व व्यवस्थापनसम्बन्धी प्रमुख सवाल तथा चुनौतीहरू देहायबमोजिम रहेका छन्:

(क) कृषि आयकर, नदीजन्य पदार्थ, वन पैदावार, उद्योग–व्यवसाय दर्ता, यातायात सेवा तथा स्थानीय तहबाट सङ्कलन हुने साझा राजस्व स्रोतसम्बन्धी कानुनी व्यवस्था र कार्यान्वयन जिम्मेवारीमा पर्याप्त स्पष्टता र एकरूपता कायम हुन नसक्नु;

(ख) प्रदेशस्तरमा सबै राजस्व स्रोतको अद्यावधिक अवस्था, सङ्कलन प्रगति, बक्यौता, छुट/सहुलियत, बाँडफाँट रकम र सम्भावना देखाउने एकीकृत राजस्व सूचना प्रणाली तथा स्रोतगत विवरण देखाउने ड्यासबोर्ड विकास हुन नसक्नु;

(ग) सवारी साधन कर तथा यातायात दस्तुरमा प्रयोग हुने VRS/TMS, प्रदेशको RIMS, बैंक दाखिला, अनलाइन भुक्तानी, QR भुक्तानी तथा कार्यालयगत बिलिङ प्रणालीबीच पूर्ण अन्तरआबद्धता कायम हुन नसक्नु;

(घ) घरजग्गा रजिष्ट्रेशन शुल्कको सङ्कलन सङ्घीय भूमि प्रशासन कार्यालय तथा आगामी दिनमा स्थानीय तह मार्फत हुने भएकाले कारोबार तहको तथ्याङ्क, मूल्याङ्कन विवरण, लिखत सङ्ख्या, थैली अङ्क र राजस्व दाखिलासम्बन्धी विवरण प्रदेशमा नियमित तथा वास्तविक समयमा उपलब्ध हुन नसक्नु;

(ङ) स्थानीय तहबाट सङ्कलन हुने विज्ञापन कर, मनोरञ्जन कर, प्राकृतिक स्रोत शुल्क तथा अन्य बाँडफाँट हुने राजस्वको नियमित प्रतिवेदन, दाखिला, बाँडफाँट र हिसाब मिलान प्रणाली प्रभावकारी रूपमा संस्थागत हुन नसक्नु;

(च) नदीजन्य तथा खानीजन्य स्रोतको उत्खनन, ढुवानी, प्रशोधन र बिक्री वितरणमा डिजिटल अनुमति प्रणाली, QR चालान, तौल पुल, जिपिएस (GPS) प्रणालीमा आधारित निगरानी, क्रसर उद्योगको अभिलेख मिलान तथा वास्तविक समयको अनुगमन प्रणाली पर्याप्त रूपमा लागू हुन नसक्नु;

(छ) उद्योग–व्यवसाय दर्ता, नवीकरण, अनुमति, पर्यटन सेवा, वन पैदावार, कृषि व्यवसाय तथा प्रशासनिक सेवा शुल्कसम्बन्धी अभिलेख विभिन्न कार्यालयमा छरिएर रहँदा सम्भावित करदाता, सेवाग्राही, बक्यौता र अनुपालना अवस्थाको एकीकृत पहिचान हुन नसक्नु;

(ज) राजस्व प्रक्षेपण, दर पुनरावलोकन, कराधार विस्तार, छुट/सहुलियतको प्रभाव मूल्याङ्कन र जोखिम विश्लेषणमा तथ्याङ्कमा आधारित निर्णय प्रणाली पर्याप्त रूपमा संस्थागत हुन नसक्नु;

(झ) राजस्व चुहावट नियन्त्रण, स्थलगत अनुगमन, अनुपालना समीक्षा, राजस्व सङ्कलन पछिको लेखापरीक्षण, बक्यौता असुली तथा करदाता ताकेता प्रणाली नियमित, प्रमाणमा आधारित र परिणाममुखी हुन नसक्नु;

(ञ) राजस्व प्रशासनमा तथ्याङ्क विश्लेषण, कानुनी व्याख्या, डिजिटल प्रणाली सञ्चालन, करदाता सेवा, अनुगमन तथा अनुसन्धानसम्बन्धी दक्ष जनशक्ति र संस्थागत क्षमता पर्याप्त रूपमा विकास हुन नसक्नु।

५.३.५ राजस्व, सेवा प्रतिफल तथा पुनःलगानी

राजस्व परिचालनको मुख्य उद्देश्य केवल आय सङ्कलन वृद्धि गर्नु मात्र नभई सार्वजनिक सेवा सुधार, पूर्वाधार विकास, स्रोत संरक्षण, आर्थिक गतिविधि विस्तार र करदाताको आत्मविश्वास अभिवृद्धि गर्नु पनि हो। गण्डकी प्रदेशमा राजस्व सङ्कलन र विकास लगानीबीचको सम्बन्ध अझ स्पष्ट, देखिने र परिणाममुखी बनाउनुपर्ने आवश्यकता रहेको छ। राजस्व, सेवा प्रतिफल तथा पुनःलगानीसम्बन्धी प्रमुख सवाल तथा चुनौतीहरू देहायबमोजिम रहेका छन्:

(क) कर, शुल्क तथा दस्तुरबाट प्राप्त राजस्वलाई सम्बन्धित सेवा सुधार, पूर्वाधार विकास, नियमन, स्रोत संरक्षण र आर्थिक गतिविधि विस्तारसँग स्पष्ट रूपमा आबद्ध गर्ने नीतिगत, कानुनी र प्रणालीगत व्यवस्था नहुनु;

(ख) पर्यटन शुल्क, मनोरञ्जन कर, सेवा शुल्क तथा अनुमति दस्तुरबाट प्राप्त आयलाई पर्यटन गन्तव्य व्यवस्थापन, पदयात्रा मार्ग सुधार, सूचना केन्द्र, सरसफाइ, सुरक्षा, पार्किङ तथा पर्यटन सेवा सुधारमा प्रत्यक्ष रूपमा पुनःलगानी गर्ने अभ्यास पर्याप्त रूपमा संस्थागत हुन नसक्नु;

(ग) सवारी साधन कर, रुट इजाजत, जाँचपास तथा यातायातसम्बन्धी दस्तुरबाट प्राप्त आयलाई सडक सुरक्षा, यातायात सेवा सुधार, डिजिटल यातायात प्रणाली, पार्किङ व्यवस्थापन र प्रदूषण परीक्षण सेवासँग देखिने गरी जोड्न नसक्नु;

(घ) नदीजन्य पदार्थ, वन पैदावार, खानीजन्य स्रोत तथा वातावरण व्यवस्थापन दस्तुरबाट प्राप्त आयको निश्चित हिस्सा स्रोत संरक्षण, नदी नियन्त्रण, वातावरणीय पुनर्स्थापना, विपद् जोखिम न्यूनीकरण र स्थानीय पूर्वाधार सुधारमा पुनःलगानी गर्ने प्रणाली पर्याप्त रूपमा सुदृढ हुन नसक्नु;

(ङ) सेवाग्राहीले आफूले तिरेको शुल्कबाट प्राप्त हुने सेवा, सुविधा, नियमन वा पूर्वाधार सुधार प्रत्यक्ष रूपमा देख्ने कर-सेवा प्रतिफल प्रणाली कमजोर रहनु;

(च) आन्तरिक राजस्व वृद्धि र प्रदेश सरकारका योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक बजेट प्राथमिकता तथा क्षेत्रगत लगानी बीच स्पष्ट सम्बन्ध कायम हुन नसक्नु;

(छ) निजी क्षेत्र, स्थानीय तह, सहकारी तथा विकास साझेदारसँग सहकार्य गरी राजस्व आधार विस्तार हुने पर्यटन, सेवा अर्थतन्त्र, व्यावसायिक कृषि, उद्योग-व्यवसाय, डिजिटल सेवा र निर्माण सामग्री क्षेत्रमा लक्षित लगानी प्रवर्द्धन गर्न नसक्नु;

(ज) आर्थिक मन्दी, महामारी, विपद्, पर्यटन गतिविधिमा आउने उतारचढाव तथा निर्माण क्षेत्रको मन्दीबाट राजस्वमा पर्ने प्रभाव व्यवस्थापन गर्न राजस्व स्थिरीकरण वा संरक्षण संयन्त्र विकास हुन नसक्नु;

(झ) राजस्व परिचालनबाट प्राप्त उपलब्धि, सेवा सुधार, पुनःलगानी र करदाताले पाएको प्रतिफल नियमित रूपमा सार्वजनिक गर्ने पारदर्शी प्रतिवेदन तथा सञ्चार प्रणाली पर्याप्त रूपमा विकास हुन नसक्नु।

५.४ आन्तरिक राजस्व परिचालनका क्षेत्रगत सम्भावना तथा अवसर

गण्डकी प्रदेशको आन्तरिक राजस्वको सम्भावना केवल विद्यमान कर तथा गैरकर शीर्षकहरूको वृद्धि मात्रमा सीमित छैन। प्रदेशको बदलिँदो आर्थिक संरचना- सेवा क्षेत्रको विस्तार, पर्यटन गतिविधिको वृद्धि, प्राकृतिक स्रोतको दिगो उपयोग, शहरीकरण, यातायात सेवा, व्यावसायिक कृषि, सूचना प्रविधिमा आधारित सेवा तथा राजस्व प्रशासनको सुधारसँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको छ। अघिल्ला अध्यायहरूमा गरिएको विश्लेषणले प्रदेशमा परम्परागत तथा नविनतम विभिन्न क्षेत्रबाट राजस्व परिचालन गर्न सकिने प्रचुर सम्भावना रहेको देखाएको छ। तथापि, यी सम्भावनालाई वास्तविक राजस्वमा रूपान्तरण गर्न कराधारको पहिचान, दर तथा शुल्कको पुनरावलोकन, अभिलेख व्यवस्थापन, प्रविधिको प्रयोग, तहगत समन्वय तथा सेवा सुधारलाई एकीकृत रूपमा अघि बढाउन आवश्यक छ।

गण्डकी प्रदेशको कुल प्रादेशिक उत्पादनमा सेवा क्षेत्रको योगदान आधाभन्दा बढी रहेको सन्दर्भले प्रदेशको अर्थतन्त्र क्रमशः सेवा, पर्यटन, शहरीकरण तथा बजारमुखी गतिविधितर्फ उन्मुख भइरहेको देखिन्छ। पोखरा तथा आसपासका शहरी केन्द्र, अन्नपूर्ण, मनास्लु र मुस्ताङ क्षेत्र, धार्मिक तथा सांस्कृतिक गन्तव्य, जलविद्युत् आयोजना, वन तथा नदीजन्य स्रोत, यातायात विस्तार र सूचना प्रविधिमा आधारित सेवाहरूले प्रदेशको आन्तरिक राजस्व आधार विस्तारका लागि महत्वपूर्ण अवसर सिर्जना गरेका छन्। यस आधारमा गण्डकी प्रदेशका आन्तरिक राजस्व सम्भावनालाई निम्न क्षेत्रगत आयाममा विश्लेषण गर्न सकिन्छ।

५.४.१ स्थिर तथा नियमित राजस्वका स्रोतको परिचालन

सवारी साधन कर, यातायात सेवा दस्तुर, घरजग्गा रजिष्ट्रेशन शुल्क, प्रशासनिक सेवा शुल्क तथा उद्योग, व्यवसाय, दर्ता-नवीकरण तथा नियमन दस्तुर प्रदेशका तुलनात्मक रूपमा स्थिर, नियमित र पूर्वानुमान गर्न सकिने राजस्व स्रोत हुन्। यी स्रोतहरू प्रदेशको प्रशासनिक सेवा, आर्थिक गतिविधि तथा नागरिक सेवासँग प्रत्यक्ष रूपमा सम्बन्धित छन्।

सवारी साधन कर तथा यातायात सेवा दस्तुर प्रदेशको सबैभन्दा महत्वपूर्ण र स्थिर राजस्व स्रोतका रूपमा स्थापित भएका छन्। सडक सञ्जालको विस्तार, शहरीकरण, पर्यटन यातायात, निजी सवारी साधनको वृद्धि, मालवाहक सेवाको विस्तार तथा विद्युतीय

सवारी साधनको प्रयोग बढ्दै जाँदा यस क्षेत्रको कराधार पनि विस्तार भइरहेको छ। सवारी साधनको अभिलेख अद्यावधिक गर्ने, विद्युतीय भुक्तानी प्रणाली लागू गर्ने, बक्यौता असुलीलाई प्रभावकारी बनाउने, नवीकरण प्रक्रियालाई व्यवस्थित गर्ने तथा यातायातसम्बन्धी सेवाहरूलाई आधुनिक बनाई यी क्षेत्रबाट दीर्घकालीन रूपमा उल्लेखनीय राजस्व वृद्धि गर्न सकिन्छ।

घरजग्गा रजिष्ट्रेशन शुल्क पनि प्रदेशको महत्वपूर्ण राजस्व स्रोत हो। पोखरा, तनहुँ, नवलपुर तथा प्रमुख राजमार्ग आसपासका क्षेत्रमा बढ्दो शहरीकरण, पर्यटन पूर्वाधार विकास, आवासीय विस्तार तथा व्यावसायिक सम्पत्ति कारोबारका कारण यस क्षेत्रबाट राजस्व परिचालनको सम्भावना उच्च रहेको छ। घरजग्गाको मूल्याङ्कन प्रणालीलाई यथार्थपरक बनाउने, अभिलेखलाई विद्युतीय प्रणालीमा रूपान्तरण गर्ने तथा स्थानीय तहसँग तथ्याङ्क आदान-प्रदानलाई प्रभावकारी बनाई यस स्रोतबाट थप राजस्व परिचालन गर्न सकिन्छ।

प्रदेशमन्त्रालय, निकाय तथा कार्यालयहरूबाट प्रदान गरिने अनुमति, दर्ता, नवीकरण, प्रमाणीकरण, निरीक्षण, वातावरणीय स्वीकृति तथा अन्य प्रशासनिक सेवाबाट प्राप्त शुल्क र दस्तुर पनि गैरकर राजस्वका महत्वपूर्ण स्रोत हुन्। सेवा लागत तथा सेवाको प्रकृतिका आधारमा शुल्क निर्धारण गरी सेवालाई सरल, पारदर्शी र सेवाग्राहीमैत्री बनाउन सके यस क्षेत्रबाट पनि राजस्व वृद्धि सम्भव छ।

५.४.२ प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमार्फत राजस्व परिचालन

गण्डकी प्रदेश प्राकृतिक स्रोतका दृष्टिले सम्पन्न प्रदेश हो। नदी प्रणाली, वन क्षेत्र, खानीजन्य स्रोत, ढुङ्गा, गिट्टी, बालुवा तथा अन्य निर्माण सामग्रीबाट प्रदेश र स्थानीय तह दुवैले उल्लेखनीय राजस्व प्राप्त गर्न सक्ने सम्भावना रहेको छ। यस क्षेत्रको मुख्य उद्देश्य स्रोतको अत्यधिक दोहन नभई दिगो उपयोग, पारदर्शी व्यवस्थापन तथा राजस्व चुहावट नियन्त्रणमार्फत आय वृद्धि गर्नु हो।

ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर–बहत्तर तथा खानीजन्य सामग्री प्रदेशका उच्च सम्भावनायुक्त राजस्व स्रोत हुन्। स्रोतको वैज्ञानिक अध्ययन, स्वीकृत परिमाणको प्रभावकारी उपयोग, घाट व्यवस्थापन, पारदर्शी बिक्री प्रणाली, विद्युतीय अनुमति प्रणाली, तौल मापन व्यवस्था तथा नियमित अनुगमनमार्फत यस क्षेत्रबाट प्राप्त हुने राजस्वमा उल्लेखनीय वृद्धि गर्न सकिन्छ। यसले स्रोत संरक्षण र राजस्व वृद्धि दुवै उद्देश्य पूरा गर्न सहयोग पुऱ्याउँछ।

काष्ठजन्य वन पैदावार, जडीबुटी, बाँस लगायत गैरकाष्ठ वन उत्पादन, पर्यपर्यटन, वन व्यवस्थापन तथा वातावरणीय सेवा शुल्क पनि सम्भावनायुक्त क्षेत्र हुन्। वन स्रोतबाट प्राप्त आयलाई वन संरक्षण, जैविक विविधता संरक्षण, स्थानीय रोजगारी तथा मूल्य अभिवृद्धिसँग जोडेर सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन मार्फत वन पैदावरको उत्पादन तथा उपयोग, वन क्षेत्र निर्माण सामाग्री तथा वातावरणीय सेवामा आधारित उद्यम व्यवसायको विकास तथा प्रवर्द्धन गरी वन क्षेत्रलाई हरित अर्थतन्त्रको आधारका रूपमा विकास गर्न सकिन्छ।

प्राकृतिक स्रोतबाट प्राप्त राजस्वको दीर्घकालीन दिगोपन सुनिश्चित गर्न प्रदेश र स्थानीय तहबीच समन्वय, प्रतिवेदन प्रणाली, बाँडफाँट व्यवस्था तथा पुनःलगानीको स्पष्ट नीति आवश्यक छ। प्राकृतिक स्रोतबाट प्राप्त आयको निश्चित अंश वातावरण संरक्षण, नदी नियन्त्रण तथा विपद् जोखिम न्यूनीकरणमा पुनःलगानी गर्न सके दिगो विकासको आधार बलियो बन्न सक्छ।

५.४.३ पर्यटन, सेवा तथा अनुभवमा आधारित अर्थतन्त्रको परिचालन

गण्डकी प्रदेशको सबैभन्दा विशिष्ट राजस्व सम्भावना पर्यटन तथा सेवा क्षेत्रमा रहेको छ। पोखरा, अन्नपूर्ण, मनास्लु, मुस्ताङ, गोरखा, धार्मिक तथा सांस्कृतिक गन्तव्य, ताल, हिमाल, साहसिक पर्यटन, घरबास सेवा, पदयात्रा मार्ग तथा स्वास्थ्य र आध्यात्मिक पर्यटनका कारण प्रदेशले पर्यटनमा आधारित राजस्व प्रणालीलाई थप सुदृढ बनाउन सक्ने आधार रहेको छ।

पर्यटन क्षेत्रबाट प्राप्त हुने राजस्व केवल प्रवेश शुल्कमा सीमित छैन। पदयात्रा अनुमति, गन्तव्य व्यवस्थापन शुल्क, साहसिक पर्यटन अनुमति, जलयात्रा सेवा, धार्मिक स्थल व्यवस्थापन, पर्यटन सूचना सेवा, उद्धार सहायता, सरसफाइ तथा वातावरण संरक्षण शुल्क, पर्यटन व्यवसाय दर्ता तथा नवीकरण दस्तुरजस्ता स्रोतहरूलाई व्यवस्थित गरी राजस्व वृद्धि गर्न सकिन्छ। यस्ता शुल्कहरू सेवा सुधारसँग प्रत्यक्ष रूपमा जोडिनु आवश्यक छ।

पर्यटकले तिरेको शुल्कबाट पदमार्ग, सरसफाइ, सुरक्षा, सूचना सेवा, पार्किङ, उद्धार व्यवस्था तथा वातावरण संरक्षणमा सुधार भएको अनुभव गरेमा शुल्कको स्वीकार्यता बढ्छ। त्यसैले पर्यटन शुल्कलाई प्रत्यक्ष रूपमा सेवा सुधार र पुनःलगानीसँग जोड्न आवश्यक छ।

मनोरञ्जन कर, सांस्कृतिक कार्यक्रम, खेलकुद प्रतियोगिता, मेला-महोत्सव, साहसिक मनोरञ्जन, केवलकार, जलक्रीडा तथा अन्य पर्यटनसँग सम्बन्धित मनोरञ्जनात्मक गतिविधिलाई पनि व्यवस्थित गरी राजस्वको नयाँ आधारका रूपमा विकास गर्न सकिन्छ।

५.४.४ उद्योग, व्यवसाय तथा व्यावसायिक कृषि क्षेत्रको परिचालन

गण्डकी प्रदेशमा होटल, रेष्टुरेन्ट, शिक्षा, स्वास्थ्य, कृषि प्रशोधन, पर्यटन सेवा, निर्माण सामग्री उद्योग, घरेलु उद्योग तथा सेवा व्यवसायको विस्तार भइरहेको छ। उद्योग तथा व्यवसाय दर्ता, नवीकरण, अनुमति, स्थानान्तरण, नामसारी तथा नियमनसम्बन्धी सेवा दस्तुरलाई व्यवस्थित गर्न सके गैरकर राजस्वको आधार विस्तार गर्न सकिन्छ।

यस क्षेत्रमा मुख्य आवश्यकता व्यवसायीमाथि अतिरिक्त बोझ थप्नु नभइ दर्ता तथा नवीकरण र नियमन प्रक्रियालाई सरल, स्पष्ट र व्यवस्थित बनाउनु हो। प्रदेश, स्थानीय तह तथा सम्बन्धित निकायबीच एकीकृत व्यवसाय अभिलेख प्रणाली विकास गर्न सके व्यवसाय दर्ता, नवीकरण तथा सेवा शुल्क व्यवस्थापन प्रभावकारी बन्न सक्छ।

व्यावसायिक कृषि पनि क्रमशः सम्भावनायुक्त राजस्व स्रोतका रूपमा विकसित हुँदै गएको छ। सुन्तला, स्याउ, कफी, अलैँची, दुग्ध उत्पादन, मत्स्यपालन, कुखुरापालन, तरकारी, फलफूल, जडीबुटी तथा कृषि प्रशोधन उद्योगको विस्तारले यस क्षेत्रको सम्भावना अझै बढाएको छ। कृषि आयमा कर परिचालन गर्दा साना तथा निर्वाहमुखी कृषकलाई संरक्षण गर्दै व्यावसायिक कृषि उद्यम, कृषि कम्पनी तथा उच्च मूल्यका कृषि व्यवसायलाई क्रमशः कर प्रणालीमा समेट्ने नीति आवश्यक छ। कृषि क्षेत्रबाट कृषि सेवा शुल्क, प्रयोगशाला सेवा, पशु स्वास्थ्य सेवा, बीउबिजन परीक्षण, प्रमाणीकरण, कृषि उपकरण सेवा, भण्डारण तथा प्याकेजिङ सेवाबाट पनि गैरकर राजस्व परिचालन गर्न सकिने सम्भावना रहेको छ।

५.४.५ नयाँ तथा उदीयमान क्षेत्रका राजस्व परिचालन

गण्डकी प्रदेशको भविष्यको राजस्व आधार सूचना प्रविधिमा आधारित सेवा, नवप्रवर्तन तथा हरित अर्थतन्त्रसँग पनि जोडिएको छ। विद्युतीय व्यापार, अनलाइन सेवा, अनलाइन टिकट व्यवस्था, साझा सवारी सेवा, स्वचालित बुकिङ सेवा, विद्युतीय पर्यटन सेवा तथा अन्य प्रविधिमा आधारित गतिविधिहरू विस्तार हुँदै गएका छन्। यद्यपि, यी क्षेत्रहरू अझै पूर्ण रूपमा राजस्व प्रणालीमा समेटिन सकेको छैन। यसलाई तत्काल उच्च करको दायरामा ल्याउनु भन्दा पहिले कानुनी आधार, व्यवसाय अभिलेख, सेवा प्रदायकको पहिचान तथा कारोबार अभिलेख व्यवस्थापनलाई प्राथमिकता दिन आवश्यक छ। चरणबद्ध रूपमा दर्ता, नवीकरण तथा सेवा शुल्क प्रणाली विकास गरी यस्ता क्षेत्रलाई राजस्व प्रणालीमा समेट्न सकिन्छ। हरित अर्थतन्त्रसँग सम्बन्धित विद्युतीय सवारी साधन, चार्जिङ केन्द्र, स्वच्छ यातायात, वातावरणीय सेवा, पर्यावरणीय पर्यटन, फोहोर व्यवस्थापन सेवा तथा वातावरणमैत्री प्रमाणीकरणजस्ता क्षेत्रमा पनि दीर्घकालीन राजस्व परिचालनको सम्भावना रहेको छ।

५.४.६ राजस्व प्रशासन सुधारबाट सिर्जना हुने अवसर

राजस्व वृद्धि केवल नयाँ कर वा शुल्क थपेर मात्र नभइ व्यवस्थापकीय सुधार आवश्यक हुन्छ। यसका लागि विद्यमान स्रोतहरूको प्रभावकारी व्यवस्थापन, करदाता पहिचान, अभिलेख व्यवस्थापन, अनलाइन सेवा, विद्युतीय भुक्तानी, बक्यौता असुली, सेवा तथा सुविधामा सुधार र अनुगमन तथा तथ्यमा आधारित निर्णय प्रणालीमार्फत पनि उल्लेखनीय सुधार आवश्यक हुन्छ जुन राजस्व सुधारको लागि महत्वपूर्ण अवसर हो।

प्रदेशस्तरमा एकीकृत राजस्व सूचना प्रणाली, स्रोतगत विवरण व्यवस्थापन, करदाता तथा राजस्व स्रोतको नक्साङ्कन, अनलाइन सेवा, विद्युतीय भुक्तानी, अनलाइन बिलिङ, वास्तविक समयको प्रतिवेदन तथा प्रदेश-स्थानीय तहबीच तथ्याङ्क आदानप्रदान प्रणाली लागू गरी राजस्व चुहावट नियन्त्रण, बक्यौता पहिचान तथा राजस्व प्रक्षेपणलाई थप यथार्थपरक बनाउन सकिन्छ।

सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन, प्राकृतिक स्रोत, विज्ञापन कर, मनोरञ्जन कर, पर्यटन शुल्क, उद्योग–व्यवसाय दर्ता तथा कृषि व्यवसायसम्बन्धी अभिलेखलाई एकीकृत गरी प्रदेशले राजस्व सम्भावना, वास्तविक सङ्कलन, बक्यौता तथा अनुपालन अवस्थाको स्पष्ट चित्र प्राप्त गर्न सक्छ। यसले नीति निर्माण तथा अनुगमनलाई थप प्रभावकारी बनाउँछ।

करदाता सेवा केन्द्र, गुनासो सुनुवाइ प्रणाली, मोबाइल सूचना सेवा, करदाता शिक्षा तथा स्वेच्छिक अनुपालन कार्यक्रमले पनि राजस्व प्रशासनलाई सेवाग्राहीमैत्री बनाउन सहयोग पुर्‍याउँछन्। आधुनिक राजस्व प्रशासनको उद्देश्य केवल राजस्व सङ्कलन बढाउनु मात्र नभई करदाताको विश्वास र अनुपालन संस्कृतिको विकास गर्नु पनि हो।

यसरी हेर्दा गण्डकी प्रदेशमा समग्रमा आन्तरिक राजस्व विस्तारका लागि बहुआयामिक अवसरहरू रहेका छन्। तत्काल परिचालनयोग्य स्रोतका रूपमा सवारी साधन कर, यातायात सेवा दस्तुर, घरजग्गा रजिष्ट्रेशन शुल्क तथा प्रशासनिक सेवा शुल्क देखिन्छन् भने मध्यम अवधिमा पर्यटन, प्राकृतिक स्रोत, उद्योग-व्यवसाय, व्यावसायिक कृषि र सेवा क्षेत्रबाट राजस्व आधार विस्तार गर्न सकिने सम्भावना छ। दीर्घकालीन रूपमा सूचना प्रविधिमा आधारित सेवा, हरित अर्थतन्त्र, डिजिटल कारोबार तथा अनुभवमा आधारित पर्यटन गतिविधि प्रदेश राजस्वका नयाँ आधार बन्न सक्छन्। यी सम्भावनालाई वास्तविक राजस्वमा रूपान्तरण गर्न कराधार अभिलेखीकरण, दर पुनरावलोकन, डिजिटल प्रणाली, तहगत समन्वय, पारदर्शी व्यवस्थापन तथा सेवा प्रतिफलसँग जोडिएको पुनःलगानी प्रणालीलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने देखिन्छ।

५.५ दीर्घकालीन सोच (Vision)

यस रणनीतिको दीर्घकालीन सोच **"दिगो, पारदर्शी, प्रविधिमैत्री, समावेशी, उत्तरदायी, आर्थिक रूपमा आत्मनिर्भर तथा सक्षम राजस्व प्रणालीयुक्त सम्मुन्नत गण्डकी प्रदेश"** का रूपमा विकास गर्नु रहेको छ।

यो सोचको अन्तिम गन्तव्य केवल राजस्व परिचालनसङ्कलनको परिमाण वृद्धि गर्नुमा सिमित नभएर प्रदेशको वित्तीय प्रणालीलाई यस्तो अवस्थामा पुर्‍याउनु हो जहाँ प्रदेश सरकारले आफ्ना विकास प्राथमिकता निर्धारण र कार्यान्वयनमा पर्याप्त स्वायत्तता प्राप्त गर्ने, आन्तरिक आम्दानीले सार्वजनिक सेवा प्रवाहमा उल्लेखनीय योगदान पुर्‍याउने, कर प्रशासनमा प्रविधि र तथ्याङ्कको उच्चतम प्रयोग गर्ने तथा करदाता र सरकारबीच विश्वासमा आधारित उत्तरदायी सम्बन्ध स्थापित हुने अवस्था सिर्जना गर्नु हो।

प्रस्तुत सोचले प्रदेशको राजस्व प्रणालीलाई सङ्कलन-केन्द्रित परम्परागत प्रणालीबाट क्रमशः प्रमाणमा आधारित, विश्लेषणात्मक, पारदर्शी, सेवाग्राहीमैत्री र परिणाममुखी आधुनिक सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीमा रूपान्तरण गर्ने अपेक्षा लिएको छ।

५.६ लक्ष्य, उद्देश्य तथा प्रतिफल

५.६.१ लक्ष्य

प्रदेशको आन्तरिक राजस्वको आधार विस्तार, विद्यमान तथा नयाँ राजस्व स्रोतको प्रभावकारी परिचालन, राजस्व प्रशासनको सुदृढीकरण र प्रमाणमा आधारित राजस्व व्यवस्थापनमार्फत कुल बजेटमा आन्तरिक स्रोत राजस्वको हिस्सा क्रमशः वृद्धि गर्दै सङ्घीय वित्तीय हस्तान्तरणमाथिको निर्भरता न्यूनीकरण गर्नु यस रणनीतिको लक्ष्य रहेको छ। यस लक्ष्यले गण्डकी प्रदेशलाई दिगो, पारदर्शी, प्रविधिमैत्री र उत्तरदायी राजस्व प्रणालीमार्फत वित्तीय रूपमा सक्षम, सेवामुखी र समुन्नत प्रदेशका रूपमा विकास गर्न योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

५.६.२ उद्देश्य

१. यस राजस्व परिचालन रणनीतिका प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन्:**आन्तरिक राजस्वको आधार तथा दायरा विस्तार गर्नु:** यसका लागि प्रदेशको आफ्नै स्रोत राजस्वमा दिगो तथा चरणबद्ध वृद्धि सुनिश्चित गर्न विद्यमान कर तथा गैरकर स्रोतहरूको दायरा विस्तार, नयाँ तथा उदीयमान राजस्व क्षेत्रको पहिचान, करदाता तथा आर्थिक गतिविधिको नक्साङ्कन, कराधार अभिलेखीकरण र करयोग्य स्रोतहरूको प्रभावकारी परिचालन गरिनेछ।

२. **राजस्व प्रशासनलाई आधुनिक, दक्ष, प्रभावकारी र उत्तरदायी बनाउनु:** यसका लागि सङ्गठनात्मक क्षमता सुदृढीकरण, दक्ष जनशक्ति विकास, कार्यसम्पादनमा आधारित व्यवस्थापन, करदाता सेवा सुधार, बक्यौता व्यवस्थापन, अनुगमन तथा विश्लेषणात्मक क्षमताको विकासमार्फत प्रदेश राजस्व प्रशासनलाई पारदर्शी, प्रविधिमैत्री, सेवाग्राहीमैत्री र परिणाममुखी बनाइनेछ।

३. **डिजिटल र तथ्याङ्कमा आधारित राजस्व व्यवस्थापन प्रणालीको विकास गर्नु:** यसका लागि एकीकृत डिजिटल राजस्व प्रणाली, अन्तरनिकाय तथा प्रदेश-स्थानीय तह तथ्याङ्क आदानप्रदान, करदाता अभिलेख, स्रोतगत विवरण, राजस्व प्रक्षेपण, दर पुनरावलोकन, जोखिम विश्लेषण र चुहावट नियन्त्रण प्रणालीलाई तथ्याङ्कमा आधारित बनाइनेछ।

४. **अन्तरसरकारी समन्वय र साझा क्षेत्रका राजस्व व्यवस्थापन सुदृढ गर्नु:** यसका लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहबीच साझा राजस्व स्रोतको कार्यविभाजन, कानुनी स्पष्टता, प्रतिवेदन, बाँडफाँट, हिसाब मिलान, संयुक्त अनुगमन, तथ्याङ्क साझेदारी र नीति समन्वयलाई संस्थागत गरिनेछ।

५. **राजस्वलाई सेवा सुधार, पुनःलगानी र आर्थिक रूपान्तरणसँग जोड्नु:** यसका लागि कर, शुल्क तथा दस्तुरबाट प्राप्त राजस्वलाई सार्वजनिक सेवा सुधार, पूर्वाधार विकास, पर्यटन गन्तव्य व्यवस्थापन, यातायात सेवा सुधार, प्राकृतिक स्रोत संरक्षण, वातावरणीय व्यवस्थापन र उत्पादनशील आर्थिक गतिविधि विस्तारसँग आबद्ध गरिनेछ।

५.६.३ प्रतिफल

यस रणनीति कार्यान्वयनबाट प्रदेशको आन्तरिक राजस्व क्षमता, राजस्व प्रशासन, कराधार व्यवस्थापन, अन्तरसरकारी समन्वय, सेवा सुधार तथा प्रमाणमा आधारित नीति निर्णयमा देहायअनुसारका प्रतिफल प्राप्त हुने अपेक्षा गरिएको छः

१. प्रदेशको आन्तरिक राजस्व सङ्कलन तथा कुल बजेटमा आन्तरिक स्रोत राजस्वको हिस्सामा क्रमशः वृद्धि भएको हुनेछ।

२. प्रमुख राजस्व स्रोतहरूको कराधार, दायरा, दर, सम्भावना र सङ्कलन अवस्थाको अद्यावधिक अभिलेख तयार भएको हुनेछ।

३. नयाँ तथा उदीयमान राजस्व क्षेत्रको पहिचान, करदाता तथा आर्थिक गतिविधिको नक्साङ्कन, कराधार अभिलेखीकरण र स्रोतगत प्राथमिकता निर्धारण भएको हुनेछ।

४. प्रदेश राजस्व प्रशासन डिजिटल, पारदर्शी, सेवाग्राहीमैत्री, तथ्याङ्कमा आधारित र परिणाममुखी रूपमा सुदृढ भएको हुनेछ।

५. प्रदेश-स्थानीय तह तथा सङ्घीय निकायबीच साझा राजस्व स्रोतको प्रतिवेदन, दाखिला, बाँडफाँट, हिसाब मिलान, तथ्याङ्क साझेदारी र संयुक्त अनुगमन प्रणाली सुदृढ भएको हुनेछ।

६. राजस्व प्रक्षेपण, दर पुनरावलोकन, छुट/सहुलियत समीक्षा, जोखिम विश्लेषण र नीति निर्णय प्रमाणमा आधारित प्रणाली विकास भएको हुनेछ।

७. पर्यटन, प्राकृतिक स्रोत, यातायात, उद्योग-व्यवसाय, व्यावसायिक कृषि, सेवा क्षेत्र, डिजिटल सेवा तथा हरित अर्थतन्त्रसँग सम्बन्धित राजस्व विस्तारका प्राथमिक क्षेत्रहरू कार्यान्वयनमा आएका हुनेछन्।

८. करदाता शिक्षा, स्वेच्छिक अनुपालना, बक्यौता असुली, चुहावट नियन्त्रण र सेवाग्राहीमैत्री सेवा प्रवाहमार्फत कर अनुपालना संस्कृतिमा सुधार भएको हुनेछ।

९. प्राप्त राजस्वलाई सेवा सुधार, पूर्वाधार विकास, स्रोत संरक्षण, वातावरणीय व्यवस्थापन, पर्यटन गन्तव्य सुधार र उत्पादनशील क्षेत्रमा पुनःलगानी गर्ने अभ्यास सुदृढ भएको हुनेछ।

१०. करदाता तथा नागरिकको आर्थिक सक्षमता तथा सन्तुष्टि दरमा अभिवृद्धि भएको हुनेछ।

५.७ मार्गदर्शक सिद्धान्त

यस प्रदेश राजस्व परिचालन रणनीतिको कार्यान्वयन देहायका मार्गदर्शक सिद्धान्तहरूमा आधारित रहनेछ:

१) **कर न्याय र समानताको सिद्धान्तः** प्रदेशको राजस्व प्रणाली करदाता तथा सेवाग्राहीको आर्थिक क्षमता, सेवा उपयोग, लाभ प्राप्ति, फाहोर गर्नेले तिर्ने (Polluter's Pay) मा आधारित, वातावरणीय न्याय र समानताको आधारमा न्यायोचित, व्यावहारिक र समावेशी हुनेछ।

२) **पारदर्शिता र उत्तरदायित्वको सिद्धान्तः** राजस्वको दर निर्धारण, सङ्कलन, छुट सहुलियत, दण्ड जरिवाना, खर्च र पुनःलगानी प्रक्रियालाई पारदर्शि बनाईनेछ। राजश्व निर्णय र कार्यान्वयनमा जिम्मेवार तह वा निकाय तथा पदाधिकारीलाई स्पष्ट उत्तरदायी बनाईनेछ।

३) **दिगोपना र स्रोत संरक्षणको सिद्धान्तः** राजस्व परिचालन प्राकृतिक स्रोत, वातावरण, स्थानीय समुदाय, सामाजिक न्याय र दीर्घकालीन आर्थिक दिगोपनासँग सन्तुलित रूपमा अघि बढाइनेछ। प्राकृतिक स्रोत तथा वातावरणीय प्रभावसँग सम्बन्धित राजस्वमा "फोहोर गर्नेले तिर्ने" र "स्रोत उपयोग गर्नेले योगदान गर्ने" सिद्धान्तलाई अवलम्बन गरिनेछ।

४) **प्रमाणमा आधारित निर्णयको सिद्धान्तः** राजस्व नीति, कराधार विस्तार, दर पुनरावलोकन, प्रक्षेपण, छुट/सहुलियत, जोखिम विश्लेषण र अनुगमन प्रणाली तथ्याङ्क, अध्ययन, अभिलेख र नियमित विश्लेषणमा आधारित हुनेछ।

५) **प्रविधिमैत्री र सेवाग्राहीमैत्री प्रशासनको सिद्धान्तः** राजस्व प्रशासनलाई डिजिटल, सरल, कम लागतको, पहुँचयोग्य र सेवाग्राहीमैत्री बनाइनेछ। करदाता अभिलेख, अनलाइन भुक्तानी, डिजिटल बिलिङ, सूचना प्रवाह, गुनासो सुनुवाइ र प्रतिवेदन प्रणालीलाई क्रमशः प्रविधिमा आधारित बनाइनेछ।

६) **अन्तरसरकारी समन्वय र सहभागिताको सिद्धान्तः** साझा राजस्व स्रोत, बाँडफाँट, तथ्याङ्क साझेदारी, अनुगमन र नीति कार्यान्वयनमा सङ्घीय निकाय, प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र, नागरिक समाज तथा अन्य सरोकारवालासँग समन्वय र सहभागिता सुनिश्चित गरिनेछ।

५.८ रणनीति तथा कार्यनीति

अघिल्ला अध्यायहरूमा गरिएको नीति-कानुन, संस्थागत व्यवस्था, राजस्व अवस्था, स्रोतगत सम्भावना र परिचालनका सवालहरूको विश्लेषणले गण्डकी प्रदेशमा आन्तरिक राजस्व सुदृढीकरणका लागि बहुआयामिक सुधार आवश्यक रहेको देखाएको छ। विशेषगरी कराधार अभिलेखीकरण, कानुनी तथा दर संरचना सुधार, डिजिटल राजस्व प्रशासन, प्राकृतिक स्रोतको प्रभावकारी व्यवस्थापन, पर्यटन तथा सेवा अर्थतन्त्रको उपयोग, सङ्घ-प्रदेश-स्थानीय तह समन्वय, करदाता सेवा, संस्थागत क्षमता र राजस्वको सेवा प्रतिफलसँगको सम्बन्धलाई एकीकृत रूपमा अघि बढाउनुपर्ने देखिन्छ। यसै आधारमा गण्डकी प्रदेशको आन्तरिक राजस्व परिचालनलाई प्रभावकारी, दिगो र परिणाममुखी बनाउन देहायबमोजिमका रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछ।

रणनीति १: कराधार विस्तार तथा आर्थिक गतिविधिको अभिलेखीकरण गर्ने

प्रदेश राजस्व वृद्धिको दिगो आधार करका दर वृद्धि नभई कराधार विस्तार र करयोग्य आर्थिक गतिविधिको व्यवस्थित अभिलेखीकरण हो। पर्यटन सेवा, उद्योग-व्यवसाय, व्यावसायिक कृषि, यातायात सेवा, डिजिटल कारोबार, विज्ञापन, मनोरञ्जन, प्राकृतिक स्रोत तथा सेवा क्षेत्रमा करयोग्य गतिविधि विस्तार हुँदै गए पनि सबै गतिविधि प्रदेश राजस्व प्रणालीमा पूर्ण रूपमा समेटिन सकेका छैनन्। यस रणनीतिअन्तर्गत सम्भावित करदाता, सेवाग्राही, सेवा प्रदायक, व्यावसायिक प्रतिष्ठान र स्रोतगत गतिविधिको पहिचान तथा अभिलेखीकरण गरिनेछ।

कार्यनीति

(१) पर्यटन, यातायात, उद्योग–व्यवसाय, व्यावसायिक कृषि, प्राकृतिक स्रोत, विज्ञापन, मनोरञ्जन, सेवा क्षेत्र तथा डिजिटल सेवाका सम्भावित करदाता/सेवाग्राहीको क्षेत्रगत नक्साङ्कन गरि आधाररेखा तयार गरिनेछ।

(२) स्थानीय तह, विषयगत मन्त्रालय तथा मातहत कार्यालयसँगको समन्वयमा करदाता, सेवा प्रदायक, व्यावसायिक प्रतिष्ठान, पर्यटन सेवा, कृषि उद्यम, विज्ञापन संरचना, मनोरञ्जन स्थल तथा प्राकृतिक स्रोतको स्रोतगत डिजिटल अभिलेख तयार तथा अद्यावधिक गरिनेछ।

(३) भौगोलिक सूचना प्रणालीमा आधारित नक्साङ्कन (GIS Mapping), भू-ट्यागिङ (Geo-tagging), डिजिटल सूचीकरण र स्रोतगत करदाता डाटाबेस प्रयोग गरी करयोग्य आर्थिक गतिविधिको नियमित अद्यावधिक प्रणाली विकास गरिनेछ।

(४) प्रारम्भिक दर्ता, स्वघोषणा, सरल नवीकरण, डिजिटल दर्ता तथा करदातामैत्री सूचना प्रणालीमार्फत अनौपचारिक आर्थिक गतिविधिलाई क्रमशः औपचारिक प्रणालीमा ल्याइनेछ।

(५) साना, निर्वाहमुखी तथा कमजोर कर क्षमताका समूहलाई संरक्षण गर्दै व्यावसायिक, उच्च कारोबार, सेवा उपयोग र लाभ प्राप्तिमा आधारित कराधारलाई प्राथमिकताका साथ दायरामा ल्याइनेछ।

(६) राइड सेयरिङ, डिजिटल विज्ञापन, अनलाइन टिकटिङ, विद्युतीय व्यापार, प्लेटफर्ममा आधारित सेवा, भर्चुअल कार्यक्रम तथा डिजिटल मनोरञ्जन जस्ता नयाँ तथा उदीयमान क्षेत्रको पहिचान र अभिलेखीकरण गरिनेछ।

अपेक्षित नतिजा: करयोग्य आर्थिक गतिविधि र सम्भावित करदाताको स्पष्ट अभिलेख तयार भई प्रदेशको राजस्व दायरा विस्तार, स्वेच्छिक अनुपालना वृद्धि र दीर्घकालीन आन्तरिक राजस्व आधार सुदृढ हुनेछ।

रणनीति २: नीति, कानुन तथा दर संरचना समयानुकूल सुधार गर्ने

प्रदेश राजस्व परिचालनका लागि संविधान, सङ्घीय कानुन, प्रदेश कानुन, वार्षिक आर्थिक ऐन, विषयगत ऐन तथा स्थानीय तहका व्यवस्थाबीच सामञ्जस्य आवश्यक हुन्छ। कृषि आयकर, साझा राजस्व स्रोत, नदीजन्य पदार्थ, वन पैदावार, उद्योग–व्यवसाय दर्ता, यातायात सेवा, विज्ञापन कर, मनोरञ्जन कर तथा सेवा शुल्कमा कानुनी स्पष्टता, दर संरचना र कार्यान्वयन प्रक्रिया थप व्यवस्थित गर्नुपर्ने देखिन्छ। यस रणनीतिअन्तर्गत कानुनी अस्पष्टता हटाउने, दर संरचना सुधार गर्ने र वार्षिक आर्थिक ऐनलाई तथ्यमा आधारित बनाइनेछ।

कार्यनीति

(१) प्रदेश कर तथा गैरकर राजस्वसम्बन्धी ऐन, प्रदेश आर्थिक ऐन, विषयगत ऐन, नियमावली, कार्यविधि र निर्देशिकाको नियमित समीक्षा गरी राजस्व परिचालनमा रहेका कानुनी, प्रक्रियागत र कार्यान्वयनसम्बन्धी अवरोध पहिचान गरिनेछ।

(२) कृषि आयकर, प्राकृतिक स्रोत, पर्यटन शुल्क, विज्ञापन कर, मनोरञ्जन कर, उद्योग–व्यवसाय दर्ता तथा यातायात सेवासम्बन्धी अस्पष्टता समाधान गर्न आवश्यक कानुनी तथा नीतिगत सुधारका प्रस्ताव तयार गरिनेछ।

(३) संविधान तथा सङ्घीय कानुनमा साझा अधिकार क्षेत्रभित्र रहेका राजस्व स्रोतहरूको परिभाषा, कराधार, कर लगाउने अधिकार, सङ्कलन जिम्मेवारी, नियमन भूमिका र राजस्व बाँडफाँटसम्बन्धी अस्पष्टता पहिचान गरी सङ्घ, प्रदेश र स्थानीय तहबीच स्पष्ट कार्यविभाजन र कानुनी सामञ्जस्य कायम गर्न आवश्यक पहल गरिनेछ।

(४) सङ्घीय कानुनसँग जोडिएका कृषि आयकर, प्राकृतिक स्रोत, पर्यटन तथा साझा राजस्व स्रोतसम्बन्धी अस्पष्टता समाधानका लागि नेपाल सरकारसँग नीतिगत सम्वाद र कानुनी समन्वय गरिनेछ।

(५) कर, शुल्क, दस्तुर र जरिवानाका दरहरू सेवा लागत, बजार मूल्य, करदाता वहन क्षमता, राजस्व सम्भावना, क्षेत्रगत भिन्नता र अन्तरप्रदेशीय प्रतिस्पर्धाका आधारमा नियमित पुनरावलोकन गरिनेछ।

(६) सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, नदीजन्य पदार्थ, विज्ञापन कर, प्रशासनिक सेवा शुल्क तथा दण्ड जरिवानाको दर संरचना सरल, न्यायोचित, व्यावहारिक र कार्यान्वयनयोग्य बनाइनेछ।

(७) छुट, सहुलियत, जरिवाना मिनाहा तथा प्रोत्साहनसम्बन्धी व्यवस्थाको राजस्वमा प्रभाव, करदाताको व्यवहार र लगानी वातावरणमा पर्ने प्रभावको समीक्षा गरी आवश्यक परिमार्जन गरिनेछ।

(८) वार्षिक आर्थिक विधेयक तयारी प्रक्रियामा राजस्व सङ्कलन अवस्था, कराधार, दर प्रभाव, करदाता प्रतिक्रिया, बजार अवस्था र प्रशासनिक लागतसम्बन्धी विश्लेषणलाई संस्थागत गरिनेछ।

अपेक्षित नतिजा: प्रदेश राजस्व नीति, कानुनी व्यवस्था र दर संरचना स्पष्ट, व्यावहारिक र समयानुकूल भई करदाता स्वीकार्यता, अनुपालना र सङ्कलन दक्षता अभिवृद्धि हुनेछ।

रणनीति ३: डिजिटल प्रणाली तथा तथ्याङ्कमा आधारित राजस्व प्रशासन विकास गर्ने

राजस्व प्रशासनको आधुनिकीकरण बिना प्रदेशको राजस्व सम्भावना पूर्ण रूपमा परिचालन गर्न सकिंदैन। राजस्व अभिलेख, भुक्तानी, प्रतिवेदन, बाँडफाँट, हिसाब मिलान र अनुगमन प्रणाली विभिन्न निकायमा छरिएका छन्। यस रणनीतिअन्तर्गत प्रदेश राजस्व व्यवस्थापनलाई डिजिटल, अन्तरआबद्ध, वास्तविक समयमा आधारित, विश्लेषणयोग्य र पारदर्शी बनाइनेछ।

कार्यनीति

१) प्रदेशस्तरमा अन्तरआबद्ध डिजिटल राजस्व व्यवस्थापन प्रणाली विकास गरी प्रमुख राजस्व स्रोतको सङ्कलन, बक्यौता, छुट/सहुलियत, बाँडफाँट, प्रतिवेदन र विश्लेषणलाई प्रणालीगत रूपमा जोडिनेछ।

२) राजस्व सूचना व्यवस्थापन प्रणाली, सवारी साधन दर्ता तथा व्यवस्थापन प्रणाली, बैंक दाखिला प्रणाली, विद्युतीय भुक्तानी, क्यूआर भुक्तानी, अनलाइन बिलिङ, स्वचालित हिसाब मिलान तथा राजस्व विश्लेषण ड्यासबोर्डबीच अन्तरआबद्धता कायम गरिनेछ।

३) घरजग्गा रजिष्ट्रेशन, यातायात, प्राकृतिक स्रोत, उद्योग–व्यवसाय, पर्यटन सेवा, विज्ञापन कर, मनोरञ्जन कर, कृषि व्यवसाय तथा प्रशासनिक सेवा शुल्कसम्बन्धी स्रोतगत विवरणलाई डिजिटल रूपमा अद्यावधिक गरिनेछ।

४) प्रदेश, स्थानीय तह र सङ्घीय निकायबीच राजस्वसम्बन्धी तथ्याङ्क आदानप्रदान, वास्तविक समयको प्रतिवेदन, डिजिटल हिसाब मिलान र स्रोतगत ड्यासबोर्ड प्रणाली विकास गरिनेछ।

५) राजस्व प्रक्षेपण, दर पुनरावलोकन, जोखिम विश्लेषण, बक्यौता असुली, चुहावट पहिचान र नीति निर्णयमा तथ्याङ्क विश्लेषण तथा प्रमाणमा आधारित पद्धति लागू गरिनेछ।

६) सबै राजस्व सङ्कलन गर्ने निकायमा डिजिटल भुक्तानी, डिजिटल रसिद, परीक्षणयोग्य अभिलेख, अनलाइन प्रतिवेदन र नियमित प्रणालीगत हिसाब मिलान अनिवार्य गरिनेछ।

अपेक्षित नतिजा: राजस्व अभिलेख, सङ्कलन, प्रतिवेदन र अनुगमन प्रणाली पारदर्शी, छिटो, विश्वसनीय र तथ्यमा आधारित भई चुहावट नियन्त्रण, बक्यौता व्यवस्थापन र राजस्व प्रक्षेपण सुदृढ हुनेछ।

रणनीति ४: प्राकृतिक स्रोतको दिगो तथा पारदर्शी परिचालन गर्ने

गण्डकी प्रदेशमा नदीजन्य पदार्थ, दहत्तर-बहत्तर, वन पैदावार, खानीजन्य स्रोत, जलस्रोत तथा वातावरणीय सेवा राजस्वका महत्वपूर्ण सम्भावनायुक्त क्षेत्र हुन्। यस क्षेत्रको राजस्व परिचालन स्रोत संरक्षण, वातावरणीय दिगोपना, स्थानीय हित, पारदर्शी बिक्री प्रणाली र प्रविधिमा आधारित अनुगमनसँग जोडिनुपर्छ। यस रणनीतिअन्तर्गत प्राकृतिक स्रोतबाट प्राप्त राजस्वलाई दिगो, पारदर्शी र चुहावट न्यून हुने प्रणालीमार्फत परिचालन गरिनेछ।

कार्यनीति

(१) नदीजन्य, खानीजन्य, वन तथा अन्य प्राकृतिक स्रोतको प्रदेशव्यापी स्रोत नक्साङ्कन, उपलब्ध परिमाण मूल्याङ्कन, उत्खननयोग्य क्षेत्र पहिचान र संवेदनशील क्षेत्र वर्गीकरण गरिनेछ।

(२) वातावरणीय अध्ययन बाट स्वीकृत परिमाण, वास्तविक उपलब्ध स्रोत, ठेक्का परिमाण, उत्खनन, ढुवानी, प्रशोधन र बिक्री अभिलेखबीच मिलान हुने प्रणाली विकास गरिनेछ।

(३) प्राकृतिक स्रोतको बिक्री तथा ठेक्का व्यवस्थापनमा विद्युतीय लिलाम प्रणाली, डिजिटल उत्खनन अनुमति, क्यूआर चालान, तौल पुल, जीपीएस निगरानी र क्रसर/प्रशोधन उद्योगको अभिलेख मिलान प्रणाली लागू गरिनेछ।

(४) प्रदेश–स्थानीय तहबीच प्राकृतिक स्रोतबाट प्राप्त आयको प्रतिवेदन, बाँडफाँट, हिसाब मिलान र संयुक्त अनुगमन प्रणाली सुदृढ गरिनेछ।

(५) स्रोत उपयोग, वातावरणीय मापदण्ड, स्थानीय समुदायको हित, विपद् जोखिम र राजस्व बाँडफाँटबीच सन्तुलन कायम गर्ने कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ।

(६) प्राकृतिक स्रोतबाट प्राप्त आयको प्रतिवेदन, बाँडफाँट र उपयोगसम्बन्धी पारदर्शी अभिलेख तथा सार्वजनिक सूचना प्रणाली विकास गरिनेछ।

अपेक्षित नतिजा: प्राकृतिक स्रोतबाट प्राप्त राजस्व पारदर्शी, दिगो र नियमित भई स्रोत संरक्षण, स्थानीय विश्वास, वातावरणीय सन्तुलन र प्रदेश-स्थानीय राजस्व बाँडफाँट प्रणाली सुदृढ हुनेछ।

रणनीति ५: पर्यटन, सेवा तथा अनुभव अर्थतन्त्रमा आधारित राजस्व मोडेल विकास गर्ने

पर्यटन गण्डकी प्रदेशको विशिष्ट तुलनात्मक लाभको क्षेत्र हो। पोखरा, अन्नपूर्ण, मनास्लु, मुस्ताङ, गोरखा, धार्मिक तथा सांस्कृतिक गन्तव्य, साहसिक पर्यटन, पदयात्रा मार्ग, जलयात्रा, होमस्टे र सेवा अर्थतन्त्रले प्रदेशलाई पर्यटन तथा अनुभवमा आधारित राजस्व मोडेल विकास गर्ने अवसर दिएको छ। यस रणनीतिअन्तर्गत पर्यटनबाट प्राप्त राजस्वलाई सेवा सुधार, गन्तव्य व्यवस्थापन, सुरक्षा, सरसफाइ र वातावरण संरक्षणसँग प्रत्यक्ष रूपमा जोडिनेछ।

कार्यनीति

(१) पर्यटन शुल्कलाई करका रूपमा नभई सेवा सुधार, गन्तव्य व्यवस्थापन, संरक्षण र पर्यटक सुविधासँग जोडिएको सेवा शुल्कका रूपमा विकास गरिनेछ।

(२) डिजिटल पदयात्रा अनुमति, गन्तव्य व्यवस्थापन शुल्क, साहसिक पर्यटन अनुमति, जलयात्रा सेवा शुल्क, धार्मिक गन्तव्य व्यवस्थापन शुल्क, पर्यटन सूचना सेवा, उद्धार सहायता शुल्क र वातावरण संरक्षण शुल्कको सम्भाव्यता अध्ययन गरी चरणबद्ध कार्यान्वयन गरिनेछ।

(३) पर्यटन व्यवसाय दर्ता, नवीकरण, गाइड सेवा, होमस्टे, होटल–रिसोर्ट सेवा, साहसिक पर्यटन सेवा तथा कार्यक्रम–आधारित पर्यटन सेवाको अभिलेख र दर्ता प्रणाली सुदृढ गरिनेछ।

(४) पर्यटन शुल्कबाट प्राप्त आयलाई पदमार्ग सुधार, पर्यटक सूचना, सरसफाइ, सुरक्षा, पार्किङ, उद्धार प्रणाली, गन्तव्य व्यवस्थापन र वातावरण संरक्षणमा पुनःलगानी गर्ने स्पष्ट व्यवस्था गरिनेछ।

(५) पर्यटन शुल्क प्रणालीलाई स्थानीय तह, संरक्षण क्षेत्र, निजी क्षेत्र, पर्यटन व्यवसायी र समुदायसँगको समन्वयमा पर्यटकमैत्री, पारदर्शी र दोहोरो शुल्क नहुने गरी कार्यान्वयन गरिनेछ।

१) डिजिटल टिकटिङ, अनलाइन अनुमति, क्यूआर भुक्तानी र गन्तव्यस्तरीय प्रतिवेदन प्रणाली लागू गरी पर्यटन राजस्वको अभिलेख र सङ्कलन व्यवस्थित गरिनेछ।

अपेक्षित नतिजाः पर्यटन तथा सेवा अर्थतन्त्रबाट प्राप्त राजस्व वृद्धि भई गन्तव्य व्यवस्थापन, पर्यटक सेवा, स्थानीय अर्थतन्त्र र प्रदेशको दीर्घकालीन राजस्व आधार सुदृढ हुनेछ।

रणनीति ६: प्रदेश-स्थानीय साझा राजस्वका स्रोतको व्यवस्थापन सुदृढ गर्ने

विज्ञापन कर, मनोरञ्जन कर, प्राकृतिक स्रोतबाट प्राप्त आय, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर तथा अन्य साझा राजस्व स्रोतहरू प्रदेश र स्थानीय तहबीच मात्र नभई कतिपय अवस्थामा सङ्घीय कानुन, सङ्घीय निकाय तथा राष्ट्रिय मापदण्डसँग समेत जोडिएका छन्। साझा अधिकार क्षेत्रमा कराधारको परिभाषा, कर लगाउने अधिकार, सङ्कलन जिम्मेवारी, नियमन भूमिका, प्रतिवेदन, बाँडफाँट र अनुगमन स्पष्ट नहुँदा दोहोरोपन, प्रशासनिक अन्योल, राजस्व चुहावट र तहगत विवादको जोखिम रहन्छ। यस रणनीतिअन्तर्गत साझा राजस्व स्रोतहरूको कार्यविभाजन, समन्वय, प्रतिवेदन, बाँडफाँट र संयुक्त अनुगमन प्रणाली सुदृढ गरिनेछ।

कार्यनीति

(१) साझा अधिकार क्षेत्रभित्र रहेका राजस्व स्रोतहरूको परिभाषा, कराधार, सङ्कलन जिम्मेवारी, नियमन भूमिका, राजस्व बाँडफाँट र प्रतिवेदन व्यवस्थामा देखिएका अस्पष्टता पहिचान गरी सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वित कार्यविभाजनको ढाँचा विकास गरिनेछ।

(२) प्रदेश–स्थानीय राजस्व समन्वय संयन्त्र गठन गरी साझा राजस्व स्रोतको नीति, कार्यविभाजन, दर समन्वय, प्रतिवेदन, बाँडफाँट र अनुगमनसम्बन्धी विषय नियमित रूपमा समीक्षा गरिनेछ।

(३) विज्ञापन कर, मनोरञ्जन कर, प्राकृतिक स्रोत शुल्क तथा स्थानीय तहबाट सङ्कलन हुने बाँडफाँटयोग्य राजस्वका लागि साझा प्रतिवेदन ढाँचा, डिजिटल विवरण पेश गर्ने प्रणाली र नियमित हिसाब मिलान प्रणाली लागू गरिनेछ।

(४) स्थानीय तहलाई साझा राजस्व स्रोतको कराधार पहिचान, अभिलेख, दर्ता, सङ्कलन, दाखिला र प्रतिवेदनमा प्राविधिक तथा नीतिगत सहयोग उपलब्ध गराइनेछ।

(५) प्रदेश र स्थानीय तहबीच कराधार, दर, छुट/सहुलियत र सङ्कलन प्रक्रियामा अनावश्यक दोहोरोपन हटाउने गरी नमुना कार्यविधि, मार्गदर्शन तथा समन्वित प्रणाली विकास गरिनेछ।

(६) साझा राजस्व स्रोतको संयुक्त अनुगमन, स्थलगत सत्यापन, तथ्याङ्क मिलान र बाँडफाँट रकमको समयबद्ध दाखिला सुनिश्चित गरिनेछ।

(७) स्थानीय तहबाट सङ्कलित राजस्वको प्रदेश हिस्सासम्बन्धी विवरण सार्वजनिक प्रतिवेदन प्रणालीमा समावेश गरिनेछ।

अपेक्षित नतिजाः प्रदेश–स्थानीय तहबीच राजस्वसम्बन्धी विश्वास, समन्वय, प्रतिवेदन र बाँडफाँट प्रणाली सुदृढ भई साझा स्रोतहरूको परिचालन प्रभावकारी हुनेछ।

रणनीति ७: करदाता सेवा, राजस्व सचेतना तथा स्वेच्छिक अनुपालना सुदृढ गर्ने

राजस्व वृद्धि केवल प्रशासनिक नियन्त्रणबाट मात्र सम्भव हुँदैन। करदाता र सेवाग्राहीले करलाई सेवा सुधार, नियमन, पूर्वाधार, सुरक्षा र सार्वजनिक हितसँग जोडिएको योगदानका रूपमा बुझ्ने वातावरण निर्माण गर्नु आवश्यक हुन्छ। यस रणनीतिअन्तर्गत करदातामैत्री सेवा, सूचना प्रवाह, राजस्व सचेतना, गुनासो सुनुवाइ र स्वेच्छिक अनुपालना संस्कृतिलाई सुदृढ गरिनेछ।

कार्यनीति

(१) प्रदेशका प्रमुख राजस्व सङ्कलन गर्ने कार्यालयमा करदाता सहायता कक्ष, अनलाइन सहायता सेवा, सूचना डेस्क र गुनासो सुनुवाइ प्रणाली स्थापना वा सुदृढ गरिनेछ।

(२) कर, शुल्क, दस्तुर, नवीकरण, जरिवाना, छुट/सहुलियत, सेवा समय, आवश्यक कागजात र भुक्तानी प्रक्रियासम्बन्धी स्पष्ट सूचना सार्वजनिक गरिनेछ।

(३) उद्योग–व्यवसायी, यातायात व्यवसायी, पर्यटन व्यवसायी, कृषि उद्यमी, विज्ञापन व्यवसायी, स्थानीय तह र नागरिक समूहका लागि लक्षित राजस्व सचेतना तथा स्वेच्छिक अनुपालना अभियान सञ्चालन गरिनेछ।

(४) समयमै कर बुझाउने, नियमित नवीकरण गर्ने, स्वघोषणा गर्ने र राम्रो अनुपालना गर्ने करदातालाई प्रोत्साहन तथा सम्मान गर्ने प्रणाली विकास गरिनेछ।

(५) सर्ट मेसेज सर्भिस (SMS), मोबाइल एप, इमेल, वेबसाइट तथा सामाजिक सञ्जालमार्फत कर भुक्तानी, नवीकरण, बक्यौता र सेवासम्बन्धी सूचना प्रवाह गरिनेछ।

(६) करदाता गुनासो, सेवा ढिलाइ, अस्पष्ट दर, बिचौलिया प्रभाव र प्रशासनिक झन्झट कम गर्न सेवा मापदण्ड र नागरिक वडापत्र प्रभावकारी रूपमा लागू गरिनेछ।

अपेक्षित नतिजा: करदाता विश्वास, स्वेच्छिक अनुपालना, समयमै कर भुक्तानी र सेवाग्राही सन्तुष्टि वृद्धि भई राजस्व प्रशासनप्रति सकारात्मक धारणा विकास हुनेछ।

रणनीति ८: राजस्व परिचालनको संस्थागत क्षमता तथा कार्यसम्पादन प्रणाली सुदृढ गर्ने

प्रभावकारी राजस्व प्रशासनका लागि स्पष्ट जिम्मेवारी, दक्ष जनशक्ति, विश्लेषणात्मक क्षमता, प्रविधि सञ्चालन क्षमता, कानुनी समझ, अनुगमन क्षमता र कार्यसम्पादनमा आधारित व्यवस्थापन आवश्यक हुन्छ। यस रणनीतिअन्तर्गत राजस्व प्रशासनमा संलग्न मन्त्रालय, निकाय , कार्यालय र कर्मचारीको संस्थागत क्षमता सुदृढ गरिनेछ।

कार्यनीति

(१) राजस्व सङ्कलन तथा व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्धित मन्त्रालय, निर्देशनालय तथा कार्यालयमा स्पष्ट जिम्मेवारीसहित राजस्व सम्पर्क व्यक्ति वा समर्पित राजस्व एकाइको व्यवस्था गरिनेछ।

(२) राजस्व प्रशासनमा कार्यरत कर्मचारीका लागि कराधार विश्लेषण, दर निर्धारण, राजस्व प्रक्षेपण, डिजिटल प्रणाली, कानुनी व्यवस्था, अनुगमन, बक्यौता असुली, करदाता सेवा र तथ्याङ्क विश्लेषणसम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

(३) आर्थिक मामिला मन्त्रालयमा राजस्व नीति, विश्लेषण, प्रक्षेपण, कानुनी समीक्षा, प्रणाली अनुगमन र अन्तरसरकारी समन्वय हेर्ने प्राविधिक क्षमता सुदृढ गरिनेछ।

(४) राजस्व सङ्कलन, प्रतिवेदन, बक्यौता असुली, डिजिटल प्रणाली प्रयोग, करदाता सेवा र अनुगमनलाई सम्बन्धित निकाय तथा कार्यालय प्रमुखको कार्यसम्पादन सूचकमा समावेश गरिनेछ।

(५) राजस्व प्रशासनका लागि अन्तरप्रदेशीय सिकाइ, अध्ययन भ्रमण, अनुभव आदानप्रदान, विषयगत कार्यशाला र विशेषज्ञ सहयोगको व्यवस्था गरिनेछ।

(६) राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन प्रगति नियमित रूपमा समीक्षा गर्ने आन्तरिक अनुगमन संयन्त्र विकास गरिनेछ।

अपेक्षित नतिजा: राजस्व प्रशासनको संस्थागत क्षमता, जिम्मेवारी स्पष्टता, कार्यसम्पादन अभिमुखता र विश्लेषणात्मक दक्षता वृद्धि भई रणनीति कार्यान्वयन प्रभावकारी हुनेछ।

रणनीति ९: राजस्वलाई सेवा सुधार, स्रोत संरक्षण र पुनःलगानीसँग आबद्ध गर्ने

राजस्व परिचालनको उद्देश्य केवल सङ्कलन वृद्धि मात्र नभइ करदाता र नागरिकले तिरेको कर तथा शुल्कबाट सेवा, पूर्वाधार, नियमन, सुरक्षा, स्रोत संरक्षण र आर्थिक अवसरमा प्रत्यक्ष सुधार गर्नु हो। यस रणनीतिअन्तर्गत राजस्वबाट प्राप्त स्रोतलाई क्षेत्रगत सेवा सुधार, स्रोत संरक्षण, गन्तव्य व्यवस्थापन र उत्पादनशील पुनःलगानीसँग जोडिनेछ।

कार्यनीति

(१) पर्यटन शुल्क, मनोरञ्जन कर तथा सेवा दस्तुरबाट प्राप्त आयलाई गन्तव्य व्यवस्थापन, पदमार्ग सुधार, सरसफाइ, सुरक्षा, सूचना सेवा, पार्किङ र पर्यटक सेवा सुधारमा पुनःलगानी गर्ने नीति विकास गरिनेछ।

(२) सवारी साधन कर, रुट इजाजत, जाँचपास तथा यातायात दस्तुरबाट प्राप्त आयलाई सडक सुरक्षा, यातायात सेवा सुधार, डिजिटल यातायात प्रणाली, पार्किङ व्यवस्थापन, प्रदूषण परीक्षण र चार्जिङ पूर्वाधारसँग जोडिनेछ।

(३) नदीजन्य, वन, खानीजन्य तथा वातावरणीय स्रोतबाट प्राप्त आयको निश्चित हिस्सा स्रोत संरक्षण, नदी नियन्त्रण, वातावरणीय पुनर्स्थापना, विपद् जोखिम न्यूनीकरण र स्थानीय पूर्वाधार सुधारमा प्रयोग गर्ने व्यवस्था गरिनेछ।

(४) प्रशासनिक सेवा शुल्क, अनुमति दस्तुर र नियमन शुल्कबाट प्राप्त आयलाई सेवा सुधार, डिजिटल प्रणाली, कार्यालय पूर्वाधार र सेवाग्राही सुविधा सुधारसँग जोडिनेछ।

(५) राजस्वबाट सेवा सुधार र पुनःलगानी भएको विवरण वार्षिक रूपमा सार्वजनिक गर्ने "राजस्वबाट प्राप्त उपलब्धि" प्रतिवेदन प्रणाली विकास गरिनेछ।

(६) राजस्व परिचालन र मध्यमकालीन खर्च संरचना, वार्षिक बजेट, क्षेत्रगत लगानी योजना तथा प्रदेश विकास प्राथमिकताबीच सम्बन्ध स्थापित गरिनेछ।

अपेक्षित नतिजा: करदाता र नागरिकले कर तथा शुल्कको प्रतिफल प्रत्यक्ष रूपमा अनुभव गर्ने अवस्था सिर्जना भई राजस्वप्रति विश्वास, स्वेच्छिक अनुपालना र सार्वजनिक वित्तीय उत्तरदायित्व सुदृढ हुनेछ।

५.९ रणनीनिक कार्ययोजना

यस रणनीतिक कार्ययोजनाले प्रदेशको राजस्व परिचालन तथा सुधारलाई व्यावहारिक रूपमा कार्यन्वयन गर्ने चरणबद्ध मार्गचित्र प्रस्तुत गर्दछ। यसले केवल प्रशासनिक सुधार नभई प्रदेशको समग्र वित्तीय शासन प्रणालीको संरचनागत रूपान्तरणलाई लक्षित गरेको छ। अघिल्लो खण्डमा उल्लेखित रणनीति तथा कार्यनीतिलाई कार्यान्वयनयोग्य बनाउन प्रमुख कार्य, समयावधि, जिम्मेवार निकाय, सहयोगी निकाय र अपेक्षित उपलब्धि तथा सूचक निर्धारण गरिएको छ। यस कार्ययोजनाको उद्देश्य प्रदेशको आन्तरिक राजस्वको आधार विस्तार, राजस्व प्रशासन सुदृढीकरण, नीतिगत, कानुनी तथा संस्थागत सुधार, डिजिटल प्रणाली विकास, अन्तरसरकारी समन्वय र राजस्वलाई सेवा सुधार तथा पुनःलगानीसँग आबद्ध गर्नु हो।

कार्ययोजनामा प्रस्तावित रणनीतिक कार्यहरूलाई अल्पकालीन, मध्यमकालीन, दीर्घकालीन र नियमित/निरन्तर कार्यका रूपमा वर्गीकरण गरिएको छ। यस्तो वर्गीकरणले तत्काल सुरु गर्नुपर्ने आधारभूत सुधार, प्रणालीगत कार्यान्वयनका लागि आवश्यक मध्यम अवधिका कार्य, संस्थागत रूपमा स्थापित गर्नुपर्ने दीर्घकालीन सुधार तथा रणनीतिको अवधिभर निरन्तर सञ्चालन गर्नुपर्ने कार्यहरूलाई स्पष्ट रूपमा छुट्याउन सहयोग पुर्‍याउँछ।

अल्पकालीन समयावधिले रणनीति कार्यान्वयनको पहिलो वर्षभित्र सम्पन्न वा सुरु गर्नुपर्ने आधारभूत तथा तयारी प्रकृतिका कार्यहरूलाई जनाउँछ। यसअन्तर्गत स्रोतगत आधार अवस्था तयारी तथा अद्यावधिक, कानुनी तथा नीतिगत समीक्षा, कराधार र करदाता अभिलेखीकरणको प्रारम्भ, समन्वय संयन्त्रको स्थापना, डिजिटल प्रणालीको आवश्यकता पहिचान, कार्यविधि तयारी र नमूना परीक्षणका कार्यहरूको शुरूयात जस्ता कार्यहरू समावेश हुनेछन्।

मध्यमकालीन समयावधिले रणनीति कार्यान्वयनको दोस्रोदेखि तेस्रो वर्षसम्म सञ्चालन तथा विस्तार गर्नुपर्ने प्रणालीगत सुधारका कार्यहरूलाई जनाउँछ। यसअन्तर्गत डिजिटल राजस्व प्रणालीको कार्यान्वयन, प्रदेश-स्थानीय तह तथ्याङ्क आदानप्रदान, साझा राजस्व स्रोतको प्रतिवेदन र हिसाब मिलान प्रणाली, प्राकृतिक स्रोत व्यवस्थापनमा डिजिटल निगरानी, पर्यटन राजस्व मोडेलको पाइलट तथा विस्तार, करदाता सेवा सुधार र क्षमता विकास कार्यक्रम समावेश हुनेछन्।

दीर्घकालीन समयावधिले रणनीति कार्यान्वयनको चौथोदेखि पाँचौँ वर्षसम्म संस्थागत, परिपक्व र दिगो रूपमा स्थापित गर्नुपर्ने सुधारका कार्यहरूलाई जनाउँछ। यसअन्तर्गत प्रमाणमा आधारित राजस्व प्रक्षेपण प्रणाली, उन्नत तथ्याङ्क विश्लेषण, कागजरहित तथा सेवाग्राहीमैत्री राजस्व सेवा, नीति परीक्षण, कार्यसम्पादनमा आधारित राजस्व प्रशासन, राजस्व–सेवा प्रतिफल प्रणाली र पुनःलगानी अभ्यासको संस्थागत विकास समावेश हुनेछ।

नियमित/निरन्तर कार्यले रणनीतिको अवधिभर वार्षिक रूपमा वा आवश्यकता अनुसार निरन्तर सञ्चालन गर्नुपर्ने कार्यहरूलाई जनाउँछ। यसअन्तर्गत करदाता सेवा, राजस्व सचेतना, बक्यौता असुली, अनुगमन, प्रतिवेदन, तथ्याङ्क अद्यावधिक, दर पुनरावलोकन, कार्यसम्पादन समीक्षा, अन्तरसरकारी समन्वय र नीति सुधारसम्बन्धी नियमित कार्यहरू समावेश हुनेछन्।

यसै आधारमा गण्डकी प्रदेशको आन्तरिक राजस्व परिचालनलाई प्रभावकारी, दिगो र परिणाममुखी बनाउन देहायबमोजिमको रणनीतिक कार्ययोजना प्रस्तुत गरिएको छ।

तालिका नं. 19: रणनीतिक कार्ययोजना

क्र.सं.	रणनीति	प्रमुख कार्य		समयावधि	जिम्मेवार निकाय	सहयोगी निकाय	अपेक्षित उपलब्धि/सूचक
१	रणनीति १: कराधार विस्तार तथा आर्थिक गतिविधिको अभिलेखीकरण गर्ने	१.१	प्रमुख कर तथा गैरकर स्रोतको स्रोतगत आधारअवस्था तयार/ अद्यावधिक गरी कराधार, करदाता, सङ्कलन अवस्था, बक्यौता, चुहावट जोखिम र सम्भावित नयाँ स्रोतको डिजिटल अभिलेख विकास गर्ने	अल्पकालीन	आर्थिक मामिला मन्त्रालय	प्रदेश नीति तथा योजना आयोग, विषयगत मन्त्रालय, विकास साझेदार	स्रोतगत राजस्व आधाररेखा तयार भएको; कराधार, करदाता, बक्यौता र जोखिमसम्बन्धी प्रारम्भिक अभिलेख उपलब्ध भएको
		१.२	पर्यटन, यातायात, उद्योग-व्यवसाय, व्यावसायिक कृषि, प्राकृतिक स्रोत, विज्ञापन, मनोरञ्जन, सेवा क्षेत्र तथा डिजिटल सेवाका सम्भावित करदाता/सेवाग्राहीको क्षेत्रगत नक्साङ्कन गर्ने	मध्यमकालीन	आर्थिक मामिला मन्त्रालय	विषयगत मन्त्रालय, स्थानीय तह, निजी क्षेत्रका प्रतिनिधि संस्था, पोखरा विश्वविद्यालय	क्षेत्रगत करदाता/सेवाग्राही नक्साङ्कन सम्पन्न भएको; स्रोतगत कराधार सूची तयार भएको हुने
		१.३	भौगोलिक सूचना प्रणालीमा आधारित नक्साङ्कन, भू–ट्यागिङ र डिजिटल सूचीकरणमार्फत व्यावसायिक प्रतिष्ठान, पर्यटन सेवा, विज्ञापन संरचना, प्राकृतिक स्रोत क्षेत्र र कृषि व्यवसायको अभिलेख तयार गर्ने	मध्यमकालीन	आर्थिक मामिला मन्त्रालय	भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, उद्योग तथा पर्यटन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, स्थानीय तह, विकास साझेदार	डिजिटल कराधार अभिलेख तयार भएको; अद्यावधिक गर्ने प्रणाली विकास भएको हुने
		१.४	अनौपचारिक आर्थिक गतिविधिलाई औपचारिक प्रणालीमा ल्याउन स्वघोषणा, सरल दर्ता, अनलाइन नवीकरण र प्रारम्भिक दर्ता सहजीकरण अभियान सञ्चालन गर्ने	अल्पकालीन – नियमित	विषयगत मन्त्रालय तथा मातहतका कार्यालय	आर्थिक मामिला मन्त्रालय, स्थानीय तह, उद्योग वाणिज्य सङ्घ, निजी क्षेत्र	नयाँ दर्ता तथा नवीकरण सङ्ख्या वृद्धि भएको; स्वेच्छिक अनुपालना बढेको हुने
२	रणनीति २: नीति, कानुन तथा दर	२.१	प्रदेश कर तथा गैरकर राजस्वसम्बन्धी ऐन, प्रदेश आर्थिक ऐन, विषयगत ऐन, कार्यविधि, निर्देशिका र प्रशासनिक प्रक्रियाको राजस्व परिचालनको दृष्टिले समीक्षा गर्ने	अल्पकालीन	आर्थिक मामिला मन्त्रालय	मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, विषयगत मन्त्रालय, कानुन विज्ञ	कानुनी तथा प्रक्रियागत समीक्षा प्रतिवेदन तयार भएको हुने

क्र.सं.	रणनीति		प्रमुख कार्य	समयावधि	जिम्मेवार निकाय	सहयोगी निकाय	अपेक्षित उपलब्धि/सूचक
	संरचना समयानुकूल सुधार गर्ने	२.२	साझा अधिकार क्षेत्रभित्र रहेका राजस्व स्रोतको परिभाषा, कराधार, कर लगाउने अधिकार, सङ्कलन जिम्मेवारी, नियमन भूमिका र बाँडफाँट व्यवस्था स्पष्ट गर्ने कार्यविभाजन ढाँचा तयार गर्ने	अल्पकालीन – मध्यमकालीन	आर्थिक मामिला मन्त्रालय	नेपाल सरकारका सम्बन्धित निकाय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, स्थानीय तह, विषयगत मन्त्रालय	साझा अधिकार स्रोतहरूको कार्यविभाजन र समन्वय ढाँचा तयार भएको हुने
		२.३	कृषि आयकर, प्राकृतिक स्रोत, पर्यटन शुल्क, विज्ञापन कर, मनोरञ्जन कर, उद्योग-व्यवसाय दर्ता तथा नियमन र यातायात सेवामा देखिएका कानुनी अस्पष्टता समाधानका लागि सुधारका प्रस्ताव तयार गर्ने	अल्पकालीन	आर्थिक मामिला मन्त्रालय	मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आर्थिक मामिला मन्त्रालय, विषयगत मन्त्रालय, नेपाल सरकारका सम्बन्धित निकाय, स्थानीय तह	कानुनी सुधार प्रस्ताव तयार भएको; वार्षिक आर्थिक विधेयकमा समावेश गर्नुपर्ने विषय पहिचान भएको हुने
		२.४	कर, शुल्क, दस्तुर र जरिवानाका दरहरू सेवा लागत, बजार मूल्य, करदाता वहन क्षमता, राजस्व सम्भावना र अन्तरप्रदेशीय प्रतिस्पर्धाका आधारमा वार्षिक पुनरावलोकन गर्ने प्रणाली विकास गर्ने	नियमित	आर्थिक मामिला मन्त्रालय	प्रदेश नीति तथा योजना आयोग, विषयगत मन्त्रालय, निजी क्षेत्र	वार्षिक दर समीक्षा अभ्यास संस्थागत भएको; दर संशोधन प्रमाणमा आधारित भएको हुन
		२.५	सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, नदीजन्य पदार्थ, विज्ञापन कर, प्रशासनिक सेवा शुल्क तथा दण्ड जरिवानाको दरको संरचना सरल, व्यावहारिक र सेवाग्राहीमैत्री बनाउन परिमार्जन गर्ने	मध्यमकालीन – नियमित	आर्थिक मामिला मन्त्रालय	विषयगत मन्त्रालय, स्थानीय तह, निजी क्षेत्र, नेपाल सरकारका सम्बन्धित निकाय	दर संरचना परिमार्जन भएको; सेवाग्राही गुनासो र अनुपालना समस्या घटेको हुने
३	रणनीति ३: डिजिटल तथा तथ्याङ्कमा	३.१	प्रदेश डिजिटल राजस्व व्यवस्थापन प्रणालीको आवश्यकता पहिचान, प्रणाली विवरण, अन्तरआबद्धता ढाँचा, साइबर सुरक्षा मापदण्ड र कार्यान्वयन योजना तयार गर्ने	अल्पकालीन	आर्थिक मामिला मन्त्रालय	प्रदेश लेखा नियन्त्रक कार्यालय, विषयगत मन्त्रालय, विकास साझेदार संस्था	प्रणाली डिजाइन तथा कार्यान्वयन खाका स्वीकृत भएको हुने

क्र.सं.	रणनीति		प्रमुख कार्य	समयावधि	जिम्मेवार निकाय	सहयोगी निकाय	अपेक्षित उपलब्धि/सूचक
	आधारित राजस्व प्रशासन विकास गर्ने	३.२	राजस्व सूचना व्यवस्थापन प्रणाली, सवारी साधन प्रणाली, बैंक दाखिला, विद्युतीय भुक्तानी, क्यूआर भुक्तानी, अनलाइन बिलिङ र स्वचालित हिसाब मिलानबीच अन्तरआबद्धता कायम गर्ने	मध्यमकालीन	आर्थिक मामिला मन्त्रालय	प्रदेश लेखा नियन्त्रक कार्यालय, यातायात कार्यालय, बैंक तथा वित्तिय संस्था, महालेखा नियन्त्रक कार्यालय	प्रमुख राजस्व प्रणालीहरूबीच अन्तरआबद्धता सुरु र डिजिटल भुक्तानीको हिस्सा बढेको हुने
		३.३	घरजग्गा रजिष्ट्रेशन, यातायात, प्राकृतिक स्रोत, उद्योग–व्यवसाय, पर्यटन, विज्ञापन, मनोरञ्जन र कृषि व्यवसायसम्बन्धी स्रोतगत डिजिटल ड्यास -बोर्ड विकास गर्ने	मध्यमकालीन	आर्थिक मामिला मन्त्रालय	विषयगत मन्त्रालय, स्थानीय तह, भूमि प्रशासनसम्बन्धी सङ्घीय निकाय, विकास साझेदार संस्था	स्रोतगत राजस्व ड्यासबोर्ड सञ्चालनमा आएको हुने
		३.४	स्थानीय तहबाट सङ्कलन हुने बाँडफाँटयोग्य राजस्वको डिजिटल प्रतिवेदन, दाखिला, हिसाब मिलान र प्रदेश हिस्सा अनुगमन प्रणाली लागू गर्ने	मध्यमकालीन	आर्थिक मामिला मन्त्रालय	स्थानीय तह, प्रदेश लेखा नियन्त्रक कार्यालय, महालेखा नियन्त्रक कार्यालय	साझा राजस्वको नियमित डिजिटल प्रतिवेदन र हिसाब मिलान सुरु भएको हुने
		३.५	राजस्व प्रक्षेपण, जोखिम विश्लेषण, बक्यौता पहिचान, चुहावट जोखिम र दर पुनरावलोकनका लागि तथ्याङ्क विश्लेषण प्रणाली विकास गर्ने	मध्यमकालीन	आर्थिक मामिला मन्त्रालय	प्रदेश नीति तथा योजना आयोग, प्रदेश लेखा नियन्त्रक कार्यालय	प्रमाणमा आधारित राजस्व प्रक्षेपण र जोखिम विश्लेषण प्रणाली विकास भएको हुने
४	रणनीति ४: प्राकृतिक स्रोतको दिगो तथा पारदर्शी परिचालन गर्ने	४.१	नदीजन्य, खानीजन्य, वन तथा अन्य प्राकृतिक स्रोतको स्रोत नक्साङ्कन, उत्खननयोग्य क्षेत्र पहिचान, संवेदनशील क्षेत्र वर्गीकरण र उपलब्ध परिमाण मूल्याङ्कन गर्ने	अल्पकालीन – मध्यमकालीन	वन तथा वातावरण मन्त्रालय	आर्थिक मामिला मन्त्रालय, स्थानीय तह, नेपाल सरकारका सम्बन्धित निकाय, प्राविधिक संस्था	स्रोत नक्साङ्कन र परिमाण मूल्याङ्कन प्रतिवेदन तयार भएको हुने
		४.२	वातावरणीय अध्ययन (BES/IEE/EIA/SEA) बाट स्वीकृत परिमाण, ठेक्का परिमाण, वास्तविक उत्खनन, ढुवानी, प्रशोधन र बिक्री अभिलेखबीच मिलान हुने प्रणाली विकास गर्ने	मध्यमकालीन	वन तथा वातावरण मन्त्रालय	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्थानीय तह, आर्थिक मामिला मन्त्रालय, नेपाल सरकारका सम्बन्धित निकाय	स्वीकृत परिमाण र वास्तविक उत्खननबीच मिलान प्रणाली लागू भएको हुने

क्र.सं.	रणनीति		प्रमुख कार्य	समयावधि	जिम्मेवार निकाय	सहयोगी निकाय	अपेक्षित उपलब्धि/सूचक
		४.३	ढुङ्गा, गिट्टी, बालुवा तथा दहत्तर(बहत्तरको बिक्री र ठेक्का व्यवस्थापनमा विद्युतीय लिलाम, डिजिटल उत्खनन अनुमति, क्यूआर चालान, तौल पुल र जीपीएस निगरानी परीक्षण र कार्यान्वयन गर्ने	मध्यम कालीन	वन तथा वातावरण मन्त्रालय	स्थानीय तह, जिल्ला समन्वय समिति, प्रहरी प्रशासन, निजी क्षेत्र, विकास साझेदार संस्था	कम्तीमा प्रमुख स्रोत क्षेत्रमा डिजिटल निगरानी परीक्षण भई कार्यान्वयन सुरु भएको हुने
		४.४	क्रसर, प्रशोधन उद्योग, ढुवानी सवारी, घाटगद्दी र बिक्री अभिलेखको नियमित मिलान तथा संयुक्त अनुगमन गर्ने	नियमित	विषयगत मन्त्रालय	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्थानीय तह, जिल्ला समन्वय समिति, प्रहरी प्रशासन	राजस्व चुहावट जोखिम घटेको; संयुक्त अनुगमन प्रतिवेदन नियमित भएको हुने।
५	रणनीति ५: पर्यटन, सेवा तथा अनुभव अर्थतन्त्रमा आधारित राजस्व मोडेल विकास गर्ने	५.१	पर्यटन शुल्कलाई सेवा सुधार, गन्तव्य व्यवस्थापन, वातावरण संरक्षण र पर्यटक सुविधासँग जोड्ने प्रदेश पर्यटन राजस्व मोडेल तयार गर्ने	अल्प कालीन	उद्योग तथा पर्यटन मन्त्रालय	वन तथा वातावरण मन्त्रालय, आर्थिक मामिला मन्त्रालय, स्थानीय तह, नेपाल पर्यटन बोर्ड, निजी क्षेत्र, पोखरा विश्वविद्यालय तथा अन्य अनुसन्धान/शैक्षिक संस्था	पर्यटन राजस्व मोडेल तयार भएको हुने
		५.२	डिजिटल पदयात्रा अनुमति, गन्तव्य व्यवस्थापन शुल्क, साहसिक पर्यटन अनुमति, जलयात्रा सेवा शुल्क, धार्मिक गन्तव्य व्यवस्थापन शुल्क र वातावरण संरक्षण शुल्कको सम्भाव्यता परीक्षण गर्ने	अल्प कालीन	उद्योग तथा पर्यटन मन्त्रालय	स्थानीय तह, संरक्षण क्षेत्र, निजी क्षेत्र, विकास साझेदार संस्था, नेपाल पर्यटन बोर्ड	पर्यटन शुल्क सम्भाव्यता परीक्षण सम्पन्न भएको हुने
		५.३	छनोट गरिएका पर्यटकीय गन्तव्य वा पदमार्गमा डिजिटल अनुमति, क्यूआर भुक्तानी, डिजिटल टिकटिङ र गन्तव्यस्तरीय प्रतिवेदन प्रणाली परीक्षण तथा कार्यान्वयन गर्ने	मध्यम कालीन	उद्योग तथा पर्यटन मन्त्रालय	आर्थिक मामिला मन्त्रालय, स्थानीय तह, संरक्षण क्षेत्र, पर्यटन व्यवसायी, भुक्तानी सेवा प्रदायक	छनोट गन्तव्यमा डिजिटल पर्यटन राजस्व परीक्षण भई कार्यान्वयन भएको भएको हुने
		५.४	पर्यटन व्यवसाय, गाइड, होमस्टे, होटल-रिसोर्ट, साहसिक पर्यटन सेवा, जलयात्रा तथा कार्यक्रममा आधारित पर्यटन सेवाको दर्ता/नवीकरण अभिलेख अद्यावधिक गर्ने	मध्यम कालीन –	उद्योग तथा पर्यटन मन्त्रालय	एकीकृत सेवा कार्यालय, स्थानीय तह, पर्यटन व्यवसायी संस्था	पर्यटन सेवा प्रदायकको अद्यावधिक अभिलेख तयार भएको हुने

क्र.सं.	रणनीति		प्रमुख कार्य	समयावधि	जिम्मेवार निकाय	सहयोगी निकाय	अपेक्षित उपलब्धि/सूचक
				नियमित			
६	रणनीति ६: सङ्घ–प्रदेश–स्थानीय साझा राजस्व व्यवस्थापन प्रणाली सुदृढ गर्ने	६.१	साझा अधिकार क्षेत्रका राजस्व स्रोतको परिभाषा, कराधार, सङ्कलन जिम्मेवारी, नियमन भूमिका, बाँडफाँट र प्रतिवेदन व्यवस्थामा देखिएका अस्पष्टता पहिचान गरी नीति तथा कानुन परिमार्जन तथा सोको लागि नेपाल सरकारसँग सम्वाद र सहकार्य गर्ने	अल्पकालीन	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	आर्थिक मामिला मन्त्रालय , नेपाल सरकारका सम्बन्धित निकाय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, स्थानीय तह, विषयगत मन्त्रालय	साझा अधिकार स्रोतहरूको अस्पष्टता सूची र समाधान ढाँचा तयार भएको हुने
		६.२	प्रदेश-स्थानीय राजस्व समन्वय संयन्त्र गठन गरी साझा राजस्व स्रोतको नीति, दर, दायरा, प्रतिवेदन, बाँडफाँट र अनुगमन नियमित समीक्षा गर्ने	अल्पकालीन – नियमित	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	आर्थिक मामिला मन्त्रालय, स्थानीय तह, विषयगत मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय	समन्वय संयन्त्र सञ्चालन र बैठक/निर्णय नियमित भएको हुने
		६.३	विज्ञापन कर, मनोरञ्जन कर, प्राकृतिक स्रोत शुल्क र अन्य बाँडफाँटयोग्य राजस्वका लागि साझा प्रतिवेदन ढाँचा र डिजिटल विवरण पेश गर्ने प्रणाली लागू गर्ने	मध्यमकालीन	आर्थिक मामिला मन्त्रालय	स्थानीय तह, प्रदेश लेखा नियन्त्रक कार्यालय, महालेखा नियन्त्रक कार्यालय	साझा प्रतिवेदन ढाँचा लागू भएको; स्थानीय तहबाट नियमित विवरण प्राप्त भएको हुने
		६.४	स्थानीय तहलाई कराधार पहिचान, अभिलेख व्यवस्थापन, बाँडफाँटयोग्य राजस्व दाखिला र हिसाब मिलानमा प्राविधिक सहयोग, प्रशिक्षण तथा अभिमुखीकरण प्रदान गर्ने	नियमित	आर्थिक मामिला मन्त्रालय	स्थानीय तह, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, विकास साझेदार संस्था	स्थानीय तहको प्रतिवेदन र दाखिला अनुपालना सुधार भएको हुने
७	रणनीति ७: करदाता सेवा, राजस्व सचेतना तथा स्वेच्छिक	७.१	प्रमुख राजस्व सङ्कलन गर्ने कार्यालयमा करदाता सहायता कक्ष, अनलाइन सहायता सेवा, सूचना डेस्क र गुनासो सुनुवाइ प्रणाली स्थापना वा सुदृढ गर्ने	मध्यमकालीन	विषयगत मन्त्रालय तथा कार्यालय	आर्थिक मामिला मन्त्रालय, विकास साझेदार संस्था	करदाता सहायता सेवा सञ्चालनमा आएको; गुनासो सम्बोधन प्रणाली लागू भएको हुने

क्र.सं.	रणनीति		प्रमुख कार्य	समयावधि	जिम्मेवार निकाय	सहयोगी निकाय	अपेक्षित उपलब्धि/सूचक
	अनुपालना सुदृढ गर्ने	७.२	कर, शुल्क, दस्तुर, नवीकरण, जरिवाना, छुट तथा सहुलियत, सेवा समय, आवश्यक कागजात र भुक्तानी प्रक्रिया स्पष्ट गरी सार्वजनिक सूचना सामग्री तयार गर्ने	अल्पकालीन – नियमित	विषयगत कार्यालय	आर्थिक मामिला मन्त्रालय, स्थानीय तह	सेवा तथा राजस्व सूचना सार्वजनिक भएको र सेवाग्राही अन्योल घटेको हुने
		७.३	उद्योगीव्यवसायी, यातायात व्यवसायी, पर्यटन व्यवसायी, कृषि उद्यमी, विज्ञापन व्यवसायी र स्थानीय तहलाई लक्षित राजस्व सचेतना अभियान सञ्चालन गर्ने	नियमित	विषयगत मन्त्रालय तथा कार्यालय	निजी क्षेत्रका संस्था, स्थानीय तह, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान	लक्षित राजस्व सचेतना कार्यक्रम सम्पन्न भएको र स्वेच्छिक अनुपालना बढेको हुने
		७.४	समयमै कर बुझाउने, नियमित नवीकरण गर्ने र राम्रो अनुपालना गर्ने करदाता/सेवा प्रदायकलाई सम्मान वा प्रोत्साहन प्रणाली विकास गर्ने	मध्यमकालीन – नियमित	आर्थिक मामिला मन्त्रालय	विषयगत मन्त्रालय, कार्यालय, निजी क्षेत्र	असल अनुपालना गर्ने करदातापहिचान र सम्मान प्रणाली सुरु भएको हुने
८	रणनीति ८: संस्थागत क्षमता तथा कार्यसम्पादन प्रणाली सुदृढ गर्ने	८.१	राजस्व सङ्कलन तथा व्यवस्थापनसँग सम्बन्धित प्रत्येक मन्त्रालय, निकाय र कार्यालयमा राजस्व सम्पर्क व्यक्ति वा समर्पित राजस्व एकाइ तोक्ने	अल्पकालीन	आर्थिक मामिला मन्त्रालय	विषयगत मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	राजस्व सम्पर्क व्यक्ति/एकाइ तोकिएको हुने
		८.२	कराधार विश्लेषण, दर निर्धारण, राजस्व प्रक्षेपण, डिजिटल प्रणाली, कानुनी व्यवस्था, अनुगमन, बक्यौता असुली र करदाता सेवासम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने	नियमित	आर्थिक मामिला मन्त्रालय	गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, विषयगत मन्त्रालय, पोखरा विश्वविद्यालय, विकास साझेदार संस्था	राजस्व प्रशासनसम्बन्धी क्षमता विकास कार्यक्रम नियमित भएको हुने
		८.३	आर्थिक मामिला मन्त्रालयमा राजस्व नीति, विश्लेषण, प्रक्षेपण, कानुनी समीक्षा, प्रणाली अनुगमन र अन्तरसरकारी समन्वय हेर्ने प्राविधिक क्षमता सुदृढ गर्ने	मध्यमकालीन	आर्थिक मामिला मन्त्रालय	प्रदेश नीति तथा योजना आयोग, प्रदेश प्रशिक्षण प्रतिष्ठान, विकास साझेदार संस्था	मन्त्रालयमा राजस्व विश्लेषण तथा समन्वय क्षमता सुदृढ भएको हुने

क्र.सं.	रणनीति	प्रमुख कार्य		समयावधि	जिम्मेवार निकाय	सहयोगी निकाय	अपेक्षित उपलब्धि/सूचक
		८.४	राजस्व सङ्कलन, प्रतिवेदन, बक्यौता असुली, डिजिटल प्रणाली प्रयोग, करदाता सेवा र अनुगमनलाई कार्यालय प्रमुख तथा सम्बन्धित कर्मचारीको कार्यसम्पादन सूचकमा समावेश गर्ने	मध्यमकालीन	आर्थिक मामिला मन्त्रालय	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विषयगत मन्त्रालय	कार्यसम्पादन सूचकमा राजस्व सुधार समावेश भएको हुने
९	रणनीति ९: राजस्वलाई सेवा सुधार, स्रोत संरक्षण र पुनःलगानीसँग आबद्ध गर्ने	९.१	पर्यटन, यातायात, प्राकृतिक स्रोत तथा प्रशासनिक सेवा शुल्कबाट प्राप्त आयलाई सम्बन्धित सेवा सुधार, स्रोत संरक्षण, पूर्वाधार र सेवाग्राही सुविधा सुधारसँग जोड्ने पुनःलगानी ढाँचा तयार गर्ने	मध्यमकालीन	आर्थिक मामिला मन्त्रालय	भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, उद्योग तथा पर्यटन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, स्थानीय तह	क्षेत्रगत राजस्व पुनःलगानी ढाँचा तयार भएको हुने
		९.२	"राजस्वबाट प्राप्त उपलब्धि" सम्बन्धी वार्षिक सार्वजनिक प्रतिवेदन तयार गरी करदाता र नागरिकसमक्ष प्रकाशन गर्ने तथा बजेट/MTEF सँग रणनीति आबद्ध गर्ने	नियमित	आर्थिक मामिला मन्त्रालय	प्रदेश नीति तथा योजना आयोग, विषयगत मन्त्रालय, स्थानीय तह	राजस्व–सेवा प्रतिफलसम्बन्धी वार्षिक प्रतिवेदन प्रकाशित भएको; बजेट र MTEF सँग अन्तर-आबद्धता कायम हुने

५.१० रणनीतिक कार्ययोजना कार्यान्वयन व्यवस्था

रणनीतिक कार्ययोजना प्रभावकारी रूपमा कार्यान्वयन हुन स्पष्ट संस्थागत जिम्मेवारी, राजनीतिक तथा प्रशासनिक निरन्तरता, पर्याप्त वित्तीय स्रोत, प्राविधिक क्षमता, अन्तरसरकारी समन्वय र नियमित समीक्षा आवश्यक हुन्छ। यस खण्डमा कार्ययोजना कार्यान्वयनका आधारभूत पूर्वधारणा, वित्तीय स्रोत व्यवस्थापन तथा सम्भावित जोखिम र जोखिम न्यूनीकरणका उपायहरू प्रस्तुत गरिएको छ।

५.१०.१ पूर्वधारणा तथा आधारभूत मान्यताहरू

यस रणनीतिक कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि देहायबमोजिमका पूर्वानूमान तथा आधारभूत मान्यताको अबलम्बन गरिएका छन्:

१) गण्डकी प्रदेश सरकारले राजस्व परिचालन सुधारलाई प्रदेशको वित्तीय स्वायत्तता, सेवा सुधार र विकास प्राथमिकतासँग जोडिएको साझा नीतिगत एजेण्डाका रूपमा निरन्तरता दिनेछ।

२) समुन्नति, सुशासन र रूपान्तरणको जनचाहनाको बदलिँदो अवस्थामा वर्तमान सरकार, आगामी निर्वाचनपछि गठन हुने प्रदेश सरकार, प्रदेश सभाका नयाँ सदस्य तथा राजनीतिक नेतृत्व परिवर्तन भए पनि यस रणनीतिलाई प्रदेशको संस्थागत दस्तावेजका रूपमा ग्रहण गरी नियमित रूपमा कार्यान्वयन गरिनेछ।

३) आर्थिक मामिला मन्त्रालयले राजस्व सुधारको प्रमुख नेतृत्वदायी निकायका रूपमा आवश्यक समन्वय, सहजीकरण, अनुगमन र प्रतिवेदनको भूमिका निर्वाह गरिनेछ।

४) विषयगत मन्त्रालय, निकाय, मातहतका कार्यालय तथा स्थानीय तहले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित राजस्व सुधार कार्यमा आवश्यक संस्थागत सहयोग, तथ्याङ्क उपलब्धता र कार्यान्वयन प्रतिबद्धता प्रदान गरिनेछ।

५) साझा अधिकार क्षेत्रका राजस्व स्रोतहरूको परिचालनमा सङ्घ, प्रदेश र स्थानीय तहबीच न्यूनतम नीतिगत व्यवस्था, कार्यविभाजन, तथ्याङ्क साझेदारी र राजस्व बाँडफाँटसम्बन्धी समन्वय कायम हुनेछ।

६) रणनीति कार्यान्वयनका लागि आवश्यक न्यूनतम वित्तीय स्रोत, जनशक्ति, प्राविधिक सहयोग र प्रशासनिक क्षमता प्रदेशको मध्यमकालीन खर्च संरचना र वार्षिक नीति तथा कार्यक्रम, बजेट र मार्फत क्रमशः उपलब्ध गराइनेछ।

७) रणनीतिमा उल्लिखित समयावधि, जिम्मेवारी र अपेक्षित उपलब्धि स्रोत उपलब्धता, कानुनी प्रक्रिया, प्राविधिक तयारी, अन्तरसरकारी समन्वय र प्रशासनिक क्षमताका आधारमा वार्षिक रूपमा समीक्षा गरी आवश्यकतानुसार परिमार्जन र अद्यावधिक गरिनेछ।

५.१०.२ वित्तीय स्रोत व्यवस्थापन

रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत प्रदेश सरकारको वार्षिक बजेट, विषयगत मन्त्रालयका नियमित कार्यक्रम, सङ्घीय सरकारबाट प्राप्त हुने सहयोग, स्थानीय तहसँगको सहकार्य, विकास साझेदारबाट प्राप्त हुने प्राविधिक सहयोग तथा सार्वजनिक-निजी सहकार्यबाट क्रमशः परिचालन गरिनेछ।

राजस्व सुधारसम्बन्धी सबै कार्यहरू एकैपटक कार्यान्वयन गर्न सम्भव नहुने भएकाले स्रोत उपलब्धता, प्राथमिकता र कार्यान्वयन क्षमताका आधारमा चरणबद्ध रूपमा बजेट विनियोजन गरिनेछ। अल्पकालीन अवधिमा कानुनी समीक्षा, स्रोतगत कराधार तथा करदाताको तथ्याङ्क तथा राजस्व परिचालनको आधार अवस्था तयारी, कराधार अभिलेखीकरण, समन्वय संयन्त्र स्थापना र

डिजिटल प्रणालीको प्रारम्भिक डिजाइनका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ। मध्यमकालीन अवधिमा डिजिटल प्रणाली कार्यान्वयन, प्राकृतिक स्रोत अनुगमन, पर्यटन राजस्व मोडेल, स्थानीय तहसँग तथ्याङ्क आदान-प्रदान, क्षमता विकास र करदाता सेवा सुधारका लागि स्रोत परिचालन गरिनेछ। दीर्घकालीन अवधिमा उन्नत तथ्याङ्क विश्लेषण, राजस्व प्रक्षेपण प्रणाली, कागजरहित सेवा, राजस्व-सेवा प्रतिफल प्रणाली र पुनःलगानी अभ्यास संस्थागत गर्न आवश्यक स्रोत व्यवस्थापन गरिनेछ।

डिजिटल प्रणाली, तथ्याङ्क व्यवस्थापन, प्राकृतिक स्रोत परिचालन तथा निगरानी, क्षमता विकास, करदाता सेवा सुधार तथा नीति अनुसन्धानजस्ता क्षेत्रमा विकास साझेदार, विश्वविद्यालय, अनुसन्धान संस्था र प्राविधिक सहयोगी संस्थासँग सहकार्य गर्न सकिनेछ। यस्ता सहयोगलाई प्रदेशको स्वामित्व, प्रणालीगत दिगोपना र संस्थागत क्षमता अभिवृद्धिसँग आबद्ध गरिनेछ।

रणनीतिक कार्ययोजनामा प्रस्तावित कार्यहरूलाई प्रदेशको योजना, आयोजना बैंक तथा व्यवस्थापन प्रणाली, मध्यमकालीन खर्च संरचना, वार्षिक नीति, कार्यक्रम तथा बजेट, र विषयगत मन्त्रालयका वार्षिक कार्ययोजनासँग क्रमशः आबद्ध गरिनेछ। प्रत्येक आर्थिक वर्षमा कार्ययोजनाको प्रगति समीक्षा गरी आगामी वर्षको बजेट तथा कार्यक्रम तर्जुमामा आवश्यक स्रोत सुनिश्चित गर्ने व्यवस्था गरिनेछ।

५.१०.३ कार्यान्वयन जोखिम तथा जोखिम न्यूनीकरण

रणनीतिक कार्ययोजना कार्यान्वयनका दौरानमा नीतिगत , कानुनी, संरचनागत, वित्तीय, प्राविधिक तथा अन्तरसरकारी समन्वयसम्बन्धी जोखिम आउन् सक्नेछन्। यस्ता जोखिमलाई समयमै पहिचान गरी न्यूनीकरणका उपाय अवलम्बन गर्नु यस रणनीति कार्यान्वयनको महत्वपूर्ण पक्ष हुनेछ। यस रणनीतिले पहिचान गरेका सम्भाव्य जोखिम, प्रभाव र जोखिम न्यूनीकरणका उपाय देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छः-

तालिका नं. 20: कार्यान्वयन जोखिम तथा जोखिम न्यूनीकरणका उपाय

क्र.सं.	सम्भावित जोखिम	सम्भावित प्रभाव	जोखिम न्यूनीकरणका उपाय
१	सरकार, प्रदेश सभा वा राजनीतिक नेतृत्व परिवर्तन हुँदा रणनीति कार्यान्वयनमा निरन्तरता कमजोर हुनु	प्राथमिकता परिवर्तन, कार्यान्वयन ढिलाइ र स्वामित्व कमजोर हुन सक्ने	रणनीतिलाई प्रदेशको संस्थागत दस्तावेजका रूपमा स्वीकृत गर्ने, वार्षिक नीति तथा कार्यक्रम र बजेटसँग आबद्ध गर्ने, सबै प्रमुख सरोकारवालामा साझा स्वामित्व विकास गर्ने
२	साझा अधिकार क्षेत्रका राजस्व स्रोतमा सङ्घ, प्रदेश र स्थानीय तहबीच कार्यविभाजन अस्पष्ट रहनु	दोहोरोपन, विवाद, बाँडफाँट समस्या र राजस्व चुहावट हुन सक्ने र राजनीतिक कारण सम्वादविहिनताको अवस्था आउन सक्ने	साझा अधिकार स्रोतको कार्यविभाजन ढाँचा तयार गर्ने, सङ्घीय निकाय र स्थानीय तहसँग नियमित समन्वय गर्ने, प्रतिवेदन र हिसाब मिलान प्रणाली लागू गर्ने
३	कानुनी तथा नीतिगत सुधारमा ढिलाइ हुनु	कृषि आयामा कर, प्राकृतिक स्रोत, पर्यटन शुल्क तथा अन्य साझा स्रोतको परिचालन कमजोर रहन सक्ने	कानुनी समीक्षा कार्यलाई अल्पकालीन प्राथमिकता दिने, आर्थिक ऐन तथा विषयगत कानुनमा चरणबद्ध सुधार गर्ने, नेपाल सरकारसँग आवश्यक सम्वाद र पैरवी गर्ने
४	डिजिटल प्रणाली विकास र अन्तरआबद्धतामा प्राविधिक चुनौती आउनु	डिजिटल राजस्व व्यवस्थापन, प्रतिवेदन, भुक्तानी र हिसाब मिलानमा ढिलाइ हुन सक्ने र	राजस्व परिचालन सबन्धी नीतिगत सारसंक्षेप तयार गर्ने, सत्ता साझेदार दल र अन्य राजनीतिक शक्ति बीच नियमित रूपमा सम्वाद गर्ने, चरणबद्ध प्रणाली विकास गर्ने, पाइलट परीक्षण गर्ने, साइबर सुरक्षा र

क्र.सं.	सम्भावित जोखिम	सम्भावित प्रभाव	जोखिम न्यूनीकरणका उपाय
		राजनीतिक तथा प्रशासनिक अवरोध आउन सक्ने	अन्तरआबद्धता मापदण्ड तयार गर्ने, प्राविधिक सहयोग परिचालन गर्ने
५	आवश्यक वित्तीय स्रोत, जनशक्ति र प्राविधिक क्षमता पर्याप्त नहुनु	कार्ययोजना कार्यान्वयन आंशिक वा ढिलो हुन सक्ने	वार्षिक बजेट र मध्यमकालीन खर्च संरचनामा स्रोत समावेश गर्ने, विकास साझेदार तथा प्राविधिक सहयोग संस्थासँग सहकार्य गर्ने, क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने
६	स्थानीय तहबाट सङ्कलन हुने साझा राजस्वको प्रतिवेदन, दाखिला र हिसाब मिलान नियमित नहुनु	प्रदेश हिस्साको राजस्व कम देखिनु, बाँडफाँट विवाद र तथ्याङ्कीय कमजोरी देखिन सक्ने	साझा प्रतिवेदन ढाँचा, डिजिटल विवरण पेश गर्ने प्रणाली, नियमित बैंक दाखिला तथा हिसाब मिलान र प्रदेश–स्थानीय समन्वय संयन्त्र सञ्चालन गर्ने
७	करदाता र निजी क्षेत्रबाट नयाँ दर्ता, शुल्क, नवीकरण वा अनुपालना सुधारमा प्रतिरोध आउनु	स्वेच्छिक अनुपालना कमजोर हुनु र राजस्व सुधारमा सामाजिक स्वीकार्यता घट्नु	करदाता सेवा, राजस्व सचेतना, प्रारम्भिक सहजीकरण, स्पष्ट सूचना, सेवा सुधार र कर-सेवा प्रतिफल प्रणाली लागू गर्ने
८	प्राकृतिक स्रोत व्यवस्थापनमा अवैध उत्खनन, अभिलेख कमजोरी र स्थानीय विवाद कायम रहनु	राजस्व चुहावट, वातावरणीय क्षति र तहगत विवाद बढ्न सक्ने	स्रोत नक्साङ्कन, डिजिटल अनुमति, क्यूआर चालान, तौल पुल, जीपीएस निगरानी, संयुक्त अनुगमन र पारदर्शी प्रतिवेदन प्रणाली लागू गर्ने
९	राजस्व प्रक्षेपण र नीति निर्णय तथ्याङ्कमा आधारित हुन नसक्नु	लक्ष्य अवास्तविक हुनु, बजेट व्यवस्थापन कमजोर हुनु र नीति निर्णय कमजोर हुन सक्ने	स्रोतगत डाटाबेस, राजस्व ड्यासबोर्ड, तथ्याङ्क विश्लेषण, नियमित दर समीक्षा र प्रमाणमा आधारित प्रक्षेपण प्रणाली विकास गर्ने
१०	कार्ययोजना अनुगमन र समीक्षा नियमित नहुनु	रणनीति कागजी दस्तावेजमा सीमित रहने जोखिम	अर्धवार्षिक र वार्षिक समीक्षा प्रणाली लागू गर्ने, जिम्मेवार निकायको कार्यसम्पादन सूचकमा कार्ययोजना प्रगति समावेश गर्ने, प्रगति प्रतिवेदन सार्वजनिक गर्ने

उपरोक्त जोखिम न्यूनीकरणका उपायहरूलाई कार्ययोजना कार्यान्वयनको अभिन्न अङ्गका रूपमा अबलम्बन गरिनेछ। जोखिमको अवस्था, स्रोत उपलब्धता, कानुनी प्रक्रिया, प्राविधिक तयारी र अन्तरसरकारी समन्वयको प्रगतिका आधारमा कार्ययोजनालाई वार्षिक रूपमा समीक्षा तथा आवश्यकतानुसार परिमार्जन गरिनेछ।

५.११ रणनीतिको अनुगमन तथा मूल्याङ्कन

यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि प्रक्रिया तथा सूचक अनुसार नियमित प्रक्रिया तथा नतिजा अनुगमन, आवधिक प्रगति समीक्षा र नतिजामा आधारित मध्यावधि तथ अन्तिम मूल्याङ्कनको प्रणालीको विकास गरिनेछ। रणनीतिक कार्ययोजनामा उल्लेखित प्रमुख कार्य, समयावधि, जिम्मेवार निकाय, सहयोगी निकाय र अपेक्षित उपलब्धिसूचकका आधारमा प्रक्रियाको निगरानी तथा प्रगतिको मापन गर्ने, कार्यान्वयनमा देखिएका समस्या पहिचान तथा समाधान गर्ने, रणनीतिमा प्रस्तुत प्रक्रिया तथा मध्यावधि तथा अन्तिम मूल्याङ्कन गर्ने व्यवस्था यस खण्डमा उल्लेख गरिएको छ।

५.११.१ प्रकिया तथा नतिजा अनुगमन

रणनीतिक कार्ययोजनाको प्रक्रिया तथा नतिजाको नियममित अनुगमनको मुख्य जिम्मेवारी आर्थिक मामिला मन्त्रालयको हुनेछ। सम्बन्धित विषयगत मन्त्रालय, निकाय , कार्यालय तथा स्थानीय तहले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित कार्यहरूको प्रगति विवरण आर्थिक मामिला मन्त्रालयमा नियमित रूपमा उपलब्ध गराउनेछन्। आर्थिक मामिला मन्त्रालयले प्राप्त विवरणका आधारमा रणनीति कार्यान्वयनको समग्र अवस्था, स्रोतगत प्रगति, समयावधि अनुसारको उपलब्धि, समस्या तथा सुधारका क्षेत्रको विश्लेषण तथा आवधिक प्रतिवेदन तयार गर्नेछ।

अनुगमनका लागि रणनीतिक कार्ययोजनाको तालिकामा उल्लेखित अपेक्षित उपलब्धि/सूचकलाई प्रमुख आधार बनाइनेछ। कराधार विस्तार, राजस्व सङ्कलन, डिजिटल प्रणाली कार्यान्वयन, साझा राजस्व प्रतिवेदन, प्राकृतिक स्रोत व्यवस्थापन तथा नियमन कार्यको अनुगमन, पर्यटन राजस्व मोडेल, करदाता सेवा, क्षमता विकास, पुनःलगानी र जोखिम न्यूनीकरणसम्बन्धी प्रक्रियाको निगरानी तथा प्रगतिको मापन नियमित रूपमा गरिनेछ।

अनुगमनलाई तथ्याङ्कमा आधारित बनाउन क्रमशः डिजिटल राजस्व ड्यासबोर्ड, स्रोतगत प्रगति विवरण, कार्यालयगत प्रतिवेदन, स्थानीय तहबाट प्राप्त विवरण, राजस्व सङ्कलन तथ्याङ्क, बक्यौता विवरण, डिजिटल भुक्तानी विवरण, संयुक्त अनुगमन प्रतिवेदन तथा करदाता/सेवाग्राही गुनासो अभिलेख प्रयोग गरिनेछ।

५.११.२ समीक्षा व्यवस्था

रणनीति कार्यान्वयन प्रक्रिया र नतिजाको प्रगति, समस्या, जोखिम तथा सुधार सम्बन्धमा त्रैमासिक, अर्धवार्षिक र वार्षिक रूपमा आवधिक समीक्षा तीन चरणमा सञ्चालन गरिनेछ।

त्रैमासिक समीक्षा: आर्थिक मामिला मन्त्रालयको समन्वयमा सम्बन्धित राजस्व प्रशासन तथा परिचालन गर्ने मन्त्रालय, निकाय तथा सङ्कलन कार्यालयको सहभागितामा त्रैमासिक रूपमा प्रक्रिया तथा नतिजाको प्रगति समीक्षा गरिनेछ। यस समीक्षामा कार्ययोजनाको प्रगति, राजस्व सङ्कलन अवस्था, बक्यौता, डिजिटल प्रणाली कार्यान्वयन, साझा राजस्व प्रतिवेदन, दर तथा कानुनी व्यवस्था लगायत रणनीतिकको कार्यान्वयन प्रक्रिया नतिजाको प्रगति मापन र कार्यान्वयनमा देखिएका अवरोधहरू लेखाजोखा तथा प्रतिवदन तयार गरी मन्त्रालय र नीति तथा योजना आयोग पेशमा गरिनेछ।

अर्धवार्षिक समीक्षा: प्रत्येक आर्थिक वर्षको अर्धवार्षिक अवधिमा आर्थिक मामिला मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, विषयगत मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, स्थानीय तहका प्रतिनिधि तथा आवश्यकताअनुसार निजी क्षेत्र र विकास साझेदारको सहभागितामा सुधारका प्रक्रिया तथा प्रमुख नतिजाको समीक्षा गरिनेछ। समीक्षामा नीति, कानुन, संस्थागत क्षमता, अन्तरसरकार तथा निकाय समन्वय, राजस्वको क्षेत्रगत उपलब्धि र सुधार कार्यहरूको कार्यान्वयनसँग सम्बन्धित सवालहरूको लेखाजोखा गरी प्रतिवदेन तयारी मन्त्रालगत रूपमा प्रतिवेदन तयारी गरी आर्थिक मामिला मन्त्रालय र नीति तथा योजना आयोगमा पेश गरिनेछ। समीक्षा कार्यक्रम सहजीकरण आर्थिक मामिला मन्त्रालय, राजस्व महाशाखा वा प्रस्तावित राजस्व विभागले गर्नेछ।

वार्षिक समीक्षा: प्रत्येक आर्थिक वर्षको अन्त्यमा रणनीतिक कार्ययोजना कार्यान्वयन तालिकाको अनुपालना, कार्यान्वयन प्रक्रिया तथा प्राप्त नतिजा तथा उपलब्ध र कार्ययोजना कार्यान्वयन र अपेक्षित नतिजामा हासिल गर्न देखिएका सवाल सम्बन्धमा वार्षिक समीक्षा गरी प्रतिवेदन तयार गरिनेछ। समीक्षाका निष्कर्षलाई आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, बजेट, आर्थिक विधेयक, मध्यमकालीन खर्च संरचना र विषयगत कार्ययोजनामा समावेश गर्न आधारका रूपमा प्रयोग गरिनेछ। वार्षिक

समीक्षाबाट आवश्यकताअनुसार कार्ययोजनाको समयावधि, जिम्मेवारी, कार्यसम्पानका सूचक र प्राथमिकतामा परिमार्जन गर्न सकिनेछ।

५.११.३ मद्यावधि तथा अन्तिम समीक्षा वा मूल्याङ्कन

सहभागितामूलक, परिमाणात्मक तथा गुणात्मक अध्ययन विधिको प्रयोग गरी यस रणनीतिको सान्दर्भिकता, सामञ्जस्यता, कार्यसम्पादन तथा कार्यदक्षता, प्रभावकारिता, प्रभाव, दिगोपना, लैङ्गिक समानता र समावेशीकरण, वातावरण तथ जलवायु उत्थानशीलता सम्बन्धमा मद्यावधि तथा अन्तिम मूल्याङ्कन गरिनेछ।

मध्यावधि मूल्याङ्कन: रणनीति कार्यान्वयनको तेस्रो वर्षमा मध्यावधि मूल्याङ्कन गरिनेछ। यस मूल्याङ्कनमा रणनीतिक कार्ययोजनाको कार्यान्वयन अवस्था, राजस्वका कराधार तथा कभरेज विस्तार; नीतिगत, कानुनी तथा संरचनागत सुधार; राजस्व परिचालनमा सुधार; डिजिटल प्रणालीको उपयोग; प्रदेश–स्थानीय तह र निकायगत समन्वय तथा सहकार्य,करदाता सेवा र जोखिम न्यूनीकरणको अवस्थालाई विश्लेषण तथा लेखाजोखा गरिनेछ। मध्यावधि मूल्याङ्कनका आधारमा बाँकी अवधिका लागि राजस्व परिचालन रणनीति, कार्ययोजना तथा लक्ष्यमा आवश्यक परिमार्जन, सुधार गरी आगामी ३ आ.व.को राजस्वको लक्ष्यको पुन प्रक्षेपण गरिनेछ।

अन्तिम मूल्याङ्कन: रणनीतिको अन्त्यमा अन्तिम मूल्याङ्कन गरिनेछ। यस मूल्याङ्कन मूल्याङ्कन माथि उल्लिखित आयामका अतिरिक्त रणनीति कार्ययोजना कार्यान्वयन, प्राप्त उपलब्धि, राजस्व परिचालनको लक्ष्य, राजस्व प्रशासनको संस्थागत सुधार, डिजिटल प्रणालीको उपयोग, साझा अधिकार क्षेत्रका राजस्व व्यवस्थापनको प्रभावकारिता, कर सहभागिता तथा कर अनुपालना, पुनःलगानी अभ्यास र वित्तीय स्वायत्ततामा भएको योगदानको समीक्षा गरिनेछ। अन्तिम मूल्याङ्कनले आगामी रणनीति वा नयाँ कार्ययोजना तर्जुमाका लागि आधार प्रदान गरिनेछ। मूल्याङ्कन प्रक्रियालाई निष्पक्ष, अनुसन्धान तथा प्रमाणमा आधारित र उपयोगमुखी बनाउन आवश्यकता अनुसार विषय विज्ञ, अनुसन्धान संस्था, विश्वविद्यालय वा विकास साझेदारको प्राविधिक सहयोग लिने तथा सहभागितमूलक विधिको अबलम्बन गर्न सकिनेछ।

५.११.४ प्रमुख अनुगमन तथा परिणाम सूचक

रणनीति कार्यान्वयनको प्रगति र परिणाम मापनका लागि देहायका प्रमुख सूचकहरू प्रयोग गरिनेछ। आवश्यकतानुसार यी सूचकहरूलाई वार्षिक रूपमा अद्यावधिक तथा परिमार्जन गर्न सकिनेछ।

तालिका नं. 21: अनुगमन तथा परिणाम सूचक

क्र.सं.	सूचक	मापनको आधार	समीक्षा समय
१	कुल गार्हस्थ्य उत्पादनमा आन्तरिक राजस्वको हिस्सा सङ्कलन	प्रादेशिक लेखा तथा राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदन, सङ्कलन आर्थिक सर्भेक्षण, वार्षिक प्रतिवदेन	वार्षिक, मद्यावधि तथा अन्ति
२	प्रदेशको आन्तरिक राजस्व सङ्कलनमा वृद्धि	वार्षिक राजस्व लक्ष्य, सङ्कलन तथा वृद्धि दर	वार्षिक, मद्यावधि र अन्तिम
३	कुल बजेटमा आन्तरिक स्रोत राजस्वको हिस्सा	आन्तरिक राजस्व र कुल बजेटको अनुपात	वार्षिक, मद्यावधि र अन्तिम
४	प्रमुख राजस्व स्रोतको कराधार दायरा अभिलेखीकरण	स्रोतगत करदाता/सेवाग्राही डाटाबेस, डिजिटल अभिलेख	अर्धवार्षिक तथा वार्षिक

क्र.सं.	सूचक	मापनको आधार	समीक्षा समय
५	डिजिटल भुक्तानी तथा अनलाइन सेवा उपयोग	डिजिटल भुक्तानीको सङ्ख्या/रकम, अनलाइन सेवा प्रयोग	त्रैमासिक, अर्धवार्षिक, वार्षि
६	साझा राजस्व स्रोतको प्रतिवेदन र हिसाब मिलान	स्थानीय तहबाट प्राप्त विवरण, बाँडफाँट रकम, Reconciliation अवस्था	त्रैमासिक, अर्धवार्षिक र वार्षिक
७	बक्यौता पहिचान तथा असुली अवस्था	बक्यौता अभिलेख, असुली रकम, असुली दर	त्रैमासिक, अर्धवार्षिक र वार्षिक
८	प्राकृतिक स्रोत राजस्व व्यवस्थापन सुधार	स्रोत नक्साङ्कन, डिजिटल अनुमति, संयुक्त अनुगमन प्रतिवेदन	अर्धवार्षिक तथा वार्षिक
९	पर्यटन तथा सेवा शुल्क परिचालन	दर्ता/नवीकरण, डिजिटल अनुमति, शुल्क सङ्कलन र पुनःलगानी विवरण	अर्धवार्षिक तथा वार्षिक
१०	करदाता सेवा तथा स्वेच्छिक अनुपालना	करदाता सहायता सेवा, गुनासो समाधान, नवीकरण/दर्ता अनुपालना	अर्धवार्षिक तथा वार्षिक
११	कानुनी तथा दर संरचनासुधार	कानुनी समीक्षा, आर्थिक ऐनमा सुधार, दर पुनरावलोकन निर्णय	वार्षिक, मद्यावधि र अन्तिम
१२	संस्थागत क्षमता विकास	तालिम, अभिमुखीकरण, राजस्व सम्पर्क व्यक्ति/एकाइ, कार्यसम्पादन सूचक	अर्धवार्षिक तथा वार्षिक
१३	राजस्व–सेवा प्रतिफल तथा पुनःलगानी	राजस्वबाट सेवा सुधार/स्रोत संरक्षणमा भएको पुनःलगानी विवरण	वार्षिक, मद्यावधि र अन्तिम

नियमत अनुगमन, समीक्षा तथा मूल्याङ्कनबाट प्राप्त निष्कर्षलाई केवल प्रतिवेदनमा सीमित नगरी नीति तथा निर्णय प्रक्रियासँग आबद्ध गरिनेछ। प्राप्त नतिजालाई आगामी वर्षको मध्यमकालीन खर्च संरचना, नीति तथा कार्यक्रम, बजेट विनियोजन, आर्थिक विधेयक, दर पुनरावलोकन, कानुनी सुधार, संस्थागत क्षमता विकास र कार्ययोजना अद्यावधीकरणमा प्रयोग गरिनेछ। यसले रणनीतिलाई स्थिर दस्तावेज नभई नियमित सिकाइ, सुधार र परिणाममा आधारित कार्यान्वयन प्रणालीका रूपमा विकास गर्न सहयोग पुऱ्याउनेछ।

अध्याय छः राजस्व अनुमान तथा प्रक्षेपण

यस अध्यायमा गण्डकी प्रदेशको आन्तरिक राजस्वको विगत पाँच आर्थिक वर्षको प्रवृत्ति, प्रमुख स्रोतहरूको परिचालन अवस्था, सम्भावना तथा वास्तविक सङ्कलन बीचको खाडल र आगामी तीन आर्थिक वर्षका लागि राजस्व प्रक्षेपण प्रस्तुत गरिएको छ। अघिल्ला अध्यायहरूमा गरिएको नीति–कानुन, संस्थागत व्यवस्था, स्रोतगत सम्भावना, प्रमुख सवाल तथा रणनीतिक सुधारको विश्लेषणलाई आधार मानी यस अध्यायमा राजस्व अनुमान तथा प्रक्षेपणको आधार तयार गरिएको छ। राजस्व प्रक्षेपण प्रदेशको वार्षिक नीति तथा कार्यक्रम, बजेट, मध्यमकालीन खर्च संरचना र स्रोत व्यवस्थापनका लागि महत्वपूर्ण आधार हो।

६.१ राजस्वको शीर्षकगत प्रवृत्ति

गण्डकी प्रदेशको आन्तरिक राजस्वको शीर्षकगत प्रवृत्ति विश्लेषण गर्दा कर राजस्व तथा गैर कर राजस्व (बाँडफाँटबाट प्राप्त राजस्व, सेवा शुल्क, दस्तुर, रोयल्टी, प्राकृतिक स्रोतबाट प्राप्त आय, प्रशासनिक सेवा शुल्क तथा दण्ड–जरिवाना)बाट प्राप्त आयलाई समेटिएको छ। विगत पाँच आर्थिक वर्षको यथार्थ सङ्कलन र चालु आर्थिक वर्षको अनुमान एवम् विगत पाँच आर्थिक वर्षको यथार्थ सङ्कलनका आधारमा औसत वृद्धि दरको गणना समेत गरिएको छ।

विगत पाँच आर्थिक वर्षको शीर्षकगत राजस्व प्रवृत्ति विश्लेषणका लागि वार्षिक औसत वृद्धिदर गणना गर्दा LOGEST विधि प्रयोग गरिएको छ। कुनै राजस्व शीर्षकमा कुनै वर्ष सङ्कलन शून्य रहेको अवस्थामा पाँचै वर्षको तथ्याङ्क प्रवृत्ति विश्लेषणमा समावेश गर्न LOGEST गणनाका लागि शून्यको सट्टा अत्यन्त नगण्य सकारात्मक मान प्रयोग गरिएको छ। यसरी गणना गरिएको वृद्धिदरलाई शीर्षकगत प्रवृत्तिको सङ्केतका रूपमा प्रयोग गरिएको छ।

प्रदेश राजस्व शीर्षकहरूलाई विश्लेषण प्रयोजनका लागि कर राजस्व, गैरकर राजस्व, र राजस्व बाँडफाँट तथा रोयल्टी गरी तीन समूह/क्षेत्रमा वर्गीकरण गरिएको छ। घरजग्गा रजिष्ट्रेशन शुल्क सैद्धान्तिक हिसाबले गैर कर राजस्व भएता पनि एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरणमा यसलाई कर राजस्व समूहअन्तर्गत राजस्व सङ्केत ११३१५ मा वर्गीकृत गरिएकाले यस तालिकामा कर राजस्वमा समावेश गरिएको छ।

तालिका नं. 22: विगत ५ आर्थिक वर्षको राजस्व प्राप्ति तथा वार्षिक औसत वृद्धिदर

रकम रू. लाखमा

राजस्व सङ्केत	राजस्व शीर्षक	रकम (यथार्थ)					०८२/८३ को अनुमान	वार्षिक औसत वृद्धिदर
		०७७/७८	०७८/७९	०७९/८०	०८०/८१	०८१/८२		
क.	**प्रदेश कर राजस्व**	**१५२३१**	**२५१९३**	**१७८७५**	**१९३४७**	**१९६८६**	**२६३७५**	**२.५२**
११११३६	कृषि आयमा कर	०	०	०	०	२	२	
११३१५	बाँडफाँटबाट प्राप्त हुने घरजग्गा रजिष्टेशन दस्तुर	६९५९	१०३६६	७०४५	७५९८	७७२७	१२५००	-१.०१
११४५६	बाँडफाँड प्राप्त हुने सवारी साधन कर	८२७२	१४८२२	१०८१३	११६८०	११८७७	१३८००	४.९७
११४७१	बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर	०	०	१४	५४	५८	५०	१०१.५५
११४७२	बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर	०	५	३	१४	२२	२३	२०२.२१
ख.	**प्रदेश गैर कर राजस्व**	**१००४२**	**११००६**	**१२१८९**	**१२८५४**	**१३८९५**	**२९०६९**	**८.३८**
१४१५१	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	१४	३	८१	१४२	१	१५०	-९.९१

राजस्व सङ्केत	राजस्व शीर्षक	रकम (यथार्थ)					०८२/८३ को अनुमान	वार्षिक औसत वृद्धिदर
		०७७/७८	०७८/७९	०७९/८०	०८०/८१	०८१/८२		
१४१५७	बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय	२२३८	१४३१	१५८३	१३१६	१५९५	२७५०	-७.३३
१४१९१	पर्यटन शुल्क	०	०	०	०	६३	५२	
१४१९२	पदयात्रा शुल्क	६	४	४	४	७	८	४.८६
१४२११	कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम	५	७	१०	१७	२२	२०	४८.९९
१४२१२	सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम	१५	१३	२७	१८	१९	१८	७.८८
१४२१३	अन्य विक्रीबाट प्राप्त रकम	१२	११	३	३	१	५	-४६.४५
१४२२३	शिक्षा क्षेत्रको आम्दानी	८	१२	१४	१५	१४	१९	१५.१२
१४२२४	परीक्षा शुल्क	२७	४३३	८९	११५४	६१६	१५००	१०६.९४
१४२२५	यातायात क्षेत्रको आम्दानी	४६८	६०३	६१०	६५१	६६६	११५०	८.१२
१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	३४०३	३६८२	३४७८	३६०८	४०००	४५००	३.०८
१४२५३	व्यावसाय रजिष्ट्रेशन दस्तुर	८१६	५५१	५३९	३५२	५८७	९५००	-१०.४८
१४२५६	चालक अनुमति पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर	२४६६	३७८५	४९२२	४४६७	५०२५	८०००	१७.२२
१४२६४	वन क्षेत्रको अन्य आय	६	०	२	२८१	२५४	२५०	-९.५३
१४३११	न्यायिक दण्ड, जरिवाना र जफत	०	०	०	३	०	१	
१४३१२	प्रशासनिक दण्ड, जरिवाना र जफत	५२०	३१४	४६१	५५७	५७६	६५०	८.१०
१४३१३	धरौटी सदरस्याहा	२	४९	९७	३	६८	६०	५१.१७
१४५२९	अन्य राजस्व	३६	११०	२६७	२६३	३८०	४३८	७४.६७
ग.	**राजस्व बाँडफाँट तथा रोयल्टी**	**७१४८५**	**८०८२०**	**६६७५६**	**७४२८३**	**८९३०६**	**१००१६९**	**३.६७**
११४११	बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर	५३६९७	५९१२१	४८३३९	५२७२२	६३१७९	७७८९८	२.१३
११४२१	बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क	१५२६९	१८५१७	१८४१८	१८१२०	२२६०८	२००३१	७.९३
१४१५३	बाँडफाँड भई प्राप्त वन रोयल्टी	१७१	५३७	०	४२६	४४१	५८४	१८.१३
१४१५४	बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी	८	२३	०	२१	११	२५	६.६६
१४१५५	बाँडफाँड भई प्राप्त जलस्रोत सम्बन्धी रोयल्टी	०	०	०	०	०	१	
१४१५६	बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी	२२८५	२५१०	०	२७८०	२९१३	१४२५	६.०५
१४१५८	बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी	५५	११२	०	२१४	१५४	२०५	३१.०७
	जम्मा	**९६७५९**	**११७०१९**	**९६८२०**	**१०६४८४**	**१२२८८७**	**१५५६१३**	**३.९१**

तालिका नं. २१ अनुसार गण्डकी प्रदेशको आन्तरिक राजस्व विगत पाँच आर्थिक वर्षमा समग्र रूपमा वृद्धि भएको देखिए पनि स्रोतगत प्रवृत्ति समान र स्थिर छैन। कुल आन्तरिक राजस्वको वार्षिक औसत वृद्धिदर ३.९१ प्रतिशत रहेको छ। यसले प्रदेशको आन्तरिक राजस्व वृद्धि मध्यम र सीमित रहेको सङ्केत गर्दछ। समूह/क्षेत्रगत रूपमा हेर्दा प्रदेश कर राजस्वको वृद्धिदर २.५२ प्रतिशत, प्रदेश गैरकर राजस्वको वृद्धिदर ८.३८ प्रतिशत र राजस्व बाँडफाँट तथा रोयल्टीबाट प्राप्त आयको वृद्धिदर ३.६७ प्रतिशत रहेको देखिन्छ। यसले प्रदेशको प्रत्यक्ष प्रयासबाट सुधार गर्न सकिने कर तथा गैरकर स्रोतहरूमा थप सुधारको सम्भावना रहेको

देखाउँछ भने बाँडफाँट तथा रोयल्टी स्रोतहरू सङ्घीय तथा अन्तरसरकारी व्यवस्था र राष्ट्रिय आर्थिक गतिविधिसँग पनि निर्भर रहने सङ्केत गर्दछ।

स्रोतगत रूपमा हेर्दा सवारी साधन कर प्रदेश कर राजस्वको सबैभन्दा नियमित र महत्वपूर्ण स्रोतका रूपमा देखिन्छ भने घरजग्गा रजिष्ट्रेशन दस्तुर परिचालनको प्रवृत्ति नकारात्मक देखिएको छ। यसले घरजग्गा कारोबारको बजार संवेदनशीलता र मूल्याङ्कन प्रणालीसँग जोडिएका चुनौतीलाई सङ्केत गर्दछ। मनोरञ्जन कर र विज्ञापन करको वृद्धिदर उच्च देखिए पनि सङ्कलन आधार अत्यन्त सानो भएकाले यसलाई ठूलो राजस्व योगदानभन्दा कराधार विस्तार र स्थानीय तहसँगको क्षमता विकास र समन्वय सुधारको सम्भावनाका रूपमा लिनुपर्दछ । गैरकर राजस्वतर्फ चालक अनुमतिपत्र तथा सवारी दर्ता किताबसम्बन्धी दस्तुर, यातायात क्षेत्रको आम्दानी, अन्य प्रशासनिक सेवा शुल्क, परीक्षा शुल्क र प्रशासनिक दण्ड–जरिवाना नियमित स्रोतका रूपमा देखिएका छन् भने व्यवसाय रजिष्ट्रेशन दस्तुर, कृषि उपज विक्रि, सरकारी सम्पत्तिको बहाल, दहत्तर–बहत्तर बिक्री आय र अन्य बिक्रीबाट प्राप्त रकममा कमजोर वा नकारात्मक प्रवृत्ति देखिएकाले अभिलेख अद्यावधिक, दर पुनरावलोकन, डिजिटल भुक्तानी र सङ्कलन प्रणाली सुदृढ गर्नुपर्ने देखिन्छ। मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र प्राकृतिक स्रोत रोयल्टीबाट प्राप्त आयले प्रदेश राजस्व संरचनामा ठूलो हिस्सा ओगटे पनि यी स्रोतहरूको सङ्कलन र बाँडफाँट प्रदेशको प्रत्यक्ष नियन्त्रणभन्दा बाहिर रहने भएकाले यी स्रोतहरूलाई कर लचकता लगायत र आर्थिक वृद्धिको सम्भावना तथा वाह्य वातावरणबाट पर्ने प्रभावको अनुमान गरी प्रक्षेपण गर्नुपर्ने देखिन्छ।

समग्रमा, विगत पाँच वर्षको प्रवृत्तिले गण्डकी प्रदेशमा आन्तरिक राजस्व वृद्धिको सम्भावना भए पनि त्यसका लागि स्वाभाविक वृद्धि मात्र पर्याप्त नहुने देखाउँछ। कराधार पहिचान, स्थानीय तहसँगको समन्वय तथा सहकार्य र बाँडफाँट प्रणाली, डिजिटल राजस्व प्रशासन, दर संरचना पुनरावलोकन, बक्यौता असुली, प्राकृतिक स्रोतको पारदर्शी व्यवस्थापन र सेवाग्राहीमैत्री राजस्व प्रशासनलाई सुदृढ गर्न सके आगामी वर्षहरूमा आन्तरिक राजस्व आधार थप मजबुत बनाउन सकिने देखिन्छ।

६.२ राजस्व प्रक्षेपणको आधार, विधि तथा मान्यता

राजस्व प्रक्षेपण गर्दा विगत पाँच आर्थिक वर्षको शीर्षकगत सङ्कलन प्रवृत्ति, चालु आर्थिक वर्षको संशोधित अनुमान, प्रमुख राजस्व स्रोतहरूको सङ्कलन अवस्था, अघिल्ला अध्यायहरूमा गरिएको स्रोतगत सम्भावना र सुधारका क्षेत्रहरूको विश्लेषण तथा रणनीतिक कार्ययोजनाको चरणबद्ध कार्यान्वयनलाई आधार मानिएको छ। यस अध्यायमा प्रस्तुत प्रक्षेपणलाई स्थिर लक्ष्य नभई वार्षिक बजेट, आर्थिक ऐन, मध्यमकालीन खर्च संरचना र स्रोत अनुमान प्रक्रियाका लागि प्रयोग गर्न सकिने मार्गदर्शक अनुमानका रूपमा लिनुपर्नेछ।

प्रक्षेपण गर्दा सबै राजस्व शीर्षकमा एउटै विश्लेषण तथा प्रक्षेपण विधि प्रयोग गरिएको छैन। स्रोतको प्रकृति, कराधार, दायरा तथा कभरेज विगतको प्रवृत्ति, सङ्कलनको नियमितता, प्रदेशको अधिकार क्षेत्र तथा संस्थागत क्षमता, सङ्घीय वा स्थानीय तहसँगको निर्भरता, बजार संवेदनशीलता तथा रणनीति कार्यान्वयनबाट पर्ने सम्भावित प्रभावका आधारमा शीर्षकगत रूपमा समायोजन गरिएको छ। विगत पाँच आर्थिक वर्षको प्रवृत्ति विश्लेषणका लागि LOGEST विधिबाट वार्षिक औसत वृद्धिदर गणना गरिएको छ भने अत्यधिक उतारचढाव, न्यून आधार वा असामान्य सङ्कलन भएका शीर्षकहरूमा यथार्थपरक समायोजित वृद्धिदर प्रयोग गरिएको छ।

यस अध्यायमा दुई परिदृश्यमा राजस्व प्रक्षेपण गरिएको छ। पहिलो, ***सामान्य अवस्था****लाई लिइएको छ,* जसमा विद्यमान नीति, दर संरचना, प्रशासनिक व्यवस्था, कराधार र सङ्कलन प्रणालीमा उल्लेखनीय सुधार नभएको अवस्थामा राजस्वको सम्भावित

प्रवृत्ति अनुमान गरिएको छ। दोस्रो, ***रणनीति कार्यान्वयनको अवस्था हुने परिवर्तन** को* हो, जसमा अध्याय ५ मा प्रस्तावित रणनीति, कार्यनीति र रणनीतिक कार्ययोजना क्रमशः कार्यान्वयन हुने मान्यता राखी राजस्व परिचालनमा पर्न सक्ने सुधारात्मक प्रभावलाई समावेश गरिएको छ।

रणनीति कार्यान्वयनको अवस्थामा प्रक्षेपण गर्दा लिइएको मान्यताअनुसार पहिलो वर्षमा सुधारका तयारी तथा आधार निर्माणसम्बन्धी कार्यहरू बढी हुने भएकाले राजस्वमा प्रत्यक्ष प्रभाव सीमित रहनेछ। दोस्रो वर्षदेखि कराधार विस्तार, डिजिटल प्रतिवेदन, बक्यौता असुली, दर पुनरावलोकन, साझा राजस्व हिसाब मिलान, प्राकृतिक स्रोत निगरानी र पर्यटन सेवा शुल्क पाइलटको प्रारम्भिक प्रभाव देखिन सुरु हुनेछ। तेस्रो वर्षमा यी सुधारहरू क्रमशः संस्थागत हुँदै राजस्व सङ्कलनमा थप सुधार हुनेछ। दीर्घकालीन सुधारहरूको पूर्ण प्रभाव भने तीन वर्षे प्रक्षेपण अवधिभन्दा पछिका वर्षहरूमा अझ स्पष्ट रूपमा देखिन सक्नेछ।

६.२.१ राजस्व प्रक्षेपणको पूर्वानुमान तथा सीमा

राजस्व प्रक्षेपण गर्दा देहायका पूर्वमान्यता तथा सीमाहरूलाई ध्यानमा राखिएको छ:

१) सबै राजस्व शीर्षकमा करदाता, कारोबार, बक्यौता, सेवा उपयोग र कारोबार तहको पूर्ण तथ्याङ्क उपलब्ध नभएकाले कतिपय शीर्षकहरूमा विगतको प्रवृत्ति, उपलब्ध प्रशासनिक अभिलेख र कुल सम्भावनाको आधारमा प्रक्षेपण गरिएको छ।

२) रणनीतिक कार्ययोजनामा प्रस्तावित सुधारको असर तथा प्रभाव पहिलो वर्षमा सीमित, दोस्रो वर्षमा प्रारम्भिक र तेस्रो वर्षमा तुलनात्मक रूपमा बलियो हुने मान्यता लिइएको छ।

३) घरजग्गा रजिष्ट्रेशन, प्राकृतिक स्रोत, पर्यटन, विज्ञापन, मनोरञ्जन, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा रोयल्टीजस्ता स्रोतहरू बजारको अवस्था, कारोबार, कर प्रशासन तथा सेवामा सुधार, अनलाइन सेवा तथा डिजिटल भुक्तानी प्रणाली, सङ्घ तथा स्थानीय तहको भूमिका, कानुनी स्पष्टता र अन्तरसरकारी समन्वयबाट प्रभावित हुनेछन्।

४) स्थिर राजस्व लक्ष्यका रूपमा नभई वार्षिक बजेट, आर्थिक ऐन, मध्यमकालीन खर्च संरचना र स्रोत अनुमान प्रक्रियामा प्रयोग गर्न सकिने मार्गदर्शक अनुमानका रूपमा लिइनेछ। उपलब्ध नयाँ तथ्याङ्क, बजार अवस्था, कानुनी सुधार र रणनीति कार्यान्वयनको प्रगतिका आधारमा प्रक्षेपण वार्षिक रूपमा अद्यावधिक गरिनेछ।

६.३ राजस्व प्रक्षेपण

यस खण्डमा आगामी तीन आर्थिक वर्षका लागि सामान्य अवस्था र रणनीति कार्यान्वयनको अवस्था गरी दुई परिदृश्यमा राजस्व प्रक्षेपण प्रस्तुत गरिएको छ। सामान्य अवस्थाको प्रक्षेपणले विद्यमान प्रवृत्ति, चालु आर्थिक वर्षको संशोधित अनुमान र समायोजित वृद्धिदरका आधारमा प्राप्त हुन सक्ने सम्भावित राजस्व देखाउँछ। रणनीति कार्यान्वयनको अवस्थाको प्रक्षेपणले कराधार विस्तार, डिजिटल प्रणाली, कानुनी तथा दर संरचना सुधार, प्रदेश–स्थानीय तह समन्वय, प्राकृतिक स्रोत व्यवस्थापन, पर्यटन तथा सेवा शुल्क मोडेल, करदाता सेवा र संस्थागत क्षमता विकासबाट प्राप्त हुन सक्ने सुधारात्मक प्रभावलाई समावेश गर्दछ।

६.३.१ सामान्य अवस्थामा राजस्व प्रक्षेपण

सामान्य अवस्थाको प्रक्षेपण विद्यमान नीति, दर, संरचना, सङ्कलन प्रणाली, कराधार अभिलेख, प्रशासनिक क्षमता र प्रदेश–स्थानीय तह समन्वयमा उल्लेखनीय सुधार नभएको अवस्थामा तयार गरिएको हो। यसमा आ.व. २०८२/८३ को संशोधित अनुमानलाई आधार वर्ष मानी आगामी तीन आर्थिक वर्षको प्रक्षेपण गरिएको छ। प्रक्षेपणमा विगत पाँच आर्थिक वर्षको प्रवृत्ति, वार्षिक औसत वृद्धिदर र यथार्थपरक समायोजित वृद्धिदर प्रयोग गरिएको छ। यसरी प्रक्षेपण गर्दा गत आर्थिक वर्षको यथार्थ

सङ्कलन र आगामी वर्षको अनुमानबीच एक वर्षको अन्तर नपर्ने भएकाले प्रक्षेपण तुलनात्मक रूपमा व्यावहारिक र बजेट तर्जुमासँग बढी सान्दर्भिक हुने मानिएको छ।

प्रक्षेपण गर्दा विगत पाँच आर्थिक वर्षको प्रवृत्ति विश्लेषणलाई आधार मानेर प्रत्येक शीर्षकका लागि यथार्थपरक समायोजित वृद्धिदर निर्धारण गरिएको छ। अत्यधिक उतारचढाव, न्यून आधार वा असामान्य सङ्कलन भएका शीर्षकहरूमा वास्तविक वृद्धिदरलाई जस्ताको तस्तै प्रयोग नगरी सावधानीपूर्ण समायोजित वृद्धिदर प्रयोग गरिएको छ। सङ्घीय बाँडफाँट तथा रोयल्टीसम्बन्धी स्रोतहरूमा प्रदेशको प्रत्यक्ष नियन्त्रण सीमित हुने भएकाले तिनको प्रक्षेपणमा पनि सावधानीपूर्ण दृष्टिकोण अपनाइएको छ। यस परिदृश्यले विद्यमान प्रणाली कायम रहेमा गण्डकी प्रदेशको आन्तरिक राजस्वमा हुन सक्ने सामान्य वृद्धि सङ्केत गर्दछ।

तालिका नं. 23: सामान्य अवस्थामा प्रदेश राजस्व प्रक्षेपण

(रू. लाखमा)

राजस्व सङ्केत	राजस्व शीर्षक	२०८१/८२ को यथार्थ	२०८२/८३ को संशोधित अनुमान	वास्तविक वृद्धिदर	समायोजित वृद्धिदर (%)	प्रक्षेपण (सामान्य अवस्थामा)		
						२०८३/८४	२०८४/८५	२०८५/८६
	कर राजस्व	**१९६८६**	**२६३७७**	**३०७.७२**	**३९.९६**	**२६९४६**	**२७५५६**	**२८२०४**
११९३६	कृषि आयमा कर	२	२	०.००	१.००	२	२	२
११३१५	बाँडफाँटबाट प्राप्त हुने घरजग्गा रजिष्टेशन दस्तुर	७७२७	१२५००	-१.०१	-१.०१	१२३७४	१२२४९	१२१२५
११४५६	बाँडफाँड प्राप्त हुने सवारी साधन कर	११८७७	१३८००	४.९७	४.९७	१४४८६	१५२०६	१५९६२
११४७१	बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर	५८	५०	१०१.५५	१५.००	५८	६६	७६
११४७२	बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर	२२	२३	२०२.२१	२०.००	२७	३३	३९
१४१५९	अन्य मनोरञ्जन कर	०	२	०.००		०	०	०
	गैर कर राजस्व	**१३८९५**	**२९०६७**	**९२६.१५**		**२९३९२**	**३०००९**	**३०९२७**
१४१५१	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	१	१५०	-९.९१	-९.९१	१३५	१२२	११०
१४१५७	बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय	१५९५	२७५०	-७.३३	-७.३३	२५४८	२३६२	२१८९
१४१९१	पर्यटन शुल्क	६३	५२	०.००	५.००	५४	५७	६०
१४१९२	पदयात्रा शुल्क	७	८	४.८६	४.८६	८	९	९
१४२११	कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम	२२	२०	४८.९९	१५.००	२३	२६	३०
१४२१२	सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम	१९	१८	७.८८	७.८८	१९	२०	२२
१४२१३	अन्य विक्रीबाट प्राप्त रकम	१	५	-४६.४५	-४६.४५	२	१	१
१४२१७	नहर तथा कुलो उपयोग वापतको शुल्क	०	१	०.००	५.००	१	१	१
१४२१८	विद्युत सेवा शुल्क	०	०	०.००	०.००	०	०	०
१४२१९	अन्य सेवा शुल्क तथा विक्री	०	१	०.००	०.००	१	१	१
१४२२१	न्यायिक दस्तुर	०	०	०.००	०.००	०	०	०
१४२२३	शिक्षा क्षेत्रको आम्दानी	१४	१९	१५.१२	१५.१२	२१	२५	२८
१४२२४	परीक्षा शुल्क	६१६	१५००	१०६.९४	१५.००	१७२५	१९८४	२२८१
१४२२५	यातायात क्षेत्रको आम्दानी	६६६	११५०	८.१२	८.१२	१२४३	१३४४	१४५४
१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	४०००	४५००	३.०८	३.०८	४६३९	४७८१	४९२९
१४२५३	व्यावसाय रजिष्ट्रेशन दस्तुर	५८७	९५००	-१०.४८	-१०.४८	८५०४	७६१३	६८१५
१४२५४	रेडियो/एफ.एम.सञ्चालन दस्तुर	०	०	०.००	०.००	०	०	०
१४२५५	टेलिभिजन सञ्चालन दस्तुर	०	०	०.००	०.००	०	०	०
१४२५६	चालक अनुमति पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर	५०२५	८०००	१७.२२	१२.००	८९६०	१००३५	११२३९
१४२६३	जलस्रोत सम्बन्धी अन्य दस्तुर	२	४	०.००	५.००	४	४	५
१४२६४	वन क्षेत्रको अन्य आय	२५४	२५०	३७९.८८	५.००	२६३	२७६	२८९
१४३११	न्यायिक दण्ड, जरिवाना र जफत	०	१	२७४.२१	१०.००	१	१	१
१४३१२	प्रशासनिक दण्ड, जरिवाना र जफत	५७६	६५०	८.१०	८.१०	७०३	७६०	८२१

राजस्व सङ्केत	राजस्व शीर्षक	२०८१/८२ को यथार्थ	२०८२/८३ को संशोधित अनुमान	वास्तविक वृद्धिदर	समायोजित वृद्धिदर (%)	प्रक्षेपण (सामान्य अवस्थामा)		
						२०८३/८४	२०८४/८५	२०८५/८६
१४३१३	धरौटी सदरस्याहा	६८	६०	५१.१७	५.००	६३	६६	६९
१४५११	बीमादावी प्राप्ति	१	०	०.००	०.००	०	०	०
१४५२९	अन्य राजस्व	३७६	४३०	७४.७३	१०.००	४७३	५२०	५७२
	राजस्व बाँडफाँट तथा रोयल्टी	**८९३०६**	**१००१६९**	**१०.०६**	**२६.०६**	**१०३५२८**	**१०७०५३**	**११०७५७**
११४११	बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर	६३१७९	७७८९८	२.१३	२.१३	७९५५७	८१२५२	८२९८२
११४२१	बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क	२२६०८	२००३१	७.९३	७.९३	२१६२०	२३३३४	२५१८५
१४१५३	बाँडफाँड भई प्राप्त वन रोयल्टी	४४१	५८४	०.००	५.००	६१३	६४४	६७६
१४१५४	बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी	११	२५	०.००	१.००	२५	२६	२६
१४१५५	बाँडफाँड भई प्राप्त जलस्रोत सम्बन्धी रोयल्टी	०	१	०.००	०.००	१	१	१
१४१५६	बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी	२९१३	१४२५	०.००	५.००	१४९६	१५७१	१६४९
१४१५८	बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी	१५४	२०५	०.००	५.००	२१६	२२६	२३८
	कुल आन्तरिक राजस्व	**१२२८८७**	**१५५६१३**			**१५९८६६**	**१६४६१८**	**१६९८८८**

माथी उल्लिखित तालिकाअनुसार सामान्य अवस्थामा आ.व. २०८२/८३ को संशोधित अनुमानलाई आधार मानी समायोजित वृद्धिदर प्रयोग गर्दा आगामी तीन आर्थिक वर्षमा प्रदेशको कुल आन्तरिक राजस्वमा क्रमिक वृद्धि हुने देखिन्छ। यद्यपि यो वृद्धि उच्च नभई मध्यम प्रकृतिको रहेको छ। यसले विद्यमान नीति, दर संरचना तथा राजस्व प्रशासनमा ठूलो सुधार नभएको अवस्थामा राजस्व वृद्धि सीमित रहने सङ्केत गर्दछ।

राजस्वका विभिन्न स्रोतहरूमा सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन दस्तुर, चालक अनुमति पत्र तथा सवारी दर्ता किताबसम्बन्धी दस्तुर, यातायात क्षेत्रको आम्दानी, प्रशासनिक सेवा शुल्क तथा दण्ड-जरिवाना जस्ता शीर्षकहरूले महत्वपूर्ण योगदान दिने अपेक्षा गरिएको छ। तर केही कर तथा गैरकर स्रोतहरूमा कमजोर वा नकारात्मक वृद्धिदर देखिएकाले राजस्वको सम्भावना पूर्ण रूपमा उपयोग हुन नसक्ने जोखिम रहन्छ। साथै, राजस्व बाँडफाँट तथा रोयल्टीबाट प्राप्त आय प्रदेशको राजस्व संरचनाको महत्वपूर्ण हिस्सा रहने भए पनि यी स्रोतहरूको वृद्धि राष्ट्रिय राजस्व सङ्कलन, सङ्घीय बाँडफाँट व्यवस्था तथा प्राकृतिक स्रोत उपयोगसँग सम्बन्धित बाह्य कारणहरूमा निर्भर रहनेछ।

समग्रमा, सामान्य अवस्थाको प्रक्षेपणले गण्डकी प्रदेशको आन्तरिक राजस्वमा स्वाभाविक रूपमा केही वृद्धि भए पनि रणनीतिक सुधार नगरी राजस्व आधारमा उल्लेखनीय विस्तार हुने सम्भावना सीमित रहेको देखाउँछ। त्यसैले कराधार अभिलेखीकरण, डिजिटल प्रणाली, स्थानीय तहसँगको समन्वय, दर पुनरावलोकन, बक्यौता असुली, प्राकृतिक स्रोत व्यवस्थापन र करदाता सेवा सुधारलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने आवश्यकता स्पष्ट हुन्छ।

६.३.२ रणनीति कार्यान्वयन तथा सुधारको अवस्थामा राजस्व प्रक्षेपण

रणनीति कार्यान्वयन तथा सुधारको अवस्थामा राजस्व प्रक्षेपण गर्दा विद्यमान सङ्कलन प्रवृत्तिमा मात्र आधारित नभई अघिल्ला अध्यायहरूमा पहिचान गरिएको स्रोतगत सम्भावना, राजस्व परिचालनका प्रमुख सवाल, सुधारका उपाय र रणनीतिक कार्ययोजनाको समयगत कार्यान्वयनलाई समेत आधार बनाइएको छ। विशेषगरी अध्याय ४ मा विश्लेषण गरिएका स्रोतगत सम्भावना तथा दायरा र अध्याय ५ मा प्रस्तावित अल्पकालीन, मध्यमकालीन, दीर्घकालीन तथा नियमित/निरन्तर कार्यहरूको सम्भावित प्रभावलाई ध्यानमा राखी आगामी तीन आर्थिक वर्षको प्रक्षेपण तयार गरिएको छ।

यस प्रक्षेपणमा आ.व. २०८२/८३ को संशोधित अनुमानलाई आधार वर्षका रूपमा लिइएको छ। पहिलो वर्ष अर्थात् आ.व. २०८३/८४ मा सुधारका प्रारम्भिक कार्यहरू-जस्तैः कराधार अभिलेखीकरण, दर पुनरावलोकनको तयारी, बक्यौता पहिचान, स्थानीय तहसँगको समन्वय, डिजिटल प्रणालीको डिजाइन तथा परीक्षण कार्यसुरु हुने भएकाले राजस्वमा सुधारको प्रभाव सीमित रहने मानिएको छ। दोस्रो वर्षमा मध्यमकालीन सुधारहरू जस्तै: डिजिटल प्रतिवेदन, राजस्व बाँडफाँटको हिसाब मिलान, प्राकृतिक स्रोत व्यवस्थापनको निगरानी, पर्यटन तथा सेवा शुल्क मोडेलको प्रारम्भिक कार्यान्वयन र दर्ता/नवीकरण प्रणाली सुधारको प्रभाव देखिन सुरु हुने अनुमान गरिएको छ। तेस्रो वर्षमा यी सुधारहरू क्रमशः संस्थागत हुँदै राजस्व सङ्कलनमा थप सुधार हुने अपेक्षा गरिएको छ।

प्रक्षेपण तयार गर्दा सबै राजस्व शीर्षकमा समान वृद्धिदर प्रयोग गरिएको छैन। स्रोतको प्रकृति, नियन्त्रणको स्तर, कराधारको उपलब्धता, सम्भाव्य दायरा, सुधार कार्यको समयावधि र कार्यान्वयन सम्भावनाका आधारमा फरक–फरक विधि अपनाइएको छ। स्थिर र नियमित स्रोतहरूमा समायोजित वृद्धिदर प्रयोग गरिएको छ भने उच्च सम्भावना भएका स्रोतहरूमा अध्याय ४ मा पहिचान गरिएको कुल सम्भाव्यताको निश्चित दायरा क्रमशः परिचालन हुने मान्यता लिइएको छ। सङ्घीय बाँडफाँट तथा रोयल्टीसम्बन्धी स्रोतहरूमा भने प्रदेशको प्रत्यक्ष नियन्त्रण सीमित हुने भएकाले विगतको प्रवृत्ति, आर्थिक वृद्धिदरको अवस्था, सङ्घीय राजस्व परिचालनको सम्भावना र सम्भाव्य अवरोधको अवस्था र समायोजित वृद्धिदरको आधारमा प्रक्षेपण गरिएको छ। प्रक्षेपणमा प्रयोग गरिएका प्रमुख विधि तथा मान्यताहरू देहायबमोजिम रहेका छन्:

तालिका नं. 24: प्रक्षेपणमा प्रयोग गरिएका प्रमुख विधि तथा मान्यता

प्रक्षेपण विधि	प्रयोग भएको स्रोत/क्षेत्र	आधार तथा मान्यता
समायोजित वृद्धिदरमा आधारित प्रक्षेपण	मूल्य अभिवृद्धि कर बाँडफाँट, अन्तःशुल्क बाँडफाँट, सवारी साधन कर, प्रशासनिक सेवा शुल्क, परीक्षा शुल्क, यातायात क्षेत्रको आम्दानी, दण्ड–जरिवाना आदि	विगतको प्रवृत्ति, चालु वर्षको संशोधित अनुमान र यथार्थपरक समायोजित वृद्धिदरका आधारमा प्रक्षेपण गरिएको
सम्भाव्यता तथा दायरा-आधारित प्रक्षेपण	घरजग्गा रजिष्ट्रेशन दस्तुर, दहत्तर–बहत्तर आय, पर्यटन शुल्क, व्यवसाय रजिष्ट्रेशन दस्तुर, वन क्षेत्रको अन्य आय, विज्ञापन कर तथा मनोरञ्जन कर	अध्याय ४ मा पहिचान गरिएको सम्भावना र अध्याय ५ को कार्ययोजनाअनुसार सुधार लागू हुँदा दोस्रो र तेस्रो वर्षमा सम्भाव्यताको निश्चित दायरा परिचालन हुने मान्यता लिइएको
रणनीतिक कार्ययोजना-सम्बद्ध प्रक्षेपण	प्राकृतिक स्रोत, पर्यटन, व्यवसाय दर्ता, यातायात सेवा, करदाता सेवा र डिजिटल राजस्व प्रशासनसँग सम्बन्धित स्रोतहरू	अल्पकालीन कार्यबाट पहिलो वर्षमा सीमित प्रभाव, मध्यमकालीन कार्यबाट दोस्रो/तेस्रो वर्षमा क्रमिक प्रभाव र दीर्घकालीन कार्यबाट तीन वर्षपछि थप प्रभाव पर्ने मान्यता लिइएको

आर्थिक वर्ष २०७७/७८ देखि २०८१/८२ सम्मको औषत वृद्धि दर, आर्थिक वर्ष २०८२/८३ को अनुमानको तुलनामा आर्थिक वर्ष २०८२/८३ चैत्र मसान्तसम्मको सङ्कलित राजस्वको अनुपात, कुल सम्भावना र वास्तविक परिचालनको भिन्नता तथा माथि गरिएका विश्लेषणका आधारमा आगामी तीन आर्थिक वर्ष (२०८३/८४, २०८४/८५, २०८५/८६) का लागि देहायअनुसारको राजस्व प्रक्षेपण गरिएको छ। राजस्व प्रक्षेपणमा आर्थिक वर्ष २०८२/८३ को प्रस्तावित अनुमान र सम्भावनाको वृद्धि प्रतिशतमा आधारित भई प्रक्षेपण गरिएको छ। सुझाब तथा रणनीति कार्यान्यवन वा सुधारको अवस्थामा आगामी तीन आर्थिक वर्षको प्रक्षेपण देहायअनुसार प्रस्तुत गरिएको छः-

तालिका नं. 25: रणनीति कार्यान्वयन तथा सुधारको अवस्थामा राजस्व प्रक्षेपण

(रकम रू. लाखमा)

राजस्व सङ्केत	राजस्व शीर्षक	२०८१/८२ को यथार्थ	२०८२/८३ को संशोधित अनुमान	प्रक्षेपण (सुधारको अवस्थामा)		
				२०८३/८४	२०८४/८५	२०८५/८६
	कर राजस्व	**१९६८६**	**२६३७७**	**२८१२४**	**३१७४३**	**३४८६७**
११११३६	कृषि आयमा कर	२	२	२.१०	३१२.००	४६८.००
११३१५	बाँडफाँटबाट प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन दस्तुर	७७२७	१२५००	१३१२५.००	१३९०४.१३	१५४४९.०४
११४५६	बाँडफाँड प्राप्त हुने सवारी साधन कर	११८७७	१३८००	१४९०४.००	१७३९४.००	१८७८५.५२
११४७१	बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर	५८	५०	६२.५०	८४.००	१०५.००
११४७२	बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर	२२	२३	२८.४८	४४.००	५२.८०
१४१५९	अन्य मनोरञ्जन कर	०	२	२.००	५.००	७.००
	गैर कर राजस्व	**१३८९५**	**२९०६६**	**२९३९०**	**३५६२५**	**४४४७०**
१४१५१	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	१	१५०	७.००	९.००	१२.००
१४१५७	बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय	१५९५	२७५०	३१६२.५०	५७५०.००	९५७०.००
१४१९१	पर्यटन शुल्क	६३	५२	८२.५०	४७५.००	७६५.००
१४१९२	पदयात्रा शुल्क	७	८	८.४०	८.८२	९.२६
१४२११	कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम	२२	२०	२३.००	२६.४५	३०.४२
१४२१२	सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम	१९	१८	१८.३८	१९.२९	२०.२६
१४२१३	अन्य विक्रीबाट प्राप्त रकम	१	५	४.५५	४.५९	४.६४
१४२१९	अन्य सेवा शुल्क तथा विक्री	०	१	२.००	३.००	५.००
१४२२१	न्यायिक दस्तुर	०	०	०.००	०.००	०.००
१४२२३	शिक्षा क्षेत्रको आम्दानी	१४	१९	२०.३५	२२.३९	२४.६२
१४२२४	परीक्षा शुल्क	६१६	१५००	७५०.००	९२०.००	१०५०.००
१४२२५	यातायात क्षेत्रको आम्दानी	६६६	११५०	१२६५.००	१४१६.८०	१६२९.३२
१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	४०००	४५००	४९५०.००	५४४५.००	५९८९.५०
१४२५३	व्यावसाय रजिष्ट्रेशन दस्तुर	५८७	९५००	१०४५०.००	१२०१७.५०	१४००८.००
१४२५४	रेडियो/एफ.एम.सञ्चालन दस्तुर	०	०	०.००	०.००	०.००
१४२५५	टेलिभिजन सञ्चालन दस्तुर	०	०	०.००	०.००	०.००
१४२५६	चालक अनुमति पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर	५०२५	८०००	७१५०.००	७६००.००	८७५०.००
१४२६३	जलस्रोत सम्बन्धी अन्य दस्तुर	२	४	४.२०	४.४१	४.६३
१४२६४	वन क्षेत्रको अन्य आय	२५४	२५०	२७५.००	५८९.५३	११७९.०५
१४३११	न्यायिक दण्ड, जरिवाना र जफत	०	१	१.०५	१.१०	१.१६
१४३१२	प्रशासनिक दण्ड, जरिवाना र जफत	५७६	६५०	७०२.००	७७२.२०	८४९.४२
१४३१३	धरौटी सदरस्याहा	६८	६०	६३.००	६६.१५	६९.४६
१४५११	बीमादावी प्राप्ति	१	०	०.००	०.००	०.००
१४५२९	अन्य राजस्व	३७६	४३०	४५१.५०	४७४.०८	४९७.७८
	राजस्व बाँडफाँट तथा रोयल्टी	**८९३०६**	**१००१६९**	**१०५७८६**	**११४१८६**	**१२५०२२**
११४११	बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर	६३१७९	७७८९८	८१७९२.९०	८८३३६.३३	९७१६९.९७
११४२१	बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क	२२६०८	२००३१	२१६३३.९१	२३३६४.६२	२५२३३.७९
१४१५३	बाँडफाँड भई प्राप्त वन रोयल्टी	४४१	५८४	६१३.२०	६४३.८६	६७६.०५
१४१५४	बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी	११	२५	२६.२५	२७.५६	२८.९४
१४१५५	बाँडफाँड भई प्राप्त जलस्रोत सम्बन्धी रोयल्टी	०	१	२.००	४.००	६.००
१४१५६	बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी	२९१३	१४२५	१४९५.७३	१५७०.५१	१६४९.०४
१४१५८	बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी	१५४	२०५	२२१.६९	२३९.४३	२५८.५८
	कुल आन्तरिक राजस्व	**१२२८८६**	**१५५६१२**	**१६३३००**	**१८१५५५**	**२०४३५९**

टिप्पणी: *उपरोक्त तालिकामा प्रस्तुत प्रक्षेपण रणनीतिक कार्ययोजनाको प्रभावकारी रूपमा कार्यान्वयन भएको अवस्थामा प्राप्त हुन सक्ने अनुमान हो। यो स्वतः प्राप्त हुने राजस्व लक्ष्य होइन। कानुनी सुधार, दर पुनरावलोकन, कराधार अभिलेखीकरण, डिजिटल प्रणाली, प्रदेश–स्थानीय तह समन्वय, प्राकृतिक स्रोत व्यवस्थापन, करदाता अनुपालना र सेवा सुधारको प्रगतिका आधारमा प्रक्षेपणलाई वार्षिक रूपमा पुनरावलोकन गर्नुपर्नेछ। कुल सम्भाव्यता उल्लेख भएका शीर्षकहरूमा सम्पूर्ण सम्भावना तत्काल परिचालन हुने अनुमान गरिएको नभइ दोस्रो र तेस्रो वर्षमा सम्भाव्यताको निश्चित दायरा मात्र परिचालन हुने सावधानीपूर्ण मान्यता लिइएको छ।*

राजस्व परिचालन रणनीति कार्यान्वयन तथा सुधारको अवस्थामा गण्डकी प्रदेशको कुल आन्तरिक राजस्व आगामी तीन आर्थिक वर्षमा क्रमशः वृद्धि हुने देखिन्छ। आ.व. २०८३/८४ मा सुधारको प्रभाव प्रारम्भिक तथा सीमित रहने भएतापनि आ.व. २०८४/८५ र २०८५/८६ मा कराधार विस्तार, दर्ता तथा नवीकरण सुधार, डिजिटल प्रतिवेदन, बक्यौता असुली, प्राकृतिक स्रोतको पारदर्शी व्यवस्थापन, पर्यटन तथा सेवा शुल्क मोडेल र प्रदेश–स्थानीय तहबीचको राजस्व समन्वय सुदृढ हुँदा राजस्व वृद्धि तुलनात्मक रूपमा उच्च हुने अनुमान गरिएको छ।

प्रदेश कर राजस्वतर्फ सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन दस्तुर, विज्ञापन कर र मनोरञ्जन करबाट सुधारको प्रभाव देखिने अपेक्षा गरिएको छ। सवारी साधन करमा अभिलेख अद्यावधिक, नवीकरण अनुपालना, बक्यौता असुली र डिजिटल भुक्तानी प्रणालीबाट सुधार सम्भव देखिन्छ। त्यसैगरी, घरजग्गा रजिष्ट्रेशन दस्तुरमा मूल्याङ्कन प्रणाली, कारोबार अभिलेख र सेवा सुधारसँग जोडिएका सुधारहरूले मध्यम अवधिमा राजस्व आधार विस्तार गर्न सक्ने देखिन्छ। विज्ञापन र मनोरञ्जन करमा सङ्कलन आधार हाल सानो भए पनि कराधार पहिचान, स्थानीय तहसँगको समन्वय र प्रतिवेदन प्रणाली सुधार हुँदा क्रमिक वृद्धि सम्भव देखिन्छ।

गैरकर राजस्वतर्फ दहत्तर-बहत्तर आय, पर्यटन शुल्क, व्यवसाय रजिष्ट्रेशन दस्तुर, चालक अनुमतिपत्र तथा सवारी दर्ता किताबसम्बन्धी दस्तुर, प्रशासनिक सेवा शुल्क र वन क्षेत्रको अन्य आय सुधारबाट बढी प्रभावित हुने स्रोतका रूपमा देखिएका छन्। यी स्रोतहरूमा अध्याय ५ मा प्रस्तावित डिजिटल अभिलेख, दर्ता/नवीकरण प्रणाली, प्राकृतिक स्रोत निगरानी, पर्यटन सेवा शुल्क मोडेल, दर पुनरावलोकन र करदाता सेवा सुधार प्रभावकारी रूपमा लागू भएमा सामान्य अवस्थाको तुलनामा राजस्व परिचालन उल्लेखनीय रूपमा बढ्न सक्ने देखिन्छ। तर यी शीर्षकहरूमा प्रक्षेपित वृद्धि कानुनी स्पष्टता, कार्यान्वयन क्षमता र नियमित अनुगमनमा निर्भर रहनेछ।

राजस्व बाँडफाँट तथा रोयल्टीतर्फ मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र प्राकृतिक स्रोत रोयल्टी प्रदेश राजस्व संरचनामा महत्वपूर्ण रहनेछन्। यद्यपि यी स्रोतहरू प्रदेशको प्रत्यक्ष नियन्त्रणभन्दा बढी सङ्घीय राजस्व सङ्कलन, राष्ट्रिय आर्थिक गतिविधि, प्राकृतिक स्रोत उपयोग, अन्तरसरकारी वित्तीय व्यवस्था र रोयल्टी बाँडफाँट प्रणालीमा निर्भर हुने भएकाले यिनको प्रक्षेपण सावधानीपूर्वक गरिएको छ।

समग्रमा, सुधार अवस्थाको प्रक्षेपणले गण्डकी प्रदेशमा आन्तरिक राजस्व विस्तारको सम्भावना उल्लेखनीय रहेको देखाउँछ। तर, प्रक्षेपित वृद्धि स्वाभाविक रूपमा प्राप्त हुने नभइ कराधार अभिलेखीकरण, डिजिटल राजस्व प्रणाली, दर संरचना सुधार, प्रदेश–स्थानीय तह समन्वय, प्राकृतिक स्रोतको पारदर्शी व्यवस्थापन, पर्यटन र सेवा क्षेत्रको राजस्व मोडेल, बक्यौता असुली तथा संस्थागत क्षमता विकासलाई समयमै कार्यान्वयन गर्न सके मात्र हासिल गर्न सकिनेछ। तसर्थ, यस प्रक्षेपणलाई राजस्व सुधार कार्यान्वयनको परिणाममुखी लक्ष्यका रूपमा नभई कार्यसम्पादन-सम्बद्ध मार्गदर्शक अनुमानका रूपमा लिनु उपयुक्त हुनेछ।

६.४ राजस्व परिचालनको अवस्था र प्रक्षेपणको निष्कर्ष

यस अध्यायमा गण्डकी प्रदेशको विगत राजस्व प्रवृत्ति, चालु आर्थिक वर्षको संशोधित अनुमान तथा आगामी तीन आर्थिक वर्षका लागि सामान्य अवस्था र रणनीति कार्यान्वयन तथा सुधारको अवस्थाका आधारमा राजस्व प्रक्षेपण प्रस्तुत गरिएको छ। सामान्य अवस्थाको प्रक्षेपणले विद्यमान नीति, दर संरचना र प्रशासनिक प्रणाली कायम रहेमा आन्तरिक राजस्वमा क्रमिक तर सीमित वृद्धि हुने देखाउँछ। यसले केवल स्वाभाविक वृद्धि र चालु अभ्यासमा निर्भर रहँदा प्रदेशको राजस्व आधार उल्लेखनीय रूपमा विस्तार हुन कठिन हुने सङ्केत गर्दछ।

रणनीति कार्यान्वयन तथा सुधारको अवस्थाको प्रक्षेपणले कराधार विस्तार, डिजिटल राजस्व प्रशासन, दर पुनरावलोकन, प्रदेश–स्थानीय तह समन्वय, प्राकृतिक स्रोतको पारदर्शी व्यवस्थापन, पर्यटन तथा सेवा शुल्क मोडेल, बक्यौता असुली र करदाता सेवा सुधार प्रभावकारी रूपमा कार्यान्वयन भएमा प्रदेशको आन्तरिक राजस्व क्षमता उल्लेखनीय रूपमा सुदृढ गर्न सकिने अवस्थालाई देखाउँछ। तथापि, प्रक्षेपित राजस्व स्वतः प्राप्त हुने लक्ष्य नभई सुधार कार्यान्वयन, संस्थागत क्षमता, राजनीतिक प्रतिबद्धता, तथ्याङ्क व्यवस्थापन र नियमित अनुगमनमा निर्भर मार्गदर्शक अनुमान हो।

यसैले आगामी वर्षहरूमा राजस्व प्रक्षेपणलाई राजस्व सम्बन्धी नीति, विषयगत योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक नीति कार्यक्रमा तथा बजेट, आर्थिक ऐन, र स्रोत अनुमान प्रक्रियासँग आबद्ध गर्दै प्रत्येक वर्ष उपलब्ध नयाँ तथ्याङ्क, बजार अवस्था र सुधार कार्यान्वयनको प्रगतिका आधारमा अद्यावधिक गर्नुपर्ने हुन्छ।

अनुसूचीहरू

गण्डकी प्रदेशको वित्तीय आत्मनिर्भरता सुदृढीकरणका लागि राजस्व परिचालन सुधार

वर्तमान अवस्था, चुनौती, सम्भावना र नीतिगत मार्गनिर्देशन

पेश

गण्डकी प्रदेश सरकारका नीति निर्माता, प्रदेश सभा सदस्य, मन्त्रीपरिषद्, आर्थिक मामिला मन्त्रालय एवम् विषयगत मन्त्रालय र सरोकारवाला

प्रस्तुत गर्ने

गण्डकी प्रदेश सरकार

गण्डकी प्रदेश नीति तथा योजना आयोग

अध्ययन तथा रणनीति निर्माण टोली

२०८३ वैशाख

१. सन्दर्भ

नेपालको संविधान, २०७२ ले सङ्घीय शासन प्रणाली अन्तर्गत प्रदेश सरकारलाई कर तथा गैरकर राजस्व परिचालन, योजना निर्माण, सेवा प्रवाह तथा विकास व्यवस्थापनका संवैधानिक अधिकार प्रदान गरेको छ। गण्डकी प्रदेश प्राकृतिक स्रोत, पर्यटन, कृषि, सेवा क्षेत्र तथा जलस्रोतका दृष्टिले अत्यन्त सम्भावनायुक्त प्रदेश भए तापनि प्रदेशको वित्तीय संरचना अझै सङ्घीय अनुदान र राजस्व बाँडफाँटमा अत्यधिक निर्भर रहेको अवस्था छ। प्रदेशको कुल बजेटमा आन्तरिक स्रोतको योगदान सीमित रहनु, कराधारको पूर्ण उपयोग हुन नसक्नु, राजस्व प्रशासन कमजोर रहनु तथा प्रविधिमैत्री प्रणालीको अभाव हुनु प्रदेशको वित्तीय आत्मनिर्भरता हासिल गर्ने दिशामा प्रमुख चुनौतीका रूपमा देखिएका छन्।

यस सन्दर्भमा तयार गरिएको "गण्डकी प्रदेश राजस्व परिचालन रणनीति" ले प्रदेशको विद्यमान राजस्व संरचना, राजस्व सम्भाव्यता, नीतिगत तथा संस्थागत अवस्था, राजस्व प्रशासनका कमजोरी तथा भावी सुधारका क्षेत्रहरूको विस्तृत अध्ययन प्रस्तुत गरेको छ। रणनीतिले प्रदेशको दीर्घकालीन वित्तीय स्थायित्व, दिगो विकास र विकास खर्च धान्न सक्ने आन्तरिक स्रोत निर्माण गर्ने स्पष्ट मार्गचित्र प्रस्ताव गरेको छ। यस नीतिगत संक्षेपपत्र (Policy Brief) उक्त रणनीति दस्तावेजमा आधारित रही नीति निर्माताहरूका लागि प्रमुख निष्कर्ष, चुनौती, नीतिगत प्रश्न, सम्भावना तथा कार्यान्वयनयोग्य सिफारिसहरू प्रस्तुत गर्ने उद्देश्यले तयार गरिएको हो।

२. नीति संक्षेपको उद्देश्य

यस नीतिगत संक्षेपको उद्देश्य गण्डकी प्रदेश राजस्व परिचालन रणनीतिमा प्रस्तुत अध्ययन, विश्लेषण तथा निष्कर्षहरूको आधारमा प्रदेश सरकार तथा नीति निर्माताहरूलाई प्रदेशको वास्तविक राजस्व अवस्था, संरचनागत समस्या, सम्भावित राजस्व क्षेत्र तथा सुधारका आवश्यक उपायहरूबारे स्पष्ट जानकारी प्रदान गर्नु रहेको छ। साथै प्रदेशको वित्तीय आत्मनिर्भरता अभिवृद्धि गर्न आवश्यक नीतिगत सुधार, प्रशासनिक पुनर्संरचना, डिजिटल राजस्व प्रणाली विकास तथा अन्तरसरकारी समन्वय सुदृढीकरणका विषयमा व्यावहारिक तथा कार्यान्वयनयोग्य सुझाब प्रस्तुत गर्नु यस संक्षेपको मुख्य उद्देश्य हो। यस नीतिगत संक्षेप प्रदेश सरकार, प्रदेश सभा, विषयगत मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, स्थानीय तह तथा सरोकारवाला निकायहरूका लागि निर्णय प्रक्रियामा सहयोगी दस्तावेजका रूपमा उपयोगी हुने अपेक्षा गरिएको छ।

३. रणनीतिको प्रमुख सार तथा निष्कर्ष

गण्डकी प्रदेशको राजस्व परिचालन रणनीतिले प्रदेशको राजस्व परिचालनको मुख्य समस्या "राजस्व स्रोतको न्यूनता" नभई "राजस्व शासन प्रणालीको कमजोरी" रहेको स्पष्ट रूपमा प्रस्तुत गरेको छ। प्रदेशसँग राजस्व परिचालनको उच्च सम्भावनाका बाबजुद प्रभावकारी, व्यवस्थित, पारदर्शी तथा प्रविधिमैत्री प्रणालीमार्फत परिचालन गर्न नसकिएको अवस्था विद्यमान छ।

प्रतिवेदनले प्रदेशको वर्तमान राजस्व संरचना अत्यधिक रूपमा सीमित तथा परम्परागत स्रोतहरूमा निर्भर रहेको देखाएको छ। सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, नदीजन्य पदार्थ बिक्री तथा प्रशासनिक दस्तुर प्रदेशको मुख्य आन्तरिक

राजस्व स्रोतका रूपमा रहेका छन्। तर पर्यटन, सेवा क्षेत्र, नयाँ व्यापार तथा व्यवसाय, कृषि व्यवसाय तथा प्राकृतिक स्रोतको वास्तविक सम्भावना प्रचुर भएर पनि राजस्व प्रणालीमा पर्याप्त रूपमा समेटिएको छैन।

रणनीतिले गण्डकी प्रदेशको अर्थतन्त्रमा पर्यटन क्षेत्रको विशेष भूमिका रहेको उल्लेख गरेको छ। पोखरा, अन्नपूर्ण संरक्षण क्षेत्र, मुक्तिनाथ, धार्मिक पर्यटन तथा साहसिक खेल पर्यटनले प्रदेशलाई अन्तर्राष्ट्रिय पर्यटन गन्तव्यका रूपमा स्थापित गरे पनि पर्यटन क्षेत्रबाट प्राप्त राजस्व सम्भावनाको तुलनामा अत्यन्त न्यून रहेको देखिएको छ। यसका मुख्य कारणहरू पर्यटन क्षेत्रको ठूलो हिस्सा अनौपचारिक अर्थतन्त्रभित्र सञ्चालन हुनु, पर्यटन व्यवसायको पूर्ण अभिलेखीकरण नहुनु, पर्यटक व्यवस्थापन प्रणाली कमजोर रहनु तथा डिजिटल राजस्व प्रणाली विकास हुन नसक्नु हुन्।

त्यसैगरी, प्राकृतिक स्रोत व्यवस्थापनतर्फ पनि प्रतिवेदनले गम्भीर चुनौतीहरू औंल्याएको छ। ढुङ्गा, गिट्टी, बालुवा तथा अन्य नदीजन्य पदार्थको उत्खनन तथा बिक्री वितरणा प्रक्रियामा पारदर्शिताको अभाव, अवैध उत्खनन, कमजोर अनुगमन, म्यानुअल अभिलेख प्रणाली तथा राजनीतिक हस्तक्षेपका कारण ठूलो मात्रामा राजस्व चुहावट भइरहेको अवस्था देखिएको छ।

प्रतिवेदनले तहगत सरकारबीचको नीतिगत तथा कानुनी सामाञ्जस्याता र समन्वयलाई महत्त्वपूर्ण समस्याको रूपमा औल्याएको छ। सङ्घ, प्रदेश तथा स्थानीय तहबीच कराधिकारको स्पष्टता नहुनु, दोहोरो कराधान, फरक–फरक शुल्क प्रणाली तथा प्रशासनिक अन्योलताका कारण करदातामा असन्तुष्टि बढेको देखिन्छ। विशेषगरी पर्यटन शुल्क, विज्ञापन कर तथा व्यवसाय, दर्ता, अनुमति, नवीकरण र नियमन तथा व्यवसाय कर जस्ता क्षेत्रमा नीतिगत अस्पष्टताले निजी क्षेत्रलाई निरुत्साहित गरेको प्रतिवेदनले निष्कर्ष निकालेको छ ।

४. वर्तमान राजस्व संरचनाको विश्लेषण

गण्डकी प्रदेशको वर्तमान राजस्व संरचना दीर्घकालीन रूपमा सन्तुलित तथा दिगो देखिँदैन। सीमित कर शीर्षकहरूमा अत्यधिक निर्भरता हुँदा आर्थिक गतिविधिमा आउने उतारचढावले प्रत्यक्ष रूपमा राजस्वमा असर गरिरहेको र सोको बढोत्तरी हुने जोखिम रहेको छ। उदाहरणका रूपमा घरजग्गा कारोबारमा कमी आएमा वा निर्माण क्षेत्र सुस्त भएमा प्रदेशको राजस्वमा प्रत्यक्ष नकारात्मक प्रभाव पर्न सक्छ।

यसैगरी प्रदेशसँग रहेका नयाँ आर्थिक क्षेत्रहरू अझै कर प्रणालीभन्दा बाहिर छन्। डिजिटल अर्थतन्त्र, अनलाइन सेवा, ई–कमर्स, डिजिटल विज्ञापन तथा प्लेटफर्म आधारित व्यवसाय तिव्र रूपमा विस्तार भइरहेका भए तापनि प्रदेशको राजस्व प्रणालीले तिनलाई समुचित रूपमा समेट्न सकेको छैन। प्रदेशका ८५ वटा स्थानीय तह मध्ये ६ वटाले मात्र मनोरञ्जनक कर परिचालन गरी प्रदेशसँग बाँडफाँट गरेको छ र सोमसेत नियमित छैन। यसले भविष्यमा प्राप्त हुन सक्ने ठूलो राजस्व सम्भावना गुम्ने जोखिम देखिन्छ।

प्रतिवेदनले कराधारको वास्तविक अभिलेख अभावलाई अर्को गम्भीर समस्या मानेको छ। प्रदेशसँग एकीकृत करदाता विवरण प्रणाली (Integrated Taxpayer Database) छैन। आर्थिक गतिविधिको वैज्ञानिक अभिलेखीकरण तथा डिजिटल तथ्याङ्क प्रणाली नहुँदा धेरै व्यवसाय तथा सेवा क्षेत्र कर प्रणालीभन्दा बाहिर रहेका छन्। यसले राजस्व प्रशासनलाई अनुमानमा आधारित बनाएको छ।

त्यसैगरी, प्रदेशको राजस्व प्रशासन अझै म्यानुअल, कार्यालय केन्द्रित तथा व्यक्तिनिर्भर रहेको देखिन्छ। यसले सेवा प्रवाह ढिलो हुनु, पारदर्शिता कमजोर हुनु, भ्रष्टाचारको सम्भावना बढ्नु, करदाताको अनुपालनन घट्नु तथा राजस्व चुहावट बढ्नु जस्ता समस्या सिर्जना गरेको छ।

यस अवस्थाले अब प्रदेश सरकारले परम्परागत राजस्व प्रशासन प्रणालीबाट डिजिटल तथा प्रविधिमैत्री राजस्व शासन प्रणालीतर्फ रूपान्तरण हुनुपर्ने आवश्यकता स्पष्ट रूपमा सङ्केत गरेको छ र सूचना प्रविधि उच्चतम उपयोग सन्दर्भमा परम्परागत म्यानुअल प्रणालीले प्रदेश सरकारलाई गिज्याइरहेको छ। उदाहरणको लागि क्यूआर सेवाग्राहीले अध्ययनको क्रममा व्यक्त गरेका छन्।

५. प्रमुख तथ्य तथा अवस्था विश्लेषण

५.१ सङ्घीय अनुदानमा अत्यधिक निर्भरता

गण्डकी प्रदेशको कुल आय संरचनामा सङ्घीय वित्तीय हस्तान्तरणको हिस्सा अत्यधिक (५८.८८%) रहेको छ भने राजस्व बाँडफाँट वाहेक आन्तरिक राजस्वको योगदान अपेक्षाकृत न्यून (७.३७%) रहेको देखिन्छ। प्रदेशको आर्थिक सम्भावना तथा विकास आवश्यकताको तुलनामा आन्तरिक राजस्व परिचालन अपर्याप्त रहेको निष्कर्ष रणनीतिले प्रस्तुत गरेको छ।

प्रदेश सरकारको आन्तरिक राजस्व मुख्यतः सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, ढुङ्गा-गिट्टी-बालुवा-दहत्तर बहत्तर बिक्री, वन व्यवस्थापन र विक्री शुल्क, उद्योग तथा व्यवसाय दर्ता, अनुमति, नवीकरण र नियमन दस्तुर तथा प्रशासनिक सेवा शुल्कमा केन्द्रित रहेको छ। तर सम्भावनायुक्त क्षेत्रहरू जस्तै पर्यटन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन कर लगायत डिजिटल अर्थतन्त्र, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि आयमा कर र उद्योग व्यवसाय तथा सेवा क्षेत्रमा अपेक्षित राजस्व परिचालन हुन नसकेको अवस्था छ।

५.२ कानुनी तथा नीतिगत अस्पष्टता

संविधानले प्रदेशलाई विभिन्न कर तथा गैरकर राजस्व अधिकार प्रदान गरे तापनि साझा अधिकार सूची अन्तर्गत पर्ने पर्यटन, प्राकृतिक स्रोत व्यवस्थापन, मनोरञ्जन तथा विज्ञापन कर, उद्योग तथा व्यवसाय दर्ता, अनुमति, नवीकरण र नियमन दस्तुर र सेवा शुल्कजस्ता क्षेत्रमा सङ्घ, प्रदेश र स्थानीय तहबीच कार्यक्षेत्र अस्पष्ट रहेको पाइन्छ। विशेषगरी (क) कृषि आय कर सङ्घीय आयकर ऐनसँग बाझिएको अवस्था; (ख) पर्यटन शुल्कमा तहगत सरकारबीचको अधिकारको बाँडफाँटमा अस्पष्टता र दोहोरो अभ्यास; (ग) प्राकृतिक स्रोत व्यवस्थापन कानुनी अस्पष्टता, परिचालनमा कानुनी तथा प्राविधिक जटिलता, (घ) मनोरञ्जन तथा विज्ञापन करमा कराधार, करारोपण तथा प्रशासन समन्वय तथा सहकार्यको कमी र (ङ) साझा अधिकार क्षेत्रका कर प्रशासनमा समन्वय तथा सहकार्यको कमी जस्ता समस्याले राजस्व परिचालनमा अवरोध सिर्जना गरेका छन्।

५.३ राजस्व प्रशासन कमजोर र म्यानुअल प्रणालीमा आधारित

रणनीतिले प्रदेशको राजस्व प्रशासन अझै म्यानुअल तथा तजविजी प्रक्रियामा आधारित रहेको, एकीकृत करदाता अभिलेख प्रणालीको कमी रहेको र डिजिटल प्रणाली सीमित रूपमा प्रयोग भएको उल्लेख गरेको छ। यसका प्रमुख

समस्या (क) करदाता डाटाबेस अद्यावधिक नहुनु, (ख) डिजिटल सेवा तथा भुक्तानी प्रणाली सीमित हुनु, (ग) अनुगमन कमजोर हुनु, (घ) राजस्व चुहावट नियन्त्रण प्रभावकारी नहुनु, (ङ) प्राविधिक जनशक्ति, पूर्वाधार, प्रणाली तथा क्षमताको कमी हुनु, (च) कर प्रशासनमा संस्थागत क्षमता कमजोर हुनु आदि रहेका छन्।

५.४ पर्यटन क्षेत्र प्रदेशको आर्थिक रूपान्तरणको प्रमुख आधार

गण्डकी प्रदेशको अर्थतन्त्रको सबैभन्दा ठूलो सम्भावनाको क्षेत्र पर्यटन हो। प्रदेशमा धार्मिक, सांस्कृतिक, प्राकृतिक, साहसिक तथा हिमाली पर्यटनको विश्वस्तरीय सम्भावना रहेको छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएसँगै अन्तर्राष्ट्रिय पर्यटन विस्तारको सम्भावना अझ बढेको छ। यदि पर्यटन क्षेत्रलाई व्यवस्थित रूपमा कर तथा गैरकर प्रणालीसँग आबद्ध गर्न सकिएमा पर्यटन प्रदेशको सबैभन्दा ठूलो आन्तरिक राजस्व स्रोत बन्न सक्ने देखिन्छ। अध्ययन तथा विश्लेषणले पर्यटन क्षेत्रको ठूलो हिस्सा अझै अनौपचारिक अर्थतन्त्रभित्र रहेको देखाएको छ। धेरै होमस्टे, स्थानीय गाइड सेवा, ट्रेकिङ सेवा तथा साहसिक पर्यटन व्यवसायहरू पूर्ण रूपमा दर्ता प्रणालीमा समावेश छैनन्। पर्यटकको वास्तविक सङ्ख्या, सेवा उपयोग तथा कारोबारसम्बन्धी विश्वसनीय डिजिटल तथ्याङ्क प्रणाली पनि कमजोर रहेको छ।

त्यसैगरी, विभिन्न तहका सरकारले फरक-फरक शुल्क तथा प्रक्रिया अपनाउने गरेका कारण पर्यटन राजस्व प्रणाली खण्डीकृत (Fragmented) बनेको छ। यसले व्यवसायी तथा पर्यटक दुवैमा अन्योल सिर्जना गरेको छ। प्रदेश सरकारले एकीकृत पर्यटन शुल्क प्रणाली, डिजिटल पर्यटक अभिलेख प्रणाली, अनलाइन अनुमति प्रणाली, ई–टिकटिङ तथा पर्यटन पूर्वाधार पुनर्लगानी प्रणाली गरी पर्यटन क्षेत्रलाई दीर्घकालीन राजस्व वृद्धिको प्रमुख आधार बनाउन सक्ने सम्भावना देखिन्छ।

५.५ पर्यटन क्षेत्रको विशाल सम्भावना तर न्यून राजस्व परिचालन

गण्डकी प्रदेश नेपालको प्रमुख पर्यटन केन्द्र हो। पोखरा, अन्नपूर्ण संरक्षण क्षेत्र, मनास्लु, ढोरपाटन, गोरखा दरवार, मनकामना, मुक्तिनाथ, बन्दीपुर, नवलपुर लगायतका गन्तव्यहरूले अत्यधिक पर्यटन सम्भावना बोकेका छन्। तथापि पर्यटन क्षेत्रबाट प्राप्त राजस्व सम्भावनाको तुलनामा निकै न्यून रहेको देखिन्छ। अध्ययन तथा रणनीतिले यस सम्बन्धमा देहायमा उल्लिखित सवालहरू उजागर गरेको छः

(क) पर्यटन सेवा शुल्कको सम्बन्धमा तहगत सरकारबीच अधिकार र जिम्मेवारी बाँडफाँट नहुनु,

(ख) पर्यटन व्यवसायको ठूलो हिस्सा अनौपचारिक रूपमा सञ्चालनमा रहनु,

(ग) डिजिटल परमिट, अनलाइन टिकटिङ र सूचनाको कमी हुनु,

(घ) सेवा सुविधाको विस्तार र विकाससँग सेवाको प्याकेजिङ नहुनु,

(ङ) पर्यटक डेटा व्यवस्थापन कमजोर हुनु,

(च) प्रदेश-स्थानीय तहबीच समन्वय तथा सहकार्यमा कमी हुनु,

(छ) होमस्टे तथा समुदाय आधारित पर्यटन दर्ता प्रणाली बाहिर रहनु।

तहगत सरकार पर्यटकीय सम्पदा व्यवस्थापनको अधिकार बाँडफाँट

पर्यटकीय गन्तव्यस्थलको विकास, सेवाको विविधीकरण र प्रभावकारी व्यवस्थापनको लागि विश्व सम्पदा सूचीमा सूचीकृत, सूचीकरणको प्रक्रियामा रहेको तथा राष्ट्रिय रूपमा महत्वपूर्ण सम्पदा व्यवस्थापन सङ्घको अधिकार क्षेत्र, सम्बन्धित भौगोलिक क्षेत्रमा रहेका राष्ट्रिय र क्षेत्रीय महत्वका सम्पदा प्रदेश अधिकार अन्तर्गत र स्थानीय महत्व र तुलनात्मक लाभका सम्पदा व्यस्थापनको अधिकार स्थानीय तहमार्फत हुने गरी नीति, कानुन, मापदण्ड तथा संरचनागत व्यवस्था तयार गर्न बाञ्छनीय देखिन्छ।

५.६ प्राकृतिक स्रोत व्यवस्थापन तथा राजस्व चुहावट

गण्डकी प्रदेशमा ढुङ्गा, गिट्टी, बालुवा, वन पैदावार तथा जलस्रोतको विशाल सम्भावना रहेको छ। तर हालको अवस्थामा पूर्वाधार विकास, सेवा व्यवस्थापन, अनुमगन तथा निगरानी र राजस्व प्रणाली प्रणाली कमजोर हुँदा ठूलो मात्रामा राजस्व चुहावट भइरहेको देखिन्छ। अवैध उत्खनन, कमजोर अनुगमन, म्यानुअल अभिलेख प्रणाली, राजनीतिक हस्तक्षेप तथा अपारदर्शी ठेक्का प्रणालीका कारण प्राकृतिक स्रोत क्षेत्र प्रभावकारी रूपमा व्यवस्थापन हुन सकेको छैन।

यो समस्या केवल आर्थिक मात्र नभई वातावरणीय तथा सामाजिक दृष्टिले पनि गम्भीर रहेको छ। अव्यवस्थित उत्खननले नदी कटान, जैविक विविधताको ह्रास तथा स्थानीय विवाद बढाएको छ। त्यसैले प्राकृतिक स्रोत व्यवस्थापनलाई केवल राजस्व सङ्कलनको विषयका रूपमा नभई वातावरणीय दिगोपन तथा वित्तीय सुशासनसँग सम्बन्धित विषयका रूपमा पुनर्संरचना गर्नुपर्ने आवश्यकता देखिन्छ। मुस्ताङ जोमसोम लगायत कालीगण्डकी र नवलपुरका ठाडो खोलामा सतह

बढ्दै गइरहेको र यसले विपद जोखिम बढाएको सन्दर्भमा नीतिगत तथा कानुनी समस्याका कारण सम्भावना भएर उत्खनन प्रशोधन तगा विक्री वितरण हुन नसक्दा एकातिर निर्माण सामाग्रीको कमी हुने र यसबाट चोरी निकासी बढ्ने तथा अर्कोतिर नदीतट विपद् जोखिम बढाएको र यसबाट उल्लेख्य मात्रामा राजस्व गुमिरहेको अवस्था छ।

भौगोलिक सूचना प्रणाली (GIS) मा आधारित स्रोत नक्शाङ्कन तथा अभ्ययन, जिपिस प्रणालीमा आधारित निगरानी (GPS Tracking), डिजिटल तौल पुल (Digital Weighbridge), विद्युतीय विडिङ (E-Bidding) तथा उत्खनन अनुगमन तथा निगानी (Extraction Monitoring System) जस्ता प्रविधिको प्रयोगमार्फत प्राकृतिक स्रोत व्यवस्थापनलाई पारदर्शी, व्यवस्थित तथा प्रविधिमैत्री बनाउन सकिएमा राजस्व वृद्धि, चुहावट नियन्त्रण तथा वातावरणीय संरक्षण एकसाथ सुनिश्चित गर्न सकिने देखिन्छ।

५.७ कृषि आय कर तथा नयाँ कराधारको कमजोर उपयोग

व्यावसायिक कृषि, पशुपालन, फलफूल उत्पादन, जडीबुटी खेती तथा कृषि प्रशोधन उद्योग विस्तार भइरहे तापनि प्रदेशको एकल अधिकार क्षेत्रमा रहेको कृषि आयमा कर सङ्घीय आय कर ऐनसँग बाझिएको र यसको कार्यान्वयनमा सङ्घबाट सहजीकरण तथा प्रदेश सरकारबाट समन्वय नहुँदा लागू हुन सकेको छैन। त्यसैगरी डिजिटल विज्ञापन, ई–कमर्स कारोबार, सेवा आधारित अर्थतन्त्र आउटसोर्सिङ तथा अन्य डिजिटल सेवा, कार्बन व्यापार लगायत जलवायु वित्त तथा इकोसिस्टम सेवा र ज्ञानमा आधारित सेवा जस्ता नयाँ आर्थिक क्षेत्रको सम्भाव्यता अध्ययन तथा विश्लेषण गरी अझै कर प्रणालीमा समुचित रूपमा समेटिन सकेका छैनन्।

६. रणनीतिबाट प्राप्त मुख्य निष्कर्ष

६.१ गण्डकी प्रदेशसँग उच्च राजस्व सम्भावना रहेको स्पष्ट देखिन्छः-

रणनीतिले गण्डकी प्रदेशसँग (१) पर्यटन, (२) यातायात, (३) प्राकृतिक स्रोत, (४) सेवा क्षेत्र, (५) कृषि व्यवसाय, (६) वन व्यवस्थापन सेवा, वन पैदावर तथा वनजन्य स्रोत परिचालन र (७) डिजिटल अर्थतन्त्र जस्ता क्षेत्रबाट उल्लेखनीय राजस्व वृद्धि गर्न सकिने आधार विद्यमान रहेको स्पष्ट रूपमा देखाएको छ।

६.२ समस्या स्रोत अभावमा होइन, व्यवस्थापन कमजोरिमा बढी केन्द्रित छः-

राजस्व वृद्धि नहुनुको प्रमुख कारणमा स्रोत कमी वा अभाव नभई (१) कमजोर प्रशासन, (२) अस्पष्ट नीति तथा कानुनी अड्चन, (३) प्रविधि तथा प्रणालीको अभ्यास, (४) कराधारको व्याख्या तथा विश्लेषण, स्रोतको अध्ययन तथा नक्शाङ्कन तथा तथ्याङ्क आधार तयार र अद्यावधिक नहुनु, (५) संस्थागत समन्वय कमजोर हुनु, (६) चुहावट नियन्त्रण प्रभावकारी नहुनु, (७) अनुगमन, निगरानी र नियमन कमजोर हुनु, (८) कर र सेवा अन्तरसम्बन्धको विकास हुन नसक्नु, (९) राजस्वबाट भ्रष्टचार गर्ने चलखेल तथा अभ्यास बढ्नु आदि रहेको निष्कर्ष रणनीतिले प्रस्तुत गरेको छ।

६.३ डिजिटल प्रणालीमा आधारित सेवा तथा राजस्व परिचालन बिना राजस्व सुधार सम्भव छैनः-

रणनीतिले भविष्यको राजस्व प्रणाली पूर्ण रूपमा डिजिटल, तथ्याङ्कमा आधारित तथा एकीकृत हुनुपर्ने स्पष्ट सिफारिस गरेको छ। जसका लागि विशेष गरी (१) एकीकृत राजस्व व्यवस्थापन सूचना प्रणाली (Integrated Revenue

Management Information System, (२) इलेक्ट्रोनिक राजस्व भुक्तानी, (ङ) भौगोलिक सूचना प्रणालीमा आधारित नक्शाङ्कन (GIS Mapping), (च) जिपिस प्रणाली तथा QR मा आधारित ट्र्याकिङ, वास्तविक समयमा आधारित अनुगमन र अनलाइन पर्मिट तथा सेवा प्रणाली लगायतका व्यवस्था लागू गर्नुपर्ने आवश्यकता औंल्याइएको छ।

६.४ प्रदेश-स्थानीय तह समन्वय सुधार नगरी राजस्व सुधार सम्भव छैनः-

साझा अधिकार क्षेत्रका करको कराधार, दोहोरो कराधान, फरक दर तथा फरक प्रणालीका कारण व्यवसायी तथा करदाता निरुत्साहित भएको निष्कर्ष रणनीतिले प्रस्तुत गरेको छ। तसर्थ, एकीकृत नीति तथा एकीकृत तथ्याङ्क प्रणाली, एक कर-एक अधिकार प्राप्त निकाय, राजस्व अध्ययन, समन्वय तथा सहजीकरण स्थापना आवश्यक देखिन्छ।

७. प्रमुख नीतिगत सन्देश

प्रतिवेदनको समग्र विश्लेषणले देहाय बमोजिम प्रमुख नीतिगत सन्देशहरू प्रस्तुत गरेको छः

(१) गण्डकी प्रदेशसँग पर्याप्त आर्थिक तथा राजस्व सम्भावना विद्यमान रहेको छ;

(२) समस्या स्रोत अभावमा नभई व्यवस्थापन कमजोरीमा केन्द्रित रहेको छ;

(३) करको दर वृद्धि मात्र समाधान होइन; प्रभावकारी राजस्व सुशासन आवश्यक छ;

(४) डिजिटल, पारदर्शी तथा करदातामैत्री प्रणाली निर्माण अपरिहार्य छ;

(५) पर्यटन तथा डिजिटल अर्थतन्त्र भविष्यका प्रमुख राजस्व स्रोत हुन सक्छन्;

(६) अन्तरसरकारी समन्वय तथा संस्थागत क्षमता अभिवृद्धि आवश्यक छ;

(७) वित्तीय आत्मनिर्भरता प्राप्त गर्न राजस्व सुशासनमा रूपान्तरण अपरिहार्य रहेको छ।

८. नीतिगत कार्यहरू (Policy Actions)

८.१ एकीकृत प्रदेश राजस्व नीति तथा छाता कानुन निर्माण

प्रदेश सरकारले एकीकृत प्रदेश राजस्व नीति तथा छाता कानुन (Integrated Provincial Revenue Policy and Umbrella Revenue Act) तर्जुमा गरी सबै कर तथा गैरकर प्रणालीलाई एकीकृत, स्पष्ट र समकालीन बनाउनु आवश्यक छ। जसले कर अधिकार स्पष्ट गर्ने, दोहोरो कराधान घटाउने, अनलाइन तथा डिजिटल करदातामैत्री प्रणाली विकास गर्ने र राजस्व प्रशासनलाई, सूचना प्रविधिमैत्री, दक्ष तथा प्रभावकारी बनाउने आधार तयार गर्नेछ।

८.२ डिजिटल राजस्व प्रशासन प्रणाली तत्काल कार्यान्वयन

प्रदेश सरकारले तीन वर्षभित्र (१) एकीकृत राजस्व व्यवस्थापन सूचना प्रणाली (Integrated Revenue Management Information System), (२) विद्युतीय राजस्व भुक्तानी, (३) डिजिटल पर्मिट तथा सेवा प्रणाली, (४) अनलाइन दर्ता तथा नवीकरण, (५) डिजिटल करदाता तथ्याङ्क, (६) भौगोलिक सूचना प्रणाली (GIS Mapping) तथा जिपिस प्रणालीमा आधारित ट्र्याकिङ, वास्तविक समयमा आधारित अनुगमन र अनलाइन पर्मिट तथा सेवा प्रणाली

लगायतका व्यवस्था कार्यान्वयन गर्नुपर्दछ। यसबाट पारदर्शिता, चुहावट नियन्त्रण, सेवा सहजता, कर अनुपालना र वास्तविक समय अनुगमन सुदृढ हुनेछ।

८.३ पर्यटन राजस्व सुधार

पर्यटन सेवा शुल्कलाई राजस्व वृद्धि र आर्थिक रूपान्तरणको प्रमुख आधारका रूपमा विकास गर्न अनलाइन टिकटिङ, एकीकृत पर्यटन शुल्क प्रणाली, ट्रेकिङ तथा होमस्टे दर्ता तथा नवीकरण, डिजिटल पर्यटकीय स्रोतको अभिलेख, उपभोग गर्नेले तिर्ने सिद्धान्तको अबलम्बन (User-Pay Principle), पर्यटन शुल्कलाई पूर्वाधार र सेवा तथा सुविधासँग प्रत्यक्ष जोड्ने प्रणाली लागू गर्नुपर्छ।

८.४ प्रविधिमा आधारित प्राकृतिक स्रोत व्यवस्थापन तथा नियमन

ढुङ्गा, गिट्टी, बालुवा तथा अन्य नदीजन्य पदार्थ व्यवस्थापनमा भौगोलिक सूचना प्रणालीमा आधारित नक्शाङ्कन (GIS Mapping), इ-विडिङ, सवारी साधनको डिजिटल निगरानी, डिजिटल तौल पुल (digital weigh bridge), अनलाइन उत्खनन अनुगमन प्रणाली लागू गरी राजस्व चुहावट नियन्त्रण तथा दोहन नियन्त्रण गर्नुपर्छ।

८.५ कराधार विस्तार र नयाँ क्षेत्रको सम्भाव्यता अध्ययन

प्रदेशले थप राजस्व परिचालनका लागि देहायअनुसारका नयाँ क्षेत्रलाई क्षेत्रलाई सम्भाव्यता अध्ययन, नीतिगत तथ कानुनी आधार तयार गरी राजस्व प्रणालीमा समेट्न आवश्यक छ:

(१) डिजिटल तया नयाँ विज्ञापन तथा मनोरञ्जन संरचना र साधन

(२) ई–कमर्स तथा कारोबार सेवा जस्तै अनलाइन व्यापार र डेलिभरी

(३) आउटसोर्सिङ तथा अन्य डिजिटल सेवा

(४) केबलकार तथा अन्य मनोरञ्जनात्मक सुविधा

(५) साहसिक खेल तथा जलयात्रा

(६) हरित अर्थतन्त्र (फोहोरमैला व्यवस्थापन)

(७) कृषि प्रशोधन उद्योग

(८) जलवायु वित्त, कार्बन व्यापार, इकोसिस्टम सर्भिसेस

(९) ज्ञान आधारित सेवा क्षेत्र।

८.६ संस्थागत क्षमता विकास

राजस्व प्रशासनलाई उत्प्रेरित, दक्ष, प्रभावकारी तथा नतिजामुखी बनाउन (क) प्राविधिक जनशक्ति व्यवस्थान, (ख) सिकाइ आदान-प्रदान, (ग) नियमित प्रशिक्षण तथा मेन्टरिङ र कम्युनिटी अफ प्राक्टिक्स, (घ) नतिजामूलक कार्यसम्पादनमा आधारित आधारित मूल्याङ्कन, (ङ) राजस्व अनुसन्धान, अध्ययन र अवलोकन, (च) प्रोत्साहन

प्याकेज, र (छ) तथ्याङ्क विश्लेषण सीप हस्तान्तरण क्षमता विकास गर्नुपर्छ। साथै प्रदेश तथा स्थानीय तहबीच संयुक्त राजस्व प्रशासन तालिम प्रणाली विकास आवश्यक छ।

९. प्रमुख नीतिगत सिफारिसहरू

गण्डकी प्रदेश सरकारले चरणबद्ध रूपमा देहायबमोजिमका सुधार कार्यहरू प्राथमिकताका साथ कार्यान्वयन गर्न आवश्यक छः-

९.१ अल्पकालीन (१–२ वर्ष)

(१) एकीकृत प्रदेश राजस्व नीति निर्माण गर्ने;

(२) एकीकृत करदाता अभिलेख तयार गरी नियमित रूपमा अद्यावधिक गर्ने;

(३) डिजिटल सेवा तथा राजस्व भुक्तानी अनिवार्य बनाउने;

(४) राजस्व चुहावट नियन्त्रण विशेष अभियान सञ्चालन गर्ने;

(५) पर्यटन तथा विज्ञापन व्यवसाय अनिवार्य दर्ता प्रणाली लागू गर्ने;

(६) करदाता शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

(७) साझा कर अधिकारमा प्रदेश–स्थानीय तह समन्वय संयन्त्र गठन गर्ने;

(८) अन्तरसरकारी समन्वय तथा संस्थागत क्षमता अभिवृद्धि आवश्यक छ;

९.२ मध्यमकालीन (३–५ वर्ष)

(१) एकीकृत डिजिटल राजस्व व्यवस्थापन सूचना प्रणाली को विकास तथा सञ्चालन गर्ने;

(२) फोहोर गर्ने तथा उपभोग गर्नेले तिर्ने सिद्धान्त लागू गर्ने;

(३) कर तथा सेवाको अन्तरसम्बन्धको सिद्धान्त बमोजिम लगानी गर्ने;

(४) प्रि-विलिङ, ई–भुक्तानी तथा अनलाइन अनुमति प्रणाली अनिवार्य गर्ने;

(५) भौगोलिक सूचना प्रणाली (GIS) मा आधारित प्राकृतिक स्रोत अनुगमन प्रणाली लागू गर्ने;

(६) पर्यटन सेवा तथा सुविधा प्याकेजिङ गर्ने जस्तैः सूचना केन्द्र सञ्चालन, क्यूआर कोडमा आधारित सूचना, गाइड तथा भरिया सेवा, आवास सुविधा, सुरक्षा तथा उद्धार आदि;

(७) अनलाइन अनुमति र शुल्क भुक्तानी लगायत एकीकृत डिजिटल प्रणाली सञ्चालन गर्ने;

(८) डिजिटल अर्थतन्त्र लगायत नयाँ कराधार पहिचान गरी कानुनी व्यवस्था गर्ने;

(९) कर प्रशासन पूर्ण रूपमा कागज रहित (Paperless) बनाउने;

(१०) प्रदेश तथा स्थानीय तह राजस्व अनुसन्धान तगा सिकाइ केन्द्र स्थापना र सञ्चालन गर्ने।

९.३ दीर्घकालीन (५–१० वर्ष)

(१) सङ्घीय अनुदानमा निर्भरता उल्लेखनीय रूपमा घटाउन आय आर्जन हुने आयोजनामा लगानी बढाउने;

(२) सार्वजनिक लगानी तथा बजेटलाई राजस्व परिचालनसँग आवद्ध गर्ने;

(३) फोहोरमैला व्यवस्थापन, प्रविधि हस्तान्तरण लगायत हरित अर्थतन्त्रमा आधारित राजस्व संरचना विकास गर्ने;

(४) गण्डकी प्रदेशलाई उपराष्ट्रिय तहको राजस्व अध्ययन तथा सिकाइ केन्द्रको रूपमा विकास गर्ने;

(५) प्रदेश वित्तीय रूपमा आत्मनिर्भर प्रदेशका रूपमा स्थापित गर्ने;

(६) परिणाममुखी, पारदर्शी र उत्तरदायी राजस्व प्रशासन प्रणाली विकास गर्ने।

१०. राजस्व प्रक्षेपणका आधार विधि तथा

रणनीतिमा सम्भावना, विगतको परिचालनको अवस्था, सम्भावना र परिचालनबीचको फरक, विगतको परिचालनको प्रवृत्ति, तथ्याङ्कीय विधि, सम्झौता विधि, वृद्धिदर मोडेलको आधारमा प्रक्षेपण गरिएको छ। प्रक्षेपण सामान्य अवस्थामा र सुधारको अवस्थामा गरी प्रक्षेपण गरिएको छ। सुधारको अवस्थामा कुल सम्भावना २८ अर्ब रहेकोमा सामान्य अवस्थाको सम्भावना रू. १३ अर्ब मात्र रहेको र रू. ९ अरब मात्र परिचालन भैरहेको अवस्था रणनीतिको विश्लेषण देखाएको छ।

सुधारको अवस्थाम प्रक्षेपण गर्दा आगामी पहिलो आ.व. २०८३/८४ मा सुधारका कार्य सञ्चालन हुने र त्यसबाट राजस्व परिचालनमा प्रभाव नदेखिने अनुमान गरी राजस्व रू. १३.४ अर्व मात्र हुने र दोस्रो तेस्रो वर्षमा क्रमश रू. १८.७ अर्व र रू. २१.५ अर्व राजस्व परिचालन हुन सक्ने अनुमान गरिएको छ। सामान्य अवस्थाको तुलनामा र सुधारको अवस्थामा आगामी तीन आ.व.मा क्रमश: रू. ६८ करोड, रू. ५.४ अर्ब तथा रू. ९.२ अर्ब थप राजस्व परिचालन हुने सक्ने प्रक्षेपणले देखाएको छ। यससम्बन्धी विवरण देहायअनुसार तालिकामा प्रस्तुत छः

रकम रू. लाखमा

प्रक्षेपणको अवस्था	सम्भावना	परिचालनको अवस्था	फरक	आगामी तीन आ.व.को प्रक्षेपण		
				२०८३/८४	२०८४/८५	२०८५/८६
क. सामान्य अवस्थामा प्रक्षेपण						
कर राजस्व	१०५५०२.५७	७०७६४.६०	३४७३७.९६	१०१४८६.४६	१०५४३०.५६	१०९५९०.६८
गैर कर राजस्व	२७१२१.५४	२२४६८.७७	४६५२.७७	२६०४३.९४	२७०७४.९४	१३२५३.६८
जम्मा	१३२६२४.१०	९३२३३.३८	३९३९०.७३	१२७५३०.४०	१३२५०५.५०	१२२८४४.३६
ख. सुधारको अवस्थामा प्रक्षेपण						
कर राजस्व	१२५७६५.९५	७०७६४.६०	५५००१.३४	१०५०४७.६७	११८२७१.७९	१२९६८०.६९
गैर कर राजस्व	१६००९७.६२	२२४६८.७७	१३७६२८.८५	२९२९०.७८	६८४५६.०१	८५२६२.६७
जम्मा	२८५८६३.५७	९३२३३.३८	१९२६३०.१९	१३४३३८.४५	१८६७२७.८०	२१४९४३.३६
सुधार र सामान्य अवस्थाको प्रक्षेपणबीच फरक						
कर राजस्व	२०२६३.३८	०.००		३५६१.२१	१२८४१.२३	२००९०.०१
गैर कर राजस्व	१३२९७६.०९	०.००		३२४६.८४	४१३८१.०७	७२००८.९९
जम्मा	१५३२३९.४७	०.००		६८०८.०५	५४२२२.३०	९२०९९.००

११. निष्कर्ष

गण्डकी प्रदेशसँग वित्तीय रूपमा सक्षम र आत्मनिर्भर बन्न सक्ने पर्याप्त आर्थिक, प्राकृतिक तथा संरचनागत आधार विद्यमान छ। उपलब्ध सम्भावनालाई प्रभावकारी रूपमा परिचालन गर्न नसक्दा प्रदेशको राजस्व संरचना अझै कमजोर तथा सङ्घीय हस्तान्तरणमा निर्भर रहेको अवस्था छ। समस्या स्रोत अभावमा नभई कमजोर राजस्व शासन, नीतिगत अस्पष्टता, डिजिटल प्रणालीको कमी, कमजोर प्रशासन तथा राजस्व चुहावटमा केन्द्रित रहेको देखिन्छ।

गण्डकी प्रदेशको राजस्व परिचालन रणनीतिले प्रदेशको वित्तीय आत्मनिर्भरता सुदृढीकरणका लागि स्पष्ट नीतिगत दिशा प्रस्तुत गरेको छ। प्रदेशसँग पर्याप्त आर्थिक सम्भावना उपलब्ध रहेको तर ती सम्भावनालाई प्रभावकारी रूपमा राजस्व प्रणालीसँग जोड्न नसकिएको यथार्थ रणनीतिले उजागर गरेको छ। समस्या स्रोत अभावमा भन्दा बढी व्यवस्थापन, समन्वय, प्रविधि तथा संस्थागत क्षमता कमजोरीमा केन्द्रित रहेको देखिन्छ। प्रदेश सरकारले कानुनी सुधार, डिजिटल राजस्व प्रशासन, कराधार विस्तार, प्राकृतिक स्रोत व्यवस्थापन सुधार, पर्यटन सेवाको प्याकेजिङ, प्रदेश–स्थानीय तह समन्वय, साझेदारी र सहकार्य, संस्थागत क्षमता विकासलाई प्राथमिकताका साथ कार्यान्वयन गरी आगामी दशकभित्र गण्डकी प्रदेशले सङ्घीय अनुदानमा निर्भरता घटाउँदै वित्तीय आत्मनिर्भरता हासिल गर्न सक्ने बलियो आधार रणनीतिले तयार गरेको छ।

अबको आवश्यकता केवल राजस्व सङ्कलन वृद्धि गर्नु मात्र नभइ कर प्रणालीलाई पारदर्शी, प्रविधिमैत्री, उत्तरदायी, करदातामैत्री तथा प्रमाणमा आधारित बनाउनु हो। साथै कराधार विस्तार, चुहावट नियन्त्रण, अन्तरसरकारी समन्वय तथा संस्थागत क्षमता विकासमार्फत दीर्घकालीन वित्तीय आत्मनिर्भरता सुनिश्चित गर्नुपर्ने आवश्यकता स्पष्ट रूपमा देखिएको छ। यदि रणनीतिमा प्रस्तावित सुधारहरू चरणबद्ध रूपमा कार्यान्वयन गर्न सकिएमा गण्डकी प्रदेशले आगामी दशकभित्र सङ्घीय अनुदानमा निर्भरता उल्लेखनीय रूपमा घटाउँदै वित्तीय रूपमा सक्षम, आत्मनिर्भर तथा दिगो विकास उन्मुख प्रदेशका रूपमा आफूलाई स्थापित गर्न सक्ने बलियो सम्भावना रहेको देखिन्छ ।

अनुसूची २: प्रदेश राजस्व परिचालन वस्तुस्थिति विश्लेषणसम्बन्धी तथ्याङ्क र विवरण सङ्कलन फाराम

गण्डकी प्रदेश सरकार

प्रदेश राजस्व परिचालन रणनीति तर्जुमा

तथ्याङ्क तथा विवरण सङ्कलन फाराम

मन्त्रालयः ....

१. मन्त्रालय र मातहातका निकायबाट सङ्कलन गरिएको राजस्वसम्बन्धी विवरण

क्र.सं.	राजस्व शिर्षक	गत आ.व. २०८१/८२ मा सङ्कलन		कैफियत
		रकम (रू. हजार)	करदाता सङ्ख्या	

२. राजस्व अधिकार र परिचालनको अवस्था (शीर्षकगत विवरण)

क्षेत्र/शीर्षक/आधार	गरिएका प्रमुख प्रयास/ उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाव (दायरा, दर व्यवस्थापन, कर सहभागिता)
१. कृषि आयमा कर			
२. सवारी साधन कर			
- सवारी साधन कर (निजी)			
- सवारी साधन कर (भाडामा दर्ता भएका)			
३. मनोरञ्जन कर			
- सिनेमा प्रदर्शनको बिक्री प्रति टिकट दर			
- केवलकार, बञ्जिजम्प, जिपलाइन, प्यारा-ग्लाइडिङ, क्यानोनिङ र ऱ्याप्टिङ प्रति टिकट दर			
- क्यासिनो प्रवेश प्रति टिकट दर			
- थियटर/नाटकघर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल र ओपेरा वार्षिक मनोरञ्जन कर			
- डान्सवार, नाइट क्लब अन्य रात्रीकालीन सेवा स्थल वार्षिक मनोरञ्जन कर			
- दोहरी साँझ/रोदी घर वार्षिक मनोरञ्जन कर			

क्षेत्र/शीर्षक/आधार	गरिएका प्रमुख प्रयास/ उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाब (दायरा, दर व्यवस्थापन, कर सहभागिता)
- मसाज/स्पा/साउना/ज्याकुजी घर वार्षिक मनोरञ्जन कर			
- फनपार्क, वाटर फाउण्टेन			
- फुटसल/पुल हाउस/स्वीमिङ पुल/जिम हाउस			
- स्वीङ, वाटर गार्डेन, बाल उद्यान, पार्क, ताल तलैया, कुज, वोटिङ, ढुङ्गा सफारी र रक क्लाइम्मिङ			
- मेला/महोत्सव/कन्सर्ट (व्यावसायिक मेला र सर्कस समावेश)			
४. विज्ञापन कर			
५. घरजग्गा रजिष्ट्रेशन सेवा शुल्क तथा दस्तुर			
- घरजग्गा वा अन्य लिखत रजिष्ट्रेशन शुल्क			
- डोर शुल्क			
- कर्जाको धितोबन्धक/दृष्टिबन्धक लिखत शुल्क			
- सरकारी जग्गा लिज शुल्क			
- जग्गा धनी दर्ता प्रमाण पुर्जा तथा स्रेस्ता प्रतिलिपि दस्तुर			
- दाखिला खारेज शुल्क			
- नामसारी दस्तुर			
- हाल साविक दस्तुर			
- घर कायम दस्तुर			

क्षेत्र/शीर्षक/आधार	गरिएका प्रमुख प्रयास/ उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाब (दायरा, दर व्यवस्थापन, कर सहभागिता)
- कित्ता एकिकृत दस्तुर			
- विवरण संशोधन शुल्क			
- रोक्का दस्तुर			
- जग्गा खण्डीकरण (प्लटिङ) शुल्क			
- विविध			
६. सवारी साधन शुल्क र दस्तुर			
- सवारी चालक अनुमति पत्र आवेदन दस्तुर			
- सवारी चालक अनुमति पत्र र नवीकरण दस्तुर			
- वार्षिक बाटो (रूट) इजाजत दस्तुर (तोकिएको निश्चित बाटो क्षेत्रभित्र संचालनार्थ)			
- वार्षिक बाटो (रूट) इजाजत पत्र दस्तुर र नविकरण			
- जाँचपास प्रमाणपत्र, प्रदूषण स्टीकर र अन्य दस्तुर			
- सवारी साधन दर्ता तथा सरूवा दस्तुर			
- सवारी साधन नामसारी दस्तुर			
- सवारी साधन सनाखत दस्तुर			
- सवारी साधनको अस्थायी दर्ता दस्तुर			
- विदेशमा दर्ता भएका सवारी साधन चलाउने अनुमति पत्रको दस्तुर			
- सवारी साधनको दर्ता प्रमाणपत्र नवीकरण दस्तुर			
- लगत कट्टा दस्तुर			

क्षेत्र/शीर्षक/आधार	गरिएका प्रमुख प्रयास/ उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाब (दायरा, दर व्यवस्थापन, कर सहभागिता)
- यातायातसम्बन्धी प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप सञ्चालन गर्ने अनुमति र नवीकरण दस्तुर			
- सवारी साधन बिक्री शोरूप, रिकण्डिशन हाउस सञ्चालन अनुमतिपत्र तथा नवीकरण दस्तुर			
- विदेशमा दर्ता भएका सवारी साधनलाई प्रदेशमा प्रवेश गर्दा लाग्ने बाटो ईजाजत दस्तुर			
- सवारी साधन दर्ता सरूवा सहमति दस्तुर			
- राईड शेयरिङ र सेल्फ ड्राईभ सेवा दिने संस्था अनुमति र नवीकरण शुल्क			
- राईड शेयरिङ र सेल्फ ड्राईभ सेवामा आवद्ध सवारीधनीले दाखिला गर्नुपर्ने सवारी साधनक नवीकरण शुल्क			
- राईड शेयरिङ र सेल्फ ड्राईभ सेवामा प्रदायक कम्पनिमा सेवा शुल्क			
- विद्युतीय सूचना प्रणालीमा आधारित राईड शेयरिङ सेवा दिने संस्था दर्ता र नवीकरण शुल्क			
- सवारी साधनको नामसारी र धनीको मृत्यु भएको सवारी साधनको नामसारी दस्तुर			
- यातायात सेवा नाम पञ्जीकरण दस्तुर			
- यातायात सेवा सञ्चालन अनुमतिपत्रको नवीकरण दस्तुर			
- सवारी साधनसँग सम्बन्धित जरिवाना			

क्षेत्र/शीर्षक/आधार	गरिएका प्रमुख प्रयास/ उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाब (दायरा, दर व्यवस्थापन, कर सहभागिता)
-			
७. पर्यटन शुल्क			
- प्रवेश शुल्क			
- पदमार्ग शुल्क			
- साहसिक पर्यटन शुल्क			
- पथपर्दशक इजाजत तथा नवीकरण शुल्क			
- मनोञ्जनात्मक पर्यटन शुल्क			
- पर्यटन संरचना उपयोग शुल्क			
- पर्यटन परामर्श तथा सेवा शुल्क			
- पर्यटनसम्बन्धी अइलाइन सेवा शुल्क			
- पर्यटन गतिविधिबाट सिर्जित फोहोरमैला व्यवस्थापन शुल्क			
८. ढुङ्गा, गिट्टी, वालुवा, माटो, दहत्तर र वहत्तर बिक्री			
- माटो			
- ढुङ्गा, चुनढुङ्गा, खरिढुङ्गा, गिट्टि, ग्राभेल, रोडा, बालुवा			
- स्लेट			
- दहत्तर तथा वहत्तर (नदीले बगाइ ल्याएका काठ, दाउरा, जराजुरी)			

क्षेत्र/शीर्षक/आधार	गरिएका प्रमुख प्रयास/ उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाब (दायरा, दर व्यवस्थापन, कर सहभागिता)
- माटो, ढुङ्गा, गिट्टि, ग्राभेल, चुनढुङ्गा, खरिढुङ्गा, रोडा, बालुवा, स्लेट, अभ्रख, दहत्तर र वहत्तरको उत्खखन, सङ्कलन र प्रशोधन र विक्री वितरण ऐनको उलङ्खन गरेमा लाग्ने जरिवाना			
९. वातावरणीय सेवा शुल्क			
१०. उद्योग, व्यापार र व्यवसाय इजाजत, रजिष्ट्रेशन, नवीकरण र खारेजी शुल्क			
- नदीजन्य पदार्थ प्रशोधन गरि ढुङ्गा, गिट्टि, बालुवा, धुलो, ग्राभेल उत्पादन उद्योग दर्ता तथा नवीकरण शुल्क			
- प्राइभेट फर्म नवीकरण दस्तुर तथा जरिवाना			
- साझेदारी फर्म नवीकरण दस्तुर तथा जरिवाना			
- शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा र भाषा प्रशिक्षण केन्द्र सञ्चालनसञ्चालन दर्ता तथा नविकरण			
११. वन पैदावर विक्री तथा सोसम्बन्धी शुल्क			
१२. अन्य आय तथा सेवा शुल्क			

क्षेत्र/शीर्षक/आधार	गरिएका प्रमुख प्रयास/ उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाब (दायरा, दर व्यवस्थापन, कर सहभागिता)
- माटो तथा मलखाद परीक्षण सेवा शुल्क			
- विउ विजन परीक्षण तथा प्रशोधन सेवा शुल्क			
- बाली संरक्षण सेवा शुल्क			
- पशु स्वास्थ्य सेवा शुल्क			
- तालिम तथा प्रसारका भौतिक सामाग्री भाडा आय			
- निर्माण सामग्री परीक्षण (प्रयोगशाला)सम्बन्धी शुल्क			
- फूल, तरकारी र फलफुलको बोट विरूवा बिक्री			
- अन्य आय			
१३. दण्ड, जरिवाना र जफत			
- प्रचलित कानुनअनुसारको दण्डजरिवाना			
- प्रचलित कानुनअनुसार हुने जफत			
१४. प्रशासनिक सेवा शुल्क			

३. गण्डकी प्रदेशको राजस्व परिचालन तथा विस्तार नयाँ तथा सम्भाव्य क्षेत्र

क्र.सं.	राजस्वका क्षेत्र र शिर्षक	परिचालनको उपाय	सम्भाव्यता/दायरा

४. अन्य सुझाब (केही भएमा)

अनुसूची ३: स्थानीय तहबाट बाँडफाँट भई प्राप्त राजस्वसम्बन्धी विवरण

रकम रू. हजारमा

जिल्ला	स्थानीय तह		विज्ञापन कर			मनोरञ्जन कर			प्राकृतिक स्रोत परिचालन शुल्क		
	क्र.सं.	गाउँ/ नगरपालिकाको नाम	२०७९/८०	२०८०/८१	२०८१/८२	२०७९/८०	२०८०/८१	२०८१/८२	२०७९/८०	२०८०/८१	२०८१/८२
गोरखा	१	गोरखा नगरपालिका							०	६१९३	१९३४
	२	पालुङटार नगरपालिका							४६६८	४८७७	४५३६
	३	बारपाक सुलिकोट गाँउपालिका							५२२	१३०७	४२११
	४	सिरानचोक गाउँपालिका							८९४		
	५	अजिरकोट गाउँपालिका							६२१	१६९०	
	६	आरूघाट गाउँपालिका							१०९४	४१९	५६३
	७	गण्डकी गाउँपालिका						१६	१५२३	२६१०	५०८०
	८	चुमनुब्री गाउँपालिका									
	९	धार्चे गाउँपालिका									
	१०	भीमसेनथापा गाउँपालिका							३४९	१६८०	२८३८
	११	शहिद लखन गाउँपालिका								१७३४	१०४९
लमजुङ	१२	बेसीसहर नगरपालिका							७०४२	३२१८	३१५३
	१३	मध्यनेपाल नगरपालिका							२०९०	१६३३	२८८३
	१४	राइनास नगरपालिका							३३३		
	१५	सुन्दरबजार नगरपालिका							११३३	३३	१६८४
	१६	क्व्होलासोथर गाउँपालिका									३२३
	१७	दूधपोखरी गाउँपालिका									६१६
	१८	दोर्दी गाउँपालिका								२७३	५६२
	१९	मर्स्याङ्दी गाउँपालिका							५५४		१०७१
तनहुँ	२०	भानु नगरपालिका							५७३		१९७०
	२१	भीमाद नगरपालिका	२०	२२					७२८	२५०४	४०२१

जिल्ला	स्थानीय तह		विज्ञापन कर			मनोरञ्जन कर			प्राकृतिक स्रोत परिचालन शुल्क		
	क्र. सं.	गाउँ/ नगरपालिकाको नाम	२०७९/८०	२०८०/८१	२०८१/८२	२०७९/८०	२०८०/८१	२०८१/८२	२०७९/८०	२०८०/८१	२०८१/८२
	२२	व्यास नगरपालिका							७९३३	१६६५६	
	२३	शुक्लागण्डकी नगरपालिका		२५०					१२२५२	११७८२	४२८९
	२४	आँबुखैरेनी गाउँपालिका							९४२१		
	२५	ऋषिङ गाउँपालिका									
	२६	घिरिङ गाउँपालिका									
	२७	देवघाट गाउँपालिका							११५८८	३३१२	६४५
	२८	म्याग्दे गाउँपालिका									
	२९	बन्दिपुर गाउँपालिका	१०६	१४४	१९०				११९८	५६१	३४९
स्याङ्जा	३०	गल्याङ नगरपालिका							१३६८	१६२०	१०५५
	३१	चापाकोट नगरपालिका								१७७४	
	३२	पुतलीबजार नगरपालिका			१६२				३७५४	३१८७	५०१३
	३३	भीरकोट नगरपालिका							६६०३	९०७८	
	३४	वालिङ नगरपालिका			१४५			४८	३१९८	१९१५	६३४६
	३५	अर्जुनचौपारी गाउँपालिका									
	३६	आँधिखोला गाउँपालिका								७३२	
	३७	कालिगण्डकी गाउँपालिका									८३
	३८	फेदीखोला गाउँपालिका	१						२५०		
	३९	बिरुवा गाउँपालिका							३८२	३७७	६५२
	४०	हरिनास गाउँपालिका									
कास्की	४१	पोखरा महानगरपालिका	१४३	८४४	११७०	१४१८	५४२२	५६२८	५७२९८	६१४५	८०८५०
	४२	अन्नपूर्ण गाउँपालिका						४३			
	४३	माछापुच्छ्रे गाउँपालिका							३९१२	७०५७	२६०१
	४४	मादी गाउँपालिका							७८८		
	४५	रुपा गाउँपालिका		१९४०							६८५

जिल्ला	स्थानीय तह		विज्ञापन कर			मनोरञ्जन कर			प्राकृतिक स्रोत परिचालन शुल्क		
	क्र. सं.	गाउँ/ नगरपालिकाको नाम	२०७९/८०	२०८०/८१	२०८१/८२	२०७९/८०	२०८०/८१	२०८१/८२	२०७९/८०	२०८०/८१	२०८१/८२
मनाङ	४६	चामे गाउँपालिका							२		
	४७	नार्पाभूमि गाउँपालिका									
	४८	नार्सो गाउँपालिका								२४६	
	४९	मनाङ डिस्याङ गाउँपालिका									
मुस्ताङ	५०	घरपझोंग गाउँपालिका							४५	२१	
	५१	थासाङ गाउँपालिका									
	५२	लो-घेकर दामोदरकुण्ड गाउँपालिका									
	५३	लोमान्थाङ गाउँपालिका									
	५४	बारागुङ मुक्तिक्षेत्र गाउँपालिका									
म्याग्दी	५५	बेनी नगरपालिका			९८				३५४९	२४७५	८२२
	५६	अन्नपूर्ण गाउँपालिका									
	५७	धवलागिरी गाउँपालिका							२२८		
	५८	मंगला गाउँपालिका						२४	११७९	१३९९	११३१
	५९	मालिका गाउँपालिका							२१५२		१०१८
	६०	रघुगंगा गाउँपालिका							२४७९		२८३५
पर्वत	६१	कुश्मा नगरपालिका									
	६२	फलेवास नगरपालिका								४०६५	२५८९
	६३	जलजला गाउँपालिका									४५९३
	६४	पैयुँ गाउँपालिका									२५४
	६५	महाशिला गाउँपालिका									३
	६६	मोदी गाउँपालिका							३६१		
	६७	बिहादी गाउँपालिका							२३६	५५३	
बागलुङ	६८	बागलुङ नगरपालिका		३	२२५					६९९	९८०

जिल्ला	स्थानीय तह		विज्ञापन कर			मनोरञ्जन कर			प्राकृतिक स्रोत परिचालन शुल्क		
	क्र. सं.	गाउँ/ नगरपालिकाको नाम	२०७९/८०	२०८०/८१	२०८१/८२	२०७९/८०	२०८०/८१	२०८१/८२	२०७९/८०	२०८०/८१	२०८१/८२
	६९	गल्कोट नगरपालिका						१	५		१६
	७०	जैमिनी नगरपालिका								३३	
	७१	ढोरपाटन नगरपालिका			३						३
	७२	बरेङ गाउँपालिका								३	
	७३	कोठेखोला गाउँपालिका		६							
	७४	तमानखोला गाउँपालिका									
	७५	ताराखोला गाउँपालिका									
	७६	निसीखोला गाउँपालिका									
	७७	बडिगाड गाउँपालिका							३४८	७७	
बर्दघाट सुस्ता पूर्व)	७८	कावासोती नगरपालिका		१४८	२००					१५२१३	
	७९	गैँडाकोट नगरपालिका		३							६
	८०	देवचुली नगरपालिका								७४९१	
	८१	मध्यबिन्दु नगरपालिका									
	८२	बौदीकाली गाउँपालिका							३	५०६५	१८१०
	८३	बुलिङटार गाउँपालिका							१४७७		११४४
	८४	विनयी त्रिवेणी गाउँपालिका									
	८५	हुप्सेकोट गाउँपालिका									३८७
		जम्मा	२७०	३३६०	२१९३	१४१८	५४२२	५७६०	१५४१३३	१२९७०७	१५६६५३

नोटः ✯ ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर तथा वहत्तर बिक्रीबाट प्राप्त आय

गण्डकी प्रदेश सरकार

प्रदेश राजस्व परिचालन रणनीति तर्जुमा

अन्तर्वार्ता, समूहगत छलफल र परामर्शबाट प्राप्त विवण

राजस्व अधिकार र परिचालनको अवस्था

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाव (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
क. अर्थ तथा विकास समितिका पदाधिकारी			
१. मा. भोजराज अर्याल		• प्रदेशमा राजस्व परिचालनका क्षेत्र, आधार तथा स्रोत, सम्भावना अधिक भएर पनि कानुनी संरचनागत तथा प्रशासनिक जटिलताको कारण परिचालन हुन नसक्नु • सङ्घबाट अधिकार प्रत्यायोजनमा सङ्कुचन हुनु • प्रदेश र स्थानीय तहबीच साझा अधिकार क्षेत्रको राजस्व परिचालनको लागि समन्वय, सहकार्य तथा सहजकरणमा कमी हुनु • घरजग्गा रजिष्ट्रेशनको दर अन्य प्रदेशको भन्दा तुलनात्मक रूपमा धेरै रहेको भन्ने गुनासो रहेको • वाह्य पर्यटक विशेष गरी युरोपियन पर्यटकको आगमन सङ्ख्या घट्दै जानु • सरकारको नीति, प्राथमिकता र कार्यक्रम तथा नागरिकको अपेक्षाबीच तालमेल नहुनु	• राजस्व परिचालनमा रहेको परम्परागत प्रणाली तथा प्रक्रियालाई डिजिटल प्रणालीमा रूपान्तरण गर्ने • कृषि उत्पादन र बजारसँग जोडेर तथा सेवालाई वृहत र फराकिलो बनाएर कृषिमा आयकरको कार्यान्वयन गर्ने • सवारी साधन कर तथा प्रशासनिक दस्तुर सङ्कलनलाई अनलाइन प्रणाली रूपान्तरण गरी प्रभावकारी र सेवाग्राहीमैत्री बनाउने • नेपाल सरकारसँग समन्वय र सहकार्य गरी सिद्धार्थ राजमार्गको शिघ्र स्तरोन्नति गरी भारतीय पर्यटकको आगमन बढाउने • मुस्ताङको जोमसोम लगायत कालीगण्डकी नदीको थुप्रिदै गएको नदीजन्य पदार्थको थप अध्ययन अनुसन्धान र

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाव (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
			कानुनी व्यवस्था गरी उत्खनन, प्रशोधन र ब्राण्डिङ बिक्री वितरण गरी थप राजस्व परिचालन गर्ने ● अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्रको नदीजन्य पदार्थ, वन क्षेत्रको व्यवस्थापन र पर्यटन शुल्क बाँडफाँटको कानुनी व्यवस्थाको लागि नेपाल सरकारसँग समन्वय तथा सम्बाद गर्ने ● व्यवसाय, उत्पादन तथा रोजगारीमा लगानी बढाउने
५. मा. दिपेन्द्र वहादुर थापा	● संवैधानिक तथा कानुनी व्यवस्था ● कर तथा गैर करका दायरा, दर तथा व्यवस्थापन प्रणाली विकास हुँदै गएको ● राजस्वका नयाँ क्षेत्र पहिचान हुँदै गएको	● राजस्व नीति, कानुन अद्यावधिक तथा करदातामैत्री हुन नसक्नु ● कर प्रशासन तथा व्यवस्थापन सूचना प्रविधि हुन नसक्नु ● राजस्वको दायरा विस्तार हुन नसक्नु ● कानुनी अस्पष्टता कायमै रहुन ● राइड सेयरिङ, पर्यटकीय क्षेत्र र ढुङ्गा गिट्टी बालुवाबाट राजस्व हासिल हुन नसकेको ● धार्मिक स्थल र तालमा रहेका माछापोखरीबाट राजस्व हासिल हुन नसकेको	● निकासी गर्ने व्यवस्था सहित सङ्घीय सरकारबाट छाता कानुन निर्माण गरी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, बिक्री वितरणलाई व्यवस्थित गर्ने, ● घरजग्गा कारोबारलाई भू-सेवा प्रणाली र वैकिङ प्रणालीमा जोडी कारोबारमा आधारित र अनलाइन बनाउने, ● अन्नपूर्ण तथा मनास्लु संरक्षण क्षेत्रको प्रदेश अधिकार क्षेत्रमा पर्ने वन तथा नदीजन्य पदार्थ परिचालनको कानुनी व्यवस्था गर्न नेपाल सरकारसँग समन्वय गर्ने ● चेक ड्याम तथा सिल्टेशन ड्याम निर्माण गरेर सङ्कलन गरी विक्री वितरणको व्यवस्था गर्ने ● राइड शेयरिङलाई थप परिस्कृत गरी इजाजत तथा नवीकरण वापत दस्तुर मार्फत राजस्व परिचालन गर्ने ● धार्मिक स्थलमा तथा धर्मशालामा लगानी गरी राजस्व वृद्धि गर्ने

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाव (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
			• तालमा भएका माछापोखरीलाई राजस्वको दायरामा ल्याउने
६. मा. विन्दु पौडेल	• नीति तथा कानुनी व्यवस्था भएको • राजस्वसम्बन्धी आधारभूत विवरण तथा तथ्याङ्क उपलब्ध रहेको	• नीतिगत तथा कानुन व्यवस्थाका बाबजुद प्रदेशको राजस्व परिचालनमा सङ्घीय कानुन वाधक हुनु • नीति तथा कानुन कार्यान्वयन प्रभावकारी हुन नसक्नु	• नीति तथा कानुन निर्माणभन्दा राजस्व प्रशासनमा जोड दिनुपर्ने
७. मा. प्रकाश बराल	• धार्मिक, साँस्कृतिक, प्राकृतिक स्रोत साधन उपलब्ध रहेको • नीतिगत र कानुनी व्यवस्था उपलब्ध रहेको	• धार्मिक, सांस्कृतिकर प्राकृतिक विविधतालाई राजस्वसँग जोड्न नसकिनु • Nature र Feature, चित्र तथा चरित्रमा तालमेल मिल्न नसक्नु • सरकारको लगानी तथा प्राथमिकता र राजस्व परिचालनबीच तालमेल नमिल्नु • नीति निर्माणकर्ता जनप्रतिनिधि र कार्यान्वयनकर्ता जनप्रतिनिधि बिच तालमेल नहुनु	• प्रमुख पर्यटकीय गन्तव्यमा पर्यटकलाई नाकामा स्वागत गर्ने, सत्कार गर्ने, सेवा सुविधा प्रदान गर्ने र सोवापत शुल्क लिने व्यवस्था गर्ने जस्तै पुम्दिकोट • सवारी साधन अनुमति प्रणाली अझ सरल र सहज बनाइ सेवा शुल्क थप गर्ने • घरवास सेवा शुल्कको व्यवस्था गरी घरबास कार्यक्रम भएको र गरिने लगानीको औचित्य पुष्टि गर्ने • पूर्वाधार उपयोग शुल्कबाट राजस्व परिचालन गर्न नीतिगत, कानुनी र वित्तिय लगानी र प्रतिफलको अध्ययन गर्ने
८. मा. हरी वहादुर भण्डारी	• म्याग्दीमा गतवर्ष मात्रै ३३ करोडको सुन्तला बिक्री भएको • गलेश्वर मन्दिरमा मासिक ६-७ लाख रकम उठ्छ र सोबाट राजस्व सङ्कलन हुन सकेको छैन	• अत्याधिक र ठूला स्रोत भएर पनि परिचालन हुन नसक्नु • विदेशी पाहुनाको वसाई अवधि र खर्च बढाउन नसक्नु • पर्यटकीय शुल्क सङ्कलनको उपयुक्त आधार उपलब्ध नहुनु • गण्डकी प्रदेशको ठूलो सम्भावना तथा स्रोतको रूपमा रहेर कृषि उत्पादन तथा जलविद्युतबाट राजस्व लिन नसक्नु	• तिन वर्षको लक्ष्य र यथार्थ सङ्कलनबीचको खाडल र सो को कारण तथा अन्तरनिहित कारण खोजपड्ताल गर्ने र समाधानका रणनीति तय गर्ने • कानुन परिमार्जनका लागि तहगत सरकार सहकार्य गर्ने

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाब (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
	• पर्यटकीय रूट तथा क्षेत्रमा एक होटेलले बार्षिक ५ करोड कमाउने गरेको	• घरजग्गा विक्रीमा न्यून मूल्याङकन हुनु	
९.मा. पार्वती गुरूङ	• काउलेपानी, घलेगाउँ, भुजुङ, राइनासकोट जस्ता पर्यटकीय र होमस्टेका सम्भाव्य क्षेत्रहरू उपलब्ध रहेको	• राजस्व परिचालन कमजोर हुनु, • नीति, कानुन तथा कायान्वयनबीच तालमेल नमिल्नु	• पर्यटक बाँस बस्ने (विसौनी) ठाँटी वा होल्डिङ सेन्टर बनाएर सेवा शुल्क लिने • जलविद्युतलाई पर्यटन र उद्योग व्यवसायसँग जोडेर राजस्व सङ्कलन गर्ने • साझा अधिकारको कार्यान्वयनको सन्दर्भमा सङ्घबाट छाता कानुन बनाएर सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय र मार्गदर्शन गर्ने
१०. मा. सीता कुमारी सुन्दास	• वनवाट प्राप्त हुने आय परिचानको सम्भावना रहेको	• प्रदेशको अपार सम्भावनाको रूपमा रहेको प्राकृतिक स्रोत साधनको परिचालन राजस्व सङ्कलन हुन नसक्नु	• वन उत्पादन तथा विक्री बढाउने • खानी र खनिजन्य पदार्थको परिचालनको लागि ढुङ्गा, गिट्टी र बालुवा प्रसोधन, खनिज उद्योगमा स्थापना सहयोग र सहजीकरण गर्ने • राजस्वको कुनै क्षेत्र जस्तै पर्यटन शुल्क, व्यापार व्यवसाय दर्ता, अनुमति, नवीकरण र वाणिज्य प्रशासनलाई अनलाइन प्रणाली तथा फेसलेस बनाउनु पर्ने • राजस्व सुधारको क्षेत्रमा विज्ञताको उपयोग सही रूपमा गर्नुपर्ने
मा. डा. कृष्णचन्द्र देवकोटा	• प्रदेशमा राजस्व परिचालनको लागि नीति, कानुनी र सङ्गठनात्मक आधार तयार भएको	• मनाङ तथा मुस्ताङ क्षेत्रको नदीजन्य पदार्थ निर्माण सामाग्री रूपमा प्रयोगको लागि कमजोर हुनु	• मध्यपहाडी क्षेत्रका नदीजन्य पदार्थ गुणस्तरीय रहेको हुँदा सोक्षेत्रमा अध्ययन अन्वेषण, उत्खनन, सङ्कलन, प्रशोधन तथा वजारीकरणको रणनीति तय गर्नुपर्ने

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाब (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
	• नयाँ क्षेत्र, दायरा तथा प्रशासनिक व्यवस्थाका लागि सामान्यत प्रयासहरू भैरहेका • राजस्वको सम्भाव्यता अध्ययन, अनुमान तथा प्रक्षेपणसम्बन्धी क्षमता विकासका कार्यहरू सञ्चालनमा रहेका • एकीकृत आय व्यव विवरण मार्फत सार्वजनिक हुने गरेको	• नदीजन्य पदार्थको अध्ययन तथा अन्वेषण, उत्खनन, सङ्कलन, प्रशोधन र विक्री वितरण विशेष गरी प्रशोधन तथा अन्य मूलुक बिक्री वितरणमा कानुनी अवरोध रहनु • राजस्व परिचालन, लगानी प्राथमिकता, लगानीमा सहजताको सम्बन्धमा अध्ययन र अनुसन्धान कमी हुनु • प्रदेश सरकारबाट आयमूलक तथा राजस्व अभिवृद्धि हुने सिल्टेशन ड्याम निर्माण, स्वचालित भेहिकल स्क्यानिङ तथा टेस्टिङ प्रयोगशाला, Cliff Nepal पर्यटन क्षेत्र, सेवा तथा सुविधा विकास र विस्तार लगायतका आयोजना सञ्चालनमा लगानी हुन नसक्नु	• नदीजन्य पदार्थको अध्ययन तथा अन्वेषण, उत्खनन, सङ्कलन, प्रशोधन र विक्री वितरण विशेष गरी प्रशोधन तथा अन्यमूलुक बिक्री वितरण रहेको कानुनी अवरोध तथा खाडलका छाता कानुन तत्काल निर्माण गर्न अन्तर प्रदेश समन्वय परिषद समेत उच्च राजनीतिक र प्रशासनिक तहमा समन्वय तथा सम्वाद गर्ने • प्रदेश माननीयहरूले प्रदेश र स्थानीय तहबीच पुलको रूपमा काम गर्ने • कुनै एक गाउँपालिका तथा नगरपालिकालाई प्रदेश र स्थानीय तहको राजस्वको साझा अधिकार क्षेत्रको परीक्षण ल्यावको रूपमा विकास गर्ने • प्रदेश आर्थिक ऐन, राजस्व नीति, राजस्व अनुमान तथा प्रक्षेपण र बजेट तर्जुमा राजस्व परिचालन रणनीतिलाई आधारको रूपमा लिने • प्रदेश सरकारबाट आयमूलक तथा राजस्व अभिवृद्धि हुने सिल्टेशन ड्याम निर्माण, स्वचालित भेहिकल स्क्यानिङ तथा टेस्टिङ प्रयोगशाला, Cliff Nepal पर्यटन क्षेत्र, सेवा तथा सुविधा विकास र विस्तार लगायतका आयोजना सञ्चालन गर्ने
मा. डा. योगेन्द रिजाल	• कानुनी तथा प्रसानिक व्यवस्था उपलब्ध रहेको	• प्रदेशमा राजस्व परिचालनमा कतिपय सङ्घीय कानुन जस्तैः वन ऐन, पर्यटन ऐन, यातायात व्यवस्था ऐन, आयकर ऐन, मालपोत ऐन वाधक देखिनु • कतिपय क्षेत्रमा कर तथा गैरकरका दर बढी देखिनु	• भारतमा पहिलोपटक लालु यादव रेलमन्त्री हुँदा उनले रेलको भाडा घटायर, कर्मचारी कटौती र सेवामा सुधार जस्ता व्यवस्थापनमा सुधार गरी दर नभइ सेवाग्राही/दायरा बढाएर राजस्व बढाउने रणनीति अपनाउने

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाब (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
			• राजस्व परिचालनका नयाँ क्षेत्र जस्तै घरवास सेवा शुल्क, पर्यटन सेवा शुल्क, वन व्यवस्थापन शुल्क, राइड-शेयरिङ दस्तुर, अनलाइन तथा क्यासलेस प्रणाली लागू गरेर राजस्व परिचालनमा अभिवृद्धि गर्ने • प्रदेश तथा स्थानीय तहमा राजस्व परिचालन वाधक रहेका तथा बाझिएका कानुन परिमार्जनका लागि नेपाल सरकारसँग राजनीतिक तह तथा प्रशासनिक तहमा समन्वय र सम्वाद गर्ने
मा. श्री दुर्गा लामिछाने	• प्रदेश राजस्वको सम्भावना र आधार उपलब्ध रहेको	• समन्वय, सहकार्य र सम्वादमा कमी हुनु • वनस्रोतबाट प्राप्त राजस्वको बाँडफाँट र अधिकार क्षेत्रमा दोहोरोपाना कायम रहनु • तहगत सरकार र संरचनाबीचको समन्वय र सञ्चारमा कमी हुनु • राजस्वसँग सम्बन्धित कर्मचारीको कमी हुनु • कर तथा गैर करको आधार, करदाता, अनुमान तथा तथा प्रक्षेपणलगायत राजस्वसम्बन्धी तथ्याङ्कमा कमी हुनु • राजस्व परिचालनसम्बन्धी अध्ययन तथा अनुसन्धान कमी हुनु	• मन्त्रालयका पदाधिकारी र कर्मचारीसँग गरिने कार्य-सम्पादन करार सम्झौतामा राजस्वको लक्ष्य एक प्रमुख सूचकको रूपमा समावेश गर्ने • राजस्वसम्बन्धी तथ्याङ्क आधार तयार गर्ने • घरेलु मदिरा, गाँजा उत्पादन, प्रशोधन र विक्रीसम्बन्धी कानुन र कार्यविधिको व्यवस्था गर्ने • धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धनको लागि सेलिब्रेटी बोलाएर प्रवर्द्धन गर्ने • डिजिटल भुक्तानी प्रणालीको विकास गरी वित्तिय अनिवार्य गर्ने
श्री टोकराज पाण्डे, सचिव आर्थिक मामिला मन्त्रालय	• ५७३ करोड लक्ष्य रहेकोमा चैत्र मसान्त सम्म (नौ महिना) १८३ करोड वा ३२ प्रतिशत राजस्व सङ्कलन भएको	• राजस्वको लक्ष्य र प्रगतिबीच ठूलो अन्तर देखिनु र सोअन्तर हालका वर्षमा वढ्दै जानु • सवारी साधन विशेष गरी ठूलो क्षमता र लक्जरी विद्युतीय सवारीको दर न्यून हुनु	• अन्नपूर्ण तथा मनास्लु संरक्षण क्षेत्रबाट परियोजनाले सङ्कलन गर्ने पर्यटन शुल्क वापतको राजस्व बाँडफाँट र सोभन्दा अन्य पर्यटकीय गन्तव्यस्थल तथा रूटमा पर्यटन शुल्क सङ्कलनलाई दायरमा ल्याउने नीतिगत, कानुनी र प्रशासनिक पहल गर्ने

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाव (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
	• गैरकर राजस्वको क्षेत्र व्यापक रहेको • पर्यावरणीय उद्यान, पचभैया क्षेत्र र स्लेट ढुङ्गालगायतका प्राकृतिक क्षेत्रमा आर्थिक गतिविधि विस्तार भएको	• संविधान, प्रदेश कर तथा गैरकर राजस्व ऐन, आर्थिक ऐनमा समावेश कृषि आयमा कर, खानी तथा खनिज पदार्थको अन्वेषण तथा व्यवस्थापन, साहसिक पर्यटन शुल्कको कायान्वयन हुन नसक्नु • पर्यावरणीय उद्यान, पचभैया क्षेत्र र स्लेट ढुङ्गालगायतका क्षेत्रबाट राजस्व असुली हुन नसकेको • गैरकर राजस्व सङ्कलन अपेक्षाकृत रूपमा हुन नसकेको	• सवारी साधनको किसिम, क्षमता र उपयोग, आयु र चलेको दुरीको आधारमा राजस्वको दर अद्यावधिक गर्ने • प्रदेश समन्वय परिषदमा छलफल गरेर प्रदेशबीच करकाता दरमा एकरूपता कायम गर्ने • सरकारी आवासको प्रयोगमा न्यूनतम शुल्क लिन व्यवस्था गर्ने • घरेलु मदिरा उत्पादन, प्रशोधन, गुणस्तर नियन्त्रण र बिक्री वितरणसम्बन्धी नियमावली तत्काल जारी गरी कार्यान्वयन तथा व्यवस्थित गर्ने • Cliff Nepal ले गरेको अभ्यासलाई अनुसरण गरी शुल्कसँग जोडी कार्यान्वयन गर्ने • कृषि आयमा कर, खानी तथा खनिज पदार्थको अन्वेषण तथा व्यवस्थापन अनुमति दस्तुर तथा शुल्क साहसिक पर्यटन शुल्कको कार्यान्वयनसम्बन्धी रणनीति तयार गर्ने
श्री छवी रिजाल, सचिव नीति तथा योजना आयोग	• प्रदेशलाई बलियो बनाउन वित्तिय स्वायत्तता अनिवार्य सर्तको रूपमा रहेको र सोअनुसार नीति, कानुन, रणनीति, संरचना तथा कार्यान्वन गर्न आवश्यक रहेको	• राजस्वको सम्भाव्यता अध्ययन, नीति तथा कानुन तर्जुमा, परिचालन, अनुगमन तथा नियमन सम्बन्धमा प्रदेश तथा स्थानीय तहबीच समन्वय र सहकार्य हुन नसक्नु • सरकार र नागरिक बिचको दुरी घट्न नसक्नु	• नेपालले अगाँलेको समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्त, कर तथा गैर कर क्षेत्रको अधिकारअनुसार राजस्व परिचालन रणनीति तर्जुमा गर्ने • राजस्व परिचालनमा सरकार नागरिक/करदाता/सेवाग्राहीमा गएर राजस्व सङ्कलन गर्ने अवधारणा अनुसार राजस्व रणनीति तयार गर्ने • नदीजन्य पदार्थको अन्वेषण, उत्खनन तथा सङ्कलन स्थानीय तह आफैले गर्ने र लिलाम बढाबढबाट ठेक्का

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाव (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
			लगाएर प्रशोधन तथा बिक्री वितरण यथार्थ कारोवारमा आधारित मोडेल अपनाउने ● जलस्रोत तथा पर्यटन स्रोतको उपयोगको रणनीति तयार गर्ने
श्री केवल प्रसाद भण्डारी, पूर्व सचिव तथा अध्ययन टोली प्रमुख	● उपलब्ध अधिकार क्षेत्रको क्रमश प्रयोग हुँदै गएको ● अन्तरप्रदेश समन्वय परिषदको राजस्व परिचालन र वाझिएका कानुनको सम्बन्धमा छलफल भैरहेको	● प्रदेशको कर राजस्वको आधार (विशेष गरी कृषि आयमा कर) कमजोर हुनु र अन्य करका आधार साझा अधिकार क्षेत्रमा पर्नु र गैर कर राजस्व परिचालन पनि साझा अधिकार क्षेत्रमा रहेको हुँदा छाता कानुनको अभाव देखिनु ● कर र गैरकर राजस्व सङ्कलन व्यवस्थित हुन नसक्नु	● प्रदेश सामर्थ्य र पहिचानमा आधारित रहेकोले सोअनुसारको रणनीनि तर्जुमा गर्ने ● कर
श्री कल्पना सापकोटा, उप-सचिव, आर्थिक मामिला मन्त्रालय	● ऐन, निमय तथा कानुनी आधार तयार भएको ● ढुङ्गा गिट्टी बालुवामा उठेको राजस्व बाँडफाँट गर्ने स्थानीय तहलाई प्रोत्साहन अनुदानको व्यवस्था ● आर्थिक ऐन तयारीमा स्थानीय तह, सरोकारवाला लगायत विज्ञहरूसँग छलफलको अभ्यास रहेको	● भनाइ र गराइमा भिन्नता रहनु ● राजस्व परिचालनसम्बन्धी कार्यक्रम न्यून हुनु ● राजस्व वृद्धिका क्षेत्रमा प्राथमिकतासाथ लगानी नहुनु ● अन्तर तह, विषयगत कानुन तथा राजस्वसम्बन्धी कानुनबीच तालमेलको कमी हुनु र बाझिनु ● प्रदेशको राजस्व परिचालन सङ्घीय कानुनको व्यवस्था अवरोधको रूपमा रहनु ● राजस्व परिचालनमा सूचना प्रविधिको प्रयोग न्यून हुनु ● सरकार परिवर्तनले राजस्व नीति फेरिने परिपाटी रहुन ● लक्ष्य अनुसार आन्तरिक ऋण उठाउन नसकिएको ● राजस्व चुहावट कायमै रहेको	● विषयगत मन्त्रालय, निकाय तथा स्थानीय तह र आर्थिक मामिलाबीचको समन्वय, सहकार्य र सम्वाद गर्ने सोको सघनता बढाउने ● शैक्षिक परामर्श, वातावरण व्यवस्थापन, राइड सेयरिङ, वन, पर्यटन, नदिजन्य खनिज र कृषि आय जस्ता क्षेत्रबाट राजस्व सङ्कलनका लागि देखिएका समस्या समाधानका पहल विस्तार ● साझेदारीमा एक स्थानीय तह एक पर्यटकीय स्थल निर्माण गरी कर उठाउने
श्री गोविन्द पाण्डे, योजना तथा बजेट महाशाखा	● कृषि फर्म दर्ताको अभ्यास रहेको,	● कृषि आयको परिभाषा तथा कानुनी व्याख्या र प्रमाणीकरणको व्यवस्था हुन नसक्नु	● संवैधानिक व्यवस्थाअनुसार कृषि आयमा कर सम्बन्धमा आयकर ऐन व्यवस्था बाझिएका व्यवस्था संशोधन गरी

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाव (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
प्रमुख; कृषि, भूमिव्यवस्था तथा सहकारी मन्त्रालय	• कृषि उत्पादन व्यावसायिक हुँदै गएको, • कृषि उत्पादन विक्रीबाट मनग्य आम्दानी हुँदै गएको	• कृषि तथा पशुस्वास्थ्यसम्बन्धी शुल्क तथा दस्तुर भुक्तानीको लागि क्यूआर कोड तथा अनलाइन प्रणाली प्रयोग ल्यान नसक्नु • कृषि आयमा कर कोबाट, कसरी र कसले सङ्कलन गर्ने व्यवस्था स्पष्ट नहुनु • कृषि आयमा कर सम्बन्धमा संविधान र आयकर ऐनको व्यवस्था बाझिनु र संविधानअनुसार आयकर ऐन संशोधन हुन नसक्नु	कृषि आयमा करको परिभाषा र व्याख्या गरी प्रदेशबाट सिधै सङ्कलन गर्ने वा कृषि व्यवसाय, फर्म, कम्पनी र फर्मबाट भएको आम्दानी सङ्घबाट प्रदेशमा बाँडफाँट गरी पठाउने व्यवस्था गर्ने • कृषि तथा पशुपंक्षी सेवा, फर्म तथा कम्पनी शिफारिश दस्तुर, प्रयोगशाला सेवाको विस्तार र विविधीकरण गर्ने
श्री पूर्णेश्वर सुवेदी, वन व्यवस्थापन महाशाखा, वन तथा वातावरण मन्त्रालय	• वनजन्य पैदावर, नदीजन्य पदार्थ र खानीजन्य पदार्थको व्यवस्थापन गरी राजस्व सङ्कलनको सम्भावना अधिक रहेको • वनजन्य पैदावर व्यवस्थापन र उत्पादनको लागि प्रदेशमा सबैभन्दा ठूलो संरचना वन क्षेत्रको रहेको	• राजस्व प्रशासनमा डेडिकेटेड निकाय हुँदा परिचालन प्रभावकारी हुन नसक्नु • वनको व्यवस्थापन तथा उत्पादन बढाइ राजस्व बढाउन सकिने वन पैदावरको विक्री, वन क्षेत्रको नदीजन्य तथा खानीजन्य पदार्थ व्यवस्थापन, वनजन्य पैदावरको प्रशोधन लगायतका क्षेत्रमा सरकारको लगानी र निजी, सामुदायिक क्षेत्रलाई प्रोत्साहनको कमी हुनु	• सामुदायिक, साझेदारी तथा चक्लाबन्दी वनबाट काठ दाउरा उत्पादनका लागि थप लगानी गर्नुपर्ने • वन क्षेत्रभित्रको नदीजन्य पदार्थ, स्लेट, चुनढुङ्गा, माटो आदिको व्यवस्थापन योजना तयारी, उत्खनन, सङ्कलन तथा बिक्री वितरण लगायत व्यवस्थापनको लागि कार्यविधि निर्माण गर्ने र सोअनुसार व्यवस्थापन र बिक्री वितरण गरी राजस्व आर्जन गर्ने • प्रदेश वन ऐनअनुसार कुनै वन क्षेत्रलाई पर्यापर्यटन लगायत हरित उद्यमका लागि वनजन्तुजन्य उद्यान, प्राणी उद्यानमा रूपान्तरण गर्ने नीति अनुरूप सोमा रूपान्तरण गरी थप राजस्व आर्जन गर्ने • प्रदेशको खानी क्षेत्र (स्लेट, फलाम आदि), मुस्ताङको सानो ढुङ्गा, क्रसर तथा नदीजन्य उद्योग प्रशोधन, वनजन्य पैदावर प्रशोधन लगायतका खानीजन्य तथा वनजन्य उद्यम सञ्चालन नीजि क्षेत्रलाई सहजीकरण गरी इजाजत, दर्ता र नवीकरण र सेवा शुल्क वापत राजस्व सङ्कलन गर्ने

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाब (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
			• सरकार (वन कार्यालय) ले उद्योग स्थापना तथा सञ्चालनका लागि वनपैदावरको उत्पादन बढाई कच्चा पदार्थ उपलब्ध गराउने
श्री दिनेश पौडेल, महाशाखा प्रमुख, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय	• प्रदेश मातहत ... वटा कार्यालयबाट सवारी साधन तथा सवारी साधन अनुमति पत्रको कार्य सञ्चालन हुनु • राइड शेयरिङको नियमावली तयार भई राइड शेयरिङलाई व्यवस्थित गरी करको दायरामा ल्याउने प्रयास हुनु	• सवारी साधन विशेष गरी नवीकरण नभएका सवारी साधनको अभिलेख तयार हुन नसक्नु र ट्र्याक गर्ने प्रणाली नहुनु • VRS प्रणालीको पूर्ण, अद्यावधिक नहुनु र विभागबाट पूर्ण पहुँच प्राप्त नहुनु र समस्या समाधानमा विभागबाट सहजीकरण नहुनु • अनलाइन र डिजिटल प्रणालीबाट सेवा उपलब्ध प्रणाली विकास र सञ्चालन नहुनु • कर छली र चुहावट कायम रहनु • करदाता तथा सरोकारवालासँग नियमित छलफल र सम्वाद गर्ने र पृष्ठपोषण लिन व्यवस्था नहुनु • प्रणाली सुधारमा नीति निर्माता र प्रशासक ध्यान नजानु	• सबै ब्लुबुकलाई डिजिटलाइज्ड गरी नागरिक एप्ससँग जोडेर सवारी साधन कर, नवीकरण तथा अन्य यातायात दस्तुरको डिजिटल भुक्तानी व्यवस्था गर्ने • सवारी साधनको क्षमताकोबीचमा रहेको फरकलाई बढाएर सवारी साधनको क्षमताको थप वर्गीकरण गरी सानो सवारी साधनक दर बढाउने र ठूला क्षमताका सवारी साधनको दर बढाएर कर, शुल्क र दस्तुर लिने गरी आर्थिक ऐनमा परिमार्जन गर्ने • करको दर, सेवा शुल्क र दस्तुरमा प्रदेशबीच एकरूपता ल्याउन अध्ययन, समन्वय र सम्वादको व्यवस्था गर्ने • प्रदेशबासी नागरिकलाई आफ्नै प्रदेशमा सवारी साधन दर्ता, नवीकरण गर्ने वातावरण सिर्जना गर्न सेवालाई सहज र डिजिटल बनाउने
आर्थिक मामिला मन्त्रालय	• राजस्व परामर्श समिति बैठक तथा अध्ययनः ५ वटा उपसमिति गठन गरी विषयगत रूपमा अध्ययन गरी प्रतिवेदन तयार गर्ने • विषय विज्ञ, निजी क्षेत्र, करदाता र स्थानीय तहसँग परामर्श गरी सुझाब लिने	• नीति निर्माता र कार्यान्यन गर्ने पदाधिकारीमा इच्छा-शक्ति र चाहाना नभएर बहाना बनाउने प्रचलन हावी रहनु • प्रदेश वन ऐन तथा नियमावलीअनुसार काष्ठ तथा गैह काष्ठ वन पैदावर विक्रीबाट प्राप्त राजस्वको बाँडफाँटसम्बन्धी अदालतमा मुद्दा विचाराधिन रहेको	• सत्ता साझेदारीमा मुख्यमन्त्री र आर्थिक मामिला मन्त्री फरक दलबाट रहने व्यवस्था शक्ति सन्तुलन कायम हुने • एक स्थानीय तह एक पर्यटकीय क्षेत्रको पूर्वाधार विकास तथा प्रवर्द्धन गरी पर्यटन, सेवा, सुविधा र व्यवसाय विकास र विस्तार गरी राजस्व स्थानीय तहसँगको समन्वय र साझेदारीको राजस्व सङ्कलन गर्नु

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाब (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
	• अन्य प्रदेशको दर, दायरा र व्यवस्थापनसम्बन्धी सफल अभ्यास अध्ययन गर्ने • राजस्वको शीर्षकगत रूपमा स्रोतको अनुमान मन्त्रालय तथा निकायबाट माग गर्ने अभ्यास गरिएको • उपरोक्त आधारमा राजस्व अधिकार क्षेत्र अनुसारका दायरा, दर र व्यवस्थापनसम्बन्धी एकीकृत प्रतिवेदन तयारी गरी माननीय मन्त्रिसमक्ष पेश गरी तर्जुमा गर्ने गरिएको, • बजेट तर्जुमा तथा कार्यान्वय निर्देशिकामा योजना तथा बजेट तर्जुमाको क्यालेण्डर रहेको र उल्लिखित कार्यतालिका अनुसार राजस्व र व्ययको अनुमान गर्ने गरिएको • मन्त्रालयमा राजस्व व्यवस्थापनका लागि विभाग गठन गर्ने निर्णय भएको,	• ढुङ्गा, गिट्टी, बालुवा, वन पैदावर समेत प्राकृतिक स्रोत परिचालन कानुनी व्यवस्था तथा प्रशासकीय र अन्तरतह समन्वय हुन नसक्नु • सङ्घीय शासन प्रणाली अनुसार अन्नपूर्ण तथा मनास्लु संरक्षण क्षेत्रबाट प्राप्त राजस्व तहगत बाँडफाँड हुन नसक्नु • नीतिगत तथा कानुन व्यवस्था भन्दा कार्यान्वियन समस्या वढ्दै जानु • कर छुट, छली र चुहावट बढ्दै जानु • स्वार्थकेन्द्रित भएर करको दर घटाउने प्रवृत्ति समेत रहनु	• पञ्चासे क्षेत्रमा पर्यटकीय सेवा शुल्क सङ्कलनलाई व्यवस्थित रूपमा अगाडि बढाउने

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाव (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
	• राजस्व सेवाका ३ जना अधिकृत समेत ५ जना कर्मचारी कार्यरत रहेको • उद्योग तथा पर्टयन मन्त्रालयलाइ एकीकृत सेवा कार्यालयको रूपमा सुदृढीकरण गर्न लागिएको		
उद्योग तथा पर्यटन मन्त्रालय	• पर्यटन उद्योग तथा व्यवसाय दर्ता, नवीकरण, सञ्चालन स्थान र अन्य औद्योगिक तथा व्यवसाय प्रशासन र सेवा शुल्क र कर प्रशासनसम्बन्धी विवरणको अभिलेख डिजिटल प्रणालीबाट अद्यावधिक गर्न TIMS (Tourism Industry Management System) तयार गरी सञ्चालन गरिएको, • कम्पनीलाई उद्योग सरह दर्ता र नवीकरण गर्ने देश औद्योगिक तथा व्यवसाय ऐनमा व्यवस्था गरिएको • प्राइभेट फर्म (वाणिज्य फर्म) जिल्लास्थित एकीकृत सेवा कार्यालय मार्फत भैरहेको • परम्परागत ज्ञान तथा अभ्यासमा आधारित घरेलु मदिराको	• उद्योग तथा व्यवसाय फर्म दर्ता र नवीकरण तथा प्रशासन सम्बन्धमा प्रदेश र स्थानीय तहबीच एकरूपता नहुनु • स्थानीय तहको व्यवसाय करलाई उद्योग तथा व्यवसाय दर्तालाई आवद्धता र नविकरणलाई व्यवसाय करको रूपमा परिभाषित गरी स्पष्ट गर्न नसक्नु • उद्योग तथा व्यवसाय विशेष गरी सिमेण्ट, इट्टाभट्टा, क्रसर उद्योगबाट निस्कने प्रदूषण नियन्त्रणको लागि सेवा सुविधा उपलब्ध गराइ सेवा शुल्क लिने व्यवस्था नहुँदा वातावरण शुल्क सङ्कलन हुन नसक्नु • छानुनी अस्पष्टता, उच्च चुहावट तथा अवैध कारोवारको कारण ढुङ्गा गिट्टी तथा वालुवा सङ्कलन, व्यवस्थापन र व्यवस्थापनबाट ठूलो मात्रामा राजस्व चुहावट हुनु • वाह्यमूलक निकासीसम्बन्धी कानुन नहुँदा र निर्माण उद्योग विस्तापित हुँदै जाँदा क्रसर लगायत नदीजन्य पदार्थमा आधारित उद्योग र अन्य करोबार घट्दै जानु, • उद्योग तथा व्यावसायिक वातावरण विग्रदै हुँदै जानु र निजी क्षेत्र सरकारसँग हतोत्साही हुनु	• साझा अधिकार क्षेत्रको रूपमा रहेको पर्यटन शुल्कको परिचालन सम्बन्धमा नीतिगत सङ्घीयता प्रणाली अनुसार पर्यटकीय स्थल, सेवा तथा सुविधाको छाता नीति, कानुन र मापदण्ड तयार गर्ने र सोअनुसार पर्यटकीय स्रोत, सेवा तथा सुविधा सम्बन्धित तहमा हस्तान्तरण गरी निर्धारित नीति, कानुन र मापदण्डअनुसार व्यवस्थापनको सुनिश्चितता गरी राजस्व परिचालन गर्ने • सङ्घीय पर्यटन नीति, २०८२ अनुकुल पर्यटकीय ऐन २०३५ लाइ परिमार्जन गरी पेश भएको सङ्घीय संसदमा विचाराधिक रहेको पर्यटन ऐन २०८१ परिमार्जन सहित जारी गर्ने सो अनुकुल प्रदेश पर्यटन ऐन तथा नियमावलीका संशोधन गरी पर्यटकीय स्थल, सम्पदा र सेवा तथा सुविधामा रहेको दोहोरोपना हटाइ पर्यटन शुल्कको परिचालन व्यवस्थित गर्ने • वातावरण संरक्षण ऐन तथा नियम बमोजिम वाधावरणीय शुल्क अध्ययन प्रतिवेदन शुल्क आर्थिक ऐनमा समावेश गरी सङ्कलन गर्ने

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाव (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
	सङ्कलन, गुणस्तर नियमन र ब्रिक्रि वितरणालाई सहजीकरण गरी व्यावसायिक बनाउने घरेलु मदिरा ऐन २०८२ निर्माण भई स्वीकृत भएको र सोको कार्यान्वयनको लागि नियमावली तर्जुमा अन्तिम चरणमा रहेको • होमस्टे (घरवास) कार्यक्रम सञ्चालन कार्यविधि तर्जुमा गरी सोअनुरूप ३३२ वटा होमस्टे विकास, पूर्वाधार विकास र प्रवर्द्धन प्रदेश सरकारबाट हालसम्म ५० करोड रकम लगानी भैसेकेको र सोमध्ये ६० प्रतिशत भन्दा बढी होमस्टे सुचारू भैरहेको • उद्योग तथा व्यवसाय इजाजत, दर्ता, नवीकरण र अन्य दस्तुरबाट विगत ५ वर्षमा औषत ५ करोड ७९ लाख र पदमार्ग शुल्क (पर्यटन शुल्क) बाट ४ लाख ९८ हजार सङ्कलन भएको • बन्जी, केबलकार, जलक्रडा र प्याराग्लाइडिङ क्षेत्रको व्यावसायिकता विस्तार हुँदै गएको	• औद्योगिक तथा व्यावसा, पर्यटनसम्बन्धी नीति, कानुन र कार्यप्रणाली तथा राजस्व प्रशासन सम्बन्धमा तहगत सरकारबीच स्पष्ट कार्य विभाजन तथा एकरूपता नहुनु • पर्यटन शुल्क सङ्कलनमा अस्पष्टता कायमै रहेको • बन्जी, केबलकार, जलक्रडा र प्याराग्लाइडिङ क्षेत्रबाट राजस्व सङ्कनल हुन नसकेको	• राउण्ड फेवा तथा भ्यू फेवा आयोजना तत्काल निर्माण र सम्पन्न गरी पर्यटन प्रवेश शुल्क परिचालन गर्ने • प्रदेशका सम्भाव्य प्रमुख पर्यटकीय स्थलहमा पूर्वाधार विकास, सेवा तथा सुविधाको विविधीकरण गरी सेवा शुल्क परिचालनको व्यवस्था गर्ने (जस्तै वाग्लुङको बलेवा भैरव- स्थान, स्याङ्जाको सोरेक, लमजुङ्को राइनास, काउलेपानी, घलेगाउँ, घनपोखरा, गोरखाको लिगलिगकोट, अजिरकोट, श्रीनाथकोट, तनहुको बन्दीपुर आदि) • ताल तलैया तथा नदी यात्रामा स्थानीय तहसँग को साझेदारीमा ढुङ्गा, मोटरवोट, स्ट्रिमर तथा इजाजत तथा नवीकरण दस्तुर सङ्कलनको व्यवस्था गरी राजस्व बाँडफाँट गर्ने • निश्चित मापदण्ड तथा सूचकको आधारमा मूल्याङ्कन गरी क, ख, ग र घ वर्गमा स्तरीकरण गरी स्तरको आधारमा होमस्टेमा बसोबास गर्ने प्रत्येक पाहुनाको न्यून निश्चित रकम पर्यटन शुल्कको रूपमा व्यवस्थापन समिति मार्फत सङ्कलन गर्ने • बन्जी, केबलकार, जलक्रडा र प्याराग्लाइडिङ क्षेत्रलाई सहयोग तथा नियमनसँगै राजस्वको दायरामा ल्याउने

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाब (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय	• प्रदेश कृषि प्रयोगशालाबाट माटो, मल तथा बाली संरक्षण, बिउबिजन गुणस्तर परीक्षण, पशुउपचार सेवा शुल्क, कृषि उपज बिक्री तथा प्रशासनिक सेवाबाट राजस्व सङ्कलन भैरहेको • ह्चारी, मत्स्य प्रजनन, विषादी विक्री लाइसेन्स (इजाजत) शुल्क सङ्कलन भएको • कृषि फर्म तथा समूह दर्ताको सिशारिस स्थानीय तहबाट हुन गरेको • र ठूला फर्म सम्बन्धित निकायमा इजाजत लिइ संस्थागत आयकरमा दर्ता भइ कर आयकर सङ्कलन भैरहेको • निजी, समुदाययमा आधारित तथा गैससबाट पेश भएका वातावरणीय अध्ययन प्रतिवेदन प्रमाणीकरण वापत शुल्क लिइएको • तालिम हल, स्थल तथा भौतिक सामाग्री भाडाबाट शुल्क सङ्कल भएको	• प्रदेशको एकमात्र एकल अधिकार क्षेत्रको रूपमा रहेको कृषि आयमा करको दर तथा दायरा निर्धारण भएता पनि लानू कानुनी जटिलता र विरोधासका कारण कार्यान्वयन हुन नसक्नु • कर, शुल्क र दस्तुर बुझाउन, क्यूआर कोड तथा अनलाइन प्रणाली लागू हुन नसक्नु • व्यावसायिक र सोखका लागि पालिने कुकुर विरालो जस्ता पशुहरूको पशु स्वास्थ्य सेवा शुल्क र उत्पादन तथा जीविकोपार्जनका लागि पालिने पशु स्वास्थ्य सेवाको दर एकै कायम रहनु, • फर्म, कम्पनि तथा सङ्गठित संस्थाको रूपमा दर्ता नगरी कृषि व्यवसाय सञ्चालन गर्ने ठूला कृषकहरूलाइ कृषि आयका दायरामा ल्याउन आय कर ऐनको व्यवस्था वाधक देखिनु, • कृषि आयमा कर परिचालनका लागि संवैधानिक व्यवस्थासँग सङ्घीय आयकर ऐनको प्रावधान बाझिनु, • कृषक अनुदान, उत्पादनलाइ करसँग जोड्न नसक्नु • घरबाटो सिफारिस सडकले छोए/नछोएका रछोएको अवस्थामा कस्तो प्रकारको सडकले छोएको हो सोको वास्तविक विवरण स्थानीय सरकारबाट सिशारिश भएन नआउनु • सडकमा परेको जग्गाको लगटकट्टा गर्ने कार्य सञ्चालन हुन नसक्नु	• संवैधानिक व्यवस्था अनुसार कृषि आयमा कर परिचालनको लागि आयकर ऐन, २०५८ को कृषि आम्दानीमा कर नलाग्ने व्यवस्थाको संशोधन गर्ने वा कृषि उद्यम, व्यवसाय, फर्म, कम्पनी र सङ्गठित संस्थाको रूपमा दर्ता भएका भएका संस्थाबाट प्राप्त आयकरलाइ सङ्घीय विभाज्य कोषमा जम्मा गरी सङ्घीय सरकारबाट प्रदेश सरकारलाइ उपलब्ध गराउने प्रावधान सहित आयकर ऐन संशोधनको लागि उच्च राजनिति तह तथा नेपाल सरकारसँग सम्बाद र समन्वय गर्ने • कृषि मन्त्रालय मातहतको भौतिक पूर्वाधार तथा संरचनाको परिचालन व्यापक तुल्याउने

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाव (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
	• कृषकलाइ व्यावसायिक योजना तर्जुमा सहयोग र सहजीकरण हुदै आएको र सोबापत सेवा शुल्क नलिएको • राजस्वका क्षेत्रका रूपमा माटो तथा मल परीक्षण ल्याव, पशुस्वास्थ्य सेवा शुल्क कृतिम गर्भाधान रहेको • कृषि मन्त्रालय मातहतको भौतिक पूर्वाधारको परिचालन आयको आधारका रूपमा रहेको	• सङ्घीय सरकार मार्फत हुने घरजग्गाको मूल्याङ्कन दर निर्धारण संयन्त्रमा प्रदेश तथा स्थानीय तहको सहभागिता नहुनु • वैंकमा धितो राख्दाको धितो शुल्कको दरमा ५० करोड भन्दा माथिको धितो रकमको दर एकमुष्ठ तय गरिनु, • अंशवण्डा गर्दा लिने घरजग्गाको रजिष्ट्रेशन शुल्कको दर न्यून हुनु • भूउपयोगको आधारमा जग्गाको वर्गीकरण गरी कृषि जमिनको रजिष्ट्रेशन शुल्क, वैक धितो शुल्क तथा लिज शुल्कको दर न्यून हुन नसक्नु	
यातायात व्यवस्था कार्यालय (सवारी), पोखरा	• सवारी साधन कर तथा यातायात सेवाबाट उलेख्य राजस्व सङ्कलन भैरहेको जुन बढ्दो दरमा रहेको • सेवा प्रवाहको लागि प्रदेश मातहत ३ वटा कार्यालयबाट सेवा प्रवाहको व्यवस्था भएको • यातायात व्यवस्था कार्यालयबाट सवारी साधन कर, सवारी साधन नवीकरण दस्तुर सवारी आयकर तथा रूट अनुमति दस्तुर अलग अलग म्यानुअल्ली हिसाव गरी राजस्व सङ्कलन भैरहेको	• यातायात व्यवस्थासम्बन्धी सेवा प्रवाहको लागि कार्यालय, सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी न्यून हुनु • दरबन्दी अनुसार कर्मचारीको पदपूर्ति नहुनु • कार्यरत कर्मचारमा विहान ९ बजेबाट वेलुका ९ सम्म काम गर्नुपर्ने वाध्यता कायम रहनु, • न्यून कर्मचारीको कारण कार्यरत कर्मचारीले विदा र खाजाको समय समेत उपयोग गर्न नपाउनु • यातायात व्यवस्था विभागबाट सञ्चालित VRS प्रणाली पूर्ण रुपमा प्रदेश सरकारमा हस्तान्तरण नहुनु र सिमित सुविधा मात्र पहुँच उपलब्ध हुनु र पूर्ण कार्यान्वयन नहुनु	• सवारी साधन दर्ता, कर तथा दस्तुर भुक्तानी अनलाइन प्रणाली गर्ने व्यवस्था तुरून्त मिलाउने (नियतबस नगरेको) • VRS प्रणाली स्तरोन्नति तथा अद्यावधिक सुदृढ गर्ने तथा अनलाइन प्रणाली (TMS) जोडिने व्यवस्था मिलाउने • सवारी साधन दर्ता र सवारी साधन कर तिर्ने व्यवस्था असार मसान्तसम्म बनाउने • सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गरी सेवाग्राहीको चाप बढी हुने कार्यालयमा संरचना तथा दरबन्दी थप गरी थप व्यवस्थित गर्ने • सवारी साधन जस्तो चलायमान करमा एकरूपकताको लागि सङ्घीय कार्यालय मार्फत एउटै प्रणाली दर र

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाव (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
	• यातायात व्यवस्था कार्यालय पोखराले Transportation Management System-TMS तयार गरी परीक्षण गरेको तर कार्यान्वयनमा लान थप सुधार गर्नु पर्ने	(सवारी साधन, सवारी धनी, भन्सार विवरण र कर विवरण) • सवारी साधन कर, नवीकरण तथा अन्य दस्तुरमा रहेको छुट, सुविधा, दण्डजरिवाना बारे करदाता सवारी धनी र सेवाग्राहीमा जानकारी कम हुनु • दर्ता, नवीकरण, सवारी साधन कर तथा अन्य दस्तुर भुक्तानीको लागि अभिलेख तथा कम्प्युटर प्रणाली तथा अनलाइन प्रणाली, क्यूआर भुक्तानी नहुनु • सवारी साधन कर तथा नवीकरण र अन्यदस्तुरसम्बन्धी विलिङ प्रणाली म्यानुल रहनु र RIMS मा link नहुनु • सङ्घीय सरकार मातहत रहेको यातायात व्यवस्था विभागबाट सञ्चालित Vehicle Registration System (VRS) प्रणाली पुरानो तथा अद्यावधिक नहुनु र Vehicle Information, Owners Information, Custom Information Tax Information हुनु पर्नेमा सवारी साधनको अभिलेख मात्र प्रदान गर्नु • चैत्र मसान्तसम्ममा सवारी नवीकरण गर्नुपर्ने व्यवस्था व्यावहारिक रूपमा विभेदयुक्त देखिएको	व्यवस्थाअनुसार सङ्कलन गरी प्रदेश तथा स्थानीय तहमा बाडफाँटको व्यवस्था गर्ने • करतिर्ने समय मोवाइल सन्देशबाट जानकारी गराउने, करदाता शिक्षा र अग्रिम राजस्व भूक्तानीमा सहुलियतको व्यवस्था गर्ने • सेवा प्रवाह तथा रकम भुक्तानीलाई यथासम्भव अनलाइन बनाउने
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय	• राइड शेयरिङ नियमन तथा व्यवस्थापन नियमावली राइड शेयरिङ तथा सेल्फ ड्राइभ सेवा सञ्चालन इजाजत तथा नवीकरणको व्यवस्था र	• बजारमा भएका सवारी साधन र कर नतिरेका तथा नवीकरण नभएका र दाखिला खारेज नभै चलिरहेका सवारी साधनको अभिलेख अभ्यावधिक नहुनु • नीतिगत व्यवस्था समेत मार्गदर्शन नहुँदा सवारी साधन कर, नवीकरण र अन्य सेवा दस्तुर भुक्तानीमा अनलाइन र नगद विहिन प्रणाली लागू गर्न ढिलाइ हुनु	• रायड शेयरिङको कम्पनी सञ्चालनको इजाजत र नवीकरणसम्बन्धी व्यवस्था सङ्घीय सरकारले राइड शेयरिङ सेवा आवद्ध हुन सवारी धनीलाई अनुमति तथा नवीकरणको अधिकार प्रदेश तहमा समायोजन गरी राइड शेयरिङ लाई नियमन र व्यवस्थापन गर्ने गरी सङ्घीय ऐन जारी गर्ने र सोअनुसार प्रदेशले यातायात व्यवस्था ऐन

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाव (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
	सोसम्बन्धी शुल्क तथा दस्तुरको दर समेत निर्धारण भएको • सङ्घीय सरकारले राइड शेयरिङ कम्पनी दर्ता, नवीकरण र नियमन गर्न विधेयक तयार गरेको • गण्डकी प्रदेशमा २२६१ वटा ४ पाङ्ग्रे सार्वजनिक सवारी साधन र निजी स्वामित्वका २ पाङ्ग्रे सवारी साधनले समेत राइड शेयरिङमा जान पाउने व्यवस्था गरिएको • प्रदेशभित्र सवारी साधनको सङ्ख्या वृद्धि र सडक विस्तार उल्लेख रुपमा भएको	• यातायात व्यवस्था (सवारी तथा लाइनसेन्स) कार्यालयमा सानो संरचना, न्यून कर्मचारी र दरबन्दी र पर्दपूर्ति नहुँदा सेवाग्राहीको उच्च चाप भएका कार्यलयमा सेवा प्रवाहमा कठिनाइ हुनु र उपलब्ध कर्मचारीले १२ घण्टासम्म काम गर्न पर्ने नगर प्रवाहमा समेत त्रुटी भैरहनु • सवारी साधन कर, नवीकरण तथा दर्ता खारेजीसँगको वक्यौता असुलीको लागि ५ विगत वर्षहरूको रहेको • बन्जी, प्याराग्लाइडिङ र वर्कसपलाई करको दायरामा ल्याउन र वातावरणसम्बन्धी शुल्क उठाउन नसकिएको	तथा नियमावली संशोधन गरी नियमन, व्यवस्थापन र राजस्व परिचालनको व्यवस्था मिलाउने • VRS प्रणालीलाई अद्यावधिक गर्ने वा नयाँ Online प्रणाली विकास गरी सो प्रणालीलाई RIMS मा Link गरी विलिङ जारी गर्ने र काट्ने व्यवस्था गर्ने • स्थानीय तहमा मेकानिकल इञ्जिनियरको दरबन्द स्वीकृत नभएसम्म ई-रिक्सा तथा अटो रिक्साको अनुमति र दर्ता र लगत खारेजीको व्यवस्था प्रदेश सरकारले सवारी साधन करको बाडफाँट गर्ने र सो पश्चात स्थानीय तहले गर्ने व्यवस्था मिलाउने • साना सवारीको रूट परमिट दिँदा एकपटकमा प्रदेशभरी नभएर २/३ जिल्लामा सिमित गर्नु पर्ने • सवारी साधन सञ्चालन खारेजी वर्षको आधारमा नभै सवारी साधनको आयु र चलेको दुरीको आधारमा गर्ने व्यवस्था गरी सवारी साधन नियमन वैज्ञानिक बनाउने र सोअनुसार राजस्वको दरमा पनि वृद्धि गर्ने • सवारी साधन कर, नवीकरण र दर्ता खारेजीको वक्यौता असुलीको लागि विगत ५ वर्षसम्मको वक्यौता चालु आ.व.को दरमा एकमुष्ट बुझाएमा वक्याौतामा लिने जरिवाना तथा ५ वर्षभन्दा बढी रहेको बक्यौता रकम समेत मिनाहा गर्ने व्यवस्था कानुमा उल्लेख गरी राजस्व सङ्कलन र नियमलाई व्यवस्थित गर्ने • गाडी सभिसिङ, वासिङ तथा रिपेरिङ वर्कसप, ड्राईभिङ सेन्टर, गाडी स्क्यानिङ तथा चेकजाँच, चार्जिङ स्टेशनको

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाब (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
			अनुमति, नवीकरण र लगत खारेजीसम्बन्धी दर, दायरा र व्यस्थापनलाई ऐनमा अद्यावधिक गरी राजस्व परिचालनलाई थप सुदृढ बनाउने • बन्जी, प्याराग्लाइडिङ र वर्कसपलाई करको दायरामा ल्याउन र वातावरणसम्बन्धी शुल्क उठाउन कानुनी प्रवन्ध गर्ने • सवारी लाइसेन्सको वर्गीकरण र नवीकरण म्याद १० वर्ष भएअनुसार शुल्क दरमा र हराएमा सवारी अनुमति पत्रअनुसार दस्तुरको दर निर्धारण र परिचालनको व्यवस्था गर्ने • प्रदूषण जाँचमा मापदण्ड पुरा नगरेका सवारी साधन सञ्चालनमा प्रतिबन्ध लगाउने र सोको वर्खिलाभ चलाएमा सवारी साधनको वर्गीकरण अनसार दण्डजरिवानको व्यवस्था गर्ने • सवारी साधन कर प्रदेश तथा स्थानीय तहको अधिकार क्षेत्र भएको हुँदा नेपाल सरकार मातहत रहेको ट्राफिक प्रहरीबाट सङ्कलन हुने दण्ड जरिवाना वापतको रकमको बाँडफाँट हुने व्यवस्थाको लागि नेपाल सरकारसँग समन्वय र सम्बाद गर्ने • सूचना प्रवाहमा मोवाइल सन्देश र राजस्व बुझाउनेलगायत सेवालाई अनलाईन प्रणालीमा आवद्ध गर्ने

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाव (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
वन तथा वातावरण मन्त्रालय	• प्रदेश कर तथा गैर कर राजस्व ऐन, प्रदेश वन न तथा नियमावली, आर्थिक ऐनअनुसार गैर कर राजस्व क्षेत्रमा विगत ५ वर्षमा वार्षिक १५ करोड भन्दा बढी राजस्व सङ्कलन भैरहेको • प्रदेश वन ऐन, नियमावली जारी भइ सोअनुसारको राजस्व परिचालन भैरहेको • सामुदायिक वन, साझेदारी वन तथा चक्ला वनका रूपमा उत्पादन वनको व्यवस्थापन गरी काठ दाउरा उत्पादन र विक्री गरी प्रदेशमा गैर कर राजस्व संक्लन भैरहेको • वन व्यवस्थापनबाट उत्पादित वन पैदावर, गैरकाष्ठ वन पैदावर सङ्कलन शुल्क, निजी/आवादी क्षेत्रको वन पैदावर विक्री वितरण सेवा शुल्क; जफत गरिएको काठदाउरा तथा सवारी साधन अदालतको आदेश बमोजिम विक्रीबाट रकम, वन कानुन विरूद्ध दण्डजरिवानाबाट राजस्व प्राप्त भएको	• प्रदेश राष्ट्रिय वन ऐन बमोजिम सामुदायिक वनबाट हुने आयको ३० प्रतिशत रकम प्रदेश विभाव्य कोषमा गरी सोबाट प्राप्त रकमको १० प्रतिशत रकम स्थानीय सञ्चित जम्मा गर्ने व्यवस्था विरूद्ध सर्वोच्च अदालतले स्टेअर्डर जारी गरेको हुँदा यसबाट राजस्व सङ्कलन हुन नसक्नु, • प्रदेश आयोजनाले जग्गा प्रयोग गरेवापत वन कटानबाट प्राप्त वन पैदावर विक्रीबाट प्राप्त रकम क्षतिपूर्ति वृक्षरोपण वापत प्राप्त हुने रकम र कठिन अवस्थामा विकास आयोजनाले हटाउन नसकेको वन पैदावर हटाएवापत आयोजनाले तिर्ने रकम वन विकास कोषमा जम्मा गर्ने व्यवस्था हुनु • वन क्षेत्रबाट सङ्कलन हुने नदीजन्य निर्माण सामाग्रीको सङ्कलन र विक्री वितरणको लागि गर्नुपर्ने, प्राविधिक सम्भाव्यता र वातावरणीय अध्ययन, नदीजन्य पदार्थ व्यवस्थापन योजनासम्बन्धी कार्यको लागि बजेट उपलब्ध हुन नसक्दा नदीजन्य निर्माण सामाग्री सङ्कलन र विक्री वितरण हुने राजस्व सङ्कलन हुन नसक्नु, • ३८८० हेक्टर जमिनमा गरिएको चक्लाबन्दी वन व्यवस्थापनसम्बन्धी कार्यक्रम स्थगन भएको अवस्थामा पनि ढलापडा तथा सुखा खडा रूखबाट वार्षिक करिब ५ लाख क्युविक फिट काठदाउरा उत्पादन गरी विक्री गरिएको • वन क्षेत्रको नदीजन्य पदार्थको संलकन र व्यवस्थापन हुन नसक्दा नदीजन्य पदार्थ अनाधिकृत प्रयोग र चोरी	• काठजन्य वन पैदावर प्रसोधन निर्माण सामाग्रीको रूपमा विकास गर्न निजी क्षेत्रलाई परिचालन तथा सहजीकरण गर्ने, • हिमाल पारीको मुस्ताङ र मनाङ जिल्ला विशेष गरी कालीगण्डकी नदीको थुप्रिदै गएको नदीजन्य पदार्थले बस्ती क्षेत्रमा जोखिम बढाएको हुँदा जोखिम तथा अन्य सम्भाव्य क्षेत्रको नदीजन्य पदार्थको उत्खनन, सङ्कलन तथा प्रशोधन गरी बिक्री वितरण गर्ने कानुनी व्यवस्थाको नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, वनजन्तु संरक्षण विभागसँग समन्वय र सहकार्य गर्ने • वन क्षेत्रका वन क्षेत्रको नदिजन्य पदार्थ, ढलापढा तथा सुखाखडा रूख व्यवस्थापन, गोलिया काठ बिक्री गर्दा बिक्री मुल्यको १० प्रतिशत थप शुल्क तिरेर विक्री गर्न सेवा शुल्क परिचालन लगायतका अन्य क्षेत्रमा लगानीमा प्राथमिकता प्रदान गर्ने, • सामुदायिक तथा साझेदारी वन व्यवस्थापन कार्यमा सेवा पुर्‍याए वापत आर्थिक ऐनमा समावेश गरी सेवा शुल्क परिचालन गर्ने • वन क्षेत्रको नदीजन्य पदार्थको उत्खननसम्बन्धी कार्यविधि तयार गरी राजस्व सङ्कलन गर्ने

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाब (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
	• सङ्घीय वन ऐनको व्यवस्था एक तह प्रशोधन गरेर मात्र गोलिया काठ बिक्री वितरण गर्ने व्यवस्था थप सहज बनाएर प्रदेश वन ऐनमा बिक्री मुल्यको १० प्रतिशत सेवा शुल्क तिरेर ब्रिक्रि वितरण गर्न पाइने व्यवस्था रहेको • सामुदायिक वनमा सम्बर्द्धन प्रणालीमा आधारित वन प्रणाली कार्यविधि २०८२ बनेकोले राजस्व वृद्धिको थप आधार तयार भएको • वन विकास कोषमा सट्टा भर्ना जग्गाको रूपमा रकम जम्मा गर्न सक्ने व्यवस्था रहेको • वन क्षेत्रको नदीजन्य पदार्थबाट राजस्व सङ्कलन गर्न सकिने व्यवस्था र उपयुक्त क्षेत्र यस प्रदेशमा रहेको	निकासी बढ्नु र विक्रीबाट प्राप्त हुने राजस्वको चुहावट हुनु • वनजन्य पैदावर उत्पादन बढाउन सक्ने क्षेत्र लगानी न्यून हुनु • वन क्षेत्रको नदीजन्य पदार्थबाट राजस्व सङ्कलन गर्न सकिने व्यवस्था र उपयुक्त क्षेत्र रहेपनि ठेक्का लगाउन नसकिएको	
नीति तथा योजना आयोग	• संवैधानिक र कानुनी व्यवस्था अनुसार प्रदेश अधिकार क्षेत्रमा पर्ने राजस्व अधिकार क्षेत्रमा राजस्व परिचालनका लाग प्रदेश कर तथा गैर कर ऐन र सोअनुसार आर्थिक	• वन क्षेत्रबाट परिचालन हुन सक्ने नदीजन्य पदार्थक सङ्कलन तथा बिक्री वितरण, ढलापडा तथा सुखा खडा रूख व्यवस्थापन, सामुदायिक वन तथा साझेदारी वनमा उपलबध गराइने सेवा वापत शुल्कको व्यवस्थापन लगानी हुन नसक्नु	• राजस्व वृद्धि हुने वन तथा अन्य क्षेत्रमा कार्यक्रम बनाएर मन्त्रालयबाट पेश गर्दा लगानीमा विशेष प्राथमिकता प्रदान गर्ने • एक आर्थिक वर्षको वैकिङ कारोबारको लागि बैङ्क धितो मूल्याङ्कन थैली अङ्क भन्दा बढी मूल्याङ्कन

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाव (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
	ऐन अद्यावधिक गरी कर क्षेत्रको परिभाषा, दायरा, दर र व्यवस्थापनसम्बन्धी कानुनी र संरचनागत व्यवस्था भएको, • प्रदेश राजस्व परिचालका लागि २०७९ सालमा एक अध्ययन तथा सुधार कार्ययोजना तयार भै कार्यान्वयनको प्रयास भएको • सहभागितामूलक रूपमा राजस्व परामर्श समितिको शिफारिशमा राजस्वको दर, दायरा तथा व्यवस्थापन र राजस्वको अनुमान तथा प्रक्षेपण हुने गरेको	• घरजग्गा रजिष्ट्रेशन शुल्कको थैली अङ्क र बैङ्क धितो मूल्याङ्कन पेश भएको मूल्याङ्कन अङ्कमा फरक देखिएका थैली अङ्क भन्दा बढीको मूल्याङ्कन अङ्कमा लिइने जरिवाना कानुन सम्मत र सेवाग्राहीमैत्र नहुनु • पर्यटन शुल्क, मनोरञ्जन शुल्क, यातायात दस्तुरबीच शुल्कको दर दोहारोपना देखिनु • प्रदेश राजस्वको क्षेत्र कर राजस्वमा सिमित र गैर कर राजस्वका क्षेत्रमा विषयगत रूपमा छरिएको हुद् राजस्व व्यवस्थापन तथा प्रशासन गर्न कठिनाइ हुनु • आर्थिक मामिला मन्त्रालय वाहेक अन्य मन्त्रालय र निकायमा राजस्व सेवाको कर्मचारी नहुनु • आर्थिक मामिला मन्त्रालयमा राजस्वको सङ्गठन र कर्मचारी दरबन्दी न्यून हुनु • अन्तर मन्त्रालय तथा निकायबीच समन्वय र सहकार्यको कमी हुनु • राजस्व क्षमता वृद्धि प्रदेश सरकार विशेष गरी नीति निर्माताको प्रयास, प्रतिवद्धता र लगानी कम हुनु • प्रदेशको राजस्व तथा आय बढाउने क्षेत्रको प्राथमिकता निर्धारण र सोअनुसार लगानी नहुनु, • राजस्व सङ्कलनलाइ कार्यसम्पादनको सूचकमा समावेश हुन नसकेको	पेश भएमा थप रकम जरिवाना लिने व्यवस्था न्यायपूर्ण र उपयुक्त हुने • पर्यटकीय सेवाको इजाजत लिएका होटेल, रिसोर्ट तथा रेष्टुरेण्टबाट दस्तुरको दरमा पुनरावलोकन गरी सङ्कलन प्रक्रियामा थप सुदृढीकरण गर्ने • पर्यटकीय क्षेत्र, सेवा सुविधा, सुरक्षा, उद्धार र कानुनी व्यवस्था लगायतका सूचना सेवा प्रदान गरेवापत समेत पर्यटन सूचना दस्तुर सङ्कलनको व्यवस्था आर्थिक ऐनमा समावेश गर्ने • राजस्व प्रशासनको मुख्य जिम्मेवारी रहेको आर्थिक मन्त्रालयमा रहेको राजस्व प्रशासन सेवा सुदृढीकरणको लागि सङ्गठन व्यवस्थापन सर्भेक्षणसम्बन्धी पहिलो र दोस्रो प्रतिवेदन तुलना गरी सङ्गठन संरचना र दरबन्दी लागू गर्न उपयुक्त हुने • प्रदेशको एकल अधिकारको रूपमा रहेको कृषि आयमा करसम्बन्धी व्यवस्थाको स्पष्ट परिभाषा र आधार संविधानको संशोधन, कार्यविस्तृतीकरण प्रतिवेदन र अन्तरसरकारी वित्त व्यवस्थापन गरी परिचालन गर्न सो बमोजिम सङ्घीय सरकारले कृषि आयबाट प्राप्त आयकरको अलग अभिलेख राखी प्रदेश सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था गर्न नेपाल सरकारसँग उच्च राजनीतिक तथा प्रशासनिक तहमा समन्वय र सहकार्य गर्ने,

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाब (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
		• राजस्व अधिकारका क्षेत्र, शीर्षक, दर निर्धारण र व्यवस्थापन सम्बन्धमा सङ्घीय कानुनहरूको बाझिनु, स्पष्ट नहुन र बाझिएका कानुनक् संशोधन, नयाँ कानुन निर्माण र समन्वय तथा सहकार्यमा कमी हुनु • राजस्व परिचालन सम्बन्धमा वित्तीय सङ्घीयताको अवधारणा अनुसार अन्तर सरकार समन्वय, सम्बाद र सहकार्य हुन नसक्नु र समन्वय तथा सहमती भएका व्यवस्था समेत सङ्घीय सरकारबाट कार्यान्वयन नहुनु • कृषि आयमा करसम्बन्धी संवैधानिक व्यवस्था र सङ्घीय कानुन विशेष गरी आयकर ऐन र नेपाल सरकारको आर्थिक ऐन बाझिनु वा संवधानिक व्यवस्थाअनुसार कृषि आयमा करको परिभाषा तथा दायरासन्बन्धी कानुनी व्यवस्था र आयकर ऐनमा संशोधनको व्यवस्था नहुनु, • प्रदेश सरकारबाट समेत राजस्वको साझा अधिकार क्षेत्रमा समेत स्थानीय तहसँग समन्वय, सहजीकरण तथा सहयोग उपलब्ध हुन नसक्नु	• राजस्व परिचालनको आधार, दायरा, दर तथा व्यवस्थापन सम्बन्धमा बजेट तर्जुमा कार्यविधि व्यवस्था भए बमोजिम गठन गरिने उपसमितिको प्रतिवेदनलाई आर्थिक ऐन, राजस्व अनुमान तथा प्रक्षेपण र प्रशासनको आधार बनाउने र उपसमितिलाई राजस्व परिचालनसम्बन्धी अनुगमन समीक्षा तथा समस्या समाधानमा सम्बन्धित निकायलाई सहयोग र सहजीकरणको जिम्मेवारी प्रदान गर्ने
मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय	• प्रदेश प्रशिक्षण तथा अनुसन्धान केन्द्रबाट प्रदेश तथा स्थानीय तहको राजस्व परिचालन र सार्वजनिक वित्त व्यवस्थापनसम्बन्धी क्षमता विकास कार्य सञ्चालन भएको • प्रेस रजिष्टारको कार्यालय मार्फत पत्रपत्रिका, एफएम रेडियो,	• सङ्घ, प्रदेश र स्थानीय तहको आर्थिक ऐन विच सामाञ्जस्यता र तादाम्यता नहुनु • साझा अधिकार क्षेत्रमा रहेका मनोरञ्जन कर, विज्ञापन कर, सवारी साधन कर, नदीजन्य पदार्थ परिचालन भैरहेको राजस्व चुहावटको अनुगमन तथा नियमन हुन नसक्नु • अन्तरसरकार वित्त हस्तान्तरण उपयुक्त ढङ्गले नभएको	• एफएम रेडियो तथा टेलिभिजन फ्रिक्वेन्सी वापतको रकम सङ्घीय राजस्व वाँडफाँटबाट प्राप्त हुने प्रक्रियामा रहेको हुँदा सोवापतको दस्तुर विगत वक्यौता सङ्कलन र चालु आ.व.को सङ्कलनको व्यवस्था गर्ने • सेवा शुल्क तीनै तहको साझा अधिकार क्षेत्र रहेकोले सेवा शुल्कमा एकरूपता ल्याउन सामान्य सेवाको हकमा एक तह (सङ्घ)ले सङ्कलन गरेर अन्य तहमा वाँडफाँट गर्ने

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाब (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
	टेलिभिजन एजेन्सी मार्फत ३ प्रतिशत भुक्तानी भैरहेको ● आर्थिक मामिला मन्त्रालयमा राजस्व परिचालनका लागि डेडिकेटेड राजस्व डिभिजन डिभिजन कार्यालय स्थापना गर्न सहजीकरण भैरहेको		नीतिगत तथा कानुन व्यवस्थाको लागि नेपाल सरकारसँग समन्वय र सहकार्य गर्ने ● प्रक्षेपित आय र यथार्थ सङ्कलबीच रहेको खाडल र सोको कारण पहिचान गरी राजस्व परिचलालन रणनीति तर्जुमा गर्नुपर्ने ● कर प्रशासन नीति तर्जुमा गर्न समन्वय र सहकार्य गर्ने र पछिल्लो ५ वर्षको वक्यौता रकम चालु आ.व.को दरमा एकमुष्ट भुक्तानी गरेमा वाकी वक्यौतामा लाग्ने दण्डजरिवाना र सोअघिको वक्यौता छुट गरेर इजाजत तथा नवीकरण अद्यावधिक गर्ने ● करलाई प्रोत्साहन प्रणालीसँग जोड्न नीतिगत तथा कानुनी व्यवस्था गर्ने ● नदीजन्य पदार्थ परिचालनको गर्दा अध्ययन, उत्खनन तथा घाटगद्दी सरकारले गर्ने र प्रशोधन र बिक्री वितरण ठेक्कापट्टा गर्ने गरी प्रभावकारी व्यस्थापन गर्ने ● पर्यटन शुल्कलाई प्रोत्साहनसँग आबद्ध गर्ने ● प्रदेश र स्थानीयको साझा अधिकारको राजस्व प्रदेश सरकारले नीति बनाउने र स्थानीयले उठाउने व्यवस्था उपयुक्त हुने
भूमि प्रशासन कार्यालय, कास्की	● संवैधानिक व्यवस्था, मालपोत ऐन तथा नियमावली र प्रदेश कानुन बजोजिम सङ्घीय एकाइ मालपोत कार्यालय मार्फत भूमि प्रशासन,	● घरजग्गा रजिष्ट्रेशन शुल्क विशेष गरी अंशबण्डा र थैलीभन्दा बढी मूल्याङ्कन रकममा लिइने दण्डजरिवानको दर बढी हुनु	● रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क दस्तुरबाट सङ्कलित रकम र प्रणालीबाट तय भएको रकममा आएको अन्तर रकम सङ्घीय सञ्चित कोषमा जम्मा हुने गरेकोमा आर्थिक

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाव (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
	रजिष्ट्रेशन र रजिष्ट्रेशन शुल्क, लाभकर र सेवा शुल्क तथा दस्तुर सङ्कलन गरी सम्बन्धित तहको सञ्चित कोषामा जम्मा गर्ने गरिएको • रजिष्ट्रेशन पास गर्दा कायम गरिएको थैली अङ्कभन्दा बैङ्क धितो प्रयोजनको लागि कायम थैली अङ्क बढी राखेको अवस्था बढी रकममा २५ प्रतिशत जरिवाना गरी राजस्व असुली भैरहेको र सेवाग्राहीले कारोबार अङ्कलाई नै थैली अङ्क कायम गरी रजिष्ट्रेशन गर्ने प्रचलन बढ्दै गएको • प्रत्येक आ.व.को अन्त्यमा आगामी आ.व.को लागि जग्गाको मूल्याङ्न दर निर्धारण गरिने सोप्रक्रियामा स्थानीय तहको सुझाब लिने व्यवस्था गरिएको • रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क दस्तुर सङ्कलित रकम र प्रणालीबाट तय भएको रकममा आएको अन्तर रकम वार्षिक मालपोत कार्यालय पोखरा बाट मात्रै सैद्धान्तिक बेरूजु फछ्यौंट गरी	• घरजग्गा रजिष्ट्रेशन शुल्क विशेष गरी अंशबण्डा रजिष्ट्रेशन दर घटाउन दवाव आउनु • कतिपय ग्रामीण क्षेत्रको जग्गाको उच्च मूल्याङ्कनले कारोवार बोझिलो हुनु • सडकले चर्चेको जग्गाको लगत कट्टा व्यवस्थित हुन नसक्दा जग्गाधनीलाई अतिरिक्त कर दायित्त्व सिर्जना हुनु • भूसेवाको लागि प्रति लिखत ३५०० थप रकम सेवा प्रदायकलाई तिर्नु पर्ने • ४ वटा रजिष्ट्रेशन र १ वटा मुद्दा शाखा गरी ५ वटा शाखाबाट सेवा प्रवाह गर्दा न्यून कर्मचारी, म्यानुयल प्रणालीको कारण धेरै समय लाग्नु • स्थानीय तहबाट सिफारिश भै आउने घरबाटो सिफारिशमा चेकजाँच गर्ने सक्ने व्यवस्था भएता पनि न्यून जनशक्तिका कारण चेकजाँच गर्ने व्यवस्था नहुनु • सडक परेको घरजग्गाको लगत कट्टा नहुदा कर तथा शुल्कमा सेवाग्राही मारमा पर्नु,	ऐनमा व्यवस्था गरी सोरकमलाई प्रदेश सञ्चित कोषमा जम्मा हुने व्यवस्था मिलाउने • बैङ्कले भू-सेवा खोल्ने, भू-सेवाबाट Land Information Number लिएर कारोबार र रोक्कालाई Faceless कारोबारमा क्रमशः लैजाने र घरमै बसेर कारोबार गर्ने • घरवाटो सिशारिशसँगै लगत कट्टा र घरबाटो कायम गराउने विवरण एकैसाथै गर्ने कार्यलाई प्रदेश सरकार र स्थानीय सरकार समन्वय तथा सहकार्य गर्ने • घरजग्गा रजिष्ट्रेशनको कार्य स्थानीय तहमा हस्तान्तरण गर्ने • घरजग्गाको कारोवारमा हुने देखावटी न्यून मूल्य कारोवारलाई वास्तविक मूल्य कारोवार तुल्याउन नीतिगत र व्यावहारिक उपाय अवलम्बन गर्ने • ग्रामीण क्षेत्रको उच्च मूल्याङ्कनका कारण कारोवारमा देखिएको समस्या निराकरणका लागि स्थानीय सरकारसँग समन्वय गर्ने • लगतकट्टालाई चुस्त, छरितो र व्यवस्थित गराउने

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाब (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
	सो शीर्षकमा वार्षिक ३ करोड २० लाख सङ्घीय सञ्चित कोषमा जम्मा हुने गरेको ● घरजग्गा रजिष्ट्रेशन स्थानीय तहमा हस्तान्तरणका लागि कास्की जिल्लाका सबै स्थानीय तहलाई भूमि व्यवस्थासम्बन्धी तालिम प्रदान गरिएको ● रोक्का फुक्का लगायत अनलाइन तथा फेसलेस सेवा प्रवाहतर्फ अग्रसर रहेको		
प्रदेश लेखा नियन्त्रकको कार्यालय	● सान्दर्भिक र प्रचलित कानुन तथा मापदण्डअनुसार प्रदेश सञ्चित कोषको सञ्चालन, प्रदेशको आर्थिक प्रशासन सञ्चालन, प्रदेश लेखा तयारी र आन्तरिक लेखा परीक्षण र प्रदेशको राजस्व समेत एकीकृत वित्तीय विवरण तयार गर्ने कार्य भैरहेको ● कार्यालय स्थापना स्थापना पश्चात हरेक आर्थिक वर्षको राजस्व समेत आयव्यव संलग्न एकीकृत आर्थिक विवरण तयार गरेको र सोअनुसार आन्तरिक आयको औषत वृद्धिदर	● प्रदेश कर राजस्व अधिकारका क्षेत्र सिमित र स्थानीय तहसँग साझा क्षेत्र रहनु ● प्रदेशको एकल अधकार क्षेत्रको रूपमा रहेको कृषि आयमा कर परिचालन सम्बन्धमा संवैधानिक अधिकार र सङ्घीय आयकर ऐन बाझिएका र कृषि आयमा करसम्बन्धी व्यवस्थाको परिभाषा निर्धारण नहुनु र आयकर ऐनमा समय सापेक्ष परिमार्जन गरी संविधानको व्यवस्था कार्यान्वयनमा नेपाल सरकार संवेदनशील नदेखिनु ● प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्रको रूपमा रहेको सवारी साधन कर (साना सवारी समेत), मनोरञ्जन कर र विज्ञापन करको परिचालनमा प्रदेश सरकार तथा	● जलविद्युत प्रदेश सरकारले शेयर लगानी गर्ने र जसबाट विद्युत उत्पादनमा सहयोग, जोखिम बहन हुने र सरकारलाई आयआर्जन समेत हुने ● स्थानीय सरकार सञ्चालन ऐन तथा प्रदेश कानुन बिचमा रहेको दोहोरो मापदण्डलाई सङ्घीय सरकारले छाता कानुन बनाएर मार्गदर्शन गर्न नेपाल सरकारसँग समन्वय र सम्बाद गर्ने ● VRS प्रणाली स्तरोन्नति तथा अद्यावधिक गरी अनलाइन प्रणालीसँग सहज अन्तरसम्बन्ध कायम गरी यातायात प्रशासन तथा सवारी साधनसम्बन्धी कार्य यथासिघ्र पूर्ण अनलाइन बनाउन नेपाल सरकारसँग राजनीतिक र प्रशासनिक तहमा समन्वय, सम्बाद र सहकार्य गर्ने र

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाब (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
	३.९१ प्रतिशत रहेको देखिएको जसमा कर राजस्वको वृद्धिदर ३.२५ र गैर कर राजस्वको वृद्धिदर ८.२४ रहेको ● राजस्व तथा आर्थिक प्रशासन र RIMS सञ्चालन सम्बन्धमा क्षमता विकास र सहजीकरण भैरहेको	स्थानीय सरकारबीच समन्वय, सहकाय तथा सम्बादमा कमी हुँदा यसबाट अत्यन्त कम राजस्व परिचालन हुनु ● प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्रको गैर कर राजस्वको रूपमा रहेको नदीजन्य निर्माण सामाग्री वाह्य निकासी लगायत बिक्री वितरणको व्यवस्था समेत नियमन तथा व्यवस्थापनसम्बन्धी नेपाल सरकारबाट छाता कानुन निर्माण गरी समेत मार्गनिर्देश हुन अरबौ राजस्व चुहावट भैरहेको छ भने आम उपभोक्ताले निर्माण सामाग्री चर्को अभाव र मूल्य तिर्नु पर्ने वाध्यता रहनु	आवश्यकता अनुसार यातायात व्यवस्था विभागसँग लागत साझेदारी तथा सहकार्य गर्ने ● यातायात प्रशासन तथा सेवा प्रदेशको एकल अधिकार रहेको सन्दर्भमा ट्राफिक जरिवानाबाट प्राप्त हुने राजस्व प्रदेश सञ्चित कोषमा पुरै वा बाँडफाँट गर्ने व्यवस्थाका लागि नेपाल सरकारसँग राजनीतिक तथा प्रशासनिक तबरमा समन्वय र सम्बाद गर्ने ● संविधान संशोधनको प्रक्रियामा प्रदेश तथा स्थानीय तहको अधिकार क्षेत्रमा रहेका सवार साधन कर जस्ता चलायमान कर परिचालनसम्बन्धी नीति, कानुन र प्रशासन सङ्घीय सरकारबाट गरी सङ्कलित राजस्व तीनै तहमा बाँडफाँट गर्ने व्यवस्था गर्ने
भानु नगरपालिका, तनहुँ	● ढुङ्गा, गिट्टी, बालुवा तथा माटो उत्खनन र बिक्रीका लागि सम्भाव्य क्षेत्रहरूको IEE गरी वार्षिक ठेक्का लगाउने अभ्यास गरिएको। ● प्रदेश कानुनबमोजिम नदीजन्य पदार्थबाट राजस्व सङ्कलन गरी प्रदेश सरकारसँग नियमित बाँडफाँट गर्ने गरिएको। ● विज्ञापन करसम्बन्धी ऐन निर्माण गरिएको।	● ढुङ्गा, गिट्टी, बालुवा तथा माटो उत्खनन र बिक्रीसम्बन्धी स्पष्ट कानुनी व्याख्या नहुँदा कार्यान्वयनमा अन्योल रहनु। ● विज्ञापन सामग्रीको सङ्ख्या, प्रकार, स्थान र सम्भावित कर असुलीसम्बन्धी अध्ययन नभएकाले विज्ञापन करको वास्तविक दायरा स्पष्ट नहुनु। ● कानुनी आधार भए पनि हालसम्म विज्ञापन कर सङ्कलन नहुनु। ● मनोरञ्जन करको दायरा अत्यन्त सीमित रहेनु; मुख्यतः मेला–महोत्सवजस्ता अस्थायी गतिविधिमा मात्र सम्भावना देखिएको।	● नदीजन्य पदार्थको उत्खनन, बिक्री, दर निर्धारण, ठेक्का व्यवस्थापन र प्रदेश–स्थानीय तहबीच राजस्व बाँडफाँटसम्बन्धी सङ्घ सरकाराले छाटा कानुन निर्माण गरि प्रदेश सरकारले स्पष्ट प्रदेशस्तरीय कार्यविधि/मार्गदर्शन तयार गर्ने। ● विज्ञापन करका लागि नगर क्षेत्रका बोर्ड, होर्डिङ बोर्ड, डिजिटल बोर्ड, सूचना पाटीसम्बन्धी सम्भाव्यता अध्ययन गर्ने। ● मेला, महोत्सव, सांस्कृतिक कार्यक्रम तथा टिकटमा आधारित अस्थायी कार्यक्रमबाट सरल दरमा मनोरञ्जन कर सङ्कलन गर्ने व्यवस्था लागू गर्ने।

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाब (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
	• विज्ञापन कर सङ्कलनका लागि कानुनी आधार तयार गरिएको।	• अधिकांश उद्योग तथा व्यवसायहरू घरेलु तथा साना उद्योग कार्यालय वा वाणिज्य कार्यालयमा दर्ता नभई सञ्चालनमा रहनु। • नगरपालिकाले दर्ता सिफारिस गर्नुपर्ने ठाउँमा सिधै व्यवसाय दर्ता प्रमाणपत्र दिने अभ्यास रहनु।	• नगरपालिका, घरेलु तथा साना उद्योग कार्यालय र वाणिज्य कार्यालयबीच व्यवसाय दर्ता अभिलेख मिलान गर्ने प्रणाली विकास गर्ने। • नयाँ व्यवसायका लागि "पहिले सम्बन्धित निकायमा दर्ता/दर्ता सिफारिस, त्यसपछि नगरपालिका व्यवसाय कर अभिलेख" प्रक्रिया लागू गर्ने। • साना व्यवसायीलाई करको दायरामा ल्याउन वडा तहमा व्यवसाय लगत सङ्कलन, करदाता शिक्षा र सरल दर्ता/नवीकरण अभियान सञ्चालन गर्ने।
यातायात व्यवस्था कार्यालय, नवलपरासी (व.सु.पूर्व)	• कार्यालयमा प्राप्त गुनासाहरूलाई तत्काल सुनुवाइ गरी समाधान गर्ने अभ्यास प्रभावकारी रहेको। सूचना अधिकारी र गुनासो सुनुवाइका जिम्मेवार पदाधिकारी/कार्यालय प्रमुख दुवै गुनासो व्यवस्थापनमा सक्रिय र संवेदनशील रहेको। • सेवाग्राहीबाट आएका गुनासाहरू समाधानमुखी ढङ्गले सम्बोधन गरिएकाले हालसम्म गुनासो बाँकी नरहेको। • कार्यालय स्थापनादेखि नै सवारी चालक अनुमतिपत्रसम्बन्धी सेवा अनलाइन प्रणालीमार्फत सञ्चालन गर्ने प्रयास गरिएको।	**दर तथा जरिवानासम्बन्धी** • अन्य प्रदेशमा बिलम्ब जरिवाना वार्षिक रूपमा एउटै दरमा कायम रहेकोमा गण्डकी प्रदेशमा बहुदर प्रणाली (जस्तै अघिल्लो एक वर्षको ४० प्रतिशत, दोस्रो वर्ष ६० प्रतिशत र थप अवधिका लागि ८० प्रतिशत) रहेकोले सेवाग्राहीबाट धैरै गुनासो र विरोध आउने गरेको। यसका कारण बक्यौता रहेका धैरै सवारी धनीले नवीकरण तथा कर भुक्तानीका लागि अन्य प्रदेश रोज्ने प्रवृत्ति देखिएको, जसले गण्डकी प्रदेशको राजस्व सङ्कलनमा प्रत्यक्ष असर पर्नु। • बाटोको सवारी रुट इजाजत तथा प्राविधिक जाँचपाससँग सम्बन्धित जरिवाना दर स्पष्ट नहुँदा कार्यालय तहमा व्याख्या, गणना र असुलीमा अन्योल हुनु। • सवारी चालक अनुमतिपत्रको नवीकरण अवधि ५ वर्षबाट बढाई १० वर्ष कायम गरिए पनि नवीकरण शुल्क	**दर तथा जरिवानासम्बन्धी** • बिलम्ब जरिवानालाई बहुदर प्रणालीबाट हटाई वार्षिक रूपमा एकरूप र सरल दरमा निर्धारण गर्ने। यसले सेवाग्राहीको गुनासो घटाउने, स्वेच्छिक अनुपालन बढाउने र अन्य प्रदेशमा जाने प्रवृत्ति कम गर्नेछ। • बाटोको सवारी रुट इजाजत तथा प्राविधिक जाँचपाससँग सम्बन्धित जरिवाना दर आर्थिक ऐनमा स्पष्ट रूपमा उल्लेख गर्ने। कार्यालयले व्याख्यामा भर पर्नु नपर्ने गरी शीर्षक, दर, समयसीमा र जरिवाना आधार स्पष्ट बनाउने। • सवारी चालक अनुमतिपत्रको नवीकरण अवधि ५ वर्षबाट १० वर्ष भएको सन्दर्भमा नवीकरण शुल्क पनि सेवा अवधिसँग मिल्ने गरी पुनरावलोकन गर्ने। हालको कानुनअनुसार १० वर्षमा मात्र नवीकरण हुने भएकाले शुल्क समायोजनका लागि विभागसँग VRS प्रणालीमा दर मिलान गर्न पत्राचार गर्ने।

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाब (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
	• बायोमेट्रिक र मेडिकल टेस्टपछि अनलाइन लिखित परीक्षा तथा ट्रायल प्रक्रियामा जाने व्यवस्था गर्न कार्यालय तहबाट प्रयास भएको, तर यसका लागि मन्त्रालयस्तरबाट आवश्यक कानुनी सहमति/व्यवस्थापकी क्षमतामा सहजिकरण हुन बाँकी रहेको। • सीमित जनशक्ति र प्रणालीगत कठिनाइका बाबजुद सवारी कर, नवीकरण दस्तुर, रुट इजाजत, जाँचपास, जरिवाना लगायत विविध शीर्षकमा राजस्व सङ्कलन गर्ने कार्य निरन्तर सञ्चालन गरिएको। • कार्यालयले सेवाग्राहीको चाप, अन्य प्रदेशसँगको सीमावर्ती अवस्थिति र राजस्व सम्भावनालाई ध्यानमा राखी प्रणाली सुधार तथा कानुनी स्पष्टताको आवश्यकता पहिचान गरेको।	पुरानै दरमा रहेकोले सेवा अवधि दोब्बर हुँदा पनि राजस्व दर समायोजन नहुनु। • अन्य प्रदेशले कर, जरिवाना तथा छुट/सहुलियतसम्बन्धी आकर्षक व्यवस्था गरेका कारण गण्डकी प्रदेशमा आउनुपर्ने केही राजस्व अन्य प्रदेशतर्फ जानु। **दायरासम्बन्धी** • यस कार्यालय लुम्बिनी र बागमती प्रदेशकोबीचमा अवस्थित भएकाले रुट इजाजत लिन आउने धैरै सवारीले गण्डकी प्रदेश बाहेक अन्य प्रदेशसमेत समेट्ने रुट माग गर्ने गरेका छन्। तर यस कार्यालयलाई गण्डकी बाहेक अन्य प्रदेशको रुट इजाजत दिने अधिकार नभएकाले ठूलो राजस्व सम्भावना नजिकका बुटवल र हेटौंडास्थित अन्य प्रदेशका कार्यालयमा जानु। • ई–रिक्सासम्बन्धी प्रदेश कानुन स्पष्ट नहुँदा यस क्षेत्रमा सञ्चालन हुने ई–रिक्साहरू दर्ता, रुट इजाजत र नवीकरणका लागि अन्य प्रदेशमा जाने गरेको। यसले सम्भावित दर्ता, नवीकरण, रुट इजाजत र जरिवाना राजस्व गण्डकी प्रदेशमा नआउने अवस्था सिर्जना हुनु। • हेभी इक्विपमेन्टको दर्ता न्यून रहेको। कतिपय हेभी इक्विपमेन्ट right-handed हुने भएकाले दर्तासम्बन्धी कानुनी स्पष्टता नहुँदा दर्ता दायरा विस्तार हुन नसक्नु। **व्यवस्थापन तथा प्रणालीगत** • कर तथा अन्य विविध राजस्वको गणना हातैले/म्यानुअल प्रणालीबाट गर्नुपर्दा सेवाग्राहीको विश्वास घट्ने, गणनामा	• अन्य प्रदेशसँग तुलना गरी छुट, जरिवाना र सहुलियतसम्बन्धी व्यवस्था व्यावहारिक बनाउने। राजस्व अन्य प्रदेशमा सर्ने अवस्था रोक्न प्रतिस्पर्धी र व्यावहारिक दर संरचना तयार गर्ने। **दायरा विस्तारसम्बन्धी सुधार** • हेभी इक्विपमेन्ट, विशेष गरी right-handed equipment को दर्तासम्बन्धी कानुनी स्पष्टता गर्ने। दर्ता गर्न मिल्ने/नमिल्ने अवस्था, आवश्यक कागजात, भन्सार/प्राविधिक आधार र शुल्क स्पष्ट गरी दर्ता दायरा विस्तार गर्ने। • ई–रिक्सासम्बन्धी दर्ता, रुट इजाजत, नवीकरण र जरिवाना व्यवस्था आर्थिक ऐन वा सम्बन्धित कानुनमा स्पष्ट रूपमा समावेश गर्ने। स्थानीय तह कानुनी, जनशक्ति र व्यवस्थापकीय रूपमा सक्षम नभएको अवस्थामा प्रदेश कानुनबमोजिम दर्ता तथा नियमन हुने व्यवस्था राख्ने। • यातायात व्यवस्था विभाग र अन्य प्रदेशसँग समन्वय गरी गण्डकी प्रदेशका सीमावर्ती कार्यालयबाट अन्य प्रदेशसमेत समेट्ने रुट इजाजत दिन सकिने कानुनी तथा प्रणालीगत व्यवस्था मिलाउने। यसबाट हाल बुटवल र हेटौंडा जस्ता अन्य प्रदेशका कार्यालयमा गइरहेको राजस्वको हिस्सा गण्डकी प्रदेशमा ल्याउन सकिनेछ। • सवारी साधन जस्तो चलायमान करमा प्रदेशहरूबीच दर, प्रणाली र असुली प्रक्रियामा एकरूपता कायम गर्न

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाव (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
		त्रुटि हुने र प्रणालीबाट बिलिङ गरी दैनिक राजस्व विवरण तथा बैङ्क दाखिलासँग मिलान गर्दा रकम फरक पर्ने जोखिम रहनु। • सवारी साधन कर, नवीकरण दस्तुर र अन्य दस्तुरसम्बन्धी बिलिङ प्रणाली म्यानुअल रहनु र RIMS सँग लिंक नहुनु। • VRS प्रणाली भए पनि सवारीसम्बन्धी धेरै विवरण पुनः म्यानुअल रूपमा प्रविष्ट गर्नुपर्ने भएकाले समय धेरै लाग्ने र गलत सूचना प्रविष्टिको जोखिम उच्च रहनु। • यातायात व्यवस्था विभागबाट सञ्चालित VRS प्रणाली प्रदेश सरकारमा पूर्ण रूपमा हस्तान्तरण नहुनु र प्रदेशलाई सीमित सुविधा मात्र उपलब्ध हुनुले सवारी साधन, सवारी धनी, भन्सार विवरण र कर विवरणको एकीकृत उपयोगमा कठिनाइ सिर्जना गर्नु। • सवारीसम्बन्धी विभिन्न कर, शुल्क, दस्तुर तथा जरिवाना फरक–फरक कानुनी व्यवस्थामा उल्लेख हुनु, कतिपय शीर्षकको कानुनी आधार सजिलै स्पष्ट रूपमा उपलब्ध नहुँदा कार्यालयमा अन्योल रहनु, अघिल्लो वर्षकै दरबाट असुली गर्ने र सेवाग्राहीले कानुनी आधार माग्दा देखाउन कठिन हुने अवस्था आउनु।	सङ्घीय तहबाट एउटै प्रणालीमार्फत सङ्कलन गरी प्रदेश तथा स्थानीय तहमा बाँडफाँट गर्ने व्यवस्था विकास गर्न पहल गर्ने। **<u>व्यवस्थापन तथा प्रणालीगत सुधार</u>** • कर, शुल्क, दस्तुर र जरिवाना गणना अनलाइन प्रणालीबाटै हुने व्यवस्था गर्ने। e-payment, QR payment वा सिधै बैङ्कमार्फत राजस्व भुक्तानी हुने प्रणाली विकास गरी नगद कारोबार, म्यानुअल गणना र मिलान त्रुटि घटाउने। • VRS प्रणालीसँग समानान्तर वा पूरक हुने गरी गण्डकी प्रदेशले आफ्नो सवारी व्यवस्थापनसम्बन्धी छुट्टै डिजिटल प्रणाली विकास गर्ने। उक्त प्रणालीलाई बिलिङ, राजस्व गणना, दैनिक राजस्व विवरण र बैङ्क दाखिलासँग जोड्ने गरी RIMS सँग लिंक गर्ने। • VRS प्रणालीको सीमित पहुँचका कारण देखिएको समस्या समाधान गर्न यातायात व्यवस्था विभागसँग नियमित समन्वय गरी प्रदेशलाई सवारी साधन विवरण, सवारी धनी विवरण, भन्सार विवरण र कर विवरणमा पूर्ण पहुँच उपलब्ध गराउने व्यवस्था मिलाउने। • सबै प्रकारका सवारी कर, शुल्क, दस्तुर र जरिवाना कुन–कुन कानुन, नियम, आर्थिक ऐन वा कार्यविधिका आधारमा सङ्कलन गरिने हो भन्ने स्पष्ट हुने गरी एकीकृत कानुनी/दर फ्रेमवर्क तयार गर्ने।

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाव (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
			• तयार गरिएको कानुनी तथा दर फ्रेमवर्क सबै यातायात कार्यालयमा पठाई कर्मचारीलाई अभिमुखीकरण गर्ने। यसले दरको गलत प्रयोग, सेवाग्राहीसँग हुने विवाद र कानुनी आधारसम्बन्धी अन्योल कम गर्नेछ। • अनलाइन सेवा, छुट/जरिवाना, समयमै नवीकरण गर्दा हुने लाभ र ढिला गर्दा लाग्ने दायित्वबारे सेवाग्राहीलाई जानकारी दिन कार्यालय परिसर, वेबसाइट, सूचना पाटी, सामाजिक सञ्जाल र SMS/online notice मार्फत करदाता शिक्षा अभियान सञ्चालन गर्ने।
कावासोती नगरपालिका, नवलपारसी (ब.सु.पू.)	• ढुङ्गा, गिट्टी, बालुवा तथा माटो उत्खनन र बिक्रीसम्बन्धी स्पष्ट कानुनी व्याख्या तथा व्यवस्थामा अस्पष्टता र बारम्बार मुद्दा–मामिला आउने अवस्थाका बाबजुद नगरपालिकाले सम्भाव्य क्षेत्रहरूको IEE गरी वार्षिक ठेक्का कायम गर्ने अभ्यास गरिएको। • प्रदेश कानुनबमोजिम नदीजन्य पदार्थबाट राजस्व सङ्कलन गरेको। • निजी जग्गाबाट ढुङ्गा, गिट्टी, बालुवा तथा माटो उत्खनन र बिक्रीलाई व्यवस्थित गर्न	**<u>नदीजन्य पदार्थसम्बन्धी कानुनी तथा व्यवस्थापकीय सवाल तथा चुनौती</u>** • ढुङ्गा, गिट्टी, बालुवा तथा माटो उत्खनन र बिक्रीसम्बन्धी स्पष्ट कानुनी व्याख्या नहुँदा कार्यान्वयनमा अन्योल, विवाद र मुद्दा–मामिला परिरहनु। • कोभिड महामारीको वर्ष २०७७/७८ मा ठेक्का लागेको परिमाण ठेकेदारले उत्खनन गर्न नसकेको क्षतिपूर्ति माग सम्बन्धमा उच्च अदालतले ठेकेदारको पक्षमा निर्णय गरेकाले आगामी आ.व. २०८३/८४ र बाँकी अर्को वर्षको परिमाणसमेत सोही बापत दिनुपर्ने अवस्था सिर्जना भएको। यसका कारण आगामी वर्षमा सो स्रोतबाट राजस्व प्राप्त नहुनु। • विपद् समितिको सिफारिसमा विपद् व्यवस्थापन प्रयोजनका लागि केही क्षेत्रमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन गरिएको भए पनि त्यसरी उत्खनन गरिएको	**<u>नदीजन्य पदार्थको दायरा र कानुनी स्पष्टता</u>** • ढुङ्गा, गिट्टी, बालुवा तथा माटो उत्खनन, बिक्री र राजस्व बाँडफाँटसम्बन्धी कानुनी अस्पष्टता हटाउन प्रदेश सरकारले सङ्घ सरकार, स्थानीय तह, वन निकाय, चुरे क्षेत्रसँग सम्बन्धित निकाय र जिल्ला प्रशासनसँग समन्वय गरी स्पष्ट कार्यविधि/निर्देशिका तयार गर्ने। यसमा सार्वजनिक खोला, निजी जग्गा, वन क्षेत्र, चुरे क्षेत्र र विपद् व्यवस्थापन प्रयोजनका लागि उत्खनन गरिने सामग्रीको दायरा, अनुमति प्रक्रिया, राजस्व दर, सङ्कलन विधि र बाँडफाँट प्रणाली स्पष्ट गर्ने। • निजी जग्गाबाट साधारण निर्माणमुखी सामाग्री तथा माटो उत्खनन तथा बिक्रीका लागि नगरपालिकाले तयार गरेको कार्यविधिलाई प्रदेश कानुनसँग मिलान गरी स्वीकृति, अनुगमन, परिमाण मापन, वातावरणीय मापदण्ड र राजस्व असुली प्रक्रिया स्पष्ट गर्ने।

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाव (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
	कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने प्रयास गरिएको। ● विज्ञापन करसम्बन्धी कार्यविधि निर्माण गरी लागू गरिएको। वार्षिक रूपमा विज्ञापन कर सङ्कलन गर्ने अभ्यास गरिएको। ● सङ्कलित राजस्व प्रदेश सरकारसँग नियमित रूपमा बाँडफाँट गर्ने गरिएको।	सामग्री बिक्रीसम्बन्धी स्पष्ट कानुनी व्यवस्था नभएकाले राजस्व सङ्कलन हुन नसक्नु। ● नदीजन्य पदार्थ उत्खनन तथा बिक्रीसम्बन्धी मापदण्ड र IEE को परिमाणगत प्रावधानका कारण नदीको बहावले ल्याएको सबै सामग्री उत्खनन गरी बिक्री गर्न नसकिएको कारण खोलाको सतह जमिनको सतहभन्दा माथि उठ्दै गएको, सामग्रीले पुलसम्म छुन थालेकाले दीर्घकालीन रूपमा ठूलो विपद् जोखिम हुन सक्नु। ● चुरे तथा वन क्षेत्रमा ठूलो परिमाणमा ढुङ्गा, गिट्टी, बालुवा लगायत सामग्री उपलब्ध हुने सम्भावना रहे पनि कानुनी, वातावरणीय तथा अन्तर–निकाय समन्वय अभावका कारण सो सम्भावना राजस्वमा रूपान्तरण हुन नसक्नु। **<u>बजार प्रतिस्पर्धा तथा ठेक्का व्यवस्थापनसम्बन्धी</u>** ● कावासोती नगरपालिकाको सिमानामा रहेका देवचुली र मध्यबिन्दु नगरपालिकाका खोलामा पाइने सामग्री तुलनात्मक रूपमा राम्रो रहेको व्यावहारिक धारणा छ, यद्यपि यो विषय प्रयोगशाला परीक्षणबाट प्रमाणित नभए पनि बजार व्यवहारमा यस्तो देखिएकाले कावासोती क्षेत्रका नदीजन्य पदार्थ खरिदमा कम चासो देखिनुले समयमै ठेक्का लगाउन समस्या हुनु। ● नदीजन्य पदार्थको गुणस्तर, पहुँच, ढुवानी लागत र बजार मागको वस्तुगत विश्लेषण नहुँदा ठेक्का रकम निर्धारण तथा बोलपत्र प्रतिस्पर्धा कमजोर हुने जोखिम रहेनु।	● विपद् जोखिम न्यूनीकरण वा नदी व्यवस्थापनका लागि उत्खनन गरिएको ढुङ्गा, गिट्टी, बालुवा र माटोको उपयोग, बिक्री, मूल्याङ्कन, अभिलेख, राजस्व सङ्कलन र प्रदेश–स्थानीय तहबीच बाँडफाँटसम्बन्धी स्पष्ट कानुनी व्यवस्था प्रदेश आर्थिक ऐन वा सम्बन्धित कार्यविधिमा समावेश गर्ने। ● नदीजन्य पदार्थसम्बन्धी विवाद र मुद्दा–मामिला घटाउन ठेक्का सम्झौतामा force majeure, महामारी, प्राकृतिक विपद्, उत्खनन अवरोध, क्षतिपूर्ति, परिमाण समायोजन र समय विस्तारसम्बन्धी स्पष्ट कानूनी प्रावधान अनिवार्य राख्ने। **<u>वातावरणीय अध्ययन, विपद् जोखिम र वातावरणीय व्यवस्थापन सुधार</u>** ● वातावरणीय अध्ययन EIA, IEE लाई केवल उत्खननयोग्य परिमाण निर्धारण गर्ने साधनका रूपमा मात्र नभई राजस्व सम्भावना, नदी सतह व्यवस्थापन, पुल तथा बस्तीमा पर्ने जोखिम, थुप्रिएको सामग्रीको मात्रा र सुरक्षित उत्खननको आधारका रूपमा प्रयोग गर्ने व्यवस्था मिलाउने। ● प्रदेश सरकारले खोलाको सतह जमिन वा पुलको सतहसँग खतरनाक रूपमा नजिकिँदै गएको अवस्थामा विपद् जोखिम न्यूनीकरणका लागि विशेष प्राविधिक अध्ययन गरी सुरक्षित उत्खनन र बिक्रीको व्यवस्था गर्ने।

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाव (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
		विज्ञापन करसम्बन्धी चुनौती • विज्ञापन सामाग्री र विज्ञापन करको कुल असुलीसम्बन्धी सम्भाव्यता अध्ययन नहुनु • विज्ञापन करको ठेक्का निर्धारण गर्दा सूचना पाटी, बोर्ड, होर्डिङ बोर्डआदिसम्बन्धी स्पष्ट वर्गीकरण र परिभाषा उल्लेख नहुनु। • विज्ञापन करको दर, क्षेत्र, छुट पाउने/नपाउने बोर्ड, सार्वजनिक सूचना र व्यावसायिक विज्ञापनबीचको भिन्नता स्पष्ट नहुँदा करदाता र सङ्कलनकर्ताबीच असमझदारी बढ्नु। **मनोरञ्जन करसम्बन्धी चुनौती** • नगरपालिकामा मनोरञ्जन करको दायरा धेरै ठूलो नभए पनि मेला–महोत्सव, अस्थायी कार्यक्रम र एउटा फिल्म हलबाट समेत हालसम्म नियमित रूपमा मनोरञ्जन कर सङ्कलन नहुनु। • कार्यक्रम अनुमति, टिकट बिक्री, प्रवेश शुल्क र मनोरञ्जन करबीच स्पष्ट प्रशासनिक लिंक नभएकाले सम्भावित स्रोत उपयोग हुन नसक्नु। **उद्यम, व्यवसाय दर्ता तथा कर दायरा विस्तारसम्बन्धी** • नगर क्षेत्रमा धेरै साना उद्यम तथा व्यवसायीहरू घरेलु तथा साना उद्योग कार्यालय वा वाणिज्य कार्यालयमा दर्ता नभई सञ्चालनमा रहेको अवस्था देखिन्छ। यसले व्यवसाय कर, सिफारिस शुल्क र अभिलेख व्यवस्थापन दुवैमा असर रहनु।	यस्तो अवस्थामा राजस्व सङ्कलन मात्र नभई विपद् जोखिम व्यवस्थापनलाई पनि प्राथमिक आधार बनाउने। • IEE स्वीकृति र वार्षिक ठेक्का व्यवस्थापनलाई समयमै पूरा गर्न प्रदेश, वन कार्यालय, जिल्ला प्रशासन, चुरे निकाय र स्थानीय तहबीच पूर्व–समन्वय गर्ने वार्षिक क्यालेन्डर बनाउने। ढिला स्वीकृतिका कारण ठेक्का अवधि घट्ने र राजस्व घट्ने समस्या न्यून गर्ने। • चुरे तथा वन क्षेत्रका सामग्री उपयोग सम्बन्धमा कानुनी रूपमा सम्भव हुने/नहुने क्षेत्र, वातावरणीय संवेदनशीलता, अनुमति दिने निकाय र राजस्व बाँडफाँटको स्पष्ट मापदण्ड तयार गर्न प्रदेशस्तरबाट अन्तर–निकाय समन्वय गर्ने। **ठेक्का व्यवस्थापन र बजार प्रतिस्पर्धा सुधार** • प्रदेश सरकारले कावासोती, देवचुली, मध्यबिन्दु लगायतका क्षेत्रमा पाइने नदीजन्य निर्माण सामग्रीको गुणस्तर, पहुँच, ढुवानी लागत र बजार मागको तुलनात्मक अध्ययन गरी सामग्रीको गुणस्तर र बजार सम्भावनाका आधारमा उत्खनन तथा बिक्री मूल्य फरक–फरक निर्धारण गर्ने व्यवस्था मिलाउने। • नदीजन्य पदार्थको ठेक्का रकम निर्धारण गर्दा अघिल्लो वर्षको ठेक्का रकमलाई मात्र आधार नबनाई वास्तविक उत्खननयोग्य परिमाण, सामग्रीको गुणस्तर, बजार मूल्य, पहुँच मार्ग, ढुवानी लागत र छिमेकी स्थानीय तहका दरलाई समेत आधार बनाउने गरी प्रदेशस्तरीय मूल्याङ्कन मापदण्ड तयार गर्ने।

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाव (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
		• व्यवसाय दर्ताको क्रममा नगरपालिकाले सम्बन्धित निकायमा दर्ताका लागि सिफारिस गर्नुपर्नेमा कतिपय अवस्थामा सिधै व्यवसाय दर्ता गरी नगरपालिका दर्ता प्रमाणपत्र दिने अभ्यास रहनु। यसबाट सङ्घ/प्रदेश अन्तर्गतका दर्ता निकायसँग अभिलेख मिलानमा समस्या आउन सक्ने र व्यवसाय नियमनको कानुनी आधार कमजोर हुन सक्ने जोखिम रहनु।	**<u>विज्ञापन कर तथा मनोरञ्जन कर</u>** • विज्ञापन कर र मनोरञ्जन करको दायरा, कर लाग्ने/नलाग्ने विषय, दर निर्धारण आधार र सङ्कलन प्रक्रिया स्पष्ट गर्न प्रदेशले स्थानीय तहका लागि नमुना कार्यविधि वा मार्गदर्शन तयार गर्ने। **<u>व्यवसाय दर्ता तथा कर दायरा</u>** • व्यवसाय दर्ता तथा कर दायरा विस्तारका लागि नगरपालिका, घरेलु तथा साना उद्योग कार्यालय र वाणिज्य कार्यालयबीच अभिलेख मिलान हुने गरी प्रदेशस्तरीय व्यवसाय दर्ता तथा नवीकरण database integration system विकास गर्ने। • नयाँ व्यवसायका लागि "पहिले सम्बन्धित निकायमा दर्ता/वा दर्ता सिफारिस, त्यसपछि नगरपालिका व्यवसाय कर अभिलेख" भन्ने प्रक्रिया स्पष्ट रूपमा लागू गर्ने। **<u>अन्य</u>** • कानुनबमोजिम प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने राजस्वको शीर्षक, रकम, दाखिला मिति र बाँडफाँट अवस्था स्पष्ट हुने गरी नियमित reconciliation system विकास गर्ने।
पर्यटन तथा उद्योग कार्यालय, नवलपुर (ब.सु.पू.)	• उद्योग, वाणिज्य तथा पर्यटनसम्बन्धी दर्ता, नवीकरण, अद्यावधिक, खारेजी र नियमन सेवा जिल्ला तहबाट प्रदान गरिएको।	• साना उद्यम, न्यून पूँजी भएका निजी तथा साझेदारी फर्महरू पनि दर्ता, नवीकरण, अद्यावधिक र खारेजीका लागि जिल्ला कार्यालयमै आउनुपर्ने हुँदा सेवाग्राहीलाई समय, लागत र पहुँचको समस्या हुनु।	• न्यून पूँजीका प्राइभेट फर्म, लघु उद्यम र साना व्यवसायको दर्ता, नवीकरण, अद्यावधिक र खारेजीसम्बन्धी निश्चित अधिकार स्थानीय तहलाई प्रत्यायोजन गर्ने व्यवस्था प्रदेश कानुन/कार्यविधिमा स्पष्ट गर्ने।

मन्त्रालय/निकाय/संस्था /कार्यालय/व्यक्ति	गरिएका प्रमुख प्रयास/उत्कृष्ट अभ्यास	प्रमुख सवाल तथा चुनौती (दायरा, दर, व्यवस्थापन)	सुधारका क्षेत्र, उपाय/कार्य तथा सुझाब (दायरा, दर, व्यवस्थापन, कर सहभागिता
	• निजी तथा साझेदारी फर्म, घरेलु तथा साना उद्योग, पर्यटन व्यवसाय र वाणिज्य फर्मको प्रशासनिक अभिलेख व्यवस्थापन गरिएको। • स्थानीय तहहरूसँग व्यवसाय दर्ता, सिफारिस र नियमनसम्बन्धी समन्वयको आवश्यकता पहिचान गरिएको।	• अन्य प्रदेशमा पूँजिका आधारमा प्राइभेट फर्म र लघु उद्यमको दर्ता, नवीकरण, अद्यावधिक र खारेजी अधिकार स्थानीय तहलाई दिइएको अभ्यास रहे पनि गण्डकीमा यस्तो अधिकार स्थानीय तहमा पर्याप्त रूपमा प्रत्यायोजन नहुनु। (जस्तैः लुम्बिनी प्रदेशमा रू. १० लाखसम्मका प्राइभेट फर्म र लघु उद्यम) • ठुलो सङ्ख्यामा साना उद्यम, घरेलु तथा साना उद्योग र निजी फर्महरू दर्ता नगरी सञ्चालनमा रहनु; मूल्याङ्कन, ऋण, PAN/VAT वा विशेष काम पर्दा मात्र दर्ता गर्ने प्रवृत्ति रहेको। • स्थानीय तहहरूले व्यवसाय दर्ता गर्दा सम्बन्धित प्रदेश/उद्योग कार्यालयमा दर्ता वा सिफारिस गराउनुपर्नेमा कतिपय अवस्थामा सिधै नगरपालिका दर्ता प्रमाणपत्र दिने अभ्यास रहेको। यसले प्रदेशको फर्म/उद्योग अभिलेख, नियमन र राजस्व दायरा कमजोर हुनु।	• स्थानीय तहमा अधिकार प्रत्यायोजन गर्दा प्रदेश कार्यालयसँग जोडिने online registration and revenue database अनिवार्य बनाउने, ताकि दर्ता स्थानीय तहबाट भए पनि अभिलेख र राजस्व विवरण प्रदेश प्रणालीमा देखियोस्। • "पहिले सम्बन्धित निकायमा फर्म/उद्योग दर्ता वा दर्ता सिफारिस, त्यसपछि स्थानीय तहको व्यवसाय कर अभिलेख" भन्ने प्रक्रिया सबै स्थानीय तहमा लागू गराउन प्रदेशस्तरीय परिपत्र/मार्गदर्शन जारी गर्ने। • स्थानीय तह, उ.वा.सं. सँग समेत समन्वय गरि साना उद्यमीका लागि दर्ता शिविर, घुम्ती सेवा, न्यून शुल्क/सरल प्रक्रिया र करदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने। • नगरपालिका दर्ता प्रमाणपत्र र प्रदेश उद्योग/फर्म दर्तालाई अलग–अलग उद्देश्यका रूपमा स्पष्ट गर्ने: स्थानीय तहको दर्ता कर अभिलेखका लागि, प्रदेश कार्यालयको दर्ता कानुनी फर्म/उद्योग नियमनका लागि।

अनुसुची ५: अन्तर्वार्ता तथा परामर्शमा सहभागि पदाधिकारी, कर्मचारी तथा विषयविज्ञ

क्र. सं	अन्तर्वार्ता, लक्षित समूह र परामर्श गरिएका पदाधिकारी, कर्मचारी र विषय विज्ञ	मिति	फोन नम्बर
१.	माननीय मन्त्री, जित बहादुर शेरचन, आर्थिक मामिला तथा योजना मन्त्रालय	२०८३/१/२८	
२.	मा. भोजराज अर्याल, समापति, अर्थ तथा विकास समिति, प्रदेश सभा	२०८२/१२/२४	
३.	मा. दिपेन्द्र थापा, सदस्य, अर्थ तथा विकास समिति, प्रदेश सभा	२०८२/१२/२४	
४.	मा. प्रकाश बराल, सदस्य, अर्थ तथा विकास समिति, प्रदेश सभा	२०८२/१२/२४	
५.	मा. पार्वती तामाङ, सदस्य, अर्थ तथा विकास समिति, प्रदेश सभा	२०८२/१२/२४	
६.	मा. सीता कुमारी सुन्दास, सदस्य, अर्थ तथा विकास समिति, प्रदेश सभा	२०८२/१२/२४	
७.	मा. विन्दु पौडेल, सदस्य, अर्थ तथा विकास समिति, प्रदेश सभा	२०८२/१२/२४	
८.	मा. हरि बहादुर भण्डारी, सदस्य, अर्थ तथा विकास समिति, प्रदेश सभा	२०८२/१२/२४	
९.	मा. डा. कृष्णचन्द्र देवकोटा, उपाध्यक्ष, गण्डकी प्रदेश नीति तथा योजना आयोग	२०८२/१२/२४	९८५१४११२५
१०.	मा. डा. योगेन्द्रराज रिजाल, उपाध्यक्ष, गण्डकी प्रदेश नीति तथा योजना आयोग	२०८२/१२/२४	९८५७६४०२३०
११.	मा. दुर्गा लामिछाने, उपाध्यक्ष, गण्डकी प्रदेश नीति तथा योजना आयोग	२०८२/१२/२४	९८५६०२०५२३
१२.	श्री टोकराज पाण्डे, सचिव, आर्थिक मामिला मन्त्रालय	२०८२/१२/२४	९८५१२०९६८७
१३.	श्री छवी रिजाल, सचिव, गण्डकी प्रदेश नीति तथा योजना आयोग	२०८२/१२/२४	
१४.	डा. मोहन राज काफ्ले, सचिव, वन तथा वातावरण मन्त्रालय		९८५६०८९१७७
१५.	श्री कल्पना सापकोटा, बरिष्ठ राजस्व अधिकृत, आर्थिक मामिला मन्त्रालय	२०८२/१२/२४	९८४७६३३७४७
१६.	श्री गोविन्द पाण्डे, योजना महाशाखा, कृषि पशुपन्छी भूमि व्यवस्था तथा सहकारी मन्त्रालय	२०८२/१२/२४	९८५१२२१३६४
१७.	श्री पूर्णेश्वर सुवेदी, वन संरक्षण तथा व्यवस्थापन महाशाखा, वन तथा वातावरण मन्त्रालय	२०८२/१२/२४	९८५६०१३४१२
१८.	श्री दिनेश पौडेल, महाशाखा प्रमुख, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय	२०८२/१२/२४	९८४१६९४९२०
१९.	श्री कल्पना सापकोटा, बरिष्ठ राजस्व अधिकृत, आर्थिक मामिला मन्त्रालय		९८४७६३३७४७
२०.	श्री उर्मिला कंडेल, उपसचिव, आर्थिक मामिला मन्त्रालय		९८५१०७००५७
२१.	श्री टिकाराम पौडेल, उद्योग तथा पर्यटन मन्त्रालय		९८१२२१५११
२२.	श्री गायत्री अधिकारी लामिछाने, सहायक प्रशासकीय अधिकृत, आर्थिक मामिला मन्त्रालय		९८४६१४५९१२
२३.	श्री कृष्णप्रसाद लम्साल, सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय		९८५५०६९१५९
२४.	श्री पार्वती लामिछाने उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय		९८५६०४८६९१
२५.	श्री प्रणय शर्मा, Provincial Programme Coordination Analys, PLGSP		९८४१२८०१०४
२६.	श्री डा. राजेश चौधरी, योजना महाशाखा, पशु चिकित्सक एवं सूचना अधिकारी, कृषि पशुपन्छी भूमि व्यवस्था तथा सहकारी मन्त्रालय		९८४५०३८५०३
२७.	श्री गंगालाल पोखरेल, प्रमुख नापी अधिकृत, भूमि व्यवस्था तथा भूमि स्रोत नक्शाङ्कन महाशाखा, कृषि पशुपन्छी भूमि व्यवस्था तथा सहकारी मन्त्रालय		९८५६०३४८८०
२८.	श्री कृष्ण प्रसाद पौडेल, लेखापाल, यातायात व्यवस्था कार्यालय पोखरा		
२९.	श्री गोविन्द चौधरी, सूचना अधिकारी, यातायात व्यवस्था कार्यालय पोखरा		९८५६०३८३३५
३०.	श्री काली बहादुर भुजेल, कार्यालय प्रमुख, भूमि प्रशासन कार्यालय, कास्की		

क्र. सं	अन्तर्वार्ता, लक्षित समूह र परामर्श गरिएका पदाधिकारी, कर्मचारी र विषय विज्ञ	मिति	फोन नम्बर
३१.	श्री लिला शर्मा, भूमि प्रशासन कार्यालय, कास्की		
३२.	श्री मञ्जुदेवी गुरुङ, नगर उप प्रमुख, पोखरा महानगरपालिका		९८५६००३०३४
३३.	श्री नवराज पौडेल, महाशाखा प्रमुख, राजश्व प्रशासन, पोखरा महानगरपालिका		९८५६०७११०६
३४.	श्री दिपेन्द्र पण्डित, अधिकृत, राजश्व प्रशासन, पोखरा महानगरपालिका		
३५.	श्री बसन्त कुमार श्रेष्ठ, नगर प्रमुख, बागलुङ नगरपालिका		९८५७६२००६६
३६.	श्री राजु खडका, नगर उपप्रमुख, बागलुङ नगरपालिका		९८५७६००००१
३७.	श्री इश्वरी प्रसाद शर्मा, प्रमुख प्रशासकीय अधिकृत, बागलुङ नगरपालिका		९८५७६२०४१६
३८.	श्री गीता सापकोटा, आलेप अधिकृत, बागलुङ नगरपालिका		९८४७६२१७७१
३९.	श्री प्रेम प्रसाद शर्मा, लेखा अधिकृत, बागलुङ नगरपालिका		९८५७६३०४१६
४०.	श्री हरि नारायण उपाध्याय, राजस्वा शाखा, बागलुङ नगरपालिका		
४१.	श्री आनन्द राज त्रिपाठी, नगर प्रमुख, भानु नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, गण्डकी प्रदेश, तनहुँ	२०८३/२/५	९८५१०३७१२८
४२.	श्री सुनिल पाण्डे, बरिष्ठ प्रशासकीय अधिकृत, भानु नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, गण्डकी प्रदेश, तनहुँ	२०८३/२/५	९८५६०२७५२५
४३.	श्री युवराज ज्ञवाली, सहायक प्रसासकीय अधिकृत, योजना शाखा, भानु नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, गण्डकी प्रदेश, तनहुँ	२०८३/२/५	
४४.	श्री प्रदिप सापकोटा, कम्पुटर अधिकृत, यातायात व्यवस्था कार्यालय नवलपरासी सु. पू.	२०८३/२/६	९८५७०८७४८५
४५.	श्री विश्वनाथ पाण्डे, अपरेटर, यातायात व्यवस्था कार्यालय न. व. सु. पू.	२०८३/२/६	
४६.	श्री टेकनारायण तिवारी, अधिकृत छैटौं, यातायात व्यवस्था कार्यालय न. व. सु. पू.	२०८३/२/६	९८५६०४५०९४
४७.	श्री धर्मेन्द्र कुमार साह, मेकानिकल सुपरभाइजर, यातायात व्यवस्था कार्यालय न. व. सु. पू.	२०८३/२/६	
४८.	श्री धिरेन्द्र राज सुवेदी, यातायात व्यवस्था कार्यालय न. व. सु. पू.	२०८३/२/६	९८५११९४४८४
४९.	श्री विक्रम सुवेदी, कार्यालय प्रमुख, पर्यटन तथा उद्योग कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)	२०८३/२/६	९८४९६३७२४७
५०.	श्री विष्णु प्रसाद भुषाल, नगर प्रमुख, कावासोती नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)	२०८३/२/६	९८५७०४६२१२
५१.	श्री फूल कुमारी थनेत, नगर उपप्रमुख, कावासोती नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)	२०८३/२/६	९८५७०४६२१३
५२.	श्री महेश पाण्डे, प्रमुख प्रशासकीय अधिकृत, कावासोती नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)	२०८३/२/६	९८५७६४११११
५३.	श्री दिपेन्द्र भट्टराइ, आलेप अधिकृत, कावासोती नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)	२०८३/२/६	९८४९९०४३४६
५४.	श्री गिरिजा प्रसाद रिजाल, लेखा अधिकृत, आर्थिक प्रशासन शाखा, कावासोती नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)	२०८३/२/६	९८४७३५५८११
५५.	श्री सागर पोखरेल, उद्योग वाणिज्य सङ्घ, कावासोती	२०८३/२/६	

गण्डकी प्रदेश सरकार

गण्डकी प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल

फोन : ०६१-४५११८८

Email: pppcgandaki@gmail.com

Website: ppc.gandaki.gov.np